*ॐ श्रीपरमात्मने नमः*

नवौं अध्याय

# राजविद्या-राजगुह्ययोगः

*श्रीभगवानुवाच ।*
*इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।*
*ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥*

**भगवान्ले भन्नुभयो- हे अर्जुन ! तिमी दोषदृष्टिरहित भक्तका लागि 'म' यो परम गोपनीय ज्ञान र विज्ञान भन्दछु; यो दिव्यज्ञान बुझेर तिमी जन्ममरण सम्बन्धी सांसारिक कष्टबाट मुक्त हुने छौ ॥**

*राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।*
*प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥*

**यो विज्ञानसहितको ज्ञान, विद्याहरूको राजा, रहस्यहरूमध्येको परम गोपनीय, पवित्र र उत्तम छ । यो प्रत्यक्ष फल दिने, धर्ममय, अविनाशी छ र यसलाई आनन्दपूर्वक सम्पन्न गर्न सकिन्छ ॥**

*अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परन्तप ।*
*अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥*

**हे परन्तप ! तत्त्वज्ञानयुक्त यस धर्ममा श्रद्धा नगर्ने मानिसहरू 'म'लाई प्राप्त गर्न नसकेर मृत्युरूपी संसारचक्रमा फर्किन्छन् ॥**

जीवनलाई हेर्ने दुई दृष्टिकोणहरू छन् । जीवनलाई पदार्थ मान्ने दृष्टि नकारात्मक र परमात्मा मान्ने दृष्टि सकारात्मक हुन्छ । हाम्रो दृष्टि जस्तो हुन्छ जगत् उस्तै देखिन्छ । जे हामी देख्छौँ, त्यो हाम्रो भावको प्रत्यक्षीकरण हो । नास्तिकहरूले ईश्वरलाई संसारमा देख्दैनन्; त्यसैले उनीहरू ईश्वर छैन भन्छन् । श्रीकृष्ण प्रारम्भमै अर्जुनलाई भन्नुहुन्छ- हे अर्जुन ! दोष दृष्टिरहित भक्तका लागि यो परम गोपनीय ज्ञानको रहस्य अब म तिमीलाई बताउँछु । जब हामी कुनै व्यक्तिमा नकारात्मकता खोज्छौँ, तब त्यो खोज दोषपूर्ण हुन्छ । उसमा दोष नभए पनि हामी दोष देख्छौँ । मित्रमा कुनै दोष देखिँदैन किनभने उसलाई प्रेमको आँखाले हेरिन्छ तर शत्रुलाई घृणाको आँखाले हेरिने हुँदा उसमा निकृष्टता मात्र देखिन्छ । हामी जे छनोट गर्न चाहन्छौँ, त्यही देखिन्छ । जब एउटा व्यक्तिलाई शत्रुको रूपमा हेरिन्छ, तब उसमा केवल नकारात्मक कुरा मात्र देखिन्छ तर कुनै मित्रलाई हेरियो भने उसमा सकारात्मक कुरा पनि देखिन्छ । कुनै पनि व्यक्तिका बारेमा निकालिने निष्कर्ष आफ्नो व्याख्या हो । दोषदृष्टि भएको व्यक्तिले जगत्मा केही पनि श्रेष्ठ देख्दैन । सत्यको प्रतीति र सौन्दर्यको कुनै बोध उसमा हुँदैन । उसलाई जगत् उत्सव नभएर एउटा उदास व्यवस्था जस्तो लाग्छ । उसले काँढा मात्र देख्छ तर फूल देख्दैन । नकरात्मकताको जोड नै नास्तिकको संसार हो । त्यसैले दोषपूर्ण आँखाले संसारलाई हेर्दा नास्तिकको जगत् मात्र देखिन्छ ।

भक्तले यस संसारलाई अर्कै प्रकारले हेर्छ । श्रीकृष्ण भन्नुहुन्छ- अब म दोषदृष्टिरहित भक्तका लागि परम रहस्यको कुरा भन्छु । दोषदृष्टिरहित भएमा मात्र परम रहस्यका बारेमा बताउन सकिन्छ अन्यथा भन्नु व्यर्थ हुन्छ किनभने जतिसुकै राम्रो कुरा भनिए पनि यस्ता व्यक्तिले सुन्दैनन् । यदि अर्जुन दोष देख्ने मनोदशामा छन् भने कृष्ण रहस्यका कुरा भन्न सक्नुहुन्न किनभने अर्जुनमा त्यो बुझ्ने क्षमता नै हुँदैन । आठौँ अध्यायको लामो व्याख्यापछि श्रीकृष्ण श्रद्धाको सूत्र भन्न खोज्दै हुनुहुन्छ । अहिलेसम्म कृष्ण तर्कका कुरा गरेर अर्जुनलाई सम्झाउने प्रयास गर्दै हुनुहुन्थ्यो । उता अर्जुन नबुझेको जस्तो व्यवहार देखाउँदै थिए तर कृष्ण निरन्तर अर्जुनको सन्देह हटाउन प्रयासरत रहनुभयो र अर्जुनको नास्तिकतासँग जुधिरहनुभयो ।

अब भने अर्जुनको नास्तिकता समाप्त भएर दोषदृष्टि र सन्देह पनि हटेको र उनको हृदयको द्वार खुलेको पाएपछि उहाँ अर्जुनलाई परम रहस्यका बारेमा बताउँछु भन्दै हुनुहुन्छ ।

श्रीकृष्ण अब प्रसन्न भएर रहस्यका बारेमा बताउन खोज्दै हुनुहुन्छ । यसभन्दा अगाडिका आठ अध्यायमा उहाँले निरन्तर अर्जुनको बुद्धिसँग सङ्घर्ष गर्नुभयो । जबसम्म बुद्धिले काम गर्छ, तबसम्म हृदयले विश्राम गर्छ र जब बुद्धिले विश्राम गर्छ, तब हृदय सक्रिय हुन थाल्छ । रहस्य त केवल हृदयबाट मात्र जान्न सकिन्छ । उहाँले अब अर्जुनको हृदय दोषदृष्टिरहित भएको पाउनुभयो । त्यसैले त अब रहस्यको कुरा गर्न लाग्नुभएको छ । नकारात्मक व्यक्तिले एउटा फूलको सौन्दर्यमा पनि फूललाई चुँडेर हेर्न खोज्छ र सकारात्मक सोचको व्यक्तिले अखण्डमा सौन्दर्य हेर्न खोज्छ । फूलको सौन्दर्य खण्डमा नभएर अखण्डमा हुन्छ । परमात्मा परिपूर्ण अखण्डता हो । परमात्माको अर्थ सारा अस्तित्वको समग्रता हो । सारा अस्तित्व यदि एउटा फूल हो भने परमात्मा त्यो अखण्डताको सौन्दर्य हो । नकारात्मक दृष्टि सदैव इन्द्रियमाथि भरोसा गरेर इन्द्रियले जे ग्रहण गर्छ, त्यसैलाई सत्य ठान्छ तर बिधायक दृष्टिले तोडेर होइन जोडेर हेर्छ ।

जब मानिस दोषदृष्टिबाट रहित हुन्छ, तब ऊ भक्त हुन्छ । हाम्रो मनमा भक्तको जुन तस्बिर छ त्यो सामान्य मात्र हो । मन्दिरमा प्रार्थना गर्ने व्यक्तिलाई हामी भक्त ठान्छौं । हामीलाई लाग्छ- विधिपूर्वक प्रार्थना गर्ने व्यक्ति भक्त हो र यस्तै किसिमको तस्बिर हाम्रो मनमस्तिष्कमा हुन्छ तर यो सबै सामान्य कुरा मात्र हो । भक्तको सही अर्थ दोष-दृष्टिरहित व्यक्ति हो । जब ऊ जीवनलाई नकारात्मक दृष्टिले हेर्दैन र जीवनलाई उसको बिधायकतामा हेर्छ, तब मात्र ऊ भक्त हुन्छ । नकारात्मक दृष्टियुक्त व्यक्तिले वस्तुलाई विभक्त गरेर हेर्छ । भक्तले यसका ठिक विपरीत वस्तुलाई नतोडी जोडेर हेर्छ । भक्तको अर्थ जीवनलाई जोड्न समर्थ हुनु हो । कृष्ण यस प्रसङ्गलाई गीताको अघिल्लो अध्यायमा पनि भन्न सक्नुहुन्थ्यो तर त्यसबेला भनिएको भए सबै व्यर्थ हुन्थ्यो । गीताको आठौं अध्यायको यात्रा नगरी कृष्णबाट सिधा यस्तो सूत्र प्रयोग गरिएको भए अर्जुन भक्तिमा उत्रिन असमर्थ हुन्थे । जबसम्म बुद्धि आफ्नो दौडधुपलाई शान्त गर्दैन, तबसम्म भक्तको भाव नै उदय हुँदैन । जब बुद्धिका सबै चेष्टा असफल हुन्छन् तब मात्र व्यक्ति भक्त हुन सक्छ । त्यसैले भक्तिले बुद्धिको पार लैजान्छ तर भक्तिको मार्ग सुगम नभएकोले कृष्ण आठौं अध्यायपछि बल्ल भक्तिसूत्रका बारेमा भन्दै हुनुहुन्छ । भक्ति बुद्धिबाट पार हुनसक्यो भने मात्र सुगम हुन्छ । बुद्धि व्यर्थ छ भनेर जान्नका लागि बुद्धिबाट गुज्रिएर मात्र जान्न सकिन्छ ।

अर्जुनको बुद्धिसँग पूर्ण परिचित भएपछि मात्र कृष्णले रहस्यको कुरा बताउन लाग्नुभएको हो । उहाँले सुरुमा नै तिमी भक्तिमार्गमा उपलब्ध होऊ या तिमी भक्त बन भनेर भन्नुभएन । त्यसैले कृष्णले बुद्धिरहित कुरा छोडेर श्रद्धा जन्माऊ भनेर कहिल्यै भन्नुभएन । श्रद्धा र भरोसा भनेर हुँदैन, भरोसा बुद्धिको असमर्थताबाट मात्र जन्मिन्छ । जब बुद्धि असहाय हुन्छ, तब मात्र श्रद्धाको जन्म हुन्छ । अर्जुन अहिलेसम्म एक जिज्ञासु थिए तर अब उनी भक्त भएर जान्न चाहन्छन् । उनको खोज अब जिज्ञासा होइन तृष्णा बनेर हृदयको अभीप्सा बनेको छ । त्यसैले कृष्ण अर्जुनलाई परम गोपनीय ज्ञानरहस्य भन्न लाग्नुभएको छ । यो ज्ञान परम गोपनीय छ र त्यसलाई गुप्त राख्नुपर्ने हो तर कृष्ण जो गोपनीय छ त्यसलाई भन्दै हुनुहुन्छ जुन उल्टो कुरा जस्तो लाग्छ । जबसम्म हृदयमा भक्तको भाव हुँदैन, तबसम्म कुनै पनि ज्ञान खतरनाक सिद्ध हुन सक्छ । विज्ञानको ज्ञान यस्तै खतरनाक सिद्ध भइरहेको छ । ज्ञान स्वयम्मा खतरनाक हुँदैन तर ज्ञान जसकहाँ पुग्दछ उसमा यदि भक्तको भाव भएन भने ज्ञान खतरनाक हुन्छ ।

विज्ञानले पदार्थको सूक्ष्म खोज गरेर यसको गुह्य रहस्य बाहिर ल्यायो तर त्यसको परिणाम हिरोसिमा र नागासाकीको घटना बन्यो । अब त स्वयम् वैज्ञानिकहरू नै कहीं हामीले पाप त गरिरहेका छैनौं भनेर चिन्तित छन् । त्यसैले ज्ञान सदैव हितकारी हुँदैन । गलत व्यक्तिको हातमा अज्ञान नै ठिक हुन्छ र सही व्यक्तिको हातमा मात्र ज्ञान ठिक हुन्छ । ज्ञान शक्ति हो र त्यो गलत व्यक्तिको हातमा पर्‍यो भने खतरा हुन्छ । भक्त भन्नाले जो अब कहिल्यै गलत गर्न सक्दैन भन्ने हो । भक्त त्यही हो जसको भित्रबाट

गलत गर्ने विचार नै समाप्त भएको छ । जसले जीवनमा परमलाई हेर्ने क्षमता जुटाउँछ ऊ निकृष्टतामा कहिल्यै प्रयत्नरत रहँदैन । त्यस्तो व्यक्तिको हातमा शक्ति हुँदा पनि कुनै खतरा हुँदैन ।

विज्ञानले आज जुन भुल भएको महसुस गरेको छ, त्यसलाई कृष्णले हजारौँ वर्षअघि बताइसक्नु भएको थियो । जसरी आज वैज्ञानिकहरूमा आफ्नो खोज गलत व्यक्तिको हातमा नजाओस् भन्ने चिन्ता छ ठिक त्यस्तै चिन्ता पूर्वमा आत्मज्ञानको सम्बन्धमा उत्पन्न भएको थियो । पूर्वले मनुष्यको अन्तरज्ञानमा त्यो स्थान प्राप्त गर्‍यो जहाँ परमशक्तिको स्रोत छ । त्यसैले ती सूत्रहरूलाई लुकाउनुपर्ने अवस्था आयो किनभने ती सूत्रको दुरुपयोग भए खतरनाक अवस्था आउन सक्छ । यिनै कारणहरूले गर्दा गोपनीय गुह्यज्ञान निर्मित भयो । त्यो गुह्य ज्ञानलाई गोप्य राख्नका लागि त्यसलाई शास्त्रमा समेत लेखिएन किनभने शास्त्र पढ्न सकिन्छ । त्यसैले धेरै वर्षसम्म पुस्तक नलेखीकन रहस्यलाई लुकाउन खोजियो । हजारौँ वर्षसम्म ज्ञान कण्ठस्थ गरियो र लेख्ने चेष्टा गरिएन, पछि वाध्यतावश त्यो ज्ञान लेखियो र लेख्नेबित्तिकै त्यसका अनेकौँ शाखाहरू भए । अनेकौँ व्यक्तिहरूका मुखबाट निसृत भनाइहरूमा एकरूपता र तथ्यगत सत्यता हुन सकोस् भनेर लेख्न बाध्य हुनुपर्‍यो अर्थात् स्मृतिबाट त्यस प्रकारको ज्ञानलाई कागजमा उतार्नुपर्‍यो र त्यो ज्ञानलाई सूत्रबद्ध गरियो । सूत्रको भाषामा निष्णात भएको व्यक्तिले मात्र त्यसको आशय बुझ्न सक्छ । त्यसैले शास्त्रलाई सूत्रमा लेखियो र गुरुमुख वा गुरुशिष्यको परम्पराबाट त्यसको ज्ञान हस्तान्तरण गरियो । आफ्नो अनुभवसहित गुरुले शिष्यलाई सत्पात्र जानेर त्यस्तो गुप्तज्ञान कानमा भनिदिने गर्थे । कानमा अहिलेजस्तो भनिने मन्त्र होइन त्यसबेला त्यही कुरा भनिन्थ्यो जो सुन्नेवालाले पहिलोपटक सुनेको हुन्थ्यो र त्यो उसको चेतनामा पहिलोपटक अवतरित हुन्थ्यो । यसरी भनिने मन्त्र एउटा अनुभवको हस्तान्तरण थियो र शिष्यले साधनाबाट त्यो खोज्ने उपाय गर्नुपर्थ्यो ।

श्रीकृष्ण अर्जुनलाई यस्तै गुह्यज्ञान रहस्यसहित बताउन खोज्दै हुनुहुन्छ जुन ज्ञान जानेर हरेक मानव दुखरूपी संसारबाट मुक्त हुने छन् किनभने ज्ञान मुक्ति हो । वास्तवमा अज्ञान नै दुख हो । अज्ञान र दुख पर्यायवाची शब्द हुन् । पश्चिमको धर्मले पापलाई जोड दियो र यो उनीहरूको प्रारम्भिक आधार बन्यो । इस्लाम एवम् इसाई यहुदी परम्पराका हिस्सा हुन् । संसारमा दुई प्रकारको धर्मका परम्परा छन् । एउटा यहुदी र अर्को सनातन हिन्दू परम्परा छ । संसारमा सिर्जित सबै धर्महरू यी दुई परम्पराका हिस्सा हुन् । यहुदी धर्म र यसका शाखा धर्महरू सबै पापलाई मानिसको दुखको मूलकारण मान्छन् तर सनातन धर्म र यसका शाखा धर्महरू मानिसको दुखको मूलकारण अज्ञान हो भन्छन् । इसाईहरू भन्छन्- जो मूल पाप हो उही सबै दुखको कारण हो तर सनातनीहरू भन्छन्- अज्ञान नै सबै दुखको मूल कारण र आधार हो । यिनीहरू पाप पनि अज्ञानको कारणले हुन्छ भन्दछन् । त्यसैले पाप मूल होइन किनभने पापी हुन पनि अज्ञानी हुनुपर्छ । व्यक्तिले गलत क्रियाकलाप पनि अज्ञानताका कारणले मात्र गर्छ । अज्ञानका अतिरिक्त कुनै दुख र पाप छैन । त्यस्तै ज्ञानका अतिरिक्त कुनै मुक्ति छैन । पश्चिमी दर्शनले पाप नै दुखको कारण भएकाले पुण्य गरेमा पापबाट मुक्ति हुन सक्छ भन्ने मान्यता राख्दछ । त्यसैले क्रिस्चियन मिसनरीहरू सेवालाई प्रमुखता दिन्छन् । सेवाको प्रयोजन पापलाई काट्नु हो । नराम्रो कामलाई सेवा वा राम्रो कामबाट काट्ने प्रयास पश्चिमी धर्मको प्रयास हो । पश्चिमी दार्शनिकहरू सनातन सन्तहरूको ध्यानका बारेमा जान्दैनन् त्यसैले ध्यानले होइन, पाप काट्नका लागि सेवा गर्नुपर्छ र सेवा नै धर्म हो भन्ने सोच्दछन् ।

तर सनातन दर्शनका मनीषीहरू ध्यानमा जोड दिन्छन् । ध्यानबाट ज्ञान जन्मिन्छ र ज्ञानले अज्ञानता काट्छ भन्ने उनीहरूको तर्क छ । हाम्रा सन्तहरू भन्छन्- विना ज्ञानको पुण्य गरे पनि त्यो पुण्य धेरै गहिरो हुँदैन किनभने अज्ञानीको पुण्यको कुनै मूल्य हुँदैन । अज्ञानीभित्रको चेतना उही नै हुन्छ त्यसमा पुण्यको कुनै भेद हुँदैन । लोभ र क्रोध त उही हुन्छ केवल त्यसको मार्ग मात्र बदलिएर नयाँ रूपमा प्रकट हुन्छ । सनातनीहरू भन्छन्- जान्नुका अतिरिक्त अन्य कुनै मुक्तिको उपाय हुँदैन । अज्ञान दुख हो र अज्ञानमा व्यक्ति अन्धो हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसले यो ज्ञान जान्दछ ऊ दुखरूपी संसारबाट मुक्त

हुन्छ। ज्ञान सुनेर होइन अनुभवबाट जान्नुपर्छ। स्मृति ज्ञान होइन तर सारा संसार स्मृतिलाई नै ज्ञान मान्दछन्। गीता, वेद आदि कण्ठ पार्दैमा ज्ञान पाइँदैन। कण्ठ त धेरै माथि छ त्यसबाट केवल चिनारी मात्र हुन्छ। जान्नुको अर्थ अनुभव हो अर्थात् स्वयम्को ज्ञान हो। श्रीकृष्ण भन्नुहुन्छ- म तिमीलाई जुन परमज्ञान बताउँछु तिमीले त्यसलाई अनुभवबाट जान्न सक्यौ भने तिमी दुखको सागरबाट मुक्त हुने छौ। यो ज्ञान सबै विद्याहरूको राजा, गोपनीय, अति पवित्र र प्रत्यक्ष फलवाला एवम् धर्मयुक्त छ र साधना गर्नलाई अति सुगम र अविनाशी पनि छ।

ज्ञान सर्वश्रेष्ठ हुनाले यसभन्दा अरू श्रेष्ठ केही पनि छैन। यो राजविद्या समस्त विद्याहरूमा श्रेष्ठ हो। अन्य विद्याबाट मानिसले स्वयम्बाहेक सबै जान्न सक्छ तर स्वयम्लाई जान्नका लागि राजविद्याकै आश्रय लिनुपर्छ। यदि स्वयम्लाई जान्न सकिन्न भने त्यो विद्या पाउनुको कुनै अर्थ रहन्न। श्रीकृष्ण भन्नुहुन्छ- यो परमविज्ञान राजविद्या भएकाले यो श्रेष्ठ छ र यसबाट स्वयम्लाई जान्न सकिन्छ। यो राजविद्याको साधना गर्न सहज र सुगम छ। यो अविनाशी एवम् सनातन पनि छ। यसको कहिल्यै जन्म र अन्त हुँदैन। यो ज्ञानसँग संयुक्त हुने व्यक्ति अविनाशी हुन्छ। राजविद्याको अभ्यास गर्नेलाई यो सुगम छ तर केवल सुन्ने व्यक्तिका लागि यो सुगम हुँदैन। व्यक्ति सत्पात्र र दोषदृष्टि रहित छ भने मात्र यो साधना सुगम हुन्छ। महात्मागण भन्छन्- कलियुगमा भक्ति ज्यादै सहज र सुगम साधन हो तर यथार्थमा यो भनाइ विरोधाभासपूर्ण छ किनभने शुद्ध हृदय भएको व्यक्ति सत्ययुगमा त पाउन कठिन हुन्छ भने कलियुगमा पाउन त झनै कठिन हुन्छ। परमात्मा पाउनका लागि आफूलाई नै मिटाउन तयार हुनुपर्छ र त्यो एउटा दुस्साहस हो। यदि आफूलाई मिटाउन कुनै भक्त तयार छ भने भक्तिको मार्ग अत्यन्त सरल एवम् सुगम हुन्छ। त्यसैले त श्रीकृष्ण भक्तका लागि यो मार्ग र साधन सुगम छ भन्नुहुन्छ। साथै अभ्यास, अनुभव र साधना गर्नेका लागि यो मार्ग सुगम हुन्छ तर सुन्नेका लागि भने यो यात्रा कठिन हुन्छ।

श्रीकृष्ण भन्नुहुन्छ- हे परमतप ! यो ज्ञानरूपी धर्ममा श्रद्धारहित पुरुष मलाई प्राप्त नगरी मृत्युरूपी चक्रमा निरन्तर परिभ्रमण गरिरहन्छ। श्रद्धारहित मानिसले सुनेर तथा जानेर मलाई प्राप्त गर्ने प्रयास गरे पनि प्राप्त गर्न सक्दैन। श्रद्धायुक्त मानिस मात्र 'म' सम्म आइपुग्छ। यथार्थमा परमात्मासम्म पुग्ने मार्ग प्रेम र श्रद्धायुक्त हृदय हो। श्रद्धायुक्त हृदय भनेको भरोसायोग्य हृदय हो। जसरी एउटा बालक आफ्ना पिताको हात समातेपछि निश्चिन्त भएर हिँड्न सक्छ त्यसरी नै श्रद्धायुक्त भरोसा ईश्वरप्रति जसको हुन्छ ऊ त्यहाँसम्म पुग्न सक्छ। श्रद्धायुक्त मानिसबाट कहीँ भुल भयो भने पनि हानि हुँदैन र अश्रद्धा हुने मानिसले लाभ गरे पनि हानि नै हुन्छ। श्रीकृष्ण भन्नुहुन्छ- श्रद्धारहित व्यक्ति 'म' कहाँ पुग्दैन र ऊ जन्म र मृत्युको चक्रमा घुमिरहन्छ।

*मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना।*
*मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥४॥*

**'म' निराकार परमात्माबाट यो ब्रहमाण्ड जलबाट बरफ जस्तो परिपूर्ण छ। सम्पूर्ण जीव 'म'मा सङ्कल्पका आधारमा स्थित छन् तर 'म' तिनीहरूमा स्थित छैन ॥**

*न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्।*
*भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥*

**'म' द्वारा नै संसार सृजित भएर पालनपोषणकर्ता 'म' नै भए पनि सबै प्राणी 'म'मा स्थित छैनन्। 'म' सर्वव्यापी छु। मेरो योगमायाको शक्तिलाई हेर, मेरो आत्मा वास्तवमा जगत्का प्राणीहरूमा रहेको छैन ॥**

*यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।*
*तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥*

**जसरी आकाशबाट उत्पन्न शक्तिशाली वायु सर्वत्र विचरण गर्दै आकाशमा स्थित हुन्छ त्यसरी नै 'म' बाट सृष्टि भएका सम्पूर्ण प्राणीहरू 'म'मा नै स्थित हुन्छन् ॥**

यो कथन अतर्क्य, रहस्यमय तथा आश्चर्यपूर्ण छ र यसलाई गणितको भाषामा बुझ्न सकिन्न । यसलाई जति खोजे पनि अझ रहस्यपूर्ण हुन्छ । त्यस्तै सत्य जति जान्न खोजे पनि जान्न सकिँदैन । यसैकारणले श्रीकृष्णले अर्जुनलाई श्रद्धाको कुरा पहिले भन्नुभएको हो । उहाँले भन्नुभयो- तिमी अब श्रद्धायुक्त छौ । त्यसैले 'म' तिमीलाई गोपनीय रहस्यका बारेमा भन्ने छु । जसको मन श्रद्धाले भरिएको हुँदैन उसलाई यो रहस्य भन्नु पनि व्यर्थ हुन्छ । यस प्रसङ्गमा प्रवेश गर्नुअघि श्रद्धाका सम्बन्धमा केही कुरा अझ जानेमा मात्र यो प्रसङ्ग स्पष्ट हुन्छ । त्यसैले श्रीकृष्णले अर्जुनलाई श्रद्धाको कुरा पहिले भन्नुभयो र श्रद्धावान् व्यक्तिलाई मात्र गोपनीय रहस्य भन्छु भन्नुभएको हो ।

अस्तित्वमा चार प्रकारको आकर्षण हुन्छ । आकर्षण एउटै हुन्छ तर यसका अभिव्यक्ति चार प्रकारका हुन्छन् । सत्य एउटै छ तर त्यसका आयाम चारवटा हुन्छन् । वैज्ञानिकहरू यस संसारको संगठनमा जुन तत्त्वले काम गरिरहेको छ त्यस तत्त्वलाई चुम्बकीय ऊर्जा भन्दछन् । यही चुम्बकीय शक्तिका कारण पदार्थ एक-अर्कासँग टाँसिन्छन् र एक-अर्कासँग आकर्षित हुन्छन् । यसलाई विद्युत्को भाषामा धनात्मक (Positive) र ऋणात्मक (Negative) ऊर्जा भनिन्छ जसले जगत्को अस्तित्वलाई बाँधेको हुन्छ । कुनै ऊर्जाको आकर्षण भएन भने पदार्थ पनि संगठित हुन सक्दैन । एउटा ढुङ्गाको टुक्रामा अरबौं अणुको जाल हुन्छ जो एकीकृत भएर कुनै केन्द्रमा बाँधिएको हुन्छ । आकर्षणको खोज गर्दा बाहिर देखिन्न तर एक-अर्कासँग बाँधिएर रहेको हुन्छ ।

एउटा ढुङ्गालाई आकाशतिर फ्याँक्यौं भने त्यो तलतिर झर्दछ । हजारौं वर्षसम्म किन तल झर्छ भन्ने उत्तर थिएन तर न्युटनले जमिनले आफूतिर खिच्छ भन्ने खोज गरे अनि मात्र त्यो खिचाइका बारेमा थाहा भयो । पृथ्वीले सबै कुराहरूलाई आफूतिर तान्छ तर त्यो खिचाइ देखिँदैन, केवल तानिने परिणाम मात्र देखिन्छ । हरेक चिज जमिनतिर खिचिन्छन् र त्यो खिचाइमा कुनै प्रबल आकर्षणले काम गरिरहेको हुन्छ जो देखिँदैन तर काम गरिरहन्छ । जमिनमा चुम्बकीय आकर्षण छ भन्ने कुरा खोजका लागि सहायक सिद्ध भयो । विज्ञान पदार्थको तलसम्म खिचाइलाई स्वीकार गर्छ यद्यपि त्यो खिच्ने पद्धतिलाई कसैले देखेको छैन । हामी केवल खिचिने परिणाम मात्र देख्छौं । त्यस्तै एउटा चुम्बकको अगाडि फलामको टुक्रा राखियो भने चुम्बकले फलामलाई आफूतिर तान्दछ । त्यो तानेको परिणाम त देखिन्छ तर त्यो तान्ने शक्ति देखिँदैन किनभने तान्ने शक्ति अदृश्य छ । जब चुम्बकले तान्छ तब वैज्ञानिकहरू भन्छन्- तान्ने काम जारी छ । त्यस्तै पृथ्वीले तान्दा पनि वैज्ञानिकहरू तान्ने काम जारी छ भन्छन् । एउटा अणुको टुक्रा पनि छरिँदैन र केन्द्रले नै अणुलाई बाँधेर राखेको हुन्छ । त्यो बाँधेर राख्ने केन्द्र देखिँदैन, त्यो केवल अनुमानित मात्र हुन्छ । तर विज्ञानलाई त्यो केन्द्रका धनात्मक र ऋणात्मक गरी दुई विन्दुहरू हुन्छन् भन्ने कुराको जानकारी छ र यी दुवै विन्दुका बिचमा आकर्षण छ । यदि प्राणीजातिमा प्रयुक्त भाषामा भन्ने हो भने पदार्थमा पनि स्त्री एवम् पुरुष तत्त्व हुन्छ । यी दुवैको आकर्षणबाट सारा अस्तित्वको खेल हुन्छ ।

पदार्थबाट माथि उठ्यौं भने यही आकर्षण स्त्री र पुरुषमा देखिन्छ र जीवन पनि यही ऊर्जाबाट बाँधिएर चलेको हुन्छ । स्त्री र पुरुष बिचमा पनि जीवनको ऊर्जाले एक-अर्कालाई आकर्षित गर्छ र त्यही आकर्षण जीवनको प्रवाह बन्छ । पदार्थ र जीवन आकर्षणले बाँधिएको हुन्छ । स्त्री-पुरुषका जगत्मा त्यो आकर्षण यौनको रूपमा प्रकट हुन्छ । यौन विद्युत् आकर्षणको नै अर्को जीवन्त रूप हो । जब चुम्बकीय ऊर्जा जीवनमा प्राप्त हुन्छ तब यौन निर्मित हुन्छ । त्यसभन्दा माथि यौनबाहेक अन्य केही यस्ता प्रभावहरू

पनि छन् जसको यौनसँग कत्ति पनि सम्बन्ध हुँदैन त्यसलाई हामी प्रेम भन्छौँ । पदार्थ पदार्थ बिचको आकर्षण विद्युत् हो, दुई शरीरबिचको आकर्षण यौन हो र दुई मनबिचको आकर्षण प्रेम हो । त्यस्तै दुई निर्जीव पदार्थ बिचको आकर्षण विद्युत् या चुम्बकीय ऊर्जा हो । दुई शरीरबिचको जैविक आकर्षण यौन हो । दुई मनबिचको आकर्षणको नाम प्रेम हो र दुई आत्माहरू बिचको आकर्षण श्रद्धा हो । यो आत्माहरू बिचको श्रद्धा संसारको सर्वश्रेष्ठ आकर्षण हो भने चुम्बकीय आकर्षण निम्न आकर्षण हो । तर चुम्बकीय आकर्षण र आत्माहरू बिचको श्रद्धाको आकर्षण पनि देख्न सकिन्न । चुम्बकीय आकर्षण जस्तो स्थूल कुरा त देख्न सकिन्न भने श्रद्धा त देख्न सक्ने कुरै भएन तर श्रद्धाको परिणाम भने देख्न सकिन्छ ।

श्रद्धाको परिणाम मात्र देख्न सकिन्छ । जीवनमा शक्ति देखिँदैन केवल त्यसको परिणाम मात्र देखिन्छ । श्रद्धा एउटा क्रान्ति हो जसको परिणामस्वरूप व्यक्तिको रूपान्तरण हुन्छ । श्रद्धालु व्यक्तिको जीवनमा त्यो रूपान्तरण देखिएमा मात्र व्यक्ति श्रद्धालु भएको परिणाम देखिन्छ । यदि दुई पदार्थ आपसमा मिलेनन् भने अस्तित्व नै अस्तव्यस्त भई छरिएर टुक्रिन्छ । दुई मन आपसमा मिलेनन् भने यस जगत्बाट सारा सौन्दर्य नै हराउँछ र छरिन्छ । परस्परमा दुई आत्मा मिलेनन् भने परमात्मा हुने कुनै अर्थ नै रहँदैन । श्रद्धामा ईश्वर हुन्छ । ईश्वर प्रकट हुनका लागि चाहिने आकर्षण नै श्रद्धा हो । हरेक आकर्षण सृजनात्मक हुन्छ । पदार्थको आकर्षणले तानेर संसारको निर्माण हुन्छ । मानिस यदि पहिलो शरीरको आकर्षणबाट माथि उठेन भने आखिरी आकर्षण श्रद्धासम्म पुग्न त अत्यन्त कठिन हुन्छ ।

गुरु र शिष्यका बिचको आकर्षण श्रद्धा हो । पदार्थको आकर्षणमा पनि स्त्री र पुरुष हुन्छन् । शरीरको आकर्षणमा त स्त्री-पुरुष नभई हुनै सक्दैन । दुई मनको आकर्षणमा पनि स्त्री र पुरुष हुन्छन् । वास्तवमा जहाँ मेल घटित हुन्छ त्यहाँ स्त्री-पुरुषको अंश मौजुद हुन्छ । जब श्रद्धा जन्मिन्छ, तब श्रद्धाको धरातलमा पनि स्त्री र पुरुष मौजुद हुन्छन् । स्त्री-पुरुषको विभाजनमा शारीरिक र जैविक मात्र होइन सारा अस्तित्व नै बाँडिएको छ । त्यसैले कृष्णलाई प्रेम गर्नेहरू उनलाई मात्र पुरुष ठान्छन् । कृष्ण मात्र जगत्का पुरुष हुन् भन्नुको कारण अरू सबै प्रेममा स्त्रैण र श्रीकृष्ण पुरुष हुनुहुन्छ भन्ने हो । कृष्णका भक्तहरू आत्मिक तलमा कृष्ण मात्र पुरुष र अरू सबै भक्तहरू स्त्री हुन्छन् । पुरुष त्यो हो जसले आफूतिर खिच्छ र महिला ती हुन् जो समर्पित हुन सक्छिन् । गुरु र शिष्यबिचको समर्पणको अर्थ यही हो ।

अर्जुनमा श्रद्धायुक्त भाव विकसित भएको अनुभव गरेपछि मात्र श्रीकृष्णले उनलाई गम्भीर कुरा भन्दै हुनुहुन्छ । श्रद्धा नै संसारमा सबैभन्दा ठुलो छलाङ हो र श्रद्धावान्मा नै आत्मक्रान्ति घटित हुन्छ। अर्जुनलाई आत्मक्रान्तिको द्वारमा देखेर श्रीकृष्णले भन्नुभयो- 'मेरो' अव्यक्त स्वरूपबाट यो सबै संसार परिपूर्ण छ । यो उल्टो प्रतीत हुने भनाइ जसलाई तर्कले नमान्न सक्छ तर सत्य यही हो । यस संसारमा नहुनुपर्ने कुराहरू पनि भइरहेका छन्, यो नै संसारमा ईश्वर हुनाको प्रमाण र चमत्कार हो । श्रीकृष्ण भन्नुहुन्छ- मेरो अव्यक्त स्वरूप वा शरीरमा सबै जगत् परिपूर्ण छ । जगत् व्यक्त छ तर श्रीकृष्ण भन्नुहुन्छ- मेरो अव्यक्त स्वरूपबाट यो जगत् परिपूर्ण छ । यो संसार जो साकार, सगुण र रूपले भरिएको छ त्यसलाई श्रीकृष्ण भन्नुहुन्छ- यसभित्र मेरो अरूप लुकेको छ र त्यही अरूपबाट सारा संसार प्रकट छ । मेरो निर्गुण, निराकार, अव्यक्त र अदृश्य स्वरूपबाट यो सबै व्यक्त भएको छ ।

श्रीकृष्ण 'म' अव्यक्त स्वरूपबाट जो व्यक्त छ त्यसमा नै 'म' परिपूर्ण छु भन्नुहुन्छ । रूपभित्र मेरो नै अरूप छ, आकारभित्र निराकार छ र दृश्यभित्र 'म' नै अदृश्य छु भन्नुहुन्छ । जुन व्यक्तिमा श्रद्धा हुन्छ उसले यी सबै कुरा तत्काल स्वीकार गर्छ । यसमा सम्झिनका लागि बुद्धिको प्रयोग गरिरहनु पर्दैन तर श्रद्धा छैन भने कृष्णले भन्नुभएको कुरा बुद्धिलाई मान्न कठिन हुन्छ । उदाहरणका लागि जन्म र मृत्यु दुवै 'म' नै हुँ भन्ने कुरा गणित र तर्कका दृष्टिले गलत हुन्छ किनभने हाम्रो सोचमा त्यो विपरीत लाग्दछ । वस्तुतः जन्म र मृत्यु विपरीत होइनन् किनभने अस्तित्वमा दुवै जोडिएका छन् र यी एउटै कुराका दुई किनारा हुन् । जीवनमा जन्म एउटा किनारा र मृत्यु अर्को किनारा हो । हामी अन्धकार र प्रकाश विपरीत

हुन् भन्ने सोच्छौँ तर यी विपरीत नभएर एउटै कुराका दुई पाटा मात्र हुन् । अँध्यारोसँग नजोडिएको प्रकाश हुँदैन र प्रकाशसँग नजोडिएको अन्धकार हुँदैन । यी दुवै एउटै वस्तुका दुई किनारा हुन् । यस कुरालाई मनन गर्ने हो भने कृष्णको कथनलाई बुझ्न सकिन्छ । परमात्मा साकार र निराकार दुवै हो किनभने परमात्मा अस्तित्वको संयुक्त व्यवस्था हो । साकार रूपको परमात्मा निराकारको नै एउटा किनारा हो । सगुण र निर्गुण एउटै अस्तित्वका दुई किनारा हुन् जसलाई हामी रूप भन्छौँ, त्यो अरूपको नै एक हिस्सा हो । अरूपको एक हिस्सा जो इन्द्रियको नियन्त्रणमा आउँछ उसलाई हामी रूप मान्छौँ र रूपको पनि एउटा हिस्सा जो हाम्रो इन्द्रियको नियन्त्रणभन्दा बाहिर छ त्यसलाई अरूप भनिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- मेरो अव्यक्त स्वरूपबाट यो सारा संसार परिपूर्ण छ । 'मेरो' निराकार यी सबै आकारमा लुकेको छ । 'म' नै यी पदार्थको आधार हुँ । सबै प्राणी 'म'मा स्थित छन् र यो सारा संसार जुन देखिन्छ त्यो सबै 'म' मा स्थित छ । श्रीकृष्ण तत्काल पुनः भन्नुहुन्छ- सबै प्राणी 'म'मा स्थित छन् तर 'म' उनीहरूमा स्थित छैन । यदि सबै प्राणी परमात्मामा स्थित छन् भने एवम् परमात्मा नै सबैमा प्रकट भइरहेको छ भने 'म' उनीहरू (प्राणी) मा छैन भन्नुले हाम्रो तर्कमा दुबिधा पैदा हुन्छ । कृष्णको भनाइ मान्न श्रद्धावान्लाई कुनै कठिनाइ हुँदैन किनभने श्रद्धायुक्त मानिसले तर्क उठाउँदैन तर विचारप्रधान व्यक्तिहरूलाई यो बुझ्न कठिन हुन्छ । सानो वृत्त एउटा ठुलो वृत्तभित्र स्थित हुन्छ तर ठुलो वर्तुल विराट् हुँदा सानोमा स्थित हुन सक्दैन किनभने सानो वर्तुलभन्दा ठुलो वर्तुल धेरै बाहिरसम्म फैलिएको हुन्छ । जीवनको एउटा नियम छ त्यो के हो भने छुद्र वस्तु विराट्मा स्थित हुन्छ तर विराट् छुद्रमा हुँदैन । सागरले भन्न सक्छ- सारा नदीहरू ममा स्थित छन् तर पनि म नदीहरूमा छैन । विराट् सदा छुद्रको पार हुन्छ । यो श्रेष्ठता वा उत्कृष्टताको सतहलाई पार गर्ने सूत्र हो ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी मेरो योगलाई हेर र मेरो मायालाई जान कि समस्त प्राणीहरूको धारण-पोषण गर्नेवाला भएर पनि 'म' प्राणीहरूमा स्थित छैन । आकाशबाट उत्पन्न वायु सर्वत्र विचरण गरेर पनि सदा आकाशमा नै स्थित हुन्छ ठिक त्यस्तै सम्पूर्ण प्राणी 'म'मा स्थित छन् तर 'म' उनीहरूमा स्थित छैन । उहाँको वक्तव्यका बारेमा विचार गर्दा एकपछि अर्कोलाई खण्डित गरे जस्तो लाग्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ 'म' अतर्क्य हुँ । तिमीले जे ठानेका छौ, 'म' त्यो होइनँ । तिमीले मलाई जानेर पनि जान्न सक्दैनौ; त्यसैले तिमी जान्न र ठान्न छोड । तिमीले गणितको स्मरण एवम् तर्क छोडेपछि मात्र मलाई जान्न सक्छौ किनभने 'म' त अतर्क्य हुँ । अतर्क्य अर्थात् 'म' रहस्य हुँ र रहस्यलाई कुनै पनि सिद्धान्त र नियमले जान्न र घेर्न सकिँदैन ।

बुद्धिले जब जीवनको सत्यलाई पक्रन खोज्छ तब सत्य तत्काल फुत्किन्छ । कृष्णले अहिलेसम्म गरेको अनुभव भन्ने हो भने अर्जुन कृष्णलाई बाँध्ने प्रयास गर्दै छन् । उहाँलाई तर्क वा विचारमा बाँध्न सकियो भने यो युद्धबाट छुट्कारा पाउन सकिन्छ भन्ने अर्जुनको आशय छ । श्रीकृष्ण भन्नुहुन्छ- यो सबै माया हो । त्यसो हो भने अर्जुन भन्छन्- मलाई किन मायामा अल्झाउनुहुन्छ ? श्रीकृष्ण भन्नुहुन्छ- यी कुनै पनि मारेर मर्दैनन् । तब अर्जुन भन्छन्- यदि मारेर पनि मर्दैनन् भने मार्नुमा नै के सार छ ? उहाँ यश र प्रतिष्ठाका लागि लड भन्नुहुन्छ उता अर्जुनको जवाफ छ कि यश र प्रतिष्ठा त अहङ्कार नै हुन् । हजुर नै भन्नुहुन्छ अहङ्कार बाधा हो । उहाँ धर्मका लागि लड भन्नुहुन्छ जवाफमा अर्जुनको बुद्धिले भन्छ मबाट कसरी धर्मको स्थापना हुन सक्छ किनभने धर्मसंस्थापक त हजुर नै हुनुहुन्छ । कृष्णले जुन कुरा भन्नुभए पनि अर्जुन तर्क र बुद्धिले उहाँलाई बाँध्न चाहन्छन् किनभने त्यही कुरामा अर्जुनले आफ्नो छुट्कारा देखेका छन् ।

श्रीकृष्णले अर्जुनको एक एक तर्कको जवाफ दिएर उनलाई तर्कहीन बनाउँदै यो अवस्थामा पुर्‍याउनु भएको हो । अब उनी बुद्धिसँग सम्बन्धित अन्य प्रश्न उठाउने अवस्थामा छैनन् । अर्जुनको यो अवस्था देखेर श्रीकृष्ण भन्नुहुन्छ- अब 'म' तिमीलाई 'म' जस्तो छु त्यही बताउँछु । श्रीकृष्ण भन्नुहुन्छ-

देखिएका यी सबै कुरामा 'म' अदृश्य रूपमा लुकेको छु । यो सारा संसार 'म'मा स्थित भएर बसेको छ तर 'म' यसमा स्थित छैन । विचारवान् मानिसहरू यो भनाइ सुनेर दुबिधामा पर्दछन् तर श्रद्धावान् व्यक्तिलाई फरक पर्दैन र ऊ अटल रहन्छ । उहाँले यी कुरा पहिले नै भन्नुभएको भए अर्जुनले हजारौं प्रश्नहरू तर्कपूर्ण रूपमा उठाउँथे तर अहिले उनी चुपचाप छन् । अहिले उनी कृष्णसँग बाच्ने कोसिस गर्दै छन् । श्रीकृष्णको उपस्थिति अब उनका लागि मूल्यवान् भएको छ र उनी आफ्नो द्वार खोलेर कृष्णलाई आत्मसात् गर्ने प्रयास गर्दै छन् ।

मनोविद्हरू प्रेम र घृणा एउटै हो भन्छन् । अस्तित्वमा विपरीतपन संयुक्त रूपमा मौजुद हुन्छ । श्रीकृष्ण त्यही भन्नुहुन्छ- 'म' दुवै हुँ । जहाँ जहाँ तिमी विपरीतता देख्छौ, त्यहाँ ती दुवै रूप 'म' नै हुँ । सनातन धर्मबाहेक संसारका कुनै पनि धर्मले विपरीततालाई स्वीकार गरेको छैन । जन्म-मृत्यु दुवै परमात्माका एउटै रूप हुन् । इस्लाम, क्रिस्चियन धर्म द्वन्द्वलाई मानेर चल्दछन् । तर सनातन चिन्तनले मात्र द्वन्द्वलाई आत्मसात् गर्छ । यस संसारमा यो एक्लो धर्म हो जसले नराम्रोका लागि अर्को कुनै कुराको छनोट गरेको छैन । हामी दानवलाई पनि परमात्माको विपरीत मान्दैनौँ र दानवको अलग कल्पना पनि गर्दैनौँ । यहुदी चिन्तनमा राम्रो काम परमात्माको र नराम्रो काम दानवको हो भन्ने उल्लेख छ । त्यसैले उनीहरू परमात्मा असल कुराको प्रतीक हो भन्ने मान्दछन् । अङ्ग्रेजी शब्द God पनि Good को नै रूपान्तरण हो । उनीहरूका लागि परमात्मा केवल शुभ हो र अशुभ राक्षस वा दानव हो । तर हाम्रो परमात्मा असल र खराब दुवै हुन् । हामी उनलाई सृष्टिकर्ता र विनाशक दुवै मान्दछौँ । हाम्रो मान्यता परमात्माले नै बनाउँछ र उसैले मेटाउँछ भन्ने छ । हामीले अर्धनारीश्वरको प्रतिमा बनायौँ, जहाँ शिव आधा पुरुष र आधा नारी हुनुहुन्छ । संसारमा यस्तो कल्पना कहीँ पनि छैन । एक व्यक्ति दुवै कसरी हुन सक्छ भनेर तर्क गर्न सकिन्छ तर प्रत्येक व्यक्तिमा यी दुवै रूप एक साथ हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- यो सारा संसार 'म'मा समाहित छ तर पनि 'म' यसमा छैन । त्यस्तै सारा पापीहरू पनि 'म'मा समाहित छन् तर 'म' उनीहरूमा छैन । सारा पाप 'म' भित्र नै भइरहेको छ तर पनि 'म' त्यो पापमा छैन । यो द्वन्द्वातीत दुवैलाई पार गरेर स्वीकार गर्ने सनातन धर्मको विशेषता हो । अर्जुनलाई सम्झाएर र फकाएर युद्धमा पठाउन प्रयत्नशील कृष्णको व्यक्तित्व अन्य धर्मले बुझ्न सकेका छैनन् । कृष्ण अर्जुनलाई तिमी मज्जाले काट र मार भन्नुहुन्छ । अहिंसाको परम कुरा पनि गर्ने र हिंसाका लागि अर्जुनलाई धक्का पनि दिने यी दुई विपरीत कुरा कसरी एकमा हुन सक्छन् भन्ने सम्बन्धमा उनीहरूले बुझ्न सकेका छैनन् । यो द्वन्द्वातीत अवस्थालाई स्वीकार गर्ने खोज सनातनीहरूको गहन खोज हो । यस कथनमा श्रीकृष्ण यही भन्नुहुन्छ- तिमी मेरो रूपलाई दुई विरोधहरूमा नबाँड । 'म' दुवै रूप र अरूपमा मौजुद छु । मूर्त-अमूर्त, पदार्थ-परमात्मामा पनि 'म' नै छु । 'म' यी सबैमा भएर पनि यी सबैभन्दा बाहिर छु । यी सबैमा भएर पनि 'म' यिनीहरूमा डुबेको छैन । श्रीकृष्ण भन्नुहुन्छ- 'म' नै लड्छु र 'म' नै लडाउँछु तर पनि 'म' यसमा छैन ।

*सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।*
*कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥*

**हे कौन्तेय ! कल्पको अन्त्यमा प्राणीसहितको समग्र भौतिक सृष्टि मेरो प्रकृतिमा विलीन हुन्छ अनि अर्को कल्पको प्रारम्भमा 'म' त्यही भौतिक जगत्को सृष्टि गर्दछु ॥**

*प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।*
*भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥*

**यो समग्र संसार मेरो अधीनमा छ । यसलाई कल्पको प्रारम्भमा 'म' सृष्टि गर्दछु र अन्त्यमा विनाश पनि गर्दछु ॥**

*न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।*
*उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥*

**हे धनञ्जय ! ती सम्पूर्ण कर्मप्रति तटस्थ रहेर अनासक्त भएकाले मलाई ती कर्मले बन्धनमा पार्दैनन् ॥**

यी कथनहरू मनुष्यको चिन्तनमा जुन मूलभूत प्रश्न छ त्यससँग सम्बन्धित छन् । मनुष्यले निरन्तर यो सृष्टि कसरी निर्मित हुन्छ र कसरी लीन हुन्छ भन्ने कुरा जान्न चाहेको छ । यसको निर्माता को हो, कसले यसलाई सम्हाल्छ र कसले यसको विनाश गर्छ, यो कहाँ विलीन हुन्छ भन्ने सम्बन्धमा मनुष्य जान्न चाहन्छन् । यो जगत् कसले कसरी बनाउँछ, यसको कुनै प्रारम्भ र प्रयोजन छ कि छैन ? साथै यसको अन्त कसरी हुन्छ भन्ने कुरा पनि मनुष्य जान्न चाहन्छन् । यो जगत् एउटा व्यवस्था हो वा अराजक संयोग मात्र हो भन्ने प्रश्नहरू मनुष्यको जिज्ञासाको मूल विषय रहेका छन् र यी प्रश्नहरूको उत्तर हाम्रो जीवनसँग जोडिएका छन् । जीवन एउटा अराजक संयोग वा दुर्घटना मात्र हो, यहाँ कुनै व्यवस्था र लक्ष्य छैन भन्ने विचारकहरू पनि छन् । यस्तो दृष्टिलाई मान्नेवालाहरूको जीवन भने निश्चित रूपमा दुर्घटनामय हुन्छ किनभने यस्ता व्यक्तिले जीवनलाई अराजक बनाउन सहयोग पुऱ्याएका छन् ।

मनुष्यको चेतनाले स्वभावतः व्यवस्थालाई स्वीकार गर्दछ । यस जगत्मा कुनै व्यवस्था भएमा मात्र हामी तृप्त हुन सक्छौँ किनभने हाम्रो प्राणको गहिराइले व्यवस्थाको माग गर्दछ । यो मागको परिणाम नै ईश्वरको धारणा हो । ईश्वरको धारणाको अर्थ नै जगत् अराजक होइन व्यवस्थित छ भन्ने हो । यहाँ जे हुन्छ त्यसको प्रयोजन छ, सुनियोजित योजना छ र यो गन्तव्यहीन छैन । यहाँ जे देखिन्छ त्यो सांयोगिक होइन कार्य र कारणले बाँधिएको छ । ईश्वरको अस्तित्वसम्बन्धी धारणाको पहिलो मौलिक आधार नै यही हो । मनुष्यले जे गरे पनि विचार व्यवस्थाको विपक्षमा जानै सक्दैन । विचार स्वयम् नै व्यवस्थाको आधार हो । सोच्ने सम्झाउने अर्थ नै प्रयोजनका कारणले हुन्छ । जीवनमा सबै कुराको प्रयोजन छ । एउटा सानो परमाणुदेखि आकाशमा उदाउने भीमकाय ताराहरूमा पनि एउटा गहन सिर्जना र प्रयोजन छ । हाम्रो शरीरका हातखुट्टा र अन्य कुराहरूमा पनि एउटा अन्तरव्यवस्था हुन्छ । यिनीहरू केवल जोड होइन, यिनीहरूभित्र एकता छ र त्यो एकता नै जैविक एकता हो । यो जगत् वस्तुको समूह होइन, एउटा अन्तर-ऐक्यता हो । सारा जगत्भित्र अन्तर एकता मौजुद छ । एउटा वृक्ष बढ्नु, आकाशमा तारा चल्नु, वर्षा हुनु, नदी सागरतिर दौडनु, सूर्य बिहान उदाउनु र रात्रिमा चन्द्रमा आकाशमा यात्रा गर्नु यी सबै अलग अलग घटनाहरूका जोड होइनन् । यी सबैका बिचमा एकता र अन्तरव्यवस्था व्याप्त छ र यो अन्तरव्यवस्थाको नाम नै ईश्वर हो ।

ईश्वर व्यक्ति होइन अन्तरव्यवस्था हो । समस्त व्यक्तिहरूका बिचको अन्तरव्यवस्थाको नाम ईश्वर हो र त्यो अन्तरव्यवस्था अदृश्य छ । मेरो हात र मबिचमा एउटा अन्तरव्यवस्था भए जस्तै विचार र हातको बिचमा पनि अदृश्य अन्तरव्यवस्था छ । यस्तो अन्तरव्यवस्थाको जगत्लाई नदेख्नु मूढता एवम् नास्तिकता हो । जसले यस जगत्मा अन्तर व्यवस्था र आत्मा देख्दैन,उसले आफूभित्रको आत्मा देख्ने त प्रश्न नै भएन । ऊ केवल एउटा वस्तुहरूको जोड मात्र हुन्छ । चार्वाकले भनेका छन्- मनुष्य केवल एक वस्तुहरूको जोड हो र उसभित्र आत्मा भनिने कुनै वस्तु छैन । मनुष्यलाई काटेर हेऱ्यो भने कहीँ पनि त्यो अन्तरव्यवस्था देखिँदैन किनभने यो अन्तरव्यवस्था अदृश्य छ । त्यसैले परमात्मा अदृश्य छ । परमात्मा यो सारा जगत्को जीवन्त जोड हो र यहाँ एउटा पात पनि तबसम्म हल्लिँदैन जबसम्म पूरा जगत्को साथ हुँदैन । यहाँ एक शब्द पनि पूरा जगत्को अन्तरव्यवस्थाको सहयोग नभई बोल्न सकिँदैन । दश करोड माइल पर रहेको सूर्यसँग हाम्रो श्वास जोडिएको छ । जुन दिन सूर्य रहँदैन त्यो दिन हामी पनि समाप्त हुने छौँ । जगत् एउटा अन्तरसम्बन्ध र परिवार हो । ईश्वरको मान्यताको अर्थ जगत्लाई एउटा परिवारको

रूपमा देख्नु हो। हाम्रो चेतनाले व्यवस्थाको माग निरन्तर गरिरहन्छ किनभने व्यवस्था चेतनाको प्यास हो र ईश्वर प्यासको अन्तिम उत्तर हो।

श्रीकृष्ण भन्नुहुन्छ- कल्पको अन्तमा सम्पूर्ण प्राणी मेरो प्रकृतिमा नै प्राप्त हुन्छन्, मेरै प्रकृतिमा लय हुन्छन् र कल्पको प्रारम्भमा 'म' उनीहरूलाई पुनर्निर्माण गर्दछु । यो पृथ्वीको एक एक इन्चमा बनाउनेवालाको छाप पाउन सकिन्छ । यहाँका एउटै कुरा पनि निष्प्रयोजन छैनन् । प्रत्येक कुराको निर्माणमा अनुपात छ । यस्तो देखेर बुझेर पनि यदि हामी जगत् निर्मातालाई नकार्दछौं भने हामी आँखा भएको अन्धो मात्र सिद्ध हुन्छौं । एउटा सानो बीजलाई तोडेर हेर्‍यौं भने विशाल वृक्षको खाका त्यहाँ देखिँदैन तर त्यो बीजलाई जमिनमा रोप्ने हो भने अङ्कुरित भएर त्यो विशाल वृक्ष तयार  हुन्छ। जब यो वृक्ष पूर्ण हुन्छ तब यही वृक्षले करोडौं बीजहरू निर्मित गर्छ । एउटा बीजको भित्र पनि व्यवस्था र भविष्यको पूरा रूपरेखा छ । आमाको कोखमा बच्चाको निर्माणका लागि पहिले अणुमा नै उसको पूरा भविष्यको रूपरेखा तय हुन्छ जसलाई बुद्धिले लाख उपाय गरेर पनि पत्ता लगाउन सक्दैन । यति सानो बीजमा वृक्षको यस्तो मार्गचित्र लुकेको छ । त्यसैले एक थोपा वीर्यमा मनुष्यको मार्गचित्र तय हुन्छ भने यो जगत्को पनि त कुनै मार्गचित्र हुनैपर्छ । सारा जगत्को सम्पूर्ण व्यवस्था र फैलावट पनि कुनै अणुमा नै लुकेको हुनुपर्छ त्यो अणुको नाम परमात्मा हो । श्रीकृष्ण भन्नुहुन्छ 'म' नै यसलाई सृजना गर्छु  र 'म' नै फेरि यसलाई आफूमा लीन गर्दछु ।

एउटा बीजमा वृक्ष लुकेको हुन्छ । बीजबाट वृक्ष निर्माण हुन्छ र वृक्ष फेरि त्यही बीजमा नै लीन हुन्छ । प्रथम र अन्तिम क्षण सदा एक हुन्छ र जहाँबाट यात्रा सुरु हुन्छ, त्यहीँ यात्रा समाप्त हुन्छ । बीजबाट यात्रा सुरु हुन्छ र बीजमा नै यात्रा समाप्त हुन्छ । यो सारा विराट् अस्तित्वलाई यदि हामीले एउटा इकाइ मान्यौं भने यो इकाइको पनि मूल कहीँ लुकेको हुनुपर्दछ । हामीले बीज फुटायौं भने त्यहाँ वृक्ष पाइँदैन । त्यसैगरी हामीले मानवको कोष्ठलाई तोड्यौं भने पनि त्यसमा मानव पाइँदैन । एउटा निश्चित कुरा के हो भने बीजमा अदृश्य रूपमा वृक्ष लुकेको छ र कोष्ठमा मनुष्य अदृश्य ढङ्गबाट लुकेको हुन्छ । यसरी लुकेको छ कि जबसम्म प्रकट हुँदैन, त्यसका बारेमा थाहा नै हुँदैन । ईश्वरको जानकारी हामीलाई तब मात्र हुन्छ जब कुनै अर्थमा ऊ हाम्रा लागि प्रकट हुन थाल्दछ, अन्यथा त्यस बेलासम्म थाहा हुँदैन । यहाँ कुनै पनि कुरा अकारण हुँदैन र प्रत्येक कुराको कारण हुन्छ ।

डार्बिनले पहिलो पटक विकासको सिद्धान्त पश्चिमलाई दिँदा इसाई धर्मावलम्बीहरूले यसको विरोध गरेका थिए । यसको कारण उनीहरूलाई विकास धर्मको लागि बाधा हुन्छ भन्ने लागेको थियो तर हिन्दू चिन्तकहरू सनातनदेखि विकासलाई धर्मको आधार मान्दछन् किनभने विकासको कारणले नै जगत्मा परमात्मा छ भन्ने कुरा थाहा हुन्छ । जगत् गहन इच्छाले प्रभावित भएर गतिमान् भइरहेको छ, यहाँ प्रत्येक कुरा बढिरहेको एवम् माथि उठिरहेको छ र यो विकास नफर्किने किसिमको छ । एउटा बच्चालाई हामी पुनः बच्चा बनाउन सक्दैनौं । हामीले जानेको कुरालाई बिर्सन वा हटाउन सक्दैनौं किनभने त्यो हाम्रो आत्माको सुनिश्चित हिस्सा बनिसकेको हुन्छ । त्यसैले यस जगत्मा हामी जे भएका छौं, त्यसभन्दा तल झर्न सक्दैनौं । संसार सुनिश्चित विकासको क्रम हो । यदि संसार विकास हो भने यसको अर्थ जीवन कहीँ पुग्न खोजिरहेको छ भन्ने हो । जीवनको कुनै गन्तव्य छ, त्यसैले त ऊ यात्रा गरिरहेको छ । हाम्रो प्रत्येक कृत्य हामीलाई विकसित गर्ने दिशामा संलग्न छ । कुनै विकासको कदम चाल्नु नै हाम्रो जीवनको आनन्दको क्षण हुन्छ । जब हाम्रो चेतना कुनै नयाँ चरणलाई आत्मसात् गर्छ, तब ऊ आनन्दले भरिन्छ । जब हाम्रो चेतना अवरुद्ध हुन्छ, तब हामी भित्र दुख, पीडा एवम् चिन्ताको अनुभूति हुन्छ ।

मुक्तिको अनुभव विकासको चरणमा हुन्छ । जब बच्चा पहिलोपटक हिँड्न थाल्दछ, तब उसमा प्रफुल्लताको कुनै सीमा नै हुँदैन । जब बच्चा अनेक प्रयासपछि लडखडाउँदै पहिलो कदम जमिनमा राख्दछ, तब विकासको क्रम सुरु भएर आत्मालाई एउटा नयाँ भरोसा र श्रद्धा प्राप्त हुन्छ । त्यस क्षणमा

पहिलोपटक आत्माले आफ्नो शक्ति चिन्दछ । अब यो बच्चा पूर्ववत् अवस्थामा कहिल्यै हुन सक्दैन किनभने उसमा ठुलो ऊर्जाको प्रादुर्भाव भइसकेको हुन्छ । जुन दिन बच्चा पहिलो पटक बोल्दछ, उसको प्रफुल्लताको अन्त नै हुँदैन । त्यो क्षण आत्माले आफूलाई अभिव्यक्त गर्ने साधन जुटाउँछ । अब बच्चा आफू मौन वा बन्द अवस्थामा नभएको अनुभव बारम्बार बोलेर व्यक्त गर्दछ । अब मेरो आत्मा बाहिर जान सक्दछ र अरूसँग संवाद गर्न सक्छु भन्ने उसमा भान हुन्छ । बच्चा नयाँ दुनियाँको यात्रा सुरु गर्दछ, विकासको एक चरण त्यसपछि सुरु हुन्छ । हामी प्रतिपल विकासशील छौँ, एक व्यक्ति मात्र होइन पूरा संसार विकासशील छ ।

यो विकासको अनन्त धारा जगत्मा भए जस्तै जगत्मा ईश्वरको अनन्त धारा छ । विकासको अन्तिम सम्भावना ईश्वर हो । यो संसार एउटा सुनिश्चित विन्दुतिर यात्रा गर्दै छ । हामी जतिसुकै मार्गबाट च्युत भए पनि पुनः उठ्छौँ र अघि बढ्छौँ । हामी निश्चित दिशातर्फ खिँचिएर अघि बढिरहेका छौँ र मानव चेतना विकसित भइरहेको छ । हाम्रा चारैतिर जे छ, त्यो अस्तित्व  हो । अस्तित्वको केन्द्र जीवन हो । अस्तित्व नै जीवनका लागि छ भन्नु अझ उपयुक्त हुन्छ । जीवनको केन्द्र चिन्तन, मनन र विचार हो र मनको केन्द्र चैतन्य हो । त्यसैले अस्तित्व हाम्रो आधार र चैतन्य शिखर हो । चैतन्यको केन्द्र परमात्मा हो । चेतना जब परमात्माले भरिन्छ तब दिव्यता प्राप्त हुन्छ र एउटा नयाँ अकल्पनीय आनन्द प्राप्त भएर अमृतको वर्षा हुन्छ; यो अवस्था नै महाशिखरको अनुभव हो ।

यी पाँच- अस्तित्व, जीवन, मन, चेतना र परमात्मा जगत्का अनन्त धारा हुन् । परमात्मा शिखर अनुभव हो । जो अन्तमा प्रकट हुन्छ त्यो पहिले नै मौजुद हुनुपर्दछ अन्यथा प्रकट हुन सक्दैन । अन्तमा त्यही प्रकट हुन्छ जो प्रथममा मौजुद हुन्छ । यो जीवनका शाश्वत नियमहरूमध्ये एक हो । तसर्थ अन्त प्रथमको अभिव्यक्ति हो । परमात्मा पहिलो भएकोले ऊ अन्तमा पनि प्रकट हुन्छ । परमात्मा जीवनको शिखर अनुभव भएकाले ऊ प्रथममा पनि मौजुद हुनैपर्छ । यस सत्यलाई जानियो भने कृष्णले भन्नुभएको कुरा बुझ्न सजिलो हुने छ । श्रीकृष्ण भन्नुहुन्छ- कल्पको अन्त्यमा सम्पूर्ण प्राणीहरू मेरो प्रकृतिलाई प्राप्त हुन्छन् र अन्तमा सबै कुरा ईश्वरीय हुन्छ । अन्त त्यो परम अवस्था हो जहाँ विकासको यात्राबाट गुज्रिएर आखिरी मन्दिरमा पुगिन्छ । त्यहाँ सबै कुरा कृष्णमा लीन हुन्छ किनभने उहाँ नै प्रथम र अन्त हो । कल्पको अन्तमा सबै प्राणी कृष्णकै प्रकृतिमा विलीन हुन्छन् ।

मेरो हुनु जो मेरो स्वभाव हो; अन्तमा सबै कुरा त्यसमा नै लीन हुन्छ । त्यसैले कल्प अन्त मात्र होइन हाम्रो लक्ष्य पनि हो । त्यो समाप्ति र पूर्णता पनि हो । हरेक पूर्णताको समाप्ति हुन्छ । जब सारा जीवन विकसित भएर प्रभुसमक्ष पुग्दछ तब जगत् तिरोहित भएर केवल पूर्ण चेतना मात्र शेष रहन्छ । यो एक कल्पको अन्त्य हो । श्रीकृष्ण भन्नुहुन्छ- कल्पको प्रारम्भमा 'म' इन्द्रियहरूलाई पुनः रच्दछु र पुनः उनीहरूको निर्माण गर्दछु । यो निर्माण पनि विकासको नयाँ यात्रा हो । 'म' आफ्नो त्रिगुणमयी प्रकृतिलाई अङ्गीकार गरी स्वभावको वशबाट परतन्त्र भएर यो सम्पूर्ण प्राणी समुदायलाई बारम्बार उनीहरूको कर्मअनुसार रचना गर्दछु । त्यो रचना प्रत्येक व्यक्तिको कर्मअनुसार हुन्छ किनभने प्रत्येक व्यक्ति जे गर्छ ऊ उस्तै हुन्छ । सबै प्राणी समुदाय जे जे गरेर गुज्रिन्छ त्यही गर्नु उसको आत्मा बन्दछ र त्यही आत्माले नयाँ जन्मको रूप दिन्छ । त्यही रूप उसको जन्म र नयाँ जीवनको मार्गचित्र हुन्छ । यो केवल व्यक्तिलाई मात्र लागू हुने होइन समस्त जगत्लाई पनि यही नियम लागू हुन्छ । जब वृक्षमा बीज पैदा हुन्छ, तब वृक्षको सारा जीवनको विकासको यात्रा र सारा अनुभव बीजमा पुनः प्रविष्ट हुन्छ । बीज फेरि जमिनमा झर्छ र नयाँ वृक्षको जन्म हुन्छ । सनातन चिन्तनले जगत्लाई एउटा वृत्ताकार यात्रा मान्दछ । तसर्थ मृत्यु त्यहीँ हुन्छ जहाँ जन्म हुन्छ किनभने यो दुवैको विन्दु एउटै छ । सारा गति उहीँ सुरु र उहीँ अन्त्य हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- सबै ब्रह्माण्ड 'म'मा लीन हुन्छ र फेरि 'म' बाट नै रचिन्छ । यो रचना जगत्को कर्म एवम् जीवहरूको कर्मअनुसार घटित हुन्छ । पूर्वीय दार्शनिकहरू अकारण केही पनि घटित

हुँदैन भन्ने मान्दछन् । जे हुन्छ त्यो कारणले बाँधिएको हुन्छ । यो पूरा जगत्को एक कल्पपछि पुनः अर्को कल्प सुरु हुन्छ । यो मनुष्यको एक जीवनपछि अर्को जीवन प्राप्त भए जस्तै हो । आज हामी जे छौँ त्यो हाम्रो समस्त अतीतको जोड हो र भोलि हामी जे हुन्छौँ त्यसमा आज पनि जोडिन्छ । एक अर्थमा यो स्वचालित व्यवस्था हो र यसभन्दा अन्यथा हुनै सक्दैन । जस्तो मानिसहरूसँग हुन्छ त्यस्तै जगत्सँग पनि हुन्छ । व्यक्ति त आफ्नो कर्ममा बाँधिन्छ तर परमात्माले जगत्लाई रच्दछ, सह्माल्दछ र नष्ट गर्दछ तथापि कर्मले परमात्मालाई बाँध्दैन किनभने उसले कर्म अनासक्त भएर गर्दछ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यो सबै कर्म 'म' अनासक्त भएर गर्दछु । अनासक्त त्यही कर्म हुन सक्छ जुन कर्म खेल मात्र हुन्छ । सबै कर्ममा व्यक्ति आसक्त हुन्छ तर केवल खेलमा मात्र अनासक्त हुन्छ । अनासक्त कर्म त बच्चाहरूको खेल जस्तै हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! त्यो कर्ममा मेरो आसक्तिरहितता र उदासीनता भएकाले ती कर्महरूले मलाई बाँध्दैनन् ।

बुद्ध कुनै दिन नदीको किनारामा घुमिरहनु भएको थियो । त्यहाँ बच्चाहरू बालुवाको घर बनाउँदै थिए । बच्चा र ठुला मानिसहरू दुवै बालुवाकै घर बनाउँछन् । त्यसैले बच्चाको घर कस्तो हुँदो रहेछ भनेर उहाँले रोकिएर हेर्नुभयो । बच्चाहरू हावाको झोक्काका कारण आफ्नै घर भत्किँदा पनि आपसमा झगडा गर्थे । सारा झगडा संसारमा घरको नै हो । साँझ पर्न लाग्यो र घरबाट आमाले आ-आफ्ना बच्चाहरूलाई बोलाइन् । जुन घरका लागि एक अर्कामा लडाइँ गर्दै थिए, ती बच्चाहरू त्यही बालुवाको घरमा टेकेर त्यसलाई भत्काएर घरतिर हिँडे । बुद्धले भन्नुभयो- जुन दिन हामी सबै आफ्नो घरलाई बालुवाको घर सम्झिन्छौं र यो खेल समाप्त भएको स्मरण हुन्छ तत्काल सच्चा घरबाट परमप्रभुको पुकार आउँछ । त्यो दिन हामी आफ्नो घरलाई बच्चाहरूले जस्तै गरेर बालुवाको घरको खेल खेल्न जान्ने छौँ । जीवनलाई खेल बनाउन जान्यौँ भने हामी पनि अनासक्त हुन सक्छौँ ।

परमात्माका लागि जीवन एक खेल हो । त्यसैले सनातनीहरू परमात्माको लीला भन्ने शब्द प्रयोग गर्दछन् । लीलाको अर्थ खेल हो । श्रीकृष्ण भन्नुहुन्छ- कल्पमा जब सारा प्राणी 'म'मा लीन हुन्छन् तब अर्को कल्पको प्रारम्भमा 'म' फेरि उनीहरूको रचना गर्छु र यही नै क्रम चलिरहन्छ । हिन्दूहरूको ईश्वर सम्बन्धी धारणा गम्भीर नभएर ज्यादै प्रफुल्लित ईश्वरको धारणा छ । लीला परमात्माको खेलको नाम हो । यो सारा सृजना एउटा गम्भीर कृत्य होइन, परमात्माको खेल हो । यो आनन्दको प्रवाह हो । यो जगत् परमात्माको लीला भएकाले सुन्दर छ । प्रायःजसो काम कुरूप हुन्छ किनभने त्यो बाध्यतावश गरिन्छ । एक नर्सले बच्चालाई हेरिन् भने त्यो काम हुन्छ तर आमाले ती बच्चालाई हेरिन् भने उनका लागि त्यो खेल र आनन्द हुन्छ । हाम्रा जोगी-साधुहरू सबै उदास र दुखी देखिन्छन् किनभने हामीले साधुहरूसँग त्यही गम्भीर प्रकृतिको अनुहार खोजेका छौँ । हामी उनीहरूमा प्रफुल्लता हेर्न चाहँदैनौँ । हामीहरूले धर्मलाई एउटा गम्भीर कृत्य बनाएका छौँ जसले गर्दा ईश्वरीय तत्त्व विलीन भएको छ । कृष्ण विराट् कुरालाई गम्भीर होइन आनन्ददायी बनाउनुहुन्छ । सनातन धर्म संसारमा एक्लो हँसिलो धर्म थियो जसमा हाँस्ने, प्रसन्न हुने प्रगाढ क्षमता थियो, आनन्द यसको गन्तव्य थियो तर यसको मर्मलाई गम्भीर प्रकृतिका रुढिवादीहरूले समाप्त पारिदिएका छन् । जीवनलाई लीलाको दृष्टिले हेर्न सक्यो भने कृष्णको यो कथन स्पष्ट हुन्छ । जीवनलाई खेल मानेमा परमात्मा यत्रो विराट् जाललाई रचेर पनि पर अनासक्त रहेको जान्न सकिन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ, कुनै कर्मले पनि मलाई बाँध्दैन ।

*मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।*
*हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥*

**हे कुन्तीपुत्र ! मेरी प्रकृतिले मेरै प्रकाशमा सम्पूर्ण जड र चेतन आदिको सृष्टि गर्छिन् । अतः यो संसार जन्म-मरणका चक्रमा घुमिरहन्छ ॥**

*अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।*
*परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥*

**मूढजनहरू 'म' परमेश्वरको दिव्य भाव वा स्वरूपलाई नजानेर 'म' मानव शरीरमा अवतरण हुँदा सामान्य मानव ठानेर मेरो उपहास गर्छन् ॥**

*मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।*
*राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥*

**जो मोहग्रस्त मानिस आसुरी एवम् राक्षसी स्वभावमा समर्पित छन् त्यस्ता मानिसहरूका आशा व्यर्थ, कर्म व्यर्थ र ज्ञान पनि व्यर्थ हुन्छन् ॥**

कृष्णले यी श्लोकमा धेरै महत्त्वपूर्ण कुराहरू भन्नुभएको छ, जो धेरै गम्भिर र उच्चस्तरीय छन् । परमात्माले जगत्को सृजना कसरी गर्दछ र सृजना गर्ने विधि कस्तो हुन्छ भन्ने बारेमा बताउनुभएको छ । विज्ञानको दृष्टिमा कुनै शक्तिले केही नगरीकन उसको उपस्थितिले मात्र नै सृजना हुन्छ भन्ने मान्यता राख्दछ । विज्ञान त्यसलाई वर्णलुप्त कारक (Catalytic Agent) भन्दछ । उसको उपस्थितिले नै घटना घट्छ तर ऊ स्वयम् केही पनि गर्दैन । हाइड्रोजन र अक्सिजनलाई मिलाउँदा पानी बन्दैन, यद्यपि पानीलाई फोडियो भने हाइड्रोजन र अक्सिजन मात्र पाइन्छ । हाइड्रोजन र अक्सिजनमा विद्युत् उपस्थित भएमा मात्र पानी बन्छ । विद्युत्ले त्यहाँ उपस्थित हुनुका अतिरिक्त अरू केही पनि गर्दैन र विद्युत् पानीमा सम्मिलित पनि हुँदैन ।

परमात्माको उपस्थिति मात्रले संसार सिर्जिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'मेरो' हुनु मात्रले सृजनाको सूत्रपात हुन्छ । परमात्माले पनि यदि कुमालेको जस्तो घडा निर्माण गर्नुपऱ्यो भने उसको हैसियत पनि कुमालेको भन्दा बढी हुँदैन । परमात्मा त कार्यमा संलग्न हुँदा पनि उसमा कर्तापन हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- मेरो उपस्थितिमा रचनाको सिलसिला सुरु हुन्छ तर 'म' बनाउँदिनँ । मेरो उपस्थितिमा सम्पूर्ण जीवन चल्दछ; बिहान सूर्य उदाउँछ, फूल फक्रिन्छ । सूर्य आफै आएर फूल फक्राउने र विकसित तुल्याउने काम गर्ने होइन तर उसको उपस्थिति र उदयको प्रभावले नै फूल फुल्दछ । सूर्यले त आफ्ना किरणका माध्यमबाट एक-एक कोपिलालाई फक्राउने काम गर्छ तर अवर्णनीय कर्ता त अझ सूक्ष्म रूपमा केवल उपस्थित मात्र हुन्छ र उसको उपस्थितिले नै सारा काम गर्दछ । त्यसैले परमात्मा स्रष्टाको रूपमा मात्र उपस्थित भएर जगत्लाई निर्माण गर्दछ । सृष्टिमा परमात्मालाई खोज्न सकिन्न किनभने यो त उसको उपस्थितिमा मात्र बनेको हो । परमात्माको झलक उसले पाउँछ जो सृजनाको प्रक्रियामा संलग्न हुन्छ । त्यसैले कहिलेकाहीँ कुनै कवि, सङ्गीतज्ञ, चित्रकार आदिलाई परमात्माको झलक प्राप्त हुन सक्छ । ध्यानमा सदा उसको झलक प्राप्त हुन्छ किनभने ध्यानमा व्यक्ति सृजनाको प्रक्रियामा हुन्छ ।

रवीन्द्रनाथ टैगोरका मनमा जब कुनै गीत जन्मिन्थ्यो, तब उहाँ खानापिना बन्द गरेर एकान्तमा बस्नुहुन्थ्यो । उहाँ सुत्न पनि सक्नुहुन्नथ्यो । जबसम्म कुनै गीत पूर्ण रूपमा सिर्जिंदैनथ्यो, उहाँ केही पनि गर्न सक्नुहुन्नथ्यो । उहाँमा जब यस्तो परिस्थिति घट्न लाग्थ्यो, तब मित्रहरू थाहा पाएर चुपचाप केही नबोली बाहिर निस्कन्थे । गुरुदयाल मल्लिकले लेखेका छन्- म पहिलोपटक गएको थिएँ । नियम त मलाई थाहा थियो तर मनमा एउटा उत्सुकता थियो । जब साँच्चै रवीन्द्रनाथबाट गीत जन्मिन्छ, तब उहाँलाई के हुन्छ भनेर म जान्न चाहन्थेँ । एकदिन पाँच-सात जना मित्रसँग बसेर रवीन्द्रनाथ चिया पिउँदै हुनुहुन्थ्यो, अचानक उहाँको हातबाट चियाको कप खस्यो । सम्पूर्ण साथीहरू चुपचाप केही नभनी निस्किनुभयो तर गुरुदयाल मल्लिक भने झ्यालबाट लुकेर हेर्न थाल्नुभयो । रवीन्द्रनाथका आँखाबाट आँसु बग्न थाल्यो र उहाँ पुलकित र रोमाञ्चित हुनुभयो । उहाँको शरीरमा कम्पन हुन थाल्यो । कुनै अनौठो शक्तिले पूरा कोठालाई घेरेको अनुभव मल्लिकलाई पनि हुन थाल्यो र कसैको उपस्थिति भएको जस्तो लाग्यो । मल्लिक डराएर

भाग्न खोज्नुभयो तर कसैले उहाँको खुट्टा बाँधे जस्तै भयो । आँखा झिम्क्याउन र श्वास फेर्न पनि कठिन भयो । त्यहाँ कोही उत्रिएर चारैतिर घेरेर राखेको जस्तो उहाँलाई लाग्यो । रवीन्द्रनाथ हल्लिन थाल्नुभयो र नाच्न थाल्नुभयो । केही समयपछि उहाँ स्वस्थ्य हुनुभयो । त्यसै समय मल्लिकको खुट्टा जो बाँधिएजस्तो भएको थियो त्यो खुट्टा खुल्ला भयो र उहाँ भाग्नुभयो । अर्को दिन उहाँले रात्रिको समयमा आफू उपस्थित भएको कुरा सुनाउँदै रवीन्द्रनाथलाई यस्तो के भएको हो भनेर सोध्नुभयो । रवीन्द्रनाथले मैले आजसम्म स्वयम्ले केही पनि लेखेको छैनँ, जब म हराउँछु, तब मलाई कसैले लेखाउँछ । मैले लाखौँलाख कोसिस गरेर सुन्दर शब्दहरूलाई जन्माए पनि काव्य जन्मँदैन; काव्यको जन्म त म रित्तिएपछि मात्र हुन्छ भन्नुभयो । रवीन्द्रनाथलाई काव्य सिर्जना गर्दा ईश्वर अवतरित भएको महसुस भएको हुनुपर्छ ।

यस जगत्मा जब कुनै कुरा सृजित हुन लाग्दछ, तब कहिलेकाहीँ स्रष्टाको झलक पाइन्छ किनभने उसको उपस्थितिविना कुनै कुरा सृजित नै हुँदैन । त्यसैले हरेक सिर्जनामा परमात्मा उपस्थित हुन्छ । नारी पहिलो पटक गर्भवती हुँदा उनको सौन्दर्य प्रदीप्त हुनथाल्छ, उनीभित्र केही सृजना हुन लाग्दछ र उनका आसपास परमात्माको छवि र उपस्थिति हुन्छ । स्त्रीलाई सृजनाको अवस्थाको बोध भयो भने उनका निम्ति आमा हुनु नै परमात्मालाई पाउनु हुन्छ । जब जीवनको श्रेष्ठतम फूल मनुष्य स्त्रीबाट निर्मित हुन्छ तब स्वभावतः उसको पूरै व्यक्तित्व सौन्दर्यले भरिन्छ र त्यो क्षण परमात्मा उसमा ज्यादै निकट हुन्छ । त्यसैले मातृत्व गहिरो धार्मिकता हो । स्त्रीभित्र सृजनाको घटना घट्ने हुनाले उनलाई बाहिर सृजना गर्ने विचार नै आउँदैन । जहाँ सिर्जनाको क्षमता हुन्छ, त्यहाँ परमात्माको अनुभव गर्न सजिलो हुन्छ । त्यसैले सृजनात्मक सामर्थ्य नभएको व्यक्तिले परमात्मालाई कहिल्यै अनुभव गर्न सक्दैन । जहाँ केही नयाँ पैदा हुन्छ, त्यहाँ परमात्मा उपस्थित हुन्छ, विना परमात्मा केही पनि जन्मिनै सक्दैन । जहाँ विध्वंस हुन्छ, त्यहाँ परमात्मा हुँदैन । जब हामी विध्वंस गरिरहेका हुन्छौँ, तब हामी परमात्माबाट सर्वाधिक दूरीमा हुन्छौँ ।

परमात्माको गहनतम प्रतीति सृजनाको क्षणमा मात्र हुन्छ किनभने परमात्माविना सृजना हुनै सक्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ,- सबै सृजनामा 'म' उपस्थित हुन्छु र मेरो उपस्थिति नै पर्याप्त हुन्छ । हे अर्जुन ! मेरो उपस्थिति मात्रले प्रकृति सबै जगत्लाई रच्दछिन् । यसै कारणले नै जगत् बन्दछ र फैलिन्छ । 'म' केही गर्दिनँ र मैले केही गर्नु पनि पर्दैन; मैले इच्छा, वासना, केही पनि गर्नुपर्दैन केवल 'म' हुनु नै सिर्जना हो । हामी सदैव ईश्वर नै स्रष्टा हो भन्दछौँ । यो भन्नुभन्दा ईश्वर सिर्जनाको प्रक्रिया हो भन्नु उपयुक्त हुन्छ । ईश्वर सृजनात्मकता हो । परमात्मा सृजनाको प्रवाह हो र जहाँ उसको उपस्थिति हुन्छ, त्यहाँ अनन्त रूपमा सृजनाको प्रवाह हुन थाल्दछ । जीवनको खेल उसको उपस्थितिको आनन्द हो र उसको उपस्थितिले जीवन उत्सवमय हुन्छ । जहाँ सृजना भइरहेको हुन्छ त्यहाँ परमात्मा सदैव मौजुद हुन्छ । मनुष्यले बनाएका हरेक कुरामा जीवन नहुने हुनाले त्यसको कुनै विकास हुँदैन । त्यो निर्जीव विकासमा व्यक्ति संलग्न भएका कारण ऊ परमात्माबाट पर हुँदै गएको छ । यो विकासमा केही जन्मिँदैन, हामी केवल अस्वाभाविक वस्तुहरूबाट घेरिन्छौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो हुँदा पनि सम्पूर्ण प्राणीहरूको महान् रूप मेरो परम भावलाई नजान्नेवाला मूढ व्यक्तिहरू मनुष्यको रूप धारण गर्नेवाला 'म' परमेश्वरलाई तुच्छ सम्झिन्छन् । मूढको अर्थ मूर्ख  होइन । मूढता मूर्खताभन्दा पनि खतरनाक अवस्था हो । मूर्ख त्यो हो जसलाई थाहा छैन र मूढ त्यो हो जसलाई थाहा त छैन तर थाहा भए जस्तो गर्दछ । मूर्ख जो अज्ञानी र जानकारीविहीन छ उसलाई माफ पनि गर्न सकिन्छ तर मूढ व्यक्ति जसलाई केही थाहा छैन र आफूलाई जान्ने ठान्दछ उसलाई त माफ गर्न पनि सकिन्न । जो स्वयम्लाई ज्ञानी ठान्दछन् उनीहरू मूढ हुन् । मूढको अर्थ अज्ञानताका साथै अहङ्कार पनि भएको व्यक्ति हो । मूढ व्यक्ति म सबै जान्दछु भन्ने ठान्दछ तर उसमा भित्र कुनै जानकारी हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- परमात्माको उपस्थितिमा नै सारा जीवनको सृजना हुन्छ र उसैबाट सारा जीवन गतिमान् हुन्छ । उसैबाट सारा जीवन परिपूर्ण छ र उही जीवनको मूल एवम् आत्मा हो । चारैतिर

परमात्माको उपस्थितिबाट सबै भइरहेको देखेर पनि मूढ व्यक्तिहरू आफ्नो मूढता छोड्दैनन् । यस्ता व्यक्तिले ईश्वरका सम्बन्धमा पनि गलत कुरा गरिरहेका हुन्छन् । हामी छुद्र कुरा त ठिकै भन्छौँ तर विराट्को सम्बन्धमा हाम्रो भनाइ गलत हुन्छ । जसलाई केही पनि थाहा छैन उनीहरू अरूलाई ईश्वरका बारेमा सम्झाउँछन् । तसर्थ मूढताको कहीँ अन्त नै हुँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्ता मूढ व्यक्तिहरू चारैतिर 'म' स्थित भएको देखेर पनि मलाई अनुभव गर्न सक्दैनन् । नास्तिकहरू सदैव यदि परमात्मा छ भने ऊ अगाडि किन आउँदैन भन्छन् । परमात्मा सबैतिर अगाडि नै हुनुहुन्छ र उहाँविना अर्को कोही पनि छैन तथापि नास्तिकहरू अगाडि आऊ भन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- जब 'म' अगाडि मनुष्यको शरीर धारण गरेर आउँछु, तब यिनै मूढ व्यक्तिहरू मलाई मनुष्यको शरीर धारण गर्ने तुच्छ व्यक्ति मान्दछन् र हामी जस्तै मनुष्य कसरी परमात्मा हुन सक्छ भन्छन् । परमात्मा अप्रकट भएर सबै सृजनामा उपस्थित भएको अवस्था र कृष्णको रूपमा मनुष्यको शरीर लिएर प्रकट भएको अवस्था दुवैलाई मूढ व्यक्तिहरूले अस्वीकार गर्दछन् । उनीहरूलाई दुवै रूप स्वीकार नै हुँदैन । त्यसैले प्रश्न परमात्मा व्यक्त छ कि अव्यक्त छ भन्ने होइन प्रश्न त हामीभित्र मूढता छ कि छैन भन्ने हो ।

हामीलाई आफूभन्दा श्रेष्ठ व्यक्तिलाई स्वीकार गर्न र बुझ्न कठिन हुन्छ किनभने जहाँसम्म हाम्रो चेतना गएको छ, त्यसको पार हाम्रो आँखा पुग्न सक्दैन । हामी जे छौँ, त्यहीसम्म मात्र देख्न सक्छौं । केवल समान तलसम्म मात्र अनुभव गर्न सक्छौँ । त्यसैले श्रेष्ठता हाम्रो आँखाबाट ओझेल हुन्छ । परमात्मा अगाडि नै आएर उभियो भने पनि हामी उसलाई चिन्न सक्दैनौँ । परमात्माको रूपलाई हामी बाह्य आँखाले देख्न सक्दैनौँ । त्यसैले कृष्ण अगाडि हुँदा पनि हामी कृष्णमा परमात्मा होइन मनुष्य देख्छौँ । जब मनुष्य देख्छौँ, तब हाम्रो अहङ्कारले त्यसलाई श्रेष्ठ देख्न दिँदैन । हामी तर्क गरेर त्यो व्यक्ति भगवान् होइन मनुष्य हो भनेर सिद्ध गर्छौं अनि त्यसैमा हामीलाई तृप्ति हुन्छ र अहङ्कारको पुष्टि हुन्छ । यो मूढताको कारणले भएको हो । यदि व्यक्ति परमात्मा होइन भने पनि उसमा दिव्यता खोज्ने प्रयास गर्‍यौँ भने हाम्रो चेतनाको स्तर वृद्धि हुन्छ तर हाम्रो मूढता र अहङ्कारले त्यो हुन दिँदैन । त्यसैले हाम्रो चेतनाको सीमा पनि विकसित हुन सक्दैन । यदि कसैले ढुङ्गालाई पनि परमात्मा मान्यो भने ढुङ्गामा परमात्मा होस् वा नहोस् तर व्यक्तिको दिव्यताको सीमा बढ्छ र उसको अन्तरविकास हुन्छ । जति हामी खोज्ने प्रयास गर्छौं त्यति नै विराट्सम्म पुग्ने हाम्रो चेतनाको मार्ग विकसित हुन्छ ।

मूढ व्यक्तिले "कृष्णलाई पनि भोक लाग्छ, प्यास लाग्छ र उहाँ हामी जस्तै हुनुहुन्छ त्यसैले उहाँ हामी जस्तै व्यक्ति भएकाले कसरी भगवान् मान्ने, भन्छन् तर अमूढ व्यक्तिले कृष्णलाई भोक, प्यास, निद्रा लाग्छ र उहाँ भगवान् हुन सक्नुहुन्छ भने मलाई पनि त्यस्तै हुन्छ । त्यसैले म पनि भगवान् हुन सक्छु भनेर सोच्दछ । श्रीकृष्ण भन्नुहुन्छ- मूढजन मैले मनुष्य शरीर धारण गरेको कारण मलाई तुच्छ सम्झिन्छन् । उनीहरूले मनुष्य रूपमा अवतरित हुँदा 'म'मा भगवान् देख्न सकेको भए उनीहरू पनि भगवान् हुन सक्थे तर उनीहरू यस्तो देख्दैनन् । उनीहरू त शरीरधारी व्यक्ति परमात्मा कसरी हुन सक्छ भन्ने ठानेर मूढताको परिचय दिन्छन् र आफ्नै खुट्टामा बन्चरो हान्छन् । कृष्णलाई तुच्छ सम्झिने व्यक्तिहरूको भनाइबाट कृष्ण तुच्छ हुनुहुन्न तर आफ्नो सम्भावनालाई समाप्त गर्ने व्यक्ति भने पक्का मूढ हुन्छ । कृष्णको आँखामा हेरेर आफू पनि कृष्ण जस्तो हुन सक्छु भनेर सोच्नु ज्ञान हो तर शरीर हेरेर कृष्णलाई मनुष्य मात्र सम्झनु मूढता हो ।

मनुष्यको मूढताको केन्द्र अहङ्कार हो । त्यसैले कसैका सम्बन्धमा नराम्रो सुन्नेबित्तिकै हाम्रो मन प्रफुल्लित हुन्छ र कसैको निन्दा सुन्नेबित्तिकै सही या गलत नसोचीकन तत्काल हामी सही मान्दछौँ । अर्को व्यक्ति राम्रो छ भनेर सुन्दा हाम्रो अहङ्कारलाई चोट लाग्दछ र मनले त्यसलाई स्वीकार नै गर्दैन । यो हाम्रो मूढताको लक्षण हो । जो व्यक्ति सारा जगत्लाई नराम्रो देख्दछ त्यो नराम्रोपन एकदिन फर्केर

उसैमा नै आउँछ । यस्तो व्यक्तिको कहिल्यै विकास हुँदैन । अमूढ व्यक्तिले सारा संसारमा असलपन हुन्छ भन्ने सोच्दछ । त्यसैले ऊ चारैतिर असलपन र भलाइ  खोज्दछ । यस्तो अवस्थामा व्यक्तिको विकास हुन्छ र उसको भरोसाबाट आत्मक्रान्ति घटित हुन्छ । कृष्ण जस्ता व्यक्तिलाई भगवान् नमान्नुको मूल कारण हामी माथि उठ्न तयार नभएर हो । मनुष्य भगवान्लाई होइन चमत्कारलाई मान्दछन् । चमत्कार देखिएपछि मात्र ऊ आफूभन्दा भिन्न लाग्दछ । कृष्णको चमत्कारलाई हामी मान्न सक्छौँ किनभने मूढता चमत्कारबाट प्रभावित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- व्यर्थको आशा, व्यर्थको कर्म र व्यर्थको ज्ञानवाला अज्ञानीजनले राक्षस र असुर जस्तो मोहित गर्ने स्वभावलाई नै धारण गरेका हुन्छन् । मनुष्य अपूर्ण चेतना हो । जनावरमा पूरा व्यक्तित्व हुन्छ, एउटा गाई पूरा गाई हुन्छ तर मनुष्य कहिले पनि पूरा हुँदैन, ऊ कम र ज्यादा भइरहन्छ । पूरा मनुष्य भएर कोही जन्मिँदैन । मनुष्य त उसलाई आफै बन्नुपर्दछ किनभने मनुष्यमा विकासको पूर्ण सम्भावना हुन्छ । मनुष्य पूरा मनुष्य नभएका कारणले ऊ जनावरभन्दा पनि तल झर्न सक्दछ र प्रयत्न गरेमा माथि उठेर परमात्मा पनि हुन सक्छ । जनावरमा राक्षस कोही पनि हुँदैन किनभने जनावरमा कोही पनि भगवान् हुँदैन । मनुष्य एउटा सङ्क्रमणशील व्यवस्था हो, जो सुनिश्चित हुँदैन । यदि मनुष्य ईश्वरतिर जाँदैन भने राक्षसतिर जानै पर्दछ किनभने जीवन एउटा गति हो जहाँ चल्नै पर्दछ । श्रीकृष्ण भन्नुहुन्छ- मलाई साकार रूपमा हुँदा तुच्छ सम्झने र निराकार हुँदा प्रकट छैन भन्ने यस्तो मूर्खतापूर्ण बुद्धि राक्षस र असुरको जस्तो बुद्धि हो र यस्तो बुद्धिले आफूलाई अन्धकारमा डुबाउँछ । परमात्माको झलक पनि विकासको मार्ग बन्न सक्छ र उसको प्रतीतिले मात्र पनि व्यक्तिले माथिको गति लिन सक्दछ ।

श्रीकृष्णले मूढताका तीनवटा लक्षणहरू व्यर्थको आशा, व्यर्थको कर्म र व्यर्थको ज्ञान बताउनुभएको छ । व्यर्थको आशामा जो अल्झिन्छ ऊ सार्थक आशा प्राप्त गर्न असमर्थ हुन्छ । व्यर्थको ज्ञानमा अल्झिने मानिसको आँखा सार्थक ज्ञानतिर उठ्नै सक्दैन र व्यर्थको कर्ममा जो लीन हुन्छ, उसले त्यो कर्मलाई खोज्नै पाउँदैन जसको खोजले समस्त कर्मको बन्धनबाट मुक्ति पाइन्छ । व्यर्थको आशा भविष्यको आकर्षण हो । हामी जुन आशामा बाँच्छौँ, त्यसबाट कुनै सार्थकता पाएका छौँ या छैनौँ भन्ने कुरा सोच्नुपर्ने हुन्छ । आशाको अर्थ भविष्य हो र आशाविना बाँच्नु कठिन हुन्छ । अतीतले दुखका अतिरिक्त केही पनि दिएको छैन र यदि मनुष्यलाई त्यही अतीतको आधारमा बाँच्नुपर्‍यो भने मनुष्य बाँच्न नसकेर समाप्त हुन्छ किनभने उसको अतितमा प्रेरणा बन्ने केही पनि हुँदैन । त्यसैले अतीतको सहारामा हामी बाँच्न सक्दैनौँ । अतितमा जीवनको कुनै अनुभव हुँदैन र त्यो जीवनको दुखको लामो कथा मात्र हो तथापि हामी बाँच्दछौं र हाम्रो बाँच्ने प्रेरणा हामीलाई भविष्यको आशाबाट प्राप्त हुन्छ । जुन भविष्यको आकर्षणमा हामी चल्छौँ, त्यही भविष्यको आकर्षणको नाम आशा हो । आशाको अर्थ जे हिजो भएन त्यो भोलि हुन्छ भन्ने हो । यो सम्भावनाको सपनाले हामीलाई बचाउँछ ।

उमरखैयामले आफ्नो एउटा गीतमा भन्नुभएको छ- मैले मानिसहरूले दुख झेलेको देखेँ र फेरि पनि बाँचेको देखेँ । मानिसले पीडा भोगेको देखेँ तर पनि उनीहरूको बाँच्ने तीव्र जिजीविषा देखें तब म ज्यादै चिन्तित भएँ । मानिसलाई भएको दुखको लेखाजोखा गर्ने हो भने समस्त मनुष्य जातिले आत्महत्या गर्नुपर्ने हो र जीवन असम्भव हुनुपर्ने हो तर दुखीभन्दा दुखी व्यक्ति पनि बाँचिरहेका छन् । उमरखैयाम भन्दछन्- यो देखेर मैले ज्ञानीहरू तथा बुद्धिमान्हरूसँग सोधेँ तर कुनै उत्तर पाइनँ किनभने ती ज्ञानी र बुद्धिमान् पनि दुखमा रहेको पाएँ । सबै ठाउँबाट उत्तर नपाई निराश भएपछि एकदिन मैले आकाशलाई सोधेँ- पृथ्वीमा यति धेरै व्यक्तिहरू कैयौँ कालदेखि अनन्त संख्यामा रहेका छन् र हे आकाश ! तिमीले सबैलाई देखेका छौ । यिनीहरू सबै दुखमा परेका छन् तर पनि बाँचिरहेका छन्, हे आकाश ! के तिमी

मलाई उनीहरूको बाँच्ने कारण बताउन सक्छौ ? उमरखैयाम भन्छन्- आकाशले एक शब्दमा भन्यो आशा (Hope)। आशामा नै मानिस बाँचेको हुन्छ र कुनै दिन सपना पूरा हुन्छ भनेर उसको जीवन कायम हुन्छ।

मनुष्य भविष्यको आशा त गर्छ तर जुन आज अतीत भयो त्यो पनि कुनै समयमा भविष्य थियो। आजको दिन चौबिस घण्टा पहिले त्यो भविष्य थियो र चौबिस घण्टापछि त्यो अतीत हुन्छ। तर हामी यो कहिल्यै विचार नै गर्दैनौँ। चौबिस घण्टा अगाडि बनाएको आशा पनि कहिल्यै पूरा हुँदैन। तर यसको वास्ता नगरी मानिस फेरि पनि आशा गर्न छोड्दैन र मेरो आशा व्यर्थ त भएन भनेर पनि सोच्दैन। व्यर्थको आशाको तात्पर्य जे म चाहन्छु, त्यो चाहना नै व्यर्थ हो किनभने त्यो कहिल्यै पनि पूरा हुँदैन भन्ने प्रतीति नहुनु हो। त्यो चाहनाको स्वभाव नै अधुरो रहनु हो। जे हामी माग्छौँ, त्यो कहिल्यै पनि पाइँदैन तर त्यो नपाएको कुरालाई हामी सधैँ अगाडि सारिदिन्छौँ। हामीले जे हिजो गरेका थियौँ त्यो आज पनि गर्छौं र गरिरहन्छौँ। मृत्यु एक क्षण आउँछ तर हाम्रो भुल बदलिँदैन। बुद्धिमान् व्यक्ति त्यो हो जसले फर्केर हेर्छ र भन्छ- ६० वर्ष बाँच्दा पनि मेरो कुन चाहिँ आशा पूरा भयो। हामीले वा कसैले पनि चाहेका कुरा कहिल्यै प्राप्त हुँदैनन्। सबैजना अरूबाट सुख चाहन्छन् तर त्यो कहिल्यै पाइँदैन केवल अरूबाट दुख मात्र प्राप्त हुन्छ। सुख त केवल भित्रको अनुभवबाट मात्र पाउन सकिन्छ। सबै दुख स्वयम्का कारणबाट मात्र पाइन्छ। यही व्यर्थको आशा हो र यस्तो आशा राख्ने व्यक्ति मूढ हो।

हरेक व्यक्ति दुखी छ र दुखको कारण जीवन होइन। जीवन त परमात्माको स्वरूप र बरदान भएकोले त्यहाँ कुनै दुख हुँदैन। दुखको कारण जीवनको शाश्वत नियमलाई नजान्नु हो। नियमले आफ्नो काम गरिरहन्छ र जब हामी त्यो नियमको विपरीत हुन्छौँ, तब दुख उत्पन्न हुन्छ। जब त्यो नियमको अनुकूल हुन्छौँ; तब सुखप्राप्ति हुन्छ। व्यर्थको आशाको तात्पर्य नियमको प्रतिकूल आशा गर्नु हो। अरूबाट सुख पाउन खोज्नु व्यर्थको आशा हो। अरूबाट होइन, आफैँमा सुख खोजे मात्र प्राप्त हुन्छ। दुख पाएर पनि नबदलिनु मूढता हो। यस जगत्मा महत्त्वपूर्ण कुरा हामी आफैँभित्र खोजेर मात्र पाउँछौँ। प्रत्येक व्यक्तिले आफ्ना चारैतिर आशाको जाल बुन्दछ। जब इच्छा पूरा नभएर जालो टुट्छ, तब उसलाई परमात्मा खुसी छैनन् र भाग्यले साथ दिइरहेको छैन भन्ने लाग्छ तर उसलाई आफ्नो इच्छाको जालो कहिल्यै पनि गलत लाग्दैन। भाग्यको अर्थ जीवनको परम नियम (Ultimate Law) हो। भाग्य हामी सबैसँगै छ र जब हामी भाग्यको साथ हुन्छौँ तब सफल हुन्छौँ र जब भाग्यसँग हुँदैनौँ, तब असफल हुन्छौं। भाग्य कसैको विपरीत हुँदैन।

हरेक व्यक्तिमा भित्रको रिक्ततालाई भर्ने इच्छा हुन्छ र यो रिक्ततालाई भर्ने दौड व्यक्तिमा प्रारम्भ हुन्छ। त्यो रिक्ततालाई कोही धनले भर्न चाहन्छ, त्यसका लागि ऊ गलत जाल बुन्न सुरु गर्छ। धन भित्र जान सक्दैन किनभने भित्र त निर्धनता छ त्यसैले धन बाहिर रहन्छ। जब धन बढ्न थाल्छ, तब भित्रको निर्धनता अझ प्रकट हुन थाल्छ। त्यसैले धनी व्यक्तिभन्दा गरिब व्यक्ति खोज्न कठिन छ। जबसम्म गरिबी रहन्छ, भित्रको निर्धनताका बारेमा थाहा नै हुँदैन। वास्तविक रूपमा व्यक्तिको गरिबी त्यस दिन सुरु हुन्छ, जब भित्री गरिबी हुन्छ। त्यो भित्री गरिबीलाई व्यक्ति भर्न चाहन्छ जो धनले भरिँदैन र अझ निर्धनता प्राप्त हुन्छ। जो धन कमाएर भित्रको निर्धनतालाई भर्न चाहन्छ ऊ व्यर्थ आशामा डुबेको हुन्छ। धन कमाउन सकेन भने पनि विषादले भरिन्छ, धन कमाए पनि त्यो भित्रको गरिबी मेटिन सक्दैन र पूरा जीवन व्यर्थमा बिताएर पनि खालीको खाली हुन्छ। धनमा कुनै खराबी हुँदैन र धनको कुनै दोष पनि छैन केवल हामीलाई नियमको स्मरण नभएको मात्र हो। हामी भित्रको कमीलाई बाहिरी धनबाट भर्न चाहन्छौँ तर त्यो भित्र जान सक्दैन। धन त बाहिरको काममा मात्र उपयोगमा आउन सक्छ। त्यसलाई भित्र भर्ने प्रयास नै हाम्रो भुल हो।

व्यक्ति यश, प्रतिष्ठा र अहङ्कार बटुल्न चाहन्छ किनभने ऊ आफूलाई “म कोही हुँ” भनेर जनाउन चाहन्छ। एक अर्थमा यो आन्तरिक खोज हो। प्रत्येक व्यक्ति “म को हो” भन्ने जान्न चाहन्छ, जो

उसको भित्री भोक हो । आफूले “म को हुँ” भनेर जान्नुको सट्टा अरूलाई “म केही हुँ” भनेर जनाउन चाहनु गलत बाटोमा लाग्नु हो । “म को हुँ” भनेर जान्न खोज्नु भित्री खोज हो तर “म केही हुँ” भनेर अरूलाई जनाउन खोज्नु अहङ्कारको पुष्टि हो । यसप्रकारको व्यवहार नियमको विपरीत हुनु हो किनभने सारा जीवन अरूलाई “म यो हुँ” भनेर सम्झाउनमा नै बित्छ । अन्त्यमा सबैलाई बताए पनि “म को हुँ” भन्ने जानकारी स्वयम्लाई नहुँदा भारी विफलता प्राप्त हुन्छ । व्यर्थको आशा गर्दा सफलता-असफलता एवम् जित-हार जे भए पनि भित्र प्रसन्नता हुँदैन । संसारमा जो व्यक्ति यश र सम्मानबाट भरिन्छन्, तिनीहरू ठुलो पीडाले भरिएका हुन्छन् । जीवनभर यश कमाउन प्रयास गरे पनि त्यो यश काममा आउँदैन । बाहिरी यश, प्रतिष्ठाबाट भित्र केही पनि घटित हुँदैन किनभने उसलाई सबैले जान्न सक्छन् तर ऊ आफैँलाई नै जान्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- मूढताको पहिलो लक्षण व्यर्थको आशा हो । अर्को लक्षण व्यर्थको कर्म हो, जो व्यर्थ छ तर पनि हामी त्यसलाई गरि नै रहन्छौँ । व्यर्थको कर्मको अर्थ यस्तो कर्म हो जसबाट अहित मात्र हुन्छ । उदाहरणका लागि हामीलाई क्रोध नराम्रो हो भन्ने थाहा छ तर पनि हामी दिनहुँ क्रोध गर्छौं र पश्चात्ताप गर्छौं । क्रोधको व्यर्थतालाई बुझेर मनमा अब क्रोध गर्दिनँ भनी तय गर्छौं तर केही समय नबित्दै पुनः क्रोध गर्छौं । यस्तो कर्मबाट कहिल्यै कसैको हित हुँदैन र हुन पनि सक्दैन । क्रोधको अर्थ अरूको गल्तीका लागि आफूलाई सजाय दिनु हो । व्यर्थको कर्मको अर्थ अरूको गल्तीको सजाय आफूले भोग्नु हो । व्यर्थको कर्मबाट हानि मात्र हुन्छ तथापि हामी फेरि पनि गरिरहन्छौँ । हामी यान्त्रिक स्वभावका कारण यो गल्ती बारम्बार गरिरहन्छौँ । हामीलाई निद्रा र मूर्च्छाले ग्रस्त बनाएको हुनाले त्यही गल्ती हिजो पनि गरेका थियौँ, आज पनि गर्छौं अनि भोलि पनि गर्ने छौँ । हाम्रो पूरा जीवन व्यर्थको कर्मको जोड हो । अहङ्कारले गर्दा हामी व्यर्थको कर्म गरिरहन्छौँ ।

हाम्रो सारा दौड अरूको भलाइ गरेँ भनेर आफूलाई पुष्टि गर्ने प्रयास हो । यस प्रयासमा हामी सारा जीवन बिताउँछौँ । यसबाट अहङ्कारको पुष्टि भए पनि केही फलित हुँदैन । जति भित्रको यथार्थको आश्वासन हुन्छ त्यति नै बाहिरको कुरा बेकार हुन्छ तर हाम्रो कर्म बाहिरको कुराका लागि मात्र हुन्छ । यदि सफल भयौँ भने पनि व्यर्थको कर्म एवम् दौडमा रुमल्लिरहेका नै पाउने छौं । नेपोलियन, सिकन्दर आदि सबै अन्तिम क्षणमा उति नै दीन, दरिद्र र ठुला भिखारी भएर मृत्युलाई प्राप्त हुन्छन् जसले गर्दा सारा जीवनको यत्रो विराट् कर्मको फल व्यर्थ भएर हातमा केही पनि आउँदैन ।

श्रीकृष्ण यसलाई व्यर्थको कर्म भन्नुहुन्छ । मूढजन व्यर्थको कर्म गर्दछन् । व्यर्थको कर्म जति गरे पनि कहिल्यै केही पाइँदैन । तर सार्थक कर्मले यहीँ र अहिले नै उपलब्धि प्राप्त हुन्छ र भोलिको प्रतीक्षा पनि गर्नुपर्दैन । कसैको खसेको सामान उठाएर केही नभनी दिँदै जब व्यक्ति अगाडि बढ्छ, त्यसै समय उसभित्र केही शुभ फलित हुन्छ । अरूका लागि केही गर्ने सद्भावले आनन्दलाई यसै क्षण जन्म दिन्छ । सार्थक कर्म त्यो हो जो हाम्रो आत्माबाट सहज फलित हुन्छ र त्यो कर्ममा प्रेम हुन्छ । व्यर्थको कर्ममा क्रोध, ईर्ष्या र अहङ्कार हुने हुँदा यो हानिकारक हुन्छ । जीवनमा सार्थक कर्म बढ्दै गएमा भोलिका लागि केही आशा गर्नुपर्दैन हामी आज नै धनी हुन्छौँ । जुन कर्म गर्दा यसै क्षण आनन्दानुभूति हुन्छ त्यो सार्थक र पुण्य कर्म हो । पुण्य कर्म त्यो कर्म हो जसले तत्काल आनन्दले भरिदिन्छ । पुण्य-कृत्य विशुद्ध प्रेमले भरिएको हुन्छ जुन इच्छारहित हुनाले यसका पछाडि कुनै माग हुँदैन । पुण्य स्वर्ग हुनाले पुण्यमा हुनु नै स्वर्गमा हुनु हो । हामी सदैव अपेक्षा बाँधेर बाँच्छौँ, तर अपेक्षा पूरा भएमा पनि दुख प्राप्त हुन्छ र पूरा नभए झन् दुख र पीडा प्राप्त हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ,- जुन ज्ञान आफ्ना लागि काम लाग्दैन त्यो व्यर्थको ज्ञान हो । हाम्रो ज्ञान कहिल्यै पनि काममा आउँदैन । संसारमा ज्ञानको कुनै कमी छैन, सायद आवश्यकताभन्दा ज्यादा छ । त्यसैले त हरेक व्यक्ति ज्ञान बाँडिरहेका हुन्छन् तर कसैले पनि यसरी बाँडिएको ज्ञान लिँदैन किनभने उससँग पनि पहिलेदेखि नै पर्याप्त ज्ञान मौजुद हुन्छ । यस जगत्मा सबैभन्दा बढी दिइने कुरा सल्लाह हो

र सबैभन्दा कम लिइने पनि सल्लाह नै हो । यो निःशुल्क बाँडिरहेको सल्लाहरूपी ज्ञान हाम्रो जीवनमा कहिल्यै काममा आउँदैन । हामीले कहिल्यै यसको उपभोग गरेका छैनौँ साथै यो ज्ञान हाम्रो जीवनको अन्तरङ्ग हिस्सा पनि बन्न सकेको छैन । यो केवल कोरा शब्द जस्तो मात्र भएर भित्र गुन्जिरहन्छ । यस्तो ज्ञानले हाम्रो जीवनमा कुनै क्रान्ति र तत्त्वबोध पनि हुँदैन । केवल सूचनाको सङ्कलन मात्र हुन्छ । जीवन रूपान्तरण नगर्ने र आफ्ना साथै अरूको पनि काममा नआउने ज्ञान व्यर्थको ज्ञान हो । ज्ञान त्यही सार्थक हो, जो जान्नासाथ जीवन रूपान्तरण हुन्छ । ज्ञानको अर्थ जान्नु र रूपान्तरित हुनु हो । जानेर पनि नबदलिने ज्ञान र अज्ञानमा कुनै फरक हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- व्यर्थको ज्ञानी व्यक्ति मूढ हो । अलिकति ज्ञान पनि परिवर्तनका लागि पर्याप्त हुन्छ । ज्ञान समात्ने चिज होइन रूपान्तरित हुने कुरा हो । ज्ञान आत्मक्रान्ति हो । व्यर्थको आशा, व्यर्थको कर्म र व्यर्थको ज्ञानले भरिएको व्यक्तिको जीवनमा कुनै रूपान्तरण हुँदैन ।

*महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।*
*भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥*

**हे पार्थ ! दैवी प्रकृतिमा आश्रित भएका महात्माहरू अविचलित मनले मलाई नै भौतिक जगत्का प्राणीहरूको उद्‌गम स्रोतको कारण एवम् अविनाशी जानेर उपासना गर्दछन् ॥**

*सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।*
*नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥*

**यसप्रकारले दृढ सङ्कल्पका साथ निरन्तर मेरो ध्यानमा लागेका भक्तहरू मलाई प्राप्त गर्ने प्रयास गर्दै कीर्तन गर्दछन् र मलाई नै भक्तिपूर्वक नमस्कार गर्दै सधैं मेरो उपासना गर्दछन् ॥**

श्रीकृष्ण अब त्यो व्यक्तिको कुरा गर्नुहुन्छ जो मूढ छैनन् । श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! दैवी प्रकृतिमा आश्रित भएका महात्माजनहरू मलाई सबै प्राणीको सनातन कारण र नाशरहित अक्षरस्वरूप जानेर अनन्य मनले युक्त भई निरन्तर भज्दछन् । यस जगत्मा माथि र तल दुवैतिर जाने प्रवाह छ । हामी जुन प्रवाहलाई चुन्छौँ त्यो प्रवाहले हाम्रो जीवनलाई गतिमान् तुल्याउँछ । आफ्नो नाउलाई जुन दिशामा हावा चलेको छ, त्यतै बगायो भने नाउ त्यतैतिर बग्न थाल्छ । प्रतिक्षण जगत्मा दुवैतिर जाने हावा बगिरहन्छ । हामी जुन हावाको सहारा लिन्छौँ, त्यही दिशातिर यात्रा गर्दछौँ । जब कसैले हामीलाई गाली गर्छ, तब यो हावा अर्कातिर गइरहेको हुन्छ । त्यस्तो हावामा यदि हामीले आफ्नो नाउको पाल खोल्यौं भने हामी क्रोधको जगत्मा उत्रिन्छौँ । यो गाली गर्नेवालाको कारणले नभई हाम्रो कारणले हो । जब कोही शान्त ध्यानमा रहेको हुन्छ, त्यस क्षणमा हामी उसको समीप बस्यौं भने हाम्रो नाउ शान्तिको दिशामा निस्किन सक्छ ।

बुद्ध तिस वर्षसम्म एउटा गाउँबाट अनेकौं पटक ओहोरदोहोर गर्नुभयो । एउटा गाउँले सधैं कुनै न कुनै बहाना बनाएर उहाँको दर्शन गर्न गएन तर यदि त्यस व्यक्तिलाई कसैले गाली गरेको भए सबै काम छोडेर ऊ लड्नका लागि तत्काल तयार हुन्थ्यो । यो मूढ भाव हो । अमूढ एवम् बुद्धिमान् त्यो हो जो आफूलाई दैवी प्रकृतिको आश्रयमा छोड्छ । प्रतिपल परमात्मातिर बगिरहेको हावामा कसरी सम्मिलित होऊँ भनेर यस्तो व्यक्तिले खोज गर्छ । एक्लै यात्रा गर्ने सामर्थ्य नभएकोले परमात्मातिर बहेको हावामा सम्मिलित भएर परमात्मासम्म पुग्न खोज्छ ।

हामी ठिक विपरीत नर्कतिर लैजाने हावा खोज्छौं । हामी नै हतारमा असमय हाम्रो नाउको पाल खोलेर तलतिरको यात्रामा पुग्छौं । बुद्धिमान् व्यक्तिले समयमा नै परमात्मातिर हावा बहेको बेलामा आफ्नो नाउको पाल खोल्छ । ऊ सदा तलतिर बग्ने हावा आएको बेलामा पाल बन्द गर्ने र माथितिर बग्ने हावा आएको चाल पाउनेबित्तिकै पाल खोलेर त्यसतर्फ यात्रा गर्ने खोजीमा हुन्छ । मनुष्य अपूर्ण भएकोले ऊ

आखिरी तलसम्म पनि जान सक्छ र माथिको सबैभन्दा उच्च तलमा पुगेर परमात्मासमक्ष उपस्थित पनि हुन सक्छ । त्यसैले ऊ श्रेष्ठतम वा निम्नतम पनि हुन सक्छ जुन उसमा नै निर्भर हुन्छ । दैवी प्रकृति त्यसलाई भनिन्छ जसले प्रतिक्षण आफूभित्र दिव्यतालाई बढाउँछ । त्यसैले यो धारामा यात्रा गर्ने व्यक्तिले आफूभित्र दिव्यता बढेको छ कि छैन भनेर जाँच गरिरहनुपर्दछ । जहाँबाट जुन परिस्थिति र जुन घटनामा भए पनि तत्काल परमात्मातिर जाने मार्गको खोज गर्नु नै दैवीधारा हो ।

जीवनका प्रत्येक क्षणको घटनामा दुवै धारा मौजुद हुन्छन् । एउटा व्यक्तिले कसैलाई गाली गर्दा मैले प्रतिकार गर्नुपर्छ भन्ने पनि सोच्न सक्छ । यो एउटा धारा भयो तर यो व्यक्तिले मलाई गाली मात्र गऱ्यो तर कुटेको त छैन नि भनेर पनि सोच्न सक्छ । उसले कुट्न पनि सक्थ्यो तर कुटेन केवल गाली मात्र गऱ्यो । त्यसैले ऊ नराम्रो मानिस होइन भनेर सोच्नु अर्को धाराको चुनाव हो । प्रत्येक घटनामा दुवै धारा उपस्थित हुन्छन् र चुनाव भने हामीले नै गर्नुपर्छ । नराम्रो व्यक्तिमा पनि परमात्माको झलक हुन्छ र राम्रो व्यक्तिमा पनि राक्षसको स्वभाव हुन्छ । यो चुनाव हाम्रो हो र हामी जे चुन्छौं, त्यही हाम्रो जीवनको प्रवाह हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- दैवी प्रकृतिमा आश्रित महात्माजन अविचलित मनले मलाई नै उद्‌गम स्रोत र अविनाशी जानेर उपासना गर्छन् । दैवी प्रकृतिमा आश्रित हुने एवम् सबैतिर देवताको मार्ग मात्र खोज्ने व्यक्ति महात्मा हो । वेश्याको घरमा बसेर पनि आफूभित्र देवताको मार्ग खोज्ने व्यक्ति दैवी प्रकृतिको हुन्छ । मन्दिरमा बसेर आफूभित्र अन्य मार्ग खोज्ने व्यक्ति आसुरी प्रवृत्तिको हुन्छ । हामी कहाँ छौं भन्दा पनि हाम्रो अन्तरधारा कता बगिरहेको छ त्यो महत्त्वपूर्ण हो ।

एउटा साधु र वेश्याको एकै दिन एउटै समयमा मृत्यु भयो, दुवैको घर आमनेसामने थियो । मृत्युका दूत उनीहरूलाई लिन आए । उनीहरू ज्यादै अप्ठ्यारोमा परे किनभने साधुलाई नर्कमा र वेश्यालाई स्वर्गमा लैजाने आदेश भएको थियो । मृत्युका दूतले आफ्नो माथिल्लो अधिकारीलाई कहीँ यो उल्टो त भएको होइन भनेर सोध्दा ठिक निर्णय भएको जवाफ पाए । वेश्या साधुको घरमा घण्टी बजेर कीर्तन हुँदा आफ्नो घरमा रुन्थिन् र मेरो जीवन बेकार भयो भनेर विचार गर्थिन् । कहिले त्यो क्षण आउँछ जब म यस कीर्तनमा सहभागी हुन पाउँछु भनेर साधुको घरमा कान लगाएर भजन कीर्तन सुन्थिन् र म जस्ती पापिनीले कसरी मन्दिरमा प्रवेश गर्ने होला भनेर सोच्दथिन् । त्यसैले उनी लुकेर कीर्तन सुन्थिन् । मन्दिरको सुगन्ध आउँदा वा घण्टी बज्दा पूरा समय वेश्या मन्दिरमा नै रहन्थिन् । वेश्याको घरमा राति रागरङ्ग छेडिन्थ्यो । आधा रातमा साधु दुखी भएर कोल्टे फेर्थे र सारा दुनियाँ मजा लुटिरहेको छ तर म भजन-कीर्तनमा अल्झिनु परेको छ भनेर सोच्दथे । उनलाई आफू नराम्रोसँग फसेको अनुभव हुन्थ्यो । कैयौं पटक दौडेर वेश्याको घरको चक्कर लगाउँथे तर भित्र पस्ने हिम्मत हुँदैनथ्यो । यसरी मनबाट वेश्या मन्दिरमा रहिन् र साधु वेश्यागृहमा रहे । यो भित्रको घटना हो ।

जो शुभ र सौन्दर्यको खोज गरिरहन्छ र जसको चुनाव शुभको हुन्छ उसका लागि सारा जगत् नै शुभ हुन्छ । यस्तो व्यक्तिलाई श्रीकृष्ण महात्मा भन्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- दैवी प्रकृतिमा आश्रित भएका महात्माजन सबै प्राणीहरूको सनातन कारण र नाशरहित अक्षरस्वरूप जानेर अनन्य मनले निरन्तर मलाई भज्छन्, उनीहरू जुनसुकै कर्म गर्दा पनि निरन्तर मलाई नै खोज गरिरहन्छन् र भज्छन् साथै हरसमय उनीहरू मेरो स्मरण गरिरहन्छन् । दृढ निश्चयी भक्तजन निरन्तर मेरो नाम र गुणको कीर्तन गर्दै तथा मेरो प्राप्ति निमित्त यत्न गर्दै र मलाई बारम्बार नमस्कार गर्दै सदा मेरो ध्यानमा एकाग्र भक्तिले मेरो उपासना गर्छन् । परमात्मा छ या छैन भन्ने कुरा भन्दा महत्त्वपूर्ण कुरा हामी भक्त हुन सक्छौं कि सक्दैनौं भन्ने हो । भक्त नभई परमात्मा हुनुको अर्थ हुँदैन । त्यसैले भगवान्लाई भक्तको महत्त्व छ किनभने भक्त नै भएन भने भगवान्ले के गर्ने भन्ने प्रश्न उठ्न सक्छ । त्यसैले योगशास्त्रमा भगवान्लाई पनि एउटा साधन भनिएको छ । भगवान् निमित्त हो र जीवनको परम उपलब्धिका लागि भगवान् एक उपकरण पनि हो ।

बौद्ध, जैन धर्महरू भगवान् विना चलाउन खोजिएको छ । महावीरले उपासना, सद्भाव, साधना र सत्य नै पर्याप्त छ भगवान्को आवश्यकता छैन भन्नुभयो र उहाँले कठिन कार्य गरेर देखाउनुभयो । महावीरले भगवान्को धारणाविना सत्य पाउन सक्नुभयो तर उहाँका अनुयायीका लागि यो कठिन भयो । त्यसैले जैन विचारकहरूले महावीरलाई भगवान् मानेर भक्त हुने प्रयास गर्न थाले । भगवान् विना भक्त हुन कठिन छ ।

श्रीकृष्ण भन्नुहुन्छ- भक्तिको सतत चिन्तन, स्तुति र परमात्माको नाम गुणको स्मरणबाट नै भक्तको हृदय निर्मित हुन्छ । ईश्वरप्रति उन्मुख हुनका लागि उपासना अनिवार्य हुन्छ । उपासनाको अर्थ उसको सामीप्यमा बस्नु हो । परमात्मा हरेक स्थान र परिस्थितिमा मौजुद हुन्छ । उसलाई सतत रूपमा स्मरण गर्नु नै उपासना हो । अस्तित्वको हर कुरामा परमात्मा हुन्छ । आकाश, जल, पृथ्वी, गोचर, अगोचर सबैमा ऊ नै छ; पशुपन्छी, कीट-पतङ्ग, वनस्पति, मनुष्य, मित्र वा शत्रु आदि सम्पूर्ण कुरामा उही छ । जब कसैलाई प्रत्येक कुरामा उही मात्र देखिन्छ र अनुभव गरिन्छ भने त्यही उपासना हो । जति यो प्रतीति गहिरो हुन्छ त्यति नै व्यक्ति उपासनामा रत हुन्छ । परमात्माको गुणको चर्चा गर्दा स्तुति, प्रार्थना उपयोगी हुन्छ । कहीँ फूल फुलेको छ, त्यो फुलेको फूलमा प्रभुको स्मरण गर्दै धन्यवादको भावले त्यसमा उसलाई खोज्नु प्रभुको गुणको चर्चा गर्नु हो । सूर्यको प्रकाशमा प्रभुको कृपा खोज्नु परमात्माको स्तुति गर्नु हो । हरेक परिस्थितिमा र मृत्युमा पनि प्रभुलाई स्मरण गर्नु सच्चा स्तुति हो । जीवनमा उसको अनुकम्पा महसुस नगरी कुनै पनि समय व्यर्थ नजाओस्; दुख-सुख, शान्ति-अशान्ति, सफलता-असफलता, दिन-रात जुनसुकै अवस्था भए पनि उसको अनुकम्पा हामीलाई प्रतीत भइरहोस् र उसको गुणको सङ्गीत हामीभित्र बजिरहोस् । यस्तो स्थिति र अवस्था नै प्रभुको स्तुति र कीर्तन हो । हामी जसरी बाँचे पनि उसको स्मरण कहिले नटुटोस् भन्ने भाव रहिरहनु परमात्माको स्तुति गर्नु हो ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो दृढ निश्चय भएका भक्तजन निरन्तर मेरो कीर्तन गर्दै मलाई बारम्बार नमस्कार गरिरहन्छन् । परमात्माको अनुकम्पा अनुभव गर्ने दृष्टि भएमा उसको अनुकम्पा नभएको कुनै स्थान नै हुँदैन । त्यस्तो अनुकम्पाको ठाउँमा प्रभुलाई स्मरण गरेर कृतज्ञता ज्ञापन गर्नु नै नमस्कार हो । यस्तो भावमा सतत बाँच्ने व्यक्ति नै भक्त हो । हरेक पल र हरेक कुरामा परमात्मालाई खोज्नु र उसलाई स्मरण गर्दै उसको स्तुति गर्ने हरेक मौका खोज्नु नै भक्तको गुण हो । भक्त त्यो द्वार हो जहाँबाट परमात्मामा प्रवेश गर्न सकिन्छ ।

*ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।*
*एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥*

**कुनै ज्ञानयज्ञद्वारा एकत्व (अद्वैत) भावले मेरो यज्ञ गर्दै उपासना गर्छन्, कुनै पृथक् (द्वैत) भावले र कुनै विराट्स्वरूप परमात्माको उपासना गर्दछन् ॥**

*अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।*
*मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥*

**श्रीकृष्ण भन्नुहुन्छ– 'म' नै वैदिक यज्ञ हुँ, 'म' देव यज्ञ हुँ, 'म' नै स्वधा (पितृयज्ञ) हुँ । 'म' औषधि हुँ, 'म' मन्त्र हुँ, अग्निमा होमिने घिउ, यज्ञको अग्नि र हवन वा आहुति पनि 'म' नै हुँ ॥**

मार्ग त अनेक छ तर गन्तव्य एउटै छ । परमात्मामा पुग्नका लागि दुई व्यक्तिको एउटै मार्ग हुन सक्दैन किनभने दुई व्यक्ति भिन्न हुन्छन् । उनीहरूले जे गर्छन्, त्यो भिन्न हुन्छ, त्यसैले हामी जहाँ छौँ, त्यहाँबाट यात्रा सुरु गर्नुपर्दछ । दुई व्यक्ति एकै ठाउँमा हुन सक्दैनन् तर पुग्ने ठाउँ एउटै हुन्छ । गन्तव्यमा पुगेपछि व्यक्ति पूरा हराउँछ र त्यहाँ व्यक्तिको मार्गको भिन्नता पनि रहँदैन । धर्म जन्मजात हुन सक्दैन । धर्म व्यक्तिबाट नै सिर्जित हुन्छ । जन्मबाट धार्मिक वा अधार्मिक हुने सम्भावना लिएर मात्र व्यक्ति जन्मिन्छ । हामीले धर्मलाई जन्मजात बनाएका छौँ र हिन्दूको घरमा जन्मिने व्यक्ति हिन्दू नै हुनुपर्छ भन्ने

मान्यता राख्छौं तर यो उसको व्यक्तित्वको ढाँचासँग मेल नखान सक्छ र अप्ठ्यारो पर्न सक्छ किनभने जुन धर्म उसले जन्मबाट नै लिएर आएको थियो त्यो उसको स्वभावको अनुकूल नहुन पनि सक्छ । उसको व्यक्तित्वको ढाँचा र जन्म तथा धर्मको ढाँचामा मेल नहुन सक्छ । जन्म शरीरको कुरा हो र धर्म व्यक्तिको प्रकृति अनुरूपको खोज हो । धर्म व्यक्तिको अन्तरात्माको खोज हो । प्रत्येक व्यक्तिले आफ्नो स्वभाव अनुसार धर्मको खोज गर्नुपर्छ र स्वधर्मको खोज जन्मले पूरा हुँदैन । यदि कुनै व्यक्तिले आफ्नो मार्ग परम निष्ठापूर्वक खोजी गर्‍यो भने परमात्माको यात्रा सजिलो हुन्छ । मार्गले होइन निष्ठाले व्यक्तिलाई परमात्मामा पुर्‍याउँछ किनभने निष्ठा बल हो । जबसम्म जन्मसँग धर्म बाँधिएर रहन्छ, तबसम्म दुनियाँ अधार्मिक भइरहन्छ ।

शरीर आमा र बाबुको माध्यमबाट प्राप्त हुन्छ तर आत्मा आमा-बाबुबाट पाइँदैन । आत्माको यात्रा अलग छ र आत्मा सङ्कल्पबाट विकसित हुन्छ । जति ठूलो सङ्कल्प हुन्छ त्यति नै आत्मा सबल हुन्छ । धर्म यस जगत्‌मा सबैभन्दा ठुलो सङ्कल्प हो । धर्म सबैभन्दा ठुलो चुनौती र दुस्साहस पनि हो किनभने धर्ममा अज्ञातमा फड्को मार्नुपर्छ । धर्ममा जिउन साहस चाहिने हुँदा यो कमजोर व्यक्तिहरूको मार्ग होइन । त्यसैले कमजोर व्यक्तिहरूले धर्मलाई जन्मजात बनाएका छन् जसले गर्दा उनीहरूले धर्मको चुनाव नै गर्नुपरेन । कृष्णले स्वधर्मको बारेमा भन्नुभएको छ । यसबाट हामी जुन धर्ममा जन्मियौं, त्यही धर्म हो भन्ने अर्थ लगाउँछौं जुन गलत हो । कुनै पनि व्यक्ति धर्ममा जन्मिँदैन, कारण धर्म अन्तर खोज हो र यो प्रत्येक व्यक्तिको निजी खोज पनि हो । श्रीकृष्ण भन्नुहुन्छ- धेरै मार्गहरूबाट 'म' समक्ष आउन सकिन्छ । केही व्यक्ति 'म' विराट्स्वरूप परमात्मालाई ज्ञानद्वारा भज्दछन् र ज्ञान नै उनका लागि यज्ञ हुन्छ । एकत्व भावले सबै वासुदेव नै हुन् भन्ने भावले उनीहरू उपासना गर्छन् ।

एउटा वर्ग छ जसको व्यक्तित्वको ढाँचा ज्ञानको हुन्छ । यसमा धेरै शाखाहरू छन् तर पनि ज्ञानको एउटा मोटामोटी विभाजन गर्न सकिन्छ । ज्ञानको ढाँचामा व्यक्ति जान्नलाई आतुर हुन्छ । यस्तो व्यक्ति जान्नका लागि आफ्नो जीवन पनि गुमाउन सक्छ । जिज्ञासा उसको मार्ग हो र यस्तो व्यक्तिका लागि जान्नु नै पर्याप्त हुन्छ । बुद्ध जस्ता व्यक्तिलाई जान्नु नै पर्याप्त छ । ज्ञानको अन्तिम अवस्था अद्वैत भएकाले जो जान्ने दिशामा चल्छ उसले अन्ततः एक मात्र पाउँछ । जब हामी केही जान्दछौं तब जान्ने घटना तीन हिस्सामा टुट्छ । जहाँ जान्नेवाला अलग हुन्छ, जान्नुपर्ने चिज अलग हुन्छ र दुवै बिचमा ज्ञानको सम्बन्ध घटित हुन्छ । ज्ञान, ज्ञेय-ज्ञाता-ज्ञान (The Knower, the known and knowing) गरी तीन भागमा टुक्रिन्छ तर ज्ञानीको आकाङ्क्षा कुनै चिजलाई बाहिरबाट जान्ने हुँदैन किनभने बाहिरबाट जान्नु परिचय मात्र हो; वास्तवमा जान्नु त भित्री कुरा हो । वृक्षलाई जान्नु छ भने वृक्ष नै बन्नुपर्दछ अनि मात्र जान्नु घटित हुन्छ । बाहिरबाट वृक्षलाई चक्कर लगाएर जान्न खोज्यो भने वृक्षका बारेमा बाहिरी जानकारी मात्र हुन्छ । ज्ञानीले परमात्मा उसको अन्तरआत्मामा भएपछि मात्र मान्दछ र उसको आत्यन्तिक खोजमा ऊ परमात्मासँग एक हुन चाहन्छ ।

वैज्ञानिकले जति नै जाने पनि बाहिरको कुरा मात्र जान्दछ । उसले आफूलाई त्यसमा प्रवेश नगरी परबाट मात्र हेर्दछ । त्यसैले विज्ञानले कहिल्यै पनि परमात्मालाई जान्न सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- बाहिर उभिएर होइन भित्र प्रवेश गरेर मलाई जान्न सकिन्छ किनभने बाहिर वा परबाट जान्नु परिचय मात्र हुन्छ । भित्र प्रवेश गरेपछि मात्र जान्नु घटित हुन्छ । ज्ञान एउटा दिशा हो जसमा धेरै मार्गहरू छन् । ज्ञान मनुष्यको एउटा विभाजन हो । जसलाई ज्ञानको खोज हुन्छ उसलाई भक्ति व्यर्थको मार्ग हो भन्ने लाग्दछ । अरूको मार्ग बुझ्न पनि सकिँदैन । कुनै व्यक्तिका लागि ज्ञानको मार्ग सही छ भने कुनै व्यक्तिका लागि भक्तिमार्ग सही हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानयज्ञको आराधना गर्ने जो व्यक्तिहरू छन् उनीहरू एकत्व भावले जे छ त्यो परमात्मामा छ भन्ने प्रतीतिमा रम्दछन् । यही नै उनीहरूको उपासना हो ।

उनीहरू मलाई हरेक कुरामा खोज्छन्, देख्छन् र पाउँछन् । ज्ञानीको खोज त्यसको खोज हो, जो सबै साकार रूपभित्र लुकेको छ । यस्तो खोज नगरेसम्म ज्ञानीलाई तृप्ति हुँदैन । त्यसैले ज्ञानी अक्सर साकारको पूजा गर्नेका विरुद्ध जस्तो देखिन्छ । ज्ञानीको खोज निराकारको खोज हो । त्यसैले उसलाई साकारको पूजा व्यर्थ लाग्न सक्छ तर अर्को व्यक्तिलाई साकारको पूजा नै उपयुक्त लाग्न सक्छ । यो निराकार एकत्व र सबैमा वासुदेवलाई देख्नेवाला ज्ञानीको मार्ग हो ।

श्रीकृष्ण भन्नुहुन्छ- दोस्रो कोटिका मानिसहरू पृथकत्व भाव, द्वैत भावले अर्थात् स्वामी-सेवक भावले मेरो उपासना गर्दछन् । यो दोस्रो वर्ग भक्तको हो र भक्तको खोज भिन्न छ । खोजको अन्त एउटै हुन्छ तर मार्ग बिलकुल भिन्न हुन्छ । भक्तलाई जान्नुमा कुनै प्रयोजन हुँदैन र ज्ञानमा उनीहरूलाई कुनै रस हुँदैन । उनीहरूलाई ज्ञान केवल दिमागको कुरा लाग्छ र त्यसमा हृदयको धड्कन उनीहरूले सुन्दैनन् । भक्त भन्दछ- जानेर केही हुँदैन जबसम्म उनको अनुभव गर्न पाईंदैन तबसम्म कुनै अर्थ छैन । जबसम्म प्रेम गर्न पाईंदैन तबसम्म भक्तलाई तृप्ति हुँदैन । भक्त जति जाने पनि त्यो बाहिरको जान्नु मात्र हुन्छ भन्ने मान्दछ । त्यसैले भक्तका लागि प्रेम नै जान्ने मार्ग हो । भक्ति र ज्ञानमा दूरी हुन्छ; तसर्थ भक्त परमात्मामै लीन भएर, परमात्मामै प्रवेश गर्न चाहन्छ र उसलाई आफ्नो हृदयमा बास गराउन चाहन्छ ।

भक्तलाई परमात्मा एउटै हो भनेर कसैले भन्यो भने उसले त्यो एकलाई बुझ्दैन । यदि एक नै हो भने प्रेमको घटना कसरी घट्न सक्छ भनेर भक्तले भन्दछ किनभने प्रेमको घटनाका लागि कमसेकम दुई चाहिन्छ । ज्ञानको घटना तब घट्छ, जब दुई हट्छ र एक मात्र बच्दछ तर प्रेमको घटना घट्नलाई कम्तीमा दुई चाहिन्छ । ज्ञान र प्रेमको भाषामा भिन्नता र विरोध छ तर यी दुवैले एकै कुरा गरिरहेका हुन्छन् । प्रेममा पनि दुईका बिच एकता घटित हुन्छ तर दुई भने कायमै रहन्छ । प्रेममा दुई प्राण भए पनि दुई प्राणको धारा एक नै हुन्छ साथै अनुभव पनि एकको नै हुन्छ । यो मार्ग ज्यादै कठिन भए पनि समृद्ध छ । भक्तले जीवनलाई सौरभ प्रदान गरेका छन् । ज्ञानलाई मात्र प्रतिष्ठा दिने धर्महरू रुखा हुन्छन् किनभने ज्ञान रुखो हुन्छ । त्यसैले समृद्ध धर्म त्यो हो जसले ज्ञान, भक्ति र कर्मका सबै रूपलाई आत्मसात् गर्दछ । तसर्थ हिन्दू धर्म अद्भुत धर्म हो । हिन्दू धर्मले सबै मार्गहरूलाई आत्मसात् गर्दछ । यस धर्ममा ज्ञानीहरूलाई ज्ञानमार्ग, भक्तलाई भक्तिको मार्ग र कर्म गर्नेहरूलाई कर्मको मार्ग उपलब्ध छ । संसारमा यस्तो अद्भुत धर्म अर्को कुनै पनि छैन । अरू धर्महरू एउटा रूपलाई आधार बनाएर चल्दछन्; जस्तो कि जैन धर्ममा भक्तिको कुनै स्थान छैन, केवल ज्ञान मात्र छ तर भक्तहरू आफ्नो मार्गमा उनीहरूले एकातिर भगवान् र अर्कातिर आफूलाई राखेर सम्बन्ध निर्माण गर्दछन् ।

श्रीकृष्ण भन्नुहुन्छ- दोस्रो पृथक् मार्गबाट कुनै भक्त मेरो उपासना गर्दछ भने उसले मलाई अरूभन्दा भिन्न पाउँछ । भक्त भन्दछ- म तिमीभन्दा अलग छु किनभने मिलनको मज्जा त अलग भएर मिल्नुमा नै आउँछ । यदि म तिमीसँग सदैव एक छु भने मिल्नुको अर्थ नै रहेन । नदी जो उमङ्ग र उत्साहपूर्वक सागरसँग मिल्न दौडिरहेको हुन्छ उसलाई सागरसँग मिलनको सुखद उत्तेजनाको अनुभव अलग हुन्छ । यदि नदीलाई तिमी सागरसँग एकै त छौ भनेर कसैले भन्यो भने यो भनाइ गलत होइन ठिक हो किनभने नदी सागरबाट नै जन्मिएको हो तर भक्तहरू भन्दछन्- सागरलाई पृथक् वा पर नै रहन देऊ किनभने म मिलनको आनन्द लिन चाहन्छु; परमात्मासँग यस्तो मिलनको क्षण सदा प्राप्त होस् भन्ने प्रार्थना गरिरहन्छु । यो भक्तको अवस्था हो । ज्ञानीका दृष्टिमा भगवान् अलग छ भन्नु अज्ञान हो र भक्तको दृष्टिमा म भगवान् हुँ भन्ने घोषणा गलत हो तर दुवै आ-आफ्ना ठाउँमा सही छन् । भक्तको खोज प्रेम हो र उसका लागि प्रेम पर्याप्त छ । त्यसैले जान्नु उसका लागि व्यर्थ हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्ता व्यक्तिहरू स्वामी-सेवक या प्रेमी-प्रेमिका सम्बन्धको भावले मलाई सोच्दछन् । भक्तहरूले कैयौं प्रकारका सम्बन्ध बनाएका छन् । सनातन धारणामा परमात्मा पुरुष र साधक

उसकी प्रेयसी, पत्नी वा दासीको रूपमा हुन्छे तर इस्लाम सुफीले परमात्मालाई प्रेयसी बनाएर आफू उसको प्रेमी बनेका छन् । हिन्दुहरूले परमात्मालाई प्रेमी माने भने सुफीहरूले प्रेयसी माने । प्रेमका अन्य कैयौं मार्गहरू छन् । परमात्मा आमा-बाबु, पुत्र-पुत्री पनि हुन सक्छन् र त्यो सारा रूपहरूको चुनाव पनि भक्तले गरेको पाइन्छ । जुनसुकै सम्बन्ध भए पनि भक्तले सम्बन्ध अवश्य खोज्दछ किनभने सम्बन्ध नै उसका लागि प्रेमको मार्ग बन्छ । यस मार्गमा भक्तलाई सम्बन्धका सघनता, निकटता र आत्मीयताबाट एकता उपलब्ध हुन्छ । भक्तको जीवनमा सारा एकताको अन्य सम्बन्ध भ्रान्ति र धोका हुन्छ तर परमात्मासँगको सम्बन्ध मात्र दोहोरोपनमा पनि एकताको सम्वन्ध हुन्छ जो कहिल्यै टुट्दैन । भक्ति प्रेमको शाश्वतता र प्रेमको परम उचाइ हो । प्रेमको मार्गबाट चल्ने व्यक्तिहरूको मिलन केवल भक्तिको मार्गबाट मात्र हुन सक्छ किनभने भक्त प्रेमको खोज हो ।

श्रीकृष्ण भन्नुहुन्छ- तेस्रो प्रकारका अरू व्यक्तिहरू पनि छन् जो धेरै किसिमले मेरो उपासना गर्छन् । यी तेस्रोथरी व्यक्तिहरू मूलतः कर्मसँग सम्बन्धित हुन्छन् । मनुष्यको मनस्का तीन हिस्साहरू ज्ञान, भक्ति र कर्म छन् । ज्ञान हाम्रो मस्तिष्कलाई, भक्ति हाम्रो हृदयलाई र कर्म हाम्रो शरीरका कर्मेन्द्रियलाई केन्द्र बनाएर बाँच्दछ । जिसस भन्नुहुन्छ- यदि तिमी चर्चमा प्रार्थना गर्न आएका छौ र तिम्रो छिमेकी यदि बिरामी छ भने चर्चलाई छोडेर छिमेकीको सेवा गर; त्यही तिम्रो प्रार्थना तथा उपासना हो । जिसस भन्नुहुन्छ- सेवा नै धर्म हो । इसाईले धर्मको जगत्मा नयाँ प्रतिभाको जन्म दिए र त्यो प्रतिभा सेवा हो । सारा जगत्का व्यक्तिहरूले गरेका सेवालाई जोड्दा पनि इसाईहरूले जति सेवा अरूले गरेका छैनन् । कर्म नै धर्म हो भन्ने गहिरो दृष्टिमा इसाइयत उभिएको छ । परमात्मालाई भुले पनि फरक पर्दैन तर कर्मलाई नभुल्ने प्रतिबद्धता कर्मयोगीहरूमा हुन्छ । यो कर्मको मार्गमा हामी अधिकतर व्यक्तिहरू छौं । जसको व्यक्तित्वको केन्द्र कर्म हो, जो केही गरेर मात्र पाउन सक्छन् र जो व्यक्ति कर्म नगरी रहन सक्दैनन् उनीहरूका लागि कर्म नै ध्यानको मार्ग हुन्छ तर उनीहरूले कर्ममा लीन भएर कर्म गर्नुपर्छ । उनीहरू यसरी कर्म गरून् कि कर्ता नरहोस् केवल कर्म मात्र बचोस् एवम् कर्म नै उपासना बनोस् । सबै प्रकारका व्यक्तिहरूले जगत्मा परमात्मालाई पाएका छन् । चैतन्य नाचेर पाउँछन्, बुद्ध शरीरलाई निश्चल गरेर पाउँछन् र जिसस सेवाबाट परमात्मा पाउँछन् तर हामी कुन प्रकारका व्यक्ति हौं भनेर जान्नुपर्दछ किनभने अर्काको बाटोबाट कहिल्यै पनि गन्तव्यसम्म पुग्न सकिन्न र जीवन बर्बाद हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- तेस्रो प्रकारका व्यक्तिहरू पनि छन्, जो मलाई अनेक प्रकारले उपासना गर्छन् । उपासना विधि, दिशा र मार्ग विभिन्न छन्, चाहे त्यो स्तोत्र कर्म होस् या वेदविहित कर्म होस्; ती सबै कर्ममा 'म' नै हुन्छु । यज्ञको अग्निको लपटमा पनि 'म' नै छु । पितृलाई दिइने अन्न पनि मलाई नै दिइने हो किनभने 'म' नै महापितृ हुँ । 'म' नै पिताहरूको पिता हुँ किनभने 'म' नै सारा सृष्टिको सुरु जन्म र विनाश अर्थात् मृत्युमा छु । औषधि, वनस्पतिमा पनि 'म' नै छु । कसैले फूल, वनस्पति जेसुकैले पूजा गरे त्यो मलाई नै हो । मन्त्र, घृत, अग्नि र हवन रूप क्रिया पनि मै हुँ । यस प्रसङ्गमा श्रीकृष्ण यति मात्र भन्नुहुन्छ- तिमीले जे गरे पनि यदि निष्ठापूर्वक मलाई स्मरण गरेका छौ भने त्यो 'म' नै हुँ र मलाई नै पाउने छौ । यदि निष्ठापूर्वक मलाई स्मरण गर्दै अग्निमा घिउ हालियो भने त्यो घृत पनि 'म' नै हुँ । भित्र उपासना भयो भने जे गरे पनि मलाई पाउने छौ किनभने सबै ठाउँमा 'म' नै छु । वास्तवमा के गर्छौं भन्ने प्रश्न होइन कुन भावले गर्छौं भन्ने कुरा महत्त्वपूर्ण हो । पूजा हामीले यान्त्रिक रूपमा नभएर हृदयको प्राणबाट गर्नुपर्छ । उपासनाको अर्थ परमात्माको सतत स्मरण हो । कुनै पनि क्रियामा 'मेरो' स्मृति सदा बनिरहेमा त्यो यज्ञ वा स्तोत्र, अग्नि वा हवन वा मन्त्र-तन्त्र जुनसुकै क्रिया गरे पनि तिमीले मलाई नै भित्र पाउने छौ ।

*पिताहमस्य जगतो माता धाता पितामहः ।*
*वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च ॥१७॥*

**यस विश्वब्रह्माण्डका स्रष्टा एवम् पिता, माता, पालनपोषण गर्ने धाता र पितामह 'म' हुँ । 'म' जान्नयोग्य वस्तु हुँ, पवित्र ओङ्कार हुँ र ऋग्वेद, सामवेद र यजुर्वेद पनि 'म' नै हुँ ॥**

*गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।*
*प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥*

**'म' नै सबैको गति वा लक्ष्य, स्वामी, साक्षी, आश्रयस्थल, शरण, परममित्र, उत्पत्ति, प्रलयको आधार हुँ; 'म' नै विश्रामस्थल र अविनाशी बीज हुँ ॥**

मार्गहरू अनेक भए पनि गन्तव्य एउटै छ । त्यस्तै प्रभुको रूप पनि अनेक छ तर जुन रूपायित भएको छ त्यो एक छ । उसको कुनै रूपको सीमा छैन । जसले जुन रूपमा उसलाई खोज्न चाहन्छ, खोज्न सक्छ किनभने सबै रूप उसकै हो । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! 'म' नै यो सम्पूर्ण जगत्‌को धाता अर्थात् धारण गर्नेवाला हुँ । धर्मको  अर्थ धारण गर्न योग्य हो । धर्मको अर्थ रिलिजन (Religion) होइन । (Religion) को मौलिक अर्थ बन्धन जसबाट हामी बाँधिएका छौँ भन्ने हो तर हिन्दूहरू बाँधिएको नठानेर धारण गरिएको मान्दछन् । पश्चिमले धर्मलाई बाँधिने दृष्टिले हेरेका कारण त्यहाँ धर्मबाट मुक्त हुने प्रयास पनि त्यत्तिकै भएको पाइन्छ । जसबाट हामी बाँधिएका छौं, त्यसबाट मुक्त पनि हुन चाहन्छौं । हिन्दूहरू धर्मलाई बन्धन होइन मुक्ति मान्दछन् ।

त्यसैले धर्मको अर्थ जसले हामीलाई धारण गरेको छ र हामी उसैबाट उत्पन्न भएका छौँ भन्ने हो । जस्तो जरा र जमिनका बिच प्राणको सम्बन्ध हुन्छ त्यस्तै धर्म हाम्रो प्राणको स्रोत हो । जसरी जरालाई पृथ्वीले जीवन दिएको छ त्यस्तै धर्मले हामीलाई जीवन दिएको छ । हामी जति धर्ममार्गमा गहिरिन्छौं त्यति नै हाम्रो जीवन उच्च हुन्छ । सनातन धर्मका दृष्टिमा हामी धर्मबाट अलग हुन चाह्यौं भने पनि अलग हुन सक्दैनौं किनभने धर्म हाम्रो प्राणको आधार हो र धर्मविना हाम्रो अस्तित्व हुनै सक्दैन । धर्म हाम्रो आत्मा हो । महावीरले धर्मलाई हाम्रो स्वभाव भन्नुभएको छ । स्वभाव भन्नु पनि उही हो किनभने स्वभावले नै हामीलाई धारण गरेको छ वा जसले हामीलाई धारण गरेको छ त्यही हाम्रो स्वभाव हो ।

श्रीकृष्ण पहिले आफ्नो परिचय दिनुहुन्छ र भन्नुहुन्छ- 'म' धर्म हुँ र धाता हुँ अर्थात् सारा जगत्‌लाई धारण गर्नेवाला हुँ । जसले हामीलाई धारण गरेको छ उसलाई हामीले भुले पनि पर हुन सक्दैनौं । उसको विस्मरण हुन सक्छ, तर हामी उससँग बिछोडिन सक्दैनौं । हामी जन्म-जन्मान्तरसम्म बिर्सिन त सक्छौं तर टाढा हुन सक्दैनौं । अरूहरूले धर्मलाई एउटा शिक्षाको रूपमा लिएका छन् तर हिन्दूहरूले शिक्षाका साथै पुनः स्मरण पनि भनेका छन् । हामी परमात्मालाई भुल्न सक्छौं तर हराउन सक्दैनौं । यो जरा जसको आडमा वृक्ष उभिएको हुन्छ उसलाई भुल्न नसके जस्तै धर्म पनि त्यस्तै हो । श्रीकृष्ण 'म' त्यो हुँ जसले सबैलाई धारण गरेको छ भन्नुहुन्छ । कोही जानून् या नजानून्, चिनून् या नचिनून्, स्मृति आए पनि नआए पनि वा मलाई परमात्मा छैन भनेर नकारे पनि यी सबैलाई मैले नै धारण गरेको छु । व्यक्ति जतिसुकै नास्तिक भए पनि, परमात्मालाई भुले या विस्मरण गरे पनि उनीहरू सबैलाई परमात्माले धारण गरेको हुन्छ । ईश्वरसँग जति भागे पनि एक दिन उसले जसबाट भागिरहेको छु उही ईश्वर हो भन्ने ज्ञान पाउने छ ।

हिन्दूहरू जसले अस्तित्वलाई नै धारण गरेको छ त्यो ईश्वर हो भनेर मान्दछन् । हामीलगायत वृक्ष, नदी, सूर्य-चन्द्र, आगो-जल र प्रिय-अप्रिय वस्तुलाई धारण गर्ने पनि ईश्वर नै हो । अमृत मात्र होइन विष पनि ईश्वर हो । ईश्वरविना केही पनि हुन सक्दैन । अस्तित्वको सार ईश्वर हो, जन्म-मृत्यु, सृजन-प्रलय सबै कुरा ईश्वर हुन् । हामीले प्रकटभन्दा अप्रकट, रूपभन्दा अरूप, वृक्षभन्दा जरामा त्यसको खोज गर्नुपर्छ

जो लुकेर सबैलाई धारण गरेर सह्मालिरहेको छ । कृष्ण जसले धर्मको खोज गर्दछ ऊ 'म' कहाँ पुग्ने छ भन्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' पिता हुँ, माता हुँ, पितामह हुँ । हामी यस जगत्मा जन्म र मृत्युका बिचको अवधिमा हुन्छौं तर यो जगत् त कहिले पनि खाली छैन । त्यसैले जन्मभन्दा अघि पनि हामी कुनै न कुनै रूपमा हुनै पर्दछ अन्यथा हाम्रो प्रयोजन हुन सक्दैन । जगत् एउटा श्रृङ्खला हो जहाँ प्रत्येक कडी अघिल्लो कडीसँग जोडिएको हुन्छ साथै हरेक कडी पछिल्लो कडीसँग पनि जोडिन्छ । जसलाई हामी जन्म भन्छौं, त्यो एउटा कडीको सुरुवात हो र जसलाई हामी मृत्यु भन्दछौं, त्यो एउटा कडीको अन्त हो । अघिल्लो कडी लुकेको हुन्छ र आउने वाला कडी अगाडि नै मौजुद हुन्छ । यस जगत्मा केही पनि विच्छिन्न छैन । जगत् एउटा अविच्छिन्न श्रृङ्खला र प्रवाह हो । यदि ईश्वरलाई खोज्नु छ भने प्रवाहलाई खोज्नु पर्छ ।

हामी हुँदा पनि जगत् थियो र हामी नभए पनि यो जगत् रहने छ । यदि मेरो श्रृङ्खला छैन र म एकै जन्ममा समाप्त भएँ भने म त केवल एक टुक्रा मात्र हुन्छु । पश्चिमका दृष्टिमा हामी एक टुक्रा मात्र हौं । त्यहाँ जीवनलाई संघर्षको दृष्टिकोणले हेरिन्छ । हामी यो सदा रहने अस्तित्वभन्दा अलग हौं भने जीवन एक सङ्घर्ष हुन्छ तर यदि यो अस्तित्वसँग हामी एक छौं भने जीवन सङ्घर्ष होइन समर्पण हुन्छ । पश्चिमको भाषा सङ्घर्ष र युद्धको भाषा हो तर पूर्वीय दृष्टिकोण फरक छ । हामी अस्तित्वसँग कसरी लड्न सक्छौं, जो हाम्रो प्राण हो र जसले हामीलाई धारण गरेको छ । हाम्रो उससँग कुनै सङ्घर्ष हुनै सक्दैन किनभने हामी उसैमा नै बाँचेका छौं र उही हाम्रो जीवनको आधार हो । श्रीकृष्ण भन्नुहुन्छ- 'म' तिमीमा मात्र होइन, तिम्रा माता-पिता, पितामह र उनीहरूका पनि माता-पितामा पनि छु । कृष्ण श्रृङ्खलाका बारेमा भन्दै हुनुहुन्छ । तिम्रा माता-पिता, पितामह आदिमा पनि तिमी थियौ र तिमी आफ्नो सन्तानमा पनि रहने छौ । यो जगत् हामीबाट कहिले खाली पनि थिएन र कहिले खाली हुँदैन । यो जगत् सदा हामीबाट भरिएर नै रहन्छ किनभने हामी यस जगत्का अनिवार्य हिस्सा हौं । श्रीकृष्ण भन्नुहुन्छ- 'म' अनन्त श्रृङ्खला हुँ जसको तिमी एक हिस्सा हौ । अस्तित्वसँग अलग नसम्झिएपछि मात्र व्यक्ति धर्ममा उत्रिन्छ । हामी कुनै न कुनै रूपमा सदैव थियौं र हुने छौं किनभने हामी यो लामो श्रृङ्खलाका अंश हौं ।

श्रीकृष्ण भन्नुहुन्छ- जान्नयोग्य पवित्र ओङ्कार 'म' हुँ । ओङ्कार यस जगत्को आत्यन्तिक अन्तिम अनुभव हो । कृष्ण विगत मात्र होइन तिम्रो भविष्यको सबै सम्भावना पनि 'म' हुँ भन्नुहुन्छ । यस जगत्मा अतीत मात्र होइन भविष्य पनि 'म' नै हुँ । भविष्यमा घट्न सक्ने अन्तिम घटना ओङ्कार (ॐ) पनि 'म' हुँ । व्यक्तिले सारा जगत्लाई एक अनुभव गर्दा जुन ध्वनि बर्सिन्छ र जुन मूल मन्त्र गुन्जिन्छ त्यो मूल मन्त्रको नाम ओङ्कार हो । ओङ्कार जगत्को परम शान्तिमा गुन्जिने सङ्गीतको धुन हो । सङ्गीत दुई प्रकारको हुन्छ एउटा आहत नाद जसलाई पाउन स्वरघर्षणबाट सिर्जना गर्नुपर्दछ र अर्को अनाहत नाद जो आफैं अन्तरङ्गबाट विना आहतको अस्तित्वको रूपमा गुञ्जित हुन्छ त्यही ओङ्कार हो ।

ओङ्कार त्यो ध्वनिको नाम हो जहाँ कुनै व्याघात हुँदैन । जहाँ सबै सङ्घर्ष समाप्त हुन्छ, त्यहाँ परम शान्तिमा एउटा ध्वनि गुन्जिन्छ । अहिलेसम्म जानेको ध्वनि सबै पैदा गरिएको ध्वनि हो तर ओङ्कार पैदा गरिएको ध्वनि होइन, यो जगत्को स्वभाव हो । ओङ्कारबारे श्रीकृष्ण भन्नुहुन्छ- त्यो अन्तिम पनि 'म' हुँ । जुन दिन सबै अशान्ति समाप्त भएर शान्त शून्यमा जुन ध्वनि सुनिने छ त्यो ध्वनि 'म' हुँ । सबै समाप्त भएपछि पनि जे शेष हुन्छ, त्यो 'म' हुँ । श्रीकृष्ण भन्नुहुन्छ- जब सबै समाप्त हुन्छ, तब पनि 'म' शेष रहन्छु । जब केही बच्दैन तब पनि 'म' बच्दछु । 'म' कहिल्यै पनि समाप्त हुन्नँ किनभने 'म' कहिल्यै पनि बनेको नै छैन । जो बन्छ त्यो नासिन्छ तर जो सदाबाट छ त्यो सदा रहन्छ । ओङ्कारको अर्थ हो मूलभूत सत्य जो सदा रहन्छ जसमा रूप बन्छ र नासिन्छ । यो मनुष्यको अनुभवको आत्यन्तिक र परम

अनुभव हो । यो ध्वनि हरघडी चलिरहेको छ तर हामी हाम्रो हल्ला या आवाजमा अभ्यस्त भइसकेका कारण यो ध्वनि सुन्न सक्दैनौं । यो भित्र अन्तर्तमको ध्वनि हो जसलाई हाम्रो इन्द्रियबाट सुन्न सकिन्न । यो ध्वनि नै जगत्को आधार हो ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' त्यो परम अस्तित्व हुँ जहाँ केवल त्यो ओङ्कार ध्वनि मात्र रहन्छ । त्यो ध्वनि कहिल्यै पैदा भएको छैन र कहिल्यै मर्दैन जो अस्तित्वको मूल आधार हो । त्यहाँ पुग्नका लागि आफ्नो मनका सबै ध्वनिलाई एक एक गरेर हटाउनुपर्दछ । एक एक शब्द, एक एक विचारलाई हटाउँदै मनको त्यो अवस्थामा पुग्नुपर्दछ जहाँ निर्ध्वनि अर्थात् ध्वनिरहितता होस् । जुन दिन मन शून्य हुन्छ त्यस दिन ओङ्कारको ध्वनि प्रकट हुन्छ । यो मनुष्यको आत्यन्तिक अवस्था र भविष्य पनि हो । श्रीकृष्ण भन्नुहुन्छ- 'म' ऋग्वेद, सामवेद र यजुर्वेद पनि हुँ । ओङ्कारपछि वेदको कुरा भन्नाको प्रयोजन छ । त्यो परम ध्वनिसम्म पुग्ने समस्त शास्त्र पनि 'म' नै हुँ किनभने मेरा अतिरिक्त मेरो त्यो गुह्यतम रूपतिर इसारा कसैले गर्न सक्दैन । 'म' तर्फ औंला उठाउन पनि 'म' बाहेक कसैले सक्दैन । वेदको अर्थ त्यो सबै ज्ञान हो जसले ओङ्कारतिर इसारा गरेको छ र त्यो परम ध्वनिमा जाने मार्ग बताएको छ ।

श्रीकृष्णले तीन वेदका नाम लिनुभएको छ किनभने मनुष्य पनि तीन प्रकारका हुन्छन् । त्यसैले तीन प्रकारको वेद हुन्छ र तीन प्रकारको मन र ज्ञान हुन्छ । कर्मबाट कर्तापनलाई हटाएमा र ज्ञानले द्वैतबाट पार भएर अद्वैतमा प्रवेश गरेमा पनि ओङ्कारमा उपलब्ध होइन्छ । त्यो समस्त इसारा जसले ओङ्कारतर्फ लैजान्छ त्यो वेद हो । जहाँ ज्ञान छ, त्यहीँ वेद छ । कृष्णले गीता भन्नु हुँदा सारा ज्ञान वेदका तीन पुस्तकहरूमा सङ्ग्रहित थियो । त्यसैले श्रीकृष्णले तीन पुस्तकको नाम भन्नु भएको हो । वेद एउटा विकासशील धारा हो र वेद कुनै सीमित किताब होइन । वेदमा सयकडौं ऋषिहरूका वचन छन् र त्यो समयसम्म ऋषिहरूमा जुन ज्ञान थियो त्यो वेदमा सङ्ग्रहित भएको थियो । श्रीकृष्णले जब 'म' वेद हुँ भन्नुभयो, तबसम्मको सबै र सारा ज्ञान ती तीन किताबमा सङ्ग्रहित थिए र वेद आफैमा जीवन्त ग्रन्थ थियो । हे अर्जुन ! प्राप्त हुनयोग्य गन्तव्य, भरण-पोषण गर्ने वाला, सबैको स्वामी, सबैको साक्षी, सबैको वासस्थान, शरण लिनयोग्य, हितकारी, उत्पत्ति-स्थिति र लयको कारण, आधार, निदान र त्यो जसमा सबैको लय हुन्छ, अविनाशी र बीज कारण पनि 'म' नै हुँ ।

श्रीकृष्ण भन्नुहुन्छ- गन्तव्य अर्थात् आखिरी धाम जो पाउनयोग्य छ त्यो 'म' नै हुँ र मेरा अतिरिक्त केही पनि पाउनयोग्य छैन । परमात्माका अतिरिक्त जे पाउनमा व्यक्ति लागेको छ वास्तवमा त्यो पाउन नभएर ऊ गुमाउन लागेको हुन्छ । परमात्माका अतिरिक्त जे पनि पाउँछौ, त्यो सम्पदा नबनी विपत्ति मात्र बन्दछ । हामीले जे एकत्रित गरे पनि त्यो सबै एक न एक दिन मृत्युले खोस्ने छ । परमात्मा मात्र एउटा यस्तो सम्पदा हो जसलाई मृत्युले खोस्न सक्दैन । सबैको स्वामी, सबैको साक्षी, सबैको वासस्थान र सबैलाई चलाउनेवाला 'म' हुँ । जो सबैलाई हेरिरहेको छ त्यो पनि 'म' हुँ । शरण लिनयोग्य हित गर्नेवाला र उत्पत्ति-प्रलय पनि 'म' हुँ । तिम्रो जन्म 'म' बाट भयो, तिमीलाई मैले सह्मालेँ, र तिमी 'म'मा नै लीन हुने छौं किनभने सबैको अन्तिम बीज कारण 'म' नै हुँ । कृष्ण अर्जुनलाई यी कुरा भन्दै हुनुहुन्छ किनभने अर्जुन आफू किन यी सबैलाई मारूँ भनेर सोध्दै छन् । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी व्यर्थमा आफूलाई कर्ता सम्झेर चिन्ता नगर किनभने 'म' बनाउँछु, सह्माल्छु र 'म' नै नष्ट गर्छु । तिमी आफूलाई गर्नेवाला हुँ भनेर नसोच । अर्जुन युद्धमा जानु पाप भएको सोच्दछन् तर श्रीकृष्ण भन्नुहुन्छ- स्वामी 'म' हुँ, साक्षी 'म' हुँ, निर्माता 'म' हुँ भने तिमीलाई यो पाप हो भन्ने लाग्नु गलत हो । तिम्रो अन्तिम साक्षी 'म' हुँ र तिमीले जे गरे पनि मैले नै तिमी भित्रबाट गर्ने हो किनभने सबैको आधार, पिता-माता, अतीत र भविष्य पनि 'म' नै हुँ ।

अर्जुनको अहङ्कारले आफूलाई निर्णायक सम्झिरहेको छ । अहङ्कार समर्पण गर्न तयार हुँदैन । व्यक्ति आफ्नो इच्छाले जन्मिएको होइन र आफूलाई सह्माल्न पनि सक्दिनँ भन्ने बोध पश्चात् मात्र समर्पण हुन सक्छ । आफ्नो अन्त कुन क्षणमा हुन्छ त्यो कसैलाई थाहा हुँदैन । एउटा श्वास चलेन भने अर्को श्वास लिन पनि सकिँदैन । अर्जुन यस्तो असहाय अवस्थामा पनि ठिक र बेठिकको निर्णय गर्न खोज्दै छन् । श्रीकृष्ण अर्जुनलाई यही कुरा सम्झाउँदै हुनुहुन्छ- तिमीले हेऱ्यौ भने तलमाथि, चारैतिर 'म' मात्र छाएको छु । तिमी आफ्नो म भावलाई छोड किनभने यो अहङ्कार नै तिम्रो दुख र पाप हो । जब तिमी मिट्ने छौ, तब परमात्मा मात्र अर्थात् 'म' मात्र शेष रहन्छु । त्यो दिन न कुनै पाप हुन्छ न कुनै पुण्य, केवल परमात्माको इच्छा मात्र शेष रहन्छ । त्यो दिन तिम्रो न कुनै कर्तव्य न कुनै अकर्तव्य नै हुन्छ । त्यो दिन हावा चले जस्तो र सूर्य निक्लिए जस्तो सबै सहज र स्वतःस्फूर्त हुन्छ ।

श्रीकृष्ण त्यो दिशामा अर्जुनलाई इसारा गर्दै हुनुहुन्छ र भन्नुहुन्छ- तिमी यिनीहरूलाई मार्नेवाला हौ भन्ने पनि नसोच किनभने तिमी यिनीहरूलाई बचाउनेवाला पनि होइनौ । यो युद्ध शुभ वा अशुभ भएको निर्णय गर्न पनि आवश्यक छैन किनभने तिमी केवल निमित्त मात्र हौ । 'म' सागर हुँ, तिमी 'म' बाट नै उठेका एक लहर हौ, जो 'म'मा नै विलीन हुन्छ । जब तिमी थिएनौ, तब पनि 'म' थिएँ र जब तिमी हुँदैनौ, तब पनि 'म' हुन्छु । तिमी आफ्नो कर्ताभावलाई 'म'मा छोडिदेऊ । मलाई कर्ता हुन देऊ र तिमी मेरो उपकरण बन । तिमी बिचमा आयौ भने त्यही तिम्रो दुख पीडा र सन्ताप बन्दछ । श्रीकृष्णले यो सारा कुरा बताउनुको मुख्य कारण अर्जुनको अहङ्कार समाप्त पार्न हो । अर्जुन सबै 'म' हुँ भनेर ठान्दछन् तर श्रीकृष्ण भन्नुहुन्छ- तिमी जो आफूलाई केन्द्र मानिरहेका छौ त्यो सबै 'म' परमात्मामा नै निहित छ भन्ने विचार राख र प्रज्ञाको आँखा खोल ।

*तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।*
*अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥*

**हे अर्जुन ! मैले नै विश्वकल्याणका लागि सूर्यका माध्यमबाट ताप प्रदान गर्दछु, जललाई आकर्षित गरेर वर्षा गराउँछु । 'म' नै अमृत तथा मृत्यु हुँ, सत् र असत् पनि 'म' नै हुँ ॥**

*त्रैविद्या मां सोमपाः पूतपापा-*
*यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।*
*ते पुण्यमासाद्य सुरेन्द्रलोक-*
*मश्नन्ति दिव्यान्दिवि देवभोगान् ॥२०॥*

**परन्तु तीनै वेदबाट विधान गरिएको सकाम कर्म गर्नेवाला, सोमरस पान गर्नेवाला, पापरहित पुरुष मलाई यज्ञद्वारा पुजेर स्वर्गको प्राप्ति चाहन्छन् । यस्ता पुरुष आफ्नो पुण्यको फलस्वरूप इन्द्रलोकमा पुगेर देवताको जस्तै विविध भोग भोग्छन् ॥**

जीवन र अस्तित्व एक भए पनि मनले सबै कुरालाई तोडेर हेर्दछ । मनले नतोडीकन केही देख्नै सक्दैन । मनको हेर्ने प्रक्रियामा नै जीवन खण्ड-खण्ड हुन्छ । प्रकाशको किरण काँचको टुक्रामा पर्दा सात रङ्गमा विभाजित हुन्छ । तर प्रकाशको किरण अविभाज्य छ र आफूमा अखण्ड छ । हाम्रो मनले काँचको टुक्राले किरणलाई सात टुक्रामा तोडे जस्तै गरेर अस्तित्वलाई तोड्छ । मनले कहिले पनि पूरा देख्न सक्दैन । सानोभन्दा सानो कणलाई पनि मनले पूर्ण रूपमा देख्न सक्दैन । एउटा कण त पूरा नदेख्ने मनले विराट्लाई पूरा देख्न सम्भव नै छैन । मनबाट निर्मित संसारका सबै शास्त्रहरू पूर्णतातिर लैजान सक्दैनन् । दुनियाँमा दुई प्रकारका शास्त्रहरू छन्- एउटा मनलाई मेटेर पूर्णलाई जानेका व्यक्तिहरूबाट निर्मित शास्त्र र अर्को जसले मनलाई अध्ययन, विचार, मनन-चिन्तन, तर्क र अनुभवबाट शिक्षित एवम् व्यवस्थित गरेर

जगत्का सम्बन्धमा विकसित गरेको शास्त्र । धर्म र दर्शनमा यही फरक छ। धर्म ती व्यक्तिहरूको वक्तव्य हो जसले मनलाई नियन्त्रण गरेर अस्तित्व अविभाज्य, अखण्ड छ भनेर जान्न सफल भए । दर्शन त्यस्ता व्यक्तिहरूको शास्त्र हो जसले मनलाई विकसित, प्रशिक्षित गरेर जगत्का सम्बन्धमा एउटा दृष्टि निर्माण गरे । त्यसैले दर्शनशास्त्र अधुरो शास्त्र हो ।

सोक्रेटिज, प्लेटो, एरिस्टोटल, कान्ट र हिगलहरूले जे जति भने पनि उनीहरूको भनाइ उनीहरूको प्रतीति नभएर विचारको निष्कर्ष मात्र हो । यो उनीहरूको मनकै दृष्टि हो, मनबाट मुक्त साक्षात्कार होइन । मनबाट दर्शनशास्त्र जन्मिन्छ र मनबाट पार भएपछि धर्म जन्मिन्छ । जब कुनै अंश पूर्णका बारेमा भन्दछ, त्यो अधुरो र असत्य हुन्छ । मनले ईश्वर छैन भने जतिकै मनले ईश्वर छ भन्नु पनि असत्य हुन्छ । पाँच हजार वर्षमा मनुष्यले धेरै प्रकारका दर्शनशास्त्रलाई जन्म दिए जसले एक-अर्कासँग कलह गरेर एक-अर्कालाई गलत साबित गर्न खोजिरहे । मनले अंशलाई मात्र देख्न सक्छ । त्यसैले मनलाई पूर्णको खोजमा लगायो भने त्यही भुल हुन्छ ।

धर्ममा कुनै विवाद हुन सक्दैन । सबै विवाद दर्शनको हो । प्रत्येक धर्म तथाकथित पण्डितहरूको अनुपस्थितिमा जन्मिन्छ र पछि सबै धर्म पण्डित र पुरोहितहरूको हातमा पर्दछ; यही दुर्भाग्य हुन्छ । जब त्यो अनुभवलाई व्यक्तिहरूले जान्न खोज्छन्, उनीहरू मनले नै जान्दछन् र त्यो मनबाट जान्नु आंशिक मात्र हुन्छ । यसरी बनेको शास्त्र र धर्म अधुरो हुन्छ । धर्म जब जन्मिन्छ, तब पूर्ण हुन्छ तर जब चल्न थाल्छ तब अधुरो र अपूर्ण हुन्छ । जसको मन मिटिसकेको हुन्छ त्यस्तो व्यक्तिमा धर्मको जन्म हुन्छ र ऊ पूर्णलाई जान्दछ । मोहम्मद र महावीर बिचमा कुनै द्वन्द्व छैन । त्यस्तै बुद्ध र जिससका बिच पनि कुनै द्वन्द्व छैन तर हिन्दू, मुसलमान, इसाई, बौद्ध र जैनका बिचमा द्वन्द्व छ । मनले सबै कुरालाई विरोधमा बाँडेर हेर्दछ । मनले जब कुनै कुरालाई तोडेर हेर्दछ, तब दुईका बिचमा विरोध खोज्दछ । यदि जीवनलाई मनले हेऱ्यो भने उसले जीवनको दुई हिस्सा जन्म र मृत्यु देख्छ । मनले जन्म र मृत्युलाई एक मान्न सक्दैन ।

जीवनमा जन्म र मृत्यु एउटै कुराका दुई नाम र विस्तार हुन् जो जन्मबाट सुरु हुन्छन् र मृत्युमा पूर्ण हुन्छन् तर मन प्रवेश गर्नेबित्तिकै जन्म र मृत्युलाई दुई विरोधी हिस्सामा बाँडिदिन्छ । मनले व्यक्तिलाई पनि दुई हिस्सामा बाँडेर राम्रो-नराम्रो भनेर तोड्छ तर राम्रो नराम्रो एउटै कुराको विस्तार हो । मनले राम र रावण अर्थात् साधु र असाधु एउटै कुराका दुई हिस्सा हुन् भनेर मान्न सक्दैन । राम र रावण हाम्रो मनका कारण शत्रु हुन्छन् अन्यथा यी दुवै अस्तित्वमा एउटै विशाल लीलाका दुई छेउ हुन् । रावणविना रामायण सम्भव नै हुँदैन र राम पनि रावण विना अधुरा रहन्छन् । राम र रावणको अस्तित्व एक अर्काविना हुनै सक्दैन भने दुवैलाई शत्रु देख्नु हाम्रो मनको भुल हो । मनलाई हटाउने हो भने यो युद्ध पनि केवल दुवैतर्फ एकै ऊर्जा एकै शक्तिको बहावको हो । हामी मनबाट बाहिर हेर्नमा अभ्यस्त भएकाले सबै कुरालाई बाँडेर राम्रो-नराम्रो दृष्टिले हेर्छौं ।

तर जीवन यो दृष्टिअनुसार चल्दैन । जीवनमा जब विपरीत एक भएर मिल्छ, तब अनुभव प्राप्त हुन्छ । जबसम्म दर्शन छ तबसम्म मन हुँदैन तर जब दर्शनसँग शब्द र विचार जोडिन्छ तब मनको गति सुरु हुन्छ । मन विचार र शब्दलाई जन्माउने यन्त्र हो । जब व्यक्ति निःशब्द हुन्छ, तब मन हराउँछ । हामी जहाँ केही देख्छौं, त्यहाँ विपरीतको भाव मनले सुरु गर्दछ । सौन्दर्य देख्ने बित्तिकै कुरूपको विचार मनमा आउँछ । मन हट्ने बित्तिकै न सुन्दर न कुरूप जे जस्तो छ त्यस्तै हुन्छ । ध्यानको अवस्थामा मन रहँदैन र हराउँछ । मन र अमनका बारेमा जान्यो भने कृष्णको यस कथनलाई बुझ्न सजिलो हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' नै सूर्य रूप भएर तपाउँछु र 'म' नै वर्षालाई पनि आकर्षित गर्छु । 'म' नै वर्षा हुँ र 'म' नै बर्साउँछु । हामी आगो र जललाई सदा विपरीत नै मान्छौं तर श्रीकृष्ण भन्नुहुन्छ- आगो र वर्षा दुवै 'म' नै हुँ । 'म' नै त्यो सूर्य हुँ जो प्रकाशवान् र सन्तप्त छ एवम् 'म' नै वर्षा हुँ जो सूर्यसँग आकर्षित हुन्छ । यदि मनलाई विसर्जित गरेर अस्तित्वलाई हेर्ने हो भने सूर्यले नै वर्षालाई आकर्षित गर्दछ । सूर्यले नै सागरबाट

पानीलाई बादल बनाउँछ र बर्साउँछ अनि आगो र पानीमा भएको विपरीतता र वैमनस्य पनि हाम्रो मनको कारणले नै भएको हो भन्ने मान्न सकिन्छ । यो वैमनस्य राम र रावणको जस्तै हो । सूर्यविना पानी हुनै सक्दैन र पानीविना सूर्य हुन सक्दैन । उनीहरू दुवै गहिरोमा संयुक्त र एकत्रित छन् ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' नै अमृत अनि 'म' नै विष हुँ । संसारमा सनातन दृष्टिकोणमा मात्र ईश्वरसँग विनाशलाई पनि जोडेर हेरिन्छ । अरू कुनै पनि धार्मिक आस्थामा यस्तो सोचिँदैन । ईश्वरलाई सर्जक मानिन्छ र विनाशका लागि अर्कै व्यवस्था गरेको पाइन्छ । साथै पृथ्वीमा भएका सबै चिन्तनहरू ईश्वरलाई जीवन रूपमा मात्र मान्दछन् तर सनातनीबाहेक कोही पनि ईश्वर मृत्यु पनि हो भनेर मान्न तयार छैनन् । यसको कारण पनि मन हो र मनको विभाजन र विपरीत देख्ने दृष्टिकोणबाट यो अलग देखिएको हो । ईश्वर अमृत र विष दुवै हो किनभने जीवन दुवै हो तर मनका कारण हामी मृत्युलाई जीवनको विपरीत मान्दछौँ । जीवनलाई राम्रो र मृत्युलाई नराम्रो मान्छौँ तर जीवनविना मृत्यु हुनै सक्दैन । यी एकै वस्तुका दुई छेउ हुन् । जीवनलाई जसले पूर्ण गर्दछ त्यो मृत्यु हो । जीवन मृत्युमा पुगेर आफ्नो चरम शिखरमा पुग्छ । पश्चिमले जीवनको समाप्ति मृत्युलाई मान्छ । पूर्वले मृत्यु जीवनको पूर्णता र नयाँ जन्मको सुरुवात मान्छ । मनबाट जीवनलाई हेर्‍यौँ भने मृत्यु दुखको कारण हो र जन्म सुखको कारण हो तर मनको पारबाट हेर्दा जन्म र मृत्यु विपरीत होइनन् दुवै जीवनका धारा हुन् । जीवनमा जन्म र मृत्यु नदीका दुई किनारा हुन् । यसलाई विपरीत मान्नु हाम्रो भ्रान्ति मात्र हो र गहिराइमा यी दुवै एकत्व रूपमा संयुक्त छन् । अस्तित्व संयुक्त छ तर मनले यसलाई बाँड्छ । अस्तित्वले फूल र काँढालाई एकसाथ जीवन प्रदान गर्दछ । मनले फूल राम्रो र काँढा नराम्रो भनेर विभाजन गर्दछ ।

श्रीकृष्ण 'म' मृत्यु पनि हुँ भन्नुहुन्छ । हाम्रो धर्ममा मृत्युका देवता जसको प्रतीक देखेर पश्चिमका धार्मिक मानिसहरू आश्चर्यचकित हुन्छन् । महादेव जो मृत्युका देवता हुन् उनको प्रतीक शिवलिङ्गलाई हामी पूजा गर्छौं । हाम्रो धर्ममा ब्रह्मले सृजन, विष्णुले पालन र शिवले संहार गर्छन् । शिव विध्वंस र मृत्युका देवता मानिन्छन् तर शिवलिङ्ग जुन जननेन्द्रियको प्रतीक हो; त्यसैले त्यो सृजनाको प्रतीक पनि हो । शिवलिङ्ग जन्म र जीवनको प्रतीक हो तर शङ्कर मृत्युका देवता  हुन् । विध्वंसका देवता जसले सारा जगत्लाई विनाश गर्छ, उसको प्रतीक जन्म र जीवनको छ जसबाट सारा जगत् विकसित हुन्छ यस्तो प्रतीक देखेर पश्चिमका व्यक्तिहरू अचम्मित हुन्छन् । पश्चिमका व्यक्तिहरूले यो प्रतीक शङ्करको शैलीसँग मेल नै खाँदैन भन्छन् । यसको कारण यही हो जो श्रीकृष्ण भन्दै हुनुहुन्छ- 'म' नै अमृत र 'म' नै विष पनि हुँ, यथार्थमा मृत्यु पनि 'म' नै हुँ । यो विपरीत प्रतीक जस्तो देखिन्छ तर हिन्दूहरूले सदैव विपरीत भित्रको धारालाई बुझाउने प्रयासस्वरूप जानी जानी विनाशका देवतालाई सृजनाको प्रतीक राखेका हुन् । जसलाई विध्वंसको अन्तिम सीमा छुनु छ ऊ जन्मको प्रारम्भमा पनि मौजुद हुनुपर्छ भन्ने कुरा जानेर नै यो प्रतीक राखिएको हो । जसलाई मृत्युको मार्ग बन्नु छ उसलाई जन्मको पनि द्वार बन्नुपर्छ । श्रीकृष्ण अझ कठिन कुरा भन्नुहुन्छ- सत् र असत् पनि 'म' नै हुँ । सत्को अर्थ हो जो छ र असत्को अर्थ हो जो छैन । जो छ त्यो त 'म' हुँ नै तर जे छैन त्यो पनि 'म' हुँ ।

तर्क र विचारको दृष्टिमा सत् र असत् अर्थात् हुनु र नहुनु दुवै संयुक्त हुन् भन्ने कुरा मान्न सम्भव हुँदैन । जन्म र मृत्यु जोडिएको छ भनेर मान्न पनि सकिएला; राम र रावण एक नभए अर्को हुन सक्दैन त्यसैले संयुक्त छन् भनेर पनि मान्न पनि सकिएला; फूल र काँढा पनि जोडिएको छ भनेर पनि मान्न सकिएला तर जो छ त्यो छैनसँग कसरी जोडिन सक्छ किनभने दुई कुरा भएमा मात्र जोड हुन सक्छ । हाम्रो मनलाई यो नहुनुसँग हुनुको जोड मान्न सर्वाधिक कठिन हुन्छ । तर गहिराइमा विचार गर्‍यौँ भने यिनीहरू पनि संयुक्त छन् भन्ने झलक आउन सक्छ । झलक प्राप्त भयो भने अनुभवतिर कदम बढाउन सकिन्छ । एउटा वृक्ष छ जो हिजो थिएन तर आज छ र भोलि फेरि हुने छैन । यो हुनु र नहुनु कुनै पनि प्रकारले जोडिएको हुनुपर्दछ । जो हिजो थिएन आज हुन सक्यो र आज जे छ त्यो भोलि फेरि हुँदैन । त्यस्तै

हामी हिजो थिएनौँ, आज छौँ र भोलि फेरि हुँदैनौँ । हुँदैनौँबाट आउँछौँ र हुँदैनौँमा फर्केर जान्छौँ । छैनौँबाट आउँछौँ र छैनौँमा नै फर्कन्छौँ । यो हुनु बिचमा केहीबेरका लागि मात्र हो जुन दुई छैनको बिचमा हुन्छ । दुई छैन किनार हो र हुनु बिचको नदी हो । यो दुई छैनले हामीलाई घेरेको छ र यो दुई छैनको बिचमा हामी छौँ । बिहान थियो साँझ भयो अनि रात परेपछि फेरि बिहान आउँछ । हरेक दिनलाई दुवैतिरबाट रात्रिले घेरेको छ र हरेक रातलाई दुईतर्फबाट दुई दिनले घेरेको छ । जे छ त्यो दुवैतिर छैनबाट घेरिएको छ । त्यस्तै जे छैन त्यो पनि दुवैतिरबाट छ ले घेरिएको छ । हुनु र नहुनु विपरीत होइनन् किनभने उनीहरू एक-अर्कामा परिवर्तन भइरहन्छन् ।

व्यक्ति जो हिजो थियो, अब छैन भयो । यसको अर्थ हो 'जो छ त्यो छैन' मा प्रवेश भयो । जवान व्यक्ति बुढो हुन्छ तर हामीलाई कहिले बुढो भयौँ भनेर थाहा पनि हुँदैन । यसको अर्थ जवानी र बुढेसकाल दुई कुरा होइनन् । यी तरल भएकाले एक-अर्कामा बहन्छन् र हामीलाई थाहा नै हुँदैन । बुढो व्यक्ति कहिलेसम्म जवान थियो र बच्चा कहिले जवान भयो त्यो पनि थाहा हुँदैन । जवानी बुढ्यौली विपरीत देखिन्छ तर यो विपरीत नभएर एकअर्कामा बहने मात्र हो । यसै गरी हुनु र नहुनु पनि एक-अर्कामा यताउति हल्लिरहन्छन् । अहिले बीज छ र वृक्ष भएको छैन; यो बीज वृक्षको रूपमा भोलि प्रकट हुन्छ । तब हुनु-नहुनु, अस्तित्व-अनस्तित्व, सत् र असत् जुन हामीले विपरीत देख्छौँ ती विपरीत हुँदैनन् । जुन कुरा छ त्यसको नहुने सम्भावना हुन्छ । यो हुनु र नहुनु एकको नै रूप हो । जो छैन त्यो छमा प्रवेश गर्छ त्यस्तै जो छ त्यो छैनमा प्रवेश गर्छ तर हामी बाँडेर हेर्छौं । त्यसैले दुई अलग देख्छौँ र विपरीतमा एकतालाई देख्दैनौँ । विपरीतमा हामी कुनै पनि समय यताउति हल्लिन सक्छौँ तर मनले चाहिँ बाँडेर मात्र हेर्छ र बाँडिएर अप्ठ्यारोमा पर्दछ ।

श्रीकृष्ण भन्नुहुन्छ सत् असत् दुवै 'म' नै हुँ । प्रतिपल हाम्रो सामु असत् सत् भइरहेको छ । जुन तारा हिजो थिएन आज छ । वैज्ञानिकहरूका अनुसार प्रतिदिन नयाँ ताराको जन्म हुन्छ र विलीन हुन्छ । त्यसैले हिजो जुन तारा थियो आज त्यो छैन । ताराबाट प्रकाश आउन करोडौँ-अरबौँ वर्ष लाग्न पनि सक्छ । कुनै ताराहरू कैयौँ वर्षदेखि चलेका थिए र आज बल्ल ती देखा पर्दै छन् । ताराको प्रकाश जो आज देखिएको छ त्यो करोडौँ वर्षअघि चलेको हुन सक्छ । प्रतिपल बन्ने र समाप्त हुने क्रम जारी छ र बन्नु र समाप्त हुनु एकसाथ चलिरहेको छ । बन्ने र विनष्ट हुने प्रक्रिया अलग समयमा होइन एकै समयमा घट्छ । म जवान भइरहेको छु र बुढो पनि भइरहेको छु । यसैकारण बुढो कहिले भएँ भनेर थाहा पनि हुँदैन । जब म बाँचिरहेको छु, तब म मरिरहेको पनि छु । त्यसैले मृत्यु कहाँबाट आयो भन्ने पनि थाहा हुँदैन । बच्चा जन्मिने बित्तिकै मर्ने क्रम सुरु हुन्छ । हामी प्रतिपल बाँचि पनि रहेका छौँ र मरि पनि रहेका छौँ । हामी भइरहेका छौँ र नभइ रहेका पनि छौँ । बच्नु र नाशिनु एकसाथ चलिरहेको छ । यी हाम्रा दुई खुट्टा हुन् जो एक उठेपछि अर्को रोकिन्छ । हुनु र नहुनु एकै अस्तित्वको हिस्सा हो । त्यसैले श्रीकृष्ण दुवै 'म' हुँ भन्नुहुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- परन्तु तीनै वेदमा बिधान गरिएको सकाम कर्म गर्ने, सोमरस पिउनेवाला एवम् पापबाट पवित्र भएका पुरुष 'म'लाई यज्ञद्वारा पुजेर स्वर्गको प्राप्ति चाहन्छन् । ती पुरुष आफ्नो पुण्यको फलस्वरूप इन्द्रलोक प्राप्त गरेर स्वर्गमा दिव्य देवताहरूको भोग प्राप्त गर्दछन् । कृष्णले अहिलेसम्म भन्नु भएका कुरा आत्यन्तिक कुरा हुन् तर सकामकर्मीहरू वेदमा जे भनिएको छ त्यो कर्म यज्ञ, हवन, कर्मकाण्ड गरेर आफूलाई पापबाट मुक्त गर्दै स्वर्ग जाने र सुखलाई प्राप्त गर्ने कामना गर्दछन् । कृष्णको 'परन्तु'को अर्थ यस्ता व्यक्तिहरू अझ पनि स्वर्ग र नर्कलाई बाँड्छन्, सुख-दुख बाँडेर दुखबाट बच्न चाहन्छन् र सुख पाउन चाहन्छन् भन्ने हो । सकामको अर्थ हो मनसँगै बाँच्नु र यस्ता व्यक्तिहरूको अहिलेसम्म कामना सकिएको छैन भन्ने हो । तथापि यी व्यक्तिहरू आफूलाई पापबाट छुटाउन पुण्य गर्दछन्, नराम्रो नगरी भलाइको काम गर्दछन्, वेदविहित कर्म गर्दछन् । पूजा, यज्ञ, हवन गरेर यसबाट प्राप्त पुण्यको फलस्वरूप

इन्द्रलोक पाएर उनीहरू स्वर्गमा दिव्य देवताहरूको सुख भोग्दछन् तर मलाई भने प्राप्त गर्दैनन् । मलाई त त्यही व्यक्तिले प्राप्त गर्दछ जसका लागि स्वर्ग र नर्कमा कुनै भेद रहँदैन । पुण्य र पापमा भेद नगर्ने र मृत्यु र जीवनलाई स्वीकार गर्ने व्यक्तिले मात्र मलाई प्राप्त गर्दछ । मलाई प्राप्त गर्न त व्यक्तिले कुनै चुनाव नगरेर सर्वस्वीकार गर्नुपर्छ ।

श्रीकृष्ण 'परन्तु' भन्दै यस्ता व्यक्तिहरू पनि छन् जसले द्वन्द्वातीत अवस्थालाई बुझ्न सकेका छैनन् भन्नुहुन्छ । जसले निराकार त्यो अव्यक्त अवस्थालाई जान्न सकेका छैनन् त्यस्ता व्यक्ति पनि इन्द्रलोक र स्वर्ग पाउन सक्दछन् । थोरै नराम्रो गर्ने, कम दुख दिने, पाप कम गर्ने व्यक्तिले पाउन सक्ने सुखको अवस्था स्वर्ग हो तर यो आनन्द भने होइन । यस्तो व्यक्तिले सुख मात्र पाउँछ तर आनन्द पाउँदैन । आनन्द सुख र दुखबाट पार हुने तेस्रो अवस्था हो । द्वन्द्वमा जसले विभाजन गर्छ त्यो एकबाट अर्कोमा जान्छ । सुख पक्रिने बित्तिकै दुख प्राप्त हुन थाल्दछ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्तिले सुखको अन्तिम अवस्था त पाउन सक्छ तर सुख भोगिसकेपछि पुनः फर्किनुपर्दछ र यात्रा पुनः सुरु गर्नुपर्दछ । यस्तो व्यक्तिले सुख त पाउँछ तर मलाई पाउँदैन । जो सत् र असत्‌मा मलाई नै देख्दछ त्यसले मात्र मलाई पाउँछ अनि उसको आवागमनको यात्रा समाप्त हुन्छ । कृष्णको सारा भनाइ द्वन्द्वमा पनि एक देख्नु हो तर मनले त द्वन्द्वमा अलग अलग देख्दछ । त्यसैले मन नै नरहने अवस्था भयो भने मात्र हामी एकलाई देख्न सक्छौँ । एकत्व जान्नु नै मुक्ति हो र यही नै आनन्द पनि हो ।

*ते तं भुक्त्वा स्वर्गलोकं विशालं-*
*क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।*
*एवं त्रयीधर्ममनुप्रपन्ना-*
*गतागतं कामकामा लभन्ते ॥२१॥*

**पुण्यकर्मका माध्यमबाट विशाल स्वर्गलोकको भोग गरेर जब पुण्यकर्मको फल समाप्त हुन्छ, तब तिनीहरू यही पृथ्वीमा फर्किन्छन् । यसरी तीनै वेदमा बताइएको सकाम कर्ममा लागेका पुरुषहरू बारम्बार जन्म र मृत्युको चक्रमा प्राप्त हुन्छन् ॥**

*अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।*
*तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥*

**जो अनन्य भावले सदैव मेरो ध्यान तथा चिन्तन गर्दछन् तिनीहरूको आवश्यकता र साधनको सुरक्षा (योगक्षेम) मैले नै गरिदिन्छु ॥**

मनले बाहिर मात्र होइन, भित्र पनि विभाजन गर्छ । मनसँग व्यक्ति कहिल्यै एक्लो हुँदैन, त्यहाँ सधैं भिड हुन्छ; त्यसैले मन बहुमन हो । मनोविज्ञानले पनि मनुष्य पोलिसाइकिक अर्थात् बहुचित्तवान् छ भनेर मानेको छ । मनले कसैलाई प्रेम गरेको छ भने उसैलाई घृणा पनि गर्छ । त्यस्तै कसैलाई श्रद्धा गरेको छ भने भित्र मनको एक हिस्सा अश्रद्धाले पनि भरिएको हुन्छ । मनले द्वन्द्वमा नै सबै कुरा तय गर्छ । जसलाई मनले मित्र मान्छ त्यसैसँग शत्रुता पनि गर्छ । मन एक भाव र एक स्वर कायम गर्न सक्दैन । जब व्यक्ति केही सोच्छ, तब मन दुई हिस्सामा टुट्छ र एकले पक्षमा र अर्कोले विपक्षमा बोल्छ । यी दुई हिस्सामा टुटेको मनले गर्दा परमात्मा जो भित्र सदा स्थित छ त्यसको दर्शन हुन सक्दैन । त्यसैले त्यो परमात्मा जो बाहिर-भित्र, सर्वत्र र सदा स्थित छ उसलाई देख्न पनि अमना हुनुपर्छ । समस्त धर्मको यात्रा मनलाई विसर्जन गर्ने यात्रा हो र समस्त संसारको यात्रा मनलाई शक्तिशाली बनाउने यात्रा हो । धर्मको अर्थ यस्तो चेतनालाई पाउनु हो जहाँ मन नहोस् र संसारको अर्थ यस्तो मनलाई पाउनु हो जहाँ चेतना नहोस् । मन संसारमा फैलिएर आत्मालाई नै ढाकिदिन्छ । मन लोभ र भयलाई मान्दछ किनभने द्वन्द्वको भाषा मनको भाषा हो ।

श्रीकृष्ण यस श्लोकमा भन्नुहुन्छ- ती व्यक्ति जो सकाम साधना गर्छन् अर्थात् सुखको माग गर्छन् उनीहरू बारम्बार फर्केर आउँछन् । सुखको साधना गर्नुको अर्थ दुखलाई अङ्गीकार गर्न राजी नहुनु हो । हामी केही चाहन्छौँ र केही चाहँदैनौँ, त्यसैले अविभाज्य स्वीकार गर्दैनौँ तर सुख पाउन खोज्ने व्यक्तिले जान्नुपर्छ कि दुख सुखको छाया हो । हामी जहाँ-जहाँ सुख खोज्छौँ, त्यहाँ त्यहाँ दुख आउँछ तथापि मनले सुख नै मागिरहन्छ र मनले यस लोकमा भएन भने परलोकमा सुख माग्न थाल्छ । श्रीकृष्ण भन्नुहुन्छ- यसरी सुख माग्नेहरू त्यो स्वर्गलोकलाई भोगेर पुण्य क्षीण भएपछि मृत्युलोकलाई पुनः प्राप्त हुन्छन् । यसप्रकार तीनै वेदमा मानिएको सकाम कर्मको शरण भएका र भोगको कामनावाला पुरुष बारम्बार आउने जाने गरिरहन्छन् । जगत् आफ्नो नियम र मान्यताबाट चल्छ । यदि हामीले माग राखेर कर्म गरेका छौँ भने त्यसको फल पनि त्यस्तै पाइन्छ । कसैले सुख मागेको छ भने सुखसँग उसको छायाँ पनि प्राप्त हुन्छ । मनका कारण नै सुख र दुख अलग लाग्छ तर यी अलग होइनन् । हामी सुख माग गरेर दुख पाउँदा नचेतीकन मनको कारणले सुख मागिरहन्छौं तर दुख पाइरहन्छौँ । जन्म जन्मान्तरसम्म यही क्रम चलिरहन्छ ।

जीवनको पूर्ण सत्य देख्नका लागि मनलाई अर्थात् कामनालाई त्याग्नुपर्छ । मन कामना र वासनाको विस्तार हो । मनले चाहेको कुरा नपाउँदा दुख हुन्छ र पाए पनि सुख हुँदैन । यदि कसैले चाहेबमोजिम सबै कुरा प्राप्त गर्‍यो भने पनि ऊ सुखी नभई दुखी नै हुन्छ । सुख जबसम्म पाइँदैन तबसम्म माग हुन्छ र पाइसकेपछि त्यो दुखमा परिवर्तित हुन्छ । सुखको आभास वासनाको आभास हो तर व्यक्तिको चाहनाको अन्त नै छैन । यदि दुखबाट बच्न चाहने हो भने सुखको आकर्षणलाई छोड्नुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो सुखको चाहनाले धर्मको साधनामा लाग्छ उसले जतिसुकै सुखको माग गरे पनि ऊ फेरि मृत्युलोकमा नै फिर्ता हुन्छ । जब पुण्य समाप्त हुन्छ तब स्वर्ग पनि बासी लाग्न थाल्छ र फर्केर दुखको लोकमा आउनुपर्छ । स्वर्ग पाएर पनि वासना क्षीण हुँदैन र वासनाले नयाँ आयाम समात्छ । स्वर्गको अर्थ सुखको भोग हो र कुनै पनि भोग भोग्नेबित्तिकै क्षय हुन थाल्छ । श्रीकृष्ण भन्नुहुन्छ- सकाम साधना गर्ने व्यक्ति पुण्य सकिएपछि फेरि दुखको संसारमा फर्किएर आउनुपर्छ । सुखबाट फर्किएर आएपछि पुनः दुखको संसारमा फर्किनुपर्छ । स्वर्गको भोग सकिएपछि नर्कमा झर्नुपर्छ । जब व्यक्ति तल झरेर नर्कमा प्राप्त हुन्छ तब मनले फेरि सुखको माग गर्छ र फेरि दुख पाउँछ । श्रीकृष्ण भन्नुहुन्छ- यस्ता व्यक्तिको आउनु जानु स्वाभाविक हुन्छ र ऊ परिभ्रमणमा भड्किरहन्छ । कामनाको कुनै पनि उपलब्धि वास्तविक हुँदैन, सबै सपनाजस्तै हुन्छ ।

यो दुखको चक्रबाट मुक्त हुने उपायका लागि श्रीकृष्ण भन्नुहुन्छ- अनन्य भावले 'म'मा स्थित हुने भक्तजन जो 'म' परमेश्वरलाई निरन्तर चिन्तन गर्दै निष्काम भावले उपासना गर्छन्, ती नित्य भावले 'म'मा स्थित पुरुषहरूको योगक्षेम 'म' स्वयम् सह्माल्छु । निष्काम भावले मेरो उपासना गर्ने व्यक्ति योगी हो । वासना र उपासनामा यही भेद हुन्छ । हामी परमात्माकहाँ पनि उपासना गर्न होइन, वासनाको कारणले नै जान्छौँ । कुनै व्यक्ति बिरामी भएमा ठिक हुन, बेरोजगार भए काम माग्न, निर्धन भए धन माग्न र निःसन्तान छ भने सन्तान पाउन मन्दिर जान्छ । जो कुनै कारणसहित मन्दिर जान्छ त्यो मन्दिर पुग्नै सक्दैन । उसको शरीर त भित्र प्रवेश गर्छ तर मन अन्यत्र हुन्छ । यस्तो अवस्थामा उपासना हुँदैन किनभने जहाँ वासना छ, त्यहाँ उपासना सम्भव नै हुँदैन । उपासनाको अर्थ परमात्माको सन्निकट हुनु हो, जहाँ कुनै माग नै हुँदैन, उसको सन्निकट हुनु नै आनन्द हुन्छ । परमात्माको निकटताभन्दा अरू कुनै चाहना नहुनु उपासनाको आशय हो । परमात्मालाई अन्य कारणले होइन उसैको कारणले चाहनु निष्काम साधना हो । यस जगत्मा हामी सबै सम्बन्ध कारणले बनाउँछौँ । त्यसैले परमात्मासँगको सम्बन्ध पनि हाम्रो कारणले हुन्छ, जुन सकाम धारणा हो ।

श्रीकृष्ण भन्नुहुन्छ- जो निष्काम भावले अकारण मेरो उपासना गर्छ र 'म' सँग सन्निकट हुनु नै पर्याप्त मान्दछ, उही मेरो भक्त हो । सर्वत्र परमात्माको उपस्थिति अनुभव गर्नु निष्काम साधना हो । शान्त भएर निश्चल भावले उसको उपस्थितिको अनुभव गर्नु उपासना हो । रत्तीभर पनि माग नभएको स्थितिमा निष्काम उपासना फलित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसले निष्काम भावले साधना गर्छ उसको योगक्षेम दुवै 'म' सह्माल्छु । योगको अर्थ प्रभुसँग मिलन एवम् एकात्मता र परमात्मामा समाहित हुने प्रतीति हो । श्रीकृष्ण भन्नुहुन्छ- योगमा समाहित त्यस्तो व्यक्तिलाई 'म' सह्माल्ने छु । क्षेमको अर्थ जबसम्म त्यो घटना घट्दैन अर्थात् योग घटित हुँदैन तबसम्म जे आवश्यक पर्छ त्यो 'म' सह्माल्छु भन्ने हो । शरीरको कुनै जरुरत भए त्यसलाई पनि हेर्ने छु, भोजनको जरुरत भए त्यो पनि सह्माल्ने छु । यदि श्वासको जरुरत भयो भने त्यसलाई पनि 'म' हेर्ने छु । जबसम्म त्यो परम घटना घट्दैन, त्यसभन्दा अगाडि जे जे आवश्यक छ त्यो सबै 'म' सह्माल्ने छु । यो सबै प्रभुले सह्माल्ने भनेको क्षेम हो । जब क्षेमपछि त्यो आखिरी घटना घट्छ त्यो पनि 'म' सह्माल्ने छु । श्रीकृष्ण भन्नुहुन्छ- एकपटक तिमी आफ्नो मागलाई छोड र बाँकी सबै मलाई छोडिदेऊ, 'म' सबै व्यवस्था गर्ने छु । जबसम्म तिम्रो कामना रहन्छ, तबसम्म 'म' केही पनि गर्न असमर्थ हुन्छु ।

निष्काम भक्त त परमात्मासँग भन्छ- हे प्रभु ! तिमीले मलाई जे दियौ त्यसबाट म आनन्दित छु किनभने तिमीले मलाई जे दिइरहेका छौ वा दिन्छौ, त्यही मेरा लागि ठिक हुन्छ । जब माग नै छैन भने गलत हुने प्रश्न नै आउँदैन । जे प्राप्त हुन्छ त्यो पात्रताभन्दा बढी प्रभुको प्रसाद हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो मलाई सबै छोडिदिन्छ उसले आफ्ना बारेमा कुनै चिन्ता नै गर्नुपर्दैन । 'म' सबै कुराको व्यवस्था आफैं गरिदिन्छु । जो आफ्नै जिम्मामा भएजस्तो गर्छ उसले आफैंले सबै कुराको जिम्मा पनि लिनुपर्छ । निष्काम कर्ममा त्यही व्यक्ति उत्रिन्छ जसलाई "म गर्ने छु" भन्ने भावना नभई उही परमात्माले सारा जगत् र मलाई पनि चलाइरहेको छ भन्ने बोध हुन्छ । परमात्माले जे दिइरहेको छ त्यो उसको अनुकम्पा हो र उसको कृपाका लागि अनुगृहीत हुनु नै निष्काम भावमा हुनु हो । जो व्यक्ति अस्वीकार भावमा हुन्छ त्यो व्यक्ति आस्तिक होइन । आस्तिक व्यक्तिका लागि यो सारा जीवन एक आनन्द उत्सव भएर जीवनमा कृतज्ञताको भाव हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- निष्काम भावले मेरो उपासना गर्ने व्यक्तिको योगक्षेमको सारा चिन्ता 'म' गर्छु र ऊ निश्चिन्त हुन्छ । उसलाई योग र क्षेम दुवैको चिन्ता गर्नुपर्दैन । यस्तो निष्काम कर्मीको योगक्षेम 'म' सम्हाल्दछु ।

व्यक्तिलाई हरेक दिन जे प्राप्त हुन्छ त्यही परमात्माले दिएको क्षेम हो । श्रीकृष्ण भन्नुहुन्छ- योग पनि 'म' सह्मालिदिन्छु । यस्तो व्यक्तिलाई साधना, तप, यज्ञ र कुनै विधिको जरुरत हुँदैन । यस्तो व्यक्तिलाई परमात्मासँग मिलनका लागि केही पनि गर्न जरुरी हुँदैन । यदि निष्काम उपासनाको भाव छ भने 'म' तत्काल उपलब्ध हुन्छु र उससँग मिलेर कार्य पनि 'म' नै गर्ने छु । निष्काम भावमा बाँच्ने व्यक्तिलाई परमात्मा खोज्न जानु पनि पर्दैन । परमात्मा नै उसलाई खोज्न आउनुहुन्छ । पानी बर्सिंदा स-साना खाल्डाहरूमा जम्मा हुन्छ । पानी त पहाडमा पनि पर्छ तर पहाड पानी भरिनबाट वञ्चित हुन्छ किनभने पहाड पहिलेदेखि नै भरिएको हुन्छ । खाल्डो खाली भएकाले निरहङ्कार हुन्छ; त्यसैले पानी आफैं त्यहाँ भरिन्छ । जहाँ उपासनाको निष्काम भाव हुन्छ, त्यहाँ परमात्मा आफैं आएर भरिन्छ र हृदयलाई घेर्दछ । वासनारहित हुनेबित्तिकै भक्तलाई चारैतिर मौजुद भएको परमात्मा उपलब्ध भइहाल्छ । वासना नै हाम्रो अहङ्कारको आधार हो । त्यसैले परमात्माको उपस्थिति देखिँदैन । वासना नहुने बित्तिकै माग समाप्त हुन्छ र खालीपन वा रिक्तताको अनुभव हुन्छ । त्यही शून्यता र रिक्तता नै उपासना हो र त्यही शून्य परमात्माको सन्निधि हो ।

परमात्मालाई आफ्नो अनुभवबाट मात्र जानिन्छ । जबसम्म अनुभव हुँदैन, तबसम्म जतिपटक परमात्मा शब्द सुने पनि त्यसको अर्थ जानिँदैन । परमात्मालाई उपासनाबाट जानिन्छ र उपासनाबाट

परमात्माको अनुभव हुन्छ । उपासनाको अर्थ हामीले उसको उपस्थितिलाई प्रतिपल स्मरण गर्नु हो । जेसुकै घटित भए पनि उसैको सम्झना र उसैलाई देख्न सक्नु नै उपासना हो । जीवनमा जे घटित भए पनि परमात्माको नै स्मरण हुनु र मृत्यु नै आए पनि पहिलो स्मरण परमात्माकै आउनु उपासना हो । प्रतिपल प्रभुको स्मरण गरिरहेमा बिस्तारै यो सघन हुन्छ र चारैतिर परमात्मा नै देखिन्छ अनि हामी हिँड्दा, उठ्दा, बस्दा, खाँदा, सुत्दा परमात्मा हामी सँगै हुन्छ र ऊ हाम्रो श्वास र हृदयको प्रत्येक धड्कनमा गुन्जिन थाल्छ । परमात्मासँग माग नहुने बित्तिकै उसलाई परमात्माले हरेक कुरा दिन्छ । जो उससँग हरेक कुरा चाहन्छ, उसलाई केही पनि मिल्दैन । वासनाले भरिएको व्यक्ति दरिद्रतामै मर्छ र उपासनाले भरिएको व्यक्ति सम्राट् हुन्छ । वासना भिक्षा पात्र हो जो कहिल्यै भरिँदैन । उपासना भनेको भित्र लुकेको परम सम्पदाको स्मरण हो । उपासनाले परमात्माको सघन प्रतीति गराउँछ र वासनाले दीन-हीन बनाउँछ । श्रीकृष्ण भन्नुहुन्छ- निष्काम उपासक फेरि जन्ममरणको दुश्चक्रमा पर्दैन, ऊ फर्केर आउँदैन र परममा लीन हुन्छ ।

*येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।*
*तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥*

**हे कुन्तीपुत्र ! जो सकाम कर्मवाला भक्तहरू अन्य देवताको श्रद्धापूर्वक पूजा अर्चना गर्दछन्, तिनीहरू पनि अज्ञानतावश त्रुटिपूर्ण तरिकाले मेरै पूजा गर्दछन् ॥**

*अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।*
*न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥*

**'म' नै सम्पूर्ण यज्ञको भोक्ता र स्वामी हुँ । अतः मेरो वास्तविक स्वरूपलाई जसले बुझ्दैन, त्यसको अधोगति हुन्छ; तिनीहरू जन्म-मृत्युको चक्रमा फस्दछन् ॥**

*यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ।*
*भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥*

**देवताका उपासकहरू देवलोकमा जान्छन्, पितृको सेवा गर्नेहरू पितृलोकमा जान्छन् । त्यस्तै भूतप्रेत राक्षसका उपासकहरू भूतप्रेतका माझमा नै गएर जन्मिन्छन् । मेरा भक्तहरू मेरै लोकमा 'म' सँगै बस्छन् र उनीहरूको पुर्नजन्म हुँदैन ॥**

मनुष्यको खोज र चाहना जस्तोसुकै भए पनि वा जुनसुकै दिशामा दौडिए पनि अन्ततः मानिस परमात्मालाई नै पाउन चाहन्छ । उसका सबै चाहनाहरूमा परमात्माको चाहना नै लुकेको हुन्छ । उसको वासनामा पनि प्रभुतिर जाने बीज लुकेको हुन्छ । मनुष्यलाई ज्ञात नभए पनि त्यो बीज परमात्मालाई पाउने नै हुन्छ । जमिनमा रोपेको बीजलाई किन फुट्छु भन्ने थाहा नभए जस्तो मनुष्यलाई पनि ऊ के खोजिरहेको छ, किन खोजिरहेको छ र उसको सबै खोजमा अन्तरनिहित खोज के हो भनेर थाहा हुँदैन । एउटा व्यक्ति धन, प्रतिष्ठा, यश र पद खोज्दा पनि प्रभुलाई नै खोज्छ भन्ने कुरा असङ्गत लाग्न सक्छ । त्यस्तै एउटा व्यक्तिले प्रेम खोजिरहँदा पनि वास्तवमा त्यो परमात्माको नै खोज हुन्छ । धन खोज्नुको पहिलो प्रयोजन आफ्नो सुरक्षाका लागि हो । धन आफूसँग भयो भने निश्चिन्त भएर भोलिको फिक्रीबाट मुक्त हुन सकिन्छ । उसले धनबाट यस्तो जीवन खोज्दै छ जहाँ भोलिको चिन्ता नहोस् र असहाय अनुभव गर्नु नपरोस् । यस्तो जीवनका लागि ऊ धन खोजिरहेको छ, धनबाट यस्तो जीवन पाउन सकिँदैन तर व्यक्तिको आकाङ्क्षा भने यही नै हुन्छ ।

यसै गरी व्यक्ति नखोसिने धनको चाहना राखेर त्यसलाई बचाउने प्रयास गर्छ तर जति धन जम्मा हुन्छ त्यति नै त्यो खोसिने सम्भावना हुन्छ । मनुष्य एउटा यस्तो सम्पदा खोज्न चाहन्छ, जो सदाका लागि शाश्वत रूपमा उसको होस् । परमात्मा सिवाय यस्तो कुनै सम्पदा हुनै सक्दैन जुन अरूले खोस्न नसकून् । जब व्यक्ति भित्र रिक्तताको अनुभव गर्छ, तब धनबाट त्यो खालीपनलाई भर्न खोज्छ । पूरा जिन्दगी दौडेर

धन त जम्मा हुन्छ तर त्यो रिक्तता कहिल्यै भरिँदैन र जतिसुकै धन पाए पनि त्यसबाट कहिल्यै तृप्ति हुँदैन । यस्तो तृप्ति केवल परमात्माको धन पाउने व्यक्तिलाई मात्र हुन्छ । त्यसैले धनको खोज जतिसुकै गलत दिशामा भए पनि आकाङ्क्षा भने सही हुन्छ । आफूसँग सदा राख्न खोज्ने सम्पदाको चाहना गहिराइमा परमात्माको नै खोज हो । त्यस्तै व्यक्ति कसैका अगाडि पनि हीनता नहोस् भन्ने चाहनाले पद खोज्छ तर पदको दौडमा प्रतिभालाई गुमाउनुपर्छ । पदको दौडका लागि प्रतिभाको कुनै जरुरत पनि पर्दैन । जिन्दगीमा अनेक सिँढीहरू छन् । व्यक्ति कुनै एक सिँढीमा चढ्नेबित्तिकै अर्को सिँढीबाट तल ओर्लिनुपर्छ ।

तर मनुष्यको आकाङ्क्षा सही हो किनभने मानिस त्यस्तो अवस्था चाहन्छ, जहाँ ऊ कोहीभन्दा तल हुनु नपरोस् । त्यस्तो अवस्था केवल परमात्मालाई पाएर मात्र हुन्छ अरू कुनै मान, पद, प्रतिष्ठाबाट त्यो सम्भव छैन । मानिस कोहीभन्दा तल नरहूँ भन्ने चाहनाले अरूलाई तल पार्ने प्रयास गरिरहन्छ तर सबैले त्यही गरिरहेका छन्, त्यसैले हार निश्चित छ । यो भिडमा कोही कहीँ पुग्न सक्दैन तर आकाङ्क्षा अगाडि हुनु उचित नै हो किनभने जबसम्म कोही परमात्मासँग एकत्व हुँदैन, उसको हीनता मेटिँदैन र जबसम्म हीनता हुन्छ, तबसम्म ईर्ष्या पनि मेटिँदैन । त्यस्तै जबसम्म हीनता र ईर्ष्या मेटिँदैन, तबसम्म अरूलाई तल देखाउने प्रवृत्ति पनि मेटिँदैन, जसको अन्तिम परिणाम चिन्ता र अभिशाप मात्र हुन्छ ।

मानिस परमपद मात्र चाहन्छ अर्थात् ऊ परमात्मालाई चाहन्छ तर उसलाई यसको बोध र होस नहुन सक्छ । प्रत्येक व्यक्ति मृत्युसँग भयभीत हुन्छ र पूरा जीवन भयले कम्पित हुन्छ । मृत्युसँग बच्ने हामी कैयौँ उपाय गर्छौं तर अहिलेसम्म कोही पनि मृत्युबाट बच्न सकेको छैन । जीवन अनिश्चित र असुरक्षित छ तर हामी सबै बाहिरी रूपमा सुरक्षित हुने व्यवस्था गरेर भित्र मुर्दाको रूपमा बसेका छौँ । मृत्युसँग केवल मुर्दा मात्रै बाँच्न सक्छ । त्यसैले हामीले जतिसुकै बन्दोबस्त गरे पनि मृत्युबाट त बाँचिदैन बरु त्यो बन्दोबस्त गर्दागर्दै जिन्दगी भने बितिसक्छ । बाँच्नुका साथै बच्ने उपाय गर्दा गर्दै राम्रोसँग बाँच्न पनि पाइँदैन । तर मर्न नखोज्ने आकाङ्क्षा ठिक छ केवल दिशा मात्र गलत छ । मृत्युसँग बच्ने एक मात्र उपाय छ, त्यो अमृत तत्त्वलाई जानौँ, जो कहिल्यै मर्दैन । हामी त्यो अटल र कहिल्यै ननाशिने वस्तु खोजेर त्यससँग एकत्व स्थापित गर्न सक्यौं भने हाम्रो दिशा ठिक हुन्छ । यदि कहिल्यै मर्न नखोज्ने आकाङ्क्षा राख्ने हो भने ठिक मार्ग खोज्नुपर्छ । यदि धनको खोज ठिक दिशामा गर्‍यौं भने त्यो परमधन पाउन सकिन्छ र गलत दिशा भयो भने हामी धातुको वस्तु जम्मा गर्नका लागि सारा जीवन बर्बाद गर्ने छौँ । त्यस्तै पदको खोज सही हो भने परमात्माको सिवाय अरू कुनै पद नै छैन । गलत हो भने हामी मानिसहरूलाई तल माथि गर्नमा सारा शक्ति क्षय गर्ने छौँ ।

श्रीकृष्ण यस प्रसङ्गमा भन्नुहुन्छ- हे अर्जुन ! यद्यपि श्रद्धाबाट युक्त भएको जो सकाम भक्त अरू देवताहरूलाई पुज्छन् तिनीहरू पनि मलाई नै पुज्छन् । पूजा चाहे जसको गरियोस् अन्ततोगत्वा त्यो मेरो नै पूजा हुन्छ । पूजा गर्ने व्यक्तिलाई पनि कसको पूजा गरिरहेको छु भनेर थाहा हुँदैन तर पूजा मेरो मात्र हुन सक्छ । तिम्रो वासना जहाँ दौडिए पनि, तिमीले श्रद्धाले जहाँ शिर राखे पनि र तिम्रो आकाङ्क्षा जे भए पनि त्यो मेरै पूजा हुन्छ । तिमीले जहाँ खोजे पनि अन्ततः त्यो मेरै खोज हो । श्रीकृष्ण भन्नुहुन्छ- यस्ता व्यक्तिहरूले गरेको पूजन विधिरहित र अज्ञानपूर्ण छ तथापि उनीहरू मेरो नै पूजा गर्छन् तर अज्ञानतापूर्वक गर्छन् किनभने उनीहरूलाई आफैँ के खोजिरहेका छौँ भन्ने पनि थाहा छैन । सकाम पूजाको अर्थ धन, पद, सुख र जीवनका लागि गरिने पूजा हो । कुनै पनि देवतासँग जब केही मागेर पूजा, प्रार्थना गरिन्छ, तब व्यक्ति अज्ञानले भरिएको हुन्छ । जसको सान्निध्य प्राप्त हुने बित्तिकै सबै कुरा पाइन्छ यदि उससँग पनि माग्नुपर्‍यो भने यसको अर्थ हामीलाई सान्निध्यको मूल्य नै थाहा छैन ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- त्यो पूजा विधिरहित छ र उसलाई विधिको जानकारी नै छैन । सूर्यका अगाडि उभिएर प्रकाश माग्नुको अर्थ त्यो माग्ने व्यक्ति अन्धो हुनुपर्छ । त्यसैले जो व्यक्ति परमात्माका अगाडि माग राख्छ, ऊ पनि सूर्यका अगाडि प्रकाश माग्ने अन्धो जस्तै हुनुपर्छ । यस्तो व्यक्तिलाई उपासना

अर्थात् परमात्माको नजिक हुनुको अर्थ थाहा नै छैन र ऊ वासनामा दबेको छ भन्ने बुझिन्छ । सकाम पूजा पूरा कर्मकाण्ड मात्र हो । यसमा अनेकौं विधिहरू अवलम्बन गर्नुपर्छ तर श्रीकृष्ण यसलाई विधिरहित भन्नुहुन्छ । विधिरहित भन्नुको कारण परमात्मासँग नजिक हुनु नै पूरा विधि हो र अरू कुनै पनि विधिको अर्थ छैन । बाँकी सबै विधिहरू स्वयम्लाई दिने धोका मात्र हुन् । परमात्माको सान्निध्यमा रहन सक्ने कला जानियो र उसको उपस्थितिको अनुभव गर्न सकियो भने त्यो पर्याप्त विधि हो तर जो व्यक्ति विधि मात्र गर्छन् ती विधिरहित र अज्ञानपूर्ण हुन्छन् । विधि त केवल उपासना र निकट हुने क्षमता हो । त्यो हामीले देख्दैनौं किनभने त्यो विधि आन्तरिक हुन्छ ।

रामकृष्ण परमहंसलाई चौध रुपियाँ मासिकमा दक्षिणेश्वर कालीमन्दिरको पूजा गर्ने पुजारीको रूपमा नियुक्त गरियो । उहाँलाई आठ दिनपछि नै ट्रस्टीहरूले बोलाएर भने- तपाईंलाई विधिपूर्वक पूजा गर्न आउँदैन भन्ने उजुरी परेको छ । उहाँले भन्नुभयो पूजा र विधिका बिचमा कुनै सम्बन्ध छैन । ट्रस्टीहरूले तपाईं पहिले फूल आफू सुँघेर, प्रसाद पहिले आफू चाखेर मात्र भगवान्लाई चढाउनुहुन्छ भन्दछन्, के यो सत्य हो भनी प्रश्न गरे । रामकृष्णले भन्नुभयो- मेरी आमाले केही बनाएपछि पहिला आफू चाख्थिन् अनि मात्र मलाई खान दिन्थिन् । म भगवान्लाई चाखेर मिठो छ कि छैन भनेर थाहा नपाईकन चढाउँदिनँ । फूलमा सुगन्ध छ कि छैन भनेर नसुँघी नजानी भगवान्लाई फूल चढाउँदिनँ । मलाई प्रीतिकर लागेपछि मात्र भगवान्लाई चढाउँछु । कृष्णको विधिपूर्वक पूजा-उपासना भनेको यही हो । अवश्यै हाम्रा लागि त सबै विधि टुट्यो तर रामकृष्णको विधिमा आत्मीयता, रस र हार्दिक प्रेम छ । उहाँको विधिमा फलफूल, मिष्ठान्न महत्त्वपूर्ण होइन, अन्तरनिवेदन महत्त्वपूर्ण हुन्छ । उहाँका लागि बाहिरी सबै कुरा मेटिएर भित्री अन्तरङ्ग सम्बन्ध मात्र महत्त्वपूर्ण थियो । उहाँ भन्नुहुन्थ्यो- जब आफूलाई नै चढाएँ भने कसले पूजा गर्ने । पूजाको आत्यन्तिकता तब हुन्छ, जब कसैले आफूलाई नै समर्पित गर्छ ।

श्रीकृष्णलाई थाहा छ कि देवताहरूको पूजा विधिपूर्वक नै चल्छ तर त्यसलाई कृष्ण अविधि भन्नुहुन्छ किनभने अज्ञानमा विधि होइन अविधि नै हुन सक्छ । ज्ञानमा मात्र विधिको जन्म हुन्छ र त्यो विधि जस्तो नभएर व्यक्तिगत हुन्छ र प्रत्येक व्यक्तिको आ-आफ्नो हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- सबै यज्ञहरूको भोक्ता र स्वामी पनि 'म' नै हुँ । जहाँ फूल, प्रसाद, नैवेद्य चढाए पनि त्यो मलाई प्राप्त हुन्छ । तिमीहरूले जे जहाँ गरे पनि त्यो मलाई नै समर्पित हुन्छ । श्रीकृष्ण भन्न खोज्दै हुनुहुन्छ- 'म' अस्तित्वको केन्द्र हुँ । त्यसैले तिमीले राम्रो-नराम्रो, भलो-कुभलो, ठिक-बेठिक जे गरे पनि सबै 'म' कहाँ पुग्दछ । तिमीहरूलाई थाहा भए पनि नभए पनि त्यो सबै 'म' कहाँ नै पुग्छ । श्रीकृष्ण भन्नुहुन्छ- परन्तु 'म' अधियज्ञस्वरूप परमात्मालाई उनीहरू तत्त्वपूर्वक जान्दैनन् । त्यो जो सारा अस्तित्वले मेरो परिभ्रमण गरिरहेको कुरा पनि उनीहरू तत्त्वपूर्वक जान्दैनन् र संसारको परिभ्रमण गरिरहन्छन् । हामी हरेक दिन त्यही कुरा नै दोहोऱ्याइरहन्छौं किनभने मनको स्वभाव नै दोहोऱ्याउने हुन्छ । चौबिस घण्टामा क्रोध गर्ने तालिका जस्तै गरी हामी प्रत्येक दिन क्रोध गर्छौं । हामीलाई एउटै कुरा गर्ने बानी बसेको हुन्छ र मन चौबिस घण्टा एउटै कुरा दोहोऱ्याइरहन्छ । यही दोहोऱ्याइरहनाका कारणले पुनर्जन्म लिनुपर्छ । जन्मदेखि मृत्युसम्म हामी मनलाई मानेर त्यही दोहोऱ्याइरहन्छौं । त्यसैले गर्दा मृत्युले पुनः हामीलाई त्यही प्रारम्भको अवस्थामा छोडिदिन्छ अनि फेरि त्यही दुश्चक्ररूपी वर्तुलबाट हामी कहिल्यै मुक्त हुन पाउँदैनौं ।

सनातनीहरूलाई मात्र पुनर्जन्मका बारेमा जानकारी छ किनभने सनातन धर्मबाहेक कुनै पनि धर्मले पुनर्जन्मको धारणा नै लिएको छैन । कृष्ण मनुष्यको मनको यो विज्ञानलाई बताउनुहुन्छ । यदि मनुष्यको मनले पुनरुक्ति गर्छ भने पूरा जीवन पनि त्यही पुनरुक्ति भएर एउटा वर्तुल बन्छ जसमा हामी जन्म-जन्मान्तरसम्म घुमिरहन्छौं । हामी अनेक जन्ममा बारम्बार धन, लोभ, कामवासना, क्रोध, मोहमा

परिरहन्छौं। सफलता नपाएर असफलता पाउँदा पनि हरेक पटक त्यही मात्र दोहोऱ्याइरहन्छौं। श्रीकृष्ण भन्नुहुन्छ- यसरी जो 'मलाई' नजानीकन देवताहरूलाई भज्छन् अर्थात् जो आफ्नो वासनालाई नै उपासना बनाएर कुनै मागले प्रार्थना गर्छन्, उनीहरू बारम्बार झरेर पुनर्जन्म प्राप्त गर्छन्। देवताहरूलाई पुज्ने व्यक्ति देवताहरूलाई प्राप्त हुन्छन् र पितृलाई पुज्ने व्यक्ति पितृलाई प्राप्त हुन्छन् । यसका साथै भूतहरूलाई पुज्ने व्यक्तिले भूत योनि प्राप्त गर्छन् । व्यक्ति जसलाई पुज्छ अन्ततः उही हुन्छ र त्यसभन्दा माथि जान सक्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले देवताहरूलाई पुज्छन् उनीहरू देवतालाई नै प्राप्त गर्छन् तर उनीहरूले मलाई पाउँदैनन् । देवताहरू त स्वयम् वासनामा हुन्छन् । देवताहरूका राजा इन्द्रको कथामा पृथ्वीमा कसैले तपस्या गऱ्यो भने स्वर्गमा उहाँको सिंहासन नै हल्लिन थाल्छ । यसको अर्थ इन्द्रमा ईर्ष्याभाव र डर मौजुद छ । कतै कोही तपस्यारत रहेमा इन्द्रलाई कठिनाइ र समस्या पैदा हुन्छ । उनी आफ्ना उर्वशीहरूलाई पठाएर तपस्या भङ्ग गराउन खोज्छन् । हरेक पद, धन, प्रतिष्ठा, सिंहासन प्राप्त गर्ने व्यक्तिहरू कहीँ त्यो पदबाट कसैले हटाउने त होइन भनेर डराएका हुन्छन्, त्यसैले इन्द्र पनि डराएका हुन् । देवताहरू इच्छा र वासनाले भरिएका छन् । श्रीकृष्ण भन्नुहुन्छ- कुनै व्यक्ति देवतालाई पुजेर सफल भए भने धेरैभन्दा धेरै देवता हुन सक्छन् त्यसभन्दा माथि जान सक्दैनन् । देवता कुनै माथिल्लो अवस्था पनि होइन । देवतालाई पनि यदि मुक्त हुनु छ भने पहिले उनीहरू मनुष्य हुनुपर्छ अनि मात्र मुक्त हुन सम्भव हुन्छ । मनुष्य एउटा चौबाटो हो जहाँ ऊ आफ्नो कर्मबाट देवता र पशु दुवै हुन सक्छ । देवताको त मुक्ति आफैँ सम्भव छैन भने मनुष्यहरूले देवताको प्रार्थना गरेर मुक्त हुन सक्ने त कुरै भएन । उनीहरूले केवल आफ्नो वासना, इच्छा पूरा गरेर फेरि पुनर्जन्मको यात्रा गर्नुपर्छ । त्यस्तै पशुलाई पनि मुक्त हुन मनुष्य हुनुपर्छ । देवताहरू सुखमा मात्र हुन्छन्, त्यसैले मुक्त हुन सक्दैनन् तर मनुष्य मात्र त्यस्तो एक प्राणी हो जो मुक्त हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो पितृको पूजा गर्छ उसलाई पितृ उपलब्ध हुन्छ, मलाई भने प्राप्त गर्न सक्दैन तर मेरा भक्तले मलाई प्राप्त गर्दछन् । मेरा भक्तको पुनर्जन्म हुँदैन । जो मलाई भज्छ ऊ बिस्तारै 'म'मा नै एकत्व हुन्छ । केवल परमात्माको मात्र पुनरुक्ति हुँदैन, अरू सबै कुराहरूको पुनरुक्ति हुन्छ । जो शाश्वत छ, त्यो मात्र पुनरुक्ति हुँदैन । सबै कुराहरू नयाँ र पुराना हुन्छन् । परमात्मा मात्र नयाँ र पुरानो हुँदैन । परमात्मा कहिले पनि पुरानो हुँदैन किनभने ऊ कहिल्यै पनि नयाँ छैन । जो कुरा नयाँ छ त्यो मात्र पुरानो हुन सक्छ । परमात्मा सनातन, शाश्वत, अनादि र अनन्त छ । परमात्मा सदा छ र सदा रहन्छ । त्यसैले परमात्मालाई जसले पाउँछ, उसले शाश्वततालाई प्राप्त गर्छ । परमात्मालाई जान्ने व्यक्तिले मेरो कुनै जन्म र मृत्यु पनि छैन भनेर पनि जान्दछ । भित्रको त्यो शाश्वत तत्त्वलाई जान्न सकियो भने मात्र पुनर्जन्म हुँदैन । जीवनमा कुनै कुरा अनुभवबाट जानियो भने त्यो जानेको कुरालाई जीवनले फिर्ता गर्नै सक्दैन तर हामी कुनै पनि कुरा सिक्न तयार हुँदैनौं । त्यसैले हामी बारम्बार फिर्ता भइरहन्छौं । जीवनले कसैलाई पनि क्षमा गर्दैन र फेरि अनुभव गराउन फिर्ता गरिरहन्छ । जुन कुरा हामी अनुभव गर्छौं, त्यसबाट हामी पार हुन्छौं ।

जो परमात्मालाई नै जान्दछ उसको त फिर्ता हुने कुरै भएन किनभने उसको जीवनको अन्तिम शिक्षा अब पूरा भयो । परमात्माको अर्थ जीवनको अन्तिम निष्कर्ष र अस्तित्वको सार हो । परमात्मा अस्तित्वको गहन अभिव्यक्ति हो । त्यसैले परमात्माबाट तल झर्न सकिँदैन । जहाँबाट तल झर्नुपर्छ, त्यो परमात्मा होइन, संसार हो । परमात्माको स्मरण र पूजाको अर्थ उसैलाई नै आफ्नो गन्तव्य मान्नु हो । परमात्मा अन्तिम गन्तव्य हो र उसको पार केही पनि छैन । स्मृतिपूर्वक पुनरुक्तिबाट बच्नु नै परमात्मातिर यात्राको प्रारम्भ गर्नु हो । हाम्रो गहिरो खोज परमात्माको खोज हो । हामीले अन्तिमलाई नै आफ्नो लक्ष्य बनाउनुपर्छ, बिचको कुनै कुरा पनि लक्ष्य हुन सक्दैन । हाम्रो लक्ष्य परमात्मालाई पाउने मात्र हुनुपर्छ । त्यो अन्तिमलाई लक्ष्य बनाउने व्यक्ति पनि अन्ततः परमात्मा नै हुन्छ । अदृश्य, अरूप,

निराकारतिर उपासनालाई बढाउनु नै जीवनको लक्ष्य र स्वभाव हो । त्यसो गरेमा एक दिन व्यक्ति रहँदैन र केवल परमात्मा मात्र रहन्छ अनि आफू नै परमात्मामा लीन भएको अनुभव हुन्छ ।

*पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।*
*तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥*

**मेरा भक्तले मलाई नै श्रद्धापूर्वक पत्र-पुष्प-फल एवम् जल आदि वस्तु समर्पण गर्छन् भने शुद्ध हृदय भएका भक्तले भक्तिपूर्वक दिएका ती वस्तुलाई 'म' खुसीसाथ ग्रहण गर्दछु ॥**

*यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।*
*यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥*

**हे कुन्तीपुत्र ! तिमी जे कर्म गर्छौ, जे खान्छौ, जे हवन गर्छौ, जे आफूसँग रहेका वस्तु दान दिन्छौ र जस्तो तपस्या गर्छौ ती सबै 'म'मा नै समर्पण गर ॥**

*शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।*
*सन्न्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥*

**यस प्रकारका कर्म गरेर तिमी कर्मको बन्धन एवम् शुभ र अशुभ फलबाट मुक्त हुने छौ । आफूबाट भएका, गरिएका सबै कर्म 'म'मा समर्पण गर्दै आफ्नो मनलाई 'म'मा स्थिर गरायौ भने तिमी मुक्त हुने छौ र 'म' लाई नै प्राप्त गर्ने छौ ॥**

परमात्माको पूजा गर्दा उसलाई चढाउने यस्तो कुनै पनि सामग्री छैन, जसलाई हामी हाम्रो भन्न सक्छौं । जो हाम्रो आफ्नो हुँदै होइन त्यसलाई चढाउनुको कुनै अर्थ हुँदैन । उसको पूजामा समर्पण स्वरूप हामी जे चढाउँछौं, त्यो उसैको हो र उसैको वस्तु उसैलाई समर्पण गर्नु हो । परमात्मालाई चढाउने नै हो भने यस्तो कुरा चढाउनुपर्छ जो उसले दिएको नहोस् र यस्तो अर्पण गरे मात्र परमात्मालाई चढाउनुको अर्थ हुन्छ । यस संसारमा जे छ त्यो सबै परमात्माको हो । एउटा बोटबाट टिपेर परमात्माको चरणमा फूल चढाउने हो भने त्यो फूल त बोटबाट नै उसैलाई चढेकै छ । नदीको जल उसको चरणमा चढाउने हो भने त्यो नदीले आफ्नो सारा जल उसको चरणमा अर्पण गरि नै रहेको छ । मनुष्यसँग एउटा मात्र कुरा छ, जो परमात्माले उसलाई दिएको होइन । कर्ताको भाव मात्र परमात्माले दिएको कुरा होइन जुन मानिसले आफैं आर्जन गरेको हो । यो अहङ्कार मानिसको आफ्नो खोज हो । जबसम्म मनुष्य यो अहङ्काररूपी आफ्नो आर्जनलाई उसको चरणमा चढाउँदैन, तबसम्म अन्य वस्तु चढाउनुको कुनै अर्थ हुँदैन । अहङ्कार नत्यागी व्यक्तिमा रूपान्तरण हुँदैन, जसको कुरा श्रीकृष्ण गर्दै हुनुहुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी खाँदा, बस्दा, हिँड्दा, हवन गर्दा वा तिमीले जे गरे पनि त्यो सबै तिमी मलाई अर्पण गर । तिम्रा सबै कर्तापन मलाई अर्पण गर र कर्ता हुने भाव पनि मलाई चढाऊ। जुन क्षण तिमी यस्तो गर्न सक्छौ, त्यही क्षण तिमी सन्न्यस्त हुन्छौ । श्रीकृष्ण महान् सन्न्यासको कुरा भन्दै हुनुहुन्छ । हामीले बुझेको सन्न्यासको अर्थ त कर्म त्याग्नु हो । श्रीकृष्ण विपरीत कुरा भन्नुहुन्छ- कर्म तिमी गर किनभने कर्मबाट कोही पनि भाग्न सक्दैन तर कर्ताभाव मलाई अर्पित गर । कृष्णको भनाइमा कर्मलाई त्याग्ने होइन, कर्म गर्दै कर्तालाई मात्र छोड्ने हो र भित्रको 'म'लाई विसर्जित गर्ने हो । मनुष्यको स्व-आर्जनको त्यही एक मात्र चिज जो पूजामा चढाउन सकिन्छ । मनुष्यको आफ्नो सम्पत्ति त्यही मात्र हो, बाँकी त सबै परमात्माको उपहार हो । तर अहङ्कारलाई चढाउन कठिन छ । मानिसले धन चढाउन सक्छ र जोसमा जीवन पनि चढाउन सक्छ । यस्ता भक्तहरू पनि छन् जसले गर्दन काटेर पनि चढाएका छन् । यो कठिन छ तर असम्भव भने छैन । घाँटी काटेर चढाउने व्यक्तिको पनि भित्र मैले घाँटी काटेर चढाएँ भन्ने भाव कायम नै रहन्छ । यदि म बाँचें भने अहङ्कार जो चढाउनु पर्ने छ त्यो बाँच्छ र परमात्मामा चढिरहेको कुरा मात्र चढ्छ । धन, पद, प्रतिष्ठा र जीवन पनि चढाउनु उसैको उसैलाई अर्पण गर्नु हो । जो चढेको नै थियो, त्यो चढाएर हामी अझ आफ्नो अहङ्कारलाई बलियो बनाउँछौं ।

मानिसहरू प्रार्थना र प्रेममा पनि हिसाबकिताब गर्छन् भने त्यस्तो प्रार्थना अहङ्कार हो । करोड नाम स्मरण गर्नु, त्याग गर्नु सबै अहङ्कारकै रूप हो जससँग 'म' हटेको नै हुँदैन, बरु अझ ससक्त भएर बसेको हुन्छ । मनुष्यको सदाचरण पनि अहङ्कारको पोषण गर्नमा खर्चिन्छ । भलाई गर्नेको र राम्रो मानिसको अहङ्कार झन् सबल हुन्छ । राम्रो व्यक्तिमा बाहिर त कुनै खराबपन हुँदैन सबै भलाइ मात्र देखिन्छ तर भित्र उसको अहङ्कार घनघोर रूपमा बढिरहेको हुन्छ । ऊ जहाँ जाँदा पनि 'म' असल मानिस हुँ भन्ने अहङ्कार सँगै लिएर हिँड्छ । पूजा र प्रार्थना गर्ने व्यक्तिहरूमा पनि ठुलो सात्त्विक अहङ्कार हुन्छ । अहङ्कार जब सात्त्विक हुन्छ, तब त्यो अत्यन्त विषालु हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी सबै खराबपन मलाई छोड । तिमी जे गरिरहेका छौ त्यसमा गर्नेवाला मात्र नबन । तिमी के मान भने 'म' नै तिम्रो भित्रबाट सबै कुरा गरिरहेको छु । कर्ताभाव मलाई दिएर 'म'मा अर्पित होऊ अनि तिमीले कर्म छोड्नुपर्दैन । त्यसैले कृष्णको उपदेश अतिक्रान्तिकारी छ । कर्म छोड्नु त्यति गाह्रो हुँदैन । मानिस कर्म छोडेर जङ्गल जान सक्छ, तर कर्ता छोड्नु कठिन कार्य हुन्छ । यदि मानिस सबै कर्म छोडेर जङ्गल गयो भने पनि अहङ्कार साथमा नै जान्छ । मैले सबै कर्म छोडेर आएको छु भनेर झन् अहङ्कारले भरिन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- कर्म छाडेर केही पनि हुँदैन हे अर्जुन ! कर्तालाई छोड्नु कठिन कुरा हो । अहङ्कार हामीभित्रको गहिराइको संसार हो, जसलाई हामी अझ गहिराइमा पुऱ्याउँछौँ । श्रीकृष्ण भन्नुहुन्छ- यो गहिराइमा भएको अहङ्कार कर्ताभाव मलाई छोड । यो अहङ्कारलाई छोड्ने दुई अनिवार्य सर्तहरू शुद्ध बुद्धि र निष्काम प्रेम हुन् । उहाँ भन्नुहुन्छ- त्यो शुद्ध बुद्धि, निष्कामप्रेमी भक्तले प्रेमपूर्वक अर्पण गरेका सबै कुरा 'म' ग्रहण गर्छु ।

शुद्ध विचार शुद्धबुद्धि कदापि होइन किनभने बुद्धि तबसम्म शुद्ध हुँदैन, जबसम्म विचार रहन्छ चाहे त्यो सद्विचार नै किन नहोस् । जब विचार नै रहँदैन, तब मात्र बुद्धि शुद्ध हुन्छ । जब विचार र वासना दुवै हुँदैन त्यो स्थितिको नाम शुद्धबुद्धि हो । श्रीकृष्ण भन्नुहुन्छ- बुद्धि यति शुद्ध होस् कि त्यहाँ विचारको कुनै तरङ्ग पनि नभएर निर्मल ऐना जस्तो हुन सकोस् । नराम्रो विचारका साथै राम्रो विचार पनि बाँकी नरहेर मन ऐना जस्तो सफा रहोस् । नीतिका दृष्टिमा नराम्रो विचार दबाएर राम्रो विचार माथि उठाउनुपर्छ । त्यसैले नीति धर्म होइन । एउटा अधार्मिक व्यक्ति पनि नैतिक हुन सक्छ । नास्तिक पनि नैतिक हुन सक्छ किनभने नैतिक हुनु भनेको आफ्नो वासनालाई नियन्त्रण गरी संयममा उपलब्ध हुनु हो । त्यसैले जुन वासना नियन्त्रण गरिएको छ त्यो विश्रामको समयमा अनीतिमा परिवर्तित हुन्छ, यो शुद्धबुद्धि कदापि होइन। नैतिकतामा वासनालाई तल दबाइएको हुन्छ जुन चेष्टाबाट तल दबिएर नै रहन्छ, त्यो विश्रामको क्षणमा माथि प्रकट भएर अनीति बन्छ । समाजका लागि बाहिर ठिक रह्यो भने पुग्छ भित्रको कुरा उसका लागि व्यक्तिगत निजी समस्या हुन्छ । धर्मले बाहिर मात्र राम्रो भएर पुग्दैन भित्र ठिक हुनुपर्छ भन्दछ ।

शुद्धबुद्धिको अर्थ वासना र विचार नहुनु हो । जहाँ दुवै रहँदैनन् त्यहाँ शुद्ध चेतना मात्र बाँकी रहन्छ । श्रीकृष्ण यही शुद्धबुद्धिको कुरा अहङ्कार विसर्जनको पहिलो सर्तका रूपमा भन्नुहुन्छ । श्रीकृष्ण अर्को सर्त भन्नुहुन्छ- निष्काम प्रेमी जसको प्रेम पनि निष्काम होस् । बुद्धि विचारले अशुद्ध हुन्छ र प्रेम कामवासनाले अशुद्ध हुन्छ । बुद्धिको अर्थ चिन्तनको क्षमता र प्रेमको अर्थ हृदयको चेतनाको क्षमता हो । जबसम्म बुद्धि र हृदय दुवै शुद्ध हुँदैनन्, तबसम्म भक्तको जन्म हुँदैन । त्यसैले भक्ति सरल कुरा होइन किनभने भक्तिमा विचार र हृदय दुवै शुद्ध हुनुपर्छ । ज्ञानमा विचार मात्र शुद्ध भए पुग्छ । ज्ञानले जति माग गर्छ, भक्तिले त्यसभन्दा अरू पनि माग गर्छ । हृदय, प्रेमको क्षमता पनि वासनारहित हुनुपर्छ । त्यसैले भक्त हुनु सरल कुरा होइन । मन्दिर जानु, माला घुमाउनु र पूजा गर्नु भक्ति होइन । दुनियाँमा जति ज्ञानी भए त्यही मात्रामा भक्त भएका छैनन् । भक्तिमा दोहोरो सर्त हुन्छ । बुद्धि शुद्ध गर्न सजिलो हुन सक्छ तर हृदय शुद्ध गर्नु निकै जटिल कुरा हो । बुद्धि माथि हुन्छ तर हृदय त भित्र गहिराइमा हुन्छ ।

बुद्धिले प्रयासबाट कुनै पनि कुरा गर्न सकिन्छ । कुनै विचार जतिसुकै जटिल भए पनि प्रयासबाट हल खोज्न सकिन्छ । तर कुनै व्यक्तिलाई प्रेम गर्ने कोसिस गर्न सकिँदैन किनभने प्रेम प्रयासबाट हुँदैन । त्यसैले प्रेमीलाई अन्धो भनिन्छ किनभने प्रेममा आफ्नो हातमा केही हुँदैन र आफ्नो नियन्त्रणभन्दा बाहिर हुन्छ । भक्त हुन अत्यन्त कठिन कुरो हो तर यदि बुद्धि शुद्ध छ र प्रेम निष्काम छ भने त्यो महान् घटना पनि घट्छ र भक्तिको फूल पनि फुल्छ । कहिले कुनै चैतन्यमा एवम् कहिले कुनै मीरामा भक्तिको फूल फुल्छ तर त्यो अत्यन्त दुर्लभ फूल हो । त्यसैले ज्ञानी हुन गाह्रो छ तर असम्भव छैन किनभने त्यहाँ एउटा मात्र सर्त हुन्छ तर भक्त हुनका लागि एक तत्त्व अरू चाहिन्छ जसमा हृदय पनि निष्काम हुनुपर्छ । जब बुद्धि पूरा शुद्ध हुन्छ, तब अत्यन्त आन्तरिक घटना घट्छ जो प्रत्यक्ष रूपमा व्यक्त हुँदैन । तर जब बुद्धि र हृदय दुवै शुद्ध हुन्छन्, तब हृदयको द्वार पनि खुल्छ र त्यो अनुभव बाहिर पनि अभिव्यक्त हुन्छ । हृदय नभईकन सम्बन्ध स्थापित हुँदैन । सबै सम्बन्ध हार्दिक हुन्छ ।

यो दोस्रो सर्त पनि पूरा भएपछि कामना र वासनालाई त्यागेर जब प्रेम हुन्छ, तबमात्र व्यक्ति मुक्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- प्रेममा जान वासनाबाट बच्नुपर्छ, जबकि प्रेम र वासनाका बिचमा गहिरो सम्बन्ध हुन्छ । हामी वासनाका कारण नै प्रेम गर्छौं र हामीले प्रेमका बारेमा जे जानेका छौं, त्यो वासनाका कारणले जानेका छौँ । त्यसैले हाम्रो प्रेममा वासना छाएको हुन्छ । हामीले जन्म-जन्मान्तरमा यही जानेका छौँ । हाम्रो प्रेम कामवासनाको छायाभन्दा ज्यादा छैन तर एउटा अर्को पनि प्रेम छ जो वासनाको छाया होइन त्यो एउटा अन्तर्निहित दशाको रूप हो । हाम्रो प्रेमको अनुभव हाम्रो आन्तरिक अवस्थाको नभएर केवल व्यक्तिहरूबिच वासनाको अनुभव हो । ज्ञान स्वयम्को हुन्छ र प्रेम अरूसँग हुन्छ ।

तर श्रीकृष्ण जुन प्रेमका बारेमा भन्दै हुनुहुन्छ, त्यो प्रेम ज्ञान जस्तै अर्को व्यक्तिसँग सम्बन्ध नभएको र स्वयम्को नै आविर्भाव हो । जस्तो ध्यानको साधना हुन्छ, त्यस्तै प्रेमको साधना हुन्छ । आफ्ना चारैतिर प्रेम फैलिएको अनुभव र भित्र प्रेम भरिएको अनुभवले गर्दा हाम्रो प्रेम लोक लोकान्तरसम्म फैलिन्छ र त्यहाँ अर्को व्यक्तिको विचार पनि हुँदैन । प्रेम आफूभित्रको घटना हो र यसमा अर्को व्यक्तिको कुनै आवश्यकता छैन भनेर विचार गरेमा दियोबाट प्रकाश फैलिए जस्तै प्रेम पनि चारैतिर फैलिन्छ । यस्तो विचारको साधना गर्दागर्दै प्रेम चारैतिर फैलिन्छ र अर्को व्यक्तिसँग मात्र प्रेम हुन्छ भन्ने धारणा टुट्छ । एक समय आउँछ जहाँ आफूलाई प्रेम मेरो अन्तरदशा हो भन्ने लाग्छ तब प्रेम गर्नु पर्दैन । व्यक्ति प्रेम नै हुन्छ अनि प्रेम गर्न अर्को व्यक्ति चाहिँदैन र अर्को व्यक्ति होस् वा नहोस् प्रेम रहिरहन्छ । त्यसैले धर्म सदादेखि भन्छ- प्रेम सम्बन्ध होइन अन्तर-ऊर्जा हो । यदि प्रेम ऊर्जाशक्ति हो भने अर्को व्यक्तिसँग प्रेम र सम्बन्ध गर्दा त्यो शक्ति वासनामय, अशुद्ध, कुरूप र विकृत हुन्छ ।

निष्काम प्रेमको अर्थ प्रेमको ऊर्जा कसैसँग बाँधिएको नहुनु वा सम्बन्ध कसैसँग नहुनु हो । श्रीकृष्ण भन्नुहुन्छ- जब बुद्धि शुद्ध हुन्छ, विचारको कम्पन पनि हुँदैन, हृदय प्रेमले भरिएको हुन्छ र वासनाको कुनै झलक पनि छैन भने भक्तको जन्म हुन्छ । यस्तो भक्तमात्र आफ्नो कर्तापनका साथै सबै कुरा परमात्माको चरणमा छोड्न सक्छ । हे अर्जुन ! मेरो पूजामा पत्र, पुष्प, फल, जल, आदि कुनै पनि कुरा मेरो भक्तले श्रद्धापूर्वक मलाई अर्पण गर्छ भने शुद्धबुद्धि, निष्काम प्रेमी भक्तद्वारा प्रेमपूर्वक अर्पण गरिएको त्यो पत्र, पुष्प, फल 'म' ग्रहण गर्छु । हामी सबैले फल, फूल, पत्र इत्यादि सबै चढाएका छौँ र यो सबै कुरा हामी जान्दछौँ जस्तो लाग्छ तर कृष्ण हाम्रो विचारमा भए जस्तो छुद्र कुरा भन्नुहुन्न । हामीले सोचेको मतलब यो फल, फूल चढाउने कुरा कृष्णको भनाइ होइन ।

पत्र, पुष्प, फल व्यक्ति विकसनका तीन अवस्थाहरू हुन् । श्रीकृष्ण भन्नुहुन्छ- तिमी जे जस्तो छौ चाहे तिमी पत्र मात्र नै छौ र यदि फूल भएका छैनौँ भने पनि पत्रलाई मात्र मलाई चढाइदेऊ । यदि पत्र अगाडिको अवस्थामा पुगिसकेको छ तर फल बनिसकेपछि मात्र परमात्मालाई चढाउँछु भनेर न पर्ख, त्यो पुष्पलाई नै चढाइदेऊ । यदि तिमी फल बनिसकेका छौँ भने फल नै चढाऊ । तिमी जुन अवस्थामा चाहे

पात, चाहे फूल, चाहे फल कुनै पनि अवस्थामा भएको स्थितिबाट नै मलाई चढाऊ । यदि पात पनि भएका छैनौ र जलको अवस्थामा नै छौ भने त्यही मलाई चढाऊ । जल प्राथमिक अवस्था हो र जल नै पात बन्छ । अझ विकास भएमा फूल बन्छ र जब फूल अझ बढ्छ, तब फल बन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी चाहे जल, पात, फूल वा फल जुन अवस्थामा छौ त्यही अवस्थामा आफूलाई 'म'मा चढाऊ । यी चार हाम्रा अवस्थाहरू हुन् । जलको अवस्थाको अर्थ व्यक्तिमा कुनै प्रकारको विकास भएको छैन तर त्यो अवस्थामा समर्पित व्यक्तिलाई पनि 'म' स्वीकार गर्छु भनेर श्रीकृष्ण भन्नुहुन्छ । मलाई जे चढाइन्छ 'म' त्यो स्वीकार गर्छु । मलाई अर्पण गर्नुको अर्थ हुन्छ, के चढायो भन्ने कुराको अर्थ हुँदैन । यदि तिमी पात मात्र छौ भने त्यही अवस्थामा समर्पित होऊ । यी चेतनाका चार अवस्था हुन् । जुनसुकै अवस्थामा भए पनि समर्पित हुने व्यक्तिलाई 'म' स्वीकार गर्छु । जल त्यो अवस्था हो जहाँ चेतना एकदम प्राथमिक अवस्थामा छ । पत्रको अवस्थामा चेतनाले रूप, आकार लिन्छ । फूल त्यो अवस्था हो, जहाँ चेतनाले आकार मात्र होइन, सौन्दर्य पनि प्राप्त गरेको हुन्छ । फल त्यो अवस्था हो जहाँ चेतना सौन्दर्यलाई मात्र होइन अरू चेतनालाई जन्म दिने सामर्थ्य पनि राख्दछ र पाकेर चढाउन पूर्णयोग्य पनि बन्छ । श्रीकृष्ण भन्नुहुन्छ- समर्पण नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो । समर्पण हुनका लागि फलसम्म कुर्नुपर्दैन पात पनि चढाउन सकिन्छ, पात नभए जल चढाए पनि हुन्छ । जो, जहाँ, जस्तो अवस्थामा छ ऊ त्यहीँबाट अर्पित गरोस् र भोलिको प्रतीक्षा नगरोस् । हामीले चढाउने पानी, पात, फूल, फल आदि प्रतीक मात्र हुन् । मानिसहरू यी प्रतीकबाट उठेर आफू जल, पत्र, पुष्प र फल जुन अवस्थाको चेतनामा छ त्यसैलाई नै अर्पण गर्नुपर्ने हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- त्यो शुद्धबुद्धि निष्कामकर्मी भक्तद्वारा प्रेमपूर्वक अर्पण गरिएका सबै कुरा 'म' नै ग्रहण गर्छु । हामी जे चढाउँछौँ, त्यो त पुजारीले ग्रहण गर्छ त्यो परमात्मासम्म पुग्दैन । त्यसैले जबसम्म चेतनाको फल, फूल, पात वा जल हामी चढाउँदैनौँ, तबसम्म ती वस्तुहरू परमात्माको भोजन हुन सक्दैनन् । जबसम्म हामी स्वयम्लाई नै चढाउँदैनौँ, तबसम्म उसको हिस्सा बन्दैनौं । त्यसैले हे अर्जुन ! तिमी जेसुकै कर्म गर्छौ, जे खान्छौ, जे हवन गर्छौ, जे दान दिन्छौ, जे स्वधर्माचरण रूप तप गर्छौ ती सबै मलाई अर्पण गर । यसप्रकार कर्म मलाई अर्पण गर्ने सन्न्यास रूपले युक्त भएका मनवाला तिमी शुभ, अशुभ फलरूप कर्मबन्धनबाट मुक्त हुने छौ र त्यसबाट मुक्त भएर 'म'मा नै प्राप्त हुने छौ । जो आफूलाई नबचाईकन अशेष भावले सबै समर्पित गर्छ त्यो परमात्माको अंश हुन्छ । अंश भन्नु पनि भाषाको बाध्यता हो, यस्तो व्यक्ति परमात्मा नै हुन्छ किनभने परमात्मामा कुनै अंश नै हुँदैन । परमात्माको कुनै अंश छैन त्यसैले परमात्मामा लीन भएपछि यस्तो व्यक्ति परमात्मा नै हुन्छ । श्रीकृष्ण सागर भएर सबै नदीहरूलाई 'म'मा लीन होऊ भन्नुहुन्छ । श्रीकृष्णले जब अर्जुनलाई सबै छोडेर मेरो शरणमा आऊ भन्नुहुन्छ, तब अर्जुनले पनि कृष्णरूपी त्यो सागरलाई देख्न र जान्न सकेको हुनुपर्छ ।

श्रीकृष्ण सबै छाडेर जो भक्त 'म'मा समर्पित हुन्छ त्यही समर्पणलाई सन्न्यास भन्नुहुन्छ । सन्न्यासको यति हिम्मती परिभाषा अरू कसैले गर्न सकेका छैनन् । श्रीकृष्ण अर्जुनलाई संसारमा रहेर युद्धमा पठाउँदै हुनुहुन्छ र भन्नुहुन्छ- तिमी युद्धमा जाऊ र कर्तापन मलाई छोडिदेऊ र युद्ध गर । तिमी के कुरा जान भने तिमी होइन 'म' युद्ध गरिरहेको छु । ज-जसको गर्धन काटे पनि मैले नै काटेको ठान । कर्म र कर्ता सबै मलाई छोडिदेऊ । यसो गऱ्यौ भने तिमी सन्न्यासी हुने छौ । अर्जुन पुरानो ढङ्गको घर छाडेर भाग्ने प्रकारको सन्न्यासी हुन चाहन्थे तर कृष्णले उनलाई नयाँ ढङ्गको सन्न्यासका बारेमा ज्ञान दिनुभयो । उहाँले एउटा अनौठो सन्न्यासका बारेमा भन्नुभयो । सबै कर्म तिमी गर केवल कर्तालाई छोड्यौ भने तिमी सन्न्यासी भयौ । तिमीलाई वन, उपवन कहीँ पनि जाने आवश्यकता पर्दैन । पहिलो पटक आन्तरिक रूपान्तरणको ज्ञानरूपी सन्न्यास जुन कृष्णले दिनुभयो त्यसमा बाहिर केही पनि बदलिनुपर्दैन केवल भित्रबाट मात्र बदलिए पुग्छ ।

भित्रको केन्द्र अहङ्कार वा परमात्मा हुन सक्छ । अहङ्कार झुटो र परिपूरक केन्द्र हो, सच्चा केन्द्र होइन । परमात्मालाई व्यक्तिले केन्द्र बनाउनेबित्तिकै यो परिपूरक केन्द्रको कुनै आवश्यकता हुँदैन । त्यसैले श्रीकृष्ण अर्जुनलाई जोड दिएर भन्नुहुन्छ- तिमी सबै कर्ताको भाव मलाई अर्पण गर । यस्तो जसले गर्न सक्छ ऊ समस्त कर्मफलबाट मुक्त हुन्छ । उसलाई अब शुभ-अशुभ केही हुँदैन, त्यसबाट पनि मुक्त हुन्छ । नराम्रो कर्मबाट सबै मुक्त हुन चाहन्छन् तर शुभकर्मलाई सबै जोगाउन चाहन्छन् । शुभ गर्नका लागि पनि अशुभ नगरी हुन सक्दैन । त्यसैले कृष्ण दुवै कर्मबाट मुक्त होऊ भन्नुहुन्छ किनभने शुभ-अशुभ कर्म दुवै संयुक्त हुन्छन् । यस जगत्मा शुद्ध शुभ गर्न सकिँदैन त्यस्तै शुद्ध अशुभ पनि गर्न सकिँदैन । यो विभाजन केवल मनको हो । श्रीकृष्ण भन्नुहुन्छ- त्यस्तो व्यक्तिले शुभ-अशुभ कर्मबाट मुक्त भएर मलाई प्राप्त गर्ने छ । परमात्मा भनेको नै मुक्ति हो । अहङ्कार रहुन्जेल व्यक्ति मुक्त हुँदैन । जब परमात्मा केन्द्र हुन्छ तब मुक्ति स्वतः घटित हुन्छ ।

*समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।*
*ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥*

**'म' सबै प्राणीहरूमा समान भाव राख्छु । न मेरा कोही अप्रिय छन् न त मेरा कोही प्रिय नै छन् । जसले भक्तिपूर्वक मेरो भजन गर्दछन् ती 'म'मा प्राप्त हुन्छन् र 'म' पनि तिनीहरूमा स्थित हुन्छु ॥**

*अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।*
*साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥*

**जो अति दुराचारी छ र जसले जघन्य अपराध गरेको छ, त्यो पनि अनन्य भावले मेरो भक्ति सेवामा लागेको छ भने साधु नै हो किनभने ऊ यथार्थमा अडिग भइसकेको छ ॥**

*क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।*
*कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥*

**हे कौन्तेय ! त्यस्तो मानिस तुरुन्त धर्मात्मा हुन्छ र उसले स्थिर शान्ति प्राप्त गर्दछ किनभने मेरा भक्तहरू कहिल्यै विनाश हुँदैनन्; तिमी यस कुरालाई निश्चित (सत्य) जान ॥**

जीवनका सम्बन्धमा एउटा महत्त्वपूर्ण प्रश्न यहाँ उठाइएको छ । गीता हामी पाठ गर्छौं तर यसको गहनतामा प्रवेश गर्दैनौं । हामी गीताको अर्थ नबुझीकन शब्द मात्र दोहोऱ्याइरहन्छौं । शब्द रटेर अर्थको जानकारी हुँदैन किनभने गीताको अर्थ शब्दभन्दा धेरै गहिरो छ । हामी गीताका शब्दलाई दैनिक पाठ गरेर त्यससँग परिचित हुन्छौं र त्यही परिचयलाई हामी ज्ञान ठान्छौं । यस प्रसङ्गमा श्रीकृष्ण भन्नुहुन्छ- आचरणभन्दा अन्तस् महत्त्वपूर्ण हुन्छ । प्रायःजसो धर्मले आचरणलाई जोड दिएको पाइन्छ । उनीहरू यसो गर्नु र यसो नगर्नू भन्छन् र सदाचरणलाई जोड दिन्छन् । सदाचरण भएमा प्रभुमा उपलब्ध हुन सकिन्छ भन्ने उनीहरू सोच्दछन् । हामीलाई पनि सदाचरणको कुरा ठिकैजस्तो लाग्छ । हामीलाई नीति हाम्रो आधार हो जस्तो लाग्छ तर नीति आधार होइन किनभने सदाचरणले परमात्मामा उपलब्ध होइन्छ भन्ने कुनै निश्चितता हुँदैन तर परमात्मामा उपलब्ध हुने व्यक्ति भने सदाचरणलाई अवश्य प्राप्त हुन्छ । आचरण गौण कुरा हो । परमात्माको प्रतीति हुनु महत्त्वपूर्ण कुरा हो । आचरण अन्तस्बाट आउँछ तर अन्तस् आचरणबाट आउँदैन । बाहिर जो आचरणमा देखिन्छ, त्यो भित्र नहुन पनि सक्छ । हामी आचरणलाई धोका दिन सक्छौं तर स्वयम्लाई धोका दिन सक्दैनौं ।

कृष्णले साधुको परिभाषा अचम्मको गर्नु भएको छ । हामी साधु भन्नाले साधारणतया सदाचारी ठान्छौं र असाधुको अर्थ दुराचारी सम्झन्छौं । तर श्रीकृष्ण भन्नुहुन्छ- अतिशय दुराचारी पनि यदि मेरो भक्तिमा अनन्य भावले समर्पित भएर निरन्तर मेरो स्मरण गर्छ भने ऊ साधु भनिन योग्य छ । यदि यस्तो व्यक्ति यथार्थ निश्चित भएको छ भने ऊ साधु भनिन योग्य हुन्छ । यथार्थ निश्चय प्रभुस्मरण, समर्पण र अनन्य भक्तिको हुनुपर्छ । श्रीकृष्ण भन्दै हुनुहुन्छ- असाधु पनि यदि यथार्थ निश्चय भएको छ भने ऊ साधु

हुन्छ । यदि उसको निश्चय 'म'तर्फ गतिमान् भएको छ भने असाधुलाई पनि साधु मान्नुपर्छ । समग्र रूपमा परमात्माका विपरीत कुनै भाव नहुनु नै यथार्थ निश्चय हो । पूरा मनबाट लिइएको र पूरा प्राणले भरिएको निश्चय नै यथार्थ निश्चय हो । दृढ निश्चयको अर्थ हार-जित, सफलता-असफलता जस्तोसुकै अवस्थामा पनि निर्णय नबदल्नु हो । सबै विपरीत वा प्रतिकूल भए पनि र कोही साथीसँगी नभए पनि भित्रको सङ्कल्प नमेटिनु दृढ निश्चय हो । जब बुद्धि असफल भएर सबै शक्ति सकिन्छ तथापि भित्रको प्राणले परमधामका बारेमा अटुट आस्था राख्दछ भने त्यो दृढ निश्चय हो । यस्तो आत्यन्तिक सङ्कल्प हुनु नै दृढ निश्चय हो ।

श्रीकृष्ण भन्नुहुन्छ- दृढ निश्चय नै साधुको लक्षण हो र उहाँ सदाचरण र दुराचरणको कुरा गर्नु नै हुन्न । सदाचरणको आकाङ्क्षा सबैमा हुन्छ तर निश्चय नै कहिल्यै दृढ हुन पाउँदैन । यस्तो स्थितिमा दुराचरण पैदा हुन्छ । गहिराइमा दुराचरण निश्चयको कमी हो । हरेक व्यक्ति सदाचार नै चाहन्छ तर चाहनाले केही हुँदैन किनभने चाहना सङ्कल्प र निश्चय बन्न पाउँदैन । श्रीकृष्ण भन्नुहुन्छ- अति दुराचारी भए पनि उसमा दृढ निश्चय छ भने ऊ साधु बन्न सक्छ । कुनै व्यक्ति दुराचारी भए पनि दृढ निश्चयी छ भने उसलाई साधु जान्नुपर्छ किनभने यदि उसको आफ्नो दृढ निश्चयलाई मतिर लगायो भने ऊ तत्काल रूपान्तरण हुन्छ । त्यसैले वाल्मीकि जस्ता व्यक्ति जो दुष्ट, हत्यारा, चोर, लुटेरा, डाँकू थिए ती व्यक्ति पनि अचानक महर्षि भए । यसबाट एउटा सानो घटनाले यत्रो क्रान्ति घटित हुँदो रहेछ भन्ने कुरा प्रमाणित भयो । वाल्मीकिको दुराचरणको पछाडि जुन दृढ सङ्कल्प थियो त्यो सदाचरणमा रूपान्तरण भयो र उहाँ महर्षि बन्नुभयो । भयका कारण साधु बनेका व्यक्तिभन्दा दुराचारी व्यक्ति धेरै सङ्कल्पवान् हुन्छन् ।

तर दृढ निश्चय मात्र पर्याप्त छैन किनभने दृढ निश्चयले व्यक्ति राम्रो र नराम्रो दुवै कर्म गर्न सक्छ । वास्तवमा दृढ निश्चय त तटस्थ शक्ति हो । त्यसैले श्रीकृष्ण अर्को सर्तको रूपमा भन्नुहुन्छ, अनन्य भावले मेरो भक्त जो निरन्तर मलाई भज्छ भने त्यस्तो व्यक्ति साधु भन्न योग्य छ । दृढ निश्चयले भरिएको अनन्य भावले भक्तिपूर्वक निरन्तर भज्ने व्यक्ति साधु हो । यस्तो व्यक्ति चाँडै नै धर्मात्मा हुन्छ । हाम्रो चेतना धेरै छिद्र भएको छ र सङ्कल्पहीन पनि छ । सङ्कल्प शक्ति नहुने व्यक्तिको चाँडै मृत्यु हुन्छ । दृढ सङ्कल्पको अर्थ प्वाल नभएको चेतना हो । सङ्कल्पले भरिएको चेतना छरिँदैन र दृढ रहन्छ । दृढ निश्चयका लागि एउटा गहिरो निर्णय आवश्यक हुन्छ अनि परिवर्तन सुरु हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो गहिरो सङ्कल्प जससँग छ, त्यो सङ्कल्पलाई उसले भजनमा र मेरो स्मरणमा लगायो भने त्यस्तो व्यक्ति साधु हुन्छ । गङ्गा पनि एक दिशामा बग्ने हुनाले सागरसम्म पुग्न सक्छ । त्यसैले हाम्रो चेतना पनि धेरै दिशामा बग्न थाल्यो भने हाम्रो चेतना मरुस्थल जस्तो हुन्छ । सबै सुक्छ र सबैतिरको मार्ग पनि हराउँछ । तर हाम्रो चेतना नदी जस्तै एक दिशामा बग्यो भने कुनै दिन सागरमा अवश्य पुग्ने छ ।

श्रीकृष्ण भन्नुहुन्छ- अनन्य भावले जो मलाई स्मरण गर्छ उसले जेसुकै कुरा गरे पनि उसको चेतनाको धारा 'म' तिर उन्मुख भइरहन्छ । एउटी आमाले जतिसुकै कुरा गरिरहे पनि उसको चेतना आफ्नो बच्चातिर निरन्तर रहन्छ । यसको कारण त्यो चेतनाको अनन्य धारा अहर्निश रूपमा बच्चातर्फ बगिरहेकाले हो । अनन्य भावको अर्थ यही हो । जे गरे पनि भित्र एउटा स्मरण प्रभुप्रति सतत रूपमा बगिरहनु अनन्य भाव हो । अनन्य भावको अर्थ जहाँ हाम्रो भाव दौडिन्छ त्यहीँ प्रभुलाई स्थापित गर्नु हो । यदि वेश्यातिर ध्यान गइरहेको छ भने त्यहाँ प्रभुलाई स्थापित गरेर उसको स्मरण गरौं । यो क्रान्तिकारी रूपान्तरण परमात्माको भक्तिबाट मात्र सम्भव हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- दुराचारीले पनि यही भाव निरन्तर राख्यो भने ऊ शीघ्र नै धर्मात्मा हुन्छ । श्रीकृष्ण सदाचारी हुन्छ नभनी धर्मात्मा हुन्छ भन्नुहुन्छ । धर्मात्माको अर्थ हो जसको आत्मामा नै धर्म हुन्छ र यस्तो भएपछि त आचरण आफैँ शुद्ध हुन्छ । आचरण त गौण कुरा हो जुन मनुष्यका पछाडि छाया जस्तो भएर चल्छ । हामी जुन दिन भित्र ठिक हुन्छौँ, त्यही समय बाहिर सबै व्यवस्थित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्ति धर्मात्मा हुन्छ । उसको आत्मा नै धर्म भएपछि आचरण त आफैं शुद्ध हुन्छ र अनन्त शान्ति प्राप्त हुन्छ । नैतिक व्यक्तिले शान्ति प्राप्त गर्न सक्दैन किनभने उसले जुन खराबलाई बाहिर दबाउँछ, त्यही खराबले भित्र धक्का दिन्छ जसले गर्दा अशान्ति हुन्छ । जो धर्मात्मा हुन्छ उसले नै अनन्त शान्ति प्राप्त गर्छ । जसको आत्मा प्रभुमा स्थापित हुन्छ उही धर्मात्मा हो । जुन दिन मनुष्यमा नदी र सागरको जस्तै मिलन हुन्छ, त्यही दिन धर्मात्माको जन्म हुन्छ अनि बाहिर र भित्र कुनै अशान्ति हुँदैन । हे अर्जुन ! तिमी निश्चयपूर्वक के बुझ भने मेरो भक्त कहिल्यै नष्ट हुँदैन, नष्ट हुने त कुनै कारण नै हुँदैन । ‘म’ सबै प्राणीहरूमा समभावले व्याप्त छु र मेरो कृपा सबैमा बराबर छ । परमात्मा समभावले सबैभित्र स्थित छ । यो पनि भाषाको कारणले भन्नुपरेको हो । सबैमा उही स्थित छ कसैमा पनि रत्तीभर फरक छैन । तथापि फरक त देखिन्छ- जस्तो कि बुद्ध जस्ता व्यक्तिमा परमात्मा ज्यादा प्रकट भएको देखिन्छ । बुद्ध, महावीरलाई हामी अवतार भन्छौं, जिससलाई भगवान्को पुत्र मान्छौं, मोहम्मद पैगम्बर हुनुहुन्छ र उहाँहरूमा प्रभु ज्यादा प्रकट भएको जस्तो देखिन्छ ।

तर श्रीकृष्ण भन्नुहुन्छ- ‘म’ सबैमा समभावले प्रकट छु । न मेरो कोही प्रिय छ न कोही अप्रिय छ । प्रेम जब पूर्ण हुन्छ, तब कोही प्रिय वा अप्रिय पनि हुँदैन किनभने जब कोही मलाई प्रिय छ त्यसको अर्थ मलाई कोही अप्रिय पनि छ अनि मात्र कोही प्रिय हुन सक्छ तर जब प्रेम पूर्ण हुन्छ तब प्रिय र अप्रिय कोही हुँदैन । परमात्मा पूर्ण प्रेम हो । त्यसैले उसका लागि कोही प्रिय र अप्रिय हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जो भक्त मलाई प्रेमले भज्छन् उनीहरू ‘म’ र ‘म’ उनीहरूमा प्रकट हुन्छौं । श्रीकृष्ण जो भक्त मलाई प्रेमले भज्छ ‘म’ उनमा प्रकट हुन्छु र जो मलाई भज्दैन ‘म’ उनीहरूमा प्रकट हुन्न भन्नुहुन्छ । परमात्माको व्यापकतामा कुनै भेद छैन तर प्रकट हुनुमा भेद छ । एउटा बीज रोपेपछि अङ्कुरित हुन्छ, नरोपीकन लुकाएर राखेमा प्रकट हुन सक्दैन । ती दुवै बीजमा वृक्ष समभावले व्यापक छ तर एउटामा प्रकट भयो किनभने त्यो रोपियो; त्यसले मल, पानी, हावा, सूर्यको किरण पायो र हिम्मत गरेर उठ्यो, सङ्कल्प लिएर साहस जुटायो र आकाशतिर फैलिन सक्यो र अज्ञातमा यात्रा गरेर वृक्ष बन्यो र फूल पनि उसमा फुल्न सक्यो तर अर्को बीज लुकेर बस्यो र उस्तै वृक्ष हुन सक्ने सम्भावना भए पनि कुण्ठित भएर बस्यो ।

श्रीकृष्ण भन्नुहुन्छ- जो मलाई प्रेमले भज्छ, त्यस्तो व्यक्ति मलाई प्रिय छ । जो व्यक्ति हरपल प्रभुलाई स्मरण गर्छ, उसलाई चारैतिरबाट प्रभुको करुणा र प्रेमको वर्षा हुन्छ । हाम्रो चेतनाको बीज जो अप्रकट छ त्यसलाई परमात्माको निरन्तर स्मरण र भक्तिद्वारा प्रकट गर्नुपर्छ । प्रेमले भज्नु भनेको यही हो । श्रीकृष्ण भन्नुहुन्छ- यसरी प्रेमले भजेमा ऊ ‘म’मा र ‘म’ उसमा प्रकट हुन्छौं । प्रभुको भक्ति नै प्रकट हुने बाटो हो र यो प्रकट हुनु पनि दोहोरो हुन्छ । जब बीज वृक्ष भएर आकाश, सूर्य, हावा र जमिनमा प्रकट हुन्छ तब यो वृक्ष मात्र प्रकट हुँदैन यो वृक्षका साथ सारा जगत् पनि प्रकट हुन्छ । जब कोही भक्त बीज बन्छ र आफ्नो चारैतिर परमात्माको स्मरणको भूमि निर्माण गर्छ, तब दोहोरो घटना घट्छ । भक्त परमात्मामा प्रकट हुन्छ र परमात्मा भक्तमा प्रकट हुन्छ, उनीहरू दुवै आमनेसामने हुन्छन् । जब हामी हाम्रो भित्रको बीज तोड्छौं र हाम्रो चेतनालाई परमात्माको सामुन्ने राख्छौं, तब दुई दर्पण आमनेसामने भएको जस्तो अवस्था प्रकट हुन्छ र हामी पनि अन्तहिन हुन्छौं ऊ त अन्तहीन छदैछ हामी पनि अनन्त हुन्छौं । परमात्मा त अनन्त नै छ हामी पनि अनादि हुन्छौं । ऊ त अनादि नै छ हामी पनि अमृत हुन्छौं ।

परमात्मासँग मिलन भएपछि बिछोड हुँदैन अनि त्यो मिलन अनन्त हुन्छ । परमात्मासँग मिलन भएको व्यक्ति फिर्ता हुने त कुरै भएन । परमात्मा सबैलाई समभावले प्रेम गर्नुहुन्छ । यो परमात्माको प्रेमको कुराभन्दा पनि हाम्रो श्रम र भक्तिको कुरा हो । परमात्माको कृपाको प्रश्न होइन हाम्रो सङ्कल्पको कुरा हो । उसको कृपा त प्रतिपल बर्सिरहेको छ तर हामी आफ्नो बाल्टीलाई घोप्ट्याएर बसेका छौं । जब बाल्टी सिधा हुन्छ, त्यो उसको कृपाको वर्षाले भरिन्छ । परमात्माको प्रेम र कृपा पाउन हामीसिवाय अरू कुनै बाधा छैन । यदि हामी परमात्मासँग मिल्न सकिरहेका छैनौं भने त्यो हाम्रा कारणले नै हो । परमात्माको प्रेम सम छ । उसको अस्तित्व हामीभित्र समान छ । हामी उसको सम्बन्धमा स्वतन्त्र छौं ।

हामीले चाह्यौं भने परमात्मालाई भक्ति, श्रम र दृढ निश्चयले पाउन सक्छौं र नचाहेमा लुकाएर राखेको बीज जस्तै अङ्कुरित नभईकन रहन्छौं ।

*मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।*
*स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥*

**हे पार्थ ! पापयोनिमा रहेका मानिसहरू तथा स्त्री, शूद्र, वैश्य आदि जो जो छन् ती सबै मेरा शरणमा परेपछि दिव्यधाममा जान्छन्, ब्रह्ममा प्राप्त हुन्छन् ॥**

*किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।*
*अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥*

**पुण्यात्मा ब्राह्मणहरू, भक्तहरू, राजर्षिहरूको त कुरै भएन; उनीहरूको अवश्य मुक्ति हुन्छ । त्यसैले यो नाशवान् र दुखमय संसारमा प्राप्त भएर तिमी मलाई नै भज ॥**

*मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।*
*मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥*

**मेरा भक्त बनेर सदैव मेरो नै चिन्तन गर । मेरो पूजा गर, मलाई वन्दना गर । आफ्नो अन्तस्करण शुद्ध पारेर आफूलाई 'म'मा नै लीन गराएपछि तिमीले मलाई नै पाउने छौ ॥**

यी श्लोकमा कृष्णले भन्नुभएका कुराको आशय बुझ्न आजको सन्दर्भमा निकै कठिन हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! पापयोनिवाला जो भए पनि उनीहरू मेरो शरण परेमा परमगतिमा प्राप्त हुने छन् । स्त्री, वैश्य, शूद्र र पापयोनिबारे बुझ्न हामीलाई निकै कठिन हुने छ । पहिलो त हामीले उपर्युक्त शब्दबाट जे बुझेका छौं त्यो यसको अर्थ होइन र कृष्णको पनि त्यो आशय होइन । मनुष्यको आत्मा त एउटै हुन्छ तर उसको मन अनेक हुन्छ । मनुष्यको परम स्थिति त एक छ तर उनीहरूका बिचको स्थिति भिन्न हुन्छ । मनुष्य आत्यन्तिक रूपमा त समान छन् तर अलग अलग स्थितिमा असमान छन् । मनुष्यको पहिलो विभाजन स्त्री र पुरुषका रूपमा गरिएको छ तर स्त्रीको अर्थ 'स्त्रैण' हो । अर्थात् पुरुषमा पनि यस्ता व्यक्ति छन् जो 'स्त्रैण' छन् । स्त्रीमा पनि यस्ता व्यक्ति छन् जो पुरुष जस्तो 'पौरुषेय' छन् । पुरुष र स्त्री प्रतीक मात्र हुन् । गुह्य विज्ञानमा आत्माको खोजमा जो चलिरहेका छन् उनीहरूका लागि 'स्त्रैण' को अर्थ यस्तो व्यक्ति हो जो केही गर्न समर्थ छैन, यात्रा गर्न सक्दैन तर प्रतीक्षा गर्न सक्छ र मार्ग देख्न सक्छ तर खोज गर्न सक्दैन । त्यसलाई 'स्त्रैण' भन्नाको पनि कारण छ । स्त्री र पुरुषका सम्बन्धमा खोज पुरुषले गर्छ र स्त्री केवल प्रतीक्षा गर्छन् । पहल नगरेर प्रतीक्षा गर्ने पुरुष पनि 'स्त्रैण' हुन्छ ।

गीताको कालखण्डको पाँच हजार वर्षपछि कार्ल गुस्ताफ जुङ्गले स्त्री र पुरुषको भेदलाई जान्ने प्रयास गरेका छन् । जुङ्गले एउटा अभूतपूर्व कुरा सिद्ध गरेका छन् त्यो हो कुनै पनि पुरुष पूर्ण पुरुष हुँदैन र कुनै पनि स्त्री पूरा स्त्री हुँदैनन् । जसलाई हामी पुरुष भन्छौं, उसमा पुरुषयौनको मात्रा अधिक हुन्छ र स्त्रीयौनको मात्रा कम हुन्छ अर्थात् ऊ साठी प्रतिशतभन्दा बढी पुरुष र चालिस प्रतिशतभन्दा कम स्त्री हुन्छ । जसलाई हामी स्त्री भन्छौं, ऊ साठी प्रतिशतभन्दा बढी स्त्री र चालीस प्रतिशतभन्दा कम पुरुष हुन्छ । शत प्रतिशत पुरुषयौन वा स्त्रीयौन भएको व्यक्ति नै हुँदैन । यो उचित कुरा पनि हो किनभने प्रत्येक व्यक्तिको जन्म स्त्री र पुरुषबाट मिलेर भएको हुन्छ । त्यसैले दुवै नै उसभित्र प्रवेश गर्दछन् । फरक मात्राको मात्र हुन्छ र दुवैले परिस्थितिबमोजिम पुरुष जस्तो र स्त्री जस्तो व्यवहार गर्छन् । सनातनीहरूको अर्धनारीश्वरको धारणालाई जुङ्गले स्त्री र पुरुषको नयाँ अर्थमा फेरि प्रस्तुत गरेका छन् ।

श्रीकृष्ण स्त्रीहरू पनि मलाई उपलब्ध हुन्छन् भन्नुहुन्छ । कृष्णको भनाइको अर्थ जो एक कदम पनि चल्दैनन्, केवल प्रतीक्षा मात्र गर्छन्, उनीहरूले पनि मलाई पाउँछन् । जो एक इन्च पनि नचली केवल मेरो स्मरण मात्र गर्छन् र अनन्य भावले मलाई पुकार मात्र गर्छन्, उनीहरूले पनि मलाई पाउँछन् भन्ने हो । 'स्त्रैण' को अर्थ हो यस्तो मन जो केही गर्न पनि समर्थ छैन । जो ग्राहक मनको हुन्छ ऊ द्वार खोलेर

प्रतीक्षा गर्न सक्छ, ज्यादाभन्दा ज्यादा समर्पण मात्र गर्न सक्छ। यसै गरी कुनै पुरुष केही नगरीकन बस्यो भने ऊ पनि 'स्त्रैण' चित्तको नै हुन्छ। श्रीकृष्ण स्त्रैण एवम् वैश्य र शूद्रले पनि मलाई पाउँछन् भन्नुहुन्छ। आत्मा एक भए पनि हाम्रो शरीर भिन्न हुन्छ र शरीरलाई हामी मनद्वारा नै पाउँछौं। हिन्दूहरूले मनुष्यका चार प्रकारका व्यक्तित्व ब्राह्मण, क्षत्री, वैश्य र शूद्र विभाजित गरेका छन्। यी चार वर्णको सम्बन्ध हाम्रो जन्मसँग हुँदैन, हाम्रो व्यक्तित्वको ढाँचासँग हुन्छ। वर्ण जस्तै मनुष्यमा चार प्रकारको व्यक्तित्व हुन्छ।

शूद्र त्यो व्यक्ति हो जो शरीरको श्रमले बाँच्दछ, जसले अस्तित्वमा शरीरभन्दा ज्यादा केही देख्दैन। शरीर नै उसको परमात्मा हुन्छ। शरीरको सुखमा ऊ प्रसन्न हुन्छ, शरीरको दुखमा ऊ दुखी हुन्छ। शरीरको माग पूरा भयो भने उसका सबै मागहरू समाप्त हुन्छन्। उसको व्यक्तित्वको केन्द्र शरीर हुन्छ। सबै व्यक्ति जन्मबाट शूद्र हुन्छन्। सबै व्यक्ति जन्मबाट शरीरको आसपास हुन्छन् र बाँकी उचाइ क्रम-अनुसार उनीहरूले आफैँ पाउनुपर्छ। जन्मबाट शूद्र भएर जन्मिनु दुर्भाग्य होइन तर अधिक व्यक्तिहरू शूद्र नै भएर मर्छन् त्यो भने दुर्भाग्य हो। यदि हाम्रो भित्रबाट शूद्र विलीन भयो भने मृत्युको पीडा हुँदैन किनभने मृत्युको पीडा भनेको शरीर ढल्ने पीडा हो। जसको शूद्रता शेष रहँदैन, ऊ अब म शरीर होइन भन्ने कुरा राम्ररी जान्दछ। संक्षेपमा भन्ने हो भने मन जो आफूलाई शरीर मान्दछ ऊ शूद्र हो। शूद्रलाई त्यसैले निम्नतम भनिएको हो। शूद्र हुनु जीवनको आधार हो। त्यसमा अरू जीवन उठाउन सकिन्छ तर यदि जीवन उठेन भने त्यो बेकार सिद्ध हुन्छ किनभने शरीरमै व्यक्ति समाप्त भयो भने उसको जीवन व्यर्थ हुन्छ। श्रीकृष्ण भन्नुहुन्छ- शूद्र जो आफ्नो शरीरलाई नै आधार मानेर बाँच्छन् उनीहरूले पनि यदि अनन्य भावले मेरो स्मरण गरे भने उनीहरू पनि मुक्त हुन्छन्। श्रीकृष्ण चित्तको निम्नतम दशा र अन्धकारमा भएको व्यक्तिले पनि मेरो स्मरण गऱ्यो भने मेरो प्रकाशको किरण उससम्म पुग्ने छ भन्नुहुन्छ।

त्यस्तै वैश्य त्यो हो जो मनको आसपास बाँच्छ। शूद्र जो शरीरको आसपास बाँच्छ, उसको आकाङ्क्षा ठोस र स्थूल हुन्छ भने वैश्यको कामना र आकाङ्क्षा मानसिक र सूक्ष्म हुन्छ। वैश्य धनको लागि बाँच्छ जुन सूक्ष्म कुरा हो। उसको धनबाट प्राप्त हुने रस मनलाई प्राप्त हुन्छ। वैश्य धन, पद, प्रतिष्ठाका लागि शरीर पनि गुमाउन तयार हुन्छ। शूद्र शरीरका लागि केही पनि गुमाउँदैन र शरीर नै उसको मौलिक मूल्य हुन्छ। शूद्र शरीरले स्वस्थ्य हुन्छ तर वैश्य शरीरबाट अस्वस्थ हुन्छ। वैश्य शूद्रको तुलनामा परमात्मातिर एक कदम अगाडि हुन्छ किनभने शरीरबाट आत्मासम्म जानका लागि कुनै न कुनै क्षण वैश्य हुनै पर्छ। सबै मानिस शूद्र भएर जन्मिन्छन् र कोही वैश्यसम्म पुगेर समाप्त हुन्छन्। वैश्य पनि एउटा विश्राम स्थल हो धाम होइन। वैश्यका लागि मन शरीरभन्दा मूल्यवान् हुन्छ; भोजन, कामवासना होइन धन, पद, प्रतिष्ठा र गौरव मूल्यवान् हुन्छ। श्रीकृष्ण भन्नुहुन्छ- वैश्य पनि यदि मेरो स्मरण गर्छ भने 'म'मा उपलब्ध हुन्छ। जो व्यक्ति मनले घेरिएका छन् उनीहरूले पनि मलाई स्मरण गरे भने मेरो किरण उनीहरूकहाँ पनि पुग्छ।

क्षत्रिय त्यो हो जो शरीर र मनबाट पार भएर आत्मामा बाँच्न थाल्छ। शूद्र र वैश्यको कोटिलाई हिन्दूहरूले तल मानेका छन् र क्षत्रिय र ब्राह्मणलाई श्रेष्ठतर मानेका छन्। जसका लागि शरीर र मनको मूल्य हुँदैन केवल आत्मगौरवको मूल्य हुन्छ त्यही व्यक्ति क्षत्रिय हो। क्षत्रिय आत्मगौरवको आसपास नै बाँच्छ र यसका लागि ऊ सबै कुरा गुमाउन सक्छ। त्यस्तै जो आत्माबाट पार भएर ब्रह्ममा बाँच्छ त्यो ब्राह्मण हो। उसका लागि शरीर, मन एवम् आत्माको पनि मूल्य हुँदैन केवल परमात्माको मात्र मूल्य हुन्छ। यो चार वर्णको जातिसँग कुनै सम्बन्ध हुँदैन। यी मनुष्यका चार मनस् प्रकार हुन्।

श्रीकृष्ण भन्नुहुन्छ- पहिलो दुई प्रकारका व्यक्ति पनि 'म' मा उपलब्ध हुन्छन् भने पछिल्लो दुई प्रकारका बारेमा त केही भनिरहन आवश्यक नै छैन। उनीहरूले मेरो स्मरण गरेमा उनीहरू 'म' मा उपलब्ध छँदै छन्। स्त्रैण, शूद्र वा वैश्य जो भए पनि जसले मेरो अनन्य भावले स्मरण गर्छन् उनीहरू मेरो शरण पाएर परम गतिमा पुग्छन्। यो जातको आधारमा निन्दा होइन तथ्यको विश्लेषण मात्र हो। शरीर र मनको तलमा बाँच्नेहरू पनि मेरा शरणमा आए भने मलाई पाउने छन्। कृष्ण शरणमा आउने मूल्य

बताउँदै हुनुहुन्छ । हामी को हौं, त्यो महत्त्वपूर्ण होइन; राम्रा छौं वा नराम्रा छौं; यो पनि महत्त्वपूर्ण होइन; केवल परमात्माको शरणमा जाने क्षमता छ कि छैन भन्ने मात्र मूल्यवान् हो । श्रीकृष्ण एक मात्र सर्त समर्पण भन्नुहुन्छ । आफ्नो अहङ्कारलाई परमात्माको चरणमा विसर्जन गर्ने कुरा महत्त्वपूर्ण हो ।

श्रीकृष्ण भन्नुहुन्छ- पुण्यशील ब्राह्मणजन र राजर्षि भक्तजनले मलाई समर्पण गरेमा उनीहरू परम गतिलाई प्राप्त हुनु सुनिश्चित छ । त्यसैले तिमी सुखरहित, क्षणभङ्गुर यस लोकमा प्राप्त भएर निरन्तर मेरै भजन गर । केवल 'म' परमात्मामा अचल मन लगाउनेवाला होऊ र 'म' परमेश्वरलाई नै निरन्तर भज्नेवाला होऊ । श्रद्धा-भक्ति र विह्वलतापूर्वक मेरो पूजन गर्नेवाला होऊ र 'म' परमात्मालाई प्रणाम गर । यसप्रकार मेरो शरणमा आएर आत्मालाई 'म'मा एक भावले समर्पित गरेमा मलाई नै प्राप्त गर्ने छौ । सुखरहित र क्षणभङ्गुर लोकमा जहाँ बाँचिरहेका छौं, त्यहाँ सुखको आभास त धेरै हुन्छ तर सुख प्राप्त हुँदैन । त्यहाँ केवल दुख मात्र प्राप्त हुन्छ तर आभास भने सुखको हुन्छ । श्रीकृष्णले दुखले भरिएको संसार नभनीकन सुखरहित संसार भन्नुभएको छ किनभने दुख त हामीले यस जगत्लाई सुख मानेका कारणबाट पैदा भएको हो । हामी सुख जगत्लाई मान्छौं, त्यसैले दुख पाउँछौं । यदि हामीले जगत्मा सुख माग गरेनौं भने हामीलाई दुख प्राप्त हुँदैन । दुख हाम्रो अपेक्षाको परिणाम हो । टुटेको अपेक्षा र प्राप्त नभएको सुख दुख बन्दछ । त्यसैले जगत्लाई दुख भन्नु उपयुक्त हुँदैन किनभने दुख त हाम्रो अपेक्षा पूरा नभएर जन्म भएको हो ।

यदि कुनै मनुष्यले जगत् सुखरहित छ भनेर जान्यो भने उसलाई यस जगत्मा दुख हुँदैन । दुख स्व-आर्जित हो र जगत् क्षणभङ्गुर हो, जो एक क्षणमा नष्ट हुनेवाला छ । हामीलाई जगत् स्थिर छ जस्तो लाग्छ तर जगत् प्रतिपल परिवर्तित भइरहेको छ । परिवर्तन नदी जस्तो तीव्र गतिले प्रतिपल बगिरहेको छ । नदी त बगिरहेको देखिन्छ, पहाड स्थिर देखिन्छ तर पहाड पनि बगिरहेको छ । केवल पहाडको बग्ने समय अलि लामो हुन्छ र नदीको बग्ने समय तीव्र हुन्छ । त्यसैले नदी बगेको देखिन्छ तर पहाड बगेको देखिँदैन । हिजो जुन पहाड थिए ती आज छैनन् र आज जुन पहाड छन् ती भोलि हुँदैनन् । अब त वैज्ञानिकहरू भन्छन्- प्रत्येक कुरा बगिरहेको छ अर्थात् प्रत्येक कुरा गतिमान् छन् । यहाँ हरेक क्षण केही परिवर्तन भइरहेको छ । यहाँ कुनै कुरा पनि एक क्षणभन्दा धेरै टिक्दैन । बाहिर र भित्र दुवैतर्फ एक क्षण पनि कुनै कुरा टिक्दैन । हाम्रो मन एक क्षण पनि उहीँ रहँदैन । एकक्षण अघि जुन कुरामा सुख लागिरहेको थियो एक क्षणपछि दुखमा बदलिन्छ । भित्र मन बदलिरहेको र बाहिर संसार बदलिरहेको छ, कुनै पनि कुरा रोकिएको छैन । जहाँ केही कुरा रोकिएको छैन, त्यहाँ हाम्रो रोक्ने आकाङ्क्षाले हामीलाई दुख मात्र प्राप्त हुन्छ । हामी प्रत्येक राम्रा कुरालाई रोक्न चाहन्छौं, जो जगत्को नियमको विपरीत हो; त्यसैले हारेर हामी दुखी हुन्छौं । जीवनको प्रवाह विपरीत हामी स्थिरलाई खोज्न चाहन्छौं जुन कवितामा मात्र सम्भव हुन्छ । कुनै पनि कुरा स्थिर छैन केवल एक मात्र कुरा स्थिर छ त्यो हो परिवर्तन । ज्ञानको अर्थ जीवनको नियमलाई जानेर बाँच्नु र अज्ञानको अर्थ जीवनको नियमका विपरीत चल्नु हो । नियमको विपरीत चल्दा मानिसले दुख मात्र पाउँछ ।

श्रीकृष्ण भन्नुहुन्छ- यो सबै क्षणभङ्गुर छ । त्यसैले क्षणभङ्गुर यस लोकमा तिमी निरन्तर मेरो नै भजन गर । अनि मात्र तिमीले त्यो पाउन सक्ने छौं, जो कहिल्यै पनि क्षय हुँदैन । बाँकी तिमीले धन, यश, कीर्ति, राज्य जे पाए पनि त्यो समाप्त हुन्छ । यस संसारमा केही पाउने बित्तिकै त्यो हराउन थाल्छ । यहाँ जित सुरु हुनेबित्तिकै हारको सुरुवात भइहाल्छ । यसको कारण जीवन क्षणभङ्गुर छ, त्यसैले जीवनसँग लड्नु बेकार छ । यसरी लडेमा व्यक्ति नै टुट्छ । यो शक्ति जो जीवनसँग लड्न लागिरहेको छ त्यही शक्तिलाई अर्को उपलब्धिपूर्ण कुरा शाश्वत परमात्माको प्रेममा लगाउन सकिन्छ । जीवनको नियमका विपरीत जबसम्म क्षणभङ्गुर कुरामा हामी शाश्वतलाई खोज्छौं, तबसम्म टुटि नै रहन्छौं र त्यो शाश्वतको प्रतीति हुन सक्दैन । जमिनभन्दा २०० माइल माथि जमिनको गुरुत्वाकर्षणले तान्न नसके जस्तै

परमात्माको प्रेममा उठ्नेबित्तिकै सारा नियम अर्कै हुन्छ । यहाँ सबै क्षणभङ्गुर छ तर त्यहाँ सबै शाश्वत हुन्छ । यहाँ सबै सुखरहित छ त्यहाँ सबै दुखरहित हुन्छ । त्यहाँ न सुख न दुख केवल आनन्द मात्र हुन्छ ।

जहाँ कुनै परिवर्तन हुँदैन, त्यहाँ समय पनि हुँदैन किनभने समय त परिवर्तनको माध्यम हो । यहाँ हामी समयमा बाँच्छौ र समय हामीलाई एक क्षण मात्र प्राप्त हुन्छ । दुई क्षण एकसाथ कहिल्यै पनि हुँदैन । एक क्षण समाप्त भएपछि मात्र अर्को क्षण हातमा आउँछ । यसको अर्थ हामीसँग एक क्षणभन्दा बढी जिन्दगी कहिले पनि हुँदैन भन्ने हो । एउटा पानीको थोपामा जति इलेक्ट्रोन हुन्छ, त्यसलाई तीन अरब व्यक्तिहरूले गणना गरे भने ६ करोड वर्ष लाग्छ । त्यसै एक सेकेन्डमा कति क्षण हुन्छ भन्न कठिन छ । एकक्षण जान्नमा जति समय लाग्छ, तबसम्म ऊ बितिसक्छ । क्षण यति सानो छ कि त्यो हाम्रो हातमा छ भन्ने पनि थाहा हुँदैन । त्यसैले जीवन पनि यति क्षणभङ्गुर छ कि कहिले हामीबाट गुज्रिन्छ त्यो थाहा पनि हुँदैन । यो परिवर्तन र भाग्ने समयको धारामा जो जीवनको शाश्वत भवन बनाउने कोसिस गर्छ, ऊ दुख र पीडामा पर्नु स्वाभाविक हो । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! यो क्षणभङ्गुर र सुखरहित संसारमा तिमी मलाई स्मरण गर र अनन्य प्रेमले अचल मनवाला भएर 'म' परमेश्वरलाई निरन्तर भज । श्रद्धा, भक्ति र प्रेमले विह्वलतापूर्वक पूजा गर र 'म' परमात्मालाई प्रणाम गर । मेरो शरण भएर 'म'सँग एकै भाव भएको व्यक्तिले नै मलाई प्राप्त गर्ने छ ।

यी सबै भनाइको सार संसारमा दृष्टि नराख्नु भन्ने नै हो किनभने त्यहाँ केही पनि हातमा आउँदैन । जो हातमा आउन सक्छ त्यो एकदम किनारामा नै स्थित छ; दृष्टि घुमाएपछि मात्र त्यसलाई देख्न सकिन्छ । संसारमा ध्यान नदिई जसमा संसार बगिरहेको छ र जसमा संसार उत्पत्ति र लय हुन्छ त्यसमा ध्यान दिनुपर्छ, आफ्नो आँखा खोलेर त्यसको दर्शन गर्ने प्रयास गर्नुपर्छ । नित्सेले भनेका छन्- अभागी त्यो व्यक्ति हुन्छ, जब मानिस आफूबाट तृप्त हुन्छ । धर्मको अर्थ पनि व्यक्ति आफूसँग अतृप्त हुनु हो । मनुष्य हुनु पर्याप्त छैन किनभने उसमा परमात्मा हुने सम्भावना छ । त्यो सम्भावनाको खोजले नै परमात्मातिर उठाउँछ ।

एउटा बालक आमाको कोखमा नौ महिनासम्म रहँदा उसले श्वास पनि फेर्दैन र जन्मिएपछि पहिलो पटक रुन थाल्छ । त्यो रुवाइ श्वास फेर्नका लागि हो तर बालकमा एउटा बेचैनी हुन्छ त्यो जान्नका लागि जो उसले जानेको छैन र बच्चामा अनजान जगत्मा प्रवेश गर्नुअघिको व्याकुलताले विह्वलता पैदा हुन्छ । कृष्णले त्यही विह्वलताको कुरा भन्नुभएको हो । बच्चा रुन्छ र त्यही रुवाइमा श्वास भित्र बाहिर हुन्छ र हृदयको धड्कन सुरु हुन्छ । त्यसैले जन्मिने बित्तिकै बच्चा रुन्छ, नरोएमा रुवाउने प्रयास गरिन्छ । हामीलाई परमात्माका बारेमा र यस जगत्का बारेमा केही थाहा छैन । यदि परमात्माको बारेमा केही थाहा छैन भने हामी बच्चा रोएजस्तै गरेर रुन, हृदयपूर्वक पुकार गर्न र आँसु बगाउन त सक्छौं । श्रीकृष्णले यसैलाई विह्वलता भन्नुभएको हो । परमात्मा अगाडि देख्न नसक्दा जुन बेचैनी पैदा हुन्छ, त्यही नै विह्वलता हो । अन्जान जगत्मा प्रवेश गर्नका लागि जब व्यक्ति रोदनले भरिन्छ, तब उसको श्वासले प्राण लिन सुरु गरेर ऊ अर्कै लोकमा प्रवेश गर्छ । श्रीकृष्ण त्यसैलाई परमात्माले विह्वलतापूर्वक गरेको प्रार्थना सुन्छन् भन्नुहुन्छ ।

संसाररूपी सागरमा प्रयास र श्रम गर्दा पनि गन्तव्यमा कहिल्यै पुगिँदैन तर अर्को लोक जसका बारेमा श्रीकृष्ण भन्दै हुनुहुन्छ, त्यहाँ व्यक्तिले श्रम र प्रयास गर्नु नै पर्दैन । त्यहाँ परमात्माले नै सबै सञ्चालन गर्छ । उसकै हावाले हाम्रो डुँगालाई चलाउँछ केवल हामीले उसलाई जिम्मा दिएर समर्पित हुनु मात्र पर्छ । आफ्नो डुँगालाई नख्याई उसैलाई छोड्नु र उसले जहाँ लान्छ, त्यहीँ जानु नै समर्पण हो । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्ति जसले सबै छोड्छ ऊ 'म'मा उपलब्ध हुन्छ । परमात्माप्रति समर्पण नै नयाँ जीवनको सुरुवात हो । परमात्माप्रति विह्वलतापूर्वक प्रार्थना, पुकार र उसमा समर्पण भाव नै रूपान्तरण हो । कृष्णप्रति निरन्तर अनन्य भावले श्रद्धापूर्वक समर्पण गरी स्मरण गर्नु नै हाम्रो जीवनको स्वभाव हो जसबाट हामी कृष्णमा लीन हुन सक्छौं ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे राजविद्याराजगुह्ययोगो नाम*
*नवमोऽध्यायः ॥९॥*







*ॐ श्रीपरमात्मने नमः*

दसौं अध्याय

# विभूतियोगः

*श्रीभगवानुवाच ।*
*भूय एव महाबाहो श्रृणु मे परमं वचः ।*
*यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥*

**भगवान्ले भन्नुभयो- हे महाबाहु ! तिमी मेरा अतिशय प्रिय भएकाले तिम्रो हितका लागि पुनः अहिलेसम्मकै श्रेष्ठ परम रहस्य र प्रभावयुक्त परम वचन भन्दछु सुन ॥**

*न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।*
*अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥*

**मेरो उत्पत्तिको कुरा अर्थात् लीलाले प्रकट हुने कुरा देवगण तथा महर्षिहरूले पनि जान्दैनन् किनभने म नै सबैप्रकारबाट देव र महर्षिहरूको आदिकारण हुँ ॥**

*यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।*
*असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥*

**जसले मलाई अजन्मा, अनादि र ब्रह्माण्डको महान् ईश्वर तत्त्व हो भन्ने जान्दछ, तीमध्ये मोहरहित वा ज्ञानवान् पुरुष सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ ॥**

जीवन रहस्य हो किनभने रहस्य नै जीवनको स्वभाव हो । कुनै पनि अज्ञात जो भोलि ज्ञात हुन सक्छ, त्यो रहस्य होइन । कहिले पनि जान्न नसकिने अज्ञेय मात्र रहस्य हो । यस्तो अज्ञात र अज्ञेयको सम्बन्धको वचनलाई श्रीकृष्ण परम वचन भन्नुहुन्छ । वचन सत्य र असत्य हुन्छ तर श्रीकृष्ण सत्य वचन नभनेर परम वचन भन्नुहुन्छ । सत्य वचनका विपरीत असत्य वचन पनि हुन सक्छ तर परम वचनका विपरीत कुनै वचन हुँदैन । परम वचन सत्य र असत्यभन्दा माथिको वचन हो । हामी जसका सम्बन्धमा कहिले पनि निर्णायक हुन सक्दैनौं, त्यो परम वचन हो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमीप्रतिको प्रेम र तिम्रो हितका लागि परम वचन फेरि भन्छु, त्यसलाई तिमी सुन । अर्जुन जुन अवस्थामा छन् त्यो अवस्थामा यो परम वचनका बारेमा केही पनि बुझ्न सक्दैनन् । परम वचनका लागि व्यक्ति समर्पित नभई जान्न सक्दैन, त्यसैले धर्मले श्रद्धालाई आधार बनाएको हो ।

परम वचन यस्तो वचन हो जो समय र कालले रूपान्तरित हुन सक्दैन । हाम्रो सबै सत्य सामयिक हो जुन समय बदलिएपछि बदलिन्छ । तर यस्तो सत्य पनि छ जो समयमा बाँधिएको छैन । हरेक परिवर्तनका पछाडि अपरिवर्तन लुकेको हुन्छ र हरेक गतिका पछाडि केन्द्रमा गति नहुने स्थिर कुरा पनि हुन्छ । सबै परिवर्तनमा पनि जो परिवर्तन नभई स्थिर रहन्छ त्यसलाई जान्नु नै परम सत्यलाई जान्नु हो । श्रीकृष्ण यस्तो सत्यलाई बताउने वचन नै परम वचन भन्नुहुन्छ । परम सत्य केवल त्यसलाई मात्र भन्न सकिन्छ जो अतिशय प्रेमले भरिएको हुन्छ । यो जान्नका लागि एउटा गहिरो सम्बन्ध चाहिन्छ किनभने जससँग सत्य वचन बोलिन्छ त्यो सुन्ने व्यक्तिमा पनि उत्तिकै सद्भाव हुनुपर्छ । अर्जुनसँग कृष्णको गहिरो प्रेम एवम् सद्भाव रहेकाले पनि उहाँले यो परम सत्य भन्न लाग्नुभएको हो । प्रेम यस्तो द्वार हो, जहाँबाट गहिरो कुरा भन्न सकिन्छ किनभने प्रेममा मध्य हुँदैन अति मात्र हुन्छ । अर्जुनमा प्रेमपूर्ण समर्पणको भाव देखेर कृष्ण उनलाई परमसत्य भन्न खोज्दै हुनुहुन्छ । सत्य यस्तो पनि हुन सक्छ जसबाट कसैको हित नहोस् । विज्ञानले यस्तो धेरै सत्य खोजेको छ जसबाट संसारमा अहित मात्र भइरहेको छ ।

त्यसैले कुनै पनि कुरा सत्य हुनु मात्र पर्याप्त छैन । सत्य आफैँमा पर्याप्त हुँदैन, सत्य त कहीँ पुग्ने साधन मात्र हो । श्रीकृष्ण भन्नुहुन्छ- मनुष्यको परम मङ्गल जुन सत्यबाट प्राप्त हुन्छ, त्यो तिम्रा हितका लागि भन्छु । सत्यको परम कसौटी आनन्द हो । त्यसैले जुन सत्यबाट आनन्द फलित हुन्छ, त्यही सत्य हो । बुद्धले जसले परम अवस्थामा पुऱ्याउँछ त्यो सत्य हो भन्नुभएको छ ।

हे अर्जुन ! मेरो उत्पत्तिलाई अर्थात् विभूतिसहित लीलाले प्रकट हुनुलाई न देवताहरू जान्दछन् न महर्षिजन नै जान्दछन् किनभने 'म' सबै प्रकारले देवता र महर्षिहरूको पनि आदिकारण हुँ । यो कुरा बुझ्न परम श्रद्धा आवश्यक हुन्छ । यो जगत्को जुन मूल आधार हो, त्यसलाई कोही पनि जान्न सक्दैनन् किनभने त्यो मूल आधार देवता र महर्षि नहुँदा पनि थियो । म आफ्नो आँखाले सबै देख्न सक्छु तर आफ्ना आँखा भने देख्न सक्दिनँ । त्यो मौलिक वा मूल जसबाट देवता र महर्षिहरूका साथै सबै जन्मिन्छन् र उसैमा लीन हुन्छन्, उसको जन्म र हुनुलाई अर्थात् अस्तित्वको मूल कारणलाई कसैले पनि देख्न सक्दैन । उसको भनाइलाई श्रद्धाले मान्नुका अतिरिक्त अन्य कुनै उपाय पनि हुँदैन । जान्ने पुरुषहरू महर्षि हुन् तर कृष्णको यस भनाइले जो जान्दछन् उनीहरू पनि उत्पत्तिका बारेमा अनभिज्ञ छन् । हामी कोही पनि जान्न सक्दैनौँ किनभने हामीहरू सबै उसका अंश हौँ । त्यो मूलको उत्पत्ति अज्ञात र अज्ञेय नै हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' देवता र महर्षिको पनि आदिकारण हुँ । समस्त दिव्यता र ज्ञान मेरो नै रूप हो । मेरो ज्ञानले मलाई जान्न सक्दैन । हाम्रो आँखाले आफूलाई ऐनामा देख्न सक्छ तर ऐनामा देखिने आँखा प्रतिविम्ब मात्र हो । त्यसैले ऋषिहरूले पनि जानेको कुरा परमात्माको छायाँ मात्र हो परमात्मा होइन । देवता पनि जसको पूजाअर्चना गर्छन्, त्यो परमात्माको छाया हो । जुन दिन प्रतिविम्ब छुटेर जान्नेवाला आफूलाई पनि भुल्छ, त्यो दिन ऊ ऋषि र देवता हुँदैन परमात्मा नै हुन्छ । त्यही परमात्मा नै आफ्नो अभिव्यक्ति श्रीकृष्णद्वारा गरिरहेको छ ।

हिन्दूहरू वेदलाई परमात्माको वचन भन्छन् । कुरानलाई मुसलमानहरू ईश्वरबाट सिधा प्रकट भएको इलहाम भन्छन् । इसाईहरू पनि बाइबल ईश्वरीय रुहानी वा प्रसिद्ध धर्मग्रन्थ हो भन्छन् तर यस कुरालाई कसैले पनि ठिकसँग सिद्ध गर्न सकेका छैनन् । यी सबै महान् ग्रन्थमा अत्यन्त बुद्धिमान्हरू र श्रेष्ठतम व्यक्तिहरूका वचन हुन सक्छन् तर ती ईश्वरीय हुनुको कुनै कारण पुष्टि गर्न सकेका छैनन् तर ईश्वरीय मान्ने कारण कृष्णको यस कथनमा छ । यो जगत्को मौलिक आधारसम्बन्धी वक्तव्य मूलबाट अर्थात् ईश्वरबाट मात्र आउन सक्छ अर्को व्यक्तिले दिन सक्दैन । सागरले नै आफ्ना बारेमा भन्नु ठिक हुन्छ, थोपाले भन्नु गलत हुन्छ । हामी सबै आफ्नो आशय वा अर्थ ग्रन्थहरूमा हाल्छौँ । जब हामी वेद पढ्छौँ, तब आफूलाई वेदमा हाल्छौँ र हामी जे छौँ, त्यही अर्थ निकाल्छौँ तर जब हामी परिवर्तन भएर वेद पढ्छौँ, तब वेदको अर्थ अर्कै हुन्छ । जब हामीमा अहङ्कार नरहेर परमात्मा मात्र शेष रहन्छ, तब त्यसको अर्थ पूर्णरूपमा अलग हुन्छ । जसले सत्य अनुभव गरेको छ उसले जान्दछ कि वेदका वचनहरू ऋषिका वचन होइनन्, ती ऋषिहरूको पारबाट आएका वचन हुन् । मनुष्यको पारबाट वचन तब मात्र आउँछ, जब ऊ कर्तापन त्याग्न तयार हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- म देवता र ऋषिको पनि आदिकारण हुँ र जो मलाई अजन्मा, अनादि तथा लोकहरूको महान् ईश्वर तत्त्वले जान्दछ ती मोहरहित ज्ञानवान् पुरुष सम्पूर्ण पापबाट मुक्त हुन्छन् । उही व्यक्ति पाप र अज्ञानवाट मुक्त हुन्छ जो अजन्मा तत्त्वलाई जान्दछ । हामी ईश्वरलाई स्रष्टा मान्छौँ तर ईश्वर स्रष्टा मात्र होइन अस्तित्व हो, जहाँ उही मात्र छ उसका अतिरिक्त अरू कोही पनि छैन । जे हामी देख्छौँ, त्यो ईश्वरभन्दा भिन्न होइन, सबै उसैको अभिव्यक्ति हो । ईश्वरको अर्थ पूर्णता हो र सम्पूर्ण अस्तित्वको धार्मिक नाम ईश्वर हो । यो सृष्टि वा प्रकृति जो चारैतिर फैलिएको देखिन्छ त्यो परमात्माको नै अंश हो । यो परमात्मा जस्तै अजन्मा छ । जन्म हाम्रो प्रारम्भ हो र अन्त्य हाम्रो मृत्यु हो । हामी संसारमा प्रारम्भ र अन्त्य नहुने केही पनि जान्दैनौँ । त्यसैले यो गूढ रहस्यलाई स्वीकार गर्न हाम्रो बुद्धिलाई

अडचन हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसले 'मलाई' अजन्मा, अनादिको रूपमा जान्दछ त्यो व्यक्ति ज्ञानवान् हो र यस्तो जान्ने व्यक्ति सम्पूर्ण पापबाट मुक्त हुन्छ । यो अस्तित्वको कुनै प्रारम्भ र अन्त छैन । वैज्ञानिकहरू पनि एउटा बालुवाको कणलाई निर्माण वा नष्ट गर्न सकिँदैन केवल रूप परिवर्तन गर्न सकिन्छ भन्दछन् । यस जगत्को परिमाणात्मक स्थिति रत्तीभर पनि परिवर्तित हुँदैन ।

जब ईश्वरको कुनै प्रारम्भ र अन्त्य छैन एवम् ऊ अजन्मा हो भनेर जानिन्छ, तब आफ्नो र अरू कसैको पनि कुनै प्रारम्भ र अन्त्य नभएको ज्ञात हुन्छ त्यस स्थितिमा पापको कुनै अर्थ रहँदैन र आफूले गरेको पाप वा आफूमाथि अरूले गरेको पाप मूल्यहीन हुन्छ । यदि म मृत्युपछि पनि शेष रहन्छु र जन्मभन्दा पहिले पनि म थिएँ भने जीवनमा जुन कुराहरूप्रति आसक्ति राखेर मूल्यवान् मानिन्थ्यो त्यो मूल्यहीन हुने छ र सबै कुरा खेल जस्तो मात्र हुने छ । यस्तो बोध भएपछि जित-हार बराबर भएर मेटिनुको अर्थ पनि रहँदैन । खेलमा हार भएर पनि हामी मेटिँदैनौँ र जित भएर पनि हामी नयाँ हुँदैनौँ । यस्तो बोध भएपछि पाप र पुण्य दुवै मूल्यवान् हुँदैनन् र आफू जे छु त्यो मूल्यवान् हो भन्ने ज्ञानको उदय हुन्छ । यो ज्ञानविना कोही पनि पापबाट मुक्त हुन सक्दैनन् । हामीजस्तै अर्जुनले पनि यो ज्ञानको ज्योति बुझेका छैनन् । त्यसैले युद्धमा आफन्तहरूलाई मार्नु उनी पाप ठान्दछन् । श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमीले यो अजन्मा र अनादिलाई जान्यौ भने पाप र पुण्यको जुन धारणा तिमीमा पैदा भएको छ, त्यो सबै विसर्जित हुने छ ।

परम ज्ञानीका लागि पाप र पुण्यको कुनै अर्थ हुँदैन र उसले जे गर्छ त्यो पुण्य नै हुन्छ । व्यक्ति जब ईश्वरको अखण्डता र सातत्वको अनुभव गर्छ, तब पाप र पुण्यको परिभाषा नै बदलिन्छ । अज्ञानमा पाप हुन्छ र ज्ञानमा पुण्य हुन्छ । अज्ञानमा गरिने पुण्य पुण्य नै होइन । अज्ञानीले मन्दिर बनाउँदा पुण्य गरेको ठान्दछ तर त्यो पुण्य गर्नका लागि पाप गरेर धनार्जन गरेको हुन्छ । तसर्थ अज्ञानीले जे गरे पनि अज्ञानको कारण त्यो पाप नै हुन्छ । ज्ञानीले गरेका हरेक क्रियाकलाप पुण्य हुन्छन् । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी युद्ध लड्ने चिन्ता नगर बरु ज्ञानको चिन्ता गर । तिमीले ज्ञान प्राप्त गर्‍यौ भने यी सारा युद्धमैदानमा उपस्थित मानिसहरूलाई काटे पनि त्यो पाप हुँदैन तर यदि ज्ञान भएन भने तिमी जङ्गलमा भागेर गए पनि या तिमीले जुनसुकै क्रियाकलाप गरे पनि त्यो पाप नै हुन्छ । यो परमज्ञान परमात्मासँग एकत्व भएमा मात्र हुन्छ । श्रीकृष्ण यसमा यस्तो परमवचनको घोषणा गर्दै हुनुहुन्छ जसलाई बुद्धिले जान्न सकिँदैन, तर्कबाट ऊसम्म पुग्ने कुनै उपाय छैन, यसलाई त प्रेम र श्रद्धाले मात्र जान्न सकिन्छ ।

श्रीकृष्ण अर्जुनको हितका निम्ति यी कुरा भन्दै हुनुहुन्छ तर अर्जुन सुन्न तयार भएपछि मात्र उनले यो परमसत्य बुझ्ने छन् । यस परमसत्यको आशय जीवन अनादि र अजन्मा हो भन्ने हो । अस्तित्वको न कुनै प्रारम्भ हुन्छ न अन्त्य नै हुन्छ । हामी यो अस्तित्वमा सानो छालभन्दा बढ्ता होइनौँ । हाम्रो कर्म यो परम विस्तारलाई सोच्दा एउटा लीला या खेल मात्र हो । यस संसारको विस्तार सीमाहीन छ । यहाँ करिब चार अरब ताराहरूभन्दा पनि कैयौँ गुणा बढी मापन गर्न नसक्ने विस्तार छ । हामीलाई असीमको अलिकति मात्र झलक मिल्यो भने हाम्रो जीवनमा सबै लडाइँ व्यर्थ हुन्छ । हामीले यदि परमात्माको विस्तारको अनुभव गर्न सक्यौं भने पाप र अहङ्कार कहीँ पनि टिक्न सक्दैन र त्यो सबै हराएर जान्छ । त्यो हराउने बित्तिकै व्यक्ति व्यक्ति रहँदैन परमात्मा हुन्छ ।

*बुद्धिर्ज्ञानमसम्मोहः क्षमा सत्यं दमः शमः ।*
*सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥*

**निश्चय गर्ने शक्ति बुद्धि, यथार्थ ज्ञान, असम्मोह, क्षमा, सत्य, इन्द्रिय र मनको नियन्त्रण, सुख-दुख, जन्म-मृत्यु, भय-अभयको भाव पनि मबाट नै पैदा हुन्छ ॥**

*अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।*
*भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥*

**अहिंसा, समता, सन्तोष, तप, दान, यश, अपयश लगायतका प्राणीहरूका अनेक प्रकारका भावहरू 'म' बाट नै हुन्छन् ॥**

*महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।*
*मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥*

**सात महर्षिहरू, त्यसभन्दा अघिका चार सनकादि मुनिहरू, चौध मनुहरू सबै मेरा मन वा सङ्कल्पबाट उत्पन्न भएका र 'म'मा सद्भाव राख्नेहरू हुन्, जसको संसारमा यी सबै प्रजा हुन् ॥**

आकाशले जसरी सम्पूर्णलाई घेरेको हुन्छ त्यसरी नै पदार्थ र चेतनाको कण-कणमा परमात्मा अभिव्यक्त हुन्छ । श्रीकृष्णले यी श्लोकमा अर्जुनलाई यस संसारमा 'म' सिवाय केही पनि छैन भन्नुभएको छ । कुनै तत्त्व जसले सबैलाई जोडेको छ त्यसलाई हामी देख्दैनौं । हामी मालामा फूल देख्छौँ तर ती फूल भित्रको धागो देख्दैनौं । हामी खण्ड देख्छौँ तर अखण्ड देख्दैनौं किनभने हामीलाई त्यसको कुनै अनुभव नै छैन । जबसम्म अखण्डको अनुभव हुँदैन, तबसम्म परमात्माको प्रतीति हुन सक्दैन । हामी जुन अखण्डलाई दर्शन गर्न मन्दिर, मस्जिद, चर्च, गुम्बा, गुरुद्वारामा जान्छौँ, त्यहाँ ती मन्दिरहरूले पनि अखण्डलाई खण्ड खण्डमा तोड्न सहायता गरेका छन् । मन्दिरहरू त अलग छन् भने पूरा जीवन एक हुन अत्यन्त कठिन छ । वास्तवमा मन्दिरहरू अलग होइनन् तर हाम्रो हेराइको ढङ्ग अलग भएकाले हामी अखण्ड देख्न सक्दैनौं । हामी विशाल समग्र जसले हामीलाई घेरेको हुन्छ त्यसलाई देख्दैनौं । अर्जुनको पनि हाम्रो जस्तै कठिनाइ छ । उनलाई पनि अखण्डको अनुभव भएको छैन । उनी आफू, आफन्तजन, मित्र-शत्रु, सुख-दुख, पाप-पुण्य सबै देख्छन् तर त्यो एक जो सबैको भित्र लुकेको छ त्यो मात्र देख्न सक्दैनन् । अर्जुन खण्डित र कृष्ण अखण्डित दृष्टिका प्रतीक भएकाले कृष्ण र अर्जुनका बिचमा दुई दृष्टिकोणका बारेमा चर्चा भएको हो । यस सन्दर्भमा श्रीकृष्ण अर्जुनलाई 'म' कहाँ कहाँ छु भन्ने जानकारी दिँदै हुनुहुन्छ । 'म' नै सबै ठाउँ र सबैमा छु भन्नु नै पर्याप्त हुने थियो तर यसरी भन्दा अर्जुनले बुझ्न नसक्ने भएकाले उनलाई खण्ड खण्डमा बताउन खोज्दै हुनुहुन्छ । अर्जुनलाई खण्डमा त्यो अखण्डको प्रतीति हुनसक्यो भने खण्ड एक दिन हराउने र पूर्ण अखण्डको दर्शन हुने छ ।

श्रीकृष्ण भन्नुहुन्छ- निश्चय गर्ने शक्ति एवम् तत्त्वज्ञान र अमूढता 'म' हुँ । यी तीन शब्द ज्यादै मूल्यवान् छन् । हाम्रो मन अनिश्चय गर्ने शक्ति जस्तै छ । मनको सारा काम नै हामीलाई निश्चित हुन नदिनु हो । मन जहिले पनि अनिश्चयमा नै हुन्छ र पूरा मन कहिल्यै हुँदैन । मनको एक हिस्सा हमेसा विरोधमा हुन्छ । हामी कसैसँग प्रेम गर्दा पनि पूर्ण मनले गर्दैनौं । मन जहाँ पूर्ण हुन्छ त्यहाँ मन समाप्त हुन्छ र जबसम्म अधुरो हुन्छ तबसम्म मन हुन्छ । अधुरो हुनु, खण्ड-खण्डमा बाँडिनु एवम् द्वन्द्वमा रहनु मनको स्वभाव हो । अधुरो व्यक्तिसँग मन हुन्छ तर पूर्ण व्यक्तिसँग मन हुँदैन । राम, कृष्ण, बुद्ध जस्ता व्यक्तिसँग मन हुँदैन । जब मन हराउँछ, तब आत्माको दर्शन र परमात्माको झलक मिल्न थाल्छ । मनको ठुलो हिस्साले जे भन्छ हामी त्यही गर्छौं तर एक भाग मन जहिले पनि विपक्षमा रहन्छ र आफ्नो कार्य सम्पन्न गराउन समयको प्रतीक्षा गरिरहन्छ । मन दिनभर कैयौँपटक आफ्नो विचार परिवर्तन गरिरहन्छ, पछुताउँछ र मनले पुनः त्यसरी नै आफ्नो काम सञ्चालन गर्छ । हाम्रो सिङ्गो जीवनलाई मनले यसरी नै सञ्चालन गरिरहन्छ । मनले कुनै पनि निर्णय पूर्ण रूपमा लिँदैन ।

श्रीकृष्ण पहिलो कुरा निश्चय गर्ने शक्ति 'म' हुँ भन्नुहुन्छ । हे अर्जुन ! जुन दिन तिमी पूर्ण निश्चय गर्न सक्ने छौ त्यो दिन तिमीले मलाई 'म' को हुँ र कसको कुरा गर्दै छु भनेर जान्ने छौ । जबसम्म तिमी

पूर्ण निश्चय गर्न सक्दैनौ, तबसम्म तिमीले मलाई चिन्न सक्दैनौ । हामीले कहिल्यै पूर्ण निश्चय गर्न सकेका छैनौँ । जुन मनले हामी निश्चय गर्छौं, त्यो मनको स्वभाव नै कम्पन हो । त्यसैले जब हामी कुनै निर्णय गर्छौं, त्यो पूर्ण रूपमा सम्पन्न गर्दैनौं, पश्चात्ताप गर्छौं र फेरि त्यही मनको इच्छानुसार नै चल्न थाल्छौँ । पूर्ण निश्चय तब हुन्छ, जब कुनै व्यक्ति मनभन्दा माथि उठ्न थाल्छ । समस्त ध्यानका प्रक्रियाहरू मनभन्दा माथि उठ्ने विधि हुन् । मनको अर्थ विचलित चेतना हो र ध्यानको अर्थ मनको मृत्यु र अविचलित चेतना हो । एक क्षणका लागि पनि भित्र समरसता आयो भने व्यक्ति निश्चयमा प्राप्त हुन्छ र तत्क्षण परमात्मामा उपलब्ध हुन्छ । निश्चय भनेको यस्तो अवस्था हो, जहाँ मन रहँदैन । श्रीकृष्ण भन्नुहुन्छ- निश्चयमा र तत्त्वज्ञानमा 'म' हुन्छु ।

तत्त्वज्ञानको अर्थ दर्शनशास्त्र (Philosophy) होइन । पश्चिममा विचारको धारणा विकसित भएको छ जसलाई दर्शनशास्त्र भनिन्छ तर हिन्दूहरूले पूर्वमा तत्त्वज्ञानको विकास गरेका छन् । तत्त्वज्ञान दर्शनशास्त्र होइन । दर्शनशास्त्रको अर्थ चिन्तन र विचार हो भने तत्त्वज्ञानको अर्थ दर्शन, साक्षात्कार, अनुभूति र जान्नु हो । हिन्दूहरू जान्नु वा तत्त्वज्ञान प्राप्त गर्नुमा जोड दिन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- सोच्नु 'म' होइन जान्नु 'म' हुँ । विचार शब्दको सङ्ग्रह हो र यसबाट परमात्माको कुनै अनुभव हुँदैन । शब्दबाट जतिसुकै परमात्मा भनेर रटे पनि कहीँ पुगिँदैन । तथाकथित धार्मिक व्यक्तिलाई रटेर परमात्मामा पुगिन्छ भन्ने भ्रम हुन सक्छन् । यस्ता व्यक्तिहरू शब्दका धनी र शास्त्रका ज्ञाता हुन्छन् । उनीहरूको सिद्धान्त र स्मृति राम्रो हुन्छ र त्यही स्मृति दोहोऱ्याउँदै उनीहरू परमात्मालाई जान्दछन् भन्ने भ्रममा हुन्छन् । उनीहरू आफ्ना शब्द सुन्दा सुन्दा आत्मसम्मोहित हुन्छन् । जान्नुको सम्बन्ध शब्द र बुद्धिभन्दा पनि मौन, निःशब्द, शून्य र शान्त अवस्थाको साथै पूरा अस्तित्वसँग हुन्छ ।

जब कोही पूर्ण शान्त हुन्छ, तब उसलाई तत्त्वको ज्ञान हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- शान्त स्थितिमा जुन ज्ञान र अनुभूति हुन्छ त्यो तत्त्वज्ञान 'म' हुँ । त्यस क्षणमा व्यक्तिलाई अखण्डको अनुभव हुन्छ । जबसम्म मन हुन्छ हामीलाई सबै कुरा खण्डित लाग्छ किनभने मन नै खण्डहरूमा बाँडिएको हुन्छ र जब मन पूर्ण हुन्छ, तब हामी जे जान्दछौँ, त्यो अखण्ड हुन्छ । श्रीकृष्ण अमूढता 'म' हुँ भन्नुहुन्छ । मूढताको अर्थ यस्तो व्यक्ति जो जागृत भएको जस्तो लाग्छ तर जागृत नभई निदाएको जस्तो अवस्थामा हुन्छ । हामीहरू सबै यस्तै अवस्था अर्थात् सपनामा हिँडिरहेका छौँ । हामीहरूले जे गरे पनि हामीभित्र एउटा सपनाको जाल चलिरहेको हुन्छ । सपना तब मात्र चल्न सक्छ, जब भित्र निद्रा हुन्छ । हामीले आँखा बन्द गर्ने बित्तिकै सपना चल्न प्रारम्भ हुन्छ । आँखा बन्द गर्दा वा सुत्दा मात्र होइन हिँड्दा, बस्दा, खाँदा आदि सबै क्रियाकलापमा हामी चौबिसै घण्टा स्वप्नलोकमा हुन्छौँ । यो सपनाको अर्थ हामी सबै निदाएका जस्ता छौँ भन्ने हो । सपनासँग लड्नु यस संसारमा ठुलो लडाइँ हो । हामी सपनाभन्दा पनि कमजोर भएकोले यसलाई तोड्न सक्दैनौं ।

मूढताको अर्थ मूर्खता नभई एकप्रकारको निद्रा हो । त्यसैले तथाकथित ज्ञानी, पण्डित, अज्ञानी सबै मूढ हुन सक्छन् । जो निद्रामा चल्छन् तिनीहरू मूढ हुन् । हामी निद्रामा हुँदा पनि बाहिर हिँडिरहेका हुन्छौँ, त्यसैले त हामी जागृत छैनौँ । हामी नसोचीकन केही क्षण पनि कुनै कुरामा ध्यान केन्द्रित गर्न सक्दैनौँ । हाम्रा आँखा खुल्ला भए पनि हामी सुतेका हुन्छौँ । तर ज्ञानी व्यक्ति आँखा बन्द भए पनि जागृत अवस्थामा नै हुन्छन् । हामीभित्र विचार, सपना, वासनाको भिड चलिरहेको छ र त्यही भिडका कारण हामी केही देख्दैनौँ र दृष्टिविहीन जस्तो जीवन बाँचिरहेका छौँ । हामी आफूलाई जागृत छौं भनेर सोच्छौँ तर यो जागरण होइन मूढता हो । श्रीकृष्ण अमूढता 'म' हुँ भन्नुहुन्छ । अमूढताको अर्थ जागरण, जागृत अवस्था एवम् बुद्धत्व हो । बुद्धको नाम सिद्धार्थ गौतम थियो । जब उहाँ जाग्नुभयो, तब उहाँको नाम बुद्ध भयो । जागृत गौतम बुद्धलाई जब ज्ञान प्राप्त भयो तब तत्क्षण उहाँको निद्रा टुट्यो र उहाँभित्र कुनै बेहोसी रहेन । त्यसपछि सुत्दा उहाँको शरीर मात्र सुत्थ्यो तर भित्रबाट उहाँ जागृत नै हुनुहुन्थ्यो । श्रीकृष्ण जो

निद्रामा जागेको हुन्छ उही योगी हो र जो जागेर पनि सुतिरहेको हुन्छ त्यो भोगी हो भन्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- अमूढता र जागरुकता, निश्चय गर्ने शक्ति र तत्त्वज्ञान 'म' हुँ, जब कोही भित्र जाग्दछ तब 'म' त्यहाँ उपलब्ध हुन्छु ।

त्यस्तै उहाँ क्षमा, सत्य, इन्द्रिय दमन, मनको नियन्त्रण, सुख-दुख, उत्पत्ति-प्रलय, भय-अभय पनि 'म' नै हुँ भन्नुहुन्छ । क्षमाबाट हामी जुन अर्थ लिन्छौँ, त्यो कृष्णको अर्थ होइन र हुन पनि सक्दैन । कृष्ण र हाम्रो भाषा एक हुन सक्दैन । हाम्रा लागि क्षमा भन्नाले कसैले क्रोध वा गाली गऱ्यो भने उसलाई क्षमा दिनु भन्ने बुझिन्छ तर कृष्णका लागि क्षमाको अर्थ क्रोध नआउनु अर्थात् क्रोधको अभाव हुनु हो । हामी भित्र जब क्रोध उत्पन्न हुन्छ, तब पश्चात्ताप र क्षमाको भाव आउँछ । क्रोधबाट भुल भइसक्ने हुँदा त्यसलाई क्षमाले हामी पुछ्ने प्रयास गर्छौं । यो नकारात्मक क्षमा हो र यस्तो क्षमाको धेरै अर्थ पनि छैन । यो हामी सदैव गरि नै रहन्छौं । यो क्षमामा परमात्माको झलक पाईंदैन अनुभव त धेरै परको कुरा भयो । कृष्णको क्षमामा क्रोध नै जन्मिँदैन ।

क्षमाको अर्थ चित्तको यस्तो दशा हो जहाँ क्रोध व्यर्थ हुन्छ अर्थात् क्रोध नै शेष रहँदैन । हामीलाई मानिसहरूले नै क्रोध जन्माउन लगाउँछन् भन्ने लाग्छ तर यो सत्य होइन । हामीभित्र क्रोध भएकाले क्रोध आउने हो । हामीभित्र रहेको क्रोध निकाल्न हामी विभिन्न बहाना बनाउँछौं र चारैतिर क्रोध गर्ने बाटो खोजिरहन्छौँ । क्रोध हाम्रो एउटा अवस्था हो । हामीले आफूलाई परिवर्तन गर्न सक्यौं भने क्षमा पनि एउटा अवस्था हुन सक्छ । जिससलाई शूलीमा चढाउन लाग्दा उहाँ भन्नुहुन्छ, हे परमात्मा ! यिनीहरूलाई केही थाहा छैन; त्यसैले यिनीहरूलाई क्षमा देऊ । भित्र क्षमा भए बाहिर पनि क्षमा प्रकट हुन्छ र क्रोध भए क्रोध प्रकट हुन्छ । हामीभित्र जे छ त्यही बाहिर निस्किन्छ । यो हाम्रो सम्पदा हो यसमा अरू कोही दोषी छैनन् । आफूलाई गाली गर्ने व्यक्तिलाई पनि धन्यवाद दिन सकियो भने व्यक्तिमा क्षमाको शक्ति पैदा हुन्छ जुन सकारात्मक हो । हाम्रो क्षमामा अखण्डको दर्शन हुँदैन तर क्षमा हाम्रो स्वभाव बनेमा र हाम्रो कणकणमा शुभकामना र मङ्गल भरिएमा जुन क्षमा फलित हुन्छ, श्रीकृष्ण त्यही क्षमाको कुरा गर्दै हुनुहुन्छ । यस्तो क्षमाभाव फलित भएमा श्रीकृष्णसँग साक्षात्कार हुने छ ।

श्रीकृष्ण सत्य, मनको निग्रह र इन्द्रियवश गर्ने पनि 'म' नै हुँ भन्नुहुन्छ । इन्द्रिय वशमा गर्नु भनेको इन्द्रियसँग लडेर र दबाएर वशमा पार्ने होइन । मनको निग्रह पनि हामी दबाएर गर्ने भन्ठान्छौँ जुन गलत धारणा हो । जसले आफ्नो इन्द्रियलाई शत्रुवत् व्यवहार गर्छ, त्यसबाट इन्द्रियवश हुँदैन, यो त इन्द्रियको दमन हो । यसरी इन्द्रियलाई दमन गरेर कहिल्यै वश गर्न सकिन्न बरु विक्षिप्तता हुन सक्छ । मनलाई जबर्जस्ती वशमा ल्याउने प्रयास गर्दा मन वशमा हुँदैन बरु मन झन् विद्रोही हुन्छ । बलपूर्वक उपवास गरेको दिन दिनभर भोजनको याद आउँछ । जबर्जस्ती कुनै कुरा रोकियो भने त्यो स्मृतिमा गहन हुन्छ र झन् जोडसँग त्यसको स्मरण हुन्छ । मनको निग्रह जबर्जस्ती लडाइँले हुन सक्दैन र यो मनलाई जानेपछि मात्र हुन्छ । जो मनसँग लड्छ, त्यो कहिल्यै मनको मालिक हुन सक्दैन । मनलाई सम्झिएर जान्ने व्यक्ति तत्काल मनको मालिक हुन्छ । मनलाई दमन गर्ने होइन यसलाई चिन्नु र जान्नुपर्छ । दबाएको कुरा झन् तलसम्म फैलिन्छ र विषाक्त स्वभाव बनेर निस्किन्छ ।

वश गर्नुको अर्थ दमन होइन किनभने जसले दमन गर्छ उसलाई परमात्माको झलक पाउन अझ कठिन हुन्छ । कृष्णको प्रयोजन रूपान्तरण हो जुन ज्ञानबाट सम्भव हुन्छ । कुनै व्यक्ति क्रोधबाट मुक्त हुन चाहन्छ भने उसले क्रोध बारे जान्नैपर्छ किनभने क्रोध शक्ति हो । आकाशमा बिजुली चम्किँदा पहिले कुनै समय हामी डराउँथ्यौ र घुँडा टेकेर प्रार्थना गर्थ्यौं । आज त्यही बिजुलीले प्रकाश दिन्छ । हिजो चम्किँदा डर लाग्ने बिजुलीलाई बाँधेर आज प्रकाश निकाल्न सकिएको छ । त्यस्तै क्रोध पनि त्यो चम्किने बिजुली जस्तै शक्ति हो । क्रोध नभएको बच्चा जन्मिएमा ऊ जिउँदो नै रहँदैन या नपुंसक हुन्छ एवम् उसमा बल पनि हुँदैन । क्रोध शक्ति हो जसको दुरुपयोग भइरहेको छ तर त्यो शक्तिको सदुपयोग हुन सक्छ । जब

त्यो शक्तिको दुरुपयोग हुन्छ, तब जीवन नर्क बन्छ । जब कोही त्यही शक्तिको सदुपयोग गर्छ, तब त्यो शक्ति क्षमा बन्छ र क्षमाशीलको जीवन स्वर्गमय बन्छ ।

श्रीकृष्ण इन्द्रिय र मनको निग्रह 'म' हुँ भन्नुहुन्छ । उहाँको आशय जुन ज्ञानीले इन्द्रियलाई जानेर इन्द्रियभन्दा माथि उठ्छ र जसले मनलाई चिनेर मनभन्दा माथि उठ्छ, उसलाई नै मेरो झलक मिल्न थाल्छ भन्ने हो । दमन र लडाइँले रूपान्तरण हुन सक्दैन । जब क्रोध र कामवासना उठ्छ, तब त्यसप्रति ध्यान दिएर कसरी र किन उठिरहेको छ भनेर जान्नु नै ज्ञान हो तर हामी जब क्रोधमा हुन्छौँ, त्यसबेला हाम्रो दृष्टि आफूमा होइन अर्को व्यक्तिमा हुन्छ । त्यसैले क्रोध एवम् कामवासनाले सताउँदा दृष्टि आफूमा राख्नुपर्छ । जर्ज गुरजिएफले आफ्नो आत्मकथामा लेखेका छन्- जब मेरा पिता जीवनमरणको दोसाँधमा हुनुहुन्थ्यो, त्यसबेला उहाँले मलाई सानो सल्लाह दिनुभयो । तिमीलाई कसैले क्रोध गरेमा त्यसको जवाफ चौबिस घण्टापछि मात्र दिनू । बुवाको त्यो सानो सुझावले मेरो जीवन नै परिवर्तित भयो । चौबिस घण्टा होइन दुई क्षण मात्र रोकियौं भने पनि जवाफ आउँदैन । भित्रबाट उठ्ने वासनालाई जान्न खोज्यौँ भने हामी शीघ्र त्यो ज्ञानमा उपलब्ध हुने छौँ, जसबाट इन्द्रिय वशमा हुन्छ र मनको निग्रह सरलताले फलित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- सुख-दुख, जन्म-मृत्यु र भय-अभय पनि 'म' हुँ । यी तीन द्वन्द्वलाई एकसाथ भन्नाको प्रयोजन छ । हामीले परमात्मा आनन्द हो भन्ने सोचेका छौँ, परमात्मा सुख-दुख हो भन्ने पनि सोचेका छैनौँ । परमात्मा सुख-दुख पनि हो भनेर जान्यो भने मात्र व्यक्ति सच्चिदानन्दमा पुग्न सक्छ र परमानन्द प्राप्त गर्न सक्छ । हामी सुखमा त प्रभुलाई देख्न सक्छौँ तर दुखमा देख्न सक्दैनौँ । जो दुखमा प्रभुलाई देख्दैन, ऊ समतामा प्राप्त हुन सक्दैन । यदि दुखमा परमात्मा देखियो भने हामी दुखबाट भाग्न खोज्दैनौँ किनभने परमात्मासँग कोही पनि छुट्न चाहँदैन । उसका लागि संसारमा कुनै दुख बाँकी रहँदैन । त्यस्तै परमात्मा जन्म मात्र नभई मृत्यु पनि हो र मृत्युभय मनुष्यको सबैभन्दा ठुलो भय हो । जुन दिन मृत्युमा पनि परमात्मालाई देख्न सकिन्छ त्यसै दिन व्यक्ति भयबाट मुक्त भई अभय हुन्छ । त्यस्तै श्रीकृष्ण भन्नुहुन्छ- सुख-दुख, जन्म-मृत्यु र भय-अभय पनि 'म' नै हुँ । जहाँ जहाँ द्वन्द्व देखिन्छ त्यो दुवैमा 'म' नै हुन्छु ।

अहिंसा, समता, सन्तोष, तप, दान, कीर्ति, अपयश यस्ता नाना प्रकारका जति पनि भाव प्राणीहरूमा हुन्छन् ती 'म' बाट नै हुन्छन् । हे अर्जुन ! सप्तऋषि, उहाँहरूभन्दा पहिलाका चार ऋषिहरू सनक, सनन्दन, सनातन, सनत्कुमार आदि तथा चौध मनुहरू सबै मेरो भावमय सङ्कल्पबाट उत्पन्न भएका हुन् जसका संसारभरि यी सारा प्रजागण छन् । यसको अर्थ अहिलेसम्म जति जान्नेवालाहरू छन् एवम् जसले सत्य र जीवनलाई जानेका छन् उनीहरू पनि कृष्णकै सङ्कल्प एवम् भाव हुन् र उनीहरू सबै उहाँभन्दा अलग होइनन् । श्रीकृष्ण भन्नुहुन्छ- त्यो परम अनुभव पाउने ऋषिहरू, मनु आदि सबै मेरो भावका अवस्था हुन् । यस संसारमा जे जति अनुभवका श्रेष्ठ फूल फुल्छन् ती सबै मेरै सुगन्धले परिव्याप्त छन् । जब कोही आफ्नो परमदशामा पुग्छ तब उनीहरू 'म'मा नै प्राप्त हुन्छन् तर त्यो परमदशामा ती व्यक्ति पुग्छन्, जो द्वन्द्वको बिचमा समतामा उभिन्छन् । यस संसारमा जो छनोट गर्दैनन्, उनीहरू सबै जुनसुकै कालमा भए पनि 'म'मा नै प्राप्त हुन्छन् । उनीहरू जसले मलाई अनुभव गरेका छन् ती सबै मेरो भावका अंश हुन् ।

*एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ।*
*सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥*

**जुन पुरुष मेरो यो ऐश्वर्यरूप विभूति र योगशक्तिलाई तत्त्वपूर्वक जान्दछ त्यो नै निश्चल भक्तियोगले युक्त हुन्छ; यसमा कुनै सन्देह छैन ॥**

*अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ।*
*इति मत्वा भजन्ते मां बुधाः भावसमन्विताः ॥८॥*

**'म' नै सम्पूर्ण आध्यात्मिक तथा भौतिक जगत्को उत्पत्तिको स्रोत हुँ । 'म' बाट नै सारा जगत् प्रवर्तित भइरहेको छ भन्ने बुझेर श्रद्धा र भक्तिले युक्त बुद्धिमान् भक्तजन मलाई नै निरन्तर भज्दछन् ॥**

जीवनको परम रहस्य एवम् आधारलाई नै हामीले ईश्वर भनेका हौँ । ईश्वर शब्द ऐश्वर्यकै मूल रूप हो । जुन आयाम भए पनि जहाँ ऐश्वर्य प्रकट हुन्छ त्यहाँ ईश्वरको आभा, तेज, झलक प्रकट हुन्छ । जब फूल आफ्नो परम सौन्दर्यमा फुल्छ, तब त्यो परम सौन्दर्यको नाम ऐश्वर्य हो । जब कुनै ध्वनिले सङ्गीतको आत्यन्तिक स्थितिलाई छुन्छ, तब त्यो ध्वनि ऐश्वर्य हो । जब कुनै आँखा सौन्दर्यको गहनतम रूपमा डुब्छ, तब त्यो सौन्दर्य पनि ऐश्वर्य हो । कुनै दिशा र आयाममा, जो अन्तिम सीमा हो, जसभन्दा माथि जान सकिँदैन चाहे त्यो सौन्दर्य, सत्य र शिव नै किन नहोस् ती सबै ऐश्वर्य हुन् । जब जीवन आफ्नो आत्यन्तिक स्थितिलाई छुन्छ र आफ्नो परम शिखरमा पुग्छ, तब ईश्वर निकटतम रूपमा प्रकट हुन्छ । ईश्वर त सबैतिर कणकणमा लुकेको छ । ईश्वरका प्रकट र अप्रकट दुई रूप हुन्छन् । प्रकट रूपमा अभिव्यक्त हुन्छ र अप्रकट रूप गुप्त रूपमा लुकेको हुन्छ ।

ऐश्वर्य जीवनको परम रूपको अभिव्यक्ति र आखिरी सीमा हो । श्रीकृष्ण भन्नुहुन्छ- जुन पुरुष मेरो ऐश्वर्य रूप विभूतिलाई तत्त्वपूर्वक जान्दछ, ऊ 'म'मा नै स्थित हुन्छ । ईश्वरको परम ऐश्वर्यरूपी विभूति जब प्रकट हुन्छ, तब हामी उसको रूपलाई चिन्दैनौँ । जसले जिससलाई शूलीमा चढाए उनीहरू पनि कण कणमा परमात्मा छ भन्थे तर जिससलाई उनीहरूले चिन्न सकेनन् । जसले बुद्धलाई ढुङ्गाले हिर्काउने प्रयास गरे उनीहरूले पनि उहाँलाई चिन्न सकेनन् । जसले महावीरको कानमा किला ठोके तिनीहरूले पनि उहाँलाई बुझ्न सकेनन् । तिनीहरूले बुद्ध, जिसस, महावीरमा परमात्माको त्यो रूप देख्न सकेनन् । यो ज्यादै आश्चर्यको कुरा हो जो परमात्मा सर्वत्र छ भन्छन् उनीहरूले पनि ईश्वरको प्रकट रूपलाई चिन्न सकेनन् र विपरीतमा खडा भए । हामी ढुङ्गाको मूर्तिलाई पुज्न सक्छौँ तर जीवित बुद्धलाई स्वीकार्न सक्दैनौँ। हामी मरेका जिससका ठुला-ठुला चर्च बनाउँछौँ तर जिससलाई नै नचिनेर शूलीमा चढाउँछौँ । जिससमा, बुद्धमा र महावीरमा परमात्मालाई चिन्न तब सम्भव हुन्छ, जब हामी कृष्णको उपर्युक्त कथनको आशय बुझ्छौँ ।

परम्पराबाट मान्नु तत्त्वले जान्नु होइन । सुनेर वा संस्कारले मान्नु तात्त्विक पहिचान होइन किनभने त्यो पहिचान हाम्रो क्षणभरमा डग्मगाउँछ र सबैभन्दा धेरै त्यहाँ डग्मगाउँछ जहाँ परमात्माको ऐश्वर्य प्रकट भएको हुन्छ । अर्जुनले पनि कृष्णलाई परमात्मा भनेर मानेका भए गीतामा यत्रो चर्चाको आवश्यकता पनि हुने थिएन । श्रीकृष्ण जे भन्दै हुनुहुन्छ र जे हुनुहुन्छ, त्यसका लागि पनि उहाँलाई तर्क दिनुपरेको छ । कृष्णको भनाइलाई परमात्माको वचन मान्ने प्रतीति अर्जुनमा भएको छैन । अर्जुनका लागि कृष्णका यी वचनहरू केवल एउटा मित्रको सल्लाह भएका छन् । श्रीकृष्णले अर्जुनलाई जो मेरो परम ऐश्वर्यलाई तत्त्वपूर्वक जान्दछ ऊ निश्चल भक्तियोगले युक्त हुन्छ भन्नुभएको छ, जुन धेरै रूपमा प्रकट हुन सक्छ किनभने ऐश्वर्यका सबै रूप परमात्माका नै हुन् । जहाँ श्रेष्ठतम वस्तु देखिन्छ त्यहाँ परमात्मा पारदर्शी रूपमा उपस्थित हुन्छ । जब श्रेष्ठ सङ्गीतकार, चित्रकार आफ्ना कलाको अन्तिम उचाइलाई स्पर्श गर्दै हुन्छन् र जब जीवन कुनै दिशामा आभिजात्यलाई छुँदै हुन्छ, त्यहीँ परमात्मा आफ्नो सघनतामा प्रकट भएर पारदर्शी हुन्छ । हामी आँखाले आकाशका तारारूपी विभूतिमा पनि उसलाई नै देख्न सक्छौँ ।

हामीले छुद्रलाई त मान्यौँ तर प्रकट परमात्मालाई मान्न सकेनौँ । मन्दिरको पुजारी मान्न सक्छौं तर जीवन्त ऐश्वर्यलाई जान्न सक्दैनौँ । रसियन दर्शनिक तथा लेखक दोस्तोवस्की (Fyodor Dostoevsky) ले एउटा कथा लेखेका छन् । जिसस मरेको अठार सय वर्षपछि जिससलाई याद आयो कि 'म' पहिला जब पृथ्वीमा गएको थिएँ त्यो समय उपयुक्त थिएन । मानिसहरू पनि तयार थिएनन् र मलाई आदर गर्ने

व्यक्तिहरू पनि थिएनन् साथै 'म' त्यहाँ एक्लै पुगेको थिएँ । त्यसैले उसबेला मेरो दुर्दशा भयो र मानिसले नचिनेरै मलाई शूलीमा चढाइदिए । अब समय उपयुक्त छ किनभने पृथ्वीको आधा जमिनमा इसाईहरूको आधिपत्य छ । हरेक गाउँमा मेरा चर्च र पादरीहरू छन् । चर्चमा मेरो नाममा घण्टी बज्छ । मेरा नाममा मैन बत्तीहरू बालिन्छन् । यस्तै सोचेर एक आइतवारका दिन जिसस आफ्नो जन्मस्थल बेथलेहम (Bethlehem) को चर्चमा उत्रिनुभयो । मानिसहरू प्रार्थना पूरा गरेर चर्चबाट बाहिर निस्कँदै थिए । उहाँ एउटा रुखमुनि बस्नुभएको थियो । उहाँले आज म स्वयम्ले 'म' जिसस हुँ भनेर परिचय दिन्नँ; मानिसहरूले मलाई आफै चिन्ने छन् भन्ने ठान्नुभयो ।

पहिले एकपटक कराएर भनेको थिएँ- 'म' ईश्वरको पुत्र हुँ र तिमीहरूका लागि परम जीवनको सन्देश लिएर आएको छु तर त्यसबेला मलाई नचिनेकाले शूलीमा चढाइयो । यसपटक त सजिलैसँग चिन्ने छन् किनभने आज घरघरमा मेरा तस्बिर छन् । यस्तै सोचेर उहाँ चुपचाप उभिइरहनुभयो तर मानिसहरूले उहाँलाई गलत ढङ्गले चिने । कसैले भने कि यो जिसस जस्तो उभिएर बसेको छ र खुब स्वाँग रचेको कुशल अभिनेता जस्तो छ । उनीहरूका तर्क सुनेर जिससले तिमीहरू जसको पूजा गरेर आउँदै छौ 'म' त्यही हुँ भन्नुभयो । मानिसहरूको भिड जम्मा भयो र उनीहरू जिससलाई जिस्क्याउन लागे । भिड एवम् हल्ला सुनेर चर्चका पादरी बाहिर आए । ज-जसले जिससलाई जिस्क्याउँदै थिए उनीहरू सबैले पादरीलाई झुकेर अभिवादन गरे । यो देखेर जिसस चकित हुनुभयो । उहाँलाई एउटा भरोसा के थियो भने पादरीले अवश्य उहाँलाई चिन्ने छ तर उल्टै जिससलाई देखेर यो कुन बदमास आएको हो; यसलाई तल कोठामा थुन भनेर पादरीले आदेश दियो र जिससलाई कोठामा थुनियो ।

मध्यरातमा त्यो पादरीले ढोका खोलेर भित्र प्रवेश गरी जिससको चरणमा प्रणाम गर्‍यो र भन्यो मैले हजुरलाई भिडमा नै चिनेको थिएँ तर म त्यत्रो भिडमा हजुरलाई चिनेको छु भन्न सक्दैनथेँ किनभने हजुर पुरानो उपद्रयाहा हुनुहुन्छ । हामीले अठार सय वर्षमा धार्मिक व्यवसाय ठिकसँग सञ्चालन गरेका छौँ एवम् सबै ठिकसँग चलिरहेको छ । हजुरको यहाँ कुनै जरुरत छैन किनभने हामी हजुरको काम गरिरहेका छौँ । हजुर फिर्ता आउनुभयो भने सबै अस्तव्यस्त बनाउनुहुने छ किनभने हजुर पुरानो अराजक हुनुहुन्छ र पुनः सत्यको कुरा गर्नुहुने छ जसले गर्दा सबै नियम भ्रष्ट हुने छ । हामीले हजुरको काम ठिकसँग गरिरहेका छौँ । त्यसैले यहाँ अब हजुरको कुनै आवश्यकता छैन र हजुरलाई यदि केही गर्नु छ भने हाम्रो माध्यमबाट गर्नुहोस् किनभने हामी नै हजुर र मानिसको बिचका मध्यस्थ कडी हौँ । यदि हजुरले मेरो कुरा नसुनीकन गडबड गर्नुभयो भने अठार सय वर्ष अगाडिको इतिहास दोहोर्‍याउनुपर्ने हुन्छ । हजुरको मूर्तिको हामी पूजा गर्न सक्छौँ एवम् त्यो क्रसलाई घाँटीमा झुन्ड्याउन सक्छौँ र हजुरका लागि ठुलो चर्च बनाउन सक्छौँ साथै हजुरको गुणगान गर्न सक्छौँ तर किमार्थ हजुरलाई स्वीकार्न सक्दैनौँ ।

जब ईश्वर आफ्नो परम ऐश्वर्यमा प्रकट हुन्छ, तब उसको उपस्थिति हामीलाई स्वीकार्य हुँदैन किनभने हाम्रो छुद्र अहङ्कारलाई पीडा हुन्छ । हामी मरेको ईश्वरलाई पुज्न सक्छौँ तर जीवित ईश्वरलाई चिन्न सक्दैनौँ । कृष्णको यस कथनअनुसार ऐश्वर्यलाई चिन्न प्रयास गर्दा यदि उसको केही आभा मिल्यो भने त्यसभन्दा माथिको अरूपलाई खोज्ने प्रयास गर्नुपर्छ । पदार्थमा पनि ऐश्वर्यको झलक पाउन सकिन्छ । फूल पनि पदार्थ नै हो तर जब फूल फुल्छ, तब उसमा पदार्थभन्दा बाहिरको सौन्दर्य प्रकट हुन्छ । त्यस्तै वीणा पनि पदार्थ नै हो तर जब कोही गहिरो प्राणबाट उसलाई छुन्छ अनि त्यसबाट जुन मधुर स्वर छल्किन्छ, त्यो पनि उसकै स्वर हो । जहाँ पनि कुनै श्रेष्ठता प्रकट भएर आभिजात्यलाई छुन्छ, त्यहीँ उसको झलक मिल्दछ ।

हामी माथि आँखा उठाउन तयार नै छैनौँ र हाम्रा आँखा जमिनमा नै गाडिएका छन् । छुद्रलाई देखेर हामी ज्यादै प्रसन्न हुन्छौँ र श्रेष्ठलाई देखेर बेचैन हुन्छौँ । श्रेष्ठतालाई स्वीकार गर्न हामीलाई ज्यादै कठिन हुन्छ तर कोही निकृष्ट छ भन्यो भने हामी तत्काल नबुझीकन समर्थन गर्छौँ । नराम्रा कुरा सुन्दा म

मात्र होइन सारा मानिस नराम्रा छन् भन्ने ठानेर हामीलाई सान्त्वना प्राप्त हुन्छ । अखबारका पानामा चोर, हत्यारा, भ्रष्टलाई खोजेर तिनीहरूका बारेमा समाचार लेख्नुपर्छ अनि मात्र मानिसहरू पढ्नमा आनन्द मान्छन् । अखबारमा प्रमुखताका साथ राजनीतिक व्यक्तिहरूका बारेमा खबर लेखिनु पनि राजनीतिमा अत्यधिक व्यक्ति भ्रष्ट र गलत प्रवृत्तिका भएकाले नै हो । दुई व्यक्तिबिच झगडा वा कुटपिट हुँदा यदि कसैले झगडा छुट्ट्याइदियो भने त्यो कुटपिट हेर्नमा प्राप्त हुने उत्तेजना र रस बन्द हुने भयो भनेर हामी दुखी हुन्छौँ । हामी नकारात्मक कुरामा रस पाउँछौँ तर सकारात्मक कुरा सुन्दा हामी दुखी हुन्छौँ । जो राम्रो या भलाइलाई चिन्न असमर्थ हुन्छ त्यसले परमात्मालाई चिन्न सक्दैन । त्यसैले जहाँ श्रेष्ठ देखिन्छ त्यसलाई रसका साथ हेर्न सकियो भने परमात्मातिरको दृष्टि एक कदम अघि बढ्छ । परम ऐश्वर्यलाई देख्न सके मात्र अगाडिको गति हुन सक्छ ।

योगशक्ति भनेको मानिसलाई परमात्मासँग जोड्नु हो । परमात्माको योगशक्ति ठिक विपरीत हुन्छ जसबाट परमात्माको विराटता छुद्रसँग जोडिन्छ । कबिरले भनेका छन्- मेरो थोपा सागरमा खस्यो, त्यसलाई म कहाँ खोजूँ, "हेरत हेरत हे सखि रहयो कबिर हेराई बुँद समानी समुद्र मे सोकत हेरिजाई" त्यो खोज्दा खोज्दै कबिर आफैँ हराए । कबिर अझै भन्छन्- सागर नै थोपामा झरेर हरायो अब म थोपालाई कसरी पाउन सक्छु- "हेरत हेरत हे सखि रहयो कबिर हेराई समुद्र समाना बुँद मे सोकत हेरिजाई ।" थोपा सागरमा झर्न सक्छ त्यो हाम्रो योगशास्त्र हो तर जब सागर थोपामा झर्छ, त्यो भगवान्को योगशक्ति हो । मिलन दुईको हुन्छ; त्यसैले यात्रा पनि दुईतिरबाट हुन्छ । एउटा यात्रा व्यक्ति परमात्मातिर गर्छ भने अर्को यात्रा परमात्मा व्यक्तितिर  गर्छ । हामी जब एक कदम परमात्मातिर बढाउँछौँ, तब परमात्मा पनि एक कदम हामीतिर बढाउँछ । परमसँग मिलनका लागि हामी मात्र आतुर छैनौँ, परम पनि हामीसँग मिल्न त्यत्तिकै आतुर हुन्छ । त्यही नै जीवनको रस एवम् आनन्द हो । यो एकतर्फी नभएर दुईतिरबाट प्रवाहित प्रेमको धारा हो । परमात्माको हामीसँग मिल्ने शक्तिलाई श्रीकृष्ण मेरो योगशक्ति भन्नुहुन्छ ।

परमात्माको तृष्णा हामीमा तब जाग्छ, जब उसको पुकार आउँछ नत्र अज्ञानीले परमात्मालाई खोज्न नै सक्दैन । यदि परम विराट् ऊर्जाले यो खोजमा साथ नदिने हो भने खोज नै सम्भव हुँदैन । त्यसैले धर्म व्यक्तिबाट परमात्मातिरको खोजको नाम मात्र होइन परमात्माबाट व्यक्तितिरको खोजको पनि नाम हो । यी दुवैको मिलन र आलिङ्गनको सम्बन्ध नै धर्म हो । परमात्मा पनि हामीलाई खोजिरहेको छ भन्ने कुरा तत्त्वपूर्वक जान्नुपर्छ । विराट्ले पुकार गरिरहेको छ भन्ने जानेमा व्यक्तिको शक्ति, सामर्थ्य एवम् साहस हजारौँ गुणा बढ्छ अनि यात्रा ज्यादै सुगम हुन्छ । विराट् पनि मलाई खोज्दै छ भन्ने कुरा तत्त्वपूर्वक जानेमा मात्र मिलन निश्चित हुन्छ नत्र आफ्नो एक्लो शक्ति र सामर्थ्यले उसलाई खोज्नै सकिन्न । तर ऊ पनि आफूलाई खोजिरहेको छ भन्ने जानेमा जतिसुकै उसलाई भुले पनि मिलन भएरै नै छाड्छ ।

परमात्माको हामीसँग मिल्ने शक्ति नै उसको योगशक्ति हो । परमात्मासँग जुन दिन हाम्रो मिलन हुन्छ, तब हामीलाई मिलन भएको थाहा हुन्छ तर परमात्माको त हामीसँग निरन्तर मिलन भइरहेकै छ किनभने ऊ हाम्रा चारैतिर मौजुद छ । हाम्रो श्वास-प्रश्वासमा ऊ मौजुद छ तर हामी उसमा मौजुद छैनौँ । परमात्माका लागि हामी उसभित्र नै छौं तर ऊ हामीभित्र छैन । यसको अर्थ ऊ हामीभित्र भएको हामीलाई थाहा छैन भन्ने हो । कृष्णको अर्थ जुन पुरुष मेरो योगशक्तिलाई तत्त्वपूर्वक जान्दछ, ऊ निश्चिन्त हुन्छ भन्ने हो । म परमात्मामा स्थापित नै छु एवम् उससँग मिलेकै छु, उसको हात मेरो हातमा छ, मेरो हृदयको धड्कन पनि उसको नै हृदयको धड्कन हो भन्ने जसले बुझ्छ, त्यसले नै कृष्णको योगशक्तिलाई तत्त्वपूर्वक जान्दछ । कृष्णले तत्त्वबारे भन्नुभएका कुरा सुनेर नभई अनुभवबाट जान्नुपर्छ । तत्त्वपूर्वक जान्नु भनेको अनुभव गरी आत्मज्ञान प्राप्त गर्नु हो ।

सन् १८५७ मा ब्रिटिस अङ्ग्रेजको छाउनीमा एउटा मौन सन्यासीलाई छातीमा भाला रोपेर हत्या गरिएको थियो । ऊ मनबाट नै गीत गुनगुनाउँदै हिँडिरहेको थियो । अङ्ग्रेज सिपाहीले उसलाई जासुस

जस्तो लागेर पक्रिए र उसको परिचय मागे तर त्यो नग्न मौन सन्न्यासी मुस्कुराइ मात्र रह्यो । उसले जीवनमा एकपटक मात्र बोल्छु भनेर प्रतिज्ञा गरेको थियो । अङ्ग्रेजले जासुस ठानेर उसको छातीमा भाला रोपिदिए । त्यो सन्न्यासीको एकपटक बोल्ने सङ्कल्प मृत्युका बेला बोल्छु भन्ने थियो । ऊ तत्त्ववेत्ता भएकाले उपनिषद्को महावाक्य 'तत्त्वमसि ! श्वेतकेतु' भनी बोल्यो । उसले त्यो भाला घोप्ने अङ्ग्रेजलाई भन्यो- तिमी पनि त्यही परमात्मा हौ श्वेतकेतु ! मृत्युको क्षणमा पनि परमात्मालाई देख्ने क्षमता तत्त्वज्ञानबाट आउँछ विश्वासले आउँदैन; मान्नाले आउँदैन जान्नाले मात्र आउन सक्छ ।

ईश्वरसम्बन्धी एउटा धारणा हामी बुद्धिगत रूपमा जान्दछौँ तर त्यसको ठुलो मूल्य हुँदैन । अर्को ईश्वरको प्रतीति हामी संवेदनाले जान्दछौँ । जस्तै शरीरमा हावाको स्पर्श हुँदा यस्तो लाग्छ कि उही छोइरहेको छ, सूर्यको किरणको स्पर्श हुँदा लाग्छ कि उही प्रकाशित भएर स्पर्श गरिरहेको छ, फूल फुल्दा लाग्छ कि सुगन्ध उसको नै हो र कुनै सुन्दर अनुहार देख्दा लाग्छ कि सौन्दर्य उसैको हो। शरीरका रौँरौँबाट हरपल जुन संवेदना हुन्छ सबै संवेदनाहरूमा उसैको सन्देश प्रतीत हुन्छ । यस्तो भएमा जीवनमा प्रत्येक द्वारहरूबाट उसैको खबर मात्र आउन थाल्छ र भित्र एउटा तत्त्व सङ्ग्रहित हुन्छ । यसप्रकार जान्नुलाई नै श्रीकृष्ण तत्त्वज्ञानपूर्वक जान्नु भन्नुहुन्छ ।

संवेदना बालुवाको कण, वृक्षको पात, फूल, व्यक्तिको हात, मानिसको आँखा आदिमा पनि हुन्छ । जीवनमा जहाँबाट संवेदित हुन सकिन्छ ती सबै संवेदनाहरू सङ्ग्रहित गरेमा यो स्पर्शबाट आफूभित्र एउटा केन्द्र निर्माण हुन्छ र त्यही केन्द्रले परमात्माको योगशक्तिलाई जान्न सक्छ । एउटा नदीप्रति पनि संवेदनाको द्वार खोलेर उसको संवेदनशीलतालाई अनुभव गर्न थालेपछि नदीबाट पनि परमात्माको प्रतीति हुन थाल्छ । ऋषिमुनिहरूले गङ्गा जस्तो नदीलाई परमात्मा भन्नाको कारण यही हो । जसले संवेदनशीलताको द्वार खुल्ला राख्छ, उसलाई परमात्मा भेट्न आतुर भएको प्रतीति हुन्छ तर बुद्धिले यो थाहा पाउन सक्दैन । बुद्धि आंशिक र बासी घटना हो भने संवेदना ताजा र पूरा घटना हो । बुद्धि त उधारो पनि पाइन्छ तर संवेदना उधारो पाइँदैन । आफ्नो अनुभवबाट मात्र जान्न सकिन्छ, अरूको अनुभवबाट जान्न सकिँदैन ।

हाम्रो संवेदना हराउँदै गएका कारणले हामी परमात्माले चारैतिरबाट आफ्नो हात हामीतिर बढाएको देख्न वा महसुस गर्न सक्दैनौँ । परमात्मासँगको मिलनको सम्भावना जहाँ जहाँ छ, त्यसलाई जानेपछि मात्र परमात्माको योगशक्तिका बारेमा जान्न सकिन्छ । धार्मिक व्यक्तिले चारैतिरबाट आफूलाई खोलिदिन्छ र विषमा पनि अमृत खोज्ने चेष्टा गर्छ । यदि हाम्रो संवेदनशीलता प्रगाढ छ भने परमात्मामा हामी कहीँबाट पनि प्रवेश गर्न सक्छौँ र परमात्मालाई पनि प्रवेश गर्न द्वार दिन सक्छौँ । परमात्माको ऐश्वर्य विभूति विनम्र भावले जान्न सकेमा परमात्माको योगशक्तिको प्रतीति हामीलाई हुन सक्छ। श्रीकृष्ण भन्नुहुन्छ- यस्तो भएमा त्यो पुरुष निश्चल ध्यानयोगद्वारा 'म'मा नै एकै भावले स्थित हुन्छ यसमा कुनै संशय छैन । निश्चल ध्यानयोगद्वारा मानिसको परमात्मातिर जाने उपक्रम दौडको नभएर ठहराउको हुन्छ तर संसारतिरको खोज भने दौडको हुन्छ र संसारमा जो दौडेर खोज्छ त्यो सफल हुन्छ । यो दौडले बाहिरको खोज त पूरा हुन सक्छ तर भित्र चाहिँ विक्षिप्तता मात्र प्राप्त हुन्छ ।

परमात्मातिर जाने मार्ग संसारभन्दा ठिक विपरीत हुन्छ । परमात्मा पाउनका लागि शान्त भएर उभिने व्यक्ति मात्र सफल हुन्छ । जब हामी दौडिन्छौँ, त्यसभन्दा पहिले हाम्रो मन दौडेर त्यहाँ पुगिसकेको हुन्छ र मन पुगेको ठाउँमा हामी पुग्नुपर्ने हुन्छ । मनले लक्ष्य पहिले नै पाइसक्छ अनि शरीर उसका पछाडि जान्छ । एउटा लक्ष्य पूरा हुन नपाउँदै मन अर्को लक्ष्य बनाएर त्यहाँ पुगिसक्छ । तसर्थ मनले हामीलाई कहिल्यै स्थिर हुन दिँदैन । मन दौडिन्छ, त्यसैले हामी दौडिन्छौँ र जब मन रोकिन्छ, तब हामी अडिन्छौँ । परमात्मामा जाने व्यक्तिले संसारको ठिक उल्टो उपक्रम समातेर रोकिनुपर्छ । निश्चल ध्यानयोगको अर्थ मनको यस्तो अवस्था हो जहाँ कुनै दौड, भविष्य र लक्ष्य हुँदैन । मनको यस्तो अवस्था जहाँ मन अगाडि

नगई यही वर्तमानमा हुन्छ, यस्तो अवस्था नै निश्चल ध्यान योग हो । जबसम्म चित्त दौडिन्छ, उसले परमात्मालाई जान्न सक्दैन । परमात्मालाई पाउने चिन्ता पनि त्याग्नुपर्छ किनभने यो पनि वासना हो जुन उसलाई पाउनका निम्ति बाधा हुन्छ । धन, यश बेचैनीका साथ पाउन सकिन्छ तर परमात्मा बेचैनीका साथ पाउन सकिन्न किनभने परमात्मा केवल निश्चिततामा मात्र पाइन्छ । सबै शान्त र मौन भएमा परमात्मालाई पाउन सम्भव हुन्छ ।

निश्चल ध्यानयोगको अर्थ दौड त्याग्नु हो । माला जप्नु एवम् मन्त्रोच्चारण गर्नु ध्यान होइन । ध्यानको अर्थ नै निश्चल हुनु हो । मन बिलकुल नदौडिनु र मनलाई रोक्नु नै ध्यान हो । श्रीकृष्ण यस्तो अवस्थामा हुने व्यक्ति निश्चल ध्यानयोगद्वारा 'म'मा नै स्थित हुन्छ भन्नुहुन्छ । निश्चल ध्यान फलित हुने बित्तिकै व्यक्ति एकै भावले 'म'मा स्थित हुन्छ र उसमा र 'म'मा कुनै भेद हुँदैन । यसको अर्थ हाम्रो र परमात्माका बिचको दूरीको कारण नै मन दौडिनु हो । यसको आशय रोकिनु नै त्यहाँ पुग्नु हो एवम् त्यही धाम हो । व्यक्ति शान्त भएर स्थिर हुनेबित्तिकै अचानक द्वार खुल्छ र त्यस अवस्थामा नै परमात्मासँग एक भइन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यसमा कुनै संशय छैन । कृष्णलाई गीतामा कैयौंपटक यसमा कुनै सन्देह छैन भन्नुपरेको छ । अर्जुनको आँखामा संशयको भाव देखेर श्रीकृष्णले बारम्बार यस्तो भन्नुपरेको हो तर जब मन संशयरहित हुन्छ तब तत्क्षण परमात्मासँग एक हुन्छ ।

श्रीकृष्ण 'म' नै संसारको उत्पत्तिको कारण हुँ र 'म' बाट नै सारा संसार चेष्टा गर्छ भन्नुहुन्छ । यसप्रकार तत्त्वज्ञानपूर्वक जानेर श्रद्धा र भक्तिले युक्त भएको बुद्धिमान् पुरुष 'म' परमेश्वरलाई नै निरन्तर भज्छन् । श्रीकृष्ण 'म' नै सारा अस्तित्वको कारण हुँ र 'म' नै गति हुँ भन्नुहुन्छ । "राम राम, हरि हरि" गर्नु भज्नु होइन । यसमा निरन्तर शब्द अमूल्य छ । यदि हामीले राम राम भन्यौं भने पनि भजन निरन्तर हुँदैन किनभने दुई रामका बिचमा एक सानो क्षण रामविना नै छुट्छ, त्यसैले यो निरन्तर भजन होइन । निरन्तर भजनको अर्थ केवल शब्दबाट होइन, भावबाट भज्नु हो किनभने भावमा कुनै अन्तर हुँदैन । शब्दमा अन्तराल जरुरी हुन्छ अन्यथा शब्दहरू नै परस्परमा ठोकिन्छन् । भाव मात्र अविच्छिन्न हुन्छ ।

कबिरले परमात्माको स्मरण अविच्छिन्न र सतत होस् भन्नुभएको छ । जस्तो कि नदीबाट ग्रामीण वधूहरू जब गाग्रामा पानी भरेर घर फर्किन्छन्, तब उनीहरू आपसमा कुराकानी पनि गर्छन् र गीत पनि गाउँछन् तर शिरमा भएको पानीको गाग्रामाथि उनीहरूको सतत स्मरण भइरहेको हुन्छ । गाग्रो हातले नसमातीकन हिँडिरहेका हुन्छन् तर उनीहरूको स्मरण शब्दरहित हुन्छ । भावले उनीहरू स्मरण गरिरहेका हुन्छन् । भावको अर्थ शब्दरहित बोध हो । एउटी आमा बच्चा अलिकति हलचल गर्नेबित्तिकै तत्काल उठिहाल्छिन् । आमाको शब्दरहित स्मरण जो राति निद्रामा पनि मौजुद रहन्छ त्यही प्रतीतिलाई नै श्रीकृष्णले निरन्तर भजन भन्नुभएको हो । श्रीकृष्ण भन्नुहुन्छ- श्रद्धा र भक्तिले युक्त भएर बुद्धिमान्जन 'म' परमात्मालाई निरन्तर भज्छन् । निरन्तर भज्छन् भन्नुको अर्थ निरन्तर मेरो भावमा रहन्छन् भन्नु हो । निश्चल ध्यानद्वारा परमात्मासँग एकताको प्रतीतिलाई सतत बनाउन भावबाट मात्र सम्भव हुन्छ । श्वास चल्नुभन्दा पनि निरन्तर स्मरण रहने सतत स्मरण नै भक्ति हो एवम् सतत भावको दशाको नाम नै भजन हो ।

*मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।*
*कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥*

**निरन्तर 'म' मा मन लगाउने र 'म'मा नै प्राण अर्पण गर्ने मेरा भक्तहरू मेरो भक्तिका बारेमा नै चिन्तन र चर्चाद्वारा परस्परमा मेरो प्रभावलाई बुझेर तथा गुण र प्रभावसहित मेरो चर्चा परिचर्चा गरेर निरन्तर परमसन्तोष लिँदै 'म' वासुदेवमा नै निरन्तर रमाउँछन् ॥**

*तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।*
*ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥*

**निरन्तर प्रेमपूर्वक मेरो भजन गर्ने भक्तहरूलाई म बुद्धियोग (समत्वयोग) प्रदान गर्दछु जुन बुद्धिका सहायताले तिनीहरू 'म'मा नै प्राप्त हुन्छन् ॥**

*तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।*
*नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥*

**तिनीहरूलाई विशेष कृपा गर्नका लागि तिनकै अन्तस्करणमा रहेर 'म' स्वयम् नै उनीहरूको अज्ञानरूपी अन्धकारलाई प्रकाशमय तत्त्व ज्ञानरूपी दीपद्वारा नष्ट गर्दछु ॥**

मनका दुई अवस्थाहरू एउटा दौडिने र अर्को स्थिर मन हुन्छ । दौडिने मन कहीँ पनि स्थिर हुँदैन, सदा भविष्यको कल्पनामा हुन्छ तर भविष्यको कुनै अस्तित्व हुँदैन । अस्तित्व केवल वर्तमानको र यही क्षणको हुन्छ । जान्नमा पनि जति समय लाग्छ त्यति समयमा वर्तमान गुज्रिसक्छ । हाम्रो हातमा केवल एक क्षण मात्र छ तर मन सदैव वासनामा र भविष्यमा हुन्छ । वर्तमानमा मन दौडिन सक्दैन किनभने त्यहाँ दौडिने ठाउँ नै हुँदैन । वासनाका लागि अनन्त विस्तार चाहिन्छ र वर्तमानको क्षण एकदम सानो हुन्छ । यो दौडिने मन नै हाम्रो रोग हो । ईश्वरलाई नमान्नु अधार्मिकता होइन । बुद्ध, महावीर पनि ईश्वरलाई मान्दैनन् तर उनीहरू धार्मिक छन् । स्थिर मन नभई चञ्चल मन हुने व्यक्ति अधार्मिक हो भने शून्य र स्थिर मन हुने व्यक्ति धार्मिक हो । जहाँ मन शून्य हुन्छ त्यहाँ परम सत्तासँग साक्षात्कार हुन्छ । यही अवस्थालाई कसैले पूर्ण, कसैले शून्य, कसैले आत्माको प्राप्ति त कसैले ईश्वरसँग मिलन हुनु भनेका छन् ।

यो मनलाई स्थिर गर्नका लागि अघिल्लो सूत्रमा श्रीकृष्णले निश्चल ध्यानयोगमा जो उपलब्ध हुन्छ ऊ एकै भावले 'म'मा स्थिर हुन्छ भन्नु भएको छ । मनलाई स्थिर गर्न अनेकौं मार्ग र विधिहरू छन् । ध्यान भनेको मनलाई तोड्नु वा मनबाट पार हुनु हो । ध्यानको एउटा सानो प्रक्रियाबाट हामी मनभन्दा माथि हुन सक्छौं । बच्चा आमाको कोखमा जुन अवस्थामा हुन्छ त्यो आसनमा बच्चामा अत्यन्त न्यूनतम मन हुन्छ एवम् उसको चेतना र मस्तिष्क विकसित भइसकेको हुँदैन । आमाको पेटमा बच्चाको आफ्नो हृदय धड्किँदैन र नौ महिनासम्म हृदयको धड्कनसँग जीवनको सम्बन्ध पनि हुँदैन किनभने बच्चा नौ महिना आफ्नै हृदय नधड्काईकन बाँचेको हुन्छ । हाम्रो चेतना जब मनमा केन्द्रित हुन्छ, तब शिर केन्द्र हुन्छ र जब प्रेम भावमा केन्द्रित हुन्छ, तब हृदय केन्द्र हुन्छ तर बच्चाको मस्तिष्क धेरैपछि मात्र विकसित हुन्छ र हृदय पनि नौ महिनापछि मात्र धड्किन्छ । त्यसभन्दा पहिले बच्चा नाभिको मद्दतबाट आमासँग जोडिएको हुन्छ र जीवनको पहिलो अनुभव उसलाई नाभिबाट हुन्छ । जसलाई मनबाट पार हुनु छ उनीहरूलाई मस्तिष्क र हृदयमा होइन चेतना नाइटोमा केन्द्रित गर्नुपर्दछ । नाइटोमा चेतनालाई केन्द्रित गऱ्यो भने मन स्थिर हुन्छ । सूफी फकिरहरूले प्रार्थना गरे जस्तै वा मुसलमानहरूले नमाज पढे जस्तो आफ्ना घुँडा मोडेर बसेको अवस्था वा बच्चा आमाको पेटमा हुँदा रहेको अवस्थाबाट मन शान्त हुन सक्छ । शान्त हुनका लागि यो अत्यन्त सरल मार्ग हो । गर्भमा बच्चा बसे जस्तो हाम्रो आसन र ध्यान नाइटोमा भयो भने जुनसुकै विचार आए पनि विचारलाई साक्षी भावले हेरेर ध्यान नाइटोमा नै केन्द्रित गरिरह्यौँ भने यो ध्यानको प्रयोगबाट भित्र गहिरो निश्चलताको अनुभव हुन थाल्छ । मन र हृदय दुवै चल्छ केवल नाभि मात्र चल्दैन । मन र विचारका साथै भावको पनि दौड हुन्छ तर नाभिको भने कुनै दौड हुँदैन ।

मन र हृदय दुवै भविष्यमा हुन्छन् नाभि मात्र वर्तमानमा हुन्छ । जसले नाभिको जति नजिक आफ्नो चेतना लैजान्छ उति नै ऊ वर्तमानमा हुन्छ र मनभन्दा माथि हुन्छ । जसरी बच्चा आमाको नाभिसँग जोडिएको हुन्छ त्यस्तै हामी पनि अज्ञातसँग हाम्रो नाइटोबाट नै जोडिएका हुन्छौं । नाइटोको

द्वारबाट व्यक्तिहरूलाई शरीर र आफू अलग भएको अनुभव हुन्छ र उनीहरूलाई शरीरसँग नाभिले नै आत्मालाई जोडेको पनि अनुभव हुन्छ । पश्चिममा जान्नेहरू त्यो जोडलाई चाँदीको सूत्र (Silver cord) भन्दछन् । जसरी आमासँग हाम्रो भौतिक शरीर जोडिएको हुन्छ त्यस्तै यो अस्तित्वसँग पनि हामी नाभिबाट जोडिएका हुन्छौं । जब हामी नाभिमा आफ्नो चेतनालाई लैजान्छौं, तब मन निश्चल हुन्छ र कृष्णले जुन "निश्चल ध्यानयोगले 'म'मा एकै भावमा स्थित हुन्छ" भन्नुभए जस्तो घटना घट्न सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' मा निरन्तर मन लगाउनेवाला र मेरो प्राणलाई नै अर्पण गर्नेवाला भक्तजन सदा नै आपसमा मेरो प्रभाव बताउँदै तथा मेरो कथन गर्दै सन्तुष्ट हुन्छन् र 'म' मा नै निरन्तर रमण गर्दछन् । निश्चल ध्यानयोगपछि मात्र यो सूत्रको अर्थ बुझ्न सकिन्छ । गीताका हजारौं टीका र व्याख्याहरू छन् र अधिक टीकाहरू तथाकथित पण्डितहरूले गरेका छन् । उनीहरूसँग पर्याप्त जानकारी त छ तर ध्यान छैन; त्यसैले शब्दमा धेरै विवाद गरेर अनेकौं अर्थ गरिएको छ । मनले अर्थ गरेपछि अनेकौं अर्थ हुनु स्वाभाविक हो तर जति धेरै मानिस ध्यानमा उपलब्ध भए पनि ध्यान एउटै हुन्छ । एउटै व्यक्तिले गीताको ४-५ पटक अर्थ गऱ्यो भने पनि गीताका अर्थ ४-५ वटा हुन्छन् किनभने मनुष्यहरू बहुचित्तवान् छन् । मन र बुद्धि गहिरो हुनै सक्दैन सतहमा मात्र हुन्छ तर ध्यान गहिरो हुन्छ । जो मनबाट नै गीता बुझ्दछन्, उनीहरू गीताको सयकडौं टीका गर्दछन् तर ध्यानबाट गीतामा प्रवेश गरेमा गीताको अर्थ भिन्न हुन्छ । 'म' मा निरन्तर मन लगाउनेवाला भन्नाले निरन्तर मेरो नामस्मरण गर्नेवाला भन्ने व्याख्या निश्चल ध्यानयोग नबुझीकन गरेको भए गलत हुने थियो । गीताका अधिकांश टीकाकारहरूले निरन्तर 'म'मा मन लगाउनेवालाको व्याख्या परमात्माको निरन्तर भजन गर्ने भनेर गरेका छन् जुन यो मन रहुन्जेल हुनै सक्दैन ।

'म' मा निरन्तर मन लगाउनेवालाको अर्थ त्यही व्यक्ति जसमा अब मन शेष रहँदैन भन्ने हो । परमात्मामा मन उसैले लगाउन सक्छ, जसको मन समाप्त भएको हुन्छ किनभने यदि मन जारी छ भने त्यो संसारमा नै लागि रहन्छ । जति परमात्माको नामस्मरण गरे पनि मन संसारमै रहिरहन्छ । तथाकथित भक्तहरू मन्दिर वा सत्सङ्गमा रहँदा पनि उनीहरूको मन अन्यत्र नै हुन्छ । हाम्रो जगत्सँग जे सम्बन्ध छ त्यसको जोड हाम्रो मन हो । मनलाई हामी परमात्मामा लगाउनै सक्दैनौं । मन रहुन्जेल मन संसारमा मात्र लाग्छ र यदि मन रहेन भने मात्र परमात्मासँग सम्बन्ध हुन सक्छ । आफ्नो मन हराएर निरन्तर परमात्मामा स्थित हुने व्यक्ति नै निरन्तर मन लगाउनेवाला हो । जहाँ मन शून्य हुन्छ, त्यहाँ परमात्मा स्वतः नै उपलब्ध हुन्छ । जसको मन शून्य हुन्छ त्यसले परमात्मामा ध्यान लगाउनु नै पर्दैन किनभने उसले ध्यान जहाँ लगाए पनि त्यहाँ परमात्मा हुन्छ । यस्तो अवस्था र स्थितिमा रहने व्यक्तिलाई निरन्तर कृष्णमा मन लगाउने व्यक्ति भन्न सकिन्छ ।

श्रीकृष्ण 'म' मा नै निरन्तर मन लगाउनेवाला र 'म'मा निरन्तर प्राण लगाउने भक्तजन भन्नुहुन्छ तर मनसहित विचार गरेर प्राण अर्पण गर्न सकिँदैन । मन्दिरमा गएर शिर परमात्मामा झुकाउने निर्णय पनि मनकै निर्णय हो तर ध्यानबाट जुन समर्पण हुन्छ त्यो कृत्य हुँदैन । आफ्नो प्राण सदा नै उसमा समर्पित रहेको र आफ्नो प्राण उसबाट नै चलिरहेको अनुभूति हुनुका साथै उसभन्दा अलिकति पनि अलग नभएर सदैव उसमा समर्पित भएको बोध हुनु नै कृष्णमा निरन्तर प्राण अर्पण गर्नेवाला हो । म उसैसँग बाँचिरहेको छु र ऊ 'म'मा बाँचिरहेको छ एवम् मेरो उससँग कुनै पृथकता छैन भन्ने अनुभव नै कृष्णमा प्राण अर्पण गर्नेवाला हो । जबसम्म व्यक्ति रहन्छ तबसम्म समर्पण हुन सक्दैन किनभने त्यहाँ अहङ्कार मौजुद रहन्छ । हामी समर्पण गर्न नसके पनि मनलाई तोड्न सक्छौं र जब मन रोकिन्छ वा शून्य हुन्छ, तब समर्पण आफैं घटित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' मा नै प्राण अर्पण गर्नेवाला सदा आपसमा मेरो प्रभावलाई बताउँछन् । यसको अर्थ एक-अर्कामा प्रभु महान् हुनुहुन्छ भनेर उहाँको गुणगान गर्नु होइन । जो एकै भावमा उपलब्ध हुन्छ उसले गर्ने प्रत्येक कुराबाट परमात्माको खबर गुन्जिन्छ । उसको बसाइ,

हिँडाइ र प्रत्येक कर्म परमात्माको जस्तै हुन्छ । उसको प्रत्येक आचरण र कृत्यमा परमात्माको नै गुणगान झल्किन्छ ।

परमात्माको गुणगान एक अर्कासँग गरेर परमात्मालाई स्मरण गर्न सकिँदैन । मानिसहरू भगवान्को नामस्मरण र गुणगान माइकका माध्यमबाट सारा व्यक्तिहरूलाई सुनाउने गरी जोडले गर्दछन् । उनीहरूलाई प्रभुको नाम सुनायो भने सबैलाई लाभ हुन्छ भन्ने लाग्छ तर यसरी हल्ला गरेर सबैलाई सुनाउनु उपयुक्त होइन । यो पुण्य होइन पाप हो किनभने अर्काको निद्रामा बाधा पुऱ्याउने र शान्ति भङ्ग गर्ने काम प्रभुस्मरण र गुणगान होइन । उनीहरूको हल्लाले बिस्तारै मानिसहरूलाई भगवान्को नामप्रति नै घृणा उठ्न सक्छ । कसैले जबर्जस्ती भगवान्को नामस्मरण गराउन सक्दैन । तर जब कोही भगवान्मा नै बाँच्छ भने उसको उठाइ, बसाइ, हिँडाइ, बोलाइ, मौनतामा, उसको भावभङ्गिमा र उसका मुद्राहरूमा सबैतिर भगवान्को स्तुति प्रारम्भ हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मेरो वर्णन गर्दै जो कोही सन्तुष्ट हुन्छन्, ती भक्तहरू बुद्धियोगको सहायताले 'म'मा नै प्राप्त हुन्छन् । हामी ईश्वरको कथन गरेर सन्तुष्ट हुँदैनौँ । हामीले भनेको कुरासँग अर्को व्यक्ति सहमत भयो भने मात्र हामी सन्तुष्ट हुन्छौँ तर यस्तो सन्तोष अहङ्कारको सन्तोष हो । आफ्नो विचार अरूमाथि थोपर्न खोज्नु पाप हो । यो कथनको अर्थ आफ्नो भनाइ बलपूर्वक थोपरेर राजी गराउने होइन । मैले के भनेँ र अर्काले के सुन्यो वा सुनेन त्यो निष्प्रयोजन हो । जसले प्रभुको चर्चा गर्न पायो त्यो सन्तोषको कुरा हो । समग्रताले प्रभुको गुणगान हुन सक्यो भने त्यो सौभाग्य आफूले पाउनु नै सन्तुष्टि हो ।

हिन्दू धर्म परिवर्तन गर्ने धर्म होइन । अरू धर्महरू परिवर्तन गराउने प्रयास गर्छन् तर हिन्दू धर्मले त्यो कहिले पनि आवश्यक नै ठानेन । हिन्दू धर्म कसैलाई पनि रूपान्तरण गर्न चाहँदैन, यो अनौठो र अद्‌भुत कुरा हो किनभने मनको स्वभाव आफूले जे मान्यो त्यो अरूले पनि मानून् भन्ने हुन्छ । हिन्दू धर्म अपरिवर्तनीय धर्म हो । त्यसैले हिन्दूहरू अरूलाई किन बदल्नु बरु त्योभन्दा मेरो सुगन्धले कसैलाई बदल्छ भने त्यो अर्कै कुरा हो भन्छन् किनभने यो पनि एकप्रकारको आक्रमण र हिंसा हो । यदि मेरो जीवन देखेर वा यो सुगन्धले प्रभावित भएर बदलिन्छौ भने ठिक छ अन्यथा अरूलाई आफ्नो आस्था थोपर्न खोज्नु हिंसा हो । साथै कुनै व्यक्तिलाई जबर्जस्ती बदल्न खोज्यौ भने पनि शरीर मात्र बदलिने हो, आत्मामा कुनै रूपान्तरण हुँदैन । ईश्वरको स्तुति अस्तित्वसँग र हुनुसँग सम्बन्धित हुन्छ; तसर्थ उसको स्मरण गर्न पाउनु नै सन्तोषको कुरा हो । सन्तोष अरूलाई राजी गराउनमा हुँदैन किनभने सन्तोष त आफ्नो अभिव्यक्तिमा एवम् भित्रको आन्तरिक अवस्था सुव्यवस्थित हुनुमा हुन्छ । धर्म एउटा आत्मिक भाव हो जो सुगन्धित भएपछि आफू सन्तुष्ट भइन्छ । यस्तो व्यक्तिलाई परमात्माको स्तुति आनन्दका लागि हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- उनीहरू निरन्तर 'म'मा रमण गर्दै 'म'मा डुब्छन् । उनीहरू 'म' मा नै डुबुल्की लिन्छन् । यो पनि मनबाट सम्भव हुँदैन । निरन्तर मेरो ध्यानमा लागेका र प्रेमपूर्वक भज्नेवाला भक्तहरूलाई 'म' त्यो तत्त्वज्ञानरूपी योग दिन्छु जसबाट उनीहरू 'म'मा नै प्राप्त हुन्छन् । हे अर्जुन ! उनीहरूलाई अनुग्रह गर्नका निम्ति नै 'म' स्वयम् उनीहरूको अन्तस्करणमा एक भावले स्थित भएर अज्ञानले उत्पन्न भएको अन्धकारलाई प्रकाशरूप तत्त्वज्ञानरूपी दीपद्वारा नष्ट पार्दछु । श्रीकृष्ण भन्नुहुन्छ- जसको चित्तदशा यस्तो निर्मित भएको छ, जो प्रभुमा डुबुल्की मारेर आनन्दित हुन्छ र जसको संसार नै परमात्मामा हुन्छ यस्तो परमात्मामय भएको व्यक्तिलाई बुद्धि उपलब्ध हुन्छ । यस्तो व्यक्तिमा प्रतिभाको जन्म भएर बुद्धिमत्ता प्राप्त हुन्छ । यसलाई बुद्ध प्रज्ञा भन्नुहुन्छ । बुद्धले तीन शब्दको उपयोग गर्नुभएको छ र आफ्नो चिन्तनलाई यसैमा केन्द्रित गर्नुभएको छ । ती तीन शब्द शील, समाधि र प्रज्ञा हुन् । शीलको अर्थ हो- जे हामी गर्छौं, समाधिको अर्थ हो- जे हामी हुन्छौँ र प्रज्ञाको अर्थ हो- जे हामीमा फुलेर विकसित हुन्छ । शीलको अर्थ हाम्रो जीवन रूपान्तरण हुनु हो । समाधिले हाम्रो चेतना रूपान्तरित हुन्छ र जब दुवै रूपान्तरण घटित हुन्छन् त्यसबेला जुन सम्पदा परमधन हामीलाई मिल्छ त्यो प्रज्ञा हो ।

श्रीकृष्णले त्यो परमधनलाई बुद्धियोग भन्नुभएको छ । कृष्णका अनुसार व्यक्ति तब बुद्धिमान् हुन्छ, जब ऊ परमात्मासँग एक हुन्छ तर हामी त बुद्धिमान्को अर्थ अर्कै जान्दछौं । जसलाई हामी अहिले बुद्धि भन्दछौं, त्यो केवल तालमा बनेको प्रतिविम्ब मात्र हो । हाम्रो मनको पोखरीमा अहिले जुन प्रतिविम्ब छ त्यसैलाई हामी बुद्धि ठान्दछौं तर त्यो बुद्धि होइन, प्रतिबिम्ब मात्र हो र प्रतिविम्ब उल्टो हुन्छ । जसलाई हामी बुद्धिमान् सम्झन्छौं त्यो परम दृष्टिको अर्थमा उल्टो हुन्छ । प्रतिविम्बलाई बुद्धि ठान्नु गलत हो । बुद्धिको अर्को गहन रूप पनि छ तर त्यसलाई बुझ्नका लागि हामी मनभन्दा माथि उठ्नैपर्छ । जब कोही ध्यानमा उपलब्ध हुन्छ वा जब कोही परममा नै ध्यान केन्द्रित गरेर डुब्छ, तब उसलाई पहिलो पटक बुद्धिमत्ताको अनुभूति हुन्छ ।

बुद्धिमान् व्यक्तिहरूले विगत दुई सय वर्षमा मानिस शिक्षित भयो भने सबै दुख-कष्ट हट्छ भनेका थिए । आज अमेरिका सबैभन्दा बढी शिक्षित मुलुक हो तर त्यहाँका शिक्षित व्यक्तिहरू सुखी नभएर दुखी छन् । जहाँ जति शिक्षा बढेको छ त्यहाँ उति नै दुख बढेको छ र हालको अवस्था हेर्दा शिक्षित व्यक्ति सुखी हुनै सक्दैन जस्तो लाग्छ । मानिसहरूको बुद्धिमान् हुने इच्छा त बढेको पाइन्छ तर बुद्धिमान् भएको पाइँदैन, जसका कारण जिन्दगी बेचैनीमा डुबेर दुख मात्र प्राप्त भएको पाइन्छ । जीवनलाई आनन्द प्रदान गर्ने दिशातिर ध्यान केन्द्रित गर्नु बुद्धिमत्ता हो । श्रीकृष्ण भन्नुहुन्छ- यो बुद्धि त्यसले प्राप्त गर्छ जो निरन्तर मेरो ध्यानमा र स्मरणमा डुबेको हुन्छ । उहाँ म तिनीहरूलाई तत्त्वज्ञानरूपी बुद्धियोग दिन्छु, जसबाट अन्ततः उनीहरू मलाई नै प्राप्त गर्छन् भन्नुहुन्छ । हे अर्जुन ! उनीहरू माथि अनुग्रह गर्नका लागि 'म' स्वयम् उनीहरूको अन्तस्करणमा एक भावले स्थित भएर अज्ञानले उत्पन्न भएको अन्धकारलाई ज्योतिर्मय तत्त्वज्ञानरूपी दीपद्वारा नष्ट गर्छु । जब भित्र बुद्धि जन्मिन्छ, तब बुद्धियोग फलित हुन्छ र जीवन उसको समग्रतामा देखिन्छ । हाम्रा आँखाले देखेको जस्तो होइन, जीवनतत्त्व रूपमा जस्तो छ उस्तै देखिन्छ, तब यही प्रज्ञा दियो बन्दछ र त्यो सारा अज्ञान जसमा हामी अहिलेसम्म बाँचेका छौं एवम् जसलाई अहिलेसम्म हामीले आफ्नो जीवन सम्झेका छौं त्यो सारा अन्धकार विलीन र शून्य हुन्छ ।

मनुष्य प्रकाशको एउटा सम्भावना हो । मनुष्य प्रकाशको बीज हो र उसमा लुकेको ज्योति पङ्ख बनेर ज्योतिर्मय हुन सक्छ तर त्यसका लागि मनबाट माथि उठ्नु जरुरी हुन्छ र अहङ्कारलाई इन्धन बनाउनुपर्दछ जो जलेपछि त्यो प्रकाशको ज्योति बुद्धियोग हामीभित्र सघन हुन्छ । त्यो बुद्धियोगबाट जे जानिन्छ, त्यही धर्म हो । त्यो प्रकाशमा जे पाइन्छ, त्यही मोक्ष हो । बाँकी सबै संसार हो । अज्ञानमा जो जानिन्छ त्यो संसार हो र त्यसैलाई जब ज्ञानले जानिन्छ त्यो परमात्मा हो । संसार र परमात्मा दुई कुरा होइनन् एउटै दर्शनका दुई रूप र अनुभव हुन् । हामी परमात्मा र संसारलाई दुई अस्तित्व बनाएर हेर्छौं तर त्यो एकै हो । श्रीकृष्ण भन्नुहुन्छ- त्यो बुद्धियोगद्वारा ज्योतिर्मय प्रज्ञा प्रकट भएर अज्ञानरूपी अन्धकार एवम् अहङ्कार मेटिन्छ र यो अहङ्कार नष्ट भएपछि दुई रहँदैन, अद्वैत मात्र शेष रहन्छ । धर्म एक अन्तरक्रान्ति हो जहाँ व्यक्तिले आफूलाई बदल्न सक्छ । जान्नका लागि नयाँ प्रकाश, ज्योति र चैतन्य आविर्भूत हुन्छ जसबाट अहङ्कार नष्ट भएर नयाँ ज्योतिको दर्शन हुन्छ ।

हामी नजानीकन जान्न चाहन्छौं । हाम्रो ईश्वरको स्मरण पनि सुगाको रटाइ जस्तो ज्ञान हो जो हामीलाई आफ्ना पिता-माताबाट मिल्दछ र हामी त्यही ज्ञान आफ्ना सन्तानलाई बिरासतमा दिन्छौं तर अनुभवको र आफ्नो साक्षात्कारको कुनै प्रतीति भित्र हुँदैन । त्यसैले धर्मको यति धेरै चर्चा भएर पनि व्यर्थ जस्तो लाग्छ । परमात्माको चर्चा र स्तुति गर्ने व्यक्तिको आँखामा प्रभुको झलक पाईंदैन । जो हाम्रो जीवनमा छँदै छैन, त्यसको हामी धेरै चर्चा गरिरहेका छौं । हामी आफूलाई धोखा दिनमा कुशल छौं । हामी शब्दसँग अनुकूलित (Conditioned) भएका छौं । मन्दिर देख्नेबित्तिकै हाम्रो हात जोडिन्छ । बाल्यावस्थादेखि नै पिता-माताले मन्दिर देख्नेबित्तिकै हात जोडेको देखेर बच्चाको र हाम्रो पनि हात जोडिन्छ । यो अनुकूलन हो धार्मिकता होइन । कुनै धार्मिक उत्सव मनाउनु पनि धार्मिकता होइन यो पनि

अनुकूलन मात्र हो । कृष्णले भन्नुभएको धार्मिकताका लागि मनबाट माथि उठ्न जरुरी हुन्छ । हाम्रो जस्तो बाँधिएको सुगा जस्तो यन्त्रवत् मन धार्मिक हुन सक्दैन । यो मनलाई शून्य बनाउनु नै पर्छ अनि मात्र कृष्णको यस कथनको कुरा हामी राम्ररी बुझ्न सक्ने छौँ ।

*अर्जुन उवाच*
*परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।*
*पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥*

**अर्जुनले भने- हजुर परब्रह्म, परमधाम, परमपवित्र हुनुहुन्छ किनभने हजुरलाई सबै ऋषिगणहरू, सनातन, शाश्वत, दिव्य, देवताका पनि देव, कहिल्यै नजन्मिने र सर्वव्यापक भन्दछन् ॥**

*आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।*
*असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥*

**हे केशव ! त्यसरी नै देवर्षि नारद, असित, देवल, व्यासलगायतका ऋषिहरूले यही सत्यको पुष्टि गरेका छन् र मलाई पनि हजुर यही कुरा भन्दै हुनुहुन्छ ॥**

*सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।*
*न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥*

**हे केशव ! हजुरले मलाई भन्नुभएका कुरा म पूर्ण रूपमा सत्य मान्दछु । हे भगवन् ! हजुरको लीलामय व्यक्तित्वलाई देवता र दानवहरू पनि जान्दैनन् ॥**

श्रीकृष्णले अर्जुनलाई भन्नुभएको कुरा बुद्धिलाई मान्न कठिन हुन्छ । तर्कले विरोध गर्ने छ, विचारले सन्देह गर्ने छ र अहङ्कारले त्यसलाई अस्वीकार गर्ने छ । अर्जुन कृष्णलाई महामानव त मान्न सक्छन् तर उहाँलाई ईश्वर मान्नमा उनलाई कठिनाइ भइरहेको छ । अर्जुनले कृष्णको कुरा सुनेपछि उनी जे भन्दै छन्, त्यो बाहिरबाट झट्ट हेर्दा त राम्रो लाग्दछ तर उनको अर्थ त्यस्तो होइन । अलि गहिराइबाट हेर्‍यौँ भने हामीलाई लागेको भन्दा ठिक विपरीत कुरा उनको प्रश्नमा पाइन्छ । श्रीकृष्णले भन्नुभयो- 'म' नै परमात्मा हुँ, 'म' नै सबैमा व्याप्त छु, सबै कुरा 'म'बाट नै धारणा गरिएको छ । समस्त ऋषिहरूमा 'मेरो' नै भाव प्रकट भएको छ र समस्त श्रेष्ठता र शक्तिहरूको 'म' नै आधार बीज हुँ । जहाँ जीवनमा कुनै पनि सुगन्धले उचाइ छुन्छ र जब कुनै शिखर गौरी शङ्कर हुन्छ, तब त्यो श्रेष्ठताको अन्तिम स्थितिमा जे फुल्दछ, त्यो 'म' नै हुँ । 'म' नै यो जीवनको आभिजात्य, रस, प्राण र केन्द्र हुँ । कृष्णले भनेको कुरा तर्क र बुद्धिको आधारमा मान्न असम्भव देखिन्छ । अर्जुन जे भन्दछन् त्यो पनि राम्ररी सोच्नलायक छ ।

श्रीकृष्णका वचन सुनेपछि अर्जुनले भने- हे भगवन् ! हजुर परमब्रह्म र परमधाम एवम् परम पवित्र हुनुहुन्छ । हजुरलाई सबै ऋषिजन, सनातन, दिव्यपुरुष एवम् देवका पनि देव आदिदेव, अजन्मा र सर्वव्यापी भन्दछन् । देवर्षि नारद, असित र देवल ऋषि तथा महर्षि व्यास र स्वयम् हजुर पनि यस्तै घोषणा मलाई गर्नुहुन्छ । हे केशव ! हजुर मलाई जे भन्नुहुन्छ त्यो समस्त कुरालाई म सत्य मान्दछु । हे भगवन् ! हजुरको लीलामय स्वरूप न दानव जान्दछन् न देवता नै जान्दछन् । यसरी झट्ट हेर्दा अर्जुनले सबै कुरा स्वीकार गरेझैँ लाग्छ तर अर्जुनले यो सबै यसरी नै स्वीकार गरेको भए गीता यहीँ समाप्त हुन्थ्यो । अर्जुनले कृष्णका कुरा सबै बुझेका भए उनमा आत्यन्तिक घटना घटित हुन्थ्यो र अब भन्नुपर्ने केही बाँकी रहँदैनथ्यो । तर गीता समाप्त नभएर कृष्णलाई अरू पनि परिश्रम गर्नुपर्ने देखिन्छ किनभने यो भनाइ बुझेको जस्तो देखिन्छ तर त्यस्तो भएको छैन । त्यसैकारण गीता अझ बाँकी छ ।

अर्जुन हजुर परमधाम, परब्रह्म र परमपवित्र हुनुहुन्छ भन्दछन् किनभने यस्तै कुरा ऋषिहरू र महर्षिहरूले भनेका छन् । अर्जुनलाई अझै पनि सिधा प्रतीति भएको छैन र अहिले पनि साक्षीको आवश्यकता छ । अर्जुन यसो मान्दछन् किनभने सबै ऋषिगण, महर्षिहरू, सनातन दिव्यपुरुष एवम्

देवर्षिहरू कृष्णलाई अजन्मा र सर्वव्यापी मान्नुहुन्छ । असित, देवल र महर्षि व्याससहित धेरै महान् ऋषिहरू पनि त्यही कुरा भन्नुहुन्छ । उनी भन्दै छन्- यति मात्र होइन हजुर स्वयम् पनि मलाई त्यस्तै भन्नुहुन्छ । जब हामीलाई साक्षीको जरुरत पर्दछ, त्यसको अर्थ सत्यको साक्षात्कार अहिलेसम्म स्वयम्लाई भएको छैन भन्ने हो । अर्जुन यो मेरो पनि अनुभव हो भन्दैनन् उनी भन्दछन्- हे कृष्ण ! हजुर भन्दै हुनुहुन्छ त्यसैले त्यो सत्य नै हुनुपर्दछ किनभने जति पनि विचारशील र जान्ने व्यक्तिहरू छन् उनीहरूले पनि त्यसै भनेका छन् । अर्जुनको सत्य भन्नु वा मान्नु उनको आफ्नो सत्य होइन । यो साक्षीहरूको सत्य हो, अरूको साक्षीमा उनी आफ्नो मान्यता स्थापित गर्दै छन् । जुन मान्यता अरूमा निर्भर छ, त्यो कहिल्यै पनि गहिरो हुन सक्दैन । अर्जुनले कृष्ण स्वयम्लाई सिधा पाएर पनि मान्यता गहिरो हुँदैन भने महर्षि व्यासको कथनलाई कसरी अर्जुनले गहिराइमा मान्न सक्छन् ।

सत्यका लागि कुनै पनि साक्षीको जरुरत पर्दैन । अर्जुनलाई सिधा प्रतीति भएको छैन तर उनी कृष्णसँग प्रभावित छन् । अरूको साक्षीको आधारमा बाँच्ने व्यक्ति दरिद्र हुन्छ र उससँग सिधा हेर्ने आँखा हुँदैन तर अर्जुन कृष्णलाई प्रेम निश्चित रूपमा गर्दछन् । कृष्णलाई प्रेम गर्ने हुनाले ती व्यक्तिहरूको साक्षीलाई उनले छनोट गरेका छन् जो कृष्णलाई भगवान् मान्दछन् । यदि उनले कृष्णलाई प्रेम नगरेका भए अरू साक्षीहरू उनले छनोट गर्थे जो कृष्णलाई भगवान् मान्दैनन् र विरोधी छन् । कृष्णका आफ्ना काकाका छोरा नैमिनाथ जैनीहरूका तीर्थङ्कर हुनुहुन्छ । उहाँ जैनहरूका चौबिस तीर्थङ्करमध्ये एक हुनुहुन्छ । कृष्णप्रति अर्जुनको प्रेम नभएको भए उनले अरू नै साक्षीहरू छनोट गर्थे तर यो प्रेम श्रद्धा होइन यो केवल एक मित्रप्रतिको प्रेम हो । अर्जुनको मान्यता कृष्णप्रति सिधा भएको भए गीता यहीँ सकिन्थ्यो र उनी कृष्णको आदेश मानेर यहीँबाट नै युद्धमा उत्रन्थे तर उनी बुद्धिले साक्षी जुटाएर आफूलाई सम्झाउने प्रयास गर्दै छन् । उनी कृष्णलाई साक्षीको किनारामा खडा गर्दै छन् । उनी ऋषिहरूका साथै हजुर स्वयम् पनि मलाई यही भन्दै हुनुहुन्छ भन्छन् । अर्जुनभित्र अझै पनि सन्देह व्याप्त छ ।

कहिलेकाहीँ धेरै साक्षीहरूको प्रमाण असत्य बन्न सक्छ र कहिले एउटा सानो सत्यलाई सारा जगत्का व्यक्तिहरूले जति प्रयास गरे पनि असत्य प्रमाणित गर्न सक्दैनन् । अर्जुनलाई गहिराइमा कृष्णप्रति भरोसा भइसकेको छैन तर कृष्णसँग उनको गहिरो लगाव भने अवश्य छ । उनी चाहन्छन् कि कृष्ण भगवान् हुनुहोस् तर मान्न सकिरहेका छैनन् । अर्जुन कृष्णले भनेको कुरालाई सत्य मान्छु भन्छन् तर यो मान्नु जान्नु होइन । अर्जुनले वास्तवमै मान्न सकेका भए उनको नयाँ जन्म हुने थियो । कुनै पनि धर्मलाई आत्मसात् गर्दा जीवन बदलिएन भने त्यो मान्नु व्यर्थ हुन्छ । अर्जुनको मान्नु पनि उनको बौद्धिक प्रयास मात्र हो । अर्जुनको हृदयभित्र एउटा विपरीत धारणा बसेको छ । अर्जुन भन्छन्- हे भगवन् ! हजुरको लीलामय स्वरूपलाई न दानव न देवता नै जान्दछन् तर यो उनको अहङ्कारलाई सम्पुष्ट गर्ने वक्तव्य हो । कैयौँपटक हामी यसकारण मान्छौँ कि मान्दा अहङ्कार पुष्ट हुन्छ । अहङ्कारलाई जब कुनै वस्तुमा तृप्ति मिल्दछ तब अहङ्कार त्यसलाई मान्न राजी हुन्छ । अर्जुनलाई देवता र दानवले बुझ्न र जान्न सक्दैनन् भन्ने कुराले सुख दिएको छ । यो कसैले नजान्ने कुरा पनि म त मान्दछु भन्ने उनको बुझाइ छ ।

अर्जुनको जटिलता उनी कृष्णलाई उहाँ साँच्चै भगवान् हुनुहुन्छ भनेर मान्न पनि तयार छैनन् एवम् पूर्ण रूपमा होइन भनेर नमान्न पनि चाहँदैनन् । यो जटिलता हामीसँग पनि सदैव हुन्छ । त्यसैले अर्जुन हामी सबैका नै प्रतीक हुन् । हामी सबैको हृदयभित्र यस्तै द्वन्द्व हुन्छ । मान्ने-नमान्ने, बाँच्ने-नबाँच्ने, गर्ने-नगर्ने विरोधाभास हामीभित्र पनि एकसाथ हुन्छ र हामी जीवनभर यही द्वन्द्वको अलमलमा रहन्छौँ । यो अचेतन कुरा अर्जुनलाई पनि थाहा छैन । व्यक्ति जति द्वन्द्वग्रस्त हुन्छ त्यति नै ऊ जिद्दी पनि हुन्छ । अर्जुन यस प्रसङ्गमा दुवै कुरा भन्दै छन् तर उनको दुबिधापूर्ण कुराले गर्दा गीता अझै जारी रहने भएको छ । कृष्णले यो उनको आफ्नो सत्य जान्नु होइन भन्ने कुरा बुझिसक्नुभएको छ । उधारो सत्य असत्यभन्दा पनि

खतरनाक हुन्छ । असत्य पनि आफ्नो भयो भने त्यसमा एउटा प्रामाणिकता हुन्छ तर अर्काको सत्यको कुनै अर्थ हुँदैन ।

महर्षि व्यास के भन्नुहुन्छ भने तर्क वा विचारसँग अर्जुनको कुनै मतलब छैन । प्रिय सखा कृष्णलाई मान्न हिचकिचाहट भइरहेको छ भने उनले महर्षि व्यासलाई कसरी मान्न सक्छन् ? अर्जुन आफ्नो मन लिपपोत गरिरहेका छन् । उनी मान्न पनि चाहन्छन् तर भित्र मान्न पनि सकिरहेका छैनन् । अर्जुन जस्ता क्षत्रियको सबैभन्दा ठुलो कुरा अहङ्कार हो र त्यही उनको सबैभन्दा ठुलो कमजोरी पनि हो तर कृष्णको प्रतिभा र आभाले भने उनलाई छोएको छ । साथै कृष्णको उनीप्रतिको प्रेमले पनि उनलाई स्पर्श गरेको छ र उनीभित्र केही प्रतिध्वनित पनि भइरहेको छ । कहिलेकाहीँ गहिराइमा सोच्दा उहाँ मनुष्य मात्र होइन कि भन्ने लाग्न पनि सक्छ । त्यसैले एक तलमा स्वीकार र अर्को तलमा अस्वीकार सँगसँगै चलिरहेको छ । अर्जुन यस द्वन्द्वमा फसेका छन् र उनको वक्तव्यमा यो द्वन्द्व पूरा झल्किन्छ । साथै अर्जुन एउटा मजा पनि लिन चाहन्छन् र भन्छन्- जसलाई देवता र दानवले पनि जान्न सक्दैनन् त्यसलाई म मान्दछु । अर्को, कृष्ण जे आफ्ना बारेमा भन्दै हुनुहुन्छ, त्यो सत्यलाई पनि म मान्दछु ।

हामी त्यही कुरा मान्छौँ, जुन हामीलाई शङ्का लाग्छ । हामी आत्मा, परमात्मा एवम् मोक्षमा मेरो विश्वास छ भन्छौँ । हामी त्यही कुरामा मान्यताको जोड दिन्छौँ जुन कुरा हामी जान्दैनौँ । जसलाई मान्न असम्भव हुन्छ त्यसैलाई हामी मान्दछौँ भन्छौँ र जो प्रत्यक्ष छ त्यसलाई हामी कहिल्यै मान्दैनौँ । शरीरलाई हामी जान्दछौँ र आत्मा हामी मान्दछौँ । पदार्थलाई पनि हामी जान्दछौँ तर परमात्मालाई हामी मान्दछौँ । जुन दिन परमात्मा एवम् आत्माका बारेमा पूर्ण रूपमा जानिन्छ, त्यसै दिन हामीभित्र एकै स्वरको जन्म हुन्छ अन्यथा हामी भित्र द्वन्द्व र कलह नै रहन्छ । व्यक्ति मान्यतामा जति कमजोर हुन्छ त्यसलाई ऊ जिद्दी गरेर पूरा गर्दछ । हामी भित्र खाली छौँ र अरूले हालेको फोहर थुपारेर बसेका छौँ । आफ्नो कुनै अनुभूति नहुनाले सत्यभन्दा हामी धेरै पर छौँ ।

त्यसैले आफू स्वयम्को अनुभव नभई ऋषि-महर्षिहरूले भनेका कुराहरूको कुनै महत्त्व हुँदैन । अर्जुन के अनुभव गर्छन्, त्यसको मात्र मूल्य छ । यहाँ अर्जुनको अनुभव उनको भनाइको आधारमा गहिरो र एक स्वरको पनि छैन र त्यसमा कुनै सामञ्जस्य पनि छैन । चेष्टा गरेर कुनै कुरा जान्नु धर्म होइन । त्यस्तै अभ्यास गरेर पनि हामी जान्न सक्दैनौँ किनभने जान्नका लागि त अनुभव नै चाहिन्छ तर अर्जुन ऋषिहरूका विचारलाई साक्षी राखेर भन्छन्- हजुरले भन्नुभएका सबै कुरा मान्दछु; हजुर नै ईश्वर हो । यो अर्जुनको “कृष्ण भगवान् हुनुहुन्छ” भनेर मान्ने चेष्टा र उहाँप्रति आदरभाव हो तर उनी भित्र होइन भन्ने स्वर पनि निरन्तर बजिरहेको छ, जसलाई दबाउने चेष्टा पनि अर्जुन गर्दै छन् । दुईमा बाँडिइरहेसम्म अर्जनुको स्थिति यस्तै रहने छ । एकत्वको भाव भित्र स्थापित भएपछि मात्र अर्जुनले भगवान्लाई चिन्न सक्ने छन् ।

धर्म बिलकुल अलग कुरा हो । राम, बुद्ध, महावीर नभए पनि कुनै फरक पर्दैन, हामी उहाँहरूविना पनि धार्मिक बन्न सक्छौँ । धार्मिक हुनु निजी सत्यको साक्षात्कार मात्र हो र उसको परम्परागत सत्यसँग कुनै सम्बन्ध हुँदैन । अर्जुन परम्परागत सत्यको कुरा गर्दै छन् । परमात्मा अगाडि हुनुहुन्छ र उनी उदाहरण व्यासको दिँदै छन् । कृष्णका अगाडि ऋषिमुनिहरूको कुनै तुलना छैन । कृष्णका अगाडि अरू साक्षीको वर्णन गर्नु भनेको सूर्यका अगाडि दियो लिएर उभिनु जस्तै हो । अर्जुन यस जगत्मा भएका अन्योलग्रस्त व्यक्तिहरूका सार हुन् र कृष्ण सारा भगवत्ता जो प्रकट भएको छ त्यसको सार हुनुहुन्छ ।

रामायण रामको एउटा कथा मात्र हो । बाइबल जिससका विविध प्रसङ्गमा अनेकौँ व्यक्तिहरूका साथ भएको वक्तव्यको सङ्ग्रह हो । कुरान मनुष्य जातिका लागि मोहम्मदद्वारा निवेदित ईश्वरको सन्देश हो तर यी कुनै पनि सिधा संवाद होइनन् । गीता एउटा सिधा संवाद हो, जहाँ एकातिर मानवताको अन्योलग्रस्त मनका प्रतीक अर्जुन छन् र अर्कातिर सारा देवत्वको निचोड श्रीकृष्ण हुनुहुन्छ । उहाँहरूको

सिधा संवाद गीतामा अनौठो ढङ्गबाट प्रस्तुत भएको छ । गीता साधारण धार्मिक ग्रन्थ होइन र यसलाई अन्य पुस्तकसँग तुलना पनि गर्न सकिँदैन तर यदि हामी गीताको गहिरो आयाममा प्रवेश गऱ्यौँ र अर्जुनका पत्रपत्रलाई तोड्दै गयौँ भने मात्र गीताको अर्थ हामी बुझ्न सक्छौँ । जब अर्जुन खोलिन्छन् र स्पष्ट हुन्छन्, तब मात्र हामी कृष्णबारे स्पष्ट हुन सक्दछौँ । जुन अर्थमा अर्जुनको द्वन्द्व स्पष्ट हुन्छ, त्यसै अर्थमा कृष्णको सन्देश र संवाद पनि स्पष्ट हुन्छ ।

*स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।*
*भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥*

**हे पुरुषोत्तम ! हे सम्पूर्ण प्राणीहरूका उद्गमस्रोत ! हे जीवका स्वामी ! हे देवताका पनि परमदेवता ! हे जगत्का अधिपति ! हे पुरुषोत्तम ! हजुर अन्तरङ्ग शक्तिद्वारा स्वयम् आफूले आफैँलाई राम्ररी जान्नुहुन्छ ॥**

*वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।*
*याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥*

**हजुर जुन विभूतिहरूद्वारा यस संसारमा व्याप्त भएर बस्नुभएको छ ती सबै दिव्य विभूतिहरूका बारेमा सबै प्रकारले वर्णन गर्न हजुर योग्य हुनुहुन्छ ॥**

*कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ।*
*केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥*

**हे परमयोगी ! म कसरी निरन्तर चिन्तन गर्दै हजुरलाई जानूँ ? हजुर कुन कुन भावमा मद्वारा चिन्तन गर्नयोग्य हुनुहुन्छ ॥**

अर्जुनका मनमा जति द्वन्द्व र जटिलता भए पनि उनको व्यक्तित्व सरल छ । अर्जुनको सरलता र प्रेमका कारणले नै उनले कृष्णको सन्देश पाउन सकेको हुनुपर्छ । आफूप्रति इमानदार हुनु नै धार्मिक व्यक्तिको पहिलो लक्षण हो र उनी आफूप्रति इमानदार छन् । उनी आफूभित्रको जटिलता जानेर त्यसबाट मुक्त हुन आतुर छन् । उनी विनम्रताका साथ आफूभित्र जे भइरहेको छ, त्यो कृष्णलाई व्यक्त गर्दै छन् । यस कथनमा अर्जुनले कृष्णका सामु केही मूल्यवान् कुराहरू भनेका छन् । यी कुराहरू हामीहरूका लागि पनि मूल्यवान् हुन्छन् किनभने हामी सबै अर्जुनको तलमा नै उभिएका छौँ । अर्जुनले भने- हे प्राणीहरूलाई उत्पन्न गर्नेवाला प्राणीहरूका ईश्वर ! हे देवताहरूका पनि देव ! हे जगत्का स्वामी ! हे पुरुषोत्तम ! हजुर स्वयम् नै आफूलाई जान्नुहुन्छ । यसभन्दा अघि अर्जुनले कृष्णलाई हजुर जे भन्नुहुन्छ म त्यसलाई सत्य मान्दछु भनेका थिए । अर्जुनले म जान्दछु भनेनन्, यो उनको इमानदार कथन हो । अर्जुनले यो सत्य होस् भन्ने आकाङ्क्षासम्म प्रकट गरेका छन् तर उनी स्वयम्लाई भने प्रतीती भएको छैन । अर्जुनले यहाँ गहिरो कुरा भनेका छन् । हजुर आफूलाई स्वयम् नै जान्नुहुन्छ र मैले हजुरलाई जान्न चाहेँ भने कसरी जान्न सक्छु ? यस भनाइका धेरै आयामहरू छन् ।

यस संसारमा धेरै प्रकारका वस्तुहरू छन् र तीमध्ये एउटा वस्तु पर प्रकाशित र अर्को स्वप्रकाशित छ । कुनै कुरा देखिनका लागि त्यो वस्तु र प्रकाश दुवै जरुरी हुन्छ किनभने केही देख्न प्रकाशबाट प्रकाशित हुनुपर्छ । प्रकाश भएन भने गहन अन्धकार छाउँछ र कसैले केही देख्न सक्दैन । अरूलाई देख्न र जान्नका लागि पनि प्रकाश चाहिन्छ; त्यसैले अर्को व्यक्ति परप्रकाशित हो । जतिसुकै अन्धकार भए पनि आफूलाई जान्न र आफ्नो स्वप्रतीतिका लागि अर्को प्रकाशको आवश्यकता हुँदैन, आफू हुनु नै पर्याप्त हुन्छ। तसर्थ आत्मज्ञान स्वप्रकाशित हुन्छ । आत्मा स्वप्रकाशित हो तर पदार्थ परप्रकाशित हो । चेतना स्वप्रकाशित भएको हुँदा त्यसले आफूलाई प्रकाशित गर्छ । अर्जुन कृष्णलाई भन्दै छन्- हजुर नै आफूलाई जान्नुहुन्छ । श्रीकृष्णको अर्थ परम चैतन्य र चेतनाको शुद्धतम अवस्था हो । अर्जुन भन्छन्- मैले हजुरलाई

वा त्यो परम चैतन्यलाई जान्न खोजेँ भने पनि कसरी जान्न सक्छु । मेरो ज्ञानले हजुरलाई जान्न सकिन्न किनभने हजुर त स्वप्रकाशित हुनुहुन्छ र मैले कसरी त्यो शुद्धतम चेतनालाई जान्ने ? मैले जान्न खोजेँ भने अधिकतम रूपमा हजुरको शरीर अर्थात् हजुरको पदार्थगत हिस्सासम्म जान्न सक्छु । हजुरको वाणी सुन्न सक्छु तर जो बोल्दछ त्यसलाई म जान्दिनँ । हजुरका आँखा त देख्न सक्छु तर त्यो देख्न सक्दिनँ जो आँखाले देख्दछ । हजुरको हात देख्दछु तर हातभित्र जुन जीवन छ त्यसलाई जान्दिनँ । म हजुरको बाहिरी रूप मात्र चिन्न सक्छु तर भित्री रूप जान्न सक्दिनँ । त्यसैले हजुरले मात्र आफूलाई जान्नुहुन्छ । भक्त र ज्ञानीहरूले भनेका छन्- परमात्मालाई स्वयम् परमात्मा नबनीकन जान्न सकिँदैन । परमात्मा भएर मात्र उसलाई जान्न सकिन्छ ।

संसारमा दुई प्रकारको ज्ञान हुन्छ- एउटा परिचय र अर्को ज्ञान । जब कुनै कुरा बाहिरबाट जानिन्छ त्यो परिचय हुन्छ । जतिसुकै नजिकबाट जाने पनि त्यहाँ दूरी हुन्छ र जतिसुकै नजिकबाट जाने पनि त्यो परिचय मात्र हुन्छ । ज्ञान हुँदैन । कुनै चिज अर्को नरही त्यससँग एकाकार भएमा मात्र ज्ञान फलित हुन सक्छ जो अत्यन्त कठिन कुरा हो । त्यसैले धर्मका अतिरिक्त सबै कुरा परिचय मात्र हुन् केवल धर्म मात्र ज्ञानको द्वार हो । धर्मले योग र ध्यानद्वारा यस्तो प्रक्रिया खोजेको छ जहाँ एउटा चेतनाको ज्योति अर्को चेतनामा लीन हुन्छ । स्वभावतः दुई शरीर एक हुन सक्दैनन् तर दुई आत्माहरू एक हुन सक्छन् । दुई शरीर एक हुन सक्दैनन् किनभने त्यहाँ सीमा हुन्छ तर आत्माको कुनै सीमा नहुने हुँदा दुई आत्माहरू एक हुन सक्छन् । जति तरलता भयो एकता कायम हुन त्यति सजिलो हुन्छ जस्तो कि अलग-अलग पानीका थोपा एक हुन्छन् । शरीरको सीमा ढुङ्गा जस्तो कडा र ठोस हुन्छ तर आत्माको सीमा पानी जस्तै तरल हुन्छ। आत्मा पानीभन्दा पनि बाफ जस्तै तरल हुन्छ । एउटा कोठामा दुई वा दुईभन्दा बढी दियो बालियो भने दुवैको प्रकाश एउटै हुन्छ । ध्यानमा शरीर अलग रहन्छ तर आत्मा एक हुन्छ । एउटा कोठामा बिस जनाले ध्यान गरिरहँदा शरीर बिसवटा हुन्छन् तर आत्मा एक हुन्छ ।

ज्ञानको अर्थ कुनै वस्तुलाई बाहिरबाट होइन केन्द्रबाट जान्नु हो । त्यो वस्तुको अन्तस्तलबाट जान्नु ज्ञान हो । ज्ञान धर्मका अतिरिक्त कहीँबाट जान्न सकिँदैन किनभने धर्मले मात्र व्यक्तिलाई असीमसम्म जोड्ने सुबिधा जुटाउँछ । अर्जुन कृष्णलाई भन्दै छन्- म कसरी हजुरलाई जान्न सक्छु किनभने म त बाहिर र टाढा छु । जान्नका लागि त दूरी हट्नुपर्छ र एकत्व हुनुपर्छ । अर्जुनले यो 'मान्दछु' भन्नु नै उनको इमानदारी हो अन्यथा हामीहरू मान्नुलाई नै जान्नु ठान्छौँ । हामी ईश्वरलाई जान्दैनौँ तथापि जाने जस्तो गरेर एक अर्कासँग आफ्नो कुरा मनाउनका लागि लडाइँ गर्छौं ।

अर्जुन भन्छन्- म मान्दछु हजुर ईश्वर हो । हजुर नै समस्त प्राणीहरूलाई उत्पन्न गर्नेवाला, समस्त प्राणीहरूका ईश्वर, देवताहरूका देव, जगत्का स्वामी, पुरुषोत्तम हुनुहुन्छ तर यो सबै मेरो मान्यता हो । हजुर त आफूलाई स्वयम् जान्नुहुन्छ । यो सत्य हो तर यो पनि मेरो मान्यता र भाव हो, ज्ञान होइन । यो मेरो हजुरप्रतिको श्रद्धा हो तर यो मेरो प्रतीति साक्षात्कार भने होइन । अर्जुन कृष्णलाई भन्छन्- यो केवल मेरो मान्यता मात्र हो तर अब म पनि हजुरलाई जान्न चाहन्छु । हजुर आफूलाई नै जान्नुहुन्छ तर म हजुरलाई जान्दिनँ । हे भगवन् ! हजुर नै आफ्नो दिव्य विभूतिलाई सम्पूर्णताका साथ भन्नयोग्य हुनुहुन्छ जुन विभूतिहरूद्वारा यी सबै लोकहरूलाई व्याप्त गरेर हजुर स्थित हुनुहुन्छ ।

मैले बारम्बार सबै प्राणीहरूलाई उत्पन्न गर्नेवाला, सबै प्राणीहरूका ईश्वर, हे देवहरूका देव, हे जगत्का स्वामी, हे पुरुषोत्तम ! भने पनि यी सबै भावपूर्ण शब्दहरू मात्र हुन् । जतिसुकै हृदयले भने पनि मेरो हृदय यसबाट स्पर्शित हुँदैन । त्यसैले हजुर नै आफ्ना विभूतिहरूलाई सम्पूर्णताले भन्न सक्ने योग्य हुनुहुन्छ । हजुर नै आफ्नो अस्तित्व पूर्णतामा बताउन सक्नुहुन्छ । अर्जुन भन्दै छन्- म अज्ञानीले हजुरलाई जान्न सकिनँ । त्यसैले हजुर नै बताउनुहोस् र हजुरले मात्र आफ्नो समग्रतालाई बताउन सक्नुहुन्छ ।

ईश्वरका सम्बन्धमा जति वक्तव्य दिइएका छन् ती सबै आंशिक मात्र हुन् । कुनै पनि वक्तव्य समग्र छैन र हुन पनि सक्दैन । हाम्रा शब्द र भाषाका सीमा छन् तर त्यो असीमको कुनै सीमा छैन ।

अर्जुनको यो निवेदनमा ज्यादै गहिरो वेदना छ । अर्जुन भन्दै छन्- म कसरी भन्न सक्छु किनभने म जे भन्छु त्यो अधुरो अंश मात्र हो । हजुरको विभूति र ऐश्वर्य अपार छ । हजुरको हुनु असीम छ र हजुरको विस्तार जान्न नसकिने छ । हजुरको न कुनै आदि छ न अन्त नै, त्यस्तै म हजुरको कुनै पनि प्रारम्भ पनि पाउन सक्दिनँ । हजुरको सीमा खिच्न असम्भव छ, त्यसैले म हजुरको सम्बन्धमा भन्न सक्दिनँ । तसर्थ हजुरले नै आफ्नो समग्रता र विस्तार बताइदिनुहोस् । ईश्वरका बारेमा जान्ने व्यक्तिहरूका कथनहरू भिन्न छन् र एक अर्काका विपरीत र विरोधी जस्तो लाग्छन् तर जान्नेवालाको अनुभव विरोधी होइनन् । जसले ईश्वरलाई प्रेमले जाने र जसको साधना प्रेमको साधना हो यस्ता साधकहरूले ईश्वरको वर्णन सगुण रूपले गरेका छन् । परमात्माको व्याख्या जसले हृदयले गरेका छन् तिनीहरूले सगुण रूपको नै व्याख्या गरेका छन् । अर्कातिर जसले परमात्मालाई हृदयले होइन ज्ञानले जानेका छन् उनीहरूले निर्गुण, निराकार रूपको व्याख्या गरेका छन् । उनीहरूको व्याख्या झट्ट हेर्दा कलहपूर्ण जस्तो लाग्छ तर यो कलह होइन आ-आफ्नो मार्गबाट परमात्माको प्रतीति गरेको अनुभूति हो ।

इस्लाम जो निराकार प्रतीतिको मार्ग हो, उसमा मोहम्मदभन्दा पहिले मक्कामा ३६५ मूर्तिहरू भएका मन्दिर थिए, जहाँ हरेक दिनको पूजाका लागि एउटा मूर्तिको व्यवस्था गरिन्थ्यो । इस्लाम मान्यतामा परमात्मालाई कुनै पनि रूपमा बाँध्न सकिन्न अन्यथा हामी रूपमा रोकिने छौँ र निराकारसम्मको यात्रा नै हुने छैन भनेर ३६५ रूपका सबै मूर्तिहरूलाई तोडियो । मोहम्मदको कुनै पनि चित्र उपलब्ध छैन । चित्रले साधकको मार्गमा बाधा पुग्न सक्छ भनेर मोहम्मदले आफ्नो कुनै चित्र राख्न दिनुभएन । यो ज्ञानीको एउटा व्याख्या हो तर प्रेमी र भक्तको व्याख्या पनि उत्तिकै सही छ । यो मार्ग वैयक्तिक हुन्छ र प्रत्येक व्यक्ति आ-आफ्नो मार्ग, आ-आफ्नो स्वभाव र स्वधर्मका आधारमा आफ्नो बाटो तय गर्छन् ।

अर्जुन कृष्णलाई भन्छन्- मैले जे भने पनि एवम् जे माने पनि हजुरको समग्रतालाई भन्न सक्दिनँ । त्यसैले हजुर नै आफ्नो समग्रता बताइदिनुहोस् । कसैले पनि भाषामा समग्रलाई भन्नै सक्दैन । उसले अंशलाई मात्र भन्न सक्छ किनभने समग्रता यति ठुलो घटना हो जो एकैसाथ भन्नै सकिँदैन । कृष्ण पनि शब्दमा समग्र भन्न सक्नुहुन्न । अर्जुन भन्दछन्- हे भगवन् ! हजुर नै आफ्ना सम्पूर्ण विभूतिहरू जुन विभूतिहरूद्वारा सारा लोकलाई व्याप्त गरेर स्थित हुनुहुन्छ त्यसलाई समग्रताले भन्नयोग्य हुनुहुन्छ । हे योगेश्वर ! म कुन प्रकारले निरन्तर चिन्तन गर्दै हजुरलाई जानूँ, हे भगवन् ! मेरो योग्यता, पात्रता र सम्भावनालाई हेरेर हजुर कुन कुन भावमा मद्वारा चिन्तन गर्नयोग्य हुनुहुन्छ ? अर्जुन भन्दछन्- हजुरले आफ्ना विभूतिहरूका बारेमा बताउनुभएको पनि हुनसक्छ जुन मैले जान्न सकिनँ । त्यसैले म कसरी हजुरलाई जान्न सक्छु ? त्यो बताइदिनुहोस् । अर्जुन विधि र मार्गका बारेमा जान्न चाहन्छन् । परमात्मालाई जुनसुकै भावले प्राप्त गर्न सकिन्छ तर हरेक व्यक्तिले एकै भावले प्राप्त गर्न सक्दैन । ईश्वरलाई सबै भावले पाउन त सकिन्छ तर हरेक व्यक्तिले आफ्नो निजी भाव खोज्नुपर्छ; अरूको भावबाट परमात्मालाई खोज्न सकिँदैन ।

हामीलाई हाम्रो सम्भावना के छ र हामी के हुनका निम्ति जन्मिएका हौँ भन्ने जानकारी नै छैन । प्रत्येक व्यक्तिको आफ्नो निजी ढङ्ग हुन्छ । कुनै व्यक्तिका लागि ज्ञानमार्ग उपयुक्त हुन्छ भने कुनै व्यक्तिका लागि भक्तिमार्ग र कसैका लागि कर्ममार्ग उपयुक्त हुन सक्छ । यी प्रत्येकले आफ्नो स्वभावअनुसारको मार्ग खोज्नुपर्छ र अरूलाई जबर्जस्ती थोपर्नु हुँदैन तर हामी आफू जुन मार्गमा हुन्छौँ, अरूलाई पनि त्यही मार्गमा चलाउन चाहन्छौँ । जन्मसँग धर्मको कुनै सम्बन्ध हुँदैन तर हामी त्यही अनुसार चल्छौँ, जुन दुर्भाग्य हो । हरेक व्यक्ति जन्मबाट धर्म होइन सम्भावना लिएर जन्मिएको हुन्छ तर हामी त्यो विचार नै नगरी हामी जे छौँ, त्यही थोपर्ने प्रयत्न गर्छौँ । धर्म भावनाप्रधान हुन्छ जन्मजात हुँदैन । श्रीकृष्णले

भन्नुभएको छ- स्वधर्म छोडेर अर्को धर्ममा जानु भयावह हुन्छ । हामी सनातनीका घरमा जन्मिएका व्यक्ति सनातनी नै रहनुपर्छ भन्ने ठान्छौं जुन गलत सोच हो । स्वधर्मको अर्थ आफ्नो स्वभाव खोज्नु हो जो परमात्मामा पुऱ्याउने माध्यम बन्न सकोस् । यो व्यक्तिगत कुरा हो र प्रत्येक व्यक्तिले आफ्नो तरङ्ग आफैं खोज्नुपर्छ ।

अर्जुन सोध्दछन्- हे योगेश्वर ! म कुन भावमा हजुरलाई खोजूँ ? कसरी यो मेरा लागि सरल र सम्भव हुन्छ ताकि मेरो मान्यता मेरो ज्ञान बन्न सकोस् । अहिले जो म अरूको साक्षी खोज्दै छु त्यसरी नै म पनि कसरी साक्षी बन्न सक्छु । कुन विधिले निरन्तर चिन्तन गर्दै हजुरलाई जान्न सक्छु भन्ने चिन्तन ज्ञानको विधि हो । कुन भावले हजुरलाई चिन्तन गरूँ भन्ने चिन्तन भक्तको विधि हो । जगत्मा ठिक अर्थमा दुई मार्गहरू छन्, मस्तिष्ककेन्द्रित र अर्को हृदयकेन्द्रित जुन पुरुष र स्त्रैण मार्ग हुन् । यो स्त्री र पुरुष नभई प्रतीकात्मक हो । स्त्रैण व्यक्तित्वहरू चाहे स्त्री वा पुरुष होऊन्, उनीहरू हृदयकेन्द्रित हुन्छन् । जो पुरुष व्यक्तित्व हुन्छन् ती चाहे पुरुष वा स्त्री हुन् ती मस्तिष्ककेन्द्रित हुन्छन् । दुवै मार्ग बिलकुल अलग छन् । अर्जुन यति सरल छन् कि उनलाई कुन मार्गबाट चलूँ त्यो पनि थाहा छैन । उनी म कुन भाँती चिन्तन गर्दै हजुरसमक्ष पुगूँ भनेर जान्न चाहन्छन् । यदि भाव मेरो मार्ग हो भने कुन भाँती कुन भावले हजुरलाई चिन्तन गर्दै हजुरलाई प्राप्त गर्न सक्छु भनी जान्न चाहन्छन् ।

यी दुई विराट् धाराहरू हुन् र यिनका स-साना धेरै मार्गहरू छन् तर ती गौण छन् । अहिलेसम्म जगत्मा जसले परमसत्य प्राप्त गरेका छन् उनीहरूले कि विचारको आत्यन्तिक गतिबाट जानेका छन् कि भावबाट जानेका छन् । एकातिर बुद्ध, महावीर, लाउत्सु, क्राइस्ट जस्ता व्यक्तिहरूले ज्ञानबाट परम सत्य पाएका छन् भने अर्कातिर मीरा चैतन्य, कबिर, टेरेसा, राविया जस्ता व्यक्तिहरूले भावबाट परम सत्य पाएका छन् । यिनीहरूको साधनाको व्यवस्था अलग हुन्छ । जसले ज्ञानबाट सत्य पाएका छन्, उनीहरूको साधनाको व्यवस्था भक्तिभन्दा ठिक उल्टो हुन्छ । विचारबाट चल्ने व्यक्तिका लागि ध्यान आधार हुन्छ । जो विचारबाट चल्छन् उनीहरूले विचारलाई यति शुद्ध गर्नुपर्छ कि विचारलाई शुद्ध गर्दागर्दै विचार नै हराओस् । विचार यति शुद्ध होस् कि शब्द समाप्त भएर विचारणा मात्र शेष रहोस् । त्यस अवस्थालाई हामी साक्षी अर्थात् जागरुकता भन्न सक्छौं ।

अर्जुन सोध्दछन्- यदि मेरो जान्ने सम्भावना ज्ञानको भए हजुरलाई जान्न म कसरी चिन्तन गरूँ, मलाई बताइदिनुहोस् । यदि यो नभए म कस्तो भाव गरूँ, जसबाट म हजुरलाई जान्न सक्छु । भावमा व्यक्ति लीन र समर्पण भएर विसर्जित हुन्छ । प्रेम र भक्तिमार्ग त्यो व्यक्तिलाई सहयोगी हुन्छ, जो आफूलाई डुबाएर विलीन गर्न तयार हुन्छ । ज्ञानको मार्गमा आफू पूर्ण जागृत भएर आफूलाई बचाउनुपर्छ । ज्ञानको मार्गमा सबै छुटेर म मात्र बाचूँ भन्ने हुन्छ भने भक्तिको मार्गमा आफूलाई पूरा मिटाएर ऊ बाचोस् म मात्र नबाँचूँ भन्ने हुन्छ । यी दुई विपरीत मार्गबाट एकै ठाउँमा पुगिन्छ । यी दुई विपरीत मार्गहरूबाट द्वैत हराउँछ र एक बच्छ । अर्जुन भन्दछन्- मेरो पात्रता के छ र म कुन अवस्थामा छु, त्यो हजुरले मलाई बताइदिनुहोस् । तब त्यो मेरो पात्रता प्रकट भएर मेरो सम्भावना वास्तविकता बन्न सकोस् र मेरो बीज अङ्कुरित भएर फक्रन र फुल्न सकोस् । हजुरले भनेको कुरा म जान्न सकूँ र म कसरी कुन भावले हजुरको चिन्तन गरूँ ? मलाई मार्गदर्शन गर्नुहोस् । अर्जुनको सरलता स्पष्ट छ । उनले आफ्नो मान्यतालाई नै जान्नु ठानेका भए कृष्णसँग यसरी सोध्ने थिएनन् । मैले जानेको छैन भन्ने कुरा उनलाई थाहा छ । अर्जुन कृष्णलाई विनम्रताका साथ भन्दछन्- म हजुरलाई मान्दछु तर ममा हजुरलाई जान्ने ज्ञान छैन । मेरा लागि के उचित हुन्छ, जसबाट म हजुरलाई जान्न र समग्रतामा अनुभव गर्न सक्छु त्यो मलाई कृपापूर्वक बताइदिनुहोस् ।

*विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ।*
*भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्ति मेऽमृतम् ॥१८॥*

**हे जनार्दन ! आफ्नो योगशक्तिलाई र विभूतिलाई विस्तारपूर्वक पुनः वर्णन गर्नुहोस् । हजुरका अमृतरूपी वचन सुनेर म कहिल्यै अघाउन्नँ र ममा सुन्ने उत्साह रहिरहन्छ ॥**

*श्रीभगवानुवाच*
*हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।*
*प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥*

**भगवान्ले भन्नुभयो- हे कुरुश्रेष्ठ ! हुन्छ, म तिमीलाई मेरा दिव्य ऐश्वर्यरूप विभूतिहरूबारे मुख्य रूपले बताउने छु किनभने मेरा विभूतिहरूका विस्तारको कुनै अन्त्य वा सीमा छैन ॥**

*अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।*
*अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥*

**हे गुडाकेश (निद्रालाई जित्ने) ! 'म' नै समस्त जीवका अन्तस्करणमा निवास गर्ने आत्मा हुँ, 'म' नै सम्पूर्ण प्राणीहरूका आदि, मध्य र अन्त्य पनि हुँ ॥**

अर्जुनले कृष्णलाई भने हे जनार्दन ! आफ्नो योगशक्ति र परम ऐश्वर्यरूप विभूतिबारे फेरि एकपटक विस्तारपूर्वक भन्नुहोस् किनभने हजुरका अमृतमय वचन सुनेर मलाई तृप्ति नै हुँदैन । कृष्णका वचन सुनेर कसैलाई कहिल्यै पनि तृप्ति हुँदैन । कृष्णको वचन यति प्रीतिकर र मधुर छ कि यसलाई जति सुने पनि अझ सुनूँ सुनूँ जस्तो लाग्छ र कहिल्यै पनि तृप्ति हुँदैन तर यो सामान्य अर्थ हो । गहिराइमा यस कथनको आशय के हो भने सुनेर कहिल्यै पनि यसबाट तृप्ति हुनै सक्दैन, बरु अतृप्ति र प्यास अझ बढ्छ किनभने यस कथनले जुन कुराको खबर दिन्छ, त्यो जान्दै गएपछि त्यति नै अझ प्यास बढ्न थाल्छ । त्यो जलाशय जहाँबाट यो वचनधारा बगेको छ त्यसलाई जान्ने प्यास अझ बढ्छ । यो तृप्तिको स्वर त्यो जलाशयलाई खोज्ने इसारा हो । यदि कोही वचनबाट मात्र तृप्त हुन चाहन्छ भने ऊ वचनबाट कहिल्यै पनि तृप्त हुन सक्दैन । त्यो स्रोततिर यात्रा गर्नुपर्छ जहाँ यो वचनले इसारा गरेको छ । त्यहाँ पुगेपछि मात्र व्यक्ति तृप्त हुन सक्छ तर यो वचन पनि प्रीतिकर र अमृतमय छ । कोही यसलाई सुन्नका निम्ति मात्र पनि रोकियो भने यो वचन एउटा नशा हुन्छ र तृप्ति कहिल्यै पनि हुँदैन ।

बुद्धसँग आनन्द चालिस वर्षदेखि छाया जस्तो भएर बसेका थिए । बुद्धको मृत्युको क्षणमा आनन्द रुन थाले । तब बुद्धले भन्नुभयो- मैले तिमीलाई जे भने त्यो यदि तिमीले बुझ्यौ भने मृत्यु त हुँदै हुँदैन । आनन्द छाती पिटेर अझ रुँदै भन्छन्- हजुरको अमृतमय वचन अब फेरि कहिले सुन्न पाइन्छ ? अब कति जन्मपछि हजुरको दर्शन हुन्छ ? मलाई त अहिले तृप्ति भएकै छैन । हजुर हामीलाई छोडेर बिदा हुन लाग्नुभयो । बुद्धले आनन्दलाई भन्नुभयो- चालिस वर्षदेखि तिमी मेरा वचन निरन्तर सुनिरहेका छौ । यदि तिमीले चालिस जन्मसम्म निरन्तर सुनिरह्यौ भने पनि तिमीमा तृप्ति हुँदैन । तृप्ति त यात्रा गरेर त्यहाँ पुगेपछि मात्र हुन्छ । 'म' त्यो घर वा धामको कुरा गर्दै छु र तिमीलाई वचन नै प्रीतिकर लाग्छ भने अझ त्यो धाम पुगेपछि कस्तो होला, त्यहाँ पुगेपछि मात्र अमृत पाएको तृप्ति पाइन्छ । जलको चर्चा गरेर प्यास हट्दैन, बरु जलको चर्चाले प्यास अझ बढ्छ र जल पिएपछि मात्र जलबाट तृप्ति हुन्छ । अर्जुन कृष्णको अमृतमय वचन सुनेर तृप्त हुँदैनन् र अझ सुन्न चाहन्छन् । अर्जुनलाई यो वचन सुनेर तृप्ति नहुनुको अर्थ उनलाई कृष्णको वचनले जहाँ इसारा गर्दै छ, त्यहाँको यात्रा गरेर त्यहाँ पुगेपछि मात्र तृप्ति मिल्ने छ ।

धर्मशास्त्र त्यो शास्त्र हो जसलाई पढेर, सम्झेर तृप्ति मिल्दैन बरु अतृप्ति अझ बढ्छ । जुन पढेर तृप्ति मिल्छ, त्यो साहित्य हो धर्मशास्त्र होइन । धर्मशास्त्रले त प्यास, जलन जगाउँछ र व्यक्ति झन् अतृप्त हुन्छ । धार्मिक व्यक्ति परमात्मालाई पाएर मुक्ति पाउनका लागि वा सत्य पाउनका लागि अतृप्त र

असन्तोषी हुन्छ । उसलाई धन, पद, यश पाएर सन्तोष हुँदैन । त्यसैले उसको सारा शक्ति परमात्मालाई पाउनमा लाग्छ । जबसम्म जीवनमा गहिरो असन्तोष परमात्मालाई पाउनमा हुँदैन, तबसम्म जीवन अर्थहीन हुन्छ । धर्मशास्त्र त्यो शास्त्र हो, जो हाम्रा सबै असन्तोषको शक्तिलाई समेटेर परमात्मामा लगाओस् । जो हाम्रा सारा वासनालाई खिचेर एउटै वासनामा नियोजित गरिदेओस्, जो हाम्रो प्राणको सारा छरिएको किरणलाई एकत्रित गरेर एउटा ज्वाला वा मुस्लो बनोस् र त्यो मुस्लो परमसत्यको खोजीमा लागोस् ।

यही असन्तोष अर्जुनलाई पनि अनुभव हुँदै छ । अर्जुनले कृष्णको वचन जन्म जन्मान्तरसम्म सुनिरहे भने पनि उनलाई सन्तोष भने मिल्दैन । उनी यो परम वचनअनुसार रूपान्तरण हुनुपर्छ। यदि यस अनुकूल अर्जुन परिवर्तित हुन सके भने उनी कृष्णसँग एक हुने छन् । त्यसैले अर्जुन भन्छन्- हे जनार्दन ! आफ्नो योगशक्ति, ऐश्वर्य र विभूतिलाई फेरि विस्तारपूर्वक भन्नुहोस् । श्रीकृष्णले अहिले भर्खर जुन कुरा भन्नुभएको छ, अर्जुन त्यसलाई फेरि विस्तारपूर्वक भन्नुहोस् भन्छन् । उनी हजुरको अमृतमय वचन सुनेर मलाई तृप्ति हुँदैन भन्छन् । अर्जुन भन्छन्- अरू विस्तारपूर्वक भन्नुहोस् । हामी सबैलाई लाग्छ कुनै कुरा बुझ्न सकिएन भने विस्तारपूर्वक भनेमा राम्ररी बुझ्न सकिन्छ । जुन कुरा परिचयात्मक हुन्छ, त्यसलाई विस्तारपूर्वक भने बुझ्न सकिन्छ किनभने परिचय अलि विस्तारमा भनेमा बुझ्न सकिन्छ तर ज्ञान जति विस्तारमा सुन्यो त्यति कम जानिन्छ ।

मौलुङ्गपुत्र जो एउटा जानकार व्यक्ति थिए उनी बुद्धसमक्ष गएर आफूलाई केही ज्ञान दिनुहोस् भने । बुद्धले भन्नुभयो- तिम्रो भिक्षापात्र पहिलेदेखि नै भरिएको छ र ज्ञान तिमीसँग चाहिने भन्दा पनि धेरै छ । वास्तवमा तिमीलाई ज्ञानको कारणले अपच भएको छ । यदि मैले तिम्रो कल्याण गर्न चाहेँ भने तिम्रो ज्ञान पहिले मैले तिमीबाट खोस्नुपर्छ । यदि मैले तिमीलाई फेरि अज्ञानी बनाएँ भने मात्र तिम्रो जीवनमा ज्ञानको ज्योति बल्ने छ । मौलुङ्ग पुत्रलाई बुद्धको कुरा अचम्मको लाग्यो किनभने ऊ बुद्धकहाँ अरू ज्ञान विस्तारपूर्वक जान्नका लागि आएको थियो । कुनै सिद्धान्तमा केही चुक भएको भए त्यसलाई पनि ठिक पार्न चाहन्थ्यो । बुद्धले भन्नुभयो म तिमीलाई विस्तारपूर्वक केही भन्दिनँ। तिमी आफ्नो ज्ञानबाट खाली भयौ भने मात्र तिम्रो जीवनमा ज्ञानको घटना घट्न सक्छ ।

विस्तारको अर्थ तथ्यात्मक र त्यस विषयमा अरू जान्न खोज्नु हो तर ज्ञान विस्तारबाट पाइँदैन ज्ञान गहिराइबाट पाइन्छ । ज्ञानमा एकै बिन्दुमा गहिरो उत्रिनुपर्छ र विस्तारमा एक बिन्दुका आसपास अनेकौं बिन्दुहरूको यात्रा गर्नुपर्छ । परिचयलाई विस्तार र ज्ञानलाई गहिराइ चाहिन्छ । जसलाई आफू परम अज्ञानी छु भन्ने बोध हुन्छ, उसभन्दा ज्ञानी अर्को व्यक्ति हुनै सक्दैन किनभने ज्ञान सङ्ग्रह होइन । विस्तार ज्ञान होइन, परिचय हो र परिचय सतही कुरा मात्र हो । साथै शास्त्र पढ्ने पण्डितलाई पनि कहिल्यै परमज्ञान भएको पाइँदैन । कहिलेकाहीँ अज्ञानी पनि परमज्ञानमा उपलब्ध हुन सक्छन् तर पढेको पण्डित जो विस्तारपूर्वक सबै कुरा जान्दछ उसलाई भने कहिल्यै परमज्ञान नहुन सक्छ । कबिर, मोहम्मद, जिसस, नानक जो पढे लेखेका व्यक्ति पनि होइनन् उनीहरूलाई महान् परमज्ञान भएको छ । काशीका पण्डित जो कबिरलाई कपडा बुन्ने जुलाहा र नपढेको व्यक्ति ठान्थे उनीहरू जहाँ थिए त्यहीँ रहे तर कबिरलाई परमज्ञान भयो ।

अर्जुनका मनमा पनि विस्तृत रूपमा जान्न पाएमा तृप्ति मिल्छ भन्ने छ । व्यक्तिले जति बढी जान्दछ ऊ त त्यहीँ हुन्छ तर उसको सङ्ग्रह भने निश्चय बढ्छ । जब कुनै कुरामा हामी गहिराइमा जान्छौं तब सङ्ग्रह त बढ्दैन व्यक्ति बदलिएर रूपान्तरण हुन्छ । अर्जुनलाई अहिले त मैले बुझेको छैन तर विस्तारमा भनेपछि बुझ्न सक्छु भन्ने उनको सोच छ । अब श्रीकृष्णले अर्जुनलाई विस्तारमा यो

बुझाउनका लागि भन्नुहुन्छ तर जति विस्तारमा भने पनि उनी बुझ्न सक्दैनन् किनभने कृष्णका विभूतिहरूको विस्तारको कुनै सीमा छैन । कृष्णले भनेको वचन धर्मको परम वचन हो । यस वचनलाई बुझेर अर्जुनमा रूपान्तरण भयो भने मात्र उनी तृप्त हुन्छन् अन्यथा कृष्णले जति विस्तारमा भने पनि त्यो उनी बुझ्न सक्दैनन् ।

श्रेष्ठतम कविता पनि बारम्बार प्रयोगमा ल्याउँदा त्यसले निरसता पैदा गर्छ तर धर्मग्रन्थको पाठ हामी दैनिक गर्छौं तर पनि निरसता हुँदैन । यदि होसपूर्वक पाठ गरिएको छ भने धर्मग्रन्थले दैनिक हाम्रो प्यासलाई जगाउने छ । यदि गीता पढेर पनि निरसता पैदा भयो भने गीता हाम्रा लागि धर्मशास्त्र होइन भनेर बुझ्नुपर्छ तर गीतालाई प्रत्येक दिन पढ्दा पनि प्रेरणा मिल्यो भने गीता धर्मग्रन्थ हुन्छ । जति पढ्दै गयो उति नै प्यास बढ्दै गयो भने मात्र गीता हाम्रा लागि पथप्रदर्शक हुन्छ । त्यसैले पहिलेका व्यक्तिहरू दैनिक गीता पाठ गरिरहन्थे । यदि वर्षौं पाठ गरेर पनि गीता नयाँ र अझ अर्थपूर्ण लाग्यो भने मात्र हाम्रो र गीताका बिचको सम्बन्ध हुने छ । यान्त्रिक रूपमा गीतालाई रोज कण्ठस्थ गरेर पढ्नुको भने कुनै औचित्य छैन यसबाट कुनै हार्दिक सम्बन्ध बन्दैन । अर्जुन विस्तारमा अमृतमय वचन सुन्न चाहन्छन् र भन्छन्- मलाई यो वचन सुनेर तृप्ति नै भएको छैन तर हरेक तृप्ति निरस (Boredom) हुन्छ, विस्तारपूर्वक सुनेर पनि बुझ्न सकिँदैन र तृप्ति पनि हुँदैन । अर्जुनलाई अमृतमय वचन सुनेर तृप्ति मिल्छ भन्ने लाग्दछ तर उनलाई तृप्ति मिल्नेवाला छैन । यो वचन त त्यो आनन्दतिरको इसारा हो जसलाई सुनेर बुझ्न सकिँदैन, बरु पाएर र त्यसमा नै बाँचेर मात्र जान्न सकिन्छ ।

अर्जुनले यसरी सोधेपछि श्रीकृष्ण भन्नुहुन्छ- हे कुरुश्रेष्ठ ! 'म' अब तिम्रा लागि आफ्ना दिव्य विभूतिहरू प्रधानतापूर्वक भन्दछु । मेरा विभूतिहरू अनन्त छन् जसलाई वर्णन गर्नु सम्भव छैन । उनीहरूको विराट्पन भन्नका लागि समय र शब्द दुवै असमर्थ छन् । त्यसैले अब 'म' आफ्ना विभूतिहरू जुन मुख्य छन्, तिनलाई प्रधानतापूर्वक बताउँछु । 'मेरो' विस्तारको कुनै अन्त छैन र 'मेरो' पूरा विस्तार बताउन थालेँ भने यो चर्चा कहिल्यै पनि सकिँदैन । अर्जुन कृष्णलाई आफ्ना विभूतिहरूबारे विस्तारमा बताउन आग्रह गर्छन् । श्रीकृष्णले त्यसलाई विस्तारमा बताउन थाल्नुभयो भने त्यो त्यति नै लामो हुन्छ, जति यो अस्तित्व र श्रीकृष्ण हुनुहुन्छ । जो स्वयम् सम्पूर्ण अस्तित्वको रूप उनका अगाडि हुनुहुन्छ तैपनि अर्जुन चिन्दैनन् भने त्यो लामो विस्तारको वर्णन कसरी बुझ्न सक्छन् । त्यसैले त्यो वर्णन अनन्त हुन्छ जसको वर्णन सम्भव नै हुँदैन । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- मुख्य मुख्य केही कुरा छनोट गरेर 'म' तिमीलाई भन्दछु जो तिम्रा लागि इसारा बनोस् जसमा तिमीले केही झलक पाउन सक्ने छौ । मेरो लक्षण अनन्त छ जो वर्णन गर्नै सकिन्न तर तीमध्ये मुख्य लक्षण तिम्रा लागि जुन उपयोगी हुन सक्दछ, त्यो छनोट गरेर तिमीलाई भन्दछु । यसरी कृष्णले लक्षण पनि अर्जुनले बुझ्ने खालको छान्नुभएको छ । हे अर्जुन ! 'म' सबै प्राणीहरूको हृदयमा स्थित सबैको आत्मा हुँ तथा सम्पूर्ण प्राणीहरूको आदि, मध्य र अन्त्य पनि 'म' नै हुँ ।

'म' सबै प्राणीहरूको हृदयमा स्थित सबैको आत्मा हुँ । हामी जब कसैलाई हेर्दछौँ, तब उसको परिधि (Circumference) मात्र देख्दछौँ, केन्द्र देख्न सक्दैनौँ । हाम्रो केन्द्र त हामीभित्र गुप्त रूपमा लुकेको छ । श्रीकृष्ण भन्नुहुन्छ- त्यो जुन लुकेको हृदय छ र त्यो जुन सबैको भित्र गहन केन्द्र छ त्यही 'म' हुँ । जबसम्म हामी भित्रको केन्द्र जान्न सक्दैनौँ, तबसम्म कृष्णको कुरा बुझ्न सक्दैनौँ । हामीले आफूलाई ऐनामा नहेरी चिन्न पनि सक्दैनौँ र हामी आफूलाई बाहिरबाट मात्र चिन्दछौँ । हामीलाई आफ्नो केन्द्रबारे केही पनि बोध छैन । त्यसैले हामी आफूलाई अरूले भनेका आधारमा चिन्दछौँ । हामीलाई अरूले के भन्दछन् भन्ने सदैव चिन्ता हुन्छ । जो व्यक्ति आफ्नो शरीरलाई भित्रबाट देख्न समर्थ हुन्छ त्यही व्यक्तिले आफ्नो केन्द्र पनि देख्न सक्दछ । केन्द्र त्यो हो जसले सबैलाई देख्दछ र सबै जान्दछ । जो शरीरको हड्डी, मासु, मज्जालाई देखिरहेको हुन्छ त्यही साक्षी हो । त्यही केन्द्र जसले सबैलाई देख्दछ त्यसैलाई चिन्नुपर्दछ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' सबैको हृदयमा स्थित त्यही केन्द्र, आत्मा हुँ । यो हाम्रो धड्किने हृदयका बारेमा

श्रीकृष्णले भन्नुभएको होइन । हृदय त त्यो केन्द्रको नाम हो जसबाट हाम्रो अस्तित्व धड्किन्छ । आत्मा नै हाम्रो भित्री हृदय हो ।

हाम्रा लागि हृदय बन्द हुनु भनेको मृत्युवरण गर्नु हो किनभने हामी आफूलाई बाहिरबाट मात्र जान्दछौँ; मुटुबाट मात्र जान्दछौँ भित्री हृदयबाट होइन; शरीरबाट जान्दछौँ आत्माबाट होइन र परिधिबाट जान्दछौँ केन्द्रबाट होइन । परिधि त समाप्त हुन्छ र डाक्टरले त्यसैलाई मृत्यु भन्दछन् । हामीलाई केन्द्रको अस्तित्वका बारेमा कुनै जानकारी नै छैन; त्यसैले हामी त्यसलाई मृत्यु मान्दछौँ । यदि हामीलाई आफ्नो केन्द्रका बारेमा जानकारी भयो भने मृत्यु हुँदै हुँदैन । बाहिर मृत्यु र भित्र जीवन हुन्छ । श्रीकृष्ण त्यही जीवनका बारेमा भन्नुहुन्छ- सबै प्राणीहरूमा जहाँ जहाँ जीवन छ त्यहाँ त्यहाँ 'म' छु । सबैको आत्मामा 'म' हुन्छु यसको अर्थ हामी शरीरबाट मात्र अलग छौँ तर भित्र अन्तर्हृदयमा एक छौँ । हाम्रो भेद वा भिन्नता केवल शरीरको मात्र हो भित्रको होइन, अन्यथा कृष्ण सबैको भित्र हुन सक्नुहुन्न । यसको अर्थ हाम्रो परिधि मात्र अलग छ हाम्रो केन्द्र भने एक छ । जुन दिन व्यक्तिले आफ्नो केन्द्रलाई जान्दछ त्यो दिन भेद शरीरको मात्र हो भित्रबाट हामी सबै एक छौं भन्ने थाहा हुन्छ । आत्मा एउटा विस्तार हो जस्तो कि प्रत्येक बल्ब अलग अलग हुन्छ तर विद्युत् एक हुन्छ । हामी सबै बल्ब जस्तै शरीर हौं र भित्र जुन विद्युत् ऊर्जा प्रवाहित छ त्यो एक छ ।

श्रीकृष्ण भन्नुहुन्छ- सर्वव्यापी आत्मा 'म' हुँ । सबैको हृदयमा र सबैको आत्मामा 'म' छु । बाहिर मात्र भेद छ तर भित्र अभेद छ, बाहिर भिन्नता छ र भित्र अभिन्नता छ । जो व्यक्ति भित्रबाट बाँच्दछ उसका निम्ति जोसुकैको अहितमा पनि आफ्नै अहित देखिन्छ । महावीर र बुद्धमा यति प्रेम, करुणा आविर्भाव भएको कारण यही हो । उहाँहरूले आफू अतिरिक्त कोही पनि छैनन् भनी देख्न सक्नुभयो । श्रीकृष्ण भन्नुहुन्छ- सबै प्राणीहरूको हृदयको आत्मा 'म' नै हुँ र सम्पूर्ण प्राणी जगत्को आदि, मध्य र अन्त पनि 'म' नै हुँ । हिन्दू धर्मले यी तीनवटै कुरा परमात्मामा एकैसाथ मान्दछ र नराम्रो कुरालाई पनि हामी अलग मान्दैनौँ । हामी भलाइ र खराब, प्रकाश र अन्धकार दुवैलाई एक मान्दछौँ। हामी सम्पूर्ण अस्तित्व सबैमा परमात्माको मूल देख्दछौँ । सनातन चिन्तनले सबै परमात्माको रूप भनेर मान्दछ ।

यो वैज्ञानिक सोच हो । यदि हामीले वैज्ञानिकलाई सोध्यौँ भने अन्धकार प्रकाशको नै रूप भन्दछन्। अन्धकारको अर्थ कमभन्दा कम प्रकाश हो र प्रकाश पनि अँध्यारोको रूप हो जसको अर्थ कमभन्दा कम अन्धकार हो । विज्ञानले गर्मी र ठन्डी एकै कुराका दुई नाम हुन् भन्दछ । सबै अनुभवसापेक्ष हुन्, त्यस्तै खराब र भलाइ पनि दुई कुरा नभई एक कुरा नै हो । जसलाई नराम्रो व्यक्ति भन्दछौं त्यो कमसेकम राम्रो व्यक्ति र जसलाई हामी राम्रो व्यक्ति मान्दछौँ त्यो कमसेकम नराम्रो व्यक्ति हो । त्यसैले नराम्रो व्यक्तिमा पनि राम्रो र राम्रो व्यक्तिमा पनि नराम्रो कुरा पाइन्छ । यस्तो राम्रो व्यक्ति खोज्न सकिन्न जसमा नराम्रो कुरा नहोस् र यस्तो नराम्रो व्यक्ति पनि खोज्न सकिन्न जसमा राम्रो कुरा नहोस् । यसको अर्थ राम्रो-नराम्रो एउटै कुराका विस्तार हुन् र त्यो एक कुरा, वस्तु वा तत्त्व नै परमात्मा हो ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- प्रारम्भ, मध्य र अन्त्य पनि 'म' हुँ । संसार पनि 'म' हुँ र मोक्ष पनि 'म' हुँ । शरीर पनि 'म' हुँ र आत्मा पनि 'म' हुँ एवम् जगत्को सारा विस्तारमा सबैतिर 'म' नै व्याप्त छु । हामी हिन्दूहरूका लागि अस्तित्व र परमात्मा पर्यायवाची हुन् । त्यसैले ईश्वर छ भन्नु पुनरुक्ति हुन्छ किनभने छ भन्नु नै ईश्वर हो । जे छ, त्यो सबै ईश्वर मात्र छ र हुनु नै ईश्वर हो, अस्तित्व नै परमात्मा हो । सबैभन्दा खराब कुरामा पनि परमात्मा देख्न सक्यौँ भने हाम्रा लागि नराम्रो भन्ने नै रहँदैन । यहाँ परमात्माका अतिरिक्त केही पनि छैन र त्यो एकका लागि श्रीकृष्ण भन्नुहुन्छ- 'म' सबै प्राणीहरूमा स्थित सबैको आत्मा हुँ र सम्पूर्ण प्राणीहरूको आदि, मध्य र अन्त पनि 'म' नै हुँ ।

*आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।*
*मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥*

**'म' नै अदितिका बाह्र पुत्रहरूमा विष्णु र समस्त ज्योतिमा 'म' किरणयुक्त सूर्य हुँ र 'म' उनान्चास वायुदेवताहरूको तेज मरीचि हुँ र नक्षत्रहरूमा 'म' चन्द्रमा हुँ ॥**

*वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।*
*इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥*

**वेदहरूमा 'म' सामवेद हुँ, देवहरूमा स्वर्गको राजा इन्द्र हुँ, समस्त इन्द्रियहरूमा 'म' मन हुँ र सम्पूर्ण प्राणीहरूमा 'म' प्राणशक्ति वा चेतना हुँ अर्थात् जीवनशक्ति हुँ ॥**

जे भन्न र व्यक्त गर्न सकिँदैन, त्यसलाई प्रतीकबाट देखाउन सकिन्छ । जो अज्ञात छ त्यसतर्फ पनि प्रतीकको माध्यमबाट इङ्गित गर्न सकिन्छ । ईश्वर अज्ञात छ र उसको हामीलाई केही पनि जानकारी छैन तर जे हामीलाई थाहा छ त्यसको सहाराले हामी उसलाई इङ्गित गर्न सक्छौँ । हामी केटाकेटीलाई भाषा सिकाउन पहिले चित्र सिकाउँछौँ अनि भाषा जो अज्ञात छ त्यसलाई सिकाउँछौँ । मानिसको मन पनि पहिले चित्रको भाषामा सोच्दछ अनि शब्दको भाषा उसमा विकसित हुन्छ । प्राचीनतम भाषाहरू जस्तो कि चिनियाँ भाषा जो चित्रको भाषा हो र यस भाषामा कमसेकम एक लाख शब्दचित्र त याद हुनुपर्दछ । केटाकेटीको मन पनि प्राचीनतम हुन्छ । त्यसैले उनीहरू पनि चित्रबाट नै सम्झिन सक्दछन् ।

श्रीकृष्णले मौलिक कुरा भनिसक्नुभएको छ- 'म' समस्त आत्माहरूको आत्मा हुँ र समस्त आत्माहरूको केन्द्र हुँ । 'म' समस्त हृदयहरूको हृदय हुँ, सबै कुराहरूको आदि मध्य र अन्त्य हुँ र सबै कुरा 'मेरै' विस्तार हो तर यो गहिरो भाव अर्जुनले बुझ्न सकेनन् । त्यसैले कृष्ण अब चित्रको भाषाको प्रयोग गरेर चित्रका माध्यमबाट त्यो भावतिर इसारा गर्नुहुन्छ । अर्जुनले बुझ्नसक्ने चित्रकै उपयोग कृष्णले गर्नुहुने छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! 'म' अदितिका पुत्रहरूमा विष्णु हुँ । हामी ब्रह्मा, विष्णु र महेश्वरका नामबाट परिचित छौँ । ब्रह्मा सृजनाका प्रतीक, विष्णु विस्तार र पालनकर्ता अनि महेश विनाशका प्रतीक हुनुहुन्छ । विष्णु अस्तित्वलाई सह्माल्नुहुन्छ र पालनकर्ताका रूपमा हुनुहुन्छ । यी तीन नामलाई सनातनीहरूले मौलिक मूल्य दिएका छन् । सनातनी मनीषीहरूले हजारौँ वर्षअघि अस्तित्व तीन हिस्सामा बाँडिएको पाए । यो अस्तित्वमा सृजनात्मक शक्ति हुनुपर्दछ अन्यथा जगत् हुनै सक्दैन साथै यो सृजनात्मक शक्ति सधैँका लागि हुन सक्दैन । त्यसैले जगत्मा विनाश गर्ने शक्ति पनि हुनुपर्दछ, तब मात्र जगत्मा सन्तुलन हुन सक्छ तर अस्तित्वलाई सृजनामा र विनाशका बिचमा बच्ने शक्ति पनि आवश्यक हुन्छ जसले अस्तित्वलाई सह्माल्दछ । यी तीन मौलिक शक्तिका प्रतीक चित्र ब्रह्मा, विष्णु र महेश हुन् । सनातन चिन्तनअनुसार नै सारा जगत्मा तीन शक्तिको धारणा विकास भयो । इसाई धर्म पनि तीन शक्तिलाई स्वीकार गर्दछ, त्रिमूर्तिको भावलाई इसाईहरू स्वीकार गर्दछन् । यी तीन शक्तिविना अस्तित्व हुन सक्दैन ।

अहिले विज्ञानले पनि पदार्थको विश्लेषणमा तीन शक्ति नै भएको थाहा पायो । परमाणुको विस्फोट वा विश्लेषण गर्ने बित्तिकै इलेक्ट्रोन, प्रोटोन र न्यूट्रोन यी तीन अस्तित्व पाइन्छ । यी तीन शक्तिका काम पनि ब्रह्मा, विष्णु र महेशको जस्तै छ । यिनीहरूमा एउटा बिधायक, एउटा विनाशक र एउटा तटस्थ छन् अर्थात् एउटाले सृजना गर्ने, एउटाले सह्माल्ने अनि अर्काले समाप्त गर्ने कार्य गर्दछन् । हामीले धर्मका दृष्टिले यिनै ब्रह्मा, विष्णु र महेशलाई मान्दै आएका छौँ र त्रिमूर्तिको धारणामा शरीर एउटै र शिर तीन भएको धारणा बनाएका छौँ । यो यस कुराको सूचक हो कि बाहिरबाट हेर्दा यी तीन देखिन्छन् तर भित्र यी तीन एक नै हुन् । श्रीकृष्ण यी तीनमध्ये 'म' विष्णु हुँ भन्नुहुन्छ । सृजना र विनाश एक क्षणमा हुन्छ तर कालको लामो विस्तार विष्णुको हातमा हुन्छ । विराट् ऊर्जा जो काममा निरन्तर चाहिन्छ त्यो मध्यमा हुन्छ

र त्यो मध्य विष्णु हो । सनातन धर्मावलम्बीहरूका सबै अवतार विष्णुका अवतार हुन् । ईश्वर जब प्रकट हुन्छ, तब ऊ विष्णुको नै रूप हुन्छ । जीवन जन्म र मृत्युको मध्यमा हुन्छ र जन्म र मृत्यु जीवनका दुई किनारा हुन् । त्यसैले ब्रह्मा र शिव किनारामा उपयोगी हुन्छन् तर जीवनको विस्तार विष्णुको नै विस्तार हो । सृष्टि नहुँदा मनुष्य पनि नहुने भएकाले अवतारको कुनै प्रयोजन नै हुँदैन । जब सृष्टि विलीन हुन्छ, तब पनि अवतारको कुनै प्रयोजन हुँदैन किनभने त्यहाँ मनुष्य नै हुँदैन । त्यसैले त्यो शक्ति जसले जीवनलाई धारण गर्दछ उही अवतरित हुन्छ ।

सनातनीहरूबाट निर्मित मन्दिरहरूमा ब्रह्माको मूर्ति या मन्दिर अत्यन्त थोरै मात्र पाइन्छ । ब्रह्माको पूजा गरेको पाइँदैन किनभने सृजना भइसकेपछि ब्रह्मालाई भुल्न सकिन्छ र ब्रह्माको कुनै संस्पर्श जीवनमा हुँदैन । विष्णुको पूजा चारैतिर राम, कृष्ण र बुद्धको रूपमा चल्दछ र जीवनको प्रतिपल सम्बन्ध विष्णुसँग हुन्छ । शिवका मन्दिरहरू र भक्तहरू पनि धेरै छन् किनभने मृत्युको घटना घट्न बाँकी छ जुन भविष्यमा घटित हुन्छ । मृत्यु वा प्रलयको घटना घट्न बाँकी छ; त्यसैले शिव पनि सार्थक हुनुहुन्छ र उहाँको पूजाको पनि अभिप्राय छ । सबैभन्दा बढी पूजा विष्णुको हुन्छ किनभने दैनिक जीवनसँग उहाँको सम्बन्ध हुन्छ । शिवको पूजा भय र लोभको कारण हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' विष्णु हुँ यो सह्माल्नेवाला जीवनको केन्द्रीय तत्त्व नै 'म' हुँ । यो प्रतीक अर्जुनलाई सरल हुन्छ र उनको स्मरणमा पनि आउन सक्छ । विष्णुका माध्यमबाट श्रीकृष्ण भन्नुहुन्छ- 'म' निकट छु र प्रतिपल सबैलाई 'म' नै धारण गर्दछु । आउने जाने श्वासमा पनि 'म' छु र रगतको गतिमा पनि 'म' छु । वृक्षको फक्रने वा फल्ने प्रक्रिया पनि 'म' नै हुँ । यो जीवनको सारा आधार जसले सारालाई सह्मालेको छ त्यो 'म' नै हुँ ।

श्रीकृष्ण भन्नुहुन्छ- ज्योतिहरूमा 'म' किरणवाला सूर्य हुँ । जसरी पदार्थको आखिरी एकाइ परमाणुलाई मानिन्छ त्यस्तै हामीले समस्त अस्तित्वलाई ध्यानमा राख्यौँ भने सूर्य सबैभन्दा सानो एकाइ हो । राति देखिने कुनै पनि तारा तारा होइनन्, यी सबै सूर्य हुन् र हामीले देख्ने सूर्यभन्दा धेरै ठुला सूर्य हुन् । हाम्रो सूर्य आकारको आधारमा मध्यम वर्गीय मात्र हो । आकारमा हाम्रो सूर्य पृथ्वीभन्दा ६० हजार गुणा ठुलो छ तर अरू महान् सूर्यहरूको तुलनामा ऊ केही पनि होइन । ताराहरूसँग हाम्रो दूरी धेरै टाढा भएकाले हामीले उनीहरूको विशाल रूप देख्दैनौँ ।

पृथ्वीबाट सूर्यकिरणको रफ्तारले नै सूर्यतिरको यात्रा गर्‍यौँ भने पनि हामीलाई सूर्यसम्म पुग्न करिब नौ मिनेट लाग्छ । अहिले हामीसँग भएको गतिका आधारमा चल्यौँ भने कैयन् जन्म यात्रा गरे पनि हामी त्यहाँ पुग्न सक्दैनौँ । सूर्यका किरणले एक सेकेन्डमा १ लाख ८६ हजार माइलको रफ्तारमा यात्रा गर्दछन् । यदि हामीले सबैभन्दा नजिकको तारातिर यात्रा गर्न चाह्यौँ र सूर्यको गतिमा यात्रा गर्‍यौँ भने सबैभन्दा नजिकको ताराकहाँ पुग्न साढे चार वर्ष लाग्छ । हामी सूर्यको चालबाट चल्न सक्दैनौँ किनभने त्यो गतिमा कुनै पनि चिज चल्ने बित्तिकै त्यो सूर्यको किरण बन्दछ । यत्तिको गतिमा चल्ने कुनै पनि कुरा आगो हुन्छ र किरणमा लीन हुन्छ । त्यो गतिमा यात्रा गर्न सम्भव नै छैन तर यदि भयो भने पनि निकटतम तारा जो विराट् सूर्य हो, त्यहाँसम्म पुग्न हामीलाई साढे चार वर्ष लाग्छ । यो त निकटतम सूर्य हो त्यसभन्दा पनि पर धेरै सूर्यहरू छन्, जसलाई हामी पृथ्वीबाट तारा जस्ता देख्छौँ । वैज्ञानिकहरूले यस्ता चार अरब सूर्यहरू पत्ता लगाएका छन् र यो पनि अन्त होइन र यो हाम्रो खोजको सीमा मात्र हो । अस्तित्वको सीमा नै छैन । यी सूर्यहरूमा कैयौँ सूर्यहरू त यस्ता पनि छन् जसको किरण हामीसम्म आइपुग्न अरबौँ वर्ष लाग्छ । केही यस्ता पनि सूर्य छन्, जसको किरण अहिले भर्खर हामीसमक्ष आइपुगेको छ र त्यो सूर्यले पृथ्वीको उत्पत्तिको समयमा यात्रा सुरु गरेको थियो । पृथ्वी बनेको चार अरब वर्ष भइसकेको छ । चार अरब वर्षअघि चलेको सूर्यकिरण प्रतिसेकेन्ड १ लाख ८६ हजार माइलको गतिमा चलेर भर्खर पृथ्वीमा ताराको रूपमा प्रकट भएको छ । अब त वैज्ञानिक भन्छन्- अस्तित्वको विस्तारको कुनै अन्त नै छैन । यी

सूर्यहरू जो ताराको रूपमा रात्रिमा पृथ्वीबाट देखिन्छन् यिनलाई ध्यानमा राख्ने हो भने हाम्रो सूर्य एउटा एकाइ मात्र हो र यो विराट्लाई हामी सूर्यबाट तौलिन सक्छौँ ।

एक एक सूर्यको आफ्नो सौर्य परिवार छ । पृथ्वी, चन्द्रमा, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि आदि एउटा सूर्यका परिवार हुन् । वैज्ञानिकहरू भन्छन्- यो सबै सूर्यबाट नै जन्मिएको हो र यो सबै सूर्यको नै टुक्रा हो । एउटा सूर्य नष्ट हुँदा उसको सारा परिवार नष्ट हुन्छ र एउटा सूर्य जन्मिँदा उसको सारा परिवार जन्मिन्छ । जुन दिन हाम्रो सूर्य नष्ट हुन्छ, त्यो दिन हाम्रो सूर्यको परिवार नष्ट हुन्छ । जब एउटा सूर्य कहीँ विनाश हुन्छ, तब तत्काल अर्को सूर्य कहीँ जन्मिन्छ किनभने उसबाट निस्केको सारा किरण अर्को सूर्यमा रूपान्तरित हुन्छ । हाम्रो सूर्यले हामीलाई चार अर्ब वर्षदेखि प्रकाश दिइरहेको छ र उसको प्रकाश दैनिक घट्दै छ । वैज्ञानिकहरू भन्छन्- अबको चार हजार वर्षमा हाम्रो सूर्यको आयु सकिन्छ अर्थात् सूर्य चिसो हुन्छ र सबै कुराका साथै हाम्रो सौर्यपरिवार समाप्त हुन्छ । तत्काल सारा किरण एकत्रित हुन्छन् र नयाँ सूर्यलाई सारा प्रकाश दिन्छन् । यसप्रकार नयाँ सूर्यपरिवार निर्मित हुने छ । जसरी एउटा व्यक्ति मर्नुभन्दा अघि उसले आफ्ना सन्तान जन्माएर उत्तराधिकार प्रदान गर्छ त्यस्तै सूर्यहरू पनि मर्दछन् र नयाँ सूर्यलाई जन्म मिल्छ । यो विराट्को व्यवस्थामा हाम्रो सूर्य सबैभन्दा सानो कुरा हो । श्रीकृष्ण भन्नुहुन्छ- ज्योतिहरूमा 'म' किरणवाला सूर्य हुँ । यो विराट्को दृष्टिमा सूर्य सानो कुरा हो तर हाम्रो अनुभव र अर्जुनको जान्ने अनुभवमा सूर्य सबैभन्दा ठुलो कुरा हो । हामीले अनुभव गर्ने कुरामा सूर्य सबैभन्दा ठुलो घटना हो तर अस्तित्वको दृष्टिमा सूर्य सबैभन्दा सानो कुरा हो । कृष्णले आफ्नातिरबाट भन्नुभएको भए अर्जुनले बुझ्दैनथे । त्यसैले कृष्ण अर्जुनको दृष्टिले बताउँदै हुनुहुन्छ । कृष्णका लागि सबैभन्दा सानो कुरा अर्जुनका लागि सबैभन्दा ठुलो कुरा हो ।

मानिस अज्ञानता र अबुझको कारण आफूलाई केन्द्र मान्दछ । अस्तित्व अत्यन्त विराट् छ तर यो विराट् अस्तित्वको कुरा अर्जुनको बुझाइमा आउन सक्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- 'म' समस्त ज्योतिहरूमा किरणवाला सूर्य हुँ । सूर्य धेरै धर्महरूका लागि परमात्माको प्रतीक रहेको छ । हाम्रो अनुभवमा सूर्य सबैभन्दा प्रकाशवान्, प्राणको केन्द्र र समस्त जीवनको आधार हो । त्यसैले हजारौँ वर्ष अघिदेखि जुनसुकै सभ्यतामा पनि सूर्यलाई नमस्कार गर्ने प्रचनल थियो । सूर्य पृथ्वीभरि नै परमात्माको प्रतीक बनेको छ र त्यो प्रतीकबाट हामीहरू स-साना प्रतीक बनाउँछौँ । आगो पनि परमात्माको प्रतीक बन्यो किनभने आगो पनि सूर्यको अंश हो । अब त वैज्ञानिक पनि भन्दछन्- विद्युत् नै जीवन हो । जीवन हाम्रो अग्निसँग नै जोडिएको छ । श्रीकृष्ण अर्जुनलाई सूर्यमा नरोकिई त्यसभन्दा माथिको यात्रा गर्न सकून् भनेर बुझाउन इसारा गर्दै हुनुहुन्छ । कृष्णको यस कथनका आधारमा सनातनीहरूले सूर्यको पूजा गर्न थाले तर बौद्ध र जैनहरूले यसको विरोध गरे । उनीहरूले सूर्यको पूजाको कुनै अर्थ छैन किनभने परमात्मा त सूर्यभन्दा अतुलनीय रूपमा विराट् छ भने तर परमात्मा प्राप्त गर्ने प्राथमिक चरणमा सूर्यको उपासना उपयोगी हुन्छ । कुनै पनि प्रतीक जतिसुकै सानो भए पनि परमात्माको प्रतीक बन्न सक्यो भने व्यक्ति माथि उठ्न थाल्छ । परमात्मालाई नमान्नुभन्दा कुनै पनि कुरालाई ईश्वर मान्नु राम्रो हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- वायुदेवतामा 'म' मरीचि हुँ । 'म' सबैभन्दा तीव्र गतिवाला वायुको देवता हुँ र नक्षत्रमा नक्षत्रहरूका अधिपति चन्द्रमा हुँ । यी सबै प्रतीक हुन् जो श्रेष्ठ छन्, कृष्ण त्यतैतिर इसारा गर्दै हुनुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' वेदहरूमा सामवेद हुँ, देवतामा इन्द्र, इन्द्रियमा मन, अनि प्राणीमा चेतना अर्थात् ज्ञान हुँ । हामीलाई लाग्छ कृष्णले 'म' ऋग्वेद हुँ भन्नुपर्ने हो । ऋग्वेद प्रथम र सर्वाधिक मूल्यको वेद मानिन्छ तर कृष्णले किन आफूलाई सामवेद भन्नुभएको होला ? कृष्णको चयनको कारण शास्त्र जान्ने पण्डितहरूलाई ठुलो कठिनाइ भएको छ । वस्तुतः यो ऋग्वेद र सामवेदको प्रश्न नभएर अर्जुनलाई दृष्टिमा राखेर नै कृष्णले बताउनु भएको हो । यो छनोटमा कृष्णको व्यक्तित्वको पनि सवाल छ र उहाँको व्यक्तित्वमा पनि सामवेद नै श्रेष्ठ लाग्दछ । कृष्णको तादात्म्य सामवेदसँग नै बढी छ ।

सामवेद सङ्गीत एवम् गीतको वेद हो, पाण्डित्य र सिद्धान्तको होइन । कृष्णको व्यक्तित्व गणित र विज्ञानभन्दा ज्यादा सङ्गीत र गीतपूर्ण छ । कृष्णलाई हामी विना बाँसुरीको सोच्न पनि सक्दैनौं र बाँसुरी कृष्णको अन्तर्मनको प्रतीक हो । कृष्णले आफूलाई वेदहरूमा सामवेद मान्नु सार्थक छ । श्रीकृष्ण भन्नुहुन्छ- शब्द, सिद्धान्त र शास्त्र 'म' होइन गीत, सङ्गीत, नृत्य र लय 'म' हुँ । जीवनको परमरहस्य सिद्धान्तबाट हल हुँदैन किनभने सिद्धान्तले झन् दूरी बढाउँछ । यो त जीवनको तल्लीनताबाट मात्र सम्भव हुन्छ । सामवेद तल्लीनताको शास्त्र हो । त्यसैले कृष्णले ऋग्वेद नभनी सामवेद भन्नुभएको हो । सामवेदमा कृष्णको आफ्नो गुणको पनि झलक छ र अर्जुनले यसलाई बुझ्न सक्छन्। अर्जुन कुनै तर्कशास्त्री होइनन् उनी एउटा योद्धा हुन् । योद्धा पनि युद्धको सघनतामा यसरी डुब्छ जसरी कोही सङ्गीतज्ञ आफ्नो सङ्गीतमा डुब्छ, जस्तो कोही नर्तक आफ्नो नृत्यमा डुब्छ । जब कुनै योद्धा तरवारसँग एकबद्ध हुन्छ, तब ऊ योद्धा नभएर तरवार मात्र हुन्छ । युद्धको आफ्नै सङ्गीत, काव्य र लयबद्धता छ ।

अर्जुनलाई सामवेद बुझ्न सजिलो हुन्छ किनभने उनको शरीर पनि कुनै नर्तक जस्तो नै लचिलो छ । अर्जुन गीत, सङ्गीत, नृत्यलाई बुझ्न सक्दछन् र युद्धको नृत्यलाई उनी कुशलतापूर्वक जान्दछन् । जीवनको गहिरो काव्यको उनलाई अनुभव छ किनभने जीवन आफ्नो पूरा प्रगाढतामा युद्धको मैदानमा मात्र प्रकट हुन्छ जहाँ मृत्यु प्रतिपल हुन्छ, त्यहाँ व्यक्ति पूरा सजगतामा मौजुद हुन्छ । कृष्ण अर्जुनलाई सम्झाउँदै हुनुहुन्छ, तिम्रो स्वभाव क्षत्रियको हो र तिमी जीवनको परम उत्कर्ष कहीँबाट पाउँछौ भने त्यो युद्धबाट मात्र पाउने छौ । भागेर त तिमी खिया लागेको व्यर्थको शस्त्र जस्तो हुन्छौ । तिमी अर्काको धर्मको खोजी गर्दै छौ तर परधर्मबाट तिमी आफ्नो नियतिलाई पाउन सक्दैनौ । तिमी युद्धबाट नै सत्यको गहन क्षणमा उपलब्ध हुने छौ किनभने यही तिम्रो नियति हो । चारैतिर मृत्यु उभिएको अवस्थामा विना कुनै भयले जब तिमी सङ्घर्षमा रत भएर युद्धमा ध्यानस्थ हुने छौ, तब त्यही गहिराइमा तिमी समाधिमा पुग्ने छौ । तिमी जङ्गलमा गएर सन्न्यासी हुँदैमा त्यो ध्यानलाई बुझ्न सक्दैनौ ।

श्रीकृष्णभन्दा गहिराइमा पुगेर व्यक्तिलाई उसको प्रकारबाट प्रगाढतापूर्वक जान्ने व्यक्ति पाउनै सकिँदैन । सनातन चिन्तनमा व्यक्तिहरूको स्वभाव हजारौँ वर्षदेखि चार प्रकारमा बाँडिएको छ जो अन्य कुनै धर्म र विचारमा पाइँदैन । व्यक्तिका प्रकारको विभाजन सनातनीहरूले प्राचीन समयदेखि गर्दै आएको वैज्ञानिक व्यवस्था हो जसका आधारमा जीवन सञ्चालन गरेमा सफलता प्राप्त गर्न सकिन्छ । आफ्नो स्वभावभन्दा कुनै पनि अर्को मार्गबाट गएर उसले दुख मात्र पाउँछ । आज पृथ्वीमा भएका गहनतम दुखको कारण गरिबी होइन किनभने गरिबी सदा थियो साथै दुखको कारण स्वास्थ्य पनि होइन किनभने आज अस्वस्थता कम हुँदै गएको छ । त्यस्तै दुखको कारण अशिक्षा पनि होइन किनभने अशिक्षा आज न्यूनतम बन्दै छ । दुखको मुख्य कारण व्यक्तिले आफ्नो प्रकार अनुसारको जीवन सञ्चालन नगर्नु हो । आज कुनै पनि व्यक्तिलाई उसको प्रकारका बारेमा थाहा छैन । आफ्नो प्रकार नै थाहा नभई ऊ आफ्नो गन्तव्य खोज्दै छ । त्यसैले जब आफ्नो गन्तव्य पाउँदैन, तब व्यक्ति दुख र पीडामा हुन्छ ।

व्यक्तिलाई आफ्नो प्रकार थाहा भएपछि असफलता नै हात परे पनि ऊ सन्तुष्ट हुन सक्छ । आफ्नो स्वभाव र नियति अनुसारको घरमा चल्न पाए त्यो उसका लागि तृप्तिदायक हुन्छ तर अर्काको धाममा पुगे पनि तृप्ति हुँदैन किनभने तृप्तिको सम्बन्ध व्यक्तिसँग हुन्छ, गन्तव्य वा धामसँग होइन । जब व्यक्ति गन्तव्य वा धाममा लयबद्ध हुन्छ अनि मात्र तृप्ति प्राप्त हुन्छ । अर्जुनका लागि युद्ध नै उनको गन्तव्य वा धाम हो । अर्जुनले यो प्रतीक बुझ्न पनि सक्छन् र कृष्णको पनि सङ्गीतसँगको निकटतम र अद्भुत सम्बन्ध भएको कारणले उहाँले 'म' वेदहरूमा सामवेद हुँ भन्नुभएको हो । श्रीकृष्ण भन्नुहुन्छ- 'म' समस्त ध्वनिहरूमा लयबद्धता हुँ । 'म' समस्त ध्वनिमा र शब्दमा सङ्गीत हुँ । कुनै पनि शब्द र ध्वनिमा जहाँ सङ्गीत हुन्छ त्यहाँ 'म' मौजुद हुन्छु ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' देवहरूमा इन्द्र हुँ र इन्द्रियहरूमा मन हुँ । साधारणतया हामी इन्द्रियहरू र मन अलग ठान्दछौं । त्यसैले हामी पाँच इन्द्रिय भन्छौं र मनलाई इन्द्रियभन्दा अलग ठान्दछौँ । कृष्णको हिसाबले मानिसका पाँच होइन छ इन्द्रिय हुन्छन् । मन पनि एउटा इन्द्रिय हो । सूक्ष्म र श्रेष्ठ इन्द्रिय मन हो । आँखाले देख्छ, कानले सुन्छ, हातले स्पर्श गर्छ, नाकबाट गन्ध र जिब्रोबाट स्वाद आउँछ । यी सारा इन्द्रियहरूले गर्ने काम हुन् । इन्द्रियहरूबाट जो एकत्रित एवम् एकसाथ हुन्छ त्यसको नाम मन हो । मन सबै इन्द्रियहरूको सङ्ग्रह हो । आँखाले हेर्छ र कानले सुन्छ तर मनले कसलाई हेर्ने र कसलाई सुन्ने भनेर तय गर्छ । आँखाले केवल देख्न सक्छ तर जसलाई म देखिरहेको छु ऊ नै बोलिरहेको छ भनेर तय गर्न सक्दैन । त्यस्तै कानलाई पनि जसलाई म सुनिरहेको छु, त्यो आँखाले हेरिरहेको छ भनेर थाहा हुँदैन । आँखा र कानका बिचमा कुनै सेतु हुँदैन र सञ्चारको कुनै माध्यम हुँदैन । कानले देख्न सक्दैन र आँखाले सुन्न सक्दैन, त्यसैले जो बोलिरहेको छ त्यसैलाई देखिरहेको छ भनेर मनबाट मात्र जान्न सकिन्छ । पाँच इन्द्रिय अलग-अलग छन् र पाँचै इन्द्रिय अलग-अलग भएमा व्यक्तिभित्र कुनै पनि ज्ञानको घटना घट्नै सक्दैन । यो पाँचै इन्द्रिय अलग अलग दिशामा जान्छन् र यसलाई जोडेर समन्वय गर्ने काम मनको हो ।

मन इन्द्रियहरूको जोड हो । सारा इन्द्रियहरू आफ्नो अनुभवलाई मनमा पोखिदिन्छन् र मनले त्यसलाई संयुक्त गरेर जम्मा गरी संयोजन गर्दछ । पाँचै इन्द्रियको केन्द्रीय इन्द्रिय मन हो र मन चौबाटो हो । मनबाट आँखाले हेर्छ, कानबाट सुन्छ, हातले छुन्छ अर्थात् इन्द्रियले आफ्नो आफ्नो काम गर्दछन् । सारा संवेदना मनलाई उपलब्ध हुन्छ र मनले त्यसलाई एकीकृत रूपमा जोड्छ । त्यसैले मन पनि इन्द्रियको एक हिस्सा हो । एउटा इन्द्रिय समाप्त भयो भने मन कमजोर हुन्छ । आँखा नदेख्ने भयो भने मन कमजोर भएर मनको सम्पत्ति कम हुन्छ । पाँचै इन्द्रियलाई हटाइयो भने मन तत्काल मुर्दा हुन्छ । मन इन्द्रियविना बाँच्न सक्दैन र इन्द्रिय पनि मनविना बाँच्न सक्दैन । मन बेहोस भयो भने इन्द्रियले काम गर्न सक्दैन । मन समस्त इन्द्रियहरूको सार हो । तसर्थ श्रीकृष्ण मनलाई पनि इन्द्रिय भन्नुहुन्छ । कृष्णले अर्जुनलाई पहिले 'म' आत्मा हुँ, हृदय हुँ भनिसक्नु भएको छ। आत्मा र हृदय हुँ भनिसके पछि 'म' समस्त इन्द्रियहरूमा मन हुँ भन्नुहुन्छ । उहाँले अर्जुनलाई बुझाउनका लागि तल झरेर सरल प्रतीक दिन लाग्नुभएको छ ।

श्रीकृष्णले पहिले 'म' हृदयहरूमा हृदय अनि सबैका आत्माहरूको आत्मा हुँ भन्नुभयो तर अर्जुनले आत्माको कुरा बुझ्न सकेनन् । त्यसैले कृष्ण उनले बुझ्ने भाषामा बताउन खोज्दै हुनुहुन्छ । अर्जुनलाई पनि आत्माका बारेमा हामीलाई जानकारी भए जस्तो मात्र भएको हुनुपर्दछ । उनले शब्द त सुने तर केही बुझ्न सकेनन् र कृष्णले उनका आँखामा हेर्दा कुनै भाव उठेको नपाएपछि अब तल झरेर उनले बुझ्ने भाषा इन्द्रियहरूमा 'म' मन हुँ अर्थात् श्रेष्ठ इन्द्रिय 'म' हुँ भन्नुपरेको हो तर मनभित्रको ज्ञाता, द्रष्टा पनि श्रीकृष्ण नै हो । त्यो द्रष्टाभन्दा भित्र पनि उहाँ नै हुनुहुन्छ जहाँ केवल शुद्ध चैतन्य मात्र शेष रहन्छ । केवल ज्ञान पनि कृष्ण नै हो तर यो गहिरो कुरा बुझ्न कठिन हुन्छ । त्यसैले मनको कुरा जसलाई अर्जुन बुझ्न सक्छन्, त्यसलाई 'म' मन हुँ भनेर श्रीकृष्णले भन्नुभएको हो । कृष्ण अन्तिम अर्थात् अद्वैतमा स्थित हुनुहुन्छ तर त्यो अन्तिम अवस्था हो जो अर्जुनको स्मरणमा अहिले आउन सक्दैन । त्यसैले पहिलो सिँढी जो इन्द्रियहरूमध्ये श्रेष्ठ मन हो कृष्णले त्यहीँबाट बुझाउन सुरु गर्नु भएको छ ।

श्रीकृष्णले इन्द्रियहरूमा 'म' मन हुँ भन्नाले धेरै व्यक्तिहरूमा भ्रान्ति भएको छ तर यो प्रतीक कृष्णले मनमा अल्झिनका निम्ति भन्नुभएको होइन । मनबाट सुरु गरेर मनको पार हुन सकून् भनेर अर्जुनलाई भन्नुभएको हो । यो केवल एउटा इसारा मात्र हो र त्यसबाट पार हुन श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- कम्तीमा तिमी बाहिरका इन्द्रियबाट उठेर मनसम्म त पुग अनि अलिकति मात्र भए पनि भित्र प्रवेश हुन्छ । अलिकति भित्र प्रवेश गरेपछि अझ भित्र प्रवेश गर्न सकिन्छ जो मनभन्दा पनि भित्र छ । श्रीकृष्ण भन्नुहुन्छ- यतिसम्म जान कि तिमी कान होइनौ । कानबाट जसले सुन्छ, त्यो तिमी हौ । तिमी

यतिसम्म जान कि तिमी आँखा होइनौ । आँखाबाट जसले चियाएर हेर्छ त्यो मन तिमी हौ । तिमीले यति जान्यौ भने क्रमशः यो पनि जान्न सक्छौ- यो मन पनि तिमी होइनौ । मनलाई जसले जान्दछ र देख्दछ त्यो साक्षीभावलाई हेर्ने ज्ञाता तिमी हौ ।

इन्द्रियमा मन हुँ भन्ने वित्तिकै श्रीकृष्ण भन्नुहुन्छ मनभन्दा माथि जुन जान्ने क्षमता चेतना छ त्यो पनि 'म' हुँ । तत्काल यस्तो भन्नाको कारण अर्जुनलाई भ्रम हुन सक्छ भनेर हो । कहीँ उनले आफूलाई मन नै नमानून् भनेर भन्नुभएको हो । संसारमा चारप्रकारका व्यक्तिहरू छन्- पहिलो जो आफूलाई शरीर नै ठान्दछन्, दोस्रो जो आफूलाई मन मान्दछन्, तेस्रो जो आफूलाई आत्मा भन्दछन् र चौथो जो आफूलाई परमात्मा नै जान्दछन् । अधिकतम व्यक्तिहरू आफूलाई शरीर नै मान्दछन्, अर्जुन पनि यही कोटीभित्र पर्दछन् । उनलाई पनि शरीर नै सबै कुरा हो भन्ने लागिरहेको छ । त्यसैले उनी भन्दै छन्, कसरी म आफन्तहरूलाई काटूँ र म यो पापको भार कसरी लिऊँ । उनी शरीरलाई नै जीवन मान्दै छन् । भित्रको अस्तित्व जसलाई तरवारले काट्न सकिन्न त्यसका बारेमा अर्जुनलाई कुनै जानकारी नै छैन । त्यसैले श्रीकृष्णले इन्द्रिय अर्थात् शरीरमा 'म' मन हुँ भन्नुभएको हो । अर्जुन कहीँ मन नै सबै कुरा हो भनी नअल्मिलियून् भनेर तत्क्षण भन्नुहुन्छ- 'म' चेतना हुँ। चेतनाको अर्थ हो जसद्वारा हामी जान्दछौँ र हामी बोधले भरिन्छौँ । चेतना त्यो हो जसद्वारा सबै कुरा जानिन्छ तर उसलाई कसैले पनि जान्न सक्दैन । हामी सबै कुरालाई जगत्मा ज्ञेय बनाउन सक्छौँ तर केवल होस्, चेतना मात्र ज्ञेय बन्न सक्दैन । चेतना भन्दा पछाडि हट्न सकिँदैन त्यसैले चेतना हाम्रो स्वभाव हो ।

श्रीकृष्ण भन्नुहुन्छ- चेतना, चैतन्य र ज्ञानको शक्ति 'म' हुँ । श्रीकृष्णले विष्णु, सूर्यबाट सुरु गर्नुभयो अनि तल इन्द्रिय र मनका बारेमा बताउनुभयो त्यसका पछाडि अत्यन्त मौलिक सूत्र अर्जुनलाई दिनुभयो र भन्नुभयो- 'म' चेतना हुँ । जसले 'म' चेतना हुँ भनेर जान्दछ उसले जान्नुपर्ने कुरा सबै जान्यो । हामीभित्र सबैभन्दा गहिरोमा लुकेको स्थान चैतन्यको हो । त्यसैले हामी परमात्माको लक्षणमा सत्-चित्-आनन्द भन्दछौँ । चैतन्यलाई हामीले परमात्माको केन्द्रमा राखेका छौँ । ऊ सुरुमा सत्य छ अनि बिचमा चैतन्य छ र अन्तमा आनन्द छ । सत्यको खोज गर्‍यौँ भने चैतन्य उपलब्ध हुन्छ र चैतन्यमा स्थापित भयो भने आनन्द हाम्रो स्वभाव हुन्छ । हामी बेहोसमा नै सबै कुरा गरेर बाँच्छौँ । त्यसैले यो बेहोसीमा त्यो चैतन्य पाउन कठिन हुन्छ । यसका लागि चेष्टा आवश्यक छ । हामीले खाँदा, हिँड्दा, बोल्दा र सबै कुरा गर्दा होसपूर्ण ढङ्गले गर्‍यौँ भने त्यो चैतन्य जो हेरिरहेको छ, उसलाई शरीरभन्दा भिन्न जान्न सकिन्छ ।

*रूद्राणां शङ्करश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।*
*वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥*

**समस्त रुद्रहरूमा शङ्कर, यक्ष र राक्षसहरूमा 'म' धनको अधिपति कुबेर हुँ; अष्टवसुमा सबैलाई पवित्र गर्ने अग्नि र सम्पूर्ण पर्वतहरूमा 'म' सुमेरु हुँ ॥**

*पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।*
*सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥*

**हे पार्थ ! विशेष गरी पुरोहितहरूमा मलाई बृहस्पति जान, सबै सेनापतिहरूमा म स्वामी कार्तिकेय र जलाशयहरूमा 'म' सागर हुँ ॥**

*महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।*
*यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥*

**महर्षिहरूमा 'म' भृगु हुँ, वाणीहरूमा दिव्य ध्वनि एकाक्षर ॐ हुँ, यज्ञहरूमा 'म' जपयज्ञ र समस्त अचल वस्तु अर्थात् स्थिर वस्तुहरूमा 'म' हिमालय हुँ ॥**

अनन्तका प्रतीकहरू पनि अनन्त नै हुन्छन् । जो सबैतिर छ उसलाई इसाराले जहाँबाट पनि जान्न सकिन्छ । कृष्णले अघिल्ला श्लोकहरूमा केही प्रतीकहरू बताएर अर्जुनलाई छलाङ लगाउन सक्ने प्रयास गर्नुभयो । यी श्लोकमा अनन्ततिरको यात्रा होस् भनेर नयाँ प्रतीकहरूबाट प्रयास गर्नुभएको छ । अहिलेसम्मका प्रतीकहरूले अर्जुनको हृदयमा कुनै परिवर्तन भएको नपाएपछि कृष्ण नयाँ प्रतीकहरूद्वारा बताउन खोज्दै हुनुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! 'म' एकादश रुद्रहरूमा शङ्कर हुँ । यक्ष र राक्षसहरूमा 'म' धनको स्वामी कुबेर हुँ । अष्टवसुमा अग्नि र पर्वतहरूमा 'म' सुमेरु पर्वत हुँ । अघिल्लो श्लोकमा उहाँले 'म' विष्णु हुँ भन्नुभएको थियो । विष्णु जीवनको प्रतीक हो र जीवनलाई सह्माल्ने र पालना गर्नेमा उहाँ नै स्रोत हुनुहुन्छ । यस श्लोकमा श्रीकृष्ण भन्नुहुन्छ 'म' एकादश रुद्रहरूमा शङ्कर हुँ । शङ्कर मृत्यु, विनाश र प्रलयका प्रतीक हुनुहुन्छ ।

सारा पृथ्वीमा हिन्दूहरूले शिवलाई मृत्युको प्रतीक अर्थात् जीवनको अन्तका देवता मानेका छन् । मृत्यु जीवनको परिपूर्णता हो । हामीलाई पारलौकिक जीवनका बारेमा केही थाहा नभएकाले मृत्युलाई जीवनको शत्रु भन्ठान्छौँ अन्यथा मृत्यु शत्रु होइन, मित्र हो र मृत्यु जीवनको अनन्य हिस्सा हो । त्यसैले विनाश सृजनाको विपरीत होइन विनाश र सृजना एउटै घटनाका दुई छेउ मात्र हुन् । एउटा बालकको जन्म हुने बित्तिकै उसको मृत्यु पनि प्रारम्भ हुन्छ । हामी प्रतिपल मरिरहेका छौँ र मृत्युको नजिक पुग्दै छौँ । बालकले जन्म लिनेबित्तिकै लिने पहिलो श्वासमा उसको जीवनको पूरा श्वासमध्ये एक श्वास कम हुन्छ । त्यसैले जन्मको क्षण मृत्युको पनि क्षण हो । मृत्यु जन्मको सहगामिनी हो किनभने मृत्यु नभए जन्म हुनै सक्दैन । त्यसैले जन्म र मृत्यु दुई होइनन् ।

अर्जुनको मन मृत्युबाट भयभीत छ । अर्जुन चारैतिर मृत्यु नै देखिरहेका छन् र आफन्त, परिजनहरूको मृत्युबाट उनी भयभीत छन् । उनी आफन्तलाई मारेर पाउने राज्यको के प्रयोजन भनेर विलाप गर्दै छन् । कृष्णले अर्जुनलाई 'म' जीवनको देवता भनेको कुरामा उनले ध्यान नदिएकाले श्रीकृष्ण अब उनलाई 'म' रुद्रहरूमा शङ्कर हुँ र मृत्यु र महाविनाश पनि 'म' नै हुँ भन्नुहुन्छ । हामीलाई मर्नबाट भय हुने हुनाले हामी सृजना गर्ने परमात्माले विनाश पनि गर्छ भन्न अप्ठ्यारो मान्छौँ तर जसले बनाउँछ उसले नै मेटाउँछ । जहाँ बन्ने क्रिया हुन्छ, त्यहीँ नाश हुने क्रिया पनि हुन्छ । सृजना र संहार एउटै प्रक्रियाका अङ्ग हुन् । समस्त विनाशले नयाँ सृजनाको अवसर प्रदान गर्छ । तिमी विनाशसँग अर्थात् मृत्युसँग भयभीत नहोऊ किनभने तिमी मृत्यु र विनाश दुवैमा मलाई देख्न सक्छौ किनभने त्यो विनाशको अन्तिम शक्ति पनि 'म' नै हुँ भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

जसरी व्यक्तिको जीवनमा मृत्यु घटित हुन्छ त्यस्तै सृष्टिको पनि जीवनमा विनाश वा प्रलय हुन्छ । जसरी एक एक व्यक्ति जन्मिन्छन् र मर्छन्, त्यसरी नै सृष्टि पनि जन्मिन्छ र मर्छ । एउटा बालक जन्मिन्छ, जवान हुन्छ अनि बुढो भई मृत्युलाई वरण गरेर एउटा चक्र पूरा गर्छ अनि फेरि मृत्युपछि जन्मको प्रक्रिया सुरु हुन्छ र यसरी नै जीवनको क्रम चलिरहन्छ । सनातनी चिन्तकहरू जीवन वृत्ताकार छ भन्दछन्- जन्मपछि बालक, जवान अनि बुढो भएर मृत्यु हुन्छ फेरि त्यही वृत्ताकार चक्र चलिरहन्छ । त्यसैले बालक र बुढाको स्वभावमा समानता पाइन्छ । यो समस्त सृष्टि नै वर्तुलाकार छ र गति पनि वर्तुलाकार हुन्छ । त्यसैले यसलाई संसार भनिएको हो । संसारको अर्थ घुम्ने चक्र हो । जो यो चक्रमा फसिरहन्छ ऊ घुमेको घुमै मात्र हुन्छ, बारम्बार जन्म र मृत्युको चक्रमा परिरहन्छ । जो यो चक्रबाट फड्को मारेर सांसारिक चक्रबाट निस्कन सक्छ उही मुक्त हुन्छ। जसरी जन्मपछि मृत्यु हुन्छ त्यसरी नै मृत्युपछि पुनः जन्म हुन्छ । जस्तो व्यक्तिको जीवनमा वर्तुलाकार व्यवस्था छ त्यस्तै व्यवस्था विराट् अस्तित्वको पनि हुन्छ ।

संसारमा जन्मनुलाई सृष्टि भनिन्छ भने मृत्युलाई विनाश वा प्रलय मानिन्छ । पूरा संसार प्रलयपछि फेरि जन्मिन्छ र यात्रामा निस्किन्छ । मृत्यु अन्त होइन यो त केवल एक गहन विश्राम हो । दिनभर मेहनत

गरेपछि राति हामी सुत्छौं र निद्रा पनि अल्पकालीन मृत्यु हो । दिनभर काम गरेर राति सुतेपछि बिहान पुनः ताजा भएर कामका लागि तयार हुन्छौं वा पुनर्जीवित हुन्छौं । दैनिक बिहान नयाँ जीवन पाउनका लागि राति मर्न जरुरी हुन्छ । हामी श्वास जब भित्र तान्छौं, त्यो हाम्रो जीवनका लागि हुन्छ र श्वास जब बाहिर फ्याक्छौं तब त्यो मृत्युको हुन्छ । एक एक श्वाससँग जन्म र मृत्युको सम्बन्ध जोडिएको हुन्छ । एक-एक श्वासमा जन्म र मृत्यु तथा दिनमा जीवन र रातमा मृत्यु भए जस्तै जीवनमा पनि जन्म र मृत्यु र जगत्मा पनि सृष्टि र प्रलय त्यसरी नै चलिरहन्छ । मृत्यु अर्को नयाँ जीवनका लागि गहन विश्राम हो । जीवन थकान हो र मृत्यु विश्राम हो । त्यस्तै जीवन श्रम र तनाव हो अनि मृत्यु विश्राम र विराम हो । हामी मात्र थाक्दैनौं यो विराट् विश्व पनि थाक्छ । हामी मात्र बुढो हुँदैनौं, पहाड, पृथ्वी, सूर्य पनि बुढो हुन्छ । हामी मात्र होइन, पहाड, पृथ्वी, सूर्य पनि मर्छन् । यस जगत्मा भएका सम्पूर्ण कुरा जीवन र मृत्युमा परिभ्रमण गरिहन्छन् ।

श्रीकृष्णले भन्नुभयो- रुद्रमा 'म' शङ्कर हुँ जो मृत्यु र विनाशका देवता हुन् । मृत्यु जीवनका विपरीत छैन भनेर कृष्ण अर्जुनलाई सम्झाउन चाहनुहुन्छ । तिमी जीवन र मृत्युलाई अलग गरेर हेर्छौ, त्यसरी गरिने विभाजन भ्रान्ति मात्र हो । जीवनभर श्रम गरेपछि थकान हुन्छ अनि विश्राम चाहिन्छ । मृत्यु त्यो विश्राम हो र 'म' त्यही विश्राम हुँ; त्यसैले तिमी मृत्युसँग भयभीत नहोऊ । तिमी यो मृत्यु हुन्छ भनेर पनि नसोच किनभने तिमीबाट न जीवन हुन्छ न मृत्यु नै हुन सक्छ । जन्मका लागि माता-पितालाई प्रकृतिले एउटा मार्गको रूपमा उपयोग गर्छ र जीवन परमात्माले दिन्छ । हामी स्रष्टा होइनौं केवल उपकरण मात्र हौं । श्रीकृष्ण भन्दै हुनुहुन्छ- जीवन पनि तिमीद्वारा आउँदैन त्यो 'म' बाट नै आउँछ र मृत्यु पनि 'म' बाट नै आउँछ । तिमी कसैलाई मार्न सक्दैनौ र तिमी केवल एक माध्यम मात्र हौ । तिमी कर्ता होइनौ तिमी निमित्त मात्र हौ र यही कुरा जानेर व्यर्थमा दुखी नबन । कृष्णको सारा शिक्षाको सार एक शब्दमा भन्नुपर्‍यो भने व्यक्ति एउटा उपकरण मात्र हो त्यो भन्दा ज्यादा होइन । जीवनको विराट् शक्तिले जब भित्र काम गर्छ, तब व्यक्तिलाई साधन बनाउँछ । त्यसैले हे अर्जुन ! तिमी कसैलाई मार्न पनि सक्दैनौ किनभने जन्म र मृत्युलाई 'म' तय गर्छु । जसलाई जहिले र जहाँ मृत्युवरण गर्नुपर्छ त्यो मैले पहिले नै निश्चित गरिसकेको हुन्छु ।

शङ्करलाई हामीले मृत्यु र विनाशका देवता मानेका छौं तर शङ्करको व्यक्तित्वलाई मृत्युसँग जोड्न पनि कठिन लाग्छ । शङ्करलाई हामीले नाच्दै गरेको नटराजको रूपमा पनि स्वीकार गरेका छौं । उहाँलाई एउटा महान् प्रेमीका रूपमा पनि वर्णन गरेका छौं । सतीदेवीको मृत्यु भएपछि शङ्कर भगवती सतीदेवीको निर्जीव शरीरलाई लिएर बाह्र वर्षसम्म संसारमा घुमिरहनुभयो । शङ्करको लगाव र प्रेम यति गहिरो थियो कि उहाँले देवीलाई काँधमा बोकेर उनलाई बचाउनका लागि भड्किरहनुभयो । बाह्र वर्षसम्म सतीदेवीको त्यो शरीर सड्दै गयो र एक एक अङ्ग झर्दै गए । जहाँ जहाँ उहाँका अङ्गहरू झरे ती शक्तिपीठको रूपमा विकसित भए । मृत्यु र विनाशका देवताको जीवनप्रति यत्रो आसक्ति र मोह एकातिर पाइन्छ भने अर्कातिर शङ्कर नृत्यका देवता नटराजको रूपमा बडो रसपूर्ण व्यक्तित्व भएको पाइन्छ । उहाँको रुखो र उदास व्यक्तित्व छैन । मृत्युका देवतामा जीवनप्रति यत्रो राग हुनु विरोधाभास प्रतीत हुन्छ तर यो विरोधी छैन । जहाँ रागको क्षमता हुन्छ त्यहीँ विराग र मृत्युको क्षमता पनि हुन्छ । हामी भित्रको वासना नै मृत्यु पनि हो । हाम्रो कामवासना पूरा समाप्त भएमा मृत्युको भय पनि समाप्त हुन्छ । जब हामी जीवन प्रकट गर्न कामवासनाको माध्यमबाट सहयोग गर्छौं तब हामी मृत्युसँग पनि नजिक गइरहेका हुन्छौं । जीवन निर्माण गर्ने काममा प्रयोग हुने ऊर्जा रिक्त भएर मृत्युको काम पनि गरिरहेको हुन्छ ।

जीवन एउटा सतत सन्तुलन हो । जीवनमा अमृत तत्त्वप्राप्त गर्न निस्किने व्यक्तिहरूले बह्मचर्यको साधना गरे किनभने मृत्युको द्वार कामवासना हो भन्ने उनीहरूलाई बोध भयो । कामवासनाले एकातिर जीवन दिन्छ भने अर्कातिर मृत्यु दिन्छ किनभने जीवन र मृत्यु सबैतिर संयुक्त छ । त्यसैले शङ्कर एकातिर

विनाशका देवता हुनुहुन्छ भने अर्कातिर उहाँको जीवन ज्यादै रसपूर्ण र मोहासक्त पनि छ । जो मृत्युको द्वार हुन्छ उसमा कामवासना पनि त्यत्तिकै हुन्छ अनि मात्र सन्तुलन हुन सक्छ । जीवन प्रारम्भमा आउने हुनाले देखिन्छ र मृत्यु अन्त्यमा मात्र आउने हुनाले देखिँदैन, त्यति मात्र फरक हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जीवन पनि 'म' हुँ र विनाश पनि 'म' नै हुँ । सारा द्वन्द्वभित्र 'म' नै हुन्छु, जब दुवै द्वन्द्वको भित्र एउटै अस्तित्व हुन्छ तब द्वन्द्वको कुनै अर्थ नै रहँदैन ।

जर्मनीका दार्शनिक हिगेल (G.W.Friedrich Hegel) ले पश्चिममा द्वन्द्ववादमा धेरै काम गरेका छन् । उनी भन्छन्- सारा जीवनको विकास द्वन्द्वातीत छ । अनि मार्क्सले यसैका आधारमा द्वन्द्वात्मक भौतिकवाद (Dialectical Materialism) र कम्युनिजमलाई जन्म दिए । मार्क्सले जसरी जीवनको विकास द्वन्द्वात्मक छ त्यसरी नै समाजको विकास पनि द्वन्द्वात्मक हुन्छ भने । यो धनी र गरिबको द्वन्द्व एवम् लडाइँ हो तर उनीहरूलाई सनातनी चिन्तकहरू अझ गहिरो कुरा भन्दछन् भन्ने जानकारी नै छैन । हिन्दू चिन्तक विकास र समाज त सामान्य कुरा हुन्, सारा अस्तित्व नै द्वन्द्वात्मक छ भन्दछन् । सारा अस्तित्व नै द्वन्द्व हो तर द्वन्द्वको अर्थ विपरीत दुई होइन । यो यस्तो दुई हो जो भित्र गहिराइमा जोडिएको छ, जस्तो नदी दुई किनाराहरूको बिचमा बग्छ । यी दुई किनारा हामीलाई दुई जस्तो लाग्छ तर नदीभित्र गहिराइमा पुग्यौं भने हामी जमिन जोडिएको पाउँछौं । त्यस्तै नदी एक मात्र किनारा भएर बग्न सक्दैन । त्यसैले सनातनीहरूले द्वन्द्व बाहिर मात्र छ भित्र त द्वन्द्वरहित अवस्था छ, त्यस्तै द्वैत बाहिर छ भित्र त अद्वैत मात्र छ भनेका हुन् । बाहिर जुन दुई देखिन्छ त्यो एककै दुई रूप हो । श्रीकृष्ण भन्नुहुन्छ- जीवन र मृत्यु दुवै 'म' हुँ । यी दुवै एक-अर्काका दुश्मन होइनन् यिनीहरू गहिरोमा संयुक्त छन् । बाहिरबाट दुई देखिन्छन् तर भित्रबाट जोडिएका र संयुक्त छन् । त्यसैले हे अर्जुन ! तिमी जीवन र मृत्युको चिन्ता नगर किनभने यी दुवै 'म' हुँ । तिमी व्यर्थमा बिचमा आउने प्रयास नगर ।

अर्जुनको समस्या नै कर्तापनको भाव हो । उनी म युद्ध गर्छु र युद्धमा हत्या गरेमा यो पाप मलाई लाग्छ । त्यसैले म पुण्य गर्न चाहन्छु र त्याग गरेर सन्न्यासी बन्न चाहन्छु भन्दछन् । अर्जुनभित्रको म सबै कुरा गर्न चाहन्छ तर नराम्रो गर्दिनँ र राम्रो गर्छु भन्दछ । अर्जुनको सन्ताप र चिन्ता अहङ्कारको हो र अहङ्कार सिवाय जगत्मा अरू कुनै चिन्ता पनि हुँदैन । कर्तापनको भाव नै चिन्ताको एक मात्र कारण हो । कर्तापनको त्याग नै विराट्प्रतिको भरोसा हो । अर्जुन यी सबै कुराको केन्द्र उनी नै हुन् भन्ने भ्रममा छन् । सबै उनकै आधारमा भइरहेको छ र उनी भएनन् भने केही हुँदैन साथै उनैले सबै युद्धको जिम्मेवारी लिए जस्तो गर्दै छन् । श्रीकृष्ण उनलाई भन्दै हुनुहुन्छ- यो तिम्रो भ्रान्ति मात्र हो किनभने केही पनि तिमीमा निर्भर छैन । सबै परमात्मामा निर्भर छ अर्थात् सबै 'म'मा निर्भर छ ।

यक्ष एवम् राक्षसहरूमा 'म' धनको स्वामी कुबेर हुँ । कुबेरसँग अनन्त धनको भण्डार छ । कुबेर अस्तित्वमा सबैभन्दा ठुला धनी व्यक्ति हुन् । गरिब व्यक्ति कहिल्यै पनि धनबाट मुक्त हुँदैन तर धनीले चाह्यो भने ऊ धन व्यर्थ हो भनेर धनबाट मुक्त हुन सक्छ । बुद्ध, महावीरहरू जससँग धन थियो, उहाँहरू आफ्नो धनको व्यर्थतालाई बुझेर त्यसबाट मुक्त हुनुभयो । धनसँग टाँस्सिएर बसेको व्यक्ति बुद्धिमान् होइन । यदि कसैसँग धन नभए पनि धनबाट मुक्त भयो भने ऊ धेरै बुद्धिमान् हो भन्ने जान्नुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- राक्षसहरू र यक्षहरूमा 'म' धनपति कुबेर हुँ । राक्षसको अर्थ त्यो प्रवृत्ति हो जसमा लोभ हुन्छ । राक्षस जात होइन यो एउटा प्रवृत्ति हो जहाँ लोभ नै उसको स्वभाव हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- राक्षसहरूमा 'म' कुबेर हुँ । राक्षस कुबेरको अवस्थामा पुगेपछि मात्र मुक्त हुन सक्छ अन्यथा हुन सक्दैन । अनन्त धन पाएमा मात्र राक्षसको धनको खोज बन्द हुन सक्छ । यसको अर्थ राक्षसहरूमा कुबेर मात्र धनको पकडभन्दा बाहिर हुन सक्छन् भन्ने हो ।

धनको लोभबाट मुक्त हुन या त प्रज्ञा बढेर व्यक्तिलाई लोभ व्यर्थ लाग्नुपर्छ अथवा आफूले मागेको भन्दा धेरै धन प्राप्त भएर कुबेरको स्थितिमा पुग्नुपर्छ अनि मात्र व्यक्ति लोभबाट मुक्त हुन सक्छ । गरिब

समाज सामूहिक रूपमा धार्मिक हुन सक्दैन तर धनी समाज सामूहिक रूपमा धार्मिक हुन सक्छ । गरिब समाजमा व्यक्तिगत रूपमा मात्र धार्मिक हुन सकिन्छ किनभने शरीरको आवश्यकता पूर्ति गर्न त गाह्रो छ भने आत्माको खोज गर्ने कार्य धेरै कठिन हुनु स्वाभाविकै हो । कृष्णको भनाइ अनुसार राक्षस जबसम्म कुबेर हुँदैन, तबसम्म परमात्मातिर उसको कुनै झुकाउ हुँदैन, तबसम्म उसको लोभले उसलाई धनको आसपास नै घुमाइरहन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' राक्षसहरूमा त्यो व्यक्ति हुँ जससँग यति धन छ कि उसको इच्छा र वासना पनि शेष रहन्न । कुबेरको प्रतीकात्मक अर्थ जससँग कल्पना र वासना गर्न सकिने भन्दा ज्यादा धन छ भन्ने हो । श्रीकृष्ण भन्नुहुन्छ- 'म' शिखरवाला पर्वतमा श्रेष्ठतम पर्वत सुमेरु हुँ र पुरोहितहरूमा बृहस्पति हुँ, सेनापतिहरूमा स्वामी कार्तिकेय हुँ र जलाशयहरूमा समुद्र हुँ । हे अर्जुन ! 'म' महर्षिहरूमा भृगु हुँ र वचनहरूमा एक अक्षर अर्थात् ओङ्कार हुँ । 'म' सबै प्रकारका यज्ञहरूमा जपयज्ञ र स्थिर रहनेहरूमा हिमालय पर्वत हुँ । वचनहरूमा एक अक्षर ओङ्कार हुँ । ओङ्करमा तीन ध्वनिहरू 'अ-उ-म्' छन् । ध्वनिशास्त्रले 'अ-उ-म्' यी तीन मौलिक तथा बीज ध्वनि हुन् र बाँकी सबै ध्वनि यिनकै विस्तार हुन् भन्दछ ।

आज आइन्स्टाइनको सानो सूत्र (Energy is equal to mc square) ले पूरा विज्ञानलाई समाहित गरेको छ । यस सूत्रले आजको समस्त भौतिकशास्त्रलाई समाहित गरेको छ । त्यसरी नै हिन्दूहरूको ॐ ले समस्त ध्वनिशास्त्रलाई समाहित गर्छ । यो एउटा वैज्ञानिक सूत्र हो । ॐ का विशेष प्रयोगहरू छन् । सारा शास्त्र भुलेर ॐ मात्र सम्झेमा पनि परमसत्तामा प्रवेश हुन सक्छ । ॐ परमात्माको निराकार रूपलाई पाउने आखिरी द्वार हो । यदि ॐ बाट जगत्तिर चल्यौं भने 'अ-उ-म्' बाट सारा जगत्को विस्तारमा पुगिन्छ । ॐ बाट भित्र प्रवेश गऱ्यो भने ॐ पछि समस्त ध्वनिहरू समाप्त भएर शून्यमा प्रवेश हुन्छ, जहाँ व्यक्ति पनि हराउँछ र केवल ओङ्कार मात्र शेष रहन्छ । ॐ कुनै मनुष्यद्वारा सृजित ध्वनि होइन यो अस्तित्वको ध्वनि हो । मनुष्यको सारा विचार, अहङ्कार समाप्त भएर जब गहन मौनता हुन्छ, त्यो भित्री मौनतामा जुन ध्वनि सुनिन्छ त्यो ॐ हो । श्रीकृष्ण भन्नुहुन्छ- त्यो ॐ मा प्रवेश गर्नु नै 'म' मा प्रवेश गर्नु हो । समस्त अक्षरहरूमा 'म' एकाकार ॐ हुँ ।

हजारौं प्रकारका यज्ञहरू छन् र ती यज्ञहरूमा श्रीकृष्ण 'म' जपयज्ञ हुँ भन्नुहुन्छ । कुनै योजना वा व्यवस्थाका माध्यमबाट आफ्नो र अस्तित्वको बिचमा सेतु निर्माण गर्नु यज्ञ हो । हामी जुन व्यवस्थाबाट जगत्को अस्तित्वसँग जोडिन्छौं, त्यो व्यवस्था यज्ञ हो । यो यज्ञबाट अस्तित्वसँग जोडिने धेरै मार्गहरू छन् । हामीलाई थाहा नभएको र शास्त्र जान्ने पण्डितहरूको मिथ्याज्ञानका कारण यी मार्गहरू कर्मकाण्डमा मात्र सीमित भएका छन् अन्यथा यज्ञका विधिहरूको पूरा विज्ञान छ । एउटा विशेष व्यवस्थाबाट जगत्को अस्तित्वसँग जोडिने उपाय यज्ञको विधिमा छ । श्रीकृष्ण भन्नुहुन्छ- ती सबै उपाय, विधिहरूमा 'म' जपयज्ञ हुँ किनभने यज्ञहरूमा सबैभन्दा सूक्ष्म र श्रेष्ठ जपयज्ञ हुन्छ । जपयज्ञको माध्यमबाट आफूभित्र ध्वनिहरूको यस्तो संघातमय जाल निर्माण गर्नुपर्छ, जसबाट त्यो जगत्को परमध्वनिसँग हाम्रो सम्बन्ध स्थापित हुन्छ । जब त्यो जपको ध्वनि लयबद्ध रूपमा चल्न थाल्छ, तब जपयज्ञद्वारा भित्रको परमध्वनिसँग मिल्ने सेतु निर्मित हुन्छ । त्यसैले सबै धर्महरूले अलग-अलग रूपमा जपको प्रयोग गरेका छन् । यसको लक्ष्य जपका माध्यमबाट जगत्मा चलिरहेको विराट् ध्वनिसँग सम्बन्ध स्थापित गर्नु हो ।

जपयज्ञ सूक्ष्मतम यज्ञ हो । बाहिर आगो बाल्नु स्थूल कुरा हो तर मन्त्रले भित्र आगो बाल्न सकिन्छ । बाहिर घिउ हाल्नु स्थूल कुरा हो तर भित्रको अग्निमा पनि शुद्ध घिउ मन्त्रद्वारा हाल्न सकिन्छ । भित्रको सूक्ष्मतम आयोजन ध्वनिबाट हुन्छ । हामीहरू शब्दसिवाय अरू केही पनि होइनौं । हामी केवल केही शब्द र ध्वनिका जोड मात्र हौं । श्रीकृष्ण भन्नुहुन्छ- यज्ञहरूमा 'म' जपयज्ञ हुँ र स्थिर हुनेहरूमा हिमालय पहाड हुँ । जब व्यक्ति जपमा गहिरो उत्रिन्छ, तब मनको कम्पन कम हुन थाल्छ र बिस्तारै कम्पन हराउँछ । एउटा हिमालयको जस्तो स्थिरताको शिखर भित्र निर्मित हुन्छ ।

*अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।*
*गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥*

**सम्पूर्ण वृक्षहरूमा 'म' पिपल हुँ, देवर्षिहरूमा नारद हुँ, गन्धर्वहरूमा गन्धर्वका अधिपति चित्ररथ र सिद्धहरूमा 'म' नै कपिल मुनि हुँ ॥**

*उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।*
*ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥*

**घोडाहरूमा मलाई अमृतका लागि समुद्रमन्थन गर्दा अमृतको साथमा उत्पन्न भएको उच्चैश्रवा जान, हात्तीहरूमा श्रेष्ठ हात्ती ऐरावत र मानिसहरूमा मलाई राजा जान ॥**

सबै वृक्षहरूमा पिपल, देवर्षिहरूमा नारद तथा गन्धर्वहरूमा चित्ररथ र सिद्धहरूमा कपिल हुँ भन्दै कृष्ण अर्जुनलाई सम्झाउन अरू प्रतीकहरूको पनि उपयोग गर्नुहुन्छ । वृक्षहरूमा पिपल ज्यादै विशिष्ट गुणवान् वृक्ष हो । केवल हिन्दुहरूको आस्था र मान्यताले मात्र होइन वनस्पतिशास्त्रको मान्यताले पनि यो विशिष्ट छ । वनस्पतिशास्त्रका अनुसार मात्र होइन, अब त मनोवैज्ञानिक हिसाबले पनि यो विशिष्ट छ । सारा वृक्षहरूले रात्रिमा कार्बनडाइअक्साइड छोडछन् केवल पिपलले मात्र यो छोड्दैन । पिपलबाहेक कुनै पनि वृक्षमुनि राती सुत्नु वा बस्नु हानिकारक हुन्छ किनभने कार्बनडाइअक्साइडको मात्रा बढेमा मृत्यु पनि घट्न सक्छ । त्यसैले राती वृक्षहरूमा बास बस्न वा रोकिन निषेध गरिएको हो तर पिपलको वृक्षमुनि राती पनि बस्न सकिन्छ । पिपलबाट चौबिसै घण्टा जीवन निसृत हुन्छ । मनसविद् र शरीरशास्त्री दुवै निरन्तर मनुष्यको शरीरको केन्द्रको खोजीमा छन् । मस्तिष्कको जुन ग्रन्थिको निकट चेतना छ र जसको अभावमा व्यक्ति बेहोस हुन्छ, त्यो रासायनिक तत्त्व सर्वाधिक पिपल वृक्षमा उपलब्ध छ। मनुष्यभित्र बुद्धि प्रकट हुन जुन रासायनिक तत्त्वको मस्तिकमा जरुरत हुन्छ, त्यसको सर्वाधिक मात्रा पिपलमा पाइन्छ ।

बुद्धको बुद्धत्व पनि वटवृक्षबाट भएको हो त्यो पनि पिपल जातिकै वृक्ष हो । उहाँको बुद्धत्व घटित हुनु पनि गहन रूपमा त्यो वृक्षसँग सम्बन्धित हुन सक्छ किनभने चैतन्यको घटना जुन रासायनिक तत्त्व र प्रक्रियाबाट बढ्छ त्यो वट र पिपल जस्तो वृक्षमा सर्वाधिक हुन्छ । बोधिवृक्ष सम्पूर्ण वृक्षहरूमा सर्वाधिक बुद्धिको सम्भावना भएको वृक्ष पनि हो । श्रीकृष्ण वृक्षमा 'म' पिपलवृक्ष हुँ भन्नुहुन्छ । यसको अर्थ यदि हामी परमात्माको खोज गर्न वृक्षको आश्रयमा गयौं भने जुन वृक्षमा बुद्धिमत्ताको किरण बढी हुन्छ, त्यहींबाट हामीले उसलाई खोज गर्नुपर्छ । जहाँ बुद्धिमत्ता छ त्यहीं ईश्वर छ । यदि वृक्षमा बुद्धिमत्ताको किरण छ भने त्यहाँ पनि ईश्वर छ भनेर जान्नुपर्छ ।

धेरै वर्षसम्म विज्ञानले बुद्धि केवल मनुष्यमा मात्र हुन्छ भनेर सोच्थ्यो जो गलत र भ्रान्त साबित भएको छ । बुद्धि पशुहरू र वनस्पतिमा पनि हुन्छ केवल मात्राको भिन्नता हुन्छ । विज्ञानले अब त बोट बिरुवाहरूमा पनि बुद्धि, स्मृति र संवेदनशीलता छ भनेर मान्दछ । समस्त अस्तित्वको पूरा जीवन नै आत्माले व्याप्त छ । महावीर अस्तित्वमा जीवन छ भनेर यसरी आविर्भूत हुनुभएको थियो कि उहाँले आफ्ना साधुहरूलाई हिलोमा पनि नहिँड्न भन्नुभएको थियो किनभने हिलोमा यदि घाँसको अङ्कुर निस्किएको भए त्यो अङ्कुरमाथि खुट्टा राख्दा हिंसा हुने छ । उहाँ भन्नुहुन्थ्यो- काँचो फल टिपेर नखानू किनभने काँचो फल टिप्दा वृक्षको प्राणमा पनि त्यस्तै पीडा हुन्छ जस्तो मनुष्यको हात खुट्टा काट्दा हुन्छ त्यसैले जब वृक्षबाट फल पाकेर आफै झर्छ अनि मात्र खानु भन्नुहुन्थ्यो । विज्ञानले बोट-बिरुवाभित्रको जुन संवेदनाको खोज गरिरहेको छ त्यो महावीरको अहिंसा हो । महावीरले भने जस्तै त्यहाँ पनि प्राण र संवेदना हामीमा भएजत्तिकै हुन्छ, आत्मा त सबैतिर नै व्याप्त छ ।

पिपल अत्यन्त प्रतिभावान् र प्रज्ञावान् वृक्ष भएकोले कृष्णले वृक्षहरूमा 'म' पिपल हुँ भन्नुभएको हो । वृक्षहरूमा सर्वाधिक प्रज्ञा पिपलमा प्रकट भएको छ । हिन्दूहरूले यस तथ्यलाई जानेर नै पिपलको पूजा सुरु गरेका हुन् । पिपललाई पूजा र नमस्कार गर्नुको अर्थ यसमा भएको प्रज्ञाको सम्झना र आदर गर्नु हो । तर हामी त आफ्नो अहङ्कारको कारण मनुष्यमा भएको प्रज्ञालाई पनि सम्मान गर्दैनौं । हामी जीवित जिसस, बुद्ध, महावीरहरूलाई आफूजस्तै मानिस सम्झन्छौं र उहाँहरूप्रति शिर झुकाउन पीडाबोध गर्छौं तर उहाँहरू नभएपछि उहाँहरूलाई भगवान् मान्न हामीलाई कुनै कष्ट हुँदैन । जति लाभ जिउँदो गुरुसँग लिन सकिन्छ त्यो मुर्दा गुरु जतिसुकै सिद्ध भए पनि उससँग लिन सकिँदैन । सनातनीहरूले पिपलको प्रज्ञालाई पनि नमस्कार गरेर पार हुन खोज्थे । समस्त वृक्षहरूमध्ये बुद्धिमत्ताको सर्वाधिक सम्भावना पिपलमा रहेको छ, त्यसैले उसप्रति शिर झुकाएर त्यो बुद्धिमत्तासँग सम्बन्ध जोड्न सकिन्छ ।

युनानी चिकित्साका जन्मदाता लुकमानले एक लाख वनस्पतिहरूको गुणधर्म लेखेर बताएका छन् । यो आश्चर्यचकित कुरा हो किनभने लुकमानसँग कुनै प्रयोगशाला थिएन साथै उनीसँग कुनै रासायनिक तत्त्व जसबाट परीक्षण गर्न सकिने व्यवस्था पनि थिएन । उनीसँग वनस्पतिको गुण, धर्म जान्ने कुनै यन्त्र थिएन । लुकमान त गाउँगाउँ हिँडिरहने फकिर जस्ता व्यक्ति थिए । उनीसँग एउटा झोला सिवाय अरू केही पनि थिएन । उनीभन्दा अघि यस सम्बन्धमा कसैलाई पनि थाहा थिएन, त्यसकारण उनलाई कसैबाट यो विद्या प्राप्त भएको पनि होइन । लुकमान बोटबिरुवालाई नै तिम्रो गुण धर्म के हो, तिमी कुन बिरामीका लागि काम लाग्न सक्छौ भनेर सोध्थे अनि बोटबिरुवाले जे बताउँथे, उनी त्यही लेखेर राख्थे । लुकमानले बोटबिरुवाका बारेमा बताएको गुण, धर्म नै अहिलेको श्रेष्ठतम विज्ञानले पनि त्यही बताएको छ । त्यस्तै आयुर्वेदका औषधीहरू पनि सबै प्रयोगशालाबाट जाँचेर तयार पारिएका होइनन् । त्यो अत्यधिक ज्ञान लुकमानको जस्तै वनस्पतिसँग सिधा अन्तर सम्बन्धबाट उपलब्ध भएको हुनुपर्छ । हामी आफूभित्र गहिराइमा जति उत्रिन्छौं उति नै हामी अस्तित्वमा पनि गहिरो उत्रिन थाल्छौं । हामी एक कदम तल उत्रियौं भने पशुहरूसँग सम्बन्धित हुन थाल्छौं र एक कदम अझ तल उत्रियौं भने वनस्पतिसँग सम्बन्धित हुन सक्छौं । एक कदम अरू तल उत्रियौं भने हामी खनिज पदार्थसँग सम्बन्धित हुन्छौं । जति गहिरो उत्रियो त्यति नै अस्तित्वको गहिरो तलसँग सम्बन्धित हुन सकिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- देवर्षिहरूमा 'म' नारद हुँ । नारदको चरित्र अनौठो छ । कुनै पनि पौराणिक कथामा नारद जस्तो चरित्र पाइँदैन । नारदको व्यक्तित्व गम्भीर छैन, उनी जीवनलाई एउटा खेल, नाटक, उत्सव, मनोरञ्जन मान्दछन् र गैरगम्भीर ढङ्गले सोही अनुसार जीवनयापन गर्दछन् । कृष्ण गम्भीर प्रकृतिका ऋषिहरूसँग आफूलाई जोड्नुहुन्न किनभने गम्भीरता पनि एक प्रकारको बिरामी हो । गम्भीर व्यक्ति न हाँस्न सक्छ न नाच्न नै सक्छ साथै ऊ उत्साहपूर्वक बाँच्न पनि सक्दैन । गम्भीर प्रकृतिका व्यक्ति जीवनको परमानन्द जान्न र भोग्न पनि सक्दैनन् । यस्ता व्यक्तिले पूजा र प्रार्थना पनि गर्न सक्दैनन् किनभने पूजा, प्रार्थना जीवनका उत्सवसँग सम्बन्धित हुन्छन् । गम्भीरता हुनु भनेको जीवनको एक हिस्सासँग मात्र आफूलाई एक मान्नु हो र जीवनको समग्रतासँग उसको सम्बन्ध हुँदैन । त्यसैले श्रीकृष्ण देवर्षिहरूमा 'म' नारद हुँ भन्नुहुन्छ ।

हामीलाई ऋषिले झुटो बोल्दैनन् जस्तो लाग्छ । तर नारद झुटो बोलेर कसैलाई अल्झाउन पनि सक्छन् । नारद एउटा रहस्यवादी व्यक्ति हुन् । नारदका लागि जगत् एउटा मञ्च र नाटक मात्र हो । कृष्णले नारदलाई चुन्नु पनि जगत् एउटा रङ्गमञ्च हो भन्ने कुराको सङ्केत हो । हामी धार्मिकता भनेको गम्भीर प्रवृत्तिको हुनु र नहाँस्नु हो भन्ने सोच्दछौं । इसाईहरू जिसस कहिल्यै पनि हाँस्नु नै भएको छैन भन्दछन् । जिसस जस्तो व्यक्ति कहिले हाँस्नुभएको छैन भन्नु सम्भव नै हुँदैन तर इसाईहरू भन्छन्- उहाँ कहिल्यै हाँस्नुभएन किनभने हाँस्नु त अपवित्रता हो । त्यसैले इसाईले जिससको अनुहार उदास, सारा दुनियाँको बोझ बोकेको व्यक्तिका रूपमा चित्रित गरिदिए । इसाईहरू जिससले सारा दुनियाँको पाप

आफूमाथि लिनुभयो र उहाँद्वारा सारा जगत्को मुक्तिको उपाय भइरहेको छ भन्ने मान्दछन् । वास्तवमा जिससलाई चिन्नै नसकेर उहाँको यस्तो व्यक्तित्व बनाइएको हो । जिससको व्यक्तित्वलाई दृष्टिगत गर्‍यो भने यो कुरा साँचो लाग्दैन किनभने जिसस मिठो खानालाई प्रेम गर्नुहुन्थ्यो, सुन्दर स्त्रीहरू मन पराउनुहुन्थ्यो, भोजनमा अलिकति वाइन पनि लिनुहुन्थ्यो । यस्तो व्यक्ति हाँसेन भनेर मान्न सकिँदैन तर केही दुखी र उदास व्यक्तिहरूले उहाँलाई घेरेका कारणले उहाँलाई यस रूपमा चित्रण गरियो । धार्मिक हुन यस्तै प्रवृत्तिका व्यक्तिहरूले यसलाई आधार बनाएका छन् । उनीहरू आफ्नो उदासीनतालाई आफ्नो तपस्या मान्छन् साथै दुखी व्यक्तिहरू धार्मिक भएर एक ठाउँमा जम्मा भई सबै हाँस्ने व्यक्तिहरूलाई पापी भन्छन् । यस्ता मुखर व्यक्तिहरूले आफ्नो दुखलाई दर्शनशास्त्र बनाएका छन् ।

श्रीकृष्ण त बाँसुरी बजाउने, नाच्ने, प्रफुल्लित व्यक्ति हुनुहुन्छ जसलाई जीवनसँग प्रेम छ । उहाँका लागि जिन्दगी एउटा उत्सव र आनन्दपूर्ण खेल हो । सारा धर्म आनन्दबाट जन्मिन्छ र दुर्भाग्यले दुखी व्यक्तिहरूको हातमा पर्दछ । कृष्णका लागि जिन्दगी एउटा नाटक, खेल र लीला हो । यसलाई जो गम्भीरतासँग लिन्छ त्यो व्यक्ति अस्वस्थ हो । नारदका लागि जिन्दगी गम्भीर कुरा होइन । उनले जीवनको गहन सत्यलाई बुझेकाले आफूले नाटकको पात्र जस्तै भूमिका निर्वाह गरेका हुन् । नारदका लागि सबै कुरा अभिनय हो र कृष्णलाई त निश्चय नै जीवन एउटा खेल र लीला मात्र हो । हामीले केवल कृष्णलाई मात्र पूर्णावतार मानेका छौँ । कृष्णलाई पूर्णावतार मान्नुका पछाडि उहाँमा कुनै मर्यादा छैन र उहाँ जस्तो मर्यादामुक्त व्यक्ति पनि पृथ्वीमा कोही पनि छैन । कृष्णले जीवनलाई समग्रतामा स्वीकार गर्नुभएको छ र कुनै कुरा उहाँलाई अस्वीकार्य छैन । त्यसैले कृष्णको जीवनमा सङ्गति पनि पाइँदैन । कृष्ण जस्तो अवतार पुरुष हुन अब कठिन छ तर हामीलाई कृष्ण पूर्ण रूपमा स्वीकार गर्ने हिम्मत पनि हुँदैन ।

श्रीकृष्णमा यसप्रकारको कठिनाइ सदा रहेको छ । कृष्णले 'म' युद्धमा शस्त्र उठाउन्न भन्नुभएको थियो तर शस्त्र उठाउनु भएकाले उहाँको वचन भङ्ग भयो । कृष्णको स्वभाव कतिपयलाई असङ्गत जस्तो लाग्छ किनभने हाम्रो सोच्ने ढङ्ग नै गलत र गम्भीर छ । कृष्ण गैर गम्भीर हुनुहुन्छ । आफ्ना असङ्गतिमा उहाँ बिलकुल सङ्गत हुनुहुन्छ । यो विराट्, बहुमुखी, बहुआयामिक र धेरै दिशामा फैलिएको व्यक्तित्वलाई नै हामीले पूर्णावतार भनेका हौं । कृष्णको गैरगम्भीर, लीलामयी व्यक्तित्व भएकाले प्रतीकको रूपमा उहाँले देवर्षिहरूमा नारदलाई चुन्नुभएको हो । श्रीकृष्ण भन्नुहुन्छ- गन्धर्वहरूमा चित्ररथ र सिद्धहरूमा 'म' कपिल मुनि हुँ । जगत्मा दुई निष्ठाहरू छन् । एउटा निष्ठाको नाम योग र अर्काको नाम साङ्ख्य हो । कृष्णलाई हामी योगेश्वर पनि भन्छौं । कपिलको योगसँग कुनै सम्बन्ध छैन र उहाँ योगविरोधी हुनुहुन्छ ।

योगको मान्यताअनुसार सत्य वा परमात्मालाई पाउनका लागि केही गर्नुपर्छ । कुनै अभ्यास, साधना, क्रिया, प्रक्रिया गर्नुपर्छ । क्रिया नगरी परमात्मासम्म पुग्न सकिन्न किनभने मनुष्य अशुद्ध छ । त्यसैले आगोबाट गुज्रिएर ऊ शुद्ध हुनुपर्छ । उसमा सत्य त लुकेको छ तर त्यो सत्य सुनमा माटो मिसिएको जस्तै अवस्थामा छ । त्यसैले त्यो माटोलाई छानेर सुनलाई अलग गर्नुपर्छ र आगोमा पोलेर शुद्ध बनाउनुपर्छ । योग केही नगरी केही हुनै सक्दैन भन्ने मान्दछ । तर साङ्ख्यको मान्यता योगको ठिक विपरीत छ । साङ्ख्य केही गर्न आवश्यक नै छैन केवल जान्नु पर्याप्त छ भन्दछ । मनुष्य परमात्मा नै हो यो कुरा केवल उसलाई विस्मृति मात्र भएको छ । मनुष्य शुद्ध परमात्मा नै भएकोले उसमा कुनै अशुद्धि छैन । साङ्ख्य भन्छ- यदि परमात्मा पनि अशुद्ध हुनसक्छ भने यो संसारमा कुनै कुरा शुद्ध हुन सक्दैन । परमात्माको अर्थ नै जो अशुद्ध हुनै सक्दैन भन्ने हो । त्यसैले यो केवल विस्मरण मात्र हो अशुद्धि होइन । साङ्ख्य भन्दछ- मनुष्य अशुद्धिको भ्रममा छ तर ऊ अशुद्ध छैन केवल उसको पहिचान मात्र हराएको छ, उसलाई एकपटक स्मरण मात्र हुनुपर्छ । कपिल साङ्ख्य दृष्टिका आधार हुनुहुन्छ ।

शान्त भएर जान्नु र स्मरण गर्नु नै पर्याप्त छ, यही नै आत्यन्तिक सत्य हो । यो पनि सत्य हो कि हाम्रो गर्नुले केही पनि हुँदैन । जे हामीले गरेर पाउँछौँ त्यो हामीभन्दा सानो हुन्छ । त्यसैले परमात्मा केही

गरेर पाउन सकिन्न किनभने केही गरेर पाउने भए ऊ पनि एउटा वस्तु मात्र हुन्थ्यो । यदि हामीलाई आफूभन्दा ठुलो कुरा पाउनु छ भने त्यो गरेर पाइँदैन आफूलाई हराएर मात्र पाइन्छ । कर्ताको भाव र कर्म पनि छोडेर आफूभित्र मौन, शान्त भएर स्थित भएमा मात्र उसलाई पाउन सकिन्छ । यो साङ्ख्यको निष्ठा हो । श्रीकृष्ण भन्नुहुन्छ- 'म' साङ्ख्य हुँ र समस्त सिद्धहरूमा कपिल हुँ । सिद्ध त्यसलाई भनिन्छ जसले जानिसक्यो वा पार भइसक्यो । जान्न पनि दुई प्रकारबाट सकिन्छ, एउटा केही गरेर जान्ने र अर्को विना कर्म जान्ने । श्रीकृष्ण 'म' उही हुँ जसले केही नगरेर जानेँ भन्नुहुन्छ ।

बुद्धले छ वर्षसम्म केही पाउनका लागि कठोर श्रम गर्नुभयो तर केही पाउनुभएन । सारा गुरुहरूकहाँ गएर उनीहरूले भनेका हरेक कठोर साधना, तपस्या गर्नुभयो तर केही पाउनुभएन । एक दिन जसरी महल छ वर्षअघि छोड्नुभएको थियो त्यसरी नै साङ्ख्यको निष्ठामा आएर सबै त्यागहरू पनि छोड्नुभयो । अब मलाई केही पाउनु र खोज्नु छैन भन्ने चित्तको दशा बनाउनुभयो । त्यो रात्रि बुद्ध सुत्दा कुनै तनाव नै थिएन किनभने उहाँलाई केही पाउनु नै थिएन । उहाँ उठ्दा बिहानको आखिरी तारा डुबिरहेको थियो । बुद्धले त्यो तारालाई हेरिरहनुभयो र तारा जब डुब्यो, तब बुद्धलाई ज्ञान भयो । बुद्धलाई योग छोडेपछि ज्ञान भयो किनभने केही गरिरहने क्रिया पनि एक प्रकारको तनाव हो । बुद्धले भन्नुभयो- मैले तब मात्र पाएँ, जब केही पाउने इच्छा पनि 'म' सँग रहेन ।

साङ्ख्यको अर्थ हो- जे पाइन्छ, त्यो पाइरहेकै कुरा हो । जो हामी कुनै क्षण जान्ने छौँ, त्यो अहिले र यसै क्षण मौजुद छ । उसलाई कहीँ बाहिरबाट पाउनुपर्दैन र उ अशुद्ध पनि छैन केवल शान्त, मौन भएर उसलाई हेर्नु मात्र छ । श्रीकृष्ण भन्नुहुन्छ- सिद्धहरूमा 'म' कपिल मुनि हुँ । हे अर्जुन ! घोडाहरूमा 'म' उच्चैश्रवा नाम गरेको घोडा हुँ र हात्तीहरूमा 'म' ऐरावत नामक हात्ती र मनुष्यमा 'म' नै सम्राट् हुँ । अर्जुनले बुझ्न सकून् भनेर कृष्ण हरेक कोटिका श्रेष्ठतम कुराबाट सम्झाउन खोज्दै हुनुहुन्छ । कृष्ण वृक्ष, हात्ती, घोडा, मनुष्य आदि सबैका माध्यमबाट कुनै दुर्भाव र सङ्कोच नराखी विभिन्न उदाहरणहरू अर्जुनलाई बताउनुहुन्छ अन्यथा यति धेरै उदाहरणहरू जरुरी पनि थिएनन् ।

श्रीकृष्णका निम्ति निकृष्ट र श्रेष्ठ केही पनि छैन । तसर्थ उहाँ 'म' सबैभित्र छु भन्नुहुन्छ । हे अर्जुन, जहाँ आभिजात्यता प्रकट हुन्छ त्यहाँ तिमीलाई मेरो प्रतीति हुन सक्ने छ, वृक्ष, घोडा, हात्ती सबैमा 'म' हुन्छु । अर्जुनले कृष्णलाई सोधेका थिए- 'म' कुन कुन भावले हजुरलाई खोजूँ, कहाँ कहाँ कसरी खोजूँ, त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमी मलाई कहीँ र कुनै कुरामा पनि खोज्न सक्छौ । यस्तो कुनै कुरा छैन जहाँ 'म' नभएको होस् । हरेक श्रेष्ठतम कुरामा तिमीले मलाई पाउन सक्छौ । मनुष्यमा मात्र श्रेष्ठता हुँदैन, बोटबिरुवा, जनावर सबैमा श्रेष्ठता हुन्छ । अस्तित्व जहाँ छ, त्यहीँ परमात्मा छ । अर्जुनलाई उहाँ भन्दै हुनुहुन्छ- जहाँ फूल फुल्छ त्यहीँ तिमीलाई मेरो प्रतीति हुन सक्छ ।

*आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।*
*प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥*

**हतियारहरूमा वज्र र गाईहरूमा 'म' कामधेनु गाई हुँ । शास्त्रोक्त रीतिद्वारा सन्तान उत्पत्तिका कारणहरूमा 'म' कामदेव हुँ र सर्पहरूमा 'म' सर्पराज वासुकी हुँ ॥**

*अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।*
*पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥*

**नागहरूमा 'म' शेषनाग अर्थात् अनन्त हुँ । जलचरहरूमा 'म' जलचरका अधिपति वरुण हुँ । पितृहरूमा 'म' अर्यमा नामक पितृ हुँ र नियमपालनकर्ताहरू र शासन गर्ने वालामा 'म' यमराज हुँ ॥**

*प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।*
*मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥*

**'म' दैत्यहरूमा प्रह्लाद र गणना गर्नेहरूमा समय हुँ । पशुहरूमा 'म' मृगराज सिंह हुँ र चराहरूमा 'म' नै गरुड हुँ ॥**

हे अर्जुन ! शस्त्रहरूमा वज्र र गाईहरूमा कामधेनु तथा जीवनको उत्पत्तिकारक कामदेव 'म' नै हुँ । जीवनको समस्त उत्पत्ति र जगत्को सृष्टि पनि कामबाट नै हुन्छ । सृजनाको सूत्र पनि काम नै हो । ब्रह्माले संसार सृष्टि गर्ने क्रममा उहाँमा कामना उत्पत्ति भयो, तब मात्र जगत् उत्पन्न हुन सक्यो । यस संसारमा ज-जसको जन्म हुन्छ, ती सबैको जन्मसूत्र नै काम हो । सन्तान जन्माउन मात्र काम आवश्यक हुने होइन एउटा कविता, चित्र, मूर्ति आदि निर्माण गर्दा पनि मनुष्यभित्र उत्पन्न हुने शक्ति काम नै हो । उत्पत्ति मात्र काम हो भन्ने तथ्य नबुझेर जो व्यक्ति कामसँग शत्रुता गर्छ उसको जीवन निष्क्रिय र सृजनाहीन हुन्छ । सबै सृष्टि कामबाट नै हुन्छ तर काममा नै अल्झियो भने मुक्ति हुँदैन । मुक्तिका लागि कामबाट माथि उठ्नुपर्छ, त्यो माथि जाने मार्ग पनि कामको नै मार्ग हो । सामान्यतः धर्म कामवासनाको विरोधी हुन्छ । कुनै इसाईको परमपुरुषले म कामदेव हुँ भन्ने हिम्मत गर्न सक्दैन । त्यस्तै जैन धारणामा पनि ईश्वरलाई कामदेवको रूपमा सोच्न पनि सकिन्न तर श्रीकृष्ण यसलाई सहजतापूर्वक भन्नुहुन्छ । हामी केवल आफ्नो कामवासनासँग मात्र परिचित छौँ । हामीलाई कामवासनाको अर्को रूपको कुनै जानकारी छैन ।

मनुष्यभित्र एउटै ऊर्जा छ त्यो ऊर्जा यदि तलतिर प्रवाहित भयो भने त्यो कामवासना बन्छ र त्यही ऊर्जा यदि माथितिर प्रवाहित हुन थाल्यो भने अध्यात्म बन्छ । त्यही ऊर्जाको आयाम र दिशा परिवर्तन हुने बित्तिकै आमूल परिवर्तन हुन्छ । त्यही शक्ति तलतिर बग्यो भने वासना बन्छ र त्यही शक्ति माथितिर बग्यो भने आत्मा हुन्छ, तलतिर बग्यो भने अर्को व्यक्ति जन्माउँछ र माथितिर बग्यो भने स्वयम्लाई जन्माउँछ । तलतिर बग्नका लागि अरू कसैलाई आधार बनाउनुपर्छ, माथितिर बग्नका लागि स्वयम् नै आधार हुनुपर्छ । तलतिर ऊर्जा बग्यो भने जननेन्द्रियको मार्गबाट प्रकृतिमा लीन हुन्छ र माथितिर बग्न थाल्यो भने सहस्राधारबाट बगेर ब्रह्ममा लीन हुन्छ । काम-ऊर्जा मनुष्यको पहिलो चक्र जननेन्द्रिय या अन्तिम चक्र सहस्राधारबाट विलीन हुन्छ । हाम्रो व्यक्तित्वका यी दुई किनाराहरू हुन् । हामी कामकेन्द्रबाट प्रकृतिसँग जोडिएका छौँ र सहस्राधारबाट परमात्मासँग जोडिएका छौँ तर हाम्रो जोडिने शक्ति भने एउटै हो । हाम्रो अनुभवमा काम वासना मात्र भएकाले कामशक्तिका बारेमा हामीलाई कुनै जानकारी छैन । हामी केवल कामवासनाको एउटै रूपलाई मात्र चिन्दछौँ जसबाट हाम्रा जीवनमा सारा विपत्ति र समस्याहरू उत्पन्न हुन्छन् । हामी कामवासनाको एउटै रूपलाई मात्र जान्दछौँ जसबाट क्रोध, लोभ, भय, ईर्ष्या र वैमनस्यको जन्म हुन्छ र जीवनको शक्ति क्षीण हुन्छ । हामी कामवासनाको अधोगामी रूपसँग मात्र परिचित छौं ।

जब श्रीकृष्ण 'म' कामदेव हुँ भन्नुहुन्छ तब हामीलाई त्यही आफूले जानेको कामको रूप मात्र स्मरण हुन्छ र हामी ज्यादै हडबडाउँछौँ किनभने हामीलाई कृष्ण पनि हामी जस्तै कामवासनाको देव हुनुहुँदो रहेछ भन्ने लाग्छ । कामवासना जब अरूका माध्यमबाट बग्दछ, तब हामी पराधीन हुन्छौँ । त्यसैले जब हामी स्वतन्त्र हुन चाहन्छौँ, तब हाम्रो सङ्घर्ष कामवासनासँग सुरु हुन्छ । यस संसारमा सबैभन्दा ठुलो दासता कामवासनाको दासता हो । स्त्री वा पुरुषबाट भागेर कोही कामवासनाबाट पार हुन पनि सक्दैन किनभने मनको कल्पना झन् प्रगाढ र आकर्षक हुन्छ । जब कामको ऊर्जा परतिर नभई स्वयम्तिर बग्न थाल्छ, तब मात्र हामीलाई कामवासनाको सही जानकारी हुन्छ । त्यसपछि मात्र जसलाई हामीले विष सम्झेका थियौँ, त्यो त अमृत पो रहेछ भन्ने थाहा हुन्छ । त्यसपछि जसलाई हामीले आफ्नो पराधीनता

मानेका थियौँ, त्यही हाम्रो स्वतन्त्रता बन्ने छ । जसलाई हामीले नर्कको द्वार ठानेका थियौँ, त्यही हाम्रो मुक्तिको द्वार हुने छ ।

यी सारा कुराहरूलाई दृष्टिगत गरेर श्रीकृष्णले 'म' कामदेव हुँ भन्नुभएको हो । कामको ऊर्जा हाम्रो शक्तिको नाम हो । यदि हाम्रो ऊर्जा तलतिर नै बगिरह्यो भने त्यो छरिन्छ र परसम्म फैलिरहन्छ । त्यही शक्तिमाथितिर बग्यो भने सङ्गठित हुन थाल्छ र हामीलाई आत्माको अनुभव गराउँछ । जसको कामवासना तलतिर वा बाहिर बग्छ उसलाई संसारको अनुभव हुन्छ भने जसको ऊर्जा भित्र जम्मा हुन्छ उसलाई आत्माको अनुभव हुन थाल्छ । यो आफ्नै सृजना र नयाँ जन्म हो । बुद्ध भन्नुहुन्थ्यो- जुन दिन तिमी आफूलाई जान्ने छौ, त्यही तिम्रो जन्म हुने छ । माता-पिताले जसलाई जन्म दिनुभयो त्यो तिमी होइनौ । माता-पिताले त केवल एउटा शरीरलाई जन्म दिन्छन्, जबसम्म स्वयम्‌को जन्म हुँदैन तबसम्म वास्तविक जन्म भएको ठहर्दैन । जब कामको ऊर्जा भित्र वा माथितिर प्रवाहित हुन्छ तब स्वयम्‌को जन्म हुन्छ । सारा संसार आज कामवासनाका कारण विक्षिप्त छ, एडलर, जुंग, फ्रायड जस्ता मनोचिकित्सकहरू भन्छन्- सारा विक्षिप्तताको कारण कामवासना हो । उनीहरूको निदान त ठिक हो तर उपचार पद्धति भने ठिक होइन । उनीहरूका विचारमा सारा मानवसमाज कामवासनाका कारणले पीडित छ । यति धेरै कलह, ईर्ष्या पैदा हुनाको मूल कारण कामवासना नै हो । फ्रायड भन्छन्- कामवासना जबसम्म तृप्त गरिँदैन, मानिसको विक्षिप्तता कम हुँदैन तर मानिसलाई कामवासनाबाट जतिसुकै तृप्त पारे पनि ऊ यसबाट शान्त हुन सक्दैन, त्यसैले फ्रायडको मनोवैज्ञानिक निष्कर्ष अधुरो छ ।

श्रीकृष्ण कामवासनालाई रूपान्तरण गर्ने अवस्थाका बारेमा बताउनुहुन्छ । जब कामवासना रूपान्तरित हुन्छ अनि त्यो कामवासना रहँदैन, त्यो कामदेव हुन्छ । जबसम्म कामवासना तलतिर बग्छ तबसम्म कामवासना राक्षस, दानव जस्तो हुन्छ जसले सबै शक्तिलाई चुसेर समाप्त गरिदिन्छ । जुन दिन कामवासना माथितिर प्रवाहित हुन थाल्छ त्यसै दिन ऊ कामदेव हुन्छ । त्यसैले सनातनीहरूले कामलाई कामदेव मानेका हुन् । माथि प्रवाहित हुने कामऊर्जा आफैंभित्र शक्ति सङ्कलन गरेर अन्तरयात्रामा निस्किन्छ, त्यसैले त्यो कामदेव हो । श्रीकृष्ण भन्नुहुन्छ- समस्त जीवनको आधार 'म' कामदेव हुँ । कृष्णले अरू देवताको नाम नभनेर कामदेवको उच्चारण गर्नुमा पनि प्रयोजन छ त्यो के हो भने कामबाट जो मनुष्य माथि उठ्छ त्यो देवताभन्दा पनि माथि उठ्दछ किनभने तलतिर बगेर बाहिर जाने ऊर्जा कामराक्षस र भित्रतिर माथि बग्ने ऊर्जा कामदेव हो ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! यदि तिमी देवताहरूमा मलाई खोज्न चाहन्छौ भने कामदेवमा खोज किनभने काम नै सृजनाको मौलिक आधार हो । जगत्‌मा घट्ने सबै सुन्दरता कामकै प्रतिफलन हुन् । गीत, चित्र, काव्य, व्यक्तित्व जे जन्मिन्छ त्यो सबै कामकै फैलावट हो । यस जगत्‌मा सुन्दर र शुभ सबै काम-ऊर्जाकै लहर हो । भारतस्थित कोर्णाकको सूर्य मन्दिर र खजुराहोको मन्दिरमा परमात्माको सुन्दर प्रतिमा भित्र छ तर बाहिर सबै काम क्रियाका मूर्तिहरू कुँदेर राखेको देख्दा परिवारहरूसँग मन्दिर जान पनि गाह्रो लाग्दछ । यो अप्ठ्यारोपनको मूल कारण हो । हामी जीवनका सम्पूर्ण तथ्यलाई स्वीकार गर्न डराउँछौँ । यो मौलिक सत्य जसका माध्यमबाट हामी सबै जगत्‌मा आएका छौँ, त्यसलाई हामी यसरी लुकाउँछौ कि कहिल्यै पनि कामक्रिया घटित नै हुँदैन । कोर्णाकको मन्दिर र खजुराहोको मन्दिर सत्यको प्रतीक हो । यी मन्दिरहरू ज्यादै विचार गरेर निर्माण गरिएका छन् । मन्दिरका बाहिरी भित्ताहरूमा कामक्रियाका चित्रहरू छन् । जबसम्म मन कामवासनाले भरिएको छ र यसबाट मुक्त छैन, तबसम्म मन्दिरभित्र प्रवेश गर्नुको कुनै औचित्य हुँदैन । जुन दिन भित्तामा खोपिएका मैथुनको चित्रले उसलाई अलिकति पनि आकर्षित गर्दैनन् तब मात्र ऊ परमात्माको मन्दिरमा प्रवेश गर्न सक्छ । संसार कामवासनाको परिधि हो त्यसैले जबसम्म कसैको मन कामवासनामा रुमल्लिरहन्छ तबसम्म मन्दिरमा प्रवेश हुन सक्दैन । कामवासनासँग लडेर कोही पनि त्यसबाट मुक्त हुन सक्दैन । वासनाबाट मुक्त हुनका

लागि कामवासनालाई जान्न सकेमा मात्र पार हुन सकिन्छ । कामवासनालाई जान्नु नै ज्ञान हो । कामशक्ति पनि परमात्माको नै शक्ति हो । यो शक्तिको कसरी अधिकतम उपयोग हुन सक्छ र परमात्माको परमद्वारमा कसरी प्रवेश हुन सक्छ भनेर जान्न सकियो भने यसबाट माथि उठेर परमद्वारभित्र प्रवेश गर्न सकिन्छ ।

सनातनीहरूले कामको ऊर्जालाई स्थिर गर्ने प्रयोग तन्त्रद्वारा सफलतापूर्वक गरेका छन् । कामलाई दिव्यता प्रदान गरेमा मात्र कृष्णको यो प्रतीकलाई जान्न सकिन्छ । मनुष्यको कामवासना पशुहरूभन्दा तल छ । पशुहरूको कामवासना शारीरिक मात्र हुन्छ तर मनुष्यको कामवासना शारीरिक भन्दा मानसिक ज्यादा हुन्छ । आज जसरी जगत्मा चारैतिर कामवासना विकृत भएको छ त्यसबाट हाम्रो मानसिक रुग्णताको बारेमा बुझ्न सकिन्छ । साथै कामवासनालाई लडेर जित्न सकिँदैन र यससँग लड्ने व्यक्ति मानसिक व्यभिचारमा हुन्छ । हाम्रो चित्त रुग्णता, दमन, सङ्घर्ष, वैमनस्य, शत्रुता र अज्ञानले भरिएको छ । वासना बनेको ऊर्जालाई जान्न सक्यौं भने त्यो ऊर्जा कामदेव बन्न सक्छ । ऊर्जालाई माथि उठाउने विज्ञान छ, जसबाट हामी रूपान्तरित हुन सक्छौं । जब वासना माथि उठ्छ, तब हजारौं सम्भोगबाट पनि पाउन नसकिने आनन्दको अनुभव हुन्छ । हरेक सम्भोगमा शक्ति व्यय हुन्छ र हरेक समाधिमा शक्ति प्राप्त हुन्छ । वासनालाई तल झार्नु आफ्नो चेतनाको तहलाई तल झार्नु हो र माथि उठाउनु आफ्नो चेतनाको तहलाई माथि उठाउनु हो । हामी जति माथि उठ्छौं त्यति नै आनन्द प्राप्त हुन्छ ।

श्रीकृष्ण समस्त जन्म, सृजना 'म' द्वारा नै हुन्छ भन्नुहुन्छ । यो जीवनलाई स्वीकार गर्ने अद्भुत सूत्र हो । कृष्ण जीवनलाई समस्त रूपमा स्वीकार गर्नुहुन्छ । कामको स्वीकृतिमा जीवन सुरु हुन्छ र कामको अस्वीकृतिमा जीवन अस्वीकार हुन्छ । दुई हजार वर्षसम्म पश्चिमले गरेको कामवासनाको दमनको परिणाम आज कामविकृतिको रूपमा पश्चिममा देखिन थालेको छ । जब कुनै कुरा ज्यादा दबाइन्छ, तब त्यसको प्रतिकार सुरु हुन्छ । इसाईहरूले कामवासनालाई बलपूर्वक दबाएको परिणामस्वरूप आज पश्चिममा कामविकृति फैलिएको हो । आज पश्चिमको अवस्थाको प्रमुख जिम्मेदार दुई हजार वर्ष अघिदेखि कामदमन गर्ने व्यक्तिहरू नै हुन् ।

सनातनीहरूको मूलधारा जीवननिषेधक नभएर जीवनलाई उसको समग्रतामा स्वीकार गर्ने छ । जीवन जस्तो छ त्यसलाई सनातीहरू अङ्गीकार गर्छन् र त्यसपछि आवश्यकता अनुसार रूपान्तरण गर्छन् किनभने स्वीकार गरेर बदलिनु गहिरो र स्थायी हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यो सारा जीवन 'म' बाट नै जन्मिन्छ । जीवनको सारा खेल मेरै हो र यो सबै दिव्य हुन सक्छ । त्यसैले कृष्ण कामसँग आफूलाई संयुक्त गर्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- नागहरूमा अनन्त शेषनाग, सर्पहरूमा वासुकी, जलचरहरूमा वरुण देवता हुँ । पितृहरूमा अर्यमा तथा शासन गर्नेवालामा यमराज हुँ । यी पनि कामदेव जस्तै महत्त्वपूर्ण प्रतीक हुन् । शासन गर्नेवालामा यमराज मृत्युका दूत, मृत्युका शासक हुन् । कृष्णलाई शासकहरूमा यमराज नै श्रेष्ठ लाग्नुको कारण यस जगत्मा मृत्युसिवाय कुनै पनि सत्य छैन, बाँकी सबै कुराहरू अनिश्चित छन् र मृत्यु मात्र एउटा निश्चित घटना हो । यमराजको शासनमा अलिकति पनि शिथिलता छैन । सबै कुराहरूमा अपवाद हुन सक्छ तर यमराजको शासनमा कुनै अपवाद छैन किनभने त्यहाँ पूर्ण कानुन छ ।

समाजवाद एउटा सपना हो जो कहिल्यै पूरा हुँदैन । जीवन असमान छ र प्रकृतिगत रूपमा एक एक व्यक्ति असमान हुन्छन् । जगत्मा एउटा मात्र समाजवाद सफल हुन्छ त्यो मृत्युको समाजवाद हो । जीवनमा सबै कुरा असमान छन् तर मृत्युसमक्ष सबै समान हुन्छन् । गरिब, धनी, बुद्धिमान्, मूढ, सुन्दर, कुरूप, सफल, असफल, स्त्री, पुरुष, बालक, वृद्ध, कालो र गोरो जो कोही मृत्युका लागि समान छन् । यमराजको शासनमा पक्षपात हुँदैन, त्यसैले श्रीकृष्ण शासकहरूमा 'म' यमराज हुँ भन्नुहुन्छ । कृष्णको अर्थ परमात्माबाट कुनै पक्षपात हुँदैन भन्ने हो । हामी सबै परमात्मा आफ्ना लागि अपवाद होस् भनेर प्रार्थना

गर्छौं तर परमात्माबाट कुनै अपवाद हुनै सक्दैन किनभने परमात्मा एउटा शाश्वत नियम हो जो सबैमा बराबर लागू हुन्छ । नियम तटस्थ छ, जसले नराम्रो गर्छ उसले नराम्रो फल पाउँछ । जो पहाडबाट हामफाल्छ ऊ तल ठोक्किएर मर्छ । जो जमिनको धरातलको ख्याल गर्दैन उसको खुट्टा भाँचिन्छ । जीवनका सबै नियम शाश्वत छन् । श्रीकृष्ण मेरो शासनमा कुनै अपवाद र भेद हुँदैन, नियम पूर्ण रूपमा लागू हुन्छ र यो मृत्यु जस्तै सुनिश्चित छ; त्यसैले 'म' शासकहरूमा यमराज हुँ भन्नुहुन्छ ।

हे अर्जुन ! दैत्यहरूमा 'म' प्रह्लाद हुँ । प्रह्लादको जन्म त दैत्यहरूको घरमा भएको हो तर उहाँ परमभक्तिमा उपलब्ध हुनुभयो । प्रह्लाद जस्तो भक्त खोज्न अत्यन्त मुस्किल हुन्छ । प्रह्लादका लागि सारा परिस्थिति विपरीत थियो र त्यस्तो स्थितिमा भक्ति गर्ने कुनै उपाय पनि थिएन तर पनि प्रह्लाद गहन भक्त हुन सक्नुभयो । जहाँ ईश्वरको नाम लिन पनि मनाही थियो त्यहाँ प्रह्लादले ईश्वरको नाम लिएर ईश्वरलाई नै प्राप्त गर्न सक्नुभयो । श्रीकृष्ण भन्नुहुन्छ- पशुहरूमा मृगराज सिंह र पक्षीहरूमा 'म' गरुण हुँ । गणना गर्नेवालाहरूमा 'म' समय हुँ । हामीलाई समय एक क्षणभन्दा बढी कहिल्यै प्राप्त हुँदैन । जब एक क्षण सकिन्छ अनि मात्र दोस्रो क्षण प्राप्त हुन्छ । हाम्रो हातमा दुई क्षण एकसाथ कहिल्यै पनि हुँदैन । समयभन्दा सूक्ष्म गणना कहीँ हुँदैन । सनातनी दृष्टिबाट एक एक व्यक्तिको क्षण पहिले नै तय भएको हुन्छ । कुनै पनि व्यक्ति आफूले पाएको क्षणभन्दा बढी बाँच्न सक्दैन । हाम्रो हिसाबमा यो जिन्दगी अघिल्लो जन्मको कर्मबाट निर्धारण हुन्छ । समयले एक क्षण कम र बढी गर्दैन । त्यसैले श्रीकृष्ण गणना गर्नेवालामा 'म' समय हुँ, समयको गणित पूरा र पक्का हुन्छ भन्नुहुन्छ ।

अर्जुन 'म' यिनीहरूलाई मार्नेवाला हुँ भन्ने सोच्दछन् तर श्रीकृष्ण भन्नुहुन्छ- तिमीसँग एकक्षण भन्दा बढी समय छैन । तिमी एकक्षण भन्दा ज्यादाको हिसाब गरेर कसरी मार्नेवाला हुन सक्छौ । तिमीले चाहेर पनि कोही एकक्षण बढी बाँच्न सक्दैनन् । सबैले आफ्नो समय तय गरेर ल्याएका छन् । जो मर्ने छन् उनीहरूको समय सकिएको छ र जो बाँच्ने छन् उनीहरूको समय अझ बाँकी छ, तिमी त केवल निमित्त मात्र हौ त्यसभन्दा बढी होइनौ । प्रत्येक व्यक्ति आ-आफ्नो क्षण लिएर आएको हुन्छ त्यसभन्दा बढी एकक्षण पनि कोही बाँच्न सक्दैन र कसैले अर्काको क्षण समाप्त पनि गर्न सक्दैन ।

*पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।*
*झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥*

**पवित्र गर्नेहरूमा 'म' वायु हुँ र शस्त्रधारीहरूमा 'म' श्रीराम हुँ । माछाहरूमा 'म' गोही हुँ र नदीहरूमा 'म' भागीरथी गङ्गा हुँ ॥**

*सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।*
*अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥*

**हे अर्जुन ! सम्पूर्ण सृष्टिको आदि, मध्य र अन्त्य 'म' नै हुँ । विद्याहरूमा अध्यात्मज्ञान अर्थात् ब्रह्मविद्या र तर्कशास्त्रहरूमा 'म' वाद (सारभूत सत्य) हुँ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- 'म' पवित्र गर्नेहरूमा वायु र शस्त्रधारीहरूमा राम हुँ । वायु यस संसारमा सर्वाधिक स्वतन्त्र छ र उसको स्वतन्त्रता नै उसको पवित्रता हो । वायु कहीँ पनि बाँधिएको एवम् रोकिएको हुँदैन साथै उसको कहीँ लगाव वा आसक्ति पनि हुँदैन किनभने वायु एउटा सतत गति हो । जहाँ लगाव, जडता, आसक्ति र रोकिने मन हुन्छ त्यहीँ अपवित्रता सुरु हुन्छ । जीवनको सारा कुरूपता नै बाँधिनु हो र प्रवाह नै पवित्रता हो । जहाँ सतत प्रवाह हुन्छ, त्यहाँ पवित्रता हुन्छ । जसको प्रवाह वायु जस्तो आसक्तिरहित र कहीँ पनि नरोकिने हुन्छ उही पवित्रतामा उपलब्ध हुन्छ । त्यसैले सन्यासीहरूलाई नदी र वायु जस्तै सतत प्रवाहित हुनुपर्छ भनिन्थ्यो ।

वायु कहीँ रोकिँदैन, आउन पाएको हुँदैन गइसक्छ र स्पर्श गर्नासाथ वेगवान् गतिमा दौडिन्छ । वायुको अर्को लक्षण अदृश्यता हो । वायुको अनुभूति स्पर्शबाट हुन्छ तर यो देखिँदैन र समात्न पनि सकिँदैन । वायुमा जति पवित्रता हुन्छ त्यति नै पारदर्शिता पनि हुन्छ । वायुको पवित्रता नै उसको पारदर्शिता हो । इजिप्टमा एउटा लोकोक्ति छ- जब कोही व्यक्ति पूर्ण पवित्र हुन्छ, तब उसको छायाँ बन्दैन । यो लोकोक्तिको अर्थ जब कोही परम पवित्र हुन्छ, तब उसलाई पूरा पारदर्शी रूपमा देख्न सकिन्छ भन्ने हो । वायुको हुनु र नदेखिनु ठिक सन्त जस्तो हुन्छ । सन्त पनि ठिक वायु जस्तै हुन्छन् जसलाई बाहिरबाट जान्न सकिन्न । बुद्ध र महावीर निर्दोष बालक जस्तै हुनुहुन्छ र उहाँहरूमा हावा जस्तै पवित्रता छ किनभने उहाँहरूसँग लेस मात्र पनि अहङ्कार छैन । दृश्यता पदार्थको गुण हो र अदृश्यता चैतन्यको गुण हो । त्यसैले हामी शरीर देख्छौँ तर आत्मा देख्दैनौँ, ढुङ्गा देख्छौँ तर प्रेम देख्दैनौँ । जे देखिन्छ त्यो पदार्थ हो र जे देखिँदैन त्यो चैतन्य परमात्मा हो । वायु हामी देख्दैनौँ तर वायुविना हामी एकक्षण पनि बाँच्न सक्दैनौँ । वायु नै हाम्रो प्राण र जीवन हो तर पनि हामी वायुलाई देख्न सक्दैनौँ केवल अनुभव मात्र गर्न सक्छौँ । वायु सदा हाम्रो निकट हुन्छ र यसले चारैतिरबाट हामीलाई घेरेको छ । हामी उसैमा जन्मिन्छौं र जीवन यापन गर्दछौँ तर पनि हामी वायु देख्दैनौँ । परमात्मा पनि ठिक यस्तै छ- हामी उसैबाट चारैतिर घेरिएका छौँ, क्षणभर पनि हामी ऊविना बाँच्न सक्दैनौँ । परमात्मा त वायुभन्दा पनि निकट छ र ऊ हाम्रो प्राणको पनि प्राण हो तर पनि परमात्माका बारेमा हामीलाई केही थाहा छैन ।

श्रीकृष्ण शस्त्रधारीमा 'म' राम हुँ भन्नुहुन्छ । रामको हातमा शस्त्र ज्यादै विरोधाभासपूर्ण देखिन्छ । त्यसैले राम जस्तो व्यक्तिको हातमा शस्त्र हुनु नपर्ने हो । रामको व्यक्तित्वलाई ध्यान दिने हो भने उहाँको शरीर, आँखा, हाउभाउ, स्वभाव, व्यवहार, आचरणसँग शस्त्रको कुनै सम्बन्ध जोडिँदैन । रामको मनमा कुनै हिंसाको भाव छैन र उहाँको कसैसँग ईर्ष्या र प्रतिस्पर्धा पनि छैन । उहाँ कसैलाई दुख दिन चाहनुहुन्न तर पनि उहाँको हातमा शस्त्र छ । रामको हातमा कमलको फूल भएको भए राम्रो हुन्थ्यो । रामका आँखा प्रेमीका आँखा र उहाँको स्वभाव र भावभङ्गिमा एउटा सज्जन व्यक्तिको जस्तो प्रतीत हुन्छ । रामसँग शस्त्रको कुनै मेल वा सङ्गति छैन । रावणको हातमा शस्त्र सार्थक र सङ्गत लाग्दछ । राम बुद्ध जस्तो हुनुहुन्छ तर शस्त्र उहाँको हातमा हुँदा रावण जस्तो देखिनुहुन्छ । तर श्रीकृष्ण भन्नुहुन्छ- शस्त्रधारीमा 'म' राम हुँ । कृष्णले अरू शस्त्रधारीलाई नचुनेर शस्त्रास्त्र राम जस्तो व्यक्तिसँग मात्र सुरक्षित रहन सक्दछ र यसको दुरुपयोग हुँदैन भनेर रामको प्रतीक चुन्नु भएको हो । रावणको हातमा शस्त्र हुनु खतरनाक हुन्छ जुन साबित पनि भइसकेको छ । रावणभित्र हिंसाका अतिरिक्त अरू केही पनि छैन । हिंस्रकका हातमा शस्त्र हुनु भनेको आगोमा पेट्रोल हाले जस्तो हुन्छ । संसारमा अहिले गलत व्यक्तिहरूको हातमा शक्ति छ । त्यसैले शक्तिले व्यक्तिलाई गलत बाटामा हिँडाएको र शक्तिको दुरुपयोग गरेका प्रशस्त उदाहरण हाम्रासामु छन् ।

तर रामका हातबाट शक्तिको दुरुपयोग भएको छैन र कुनै व्यभिचार देखिएको छैन । चरित्रको असली परीक्षा शक्ति आफूसँग भएको बेलामा मात्र हुन्छ । अहिले पृथ्वीमा प्रशस्त न्युक्लिएर हतियार तयार छन् । एउटा न्युक्लिएर बमले करोडौँ व्यक्तिहरूलाई मार्न सक्ने क्षमता राख्दछ । विश्वको जनसङ्ख्यालाई कैयन् पटक मार्न सक्ने क्षमताका बम तयार भइसकेका छन् । मानिसको विकासभन्दा शस्त्र-अस्त्रको विकास द्रुतगतिमा भइरहेको छ । २५ हजार वर्ष अगाडि ढुङ्गाको हतियार प्रयोग गरेर शत्रुलाई मारिन्थ्यो, अहिले एउटा बमबाट लाखौँ व्यक्तिलाई एकसाथ मार्न सकिन्छ । अहिलेको अस्त्र-शस्त्रको तयारीले पचास अरबभन्दा बढी मानिसलाई मार्न सकिन्छ, जबकि संसारको कुल जनसंख्या सात अरब मात्र छ । आज मानवको विकास भन्दा शक्तिको विकास भएको छ । त्यसैले हीनताको बोध भएका कतिपय व्यक्तिले शक्तिमा पुगेर आफ्नो सत्ता र शक्तिको दुरुपयोग गरेको पाइन्छ । व्यभिचार, वैमनस्य भएको व्यक्तिको हातमा शक्ति भयो भने त्यो खतरनाक सिद्ध हुन्छ ।

शस्त्रधारीमा 'म' राम हुँ भन्नुको अर्थ रामको व्यक्तित्व दोहोरो भएर हो । व्यक्ति उहाँ बुद्ध जस्तो हुनुहुन्छ तर शक्ति रावणको जस्तो छ । रामजस्तो व्यक्ति पृथ्वीमा खोज्न सकिन्न । यस जगत्मा नराम्रो व्यक्तिको हातमा सत्ता र शक्ति हुनुको सट्टा राम्रो व्यक्तिको हातमा शक्ति भइदिए यो दुनियाँ नै अलग र राम्रो हुने थियो । रामको एउटा अनौठो आयाम छ, राम जस्तो व्यक्तित्वको हातमा शक्ति र सत्ता हुनु भनेको शक्तिको सदुपयोग हो । यसैले कृष्णले रामको प्रतीक चुन्नुभएको हो । कृष्णले 'म' बुद्ध जस्तो शान्त र असल पनि छु र नराम्रोमा रावण जस्तो पनि हुन सक्छु अर्थात् रावणको तहमा युद्ध गरेर खराबलाई निर्मूल पार्न पनि सक्छु भन्न खोज्नुभएको हो । रामको स्थानमा बुद्ध वा महावीर हुनुभएको भए युद्ध नै हुने थिएन र युद्ध भए पनि रावणले नै जित्ने थियो । यस प्रतीकमार्फत कृष्णले शस्त्रअस्त्रले मलाई परिवर्तन गर्दैन भन्न खोज्नुभएको हो । रामले युद्ध गर्नु भनेको बाहिर घट्ने मात्र हो, उहाँभित्र केही पनि घट्दैन, भित्र उहाँ शान्त हुनुहुन्छ र अस्तित्वको चाहना अनुसार कार्य गर्नुहुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- माछाहरूमा 'म' गोही हुँ, नदीहरूमा 'म' गङ्गा हुँ । हे अर्जुन ! सृष्टिको आदि, मध्य र अन्त्य पनि 'म' नै हुँ । गङ्गासँग हिन्दूहरूको मन गहिराइमा जोडिएको छ र गङ्गालाई एउटा तीर्थको रूपमा मानिन्छ । गङ्गासँग धर्म, संस्कृति र कैयौँ ऋषिमुनिहरूको सम्बन्ध पनि जोडिएको छ । गङ्गाभन्दा ठुला र लामा नदीहरू पनि छन् । ब्रह्मपुत्र, अमेजन, ह्वाङहो जस्ता कैयौँ नदीहरू छन्, जो गङ्गाभन्दा ठुला छन् । कृष्णले गङ्गालाई प्रतीकको रूपमा लिनाको कारण यसको विशालताले होइन, विशेषताले हो जो दुर्लभ छ । पूरा पृथ्वीमा गङ्गा एउटा जीवन्त नदी हो । अन्य सबै नदीहरूको पानी भरेर राखेमा केही समयपछि ती सड्छन् तर गङ्गाको पानी कहिले पनि सड्दैन । गङ्गा ज्यादै विशिष्ट नदी हो र बन्द सिसीमा पनि गङ्गाको पानी स्वच्छ र पवित्र हुन्छ । गङ्गामा धेरै फोहोर, लासहरू फ्यालिन्छन् र ती सबै फोहोर, हड्डीहरू पनि उसमै लीन हुन्छन् । गङ्गाले सबैलाई आत्मसात् गरेर आफ्नो पवित्रता कायम राख्छ । गङ्गाको पानीको रासायनिक परीक्षण गर्दा पनि त्यो पानी असाधारण छ भन्ने परिणाम निस्केको छ । गङ्गामा सयकडौं साना ठुला नदीहरू मिसिन्छन्, ती नदीहरू अन्य नदीमा पनि मिसिन्छन् तर अन्य नदीहरूको पानीभन्दा गङ्गाको पानी विशिष्ट छ । गङ्गाबाट लाखौँ व्यक्तिले जीवनको परम अवस्था पाएका छन्, जुन गङ्गाको विशिष्टता हो ।

जब कुनै अपवित्र व्यक्ति पानीको नजिक बस्छ, तब पानी पनि प्रभावित हुन्छ । त्यो व्यक्तिको तरङ्गबाट आच्छादित भएर त्यो तरङ्ग पानीले आफूमा लिन्छ । त्यसैले संसारमा धेरै धर्महरूले पानीको उपयोग गरेका छन् । इसाई धर्ममा ब्यापटिज्म (Baptism) मा पनि पानीको उपयोग हुन्छ । जोर्डन नदी इसाईहरूका लागि ठिक त्यस्तै नदी हो जुन गङ्गा सनातनीहरूका लागि हो । लाखौँ वर्षदेखि गङ्गाको किनारामा बसेर मनीषीहरूले तपस्या गरी प्रभुलाई पाउने चेष्टा गरेका छन् । जब कसैले त्यो परमलाई पाउने सफलता पाए, तब गङ्गा पनि त्यो उपलब्धिबाट प्रभावित भएकी छन् । गङ्गाको एक एक जलकण लाखौँ वर्षदेखि अनेकौं व्यक्तिहरूका तप र उपलब्धिहरूले गर्दा आध्यात्मिक रूपबाट चार्ज भएको छ । त्यसैले सनातनीहरूले गङ्गाको किनारमा तीर्थ निर्माण गरेका हुन् । लाखौँ व्यक्तिहरू गङ्गामा डुबुल्की मारेर आफ्नो पापमोचन गर्नका लागि जान्छन् । गङ्गाको पवित्रतामा व्यक्तिले श्रद्धापूर्वक आफ्नो पाप पखाल्न खोजे त्यो सम्भव पनि हुन सक्छ तर त्यसका लागि आफ्नो श्रद्धा, भक्ति र आत्मविश्वास पनि त्यत्तिकै जरुरी हुन्छ । जसले मानसिक रूपमा श्रद्धा गर्न सक्छ, उसका लागि गङ्गा नदी मात्र नभएर आध्यात्मिक यात्रा हुन्छ । जैनहरूका बाइस तीर्थङ्करहरूले एउटै पहाड पारसनाथ हिल्समा निर्वाण प्राप्त गरेका छन् । २४ तीर्थङ्करमध्ये २२ जो हजारौं सालको अन्तरमा भएका हुन्, उनीहरू सबैको एउटै ठाउँमा मृत्यु हुनु आकस्मिक घटना हुन सक्दैन, यो पूर्वनियोजित घटना हो । त्यो पूरा पहाडलाई चार्ज गर्ने चेष्टा २२ तीर्थङ्करहरूले गर्नुभएको हो । उहाँहरूले त्यो पहाडलाई चुम्बकीय बनाइदिनुभयो, जहाँ विशेष ऊर्जाको अनुभव गर्न सकिन्छ ।

लाखौं वर्षदेखि ऋषिमुनि, सिद्ध, देवतागणहरूद्वारा प्रदान गरिएको ऊर्जाशक्ति जो गङ्गाले पनि आत्मसात् गरेको छ, त्यसमा नुहाएर हिन्दूहरू त्यो ऊर्जाको अनुभव गर्दछन् । गङ्गा साधारण नदी होइन एउटा आध्यात्मिक यात्रा र प्रयोग हो । लाखौं व्यक्तिहरूले लाखौं वर्षदेखि गङ्गाको सान्निध्यमा मुक्ति पाउनु, परमात्माको दर्शनका निम्ति उपलब्ध हुनु, आत्मसाक्षात्कार हुनु गङ्गाको प्रभावले गर्दा नै हो । त्यो असीम ऊर्जा जो गङ्गाले आत्मसात् गरेर अरूलाई दिएको छ त्यही नै गङ्गाको महान् विशिष्टता हो । त्यसैले श्रीकृष्ण 'म' नदीहरूमा गङ्गा हुँ भन्नुहुन्छ ।

हे अर्जुन ! सृष्टिहरूको आदि, अन्त र मध्य पनि 'म' नै हुँ र विद्याहरूमा अध्यात्मविद्या अर्थात् ब्रह्मविद्या र तर्कविद्यामा तत्त्वनिर्णयका लागि गरिने वाद अर्थात् तर्क र न्याय पनि 'म' नै हुँ । अस्तित्वमा अनन्त विषयहरू छन् तर अध्यात्मविद्या अरूभन्दा महान् र भिन्न छ । कोही भौतिक वा रसायनविज्ञान, गणित वा ज्योतिषविज्ञानमा दक्ष भयो भने पनि ब्रह्मविद्या नहुन्जेल अँध्यारोमा नै हुन्छ । जबसम्म ब्रह्मविद्या हुँदैन, तबसम्म जतिसुकै अन्य विद्याको ज्ञाता भए पनि आफ्नो ज्ञानबाट अपरिचित नै भइन्छ । सारा विद्याहरू आफूलाई छोडेर अरूलाई जान्दछन् तर आत्मज्ञान कुनै विद्यामा हुँदैन । सबै विद्याहरूभित्र अज्ञानता लुकेको हुन्छ तर अध्यात्मविद्या त्यो विद्या हो जसबाट हामी स्वयम्लाई जान्दछौं । स्वयम्लाई जान्नु नै सबै जान्नु हो र त्यो भन्दा ठुलो ज्ञान अरू केही छैन ।

स्वयम्लाई नजानेर सबै कुरा जाने पनि त्यस्तो जान्नुको कुनै अर्थ हुँदैन । जसले केही नजानेर पनि आफूलाई जान्यो, उसले सबै जान्यो किनभने अन्ततः जीवनको परमानन्द स्वयम्लाई जानेर मात्र घटित हुन्छ । मृत्युको पार जसलाई लैजान सकिन्न त्यो ज्ञान हुन सक्दैन । ज्ञान त्यो हो जसलाई मृत्युले पनि नष्ट गर्न सक्दैन । ब्रह्मविद्या परमविज्ञान (Supreme science) हो, जसबाट हामी आफुलाई र त्यो जन्म र मृत्यु नहुने अमृतलाई जान्न सक्छौं । कृष्ण परस्पर विचार र विवाद गर्नेवाला तर्कशास्त्रमा तत्त्व निर्णयका लागि गरिने प्रवाद, तर्क र न्याय पनि 'म' हुँ भन्नुहुन्छ । तर्क दुई प्रकारको हुन्छ- एउटामा हामी तर्क गरेर अरूलाई गलत सिद्ध गर्न खोज्छौं वा आफ्नो अहङ्कार सिद्ध गर्न खोज्छौं । यस्तो तर्क सत्यको जिज्ञासाले गरिएको हुँदैन । यस्तो अहङ्कारलाई तृप्त गर्ने तर्क भ्रष्ट तर्क वा कुतर्क हो । अर्को तर्क सत्यको खोजका लागि गरिन्छ जसमा सत्य के हो त्यो मूल्यवान् हुन्छ । तर्क एउटा कसौटी हो जसले विचारको क्षमता र निर्णयको शास्त्र जन्माउँछ जुन एउटा कला पनि हो । श्रीकृष्ण सत्यको खोजका लागि गरिने वाद 'म' हुँ भन्नुहुन्छ ।

*अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।*
*अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥*

**अक्षरहरूमा 'अ' कार र समासहरूमा 'म' द्वन्द्व नामक समास हुँ । अक्षयकाल अर्थात् कालको पनि महाकाल तथा सबैतिर मुख भएको, विराट्स्वरूप, सबैको धारण-पोषण गर्नेवाला पनि 'म' नै हुँ ॥**

*मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।*
*कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥*

**सबैलाई नाश गर्नेहरूमा मृत्यु र पछि उत्पन्न हुने सृष्टिको कारण 'म' नै हुँ । नारीहरूमा कीर्ति, श्री, वाणी, स्मृति, बुद्धि, धैर्य र क्षमा पनि 'म' नै हुँ ॥**

*बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।*
*मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥*

**गायन गर्न योग्य श्रुतिहरूमा बृहत्साम, छन्दहरूमा गायत्री छन्द 'म' हुँ । महिनाहरूमा मार्गशीर्ष र ऋतुहरूमा वसन्त ऋतु पनि 'म' नै हुँ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- 'म' अक्षरहरूमा 'अ' कार र समासहरूमा द्वन्द्व नामक समास तथा अक्षय काल र विराट् स्वरूप सबैको धारण-पोषण गर्नेवाला पनि 'म' नै हुँ । हे अर्जुन ! 'म' सबैको नाश गर्नेवाला मृत्यु हुँ र अगाडि हुनेवालाको उत्पत्तिको कारण पनि 'म' हुँ । श्रीकृष्ण केही नयाँ प्रतीकहरूका माध्यमबाट त्यही कुरा फेरि भन्ने प्रयास गर्दै हुनुहुन्छ । सत्य त एउटै छ तर त्यसलाई धेरै प्रकारले बताउन सकिन्छ । कृष्ण एउटा मार्गबाट भएन भने अर्को मार्गबाट र दोस्रो मार्गबाट पनि भएन भने तेस्रो मार्गबाट अत्यन्त धैर्यका साथ बुझाउने चेष्टा गर्नुहुन्छ । उहाँ 'म' अक्षय काल हुँ भन्नुहुन्छ । अस्तित्वमा सबै कुरा क्षणिक, क्षीण र परिवर्तनशील हुने हुँदा यहाँ केही पनि शाश्वत हुँदैन ।

हामीलाई दैनिक त्यही सूर्य उदाउँछ भन्ने लाग्छ तर त्यही सूर्य उदाउनै सक्दैन किनभने सूर्य पनि प्रतिपल रूपान्तरित भइरहेको छ । सूर्य जलेको आगो हो, जसरी आगाको मुस्लो र दियोको बत्ती प्रतिपल बदलिन्छ, त्यसरी नै सूर्य पनि प्रतिपल परिवर्तन भइरहेको हुन्छ । साँझ बलेको दियोको ज्वाला वा मुस्लो बिहानसम्म कैयौंपटक परिवर्तन भइरहेको हुन्छ । त्यो मुस्लोको प्रवाह तीव्रतापूर्वक बदलिरहने हुँदा हामी दुई मुस्लोका बिचको खाली ठाउँ देख्न सक्दैनौं । त्यो मुस्लो त्यही श्रृङ्खलाको सन्तान हो तर त्यही ज्वाला होइन । सूर्य पनि दियोको ज्योति बदलिए झैं परिवर्तन भइरहन्छ । त्यसैले बिहान त्यही सूर्य उदाउँदैन । यस्तै पृथ्वी, वृक्ष र यावत् कुराहरू पनि बदलिरहेका हुन्छन् । पङ्खाभन्दा पनि तेज गतिमा सबै कुरा परिवर्तन भइरहेको छ । हामी जुन जमिनमा बसेका छौं, त्यसको एक एक टुक्रा तेज गतिमा दौडिरहेको छ । हाम्रा घरका हरेक इँट्टाका टुक्रा र सम्पूर्ण चिजहरू गतिमय भइरहेका छन्, कुनै कुरा स्थिर छैनन् । यी सबै कुराका साथै हामी सबै पनि प्रतिपल परिवर्तन भइरहेका छौं । राति सुतेको व्यक्ति बिहान उठ्दा अर्कै भइसकेको हुन्छ । हाम्रो जीवनधारा पनि बगिरहेको छ । हामी हाम्रो भाषामा वृक्ष छ भन्दछौं तर वास्तवमा वृक्ष भइरहेको छ भन्नुपर्ने हो । त्यस्तै नदी भइरहेको छ, बच्चा भइरहेको छ, मृत्यु भइरहेको छ अर्थात् सबै कुरा भइरहेका छन् । प्रत्येक वस्तु एक प्रक्रिया र प्रवाह हो जो प्रतिपल बगिरहेको छ ।

यो प्रवाह र परिवर्तनको बिचमा कुनै कुरा अक्षय छ भने त्यो समय काल हो । यो परिवर्तनका बिचमा कुनै स्थिर छ भने त्यो परिवर्तन मात्र हो । जीवनमा समाप्त नहुने कुरा मृत्यु मात्र हो बाँकी सबै कुरा मर्दछन् । त्यस्तै संसारमा एक मात्र क्षीण नहुने कुरा समय हो । सबै बदलिने प्रक्रिया समयमा घट्छ र समय भएन भने परिवर्तन हुनै सक्दैन । जगत्मा भइरहेका सबै परिवर्तनका लागि समय आवश्यक हुन्छ । अस्तित्व समयसँग एक हुन्छ, सबै कुरा समयभित्र बदलिरहेको हुन्छ तर केवल समय मात्र बदलिँदैन । त्यस्तै आकाश पनि एक स्थान हो र सबै कुरा हुनका लागि आकाश आवश्यक हुन्छ, केवल आकाशका लागि अरू केही आवश्यक हुँदैन । हरेक परिवर्तनका लागि समय जरुरी हुन्छ केवल समय परिवर्तनका लागि समय पनि जरुरी हुँदैन जसरी स्थान आकाश हो, त्यस्तै परिवर्तन समय हो ।

वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले समय र आकाशलाई जोडेर एउटा नयाँ धारणा विकसित गरेका छन् जो आधुनिक भौतिकशास्त्रको विशिष्ट धारणा हो । आइन्स्टाइनले गरेको प्रस्ताव पूर्वका लागि पुरानो कुरा हो तर पश्चिमको आधुनिक विज्ञान त्यसैको आसपास निर्मित भएको छ । त्यो प्रस्ताव समय र आकाश दुई होइन एउटै हो । आइन्स्टाइनले भनेका छन् कि समय पनि आकाशको एक आयाम हो । आइन्स्टाइनले आकाशका तीन आयाम भनेका छन् । कुनै पनि कुराका लागि लम्बाइ, चौडाइ र उचाइ यी तीन आयाम आवश्यक हुन्छन् । आइन्स्टाइनका अनुसार चौथो आयाम समय हो । कुनै कुरा हुनका लागि चौथो कुरा पनि चाहिन्छ । कुनै कुरा हुनका लागि लम्बाइ, चौडाइ, गहिराइ र एउटा परिवर्तनको प्रक्रिया चाहिन्छ । आइन्स्टाइनले भनेका छन्- समय नै चौथो आयाम हो (Time is the fourth dimension of the space) । त्यो आकाशकै चौथो आयाम हो र आइन्स्टाइनले एक शब्द निर्माण गरे (Space-time) । समय र आकाशको एकै अस्तित्व छ र कुनै कुरा हुनका लागि परिवर्तन आवश्यक हुन्छ र अस्तित्व समयको प्रवाह हो ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' अक्षय काल हुँ । 'म' त्यो समय हुँ जो कहिले पनि सकिँदैन । सबै कुरा सकिन्छ तर समय मात्र सकिँदैन । सूर्य पनि निभ्छ, पृथ्वी बुढो भएर समाप्त हुन्छ, ठुला ठुला ताराहरू पनि समाप्त हुन्छन् । यो विराट् अस्तित्वमा सबै कुरा बन्छ र समाप्त हुन्छ केवल समय बन्ने क्रममा पनि मौजुद हुन्छ र समाप्त हुने बेलामा पनि मौजुद हुन्छ । त्यस्तै जन्म र मृत्यु दुवैमा समय मौजुद हुन्छ । त्यसैले महावीरले त आत्माको नाम नै समय राख्नुभयो । जैनहरूले ध्यान र प्रार्थनालाई सामयिक भन्दछन् । सामयिकको अर्थ समयमा प्रवेश गर्नु, आत्मामा डुब्नु, अनन्त समयमा एक हुनु हो । जो त्यो शाश्वत समयमा एक हुन्छ, ऊ परमात्मासँग एक हुन्छ । त्यसैले श्रीकृष्ण आफूलाई अक्षयकाल भन्नुहुन्छ । समय अक्षय छ जो कसैले काटेर कट्दैन । हामी समय काटिरहेका छौँ भन्छौँ तर यो हाम्रो भ्रान्ति हो, समयले हामीलाई काटिरहेको छ । समयको शाश्वत सत्य श्रीकृष्ण हुनुहुन्छ बाँकी सबै क्षय हुन्छ र समय मात्र अक्षय हुन्छ । सनातनीहरूले मृत्युलाई पनि समय मानेका छन् । त्यसैले हामी समय र मृत्यु दुवैलाई काल भन्दछौँ । यसको अर्थ समयको मृत्यु हुँदैन । त्यसैले समय र मृत्यु दुवै एउटै हो । मृत्यु एक शाश्वत सत्य हो, हाम्रो अस्तित्व समयको धारमा कट्दै गइरहेको छ । हामी कण कण भएर बगिरहेका छौँ र जुन दिन हामी पूरा बग्ने छौँ, त्यही दिन मृत्यु घटित हुने छ । समयले हामीलाई प्रतिपल बगाउँदै छ, यही हाम्रो नियति हो ।

समयका साथ एकता साध्नु परमात्मासँग एकता साध्नु हो । यो एकता साध्नु भनेको परिवर्तनसँग आत्मसात् गर्नु अर्थात् जे भए पनि त्यससँग राजी हुनु हो । तसर्थ समयले जे ल्याए पनि त्यससँग पूर्ण तालमेल गरेर स्वीकार भाव राख्नुपर्छ । बिरामी, बुढ्यौली, मृत्यु जे आए पनि स्वीकार गर्ने भाव भएमा मात्र समयलाई जान्न सकिन्छ । समयको धारमा कोही पनि उल्टो बग्न सक्दैन किनभने पछाडि समय नै हुँदैन । हामीलाई समय एक क्षण मात्र प्राप्त हुन्छ जहाँ अतीत र भविष्य दुवै हुँदैन । समयको धारसँग बग्नु र समयलाई कुनै बाधा नगरी जे ल्याउँछ गुनासो नगरी स्वीकार गर्नु नै धार्मिक हुनु हो । यो समयसँग स्वीकार भावको क्षणमा नै समयको अक्षय रूपको दर्शन हुन्छ । अहिले हाम्रो समय घडीको समय हो, त्यो अक्षय समय होइन । घडीको समय हाम्रो निर्मित समय हो त्यो वास्तविक समय होइन । हामीले दिनलाई २४ घण्टा, १ घण्टालाई ६० मिनेटमा र एक मिनेटलाई ६० सेकेन्डमा बाँडेका छौँ । यो हाम्रो अवस्था हो र यससँग मूल समयको कुनै सम्बन्ध छैन । यो एउटा काम चलाउ समय निर्माण गरिएको मात्र हो । समयलाई हामी तब चिन्ने छौँ, जब हामी पूर्ण स्वीकार्यतामा उपलब्ध हुने छौँ । त्यो दिन श्रीकृष्णले भन्नुभएको कालको अक्षयस्वरूप हाम्रो अनुभवमा आउने छ । धार्मिक व्यक्ति समयको धारमा एक हुन्छ अनि धारले जहाँ लैजान्छ त्यतैतिर बगेर जान्छ ।

कालको यो अक्षयता अनुभवमा आयो भने परमात्माको गहनतम रूप स्मरणमा आउन थाल्छ । हे अर्जुन ! 'म' सबैलाई नाश गर्नेहरूमा मृत्यु र अगाडि हुनेहरूमा उत्पत्तिको कारण पनि हुँ । मृत्यु पनि 'म' हुँ र जन्म पनि 'म' नै हुँ । हाम्रो जन्म त हुन्छ तर हामीलाई हाम्रो जन्मका बारेमा केही थाहा हुँदैन, हाम्रो जन्म परमात्माको उपहार हो । अस्तित्वले हामीलाई जन्म दिन्छ त्यसमा हाम्रो कुनै चुनाव हुन सक्दैन र त्यो हामीलाई थाहा पनि हुँदैन । जसरी जन्म हाम्रो हातमा हुँदैन, त्यस्तै मृत्यु पनि हाम्रो हातमा हुँदैन । जन्म र मृत्यु दुवै विराट्को हातमा हुन्छ । जसले जन्म दिन्छ उसैले मृत्यु पनि दिने हुनाले समस्त धर्महरूले आत्महत्याको विरोध गरेका हुन् । जुन काम परमात्माले गर्ने हो त्यसलाई हामीले गर्नु महापाप हो । यदि जन्म हामी दिन सक्दैनौँ भने मृत्यु हामीले चुन्न खोज्नु पाप हो । परमात्माको काम आफूले गर्न खोज्नु समष्टिको काममा हस्तक्षेप गर्नु हो । हत्या हिंसाको विरोध गर्नुको कारण पनि यही हो । जन्मको मालिक नभएको व्यक्तिले मृत्यु आफ्नो खुसीले चुन्न खोज्नु र कर्तापन कायम गर्न खोज्नु परमात्माप्रति पाप गर्नु हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मृत्यु पनि 'म' हुँ र जन्म पनि 'म' हुँ र जन्म र मृत्युको कारण पनि 'म' नै हुँ ।

अर्जुनका मनमा जसलाई 'म' जन्माउन सक्दिनँ त्यसलाई म किन र कसरी मारूँ भन्ने प्रश्न उठेको हुनुपर्छ तर श्रीकृष्ण भन्नुहुन्छ- तिमीलाई जो मैले मार्छु भन्ने लाग्छ त्यो तिम्रो भ्रान्ति मात्र हो किनभने मार्नेवाला अरू कोही होइन केवल 'म' हुँ । तिमीले चाहेर केही हुँदैन र तिमी मार्न पनि सक्दैनौ । त्यो मार्ने विचार पनि त्यही स्रोतबाट आउँछ, जहाँबाट जन्म हुन्छ । यस जगत्मा भ्रान्तिहरूका अतिरिक्त हामीसँग केही पनि छैन । सत्य हाम्रो हातमा छैन, हामी सत्यको हातमा छौँ । जीवन हामीबाट होइन हाम्रो गहिराइबाट चल्छ र जहाँबाट जीवन र मृत्यु आउँछ उही परमात्मा हो । हामी केवल बिचको एउटा लहर मात्र हौँ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- न तिमी जन्म दिन सक्छौ न मृत्यु नै दिन सक्छौ । यदि तिमीले यो सत्यलाई जान्यौ भने तिमी निमित्त मात्र हुने छौ । तिमीद्वारा कसैको जन्म र मृत्यु घटित भयो भने पनि त्यो मद्वारा नै हुन्छ, तिमी त केवल एउटा उपकरण मात्र हुन्छौ ।

गीता झट्ट हेर्दा त यो हिंस्रक दृष्टि भए जस्तो लाग्छ तर गीताभन्दा परम अहिंस्रक दृष्टि खोज्न सम्भव नै छैन । बुद्ध र महावीरको अहिंसाभन्दा कृष्णको अहिंसा गहिरो छ किनभने यो मौलिक हिंसाको आधारले अहङ्कारलाई नै तोड्दछ । जब कुनै व्यक्ति 'म' अहिंसा गर्छु भनी सोच्दछ तब पनि अहङ्कार जीवित हुन्छ र हिंसा जारी हुन्छ । महावीर र बुद्धको अहिंसामा अर्कालाई नमार्नु, अरूलाई दुख कष्ट नदिनु, हत्या नगर्नु भनिएको छ किनभने यो अधार्मिक कुरा हो तर श्रीकृष्ण एककदम अगाडि बढेर भन्नुहुन्छ- तिमीले मार्न सक्छु भन्ने मान्यता नै हिंसा हो र बचाउन सक्छु भन्ने मान्यता पनि अहङ्काररूपी हिंसा नै हो । जब तिमीले जन्म दिनु र मार्नु दुवै परमात्माको काम हो र बिचमा पर्नु मूढता हो भनी जान्ने छौ, तब त्यो परम अहिंसालाई बल्ल बुझ्ने छौ ।

हे अर्जुन ! म सबैको नाश गर्नेवाला मृत्यु र अगाडि हुनेवालाको उत्पत्तिको कारण हुँ तथा स्त्रीहरूमा कीर्ति, श्री, वाक् स्मृति, मेधा, धृति र क्षमा हुँ । पहिलो पटक श्रीकृष्णले स्त्रीका प्रतीक पनि चुन्नु भएको छ । स्त्रीमा परमात्मा खोज्नुपर्‍यो भने कहाँ खोज्न सकिन्छ भनेर कृष्ण स्त्रीहरूको प्रतीक बताउँदै हुनुहुन्छ । स्त्रीलाई हामी जहिले पनि एउटा भोगको साधनको रूपमा हेर्दछौँ । स्त्रीमा हामी वासना देख्दछौँ र स्त्री एउटा भोग्य वस्तु मात्र मान्छौँ तर स्त्रीहरूको पनि बसाइ, हिँडाइ र वस्त्र सबै पुरुषको वासनालाई उद्वेलित गर्ने प्रकारले चुनिएका हुन्छन् । उनीहरूका वस्त्र, शृङ्गारका ढङ्ग आफ्ना लागि कम र पुरुषलाई बढी आकर्षित गर्ने खालका हुन्छन् । कीर्तिको अर्थ यस्ती स्त्री जो आफूलाई वासनाको विषय मानेर बाँच्दिनन्, उनको दृष्टि भोग्य साधन र वासनाभन्दा माथि हुन्छ । यस्ती स्त्रीलाई अनौठो सौन्दर्य प्राप्त हुन्छ र त्यो सौन्दर्य कीर्ति र यश हो । कीर्ति स्त्रीको एउटा आन्तरिक गुण हो जो वास्तवमा उसको भित्री सौन्दर्य हो, त्यो सौन्दर्यको नाम कीर्ति हो । कीर्ति स्त्रीभित्रको गुणवत्ता हो, जहाँ वासना शेष रहँदैन र स्त्री आफ्नो भित्री सौन्दर्यबाट बाँच्छिन् । मातृत्वको मूल्य कीर्तिको कारणले पैदा हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- स्त्रीहरूमा 'म' कीर्ति हुँ । यो स्त्रीहरूको अत्यन्त महान् गुण हो ।

जब कुनै पुरुषमा वासना तिरोहित हुन्छ, तब ब्रह्मचर्य फलित हुन्छ । त्यस्तै जब कुनै स्त्रीमा वासना तिरोहित हुन्छ, तब कीर्ति फलित हुन्छ । यदि पुरुष ब्रह्मचर्यमा उपलब्ध भयो भने उसको सारा वीर्य ऊर्जामा आत्मसात् हुन थाल्दछ तर स्त्रीको काम ऊर्जा अनिवार्य रूपमा उसको मासिक धर्ममा स्खलित भइरहन्छ, जुन यन्त्रवत् व्यवस्था हो । त्यसैले स्त्रीको कामव्यवस्था पुरुषको जस्तो अन्तस्मा तिरोहित हुन सक्दैन । पुरुषको कामऊर्जा जब अन्तस्मा तिरोहित हुन्छ तब तेज जन्मिन्छ र त्यही तेज ब्रह्मचर्य हो तर स्त्रीको व्यवस्था उसको शरीरको प्रकृतिका कारणले अन्यथा हुन्छ किनभने मासिक धर्म उसको स्वेच्छाले हुँदैन । पुरुषको वीर्यशक्ति उसको इच्छामा निर्भर हुन्छ तर स्त्रीमा स्वेच्छाले यो सम्भव हुँदैन । त्यसैले स्त्रीको ब्रह्मचर्यको साधना पुरुषभन्दा भिन्न हुन्छ । पुरुषको साधनामा वीर्यको उर्ध्वकरण हुन्छ, पुरुषको ऊर्जा आक्रामक हुन्छ तर स्वेच्छामा निर्भर हुन्छ तर स्त्रीको यस्तो हुँदैन; त्यो उसको

स्वेच्छामा निर्भर हुँदैन । त्यसैले महावीरले त स्त्री पुरुषको रूपमा नजन्मीकन मोक्षमा प्राप्त हुन सक्दैन भन्नुभएको छ किनभने महावीरको साधनाले पूरा ब्रह्मचर्यमा जोड दिएको छ ।

कीर्तिको साधना पुरुषको ब्रह्मचर्य जस्तो हुन्छ । यदि कुनै स्त्री कीर्तिमा उपलब्ध भए भने उनीहरू मोक्ष प्राप्त गर्न सक्छन् । स्त्रीको चित्तमा जति तीव्रताका साथ पत्नीभावलाई त्यागेर मातृत्व भाव जागृत हुन्छ, त्यति नै कीर्ति फलित हुन्छ । यो मातृत्व फलित हुने गुणको नाम कीर्ति हो । कीर्ति फलित भएपछि स्त्रीमा अनौठो सौन्दर्य जन्मिन्छ, जो रूपको सौन्दर्यभन्दा कैयौँ गुणा सुन्दर हुन्छ । कीर्ति एउटा साधना हो र जब कीर्ति फलित हुन्छ तब स्त्रीलाई स्त्री भएको बोध पनि हुँदैन, तब स्त्रीमा श्रीको फूल फुल्दछ र उसमा नयाँ सौन्दर्य जागृत हुन्छ । त्यो सौन्दर्यलाई हामी अपार्थिव भन्न सक्छौँ । त्यस्तो सौन्दर्य दुर्लभ रूपमा कहिलेकाहीँ मरियम, मीरा आदिमा देखिन्छ । श्रीको गुण स्त्रीको चरम उत्कर्षको गुण हो । जब स्त्रीमा स्त्रैणताको गुण पनि समाप्त हुन्छ, तब ऊ दिव्य हुन्छे र श्रीकृष्ण भन्नुहुन्छ त्यो श्री ‘म’ हुँ । प्रायः स्त्रीहरू चुप लागेर बसेको पाइँदैन र धेरै बोलचाल गर्ने उनीहरूको बानी हुन्छ । वाक् तब प्रकट हुन्छ, जब स्त्री आफ्नो अस्तित्वमा परम मौनतामा हुन्छन्, तब स्त्रीको वाणी बहुमूल्य हुन्छ । जो स्त्री मौन हुन सक्दिन ऊ कहिल्यै पनि वाक्मा उपलब्ध हुन्न । मौनताको आफ्नो गरिमा हुन्छ किनभने शब्द पनि आक्रमण हो र मौन मात्र अनाक्रमण हो ।

प्राच्यविद्याका विशिष्ट अध्येता वाचस्पतिले विवाह गरी पत्नी लिएर आउनुभयो तर बाह्र वर्षसम्म पत्नी घरमा छिन् भन्ने पनि बिर्सनुभयो । पूरा ध्यानमा लिप्त भएर वाचस्पति ब्रह्मसूत्रमा टीका लेखिरहनु भएको थियो । वृद्ध बाबुले भनेका कारण विवाह गर्नुभयो र पत्नीलाई घरमा ल्याएपछि उहाँ मग्न भएर लेख्न लाग्नुभयो । यसरी नै बाह वर्ष बित्यो । वाचस्पतिले प्रण गर्नुभएको थियो- जुन दिन टीका पूरा हुन्छ, त्यसै दिन म घर छोडेर सन्न्यासी हुन्छु । बाह्र वर्ष पुग्ने अघिल्लो रात टीका पूरा भयो । अचानक वाचस्पतिले एउटा सुन्दर हातले दियोको बत्ती उठाइरहेको देख्नुभयो र सोध्नुभयो तिमी को हौ ? स्त्रीले भनिन्- धन्य मेरो भाग्य ! तपाईंले सोध्नु त भयो, म बाह्र वर्षअघि विवाह गरेर घरमा ल्याएकी तपाईंकी पत्नी हुँ र म बाह्र वर्षदेखि दैनिक तपाईंले केही सोध्नुहुन्छ भनेर प्रतीक्षा गरेर बसिरहेकी छु । उहाँले भन्नुभयो- यति समयसम्म तिमी कहाँ थियौ, पत्नीले भन्नुभयो- म त दैनिक यहाँ आउँथे र जब बत्तीमा तेल सकिन्थ्यो तब तेल र बत्ती ठिक पारिदिन्थेँ ।

तपाईंको काममा बाधा नपरोस् भनेर कहिल्यै पनि तपाईंका अगाडि आइनँ । वाचस्पतिको आँखामा आँसु आयो र उहाँले भन्नुभयो अब त धेरै ढिलो भयो किनभने जुन दिन यो टीका सकिन्छ त्यहीँ क्षण घर छोडेर सन्न्यासी हुन्छु भन्ने मैले प्रण लिएको छु । तिमीले मलाई बाह्र वर्षसम्म प्रतीक्षा गर्‍यौ, अब त घर छोडेर हिँड्न लागेको छु । त्यसैले तिम्रा लागि म के गर्न सक्छु । उहाँकी स्त्रीको नाम भामती थियो । त्यसैले उहाँले आफ्नो ब्रह्मसूत्रको टीकाको नाम भामती राख्नुभयो । भामतीसँग ब्रह्मसूत्रको कुनै मतलब छैन तर पनि उहाँले आफ्नी पत्नीको नाममा ब्रह्मसूत्रटीकाको नाम राख्नुभयो । वाचस्पतिले घर छोड्नु अघि सोध्नुभयो- तिमी त दुखी छ्यौ होला ? पत्नीले भन्नुभयो- मभन्दा सौभाग्यशाली नारी कोही छैनन् किनभने यो तपाईंका आँखामा आँसु आउनु पनि मेरा लागि पर्याप्त छ । त्यसैले मेरो त जीवन कृतार्थ भयो । आफ्नी पत्नीसँग वाचस्पतिको यति मात्र कुरा हुन पायो । तर त्यो बाह्र वर्षसम्मको मौनतापछि केही शब्दहरू व्यक्त भए त्यो वाणी, वाक् हो । स्त्रीको परम मौनबाट निस्किने वाणी वाक् हो । श्रीकृष्ण भन्नुहुन्छ- म वाक्, स्मृति, मेधा, धृति अनि क्षमा हुँ ।

स्मृति पुरुष र महिलामा अलग-अलग हुन्छ । स्त्री र पुरुषमा समान प्रकारको कुरा केही पनि हुँदैन । पुरुषको स्मृति बौद्धिक हुन्छ र स्त्रीको स्मृति अस्तित्वगत एवम् पूर्ण हुन्छ । पुरुषले कुनै स्त्रीलाई प्रेम गर्दा उसको स्मृतिमा मैले प्रेम गरेको थिएँ भन्ने भाव रहन्छ तर स्त्रीले गरेको प्रेम उसको कण कणमा समाहित भएको हुन्छ, त्यो प्रेममा उसको पूरा व्यक्तित्व रम्छ र भरिन्छ । स्त्रीको प्रेम मनबाट मात्र होइन

पूरा अस्तित्वगत रूपमा भरिएको हुन्छ । त्यसैले पुरुषले चाहेमा धेरै स्त्रीहरूसँग प्रेम गर्न सक्दछ तर स्त्रीलाई धेरै पुरुषसँग प्रेम गर्न स्वभावतः कठिन हुन्छ । पुरुषका लागि सबै घटना बुद्धिमा हुन्छ तर स्त्रीका लागि सारा घटनाहरू उसको व्यक्तित्वमा हुन्छ । पुरुषको कामवासना उसको काम केन्द्रमा हुन्छ तर स्त्रीको कामवासना पूरा शरीरमा नै फैलिएको हुन्छ । स्त्रीको स्मृति पूर्ण छ जसको आयाम नै भिन्न हुन्छ । कुनै पुरुष पिता भएन भने पनि उसको व्यक्तित्वमा कुनै भिन्नता हुँदैन । त्यसैले पुरुषको उत्सुकता पिता बन्ने कम पति बन्ने ज्यादा हुन्छ तर स्त्रीको उत्सुकता मौलिक रूपमा आमा बन्ने हुन्छ र पतिलाई पनि उनले आमा बन्ने क्रमका लागि स्वीकार गर्दछिन् । पुरुषको पिता बन्ने कारण हिसाबगत अर्थात् आफ्नो सम्पत्ति, पिण्डदान आदि कार्यका लागि हुन्छ । आमाको सम्बन्ध आफ्नो सन्तानसँग निष्प्रयोजन हुन्छ, त्यो उसकै अस्तित्वको विस्तार हो । श्रीकृष्ण स्त्रीमा 'म' स्मृति हुँ र जसरी स्त्रीले आफ्ना सन्तानसँग निष्प्रयोजन प्रेमसम्बन्ध राख्छन्, त्यस्तै यदि कोही परमात्मामा प्रयोजनरहित स्मृति राख्छ भने उसले मलाई त्यो स्मृतिमा पाउने छ भन्नुहुन्छ । स्त्री जस्तै परमात्माप्रति स्मृति राख्न सक्यो भने मात्र 'म' उपलब्ध हुने छु भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

मेधा, धृति र क्षमा 'म' हुँ । धृतिको अर्थ धैर्य, स्थिरता हो । पुरुष जैविक कारणले ज्यादै अधीर हुन्छ । त्यसैले उसको पूरा व्यक्तित्व अधीर हुन्छ तर स्त्री शान्त, स्थिर र धैर्यले भरिएका हुन्छन् । पुरुष शरीरबाट शक्तिशाली हुन्छ तर जहाँ स्थिरताको प्रश्न हुन्छ स्त्री धेरै शक्तिशाली हुन्छन् । जहाँसम्म सहनशक्तिको प्रश्न छ, स्त्री धेरै शक्तिशाली हुन्छन् । स्त्रीले नौ महिनासम्म आफ्नो बच्चालाई सारा कष्ट दुख सहेर पेटमा राख्दछन् तर पुरुषले राख्नुपरेको भए नौ मिनेट पनि राख्न सक्दैनथे । आमा बच्चालाई हुर्काउँछन् तर पुरुष एकछिन पनि बच्चालाई हेर्न सक्दैन । पुरुष जुन कष्टमा टिक्न सक्दैन त्यस्तो कष्ट पनि स्त्रीले सहन सक्दछन् । यी शक्तिहरूका कारण स्त्रीको उमेर पुरुषको भन्दा पाँच वर्ष बढी हुन्छ । स्त्रीहरू पुरुषभन्दा कम बिरामी पर्दछन् र बिरामी पर्दा पनि शारीरिक कम मानसिक बिरामी ज्यादा हुन्छन् । स्त्रीको व्यक्तित्वमा जति मात्रामा प्रेम र मातृत्व हुन्छ त्यति नै क्षमा पनि हुन्छ । पुरुषका लागि क्षमा अभ्यास गरेर मात्र हुन्छ र स्त्रीमा त्यो सहज रूपमा उद्घाटित हुन्छ किनभने त्यो उसको स्वभाव हो । श्रीकृष्णले जबसम्म स्त्रीमा भएको गुण विकसित हुँदैन, तबसम्म जगत्मा सन्तुलन कायम हुन सक्दैन भन्नुभएको छ तर पुरुषप्रधान समाज भएका कारण पुरुषका गुणहरूको विकास भयो तर स्त्रीका गुणहरूको विकास हुन सकेको छैन । साथै स्त्री पनि आज पुरुष जस्तै हुन खोजिरहेका छन्, जो एउटा दुर्भाग्यपूर्ण कुरा हो । स्त्रीको गुण पुरुषभन्दा भिन्न छ र यदि स्त्री पुरुष जस्तै हुन खोजे भने स्त्रीका केही गुण पूरै हराएर जाने सम्भावना हुन्छ ।

आज पश्चिमका स्त्रीहरूमा कीर्ति, श्री, क्षमा, धृति र समग्र स्मृति पनि देखिँदैन किनभने स्त्रीहरू पुरुष जस्तै गर्ने कोसिस गर्दै छन् । यसबाट स्त्रीलाई नै हानि हुने छ किनभने उनीहरूले चाहेर पनि पुरुष हुन सक्दैनन् । पुरुष जस्तो भए उनीहरू कुरूप र विकृत हुने छन् । त्यसैले स्त्रीको गुण कृष्णले अलग रूपमा बताउनुभएको हो । श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमीले मलाई स्त्रीहरूमा खोज्नु छ भने कीर्ति, श्री, वाक्, स्मृति, मेधा, धृति र क्षमामा खोज ।

श्रीकृष्ण भन्नुहुन्छ- गायन गर्नयोग्य श्रुतिहरूमा सामवेदमा, छन्दहरूमा गायत्रीमा, महिनामा मार्गशीर्षमा र ऋतुहरूमा वसन्त ऋतुमा 'म' नै छु । ऋतुहरूमा 'म' फूलको उत्सवको समय वसन्त ऋतु हुँ । परमात्मालाई उजाड अवस्थामा खोजेर पाइँदैन । जहाँ जीवन वसन्तमा बीज अङ्कुरित भएर फूल बन्दछ र उत्सव मनाउँछ, त्यस्तो उत्सव र वसन्तमा 'म' हुन्छु भनी श्रीकृष्णले भन्नुभएको छ । ईश्वर केवल उसले प्राप्त गर्छ जो जीवनलाई उत्सवमा, रसमा, छन्दमा, सङ्गीतमा देख्न सक्दछ । उजाड वातावरणमा प्रायः ईश्वरलाई देख्न मुस्किल पर्छ । मौजुद त ऊ त्यहाँ पनि हुन्छ तर जसले वसन्तमा,

उत्सवमा, फूल फुलेको अवस्थामा पनि देख्न सक्दैन, उसले उजाड स्थानमा कसरी देख्न सक्दछ ? वसन्तमा देख्नेले त उसलाई उजाडमा पनि देख्न सक्छ तर पहिले वसन्तमा देख्नु आवश्यक हुन्छ ।

*द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।*
*जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्वःतामहम् ॥३६॥*

**छल कपटहरूमा म द्यूत हुँ, तेजस्वीहरूको तेज पनि 'म' नै हुँ । उद्योगी वा साहसिक कार्य गर्नेहरूमा म विजय हुँ, निश्चय गर्नेहरूको निश्चय र सात्त्विक पुरुषको सात्त्विक भाव पनि 'म' नै हुँ ॥**

*वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः ।*
*मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥*

**वृष्णीवंशीहरूमा 'म' वासुदेव अर्थात् 'म' स्वयम् तिम्रो मित्र र पाण्डवहरूमा 'म' धनञ्जय अर्थात् अर्जुन हुँ, मुनिहरूमा व्यास र कवि एवम् चिन्तकहरूमा 'म' शुक्राचार्य हुँ ॥**

*दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।*
*मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥*

**अराजकतालाई दमन गर्ने साधनहरूमध्ये 'म' दण्ड अर्थात् दमन गर्ने शक्ति हुँ, विजयको चाहना गर्नेहरूमा नीति पनि 'म' हुँ । रहस्यहरूमा मौन र ज्ञानीहरूको तत्त्वज्ञान पनि म नै हुँ ॥**

हे अर्जुन ! म छल गर्नेवालामा द्यूत, प्रभावशाली पुरुषको प्रभाव, जित्नेवालाहरूको विजय, निश्चय गर्नेवालाको निश्चय र सात्त्विक पुरुषहरूको सात्त्विक भाव हुँ । श्रीकृष्ण अचम्मको कुरा भन्नुहुन्छ- छल गर्नेवालामा 'म' जुवा हुँ । जीवन नै जुवा हो र जीवनको स्थिति जुवामा छल जस्तो प्रकट हुन्छ । जीवनमा हामी जसलाई पाउने प्रयास गर्छौं, त्यसलाई पाउन सक्दैनौं; पाइन्छ जस्तो लाग्छ तर हरेक पटक निराशा मात्र हात पर्छ । मृत्युको क्षणमा चाहेको कुरा नपाएर केवल वासनाको थुप्रो मात्र हात लाग्छ । मृत्युको क्षणमा मृत्युको पीडा नभई व्यर्थमा जीवन गएकोमा पीडा हुन्छ । जसले जीवनको सार्थकता जान्दछन् उनीहरूलाई मृत्युको पीडा नभएर मृत्यु एउटा विश्राम मात्र हुन्छ । मृत्युको क्षणमा जीवनको व्यर्थताको बोध हुन ढिलो भइसकेकाले चाहेर पनि त्यसलाई सुधार्न सकिँदैन । हामीले हजारौं जन्म लिइसकेका छौं र हरेक जन्ममा हामीले यही भूल गरेका छौं । वासना पूरा गर्न समय मागेकाले हाम्रो पुनः जन्म भएको हो । हरेक पटक मृत्यु आउँदा हाम्रो वासना अधुरो हुन्छ र हामी त्यत्तिकै अधुरा हुन्छौं ।

जुवाको खुबी के छ भने जुवामा कोही पनि कहिल्यै जित्दैन, यही नै जुवाको छल हो । हरेक व्यक्तिलाई जिते जस्तो लाग्छ तर कोही जित्न सक्दैन । जुवामा जसले हार्छ उसलाई यो पटक जित भएन भने पनि अर्को पटक निश्चित जित्ने छु भन्ने लाग्छ तर अन्ततः हार मात्र हुन्छ । कहिलेकाहीँ जितको झलक पनि देखिन्छ र त्यो झलकले अझ ठूलो हार आयोजित गरेको हुन्छ । एक पटकको जितले अझ जित्ने आकाङ्क्षा जन्माउँछ र त्यही आकाङ्क्षाले हारमा लैजान्छ, अन्ततः सबैको हार हुन्छ र जित केवल जुवाको मात्र हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- छलहरूमा 'म' जुवा हुँ जुन शुद्धतम छल हो । कोही कहिल्यै पनि जित्दैन र अन्तमा हात खाली रहन्छ । खेल चलिरहन्छ, हार र जित भइरहन्छ, कोही हार्छ र कोही जित्छ, कोही बन्छ र कोही नष्ट हुन्छ, लेनदेन पनि खुब हुन्छ र अन्तमा जित्ने हार्ने चक्करमा सबै टुटेर हार्छन् र नष्ट हुन्छन् । त्यसैले जिन्दगीको प्रतीक जुवा हो र सारा जिन्दगी जुवा हो । चाहे धन, यश, प्रतिष्ठा, प्रेमको होस् जबसम्म हामी अरूमा उत्सुक हुन्छौं, तबसम्म हामी गहिरो रूपमा जुवा नै खेलिरहेका हुन्छौं । जबसम्म व्यक्ति अरूको उत्सुकताबाट टाढा भएर आफूमा उत्सुक हुँदैन, तबसम्म व्यक्ति जुवाबाट बाहिर हुँदैन किनभने जुन काममा अर्को व्यक्तिको आवश्यकता हुन्छ, त्यो जुवा नै हो । जुन क्षण व्यक्ति एक्लो हुन थाल्छ, त्यो दिन बल्ल व्यक्ति जुवाबाट बाहिर हुन सक्छ ।

सिकन्दरले पनि मर्ने बेलामा खाली हात नै मर्नुपऱ्यो । उसले आफ्नो शवयात्रामा दुवै हात खाली राखेर बाहिर झुन्ड्याउन भनेको थियो । उसको जीवन त पूरा जुवामा नै बित्यो; तसर्थ बिदा हुँदा हात खाली भएरै जानु पऱ्यो । सारा सम्राट् यहाँ भिखारी जस्तै भएर मर्दछन् तर कहिलेकाहीँ कुनै भिखारी सम्राट् जस्तो भएर पनि मर्छन् । बुद्धको हात मरेपछि पनि भरिएकै थियो तर सिकन्दरको हात भने खाली थियो । सिकन्दरले अरू केही पाउने प्रयास गरेको हुनाले उसको हात खाली रह्यो तर बुद्धले आफूलाई पाउनुभयो त्यसैले उहाँको हात भरियो । यो जीवन नै एउटा जुवा हो, यहाँ आफूलाई पाउने प्रयास सिवाय जेसुकै गरे पनि हार्नु नै पर्छ र खाली हात जानुपर्छ । जुवा शुद्धतम छल हो र हामी सबै जुवाडे हौँ । श्रीकृष्ण भन्न खोज्दै हुनुहुन्छ कि यदि छललाई हेर्ने हो भने जुवामा त्यसको शुद्धता पाइन्छ । सारा जिन्दगी जुवा हो र सारा जिन्दगीको अन्त्य स्मशान घाटमा हुन्छ । जुवा र मृत्युलाई जसले जान्दछ ऊ अन्तरयात्रामा चल्नका लागि योग्य हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- वृष्णीवंशीहरूमा वासुदेव अर्थात् स्वयम् 'म', पाण्डवहरूमा धनञ्जय अर्थात् तिमी एवम् मुनिहरूमा वेदव्यास र कविहरूमा शुक्राचार्य 'म' नै हुँ । श्रीकृष्ण आफूलाई पनि एउटा प्रतीक बनाउनु हुन्छ र अर्जुनलाई पनि एउटा प्रतीक बनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ- वृष्णीवंशीहरूमा 'म' वासुदेव हुँ । तिमीलाई यदि प्रभु हेर्नु छ भने 'म' तिम्रो अगाडि छु । त्यो वंशमा कृष्णभन्दा उचाइ पाउनेवाला कोही हुन सक्दैन र त्यो वंशलाई हामी कृष्णको कारणले मात्र जान्दछौँ । कृष्ण त्यो वंशका सर्वोच्च उपलब्धि हुनुहुन्छ । श्रीकृष्ण अर्जुनलाई भन्दै हुनुहुन्छ- जहाँ श्रेष्ठताको फूल फुल्छ, त्यहाँ तिमीले मलाई नै देख्न सक्ने छौ । यदि मेरो वंशमा हेर्नु छ भने 'म' तिम्रा अगाडि छु, जहाँ तिमी परमात्मालाई देख्न सक्ने छौ ।

श्रीकृष्ण भन्नुहुन्छ- पाण्डवहरूमा धनञ्जय अर्थात् तिमीमा 'म' छु । पाण्डवको वंशमा अर्जुन पनि नवोदित छन् । त्यसैले सारा महाभारत अर्जुनको आसपासमा छ । हे अर्जुन ! यदि तिमीलाई पाण्डवमा हेर्नु छ भने स्वयम् आफैलाई हेर । कृष्ण बिस्तारै अर्जुनलाई त्यो प्रतीकको नजिक ल्याउँदै हुनुहुन्छ जहाँ उनी स्वयम्मा पनि परमको प्रतीकलाई देख्न सक्छन् । श्रीकृष्ण अर्जुनलाई स्वयम्मा पनि परमात्माको रूप देख्न सकून् भन्ने विचारले भन्नुहुन्छ- हे धनञ्जय ! पाण्डवमा 'म' तिमीमा छु । अर्जुनलाई उनको श्रेष्ठता जान्न जरुरी थियो र उनलाई स्वयम्को द्वारमा आउनुअघि धेरै द्वारहरू जनाउन पनि आवश्यक थियो । श्रीकृष्ण भन्न खोज्दै हुनुहुन्छ- जसको तिमी खोजी गर्दै छौ, त्यो तिमी भित्र नै लुकेको छ । कृष्णले यो कुरा सिधा अर्जुनलाई भन्नुभएको भए त्यो व्यर्थ हुन्थ्यो । अर्जुनले धेरै ठाउँहरूमा अलिकति झलक पाउन सकून् भनेर यी सारा प्रतीकहरूका बारेमा बताउनु जरुरी थियो । यी सारा प्रतीकहरूमा खोज्दै अन्ततः ऊ आफू भित्रको झलक पनि जान्न सक्छ । आफूलाई सिधा खोज्न अत्यन्त गाह्रो हुन्छ तर हामी आफू को हौँ भनेर पनि जान्न चाहन्छौँ । हाम्रो खोज आफू को हुँ भन्ने खोज हो तर हामी जोडसँग दौडिएर बाहिर नै खोजिरहेका छौँ । जबसम्म हाम्रो दौड सकिएर हामी थाक्दैनौँ, तबसम्म हामीले के पाउनु छ भनेर विचार पनि गर्न सक्दैनौँ । जुन दिन हामी उभिएर हेर्न तयार हुन्छौँ, त्यसै दिन हाम्रो आफूसँग भेट हुन्छ र आफूसँग परिचय हुन्छ, रोकिने बित्तिकै हामी को हौं भनेर जान्न सक्छौँ ।

एउटा पुरानो कथा छ- ईश्वर सारा सृष्टि रचेर ज्यादै प्रसन्न हुनुहुन्थ्यो तर जब मानिसको सृष्टि गर्नुभयो, तब ईश्वरलाई धेरै गाह्रो भयो किनभने मानिस त गुनासोको पेटिका नै हुन्छ । राम्रो भएको जति आफ्नो मेहनतले पाएको ठान्छ तर एउटा दुख आउने बित्तिकै ईश्वरलाई दोष दिन थाल्छ । तसर्थ मनुष्यको गुनासोबाट दिक्क भएर ईश्वर कहीँ लुक्न चाहनुहुन्थ्यो । उहाँले आफ्ना सल्लाहकारहरूलाई मानिसले थाहा नपाउने र दुख दिन नसक्ने कुन ठाउँमा लुकूँ भनेर सल्लाह माग्नुभयो । कसैले हिमालयमा लुक्न सल्लाह दिए तर ईश्वरले त्यहाँ तेन्जिग र हिलारी जस्ता व्यक्तिले मलाई खोजिहाल्छन् भन्नुभयो । कसैले चन्द्रमामा लुक्न आग्रह गर्दा ईश्वरले त्यहाँ पनि आर्मस्ट्रङ्ग जस्ता व्यक्तिले पुगेर खोजिहाल्छन् भन्नुभयो । अन्तमा एक जनाले दिएको सल्लाह ईश्वरलाई चित्त बुझ्यो । उहाँले भन्नुभयो-मानिसले बाहिर सारा ठाउँमा खोज्छ तर

आफूभित्र कहिल्यै खोज्दैन । त्यसैले मनुष्यको हृदयमा लुक्नुहोस् भनेर सल्लाह दिए । ईश्वरलाई यो कुरा चित्त बुझेकाले त्यस समयदेखि ईश्वर मनुष्यभित्र लुक्नुभएको छ । उहाँ हराइरहनुभएको छ र हामीले खोज्न पनि सकेका छैनौं ।

श्रीकृष्ण अर्जुनलाई त्यहीँ भित्र बिस्तारै लैजान खोज्दै हुनुहुन्छ । अब अनेकौं प्रतीकहरूतिर इसारा गर्दै उहाँ भन्नुहुन्छ- हे धनञ्जय ! 'म' तिमी भित्र छु । त्यसैले तिमी मलाई आफूमा खोज गर । तिमी कहाँ खोजूँ कुन भावमा खोज गरूँ भनेर नसोध र आफैँमा खोज; 'म' त्यहीँ मौजुद छु । हामी त केवल भित्र आफ्नो मनलाई मात्र जान्दछौँ । हामीभित्र जहाँ परमात्मा लुकेको छ, त्यसलाई जान्दैनौँ । मन त हाम्रो बाहिरको छायाकृति मात्र हो जो भित्र जम्मा भएको छ । मन बाहिरबाट आएका प्रभावहरूको जोड हो तर हामी मनको भित्र छौँ । भित्रको विचारको संसार पनि हामी होइनौं किनभने त्यसलाई पनि हामी देख्न सक्छौँ । हाम्रो अन्तस्तल अझ भित्र छ र श्रीकृष्ण त्यही भित्रको अन्तस्तलको कुरा गर्दै हुनुहुन्छ र भन्नुहुन्छ- हे अर्जुन ! 'म' तिम्रो भित्री अन्तस्तलमा छु । भित्रको अनुभव मनबाट हुन सक्दैन, यो भित्रको अनुभव साक्षीबाट हुन्छ । आफ्नो मनलाई जो देख्न सक्छ ऊ मात्र भित्रको अनुभव जान्न सक्छ । जसलाई भित्रको अनुभव हुन्छ उसलाई कहीँ कतै खोज्न जानुपर्दैन । जबसम्म भित्रको परमात्माको अनुभव हुँदैन, तबसम्म प्रतीकहरूमा परमात्मालाई खोज्ने प्रयास गर्नुपर्छ तर त्यो एउटा झलक मात्र हुन्छ । परमात्माको अनुभव आफ्नो अनुभवबाट मात्र हुन्छ ।

श्रीकृष्ण अर्जुनलाई अलिअलि गरेर आफूभित्रको ईश्वरलाई देखाउन खोज्दै हुनुहुन्छ । अन्ततः अर्जुनलाई भन्नुहुन्छ- 'म' तिमी भित्र छु मलाई आफूभित्र खोज र आफूभित्रै हेर्न सक्यौ भने तिमीले मलाई सबैतिर देख्ने छौ । जब तिमी मलाई आफूभित्र पाउने छौ, तब तिम्रो सारा आँखा 'म' बाट नै भरिने छ, तिम्रो श्वास मेरो श्वासबाट भरिने छ र तिमीले जहाँ हेरे पनि मलाई नै पाउने छौँ । जुन दिन तिमीले भित्रको मलाई पाउने छौ, त्यही दिनबाट तिम्रो भित्रको ज्योति बल्ने छ । तिम्रो दियोको ज्योति जहाँ पर्छ त्यहीँ मलाई तिमीले देख्नेछौ । अर्जुनलाई आफूभित्र लैजानका लागि कृष्णलाई यति धेरै प्रतीकहरू चुन्नु परेको हो ।

श्रीकृष्ण भन्नुहुन्छ- अराजकतालाई दमन गर्नेवालाको दण्ड, जित्ने इच्छावालाको नीति, गोपनीय अर्थात् गुप्त राख्ने योग्यमा मौन र ज्ञानवान्हरूको ज्ञान 'म' हुँ, गुप्त राख्न योग्य भावमा मौन हुँ । हामी विचारलाई गोपनीय राख्छौँ तर श्रीकृष्ण त निर्विचारलाई गोपनीय राख्न योग्य भन्नुहुन्छ । मौनको अर्थ हाम्रा लागि लुकाउनुपर्ने केही छैन भन्ने हो । कृष्णको भनाइ अरू केही लुकाउन जरुरत छैन केवल आफ्नो मौनतालाई लुकाउनुपर्छ भन्ने हो । तिमी शान्त र शून्य भएको एवम् ध्यानमा उत्रिएको कसैलाई पनि थाहा नहोस् किनभने अरूलाई बताउन खोज्ने इच्छाले पनि त्यो मौनता नष्ट हुन्छ । अरूलाई बताउन खोज्ने रसले गर्दा मौन हुन सकिँदैन किनभने अरूलाई हामी उसलाई प्रभावित गर्नका लागि भन्न खोज्छौँ । अरूलाई भनेर प्रभावित गर्न खोज्ने व्यक्तिका लागि आफूभन्दा अर्को व्यक्ति मूल्यवान् हुन्छ । त्यसैले उसलाई ध्यानमा जान सम्भव हुँदैन । अर्को व्यक्ति यदि मसँग प्रभावित भयो भने म पनि आफ्नो नजरमा माथि हुन्छु । आफ्नो भित्रको उपलब्धिलाई कसैले बताउन चाहन्छ भने त्यसको अर्थ अहिलेसम्म उसले केही पाएको छैन । सत्यलाई पाउने बाटामा त्यही व्यक्ति जान सक्छ जसलाई अर्काका बारेमा कुनै सोच नै हुँदैन । जबसम्म अरूले के भन्छन् भन्ने विचार हुन्छ, तबसम्म अन्तरयात्रामा निस्किन सकिँदैन र मौनमा पनि प्रवेश गर्न सकिँदैन ।

मौनमा सबैभन्दा ठुलो समस्या अरूको उपस्थिति हो । हामी मौन हुँदा पनि अरूको कल्पनाको संसारमा हुन्छौँ । त्यसैले हामी मौन कहिल्यै पनि हुँदैनौँ । दृश्य व्यक्तिहरूसँग वाणीबाट कुराकानी हुन्छ भने अदृश्य व्यक्तिहरूसँग मौनतामा कुराकानी हुन्छ । मौनतामा पनि सतत विचार र चिन्तन चलिरहन्छन् । मौनको अर्थ भित्र कुनै विचार नहुनु हो । केही बताउन खोज्नु नै मौनता भङ्ग गर्नु हो । हामीभित्र केही हुने

बित्तिकै अरूलाई बताउन चाहन्छौँ । मनले अरूलाई बताउन खोज्नु उसको सहज वृत्ति हो किनभने आफूलाई भएको कुरा अरूले नभनेसम्म त्यो वास्तविक हो कि होइन भन्ने भरोसा पनि मनलाई हुँदैन र अरूले मानेपछि मात्र भरोसा हुन्छ । यो काल्पनिक विचार भएकाले एकले अर्कालाई भरोसा दिएपछि मात्र निश्चित हुन्छ । कसैले जतिसुकै झुटो प्रशंसा गरेर तपाईं बुद्धिमान् हुनुहुन्छ भन्यो भने आफ्नो अवस्था थाहा भएको मनले त्यसलाई अस्वीकार गर्दैन र खुसी हुन्छ । जबसम्म यो पारस्परिक प्रशंसाको र भरोसाको लेनदेनबाट व्यक्ति उठ्दैन, तबसम्म मौनताको सिँढी चढ्न पनि सक्दैन ।

मौनता हाम्रो रहस्य र निजी सम्पदा हो । यसको कसैलाई पनि जानकारी हुनु हुँदैन । यो मौनता आफू र परमात्माका बिचको मात्र कुरा हो । श्रीकृष्ण गोपनीय र गुप्त राख्नुपर्ने भावमा 'म' मौन हुँ भन्नुहुन्छ । यदि तिमी मलाई कुनै भावमा खोज्न चाहन्छौ भने मलाई मौनमा खोज । अर्जुनले कुन भावमा म हजुरलाई खोजूँ भनेर सोधेका छन् । श्रीकृष्ण यदि तिमी बिलकुलै मौन भएर खोज्छौ भने मलाई त्यहीँ पाउने छौ भन्नुहुन्छ । हाम्रो र सत्यका बिचको पर्खाल शब्दको हो । फूल देख्नेबित्तिकै हामी तत्काल फूल कति सुन्दर छ भनिहाल्छौँ । यो शब्द व्यक्त गर्नेबित्तिकै त्यो फूलको सौन्दर्य र आफूसँग फूलको सम्बन्ध नै सकिन्छ, किनभने फूल र हाम्राबिच एउटा पर्खालको निर्माण शब्दले गर्छ । आफू खाली बनेर त्यो फूललाई हेर्‍यौँ भने फूल र हामीबिच पहिलो पटक एउटा सेतु निर्माण हुन्छ । त्यस्तै मौन समस्त अस्तित्वप्रति भएमा परमात्मा र हाम्राबिचको सम्बन्धको सेतु निर्माण हुन्छ । जुन दिन शब्द समाप्त हुन्छ त्यो दिन हामी र अस्तित्व मात्र रहन्छौँ । भाषा संसारमा उपयोगी हुन्छ तर त्यो परमात्माको प्राप्तिका लागि बाधक हुन्छ । जहाँ अरूसँग सम्बन्ध राख्नुपर्ने हुन्छ, त्यहाँ भाषाको आवश्यकता हुन्छ तर जहाँ आफूसँग सम्बन्ध स्थापित गर्नु छ, त्यहाँ भाषा अनुपयोगी हुन्छ । परमात्मा पाउनका लागि आवश्यक भाषा भनेको नै मौनता हो । त्यहाँ संवाद नै मौनमा हुन्छ । त्यसैले श्रीकृष्ण भावमा मलाई मौनमा खोज भन्नुहुन्छ ।

ज्ञानवालाहरूमा तत्त्वज्ञान 'म' हुँ । शास्त्रीय ज्ञान तत्त्वज्ञान होइन र सत्यको निजी अनुभव तत्त्वज्ञान हो । अस्पेन्स्की (Ouspensky) रुसका ठुला विचारक, लेखक र गणितज्ञ हुन् । उनले लेखेका किताबहरूमा 'टर्सियम अर्गानम' (Tertium Organum) संसारका तीनवटा महत्त्वपूर्ण किताबमध्ये एक हो । यो किताबको जोडा खोज्न मुस्किल छ । अन्यन्त निष्ठापूर्वक विना अहङ्कार उनले यो किताबमा लेखेका छन् कि यो किताबभन्दा अगाडि दुईवटा किताबहरू पहिले लेखिएका छन् । पहिलो अरस्तुले (Aristotle) 'अर्गानम' (Organum) लेखेका छन् । अर्गानमको अर्थ पहिलो सिद्धान्त हो र दोस्रो किताब बेकमले (Beckam) 'नोवम अर्गानम' (Novum Organum) लेखेका छन् र तेस्रो किताब 'टरसियम अर्गानम' मेरो हो र यो तेस्रो सिद्धान्त हो । उनले ज्यादै विनम्रतापूर्वक किताबमा भनेका छन्- जब पहिलो सिद्धान्त संसारमा थिएन तब पनि यो तेस्रो सिद्धान्तको अस्तित्व थियो जुन म लेखिरहेको छु । यस्तो अद्‌भुत किताब बिरलै लेखिन्छ र कहिलेकाहीँ आत्मज्ञानविना पनि मस्तिष्कले कस्तो अद्‌भुत कुरा लेख्न सक्छ भनेर आश्चर्य लाग्छ । अस्पेन्स्कीलाई आत्मज्ञान नभए पनि किताब पढ्दा लाग्छ कि उनी परमज्ञानी हुन् ।

उनी केही जान्नका लागि गुरजिएफकहाँ गए । गुरजिएफले तिम्रो किताब मैले पढेको छु । यदि तिमीले जे लेखेका छौ, त्यो सबै जान्दछौ भने मलाई प्रश्न गर्न आवश्यक नै छैन । तिमी कागजमा लेखेर आफूले जान्ने कुराका बारेमा मलाई बताऊ भने । अस्पेन्स्की कागज लिएर अर्को कोठामा गई म के जान्दछु भनी सोच्न थाले । कलम हातमा पर्नेबित्तिकै लेख्न सुरु गर्ने व्यक्तिको कलम टक्क रोकियो र अगाडि बढ्नै सकेन । जे लेख्न खोजे उनको भित्रबाट आवाज आयो- के तिमी यो जान्दछौ, ईश्वरका बारेमा त मेरो कुनै अनुभव छैन र आत्माका बारेमा म केही जान्दिनँ । केही लेख्न नसकेर उनले खाली कागज नै गुरजिएफलाई फिर्ता गरे र आँखाबाट आँसु झार्दै भने- मलाई केही पनि थाहा छैन । गुरजिएफले भने- अब तिमी अगाडि बढ्न सक्छौ किनभने जसले तथाकथित ज्ञानलाई नै ज्ञान सम्झिन्छ

त्यो अगाडि बढ्न सक्दैन । तिमी अब तत्त्वज्ञानी बन्न सक्छौ । अहिलेसम्म ज्ञानी थियौ, अब तत्त्वज्ञानी बन्ने छौ । जब ज्ञानीलाई आफू ज्ञानी नभएको थाहा हुन्छ, तब मात्र तत्त्वज्ञानको यात्रा सुरु हुन्छ । अज्ञानले यति भड्काउँदैन जति तथाकथित ज्ञानले भड्काउँछ । अज्ञानी त विनम्र हुन्छ कारण उसलाई केही थाहा हुँदैन तर तथाकथित ज्ञानी जसको दिमागमा उधारो ज्ञानभन्दा अरू केही पनि हुँदैन, उनीहरूलाई 'म' जान्दिनँ भन्ने विचार नै हुँदैन । म सबै जान्दछु भन्ने उनीहरूलाई लाग्छ, जुन ज्ञानका लागि बाधा बन्छ । तत्त्वज्ञान स्वयम्को अनुभव हो ।

गीता कण्ठस्थ गरेर केही हुँदैन । यो त केवल उधारो ज्ञान मात्र हो र उधारो ज्ञान ज्ञान नै होइन । आफ्नो ज्ञान मात्र केवल ज्ञान हो । स्मृति ज्ञान होइन अनुभव मात्र ज्ञान हो । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानवान्हरूको तत्त्वज्ञान 'म' हुँ, त्यो अनुभव मेरो अनुभव हो । त्यो निजी अनुभवमा जे जानिन्छ त्यही परमात्मा हो । परमात्माको सम्बन्धमा जान्नु भनेको परमात्मालाई तत्त्व ज्ञानले जान्नु हो । अज्ञानीलाई तत्त्व ज्ञानतिर लैजान यति कठिन छैन तर कथाकथित पण्डित एवम् ज्ञानीहरूलाई तत्त्वज्ञानमा लैजान अत्यन्त कठिन हुन्छ । तथाकथित ज्ञानीसँग आफ्नो निजी अनुभव हुँदैन र उधारो ज्ञानको भार उसमा बलियो हुन्छ जसलाई भत्काउन सकिँदैन । उसमा भएको ज्ञानको अहङ्कारले उसलाई नजानेका कुरा पनि जान्दछु जस्तो लाग्दछ । प्रत्येक व्यक्ति परमात्मालाई जान्ने स्वभावसहित जन्मिएको हुन्छ । त्यसैले बाँकी सबै ज्ञान अनिवार्य छैन केवल आत्मज्ञान मात्र अनिवार्य छ । श्रीकृष्ण 'म' ज्ञान होइन तत्त्वज्ञान हुँ भन्नुहुन्छ ।

*यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।*
*न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥*

**हे अर्जुन ! जुन समस्त प्राणीको उत्पत्तिको कारण छ त्यो पनि 'म' हुँ किनभने त्यस्तो कुनै चर अचर कुनै प्राणी छैन जो मेरो अस्तित्वविना उत्पत्ति होस् ॥**

*नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परन्तप ।*
*एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥*

**हे परन्तप ! मेरा ऐश्वर्ययुक्त दिव्य विभूतिहरूको कुनै अन्त्य छैन । मैले तिमीलाई जुन बताएँ त्यो त मेरा विभूतिहरूको सारसङ्क्षेप मात्रै हो ॥**

*यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।*
*तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥४१॥*

**जुन जुन विभूतियुक्त अर्थात् कान्तियुक्त, शक्तियुक्त र ऐश्वर्ययुक्त वस्तु छन्, ती सबैलाई तिमी मेरो तेजको अंशकै अभिव्यक्ति जान ॥**

*अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।*
*विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥*

**हे अर्जुन ! तिमीलाई यी सबै कुराको विस्तृत ज्ञानको आवश्यकता वा प्रयोजन नै के छ र ! 'म' यो सम्पूर्ण विश्वब्रह्माण्डलाई आफ्नो योगशक्तिको एक अंश मात्रले धारण गरेर स्थित छु ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! सम्पूर्ण प्राणीहरूको उत्पत्तिको कारण 'म' नै हुँ किनभने मेरो शक्तिरहित चर अचर कुनै प्राणी छैन । हाम्रो विचारको त्रुटिका कारणले हामीलाई ईश्वर अस्तित्वभन्दा भिन्न हो जस्तो लाग्छ । विचार वस्तुहरूलाई विश्लेषण गर्ने मार्ग भएकाले यसले हरेक चिजलाई दुईमा विभाजित गर्छ । त्यसैले जब हामी ईश्वरका सम्बन्धमा सोच्छौँ, तब जगत् र ईश्वर अलग हुन्छ । जब हामी सृष्टि भन्छौँ, तब सृष्टि र स्रष्टा अलग हुन्छ । वस्तुतः सृष्टि र स्रष्टा पृथक् होइनन् उनीहरू एउटै हुन् । त्यसैले हाम्रा बुढापाकाहरूले यो सृष्टि माकुराले आफूभित्रबाट रेसा निकालेर बनाएको जालो जस्तो

छ भनेका छन् । यो सारा जगत्को विस्तार माकुराले आफू भित्रबाट जाल निकालेर फैलाए झैं परमात्माबाट निस्किन्छ र फैलिन्छ । यो विस्तार एकक्षण पनि परमात्माबाट अलग भएर टिक्न सक्दैन । यो सम्पूर्ण अस्तित्व उसकै उपस्थितिको कारणले छ । त्यसैले ईश्वरलाई अस्तित्वको पर्यायवाची मान्न सकिन्छ किनभने अस्तित्व नै ईश्वर हो ।

यो सम्पूर्ण जगत् ईश्वरको विस्तार हो । यसलाई धर्मका दृष्टिले अस्तित्व भन्नु पर्याप्त हुन्छ । अस्तित्वभन्दा हाम्रो हृदयमा कुनै भाव उत्पन्न हुँदैन र अस्तित्व र हाम्राबिच कुनै सम्बन्ध पनि स्थापित हुँदैन तर अस्तित्वको सट्टा ईश्वर भन्ने बित्तिकै हाम्रो हृदयमा गति सुरु हुन्छ । धर्म केवल तथ्यको घोषणा होइन लक्ष्यको पनि घोषणा हो । के हो भन्नु मात्र पर्याप्त छैन, के हुनुपर्छ र के हुन सक्छ भन्ने कुरासँग धर्मको सम्बन्ध हुन्छ । विज्ञानले अस्तित्व मात्र छ भन्छ तर धर्मले अस्तित्व र ईश्वर समानान्तर हुन् भन्दछ । ईश्वर शब्दको उच्चारण गर्दा अस्तित्व र परमात्मा दुवैको घोषणासँगै हुन्छ । त्यसैले हामी अस्तित्व नभनेर ईश्वर भन्छौं । श्रीकृष्णले यस्तो चर र अचर केही पनि छैन जो 'म' रहित होस्, साथै 'म' उपस्थित नभएको कुनै सत्ता नै छैन भन्नुभएको छ । हामीहरूलाई ऊ हामीभित्र छ भन्ने थाहा छैन, त्यसैले हामी उसलाई अनेकौं तीर्थहरूमा खोजी गर्छौं । परमात्मा अतिनिकट भएकाले हामीले उसलाई बिर्सिएका छौं । जो अतिनिकट हुन्छ त्यो विस्मृत हुन्छ र टाढा भएको कुराको मात्र सम्झना हुन्छ । परमात्मा र हाम्राबिच एक क्षणको पनि दूरी छैन । ऊ निरन्तर हामीसँग भएकाले हामीलाई उसको विस्मरण भएको छ ।

श्रीकृष्णको भनाइको तात्पर्य सारा अस्तित्वमा उहाँ नै समाहित हुनुहुन्छ । त्यसैले परमात्मालाई हामीले खोजेर पाउन सक्दैनौं किनभने ऊ हामीमा सतत रूपमा उपस्थित छ र हाम्रो हुनु नै परमात्माको हुनु हो, त्यसैले उसलाई खोज्नु व्यर्थ छ । जुन दिन हाम्रो भित्रको गति शून्य हुन्छ त्यसै क्षण हामी उसलाई पाउँछौं । श्रीकृष्ण भन्नुहुन्छ- हे परन्तप ! मेरा दिव्य विभूतिहरूको अन्त छैन र मैले मेरा विभूतिहरूको विस्तार तिमीलाई संक्षेपमा मात्र भनेको हुँ । श्रीकृष्णले यी जुन प्रतीकहरू अर्जुनलाई बताउनुभएको छ यो संक्षेपमा केही इसाराहरू मात्र गर्नुभएको हो । उहाँको दिव्य विभूतिहरूको त कुनै अन्त नै छैन । जुन कुराको अन्त हुन्छ, त्यो विभूति हुँदैन, सांसारिक हुन्छ । जसको कुनै आरम्भ र अन्त छैन, जसको स्वभाव नै अनादि र अनन्त हुन्छ त्यही दिव्यता हो । प्रारम्भ र अन्त हुने संसार हो र जहाँ प्रारम्भ र अन्त हुँदैन त्यहीँ परमात्माको झलक पाउन सकिन्छ ।

नास्तिकहरू परमात्मा कहाँ छ, उसको परिभाषा के हो भनेर सोध्दछन् । ब्रिटिस दार्शनिक तथा लेखक जी.इ. मोर (G.E. Moore) ले एउटा किताब लेखेका छन् 'प्रिन्सिपिया इथिका' (Principia Ethica) अर्थात् नीतिशास्त्र । त्यस पुस्तकमा उनले केवल एक प्रश्नका बारेमा चिन्तन गरेका छन् त्यो प्रश्न हो- शुभ के हो वा असल के हो (What is good) मोर आफ्नो युगका विशिष्ट चिन्तक थिए । उनले शुभ के हो भन्ने कुरामा मनुष्यजातिको इतिहासमा कसैले नगरेको चिन्तन गर्ने प्रयास गरेका छन् । उनले उक्त प्रश्नको निष्कर्षमा लेखेका छन्- शुभलाई परिभाषित गर्न सकिन्न (Good is indefinable) । उनले भनेका छन् कसैले मलाई पहेँलो रङ्गको फूल दिएर पहेँलो के हो भनेर सोध्यो भने म जस्तो मुस्किलमा पर्छु, त्यस्तै शुभको विषयमा मुस्किलमा परेको छु । मोरले भनेका छन् पहेँलो पहेँलो हो (Yellow is yellow) । तर्कशास्त्री भन्छन् कि यो त पुनरुक्ति भयो, पहेँलोको अर्थ बताउनुहोस् तब इमुर भन्छन्- म पहेँलोलाई पहेँलोको अतिरिक्त के भन्न सक्छु ! पहेँलोलाई पहेँलोका अतिरिक्त म जे भन्छु त्यो गलत हुन्छ । हामी यति सानो कुराको पनि परिभाषा गर्न सक्दैनौं तर परमात्मा के हो भनेर सोध्छौं । पहेँलो रङ्गको परिभाषा खोज्न सकिन्न, शुभ के हो थाहा हुँदैन, सौन्दर्य के हो थाहा हुँदैन र परमात्माको परिभाषा माग्नुको अर्थ के भन्न सकिन्छ ? त्यसैले सम्पूर्ण अपरिभाषितहरू (Indifineables) को जोड परमात्मा हो (The totality of all indifinables is god) ।

ईश्वरलाई हामी अनुभव गर्न सक्छौँ तर व्याख्या गर्न सक्दैनौँ । सौन्दर्य हामी अनुभव गर्न सक्छौं तर यसको सटीक व्याख्या गर्न सक्दैनौँ । फूलमा सौन्दर्य कहाँ छ भनेर सोध्यो भने देखाउन सकिन्न अनुभव मात्र गर्न सकिन्छ । सौन्दर्य देखाउन सकिँदैन किनभने त्यो भित्र लुकेको हुन्छ । फूलमा, सूर्यको बिहानी किरणमा, कुनै व्यक्तिको रूपमा र आँखामा सौन्दर्य अनुभव गर्न भने सकिन्छ तर अलग अलग कुरामा लुकेको सौन्दर्य व्यक्त गर्न सकिँदैन । ईश्वरलाई जब हामी मापन गर्न खोज्छौँ, तब हामी उसलाई आकार दिन्छौँ र उसको रूप, आकार आदिका बारेमा गलत प्रश्न गर्छौं । सबै आकृतिहरू र रूप जसको हो त्यही ईश्वर हो । पशु, पक्षी, वनस्पति, मनुष्य सबै हामी त्यही परमात्माका अंश हौँ । जसमा हामी जन्मिन्छौँ र समाप्त हुन्छौँ, त्यही परमात्मा हो । सबै लहरहरू सागरबाट उत्पत्ति हुन्छन् र सागरमा नै लीन हुन्छन् त्यस्तै हामी पनि परमात्माबाट उत्पत्ति हुन्छौँ र उसैमा लीन हुन्छौँ । जो सदा छ, उही परमात्मा हो र जो कहिलेकाहीँ मात्र हुन्छ, त्यो लहर हो र हामी त्यो लहर हौँ । परमात्मालाई छ भन्नु पनि भाषाको समस्या हो किनभने सबै कुरा जे आज 'छ' त्यो भोलि 'छैन' हुन्छ तर परमात्मा कहिल्यै पनि नाश हुँदैन । त्यसैले 'छ' भन्नु भाषाको सीमा हो । श्रीकृष्ण भन्नुहुन्छ- मेरो विस्तारको कुनै अन्त नै छैन । संक्षेपमा केही लहरहरूका प्रतीक मैले तिमीलाई बताएँ र ती लहरका प्रतीकहरूबाट पनि तिमीले गहिराइमा खोज गर्‍यौ भने अवश्य सागरमा पुग्ने छौ ।

हे अर्जुन ! जुन जुन विभूतियुक्त, ऐश्वर्ययुक्त, कान्तियुक्त, शक्तियुक्त छन् ती सबैलाई तिमी मेरो तेजबाट उत्पन्न भएको जान । जहाँ तिमीलाई अभिव्यक्ति आफ्नो चरममा पुगेर ऐश्वर्य, विभूति, कान्ति र शक्तिको रूपमा प्रकट भएको अनुभव हुन्छ तब के बुझ्नुपर्छ भने त्यहाँ परमात्मा छ ।

श्रीकृष्ण भन्नुहुन्छ- ऐश्वर्य, कान्ति, शक्तिमा खोज्यौ भने तिमीले मलाई त्यहाँ पाउने छौ किनभने त्यहाँ मेरो नै अंश प्रकट हुन्छ । यदि तिमीलाई ईश्वर देखिँदैन भने ऐश्वर्यमा हेर त्यहाँ पनि मेरो अंश नै प्रकट हुन्छ । यस्तै जहाँ विभूति, कान्ति देखिन्छ त्यो मेरै तेजबाट उत्पन्न भएको भनेर जान । ऐश्वर्य, विभूति, कान्ति, शक्ति यी सबै संयुक्त छन् । शक्तिको अर्थ ऊर्जा हो जो एउटा सानो बालकमा पनि देखिन सक्छ । एउटा बुढो व्यक्तिमा बालकमा भएको जस्तो शक्ति क्षीण भइसकेको हुन्छ । शक्तिको खोज बालकमा गर्न सकिन्छ । शक्तिको खोज गर्ने व्यक्तिले बिहानको सूर्यमा शक्तिको खोज गर्न सक्छ । शक्ति जति नयाँ हुन्छ त्यति नै तीव्र र गहन हुन्छ । शक्तिको खोज गर्नेहरूका लागि बालक ईश्वरीय हुन्छ । यदि ऐश्वर्य खोज्नु छ भने बुढो व्यक्तिमा खोज्नुपर्छ किनभने ऐश्वर्य अनुभवको निखार हो जो बालकमा कहिल्यै हुँदैन । रवीन्द्रनाथले भनेका छन्- जब व्यक्ति साँच्चिकै वृद्ध हुन्छ, तब उसको शुभ्र-कपाल हिमालय पर्वत जस्तै हिमाच्छादित हुन्छ । उनीहरूको सेतो कपालमा त्यस्तै शीतलता र ऐश्वर्य आउँछ जस्तो गौरी शङ्कर हिमालमा हिउँ जमेको जस्तै हुन्छ । यदि कोही ठिकसँग बाँचेको छ भने वार्धक्य उसको ऐश्वर्यमय हुन्छ । अनुभवबाट यात्रा गरेमा शक्ति ऐश्वर्य र आभा बन्छ । शक्ति आगो हो र ऐश्वर्य प्रकाश एवम् आभा हो । ऐश्वर्यमा कुनै दम्भ हुँदैन, शक्तिबाट जीवन प्रारम्भ हुन्छ र ऐश्वर्यमा रूपान्तरण हुन्छ ।

शक्ति यदि कान्तिबाट गुज्रियो भने ऐश्वर्यसम्म पुग्छ । कान्ति भन्नाले जो आफ्नो जीवन ऊर्जालाई निरन्तर श्रेष्ठताका लागि समर्पित गर्छ भन्ने हो । आफ्नो शक्तिको दुरुपयोग नगर्ने र ईश्वरलाई जान्न शक्ति सदुपयोग गर्ने व्यक्तिले कान्ति प्राप्त गर्छ । काम-ऊर्जालाई हामी तथाकथित सुखमा गुमाउन सक्छौँ जसले गर्दा व्यक्तिको कान्ति हराउँछ र आभामण्डल चाउरिन्छ । जसको काम-ऊर्जा उर्ध्वगामी भएर प्रभुको चरणमा समर्पित हुन्छ त्यस्तो व्यक्तिको जीवन धन्य हुन्छ । ब्रह्मचर्यको अर्थ ब्रह्म जस्तो चर्या गर्नु हो । ब्रह्मको कुनै प्रारम्भ र अन्त हुँदैन । यो विस्तार हो जुन फैलिइरहन्छ । जुन दिन हाम्रो चर्या त्यो विस्तारतिर बढ्न थाल्छ, तब हामीभित्र पनि केही फैलिन थाल्छ र त्यो दिन ब्रह्मचर्य फलित हुन्छ । तर हाम्रो ऊर्जा निरन्तर श्रेष्ठतिर फैलिए मात्र त्यो सम्भव हुन्छ ।

आफूभन्दा तल केही खोज्नु कान्तिलाई गुमाउनु हो र आफूभन्दा माथि शक्तिलाई नियोजन गर्नु कान्तिलाई प्राप्त गर्नु हो । हाम्रो अनुहारमा छाएको कान्ति नै भित्र ऊर्जाले उर्ध्वगमनको यात्रा सुरु गऱ्यो भन्ने खबर हो । बालक शक्तिशाली हुन्छ, वृद्ध ऐश्वर्यवान् हुन सक्छ र जवान व्यक्ति कान्तियुक्त हुन सक्छ । बच्चा शक्तिशाली हुनु नैसर्गिक हो । युवा व्यक्ति छनोट गरेर कान्तियुक्त हुन सक्छ । यदि जवान कान्तियुक्त भएन भने बुढ्यौली दीनहीन र बोझ हुने छ । कान्तिको अर्थ माथि उठ्ने शक्ति हो । शरीरको सुगन्धबाट कान्ति झल्किन थाल्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- ऐश्वर्ययुक्त, कान्तियुक्त, शक्तियुक्त जो र जहाँ छ, त्यही मेरो विभूति हो, त्यहीँ 'म' प्रकट हुन्छु र त्यहीँ तिमीले मलाई खोज । जहाँ यो अवस्था घटित हुन्छ त्यो मेरो तेजबाट उत्पन्न भएको हो र मेरै ज्योति त्यहाँ प्रज्वलित भइरहेको छ भन्ने जान । मेरै अमृतको धारा त्यहाँ बग्छ र मेरै हृदयको धड्कन त्यहाँ पनि धड्किन्छ । हे अर्जुन ! यो धेरै जान्नुसँग तिम्रो के प्रयोजन छ, यदि तिमीले मलाई ऐश्वर्य, कान्ति र शक्तिमा पनि देख्न सकेनौ भने र यी मैले तिमीलाई भनेका प्रतीकहरूबाट पनि तिमीलाई केही बोध भएन भने धेरै जानेर पनि त्यो प्रयोजनहीन र व्यर्थको जान्नु हुन्छ । मैले तिमीलाई जति भने पनि त्यसबाट समस्याको कुनै समाधान हुँदैन ।

दर्शनशास्त्रले पाँच हजार वर्षमा अनन्त प्रश्नहरू सोधेर एउटा पनि प्रश्नको हल गर्न सकेको छैन । यति अनन्त उत्तर पाएर पनि एउटै प्रश्नको पनि हल हुन सकेन बरु जति जवाफहरू उपलब्ध भए तिनीहरूबाट अरू हजारौं नयाँ प्रश्नहरू जन्मिए । वर्टन्ड रसेल (Bertrand russel) ले आफ्नो आत्मकथामा लेखेका छन्- जब म बालक थिएँ र जब पहिलो पटक दर्शनशास्त्रतिर उत्सुक भएँ, तब म के सोच्थेँ भने अब म दर्शनमा निष्णात हुने छु, त्यसपछि मेरा सबै प्रश्नको उत्तर पाएर सबै सवालको समाधान हुने छ । मर्नुअघि उनले एउटा पत्रमा लेखेका छन्- नब्बे वर्षको बुढो भएर मर्ने बेलासम्म पनि मेरो एउटै प्रश्न पनि हल भएको छैन, झन् नयाँ प्रश्न उठेका छन् । उनले पहिले दर्शनशास्त्रको परिभाषामा भनेका थिए- दर्शनशास्त्र मनुष्यको आत्यन्तिक प्रश्नको खोज हो र अन्तमा उनले व्याख्या गरेका छन्- मनुष्यको आत्यन्तिक प्रश्नमा अरू प्रश्नहरूको खोज नै दर्शनशास्त्र हो । दर्शनशास्त्र भनेको प्रश्नमाथि अरू प्रश्नहरूको खोज हो ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमीले यति धेरै प्रश्न सोध्नाको प्रयोजन नै के हुन्छ र ! यदि तिमीले मैले सङ्केत गरेका इसारालाई बुझ्न सकेनौ भने तिमी प्रश्न सोधिरहन्छौ र म जवाफ दिइरहन्छु तर यसबाट कुनै समाधान निस्किने छैन । श्रीकृष्ण पुनः भन्नुहुन्छ- यो सम्पूर्ण जगत्लाई आफ्नो योगमायाको एक अंशले धारण गरेर 'म' स्थित छु । सारा जगत् मेरो एउटा अंश मात्र हो । सारा जगत् ईश्वर हो तर ईश्वर सारा जगत् मात्र होइन किनभने ईश्वरको सम्भावना अनन्त छ र ऊ अनन्त जगत्मा प्रकट हुन सक्दछ । ईश्वर त पूरा अस्तित्वको मूल सम्भावना हो । त्यसबाट एक बीज अङ्कुरित भएमा एउटा जगत् निर्माण हुन्छ र उसबाट अर्को बीज अङ्कुरित भयो भने अर्को जगत् निर्मित हुन्छ । ईश्वरबाट अनन्त जगत् निर्माण हुन्छ र हरेक जगत् उसको एक अंश मात्र हुन्छ । ईश्वरको यो जगत् एक अभिव्यक्ति हो; उसका अनेक अभिव्यक्तिहरू हुन सक्दछन् र भइरहन्छन् ।

सनातनीहरूको धारणामा जगत् ईश्वरको माया हो । जगत् छैन तर ईश्वरले चाहेकाले देखिएको हो । यो जगत्को हुनु ईश्वरको एक चाहना मात्र हो । परमात्माका लागि सारा विस्तार उसको विचारको फैलावट मात्र हो । श्रीकृष्ण फेरि पनि भन्नुहुन्छ- यो सारा जगत् मेरो योगमायाको एक अंश र मेरो विचारको विस्तार हो । यो सारा जगत् त्यो मूल ऊर्जाको भावबाट उत्पन्न हुन्छ र मूल ऊर्जाको शिथिलतामा लोप हुन्छ । हाम्रो निर्माणको मूलस्रोत परम ऊर्जा हो त्यसैबाट हामी जन्मेका हौँ र त्यसैमा हामी लीन हुन्छौँ । हामी अनन्त विचारका जोड हौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी अरू विचारको भ्रममा नपरी मलाई नै तत्त्वपूर्वक जान किनभने 'म' नै आधारभूत हुँ । तिमी मलाई नै सबै खोजको केन्द्र र अन्त जान । जसले ईश्वरको खोज नै आफ्नो जीवनको ध्येय बनाउँछन् उनीहरूले मात्र उसलाई पाउन सक्दछन् । कृष्णले बताउनु भएका प्रतीकमा नअडीकन प्रतीकबाट पार हुने प्रयास गर्नुपर्छ ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे विभूतियोगो नाम*
*दशमोऽध्यायः ॥१०॥*







*ॐ श्रीपरमात्मने नमः*

एघारौँ अध्याय

# विश्वरूपदर्शनयोगः

*अर्जुन उवाच*

*मदनुग्रहाय परमं गुह्यमध्यात्मसञ्ज्ञितम् ।*

*यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥*

**श्रीकृष्णद्वारा विभूतियोगमा भनिएका वचन सुनेर अर्जुनले भने- हे कृष्ण मलाई अनुग्रह गर्नका लागि हजुरले गोपनीय अध्यात्मविषयक वचन अर्थात् उपदेश दिनुभएकाले मेरो अज्ञान नष्ट भएको छ ॥**

*भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।*

*त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥*

**हे कमलनेत्र ! मैले हजुरसँग प्राणीको उत्पत्ति र प्रलयबारे विस्तारपूर्वक सुनेँ र हजुरको अविनाशी महिमा पनि सुनेको छु ॥**

*एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।*

*द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३॥*

**हे परमेश्वर ! हजुर आफूलाई जस्तो भन्नुहुन्छ, ठिक त्यस्तै हुनुहुन्छ तर हे पुरुषोत्तम ! म हजुरको ज्ञान, ऐश्वर्य, शक्ति, बल, वीर्य र तेजले युक्त ऐश्वर्य रूपलाई प्रत्यक्ष दर्शन गर्न चाहन्छु ॥**

*मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।*

*योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥*

**हे प्रभो ! (उत्पत्ति, स्थिति र प्रलय तथा अन्तरयामी रूपबाट शासन गर्नेवाला भएकाले भगवान्‌को नाम प्रभु हो) यदि 'म' बाट हजुरको त्यो रूप हेर्नलाई सामर्थ्य छ भन्ने हजुर मान्नुहुन्छ भने हे योगेश्वर ! त्यो अविनाशी स्वरूपको दर्शन मलाई गराउनुहोस् ॥**

*श्रीभगवानुवाच*

*पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।*

*नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥*

**भगवान्‌ले भन्नुभयो- हे पार्थ ! अब तिमी मेरा सैकडौँ, हजारौँ विभिन्न प्रकारका र विभिन्न वर्ण तथा विभिन्न आकृतिवाला रूप हेर ॥**

*पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।*

*बहून्यदृष्टपूर्वाणी पश्याश्चर्याणि भारत ॥६॥*

**हे भरतवंशी अर्जुन ! तिमी मलाई, आदित्यलाई अर्थात् अदितिका द्वादश पुत्रलाई, आठ वसुलाई, एकादश रुद्रलाई, दुवै अश्विनी कुमारलाई र उनन्चास मरुद्गणलाई हेर र अरू पनि धेरै पहिले नदेखेका आश्चर्यमय रूपलाई हेर ॥**

*इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।*

*मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥*

**हे गुडाकेश ! अब यो मेरो शरीरमा एकै स्थानमा स्थित चराचरसहित सम्पूर्ण जगत्‌लाई हेर र अरू पनि जे हेर्न चाहन्छौ, त्यो हेर ॥**

परमात्मालाई श्रम गरेर पाउन सकिन्न । परमात्मा त उसैको अनुकम्पा, प्रसाद र अनुग्रहले मात्र पाइन्छ । विभूतियोगमा श्रीकृष्णद्वारा भनिएका वचन सुनेर अनुग्रह प्रकट गर्दै अर्जुनले भने- हजुरले भन्नुभएका परम गोपनीय आध्यात्मिक वचनले मेरो अज्ञान नष्ट भयो । मेरो कुनै योग्यता र श्रम नभए पनि हजुरको अनुकम्पाले जुन परम गोपनीय आध्यात्मिक वचन मैले सुन्न पाएँ त्यसबाट मेरो अज्ञान नष्ट भयो । अर्जुनको कृष्णप्रतिको भक्तिले गर्दा उनले सहज भावले यो हजुरको अनुग्रहले मलाई प्राप्त भएको भन्न सकेका हुन् । अर्जुन निरहङ्कारिता र विनम्रताको भाव प्रर्दशन गर्दछन् जुन धार्मिक व्यक्तिको लक्षण हो । अर्जुन हजुरको परम गोपनीय आध्यात्मिक उपदेश सुनेर मेरो अज्ञान नष्ट भयो भन्छन् । अध्यात्म प्रेमभन्दा पनि गोपनीय हुन्छ । प्रेममा दुई शरीर एक हुन्छ भने अध्यात्ममा दुई आत्मा एक हुन्छ र गुरु शिष्यको मिलन हुन्छ । दुवै गुरु-शिष्य आत्माको तलमा एक नभएसम्म अध्यात्मको उपदेश सम्भव हुँदैन ।

आध्यात्मिक मिलन त युद्धको क्षणमा पनि घट्न सक्छ । अर्जुनको कृष्णसँगको संवाद यसको प्रमाण हो । भित्र ग्रहण गर्न सक्ने क्षमता, विनम्रता र समर्पण भाव भएमा आध्यात्मिक मिलन कहीँ पनि घट्न सक्छ । यस्तो अनौठो विज्ञान जुन गीताले प्रदान गरेको छ त्यो कुनै शास्त्रले दिन सक्दैन । उपनिषद् गुरु-शिष्य बिचको ध्यानको क्षणमा एकान्त र शान्तिमा भएको संवाद हो । बाइबल पनि छानिएका सीमित शिष्यहरूबिच प्रदान गरिएको वचन हो तर गीता घना संसारको बिचमा दिइएको उपदेश हो । युद्धभन्दा घना संसार कहीँ हुन सक्दैन । यस्तोमा पनि आध्यात्मिक संवाद घटित हुन सक्छ । व्यक्तिमा पात्रता भएमा अति गोपनीय कुरा पनि भन्न सकिन्छ । गीताजस्तो अद्भुत शास्त्र दोस्रो हुनै सक्दैन ।

ज्ञान स्वअनुभव हो । अज्ञान नष्ट हुनु भनेको अर्जुनको ज्ञान जन्मनु होइन । अज्ञान अरूको वचन सुनेर पनि नष्ट हुन सक्छ । अर्जुन भन्दै छन्- मेरा मान्यताहरू टुटेर मेरो अज्ञान नष्ट भयो र मेरो मन पनि रूपान्तरण भयो । अर्जुनको अज्ञान त नष्ट भयो तर उनीभित्र ज्ञानको उदय भएको छैन । अर्जुनका मान्यताहरू टुटेका छन् तर उनलाई स्वयम् ज्ञानको अनुभव भने भएको छैन तर कृष्णको उपदेश सुनेर अर्जुनलाई भरोसा भने पक्कै भएको छ । कृष्णको अलौकिक गुण र प्रतिभाले आल्हादित गरेर भरोसा जन्माउँछ र प्राणलाई चुम्बक जस्तो तान्दछ तर यो भरोसा पनि ज्ञान होइन । तथाकथित जान्ने व्यक्तिहरू वेद, गीता कण्ठस्थ पार्दछन् तर यो ज्ञान होइन केवल सूचनासङ्ग्रह मात्र हो । त्यसैले यस्ता जान्ने व्यक्तिहरू ज्ञानी र अज्ञानीका बिचमा हुन्छन् । अज्ञानी त्यो हो जो केही जान्दैन, ज्ञानी त्यो हो जो स्वअनुभवबाट जान्दछ र तथाकथित ज्ञानी त्यो हो जसको आफ्नो अनुभव केही हुँदैन, सबै अरूबाट जान्दछ ।

श्रीकृष्णको अनुग्रहले गर्दा अर्जुनको सन्देह रूपान्तरण भएको छ । कृष्णको अनुपस्थिति भएमा यो सन्देह फेरि फिर्ता भएर अर्जुन गीताको प्रारम्भको अवस्थामा पुग्न सक्छन् । अर्जुन इमानदार व्यक्ति भएकोले उनी हजुरको कृपाले मेरो अज्ञान नष्ट भयो तर ज्ञान अझ प्राप्त भएको छैन भन्छन् । कृष्णको कारण जुन झलक अर्जुनलाई प्राप्त भएको छ त्यो उधारो अनुभव मात्र हो । एकातिर अर्जुन हे कमलनयन ! मैले हजुरबाट प्राणीहरूको उत्पत्ति, प्रलय र हजुरको अविनाशी प्रभावबारे विस्तारपूर्वक सुनेँ, हजुर आफूलाई जस्तो भन्नुहुन्छ ठिक त्यस्तै हुनुहुन्छ र त्यही सत्य हो र मेरो श्रद्धा हजुरप्रति जागेर मेरो अज्ञान नष्ट भयो भन्दछन् । अर्कातिर हे पुरुषोत्तम ! म हजुरलाई प्रत्यक्ष रूपमा हेर्न चाहन्छु पनि भन्छन् । अर्जुनको यो भनाइले गीता अझ बाँकी छ भन्ने जानकारी दिन्छ अन्यथा हजुर जस्तो आफूलाई भन्नुहुन्छ त्यस्तै हुनुहुन्छ, हजुरको भनाइले मेरो अज्ञानता नष्ट भयो र हजुरप्रति मेरो श्रद्धा जाग्यो भनिसकेपछि गीता यहीँ समाप्त भई अर्जुन आँखा चिम्लिएर युद्धमा उत्रिन सक्नुपर्ने थियो तर उनी ‘तर’ को प्रयोग गर्छन् र गीता समाप्त हुनुपर्ने क्षणलाई अझै लम्ब्याउँदै छन् ।

त्यसैले अर्जुन भन्छन्- हे पुरुषोत्तम ! हजुरको ज्ञान, ऐश्वर्य, बल, वीर्य, तेज र शक्तिस्वरूपलाई म प्रत्यक्ष रूपमा हेर्न चाहन्छु । हजुरको उपदेश वाणी र आँखाबाट व्यक्त भाव मैले सुनेर बुझेँ र हजुरको

कुरामा मलाई भरोसा पनि भयो तर म आफैँले प्रत्यक्ष रूपमा हजुरको त्यो विराट् स्वरूपको दर्शन गर्न चाहन्छु । हजुरको कुरामा मलाई पूर्ण भरोसा छ तर जबसम्म प्रत्यक्ष अनुभव हुँदैन, तबसम्म ज्ञानको जन्म हुन सक्दैन । हामीहरू सबै शव्दमा रोकिएका छौँ, कोही गीता, कोही बाइबल र कोही कुरानमा रोकिएका छौँ । सबै सम्प्रदाय शब्दको सम्प्रदाय हो । धर्म शब्द होइन अनुभव हो । तसर्थ यसको कुनै सम्प्रदाय हुनै सक्दैन । अनुभव हिन्दू, मुसलमान, इसाई हुँदैन अनुभव त आकाश जस्तो स्वच्छ र एक हुन्छ । अर्जुनले अहिलेसम्म सोधेका प्रश्नहरू बुद्धिगत थिए र कृष्णले तर्कपूर्वक सम्झाउँदै प्रश्नहरूको निवारण गर्दै जानुभयो, जुन बौद्धिक कुराकानी मात्र थियो । कृष्ण पनि अर्जुनबाट म प्रत्यक्ष दर्शन गर्न चाहन्छु भन्ने प्रश्न आओस् भनेर प्रतीक्षा गर्दै हुनुहुन्थ्यो होला ! किनभने उहाँको चाहनाबाहेक त केही हुनै सक्दैन ।

अर्जुनले भने हे कमलनयन ! म हजुरको विराट् रूप हेर्न चाहन्छु । यो प्रश्न नै दुस्साहसपूर्ण छ किनभने हाम्रो आँखाको सीमा हुन्छ । निराकार र विराट्लाई हेर्न यो आँखाको पार तेस्रो नेत्र अर्थात् शिव नेत्र एवम् ठुलो हिम्मत चाहिन्छ । त्यो दिव्यचक्षुले मात्र परमात्मालाई प्रत्यक्ष रूपमा देख्न सकिन्छ । त्यो दिव्य चक्षुविना देखिने सबै कुरा परोक्ष हो । त्यो विराट्लाई हेर्न हाम्रो आँखाको सारा शक्ति समेटेर अन्धो नै हुनुपर्छ र त्यो आँखाको ज्योतिलाई तेस्रो नेत्रमा लगाउन सक्नुपर्छ । विराट्लाई देखेपछि व्यक्तिमा बडो व्याकुलता पैदा हुन्छ । त्यो विराट् स्वरूपको दर्शनपछि व्यक्तिमा आफूलाई सह्माल्नै नसक्ने प्रतिक्रियाहरू उत्पन्न हुन्छन् । ऊ तर्सिन्छ, काँप्छ, खुट्टा जमिनमा टेक्न सक्दैन र प्राण नै कण्ठमा आए जस्तो हुन्छ किनभने यो असाधारण घटना एवम् परिस्थिति हो । त्यो असीम, अरूप, अनन्त, सर्वशक्तिमान् र सर्वव्यापकलाई हेर्न आफू पूरै मिट्न सक्नुपर्छ । विराट्को त आफू मिटेपश्चात् मात्र दर्शन हुन सक्छ । आफू मिट्नु नै परमात्मालाई पाउनु हो, यो मृत्युका लागि तयार भएर गरिने खोज हो ।

अर्जुन ममा हजुरको दर्शन गर्ने क्षमता छ भने म हजुरको विराट् रूपको दर्शन गर्न चाहन्छु भन्दछन् । अर्जुनमा जे हेर्ने आकाङ्क्षा भएको छ, त्यो अन्तिम र असम्भव आकाङ्क्षा हो । अन्य जीवहरूमा भन्दा मनुष्यको एउटा चाहना बढी हुन्छ, त्यो हो परमात्माको खोज । ऊ यही चाहनाले संसारमा जन्म लिन्छ र जबसम्म त्यो विराट्को खोज गर्दैन, उसले पशुको सीमालाई अतिक्रमण गर्न सक्दैन । विराट् दर्शनको आकाङ्क्षी हुनु र दर्शनपश्चात् आफूलाई सह्माल्नु आगोसँग खेल्नु जस्तो हो । त्यसैले अर्जुनले विनम्रतापूर्वक हजुरलाई यो सम्भव लाग्छ भने मात्र दर्शन दिनुहोस् अन्यथा म प्रतीक्षा गर्छु भन्छन् । कैयन् पटक शिष्यहरूले पूरा तयारी गरेपछि मात्र गुरुले त्यो असम्भव र विस्तारहीनलाई हेर्न स्वीकृति दिन्छन् । यसको तयारीका लागि जन्मौं प्रतीक्षा गर्नुपर्छ । विना तयारीको काँचो अवस्थामा विराट्को दर्शनको प्रयासले धेरै साधक विक्षिप्त भएका छन् । जर्मन विचारक फेडरिक नित्से जो बुद्ध, महावीरसरहको चेतना भएका व्यक्ति थिए उनी यसका ज्वलन्त उदाहरण हुन् । उनले भनेका थिए- समयभन्दा हजारौं माइलमाथि म उभिएको छु यसको अर्थ हो म समयभन्दा बाहिर भएको छु र विराट् अराजकतालाई देखिरहेको छु । त्यसपछि उनी स्वस्थ्य हुन सकेनन् र पागल भए । यो उनको विना तयारी र विना गुरुको काँचो अवस्थामै विराट् हेर्ने इच्छाले विराट्सँग साक्षात्कार त भयो तर उनले त्यो धान्न नसक्दा विक्षिप्त भए र विक्षिप्ततामै उनको मृत्यु पनि भयो ।

अर्जुनको पनि सायद त्यो विराट्को दर्शन गर्नभन्दा अघि मन विचलित र त्रसित भएको हुनुपर्छ । त्यसैले कृष्णलाई नै उपयुक्तता जाँच्ने अनुरोध गरेर मेरो सम्भावना र पात्रता छ भने मात्र दर्शन दिनुहोस् अन्यथा म प्रतीक्षा गर्छु भनी अनुरोध गर्दछन् । यसप्रकार अर्जुनले प्रार्थना गरेपछि श्रीकृष्णले भन्नुभयो- हे पार्थ ! मेरा सैकडौं र हजारौं प्रकारका विभिन्न वर्णको आकृति भएको अलौकिक रूप हेर । अर्जुनको भनाइमा विनम्रता र समर्पण थियो त्यसैले उनी कृष्णको विराट् रूपको दर्शन गर्न पूरा तयार थिए । जसले गर्दा कृष्णले अर्जुनको योग्यता र पात्रताको कुरा उठाउनु नै भएन र सोझै मेरो अलौकिक रूप हेर भन्नुभयो । श्रीकृष्ण भन्नुहुन्छ- हे भरतवंशी अर्जुन ! ममा आदित्यहरूलाई, अदितिका द्वादश पुत्रहरूलाई,

आठ वसुहरूलाई, एकादश रुद्रहरूलाई, अश्विनीकुमारलाई, मरुत्गणलाई हेर र अरू पनि पहिले कहिल्यै नदेखिएका आश्चर्यमय रूपहरूलाई हेर । हे अर्जुन ! मेरो शरीरको एक ठाउँमा स्थित चराचरसहित सम्पूर्ण जगत्लाई पनि हेर । श्रीकृष्ण अर्जुनलाई पात्रता र उपयुक्तताको प्रश्न नै नउठाई मेरा विभिन्न रूपहरूलाई हेर भन्नुहुन्छ । सायद यही आग्रह अलि अगाडि गरेको भए कृष्णको जवाफ अरू नै हुन सक्थ्यो । अर्जुनले यति लामो संवादमा अवश्य केही आर्जन गरे होलान् ! जसलाई देख्न केवल कृष्ण समर्थ हुनुहुन्छ । त्यसैले पात्रताका बारेमा केही नभनी मेरो रूप हेर भन्नुहुन्छ । हामीहरू सबै कृष्णद्वारा नै सञ्चालित छौं । यदि हामी रथ हौँ भने हाम्रो मन अर्जुन र भित्रको साक्षी चैतन्य श्रीकृष्ण हो । कृष्ण नै हाम्रो मनको साक्षी हो तर हाम्रो मनले साक्षीतिर दृष्टि पुऱ्याएको छैन र उसलाई सुनेको पनि छैन । जुन दिन हाम्रो आफ्नो तयारी पूरा हुन्छ हामी पनि श्रीकृष्णलाई उपलब्ध हुने छौँ ।

अर्जुनमा रहेको सन्देहको बादल हटेर श्रीकृष्णले भन्नुभएका कुरामा अर्जुनलाई श्रद्धा उत्पन्न भएको छ र अब उनी प्रश्नहीन भएका छन् । प्रश्नको समाप्ति नै त्यो विराट् हेर्ने क्षमताको प्राप्ति हो । सत्यलाई सुनेर होइन, हेरेर पाउन सकिन्छ त्यसैले सत्य जान्ने व्यक्तिलाई श्रोता होइन द्रष्टा भनिन्छ । जसले जाने उनको ज्ञानलाई श्रवण होइन दर्शन भनिन्छ । त्यसैले तेस्रो नेत्रको खोजी गरिन्छ किनभने भित्री आँखाको अनुभव मात्र आफ्नो हुन्छ । अर्जुन प्रारम्भमा पाप-पुण्य, हिंसा-अहिंसामा अल्झिएका थिए । उनका सबै प्रश्नहरू अहिलेसम्म नैतिक थिए तर अब उनको जिज्ञासा धार्मिक भएको छ र उनको आयाम नै परिवर्तन भएको छ । युद्धमा परिवारजनका लागि अहिलेसम्म उनी चिन्तित थिए । अब त्यो भिड र विशाल सेनाहरू सबै लुप्त भएर केवल अर्जुन र कृष्णमात्र शेष रहेका छन् । उनका लागि संसार नै सबै हरायो र उनी अब विराट्को दर्शन गर्न चाहन्छ । अर्जुनको यो जिज्ञासा धर्मको जिज्ञासा हो ।

ब्रह्मसूत्रको प्रारम्भको वचन अद्भुत छ- 'अथातो ब्रह्मजिज्ञासा'; यहाँबाट ब्रह्मजिज्ञासा सुरु हुन्छ । यसको अर्थ अहिलेसम्म संसारको जिज्ञासा थियो भन्ने हो । त्यस्तै गीतामा अर्जुनको पनि आयाम बदलियो र संसारको चर्चाबाट छुटेर अब ब्रह्मको जिज्ञासा सुरु भएको छ । अब अर्जुन ब्रह्मलाई वा कृष्णको विराट् स्वरूपलाई प्रत्यक्ष अवलोकन गर्न चाहन्छन् । आदिशङ्कराचार्यले बडो आग्रह गरेर यो जगत् माया र स्वप्न हो भन्नुभएको छ । जगत्लाई सत्य होइन स्वप्न मानेर जब व्यक्ति सत्यको खोज गर्छ, तब ब्रह्मको विराट् दर्शन सम्भव हुन्छ । तत्पश्चात् यो जगत् आकाशमा माछा उडे जस्तो स्वप्न प्रतीत हुन्छ । कृष्णको सान्निध्य र तल्लीनताले अर्जुनलाई अब यो जगत् स्वप्नवद्ध भयो । उनलाई नीति-अनीति, उचित-अनुचित, पाप-पुण्य सबै विस्मरण भयो र स्वअनुभवबाट ब्रह्मको दर्शन गर्ने एक मात्र इच्छा शेष रह्यो । गीताको यो क्षणसम्ममा अर्जुनले जीवनको छुद्रताको जिज्ञासा छोडेर विराट्को जिज्ञासा राख्ने योग्यता आर्जन गरेका छन् । धर्मका सबै उपाय पूजा, पाठ, जप, ध्यान छुद्रलाई विस्मरण गर्ने उपाय हुन् । बाहिरको कोलाहल जब बन्द हुन्छ, तब मात्र भित्रको सनातन आवाज सुनिन्छ ।

विराट्लाई हेर्ने तेस्रो आँखा बाहिरको ज्योति तानी भित्र केन्द्रित गरे मात्र खुल्ला हुन सक्छ तर यो अत्यन्त लामो यात्रा हुन्छ । राधाको नाम उल्ट्याउँदा धारा बन्छ । राधा एउटा यौगिक प्रक्रिया हो, जुन दिन जीवनको धारा उल्टो हुन्छ त्यस दिन त्यो धाराबाट राधा बन्छ । आँखाबाट बाहिर बग्ने जीवनरूपी धारा जब भित्र आउन थाल्छ, तब त्यो राधा हुन्छ र हामीभित्र लुकेको साक्षी चैतन्य कृष्णसँग मिलन हुन्छ । राधा हाम्रो जीवनधारा उल्टो भएर अन्तरयात्रा गर्ने नाम हो । त्यो जीवनधारा जब राधा बन्छ, तब त्यो परम नित्यसँग रास सुरु हुन्छ । यही राधासँग चैतन्यस्वरूप कृष्णको रास लीला हो । अर्को, तेस्रो नेत्र खोल्ने उपाय समर्पण भाव हो । जुन जीवनधारा भित्र सुरु हुन्छ, त्यसलाई समर्पण गरेमा त्यो समर्पणको धारा उल्टो बग्न थाल्छ र तेस्रो नेत्र खुल्छ । अर्जुनले कुनै साधना पनि गरेका छैनन् । त्यसको कुनै ज्ञान पनि उनलाई छैन तर कृष्णमा गरेको उनको समर्पणले विनाप्रश्न विराट् रूप हेर भनी तत्क्षण श्रीकृष्ण भन्नुहुन्छ किनभने अर्जुनको राधाकृष्णसँग मेल भयो र दुवै धारा एक भएर घटना घटित भयो । श्रीकृष्ण

जस्ता धैर्यवान् र अलौकिक गुरु हुनाले अर्जुनका हरेक उचित, अनुचित प्रश्नको जवाफ दिँदै उनलाई आन्तरिक रूपान्तरण गरेर यो स्थितिमा पुऱ्याउनुभयो, जहाँ अब उनी विराट्को दर्शनको पात्रता प्राप्त गर्न सफल भए र हामीले गीता जस्तो अद्भुत अलौकिक ग्रन्थ पाउन सक्यौँ । यो सबै कृष्णको कृपाकै बर्सात हो ।

*न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।*
*दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥*

**हे अर्जुन ! मलाई तिमी आफ्नो यो प्राकृत आँखाबाट हेर्न निःसन्देह असमर्थ छौ । यस निम्ति म तिमीलाई दिव्यचक्षु दिन्छु; यसबाट तिमी मेरो ईश्वरीय योगशक्तिलाई हेर ॥**

*सञ्जय उवाच*
*एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।*
*दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥*

**सञ्जयले भने- हे राजन् ! महायोगेश्वर र सबै प्रकारका पापको नाश गर्नेवाला भगवान् श्रीकृष्णले यति भनेर अर्जुनलाई आफ्नो दिव्यस्वरूप देखाउनुभयो ॥**

*अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।*
*अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥*
*दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।*
*सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥*

**अनेक मुख र नेत्रले युक्त, अनेक अद्भुत दर्शन भएका प्रशस्त आभूषणले युक्त अनेक दिव्यशस्त्रहरू धारण गरेका दिव्य गन्ध शरीरमा लेप गरेका सबै प्रकारले आश्चर्ययुक्त सीमारहित र चारैतिर मुख गरेका विराट्स्वरूप परमदेव परमेश्वरलाई अर्जुनले देखे ॥**

मनुष्यमा सधैँ जीवनको प्रयोजन, लक्ष्य र परम रहस्यबारे जान्ने चाहना हुन्छ । ऊ उत्पत्ति र प्रलयको रहस्य जान्न चाहन्छ । मनुष्य जुन अवस्थामा छ त्यो अवस्थामा यो रहस्य जान्न सकिन्न । संसारमा नास्तिक दर्शनको विकास हुनाको कारण यही नै हो । अन्धो व्यक्तिले चाहेर पनि प्रकाश देख्न सक्दैन । त्यसैले उसले प्रकाश भ्रान्ति हो भन्न सक्छ तर कति प्रकाश देख्ने व्यक्तिहरू पनि विभ्रममा छन् । मनुष्यहरू परमात्मालाई परम्परागत अन्धविश्वासका आधारमा मानिरहेका छन् । सबै परमात्मा खोज्न चाहन्छन् तर आफूसँग त्यो आँखा छ कि छैन जसबाट परमात्मालाई देख्न सकियोस् भन्ने प्रश्न गर्दैनन् । जब परमात्मा यो गोचर आँखाबाट देखिँदैन, तब अन्धाले प्रकाश छैन भने झैँ नास्तिकले पनि परमात्मा छैन भन्न सक्छन् । आफूसँगै भएको परमात्मा देख्न सक्ने तेस्रो नेत्रका विषयमा पात्रता र जानकारी नहुँदा परमात्मालाई हेर्न खोजेर मात्र परमात्मालाई देख्न सकिन्न । यो अन्धाले प्रकाश छैन भने जस्तै कुरा हो ।

विगत तीन सय वर्षमा मनुष्यले प्राप्त गरेको उपलब्धिबाट उसमा ठुलो अहङ्कार उब्जिएको छ । मनुष्य ठुलो बिरामीसँग लड्न सक्ने भएको छ, बिजुलीलाई बाँधेर घरमा प्रकाश ल्याउन सफल भएको छ । यस्ता उपलब्धिहरूले उसको अहङ्कारलाई थप बल पुगेको छ । जति अहङ्कार बढ्छ उति नै नास्तिकता सघन हुन्छ । मनुष्य आफ्नो बाहिरी इन्द्रियलाई पनि यन्त्रसँग जोडेर विस्तार गर्न सफल भएको छ तर कुनै इन्द्रिय जो बन्द नै भएको छ यसको खोजी गर्न भने पूरा असफल भएको छ । पहिलेको युगमा कम भौतिक उपलब्धिका कारण अहङ्कार गर्ने अवसर कम थियो । तसर्थ जीवनमा सहज रूपमा विनम्रता आउँथ्यो र बाहिर बढ्ने उपाय नभएपछि मनुष्य भित्र बढ्ने चेष्टा गर्थ्यो । आज चन्द्रमामा जान सजिलो छ तर भित्र यात्रा गर्न कठिन भएको छ । व्यक्तिहरूसँग बुद्धि त छ तर यसले तर्क र गणितको भाषालाई बढी जान्न सक्छ । बुद्धिको विस्तार विज्ञान हो । त्यसैले विज्ञानले जसलाई नाप्न र जाँच्न सकिन्छ त्यसलाई

मात्र मान्दछ र जसलाई नाप्न र जाँच्न सकिन्न त्यो छैन भन्दछ । यो विज्ञानको भुल हो किनभने जसलाई नाप्न, जाँच्न र पकड्न सकिन्न त्यो हुन पनि सक्छ ।

आस्तिकता सहज स्वीकारभाव हो । म अधुरो छु र म परम सत्यलाई जान्न चाहन्छु भन्ने स्वीकारभाव आस्तिकता हो । परमात्मा असीम छ, त्यसैले उसलाई बुद्धिले नाप्न सकिन्न । बुद्धि नाप्ने व्यवस्था हो र बुद्धि विराट्को एक अंश हो । तसर्थ अंशले पूर्णलाई नाप्न सक्दैन । अंशले धेरै कुरा गर्न सक्छ तर पूर्णलाई पकड्न सक्दैन । बुद्धि विराट्को सागरको थोपा जस्तो हो; त्यसैले बुद्धि विराट्लाई जान्ने उपाय होइन । मनुष्य बुद्धिले विराट्लाई जान्ने प्रयास गर्छ जुन उसको भुल हो । अन्धालाई प्रकाश अज्ञात भए झैँ हामीलाई ईश्वर अज्ञात छ तर ऊ सर्वत्र व्यापक रूपमा स्थित छ । हामी परमात्मामै सदैव छौँ र ऊविना हाम्रो रगत सञ्चालन हुन सक्दैन, श्वास चल्न सक्दैन, हृदय धड्किन सक्दैन, वाणी फुट्न सक्दैन, मन विचार गर्न सक्दैन र ऊविना केही पनि हुन सक्दैन किनभने ऊ नै अस्तित्व हो तर उसलाई देख्न सक्ने इन्द्रिय अर्थात् चक्षु हामीसँग छैन । साथै ईश्वरलाई सोच-विचारबाट जान्न पनि सकिँदैन र बुद्धिले पाउन पनि सकिँदैन ।

मनुष्यले पदार्थ जो स्थूल हुन्छ, त्यसलाई छुन सक्छ तर पदार्थभित्र रहेको सूक्ष्मलाई छुन सक्दैन । हाम्रा इन्द्रियहरूको एउटा सीमा छ । मनुष्यभन्दा बढी इन्द्रियको क्षमता भएको अर्थात् सुन्ने, सुँध्ने इत्यादि शक्ति बढी भएका जनावरहरू छन् । कुकुरले हामीभन्दा सयकडौं गुणा बढी सुन्न र सुँघ्न सक्छ, घोडाले हामीभन्दा दश गुणा ज्यादा सुँघ्न सक्छ, मौरीले पाँच माइल परबाट फूलको सुगन्ध समात्न सक्छ । हामीभन्दा धेरै शक्तिशाली आँखा, जिब्रो, कान र हात भएका जनावरहरू छन् । हाम्रा सबै इन्द्रियहरूको सीमा भएकाले असीमलाई कुनै इन्द्रियले समात्न सक्दैन । हाम्रा इन्द्रिय मात्र होइन हाम्रो जीवन नै सीमित छ । हाम्रो जीवन नै पनि ९८ डिग्री र १०८ डिग्री बिचमा रहेको छ । ९८ डिग्रीभन्दा तापमान घट्दा या १०८ डिग्रीभन्दा ज्यादा बढ्दा मनुष्यको जीवन समाप्त हुन्छ । यस्तो सीमित जीवनबाट त्यो परम जीवनबारे जान्न खोज्नु अत्यन्त कठिन काम हो । कुनै जानकारी नै नभई ईश्वर छ भन्ने र छैन भन्ने दुवै व्यक्ति अबुझ हुन् । समझदार व्यक्तिले यत्रो विराट् असीम ईश्वरसँग सम्बन्ध बनाउन ऊ उपयुक्त छ छैन र उसको पात्रता छ छैन भन्ने चिन्तन गर्नुपर्छ । यदि पात्रता छैन भने आफ्नो अवस्था र स्थितिलाई त्यो परमलाई जान्ने योग्य कसरी बनाउन सकिन्छ भन्ने विचार गर्नुपर्छ । धर्म र दर्शनमा यही फरक हुन्छ । धर्म स्वयम् र आफूभित्रको सम्भावनाको खोजी गर्छ भने दर्शन ईश्वरका सम्बन्धमा मात्र सोच्दछ ।

श्रीकृष्ण भन्नुहुन्छ- तर मलाई यो प्राकृतिक नेत्रबाट देख्नका लागि तिमी निःसन्देह असमर्थ छौ । त्यसैले म तिम्रा लागि दिव्यचक्षु दिन्छु । त्यसबाट तिमी मेरो ईश्वरीय योगशक्तिलाई हेर । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमीसँग जुन आँखा छन्, तिनबाट तिमी मलाई देख्न सक्दैनौँ । अर्जुन यस क्षण पनि आफ्नो आँखा अगाडि जुन कृष्णलाई देखिरहेका छन् तिनै कृष्णलाई मात्र जान्दछन् तर ती कृष्णभित्र स्थित अर्को वास्तविक कृष्णलाई अर्जुनले यी इन्द्रियजन्य आँखाले देख्न सक्दैनन्; श्रीकृष्ण त्यही वास्तविक कृष्णको कुरा गर्दै हुनुहुन्छ । अहिले जुन कृष्ण अर्जुनको दृष्टिका अगाडि हुनुहुन्छ, त्यो त कृष्णको छायाँ मात्र देखिएको हो र मूललाई त उनले देखेकै छैनन् । पानीमा प्रतिविम्ब बने जस्तै प्रकृतिमा आत्माको प्रतिविम्ब बन्छ । हामी आफूलाई होइन, आफ्नो छायालाई मात्र देख्छौँ । हामीले मूर्तिमा देख्ने कृष्ण उहाँको छविको पनि प्रतिछवि हो किनभने उहाँ शरीरमै उपस्थित हुँदा पनि स्वयम् यो ‘म’ होइन जो तिमी मलाई देखिरहेका छौ भन्दै हुनुहुन्छ । कृष्णलाई हेर्न प्राकृतिक चक्षुको काम छैन, यसका लागि दिव्यचक्षुको आवश्यकता पर्छ । कृष्णले बाह्य आँखालाई प्राकृतिक भन्नुको अर्थ यसबाट प्रकृति गोचर हुन्छ तर दिव्यता गोचर हुन सक्दैन, यसबाट पदार्थ देखिन्छ तर चैतन्य देखिँदैन । अर्जुन कृष्णको मूल देख्न समर्थ भएमा आफ्नो मूल देख्न पनि समर्थ हुन सक्छन् । श्रीकृष्ण भन्दै हुनुहुन्छ- म तिमीलाई दिव्यचक्षु दिन्छु, जसले तिमी मलाई मूल रूपमा देख्ने छौ । तर्क गर्नु मनुष्यको स्वभाव हो । त्यसैले कृष्णको कुरामा एउटा जिज्ञासा के कसैले दिव्यचक्षु दिन सक्छ भन्ने उठ्न सक्छ र यदि परमात्माले मात्र दिन सक्छ भने प्रयास गर्नुभन्दा कृष्णको प्रतीक्षा गर्नुबाहेक अरू विकल्प हुनै सक्दैन भन्ने जिज्ञासा पनि उठ्न सक्छ ।

श्रीकृष्णले दिव्यचक्षु दिन्छु भन्नुभन्दा अघि नै अर्जुनले कृष्णलाई पूरा समर्पण गरिसकेका छन् । मनुष्यले गर्ने सबैभन्दा ठुलो साधना समर्पण हो । त्यसैले जसले पूर्ण समर्पण गर्छ उसलाई दिव्य चक्षु स्वतः प्राप्त हुन्छ । त्यो समर्पणको क्षण नै दिव्यचक्षुको निर्माण हुन्छ । कृष्णको उपस्थितिले नै अर्जुनले दिव्यचक्षु प्राप्त गरेका हुन् । श्रीकृष्ण यस अवसरमा क्याटेलेटिक एजेन्टको काम गर्दै हुनुहुन्छ । अध्यात्ममा क्याटलेटिक एजेन्टको धारणा महत्त्वपूर्ण छ । गुरु क्याटलेटिक एजेन्ट हो उसले केही  गर्दैन र केही दिँदैन किनभने केही गर्दा पनि हिंसा हुन्छ । त्यसैले गुरु केवल उपस्थित मात्र हुन्छ किनभने आध्यात्म दिन सकिने कुरा नै होइन । गुरुको उपस्थिति मात्रले सबै काम गर्छ । कृष्णको उपस्थिति नभएको भए अर्जुनको समर्पण पनि असम्भव हुने थियो । जति सजिलो अर्जुनलाई कृष्णका अगाडि समर्पण गर्न भयो सायद त्यो मीरालाई भएन  होला । त्यसैले मीराको समर्पण अर्जुनको भन्दा महान् छ । परम सत्य कहिल्यै नष्ट हुँदैन केवल छायाँ मात्र हराउँछ । मीराले प्रतिविम्ब जन्माएर तत्पश्चात् समर्पण गरिन्, यो अर्जुनको भन्दा कठिन कार्य हो । त्यो मूल त कहिल्यै पनि हराउँदैन र त्यही मूल पानीमा राम, कृष्ण, बुद्ध भएर झल्किन्छन् अनि हामी देख्न सक्छौँ । त्यो मूल हामी सबैसँग छ र जुन दिन हाम्रो कल्पना प्रगाढ ऐना वा जल बन्छ, त्यो दिन त्यो मूल हामीमा प्रतिविम्बित हुने छ । त्यही प्रतिविम्ब मीराले पनि निर्माण गरेकी हुन् । कुनै पनि व्यक्तिलाई आफू जस्तै शरीरधारीलाई परमात्मा मान्न उसको अहङ्कारका लागि सबैभन्दा कठिन कार्य हुने हुँदा अर्जुनलाई पनि कठिन भएकै हुनुपर्छ ।

जब कसैलाई परमात्मा मानिन्छ, तब समर्पण गर्न सजिलो हुन्छ । समर्पण गर्ने व्यक्तिको द्वार खुल्छ र उसले परमात्मा जहाँ पनि र ढुङ्गामा पनि देख्न सक्छ । समर्पणकै कारण अर्जुनले दिव्यचक्षु प्राप्त गरेका हुन् । समर्पण नगरी जतिसुकै सत्यवादी र ब्रह्मचारी साधु भए पनि उसको पवित्रता अहङ्कार बन्छ । त्यसैले कहिलेकाहीँ अङ्गुलीमाल, रत्नाकर जस्ता व्यक्ति पनि अहङ्कारी साधुको तुलनामा छिटै परमात्मासमक्ष पुग्छन् । अङ्हकारिता भन्दा ठुलो पाप अरू केही हुँदैन र निरहङ्कारिता भन्दा ठुलो साधुता अरू केही हुँदैन । अर्जुनको शरणागति भाव देखेर श्रीकृष्णले म तिमीलाई दिव्यचक्षु दिन्छु, तिमी मेरो पूर्ण र मूल रूप हेर भन्नुभएको हो । जब कुनै माध्यम नभएर भित्र शुद्ध देख्नेवाला मात्र रहन्छ, तब असीमलाई देख्न सकिन्छ वा असीमको दर्शन हुन्छ । दिव्यचक्षुबाट असीमको दर्शन हुने हुँदा यो चक्षुलाई दिव्य भनिएको हो । हाम्रा आफ्ना इन्द्रियको जति क्षमता र सीमा छ त्यहीँसम्म देख्न सक्छौँ । जगत् असीम छ तर हाम्रो देख्ने माध्यमले यसलाई सीमामा बाँधिदिन्छ । त्यसैले हामी इन्द्रियको क्षमता जति मात्र देख्न सक्छौँ । वैज्ञानिकहरू भन्दछन्- हाम्रा चारैतिर घटित भएका घटनाहरूमध्ये ९८ प्रतिशत घटनाहरू हामी देख्न असमर्थ हुन्छौँ र २ प्रतिशत मात्र हाम्रो इन्द्रियको क्षमता हुने हुँदा त्यति नै हामी देख्न सक्छौँ ।

जब संसारबाट व्यक्ति पूर्ण वैराग्यका निम्ति उपलब्ध हुन्छ अर्थात् शतप्रतिशत अन्धो हुन्छ, तब दिव्यचक्षु उपलब्ध हुन्छ र भित्रको दृष्टि खुलेर असीमको अलौकिक रूपको दर्शन हुन्छ । संसारबाट नभागेर र संसारलाई नपकडेर केवल चेतना जो इन्द्रियको पछि दौडिन्छ, त्यसलाई फिर्ता गर्नु वैराग्य हो । घर छोडेर भाग्नु वैराग्य होइन वैराग्यको अर्थ न त संसारलाई छाड्नु न पक्डिनु हो; केवल चेतना जो इन्द्रियका पछाडि दौडिन्थ्यो त्यसलाई फिर्ता गर्नु वैराग्य हो । यदि आँखा वैरागी भए भने दिव्यचक्षु खुल्ने छ । संसारमा वासना र रस रहुन्जेल व्यक्तिले समर्पण गर्न सक्दैन । परमात्माले जस्तो चाह्यो उस्तै हुनु समर्पण हो । अर्जुनमा पनि संसारको रस हटेको हुनुपर्छ र वैराग्यको अवस्थामा हुँदै समर्पणको अवस्थामा पुगेको हुनुपर्छ । त्यसैले अर्जुनका लागि सारा व्यक्तिहरू र युद्धस्थल पनि हराएको छ । त्यसैले अर्जुन भन्छन्- यदि हजुरले चाहनुहुन्छ र मेरो सम्भावना हजुरको दर्शन गर्न सक्छ जस्तो हजुरलाई लाग्छ भने मलाई हजुरको अलौकिक रूपको प्रत्यक्ष दर्शन गराइदिनुहोस् । यही अर्जुनको समर्पण र कृष्णको उपस्थितिबाट अर्जुनलाई दिव्यचक्षु प्राप्त भएको हो साथै समर्पणको यस घडीमा कृष्णको सत्तासँग अर्जुनको मिलन हुन सक्यो ।

सञ्जयले भने- हे राजन् ! महायोगेश्वर एवम् सबै पाप नाश गर्नेवाला भगवान् श्रीकृष्णले यी कुराहरू भनेर अर्जुनलाई आफ्नो परम अलौकिक ऐश्वर्ययुक्त दिव्य स्वरूप देखाउनुभयो । यो घटना

कृष्णबाट अर्जुनको भित्र घट्यो र अर्जुन खिल्न थाले । उनको चेतनाका पङ्खहरू खुले र अर्जुनले त्यो दिव्य रूप देख्न सके । यो घटना सञ्जय धृतराष्ट्रलाई सुनाउदै छन् । सञ्जय हामी जस्तै कृष्णभन्दा पर छन् । सत्य जब घट्छ, तब त्यो खबर ल्याउने व्यक्ति चाहिन्छ अन्यथा हामी जस्ता अन्धाहरूलाई थाहा पनि हुँदैन । सञ्जयसँग दिव्यचक्षु भने छैन । दिव्यचक्षु प्राप्त व्यक्तिका निम्ति अर्जुनलाई घटेको जस्तो घटना घट्छ । सञ्जयसँग दिव्यचक्षु होइन दूरदृष्टि छ । गीताको भाषा सञ्जयको भाषा हो । यसमा धेरै तलहरू छन् । घटनाको तलमा श्रीकृष्ण हुनुहुन्छ, अर्को निकट तलमा अर्जुन छन् अनि धेरै परको तल्मा सञ्जय छन् र अनन्त दूरीमा बसेका धृतराष्ट्र छन् । त्यसैले गीता चार चरणमा हिँड्छ । धृतराष्ट्र सञ्जयलाई सोध्छन् र सञ्जय त्यो परको घटनालाई शब्दमा बाँधिरहेका छन् । सञ्जयले अन्धा धृतराष्ट्रलाई बुझाउनुपर्ने हुँदा उनको भनाइ अधुरो हुन्छ । हामीहरू सबै धृतराष्ट्र हौं । त्यसैले हामीलाई पनि केही देखिँदैन र हामी पनि केही बुझ्दैनौ ।

सञ्जय भन्छन्- श्रीकृष्णले अर्जुनलाई आफ्नो त्यो परम दिव्य रूप देखाउनु भयो । सञ्जयले वर्णन गरेको र अर्जुनले देखेको पहिलो रूप ऐश्वर्ययुक्त दिव्य स्वरूप हो । यो रूप श्रीकृष्णले अर्जुनको तयारीका लागि देखाउन सुरु गर्नुभएको हो । परमात्माका विभिन्न रूपहरू छन्- विकराल, भयङ्कर, कुरूप रूप पनि परमात्माकै रूप हुन् र अति सुन्दर ऐश्वर्ययुक्त महिमावान् रूप पनि परमात्माकै रूप हुन् । नराम्रो-राम्रो पक्ष र सारा द्वैत परमात्मा नै हो । जसले एकलाई जान्दछ उसका लागि सबै राम्रो-नराम्रो तिरोहित हुन्छ । श्रीकृष्ण अर्जुनलाई आफ्नो पूर्ण रूप देखाउने क्रम सुरु गर्नुहुन्छ । अर्जुनलाई हेर्ने सुबिधा होस् भनेर दिव्य ऐश्वर्य रूपबाट सुरुवात गर्नुहुन्छ, सिधै विकराल रूप प्रकट गर्नुहुन्न । श्रीकृष्ण अतिसुन्दर, प्रीतिकर, महिमाशाली रूपबाट दर्शन दिन प्रारम्भ गर्नुहुन्छ । श्रीकृष्णको पूर्ण रूपमा उहाँको मनमोहक चित्तचोर बाँसुरी बजाउने रूप पनि छ र शिवले ताण्डव गरेको रौद्र स्वरूप पनि छ । हामी जस्ता त्रासको छायाँमा जिउने व्यक्तिका लागि विकराल रूपबाट हेर्न सुरु गर्नु खतरनाक सिद्ध हुन सक्छ । त्यसैले कृष्णले अर्जुनलाई पहिले परम ऐश्वर्ययुक्त दिव्य स्वरूप दर्शन गराउनुभयो । त्यो अनेक मुहार र नेत्रले युक्त अनेक दर्शन भएको अत्यधिक सुन्दर भूषणबाट सुसज्जित र अत्यधिक शस्त्रहरू सहित दिव्य माला र वस्त्र धारण गरेको, दिव्य गन्धको अनुलेपन गरेको एवम् सबै प्रकारको आश्चर्ययुक्त सीमारहित विराट् स्वरूप परमदेव परमात्मालाई अर्जुनले देखेर अपलक निहारिरहे भनेर सञ्जय भन्दछन् ।

वर्णन गरिएका यी सबै रूप अर्जुनका प्रीतिकर कुरा हुन् । त्यसैले परमात्माको पहिलो स्वरूप उनका लागि प्रीतिकर थियो । क्षत्रियका लागि ईश्वर जस्तो हुनुपर्ने त्यस्तै रूपमा शस्त्रास्त्रले सुसज्जित, ऐश्वर्ययुक्त आभूषणले युक्त स्वरूपमा श्रीकृष्ण प्रकट हुनुभयो । श्रीकृष्णको पहिलो रूप जुन अर्जुनका अगाडि प्रकट भयो, त्यो ऐश्वर्यले परिपूर्ण अनेक मुहार र नेत्र भएको, अनेक दर्शनवाला, दिव्य भूषणहरूले सुसज्जित, दिव्य शस्त्रधारण गरेको र दिव्य गन्धलेपन गरेको थियो । यो रूप अर्जुनले कल्पना गरेको ईश्वरको त्यो रूप हो, जो उनी हेर्न चाहन्थे । परमात्माको यो स्वरूपको दर्शनले अर्जुन अहोभावले लीन भए । सबै प्रकारले आश्चर्यले युक्त, सीमारहित र सबैतिर मुख गरेका परमात्मालाई अर्जुनले देखेर यो दिव्यरूपबाट अर्जुन मोहित र स्तब्ध हुन पुगे । यो अनुपम सौन्दर्यलाई देखेर उनी विस्मृत भए किनभने यही उनको चाहनाको दिव्यरूप थियो ।

*दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।*
*यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥*

**आकाशमा हजार सूर्य एकसाथ उदाउनाले जुन प्रकाश उत्पन्न हुन्छ, त्यो पनि यो विश्वरूप परमात्माको प्रकाशको सदृश कदाचित् नै होला ॥**

*तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।*
*अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥*

**पाण्डुपुत्र अर्जुनले त्यस समय अनेक प्रकारले विभक्त अर्थात् पृथक् पृथक् सम्पूर्ण जगत् देवहरूका देव श्रीकृष्ण भगवान्को त्यो शरीरमा एकै ठाउँमा स्थित देखे ॥**

*ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।*
*प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥*

**अर्जुनको अन्तर आश्चर्यचकित र शरीर पुलकित भयो र उनले विश्वरूप परमात्मालाई श्रद्धा, भक्तिसहित शिरले प्रणाम गरेर हात जोड्दै भने ॥**

*अर्जुन उवाच*
*पश्यामि देवांस्तव देव देहे*
*सर्वांस्तथा भूतविशेषसङ्घान् ।*
*ब्रह्माणमीशं कमलासनस्थ-*
*मृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥*

**अर्जुनले भने- हे देव ! म हजुरका शरीरमा सम्पूर्ण देवहरूलाई तथा अनेक प्राणीहरूका समुदायलाई, कमलको आसनमा विराजित ब्रह्मालाई, महादेवलाई र सम्पूर्ण ऋषिहरूलाई तथा दिव्य सर्पहरूलाई देखिरहेको छु ॥**

*अनेकबाहूदरवक्त्रनेत्रं-*
*पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।*
*नान्तं न मध्यं न पुनस्तवादिं-*
*पश्यामि विश्वेश्वर विश्वरूप ॥१६॥*

**हे सम्पूर्ण विश्वका स्वामी ! हजुरका अनेक हात, पेट, मुख र नेत्रहरूले युक्त तथा सबैतिरबाट अनन्त रूप भएको स्वरूप देख्दछु । हे विश्वरूप ! म हजुरको न आदिलाई देख्दछु न मध्य र न अन्तलाई नै देख्दछु ॥**

*किरीटिनं गदिनं चक्रिणं च*
*तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।*
*पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-*
*द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥*

**हजुरलाई 'म' मुकुटयुक्त, गदायुक्त र चक्रयुक्त तथा सबैतिरबाट प्रकाशमान् तेजको पुन्ज, प्रज्वलित अग्नि र सूर्यको सदृश ज्योतियुक्त, कठिनताले हेर्न योग्य र सबैतिरबाट अप्रमेय स्वरूप देख्दछु ॥**

कुरुक्षेत्रको युद्धस्थलमा आफ्नो दृष्टिमा केन्द्रित गरिरहेका सन्जयले भने- हे राजन् ! आकाशमा हजार सूर्य एकैचोटि उदय हुँदा उत्पन्न हुने प्रकाश पनि त्यो विश्वरूप परमात्माको प्रकाशसदृश सायदै होला ! अर्जुनलाई विश्वरूपको दर्शन हुँदा पहिलो अनुभव ऐश्वर्यको भएको थियो । अर्जुनलाई पहिले श्रीकृष्णको महिमाशाली ऐश्वर्य रूपको दर्शन भयो जुन सुन्दर, श्रेष्ठ, बहुमूल्य र सबै कुराले युक्त छ । जगत्को सारा सौन्दर्य निचोरेर त्यो विश्वरूपमा स्थित भएको जस्तो, सारा सुगन्ध र प्रेम निचोरेर भरिएको जस्तो दिव्यरूपको दर्शन भयो । यस्तो अनुभव नै परमात्माको ऐश्वर्यको अनुभव हो । अर्जुनले सर्वप्रथम परमात्माको ऐश्वर्यशाली रूप देखे ।

अर्जुनले परमात्माको दोस्रो प्रकाश रूप देखे । प्रकाश ऐश्वर्यपछि देखिनु उचित हो किनभने ऐश्वर्य पनि अधुरो प्रकाश हो । बिहानपख सूर्य उदाउनुअघिको आकाशमा देखिने मधुरो प्रकाश र आभायुक्त अर्थात् साँझमा सूर्य ढलेपछि राति हुनुअघिको दृश्य सन्धिकालको मधुरो आलोक जस्तो अवस्था ऐश्वर्य हो जुन नेत्रप्रिय हुन्छ । ऐश्वर्य आलोक हो र ऐश्वर्यले प्रकाश हेर्न अर्जुनका आँखालाई तयार गरिदिने छ अन्यथा परमात्माको प्रकाश हेर्न सम्भव छैन । सूर्यतिर सोझै हेरेर अन्यत्र हेर्दा चारैतिर अन्धकार देखिन्छ । झन् हजारौं सूर्यको तेज जस्तो परमात्माको प्रकाशमय रूप हेर्न र सहन गर्न पनि असम्भव हुने हुनाले अर्जुनलाई पहिले ऐश्वर्य रूपको दर्शन दिएर त्यसपछि त्यो तेजोमय प्रकाश रूप हेर्न श्रीकृष्ण तयार गर्दै

हुनुहुन्छ । जब प्रकाशको तीव्र आघात हुन्छ, तब चारैतिर अन्धकार फैलिन्छ । स्पेनिस रहस्यवादी सन्त जोन (St. John of the cross) ले यसलाई आत्माको अँध्यारो रात (Dark night of the Soul) भनेका छन् । अर्जुनलाई सायद यही आघातबाट बचाउन र आफ्नो तेजोमय रूप देखाउन ऐश्वर्य रूपबाट श्रीकृष्णले विराट् रूपको दर्शनको सुरुवात गर्नुभयो । यही ऐश्वर्य रूपका कारण परमात्मालाई ईश्वर पनि भनिन्छ ।

जगत्मा भएका सबै पदार्थमा विद्युत् खँदिलो रूपले लुकेको छ अर्थात् पदार्थ पनि विद्युत् नै हो । प्रकाश जब घनीभूत हुन्छ, तब पदार्थजस्तो देखिन्छ । पदार्थको अन्तिम कण इलेक्ट्रोन विद्युत् कण नै हो जुन सबैभन्दा सानो सूर्य हो र यो आफैँमा प्रकाशले पूर्ण छ । विज्ञान पदार्थलाई टुक्र्याएर अन्तिम अविभाज्य कण प्रकाश हो भन्ने नतिजामा पुगेको छ । धर्मले त पहिलेदखि नै परमात्माको अनुभव नै वस्तुतः प्रकाशको अनुभव हो भनेको छ । प्रकाशको परम अनुभूतिका सम्बन्धमा सबै धर्म एकमत छन् । यदि यो सारा जगत् प्रकाश नै भएमा त्यहाँ हजारौँ सूर्यको प्रकाश रहनु स्वाभाविक हुन्छ । यदि पृथ्वीको एक-एक कण जुन विद्युत् ऊर्जा नै हो एक-एक सूर्य भयो भने तब जगत्मा हजारौँ सूर्यको प्रकाश नै प्रकाश रहन्छ । त्यसैले सञ्जय धृतराष्ट्रलाई यसैबारे भन्दछन्- हे राजन् ! हजारौँ सूर्यबाट उत्पन्न हुँदा हुने प्रकाशभन्दा पनि विश्वरूप परमात्माको प्रकाश तेजोमय छ । परमात्मामा भएको प्रकाशका अगाडि त्यो प्रकाश त केही पनि होइन । यस्तो आश्चर्ययुक्त रूपलाई दर्शन गरेपछि पाण्डुपुत्र अर्जुनले अनेक खण्डमा विभक्त र पृथक्-पृथक् भएको सम्पूर्ण जगत्लाई श्रीकृष्ण भगवान्को शरीरमा एक ठाउँमा स्थित भएको देखे । यस्तो घटना प्रकाशको अनुभवपश्चात् नै घट्न सक्छ । यो सारा श्रृङ्खला ऐश्वर्य, प्रकाश र एकताको हुन सक्छ ।

अस्तित्वमा भएका प्रत्येक पदार्थमा रहेको मौलिक एकाइको जानकारी भएर प्रकाशको कण भएको अनुभव भएपछि सबै अन्तर समाप्त हुन्छ अन्यथा जगत् अनेक देखिन्छ । त्यसैले प्रकाशको अनुभव नै एकता र अद्वैतको अनुभव हुनु हो । अर्जुनले महाप्रकाशको अनुभव भएपछि समस्त विभक्त कुराहरू, खण्ड-खण्डमा विभाजित समस्त कुराहरू श्रीकृष्णका शरीरमा एक स्थानमा स्थित भएको देखे । सारा अन्तरका सीमाहरू तिरोहित भएर सारा कुरा एक भएर असीम सागर मात्र रह्यो। प्रकाशको यस्तो सागर अनुभव हुनु भनेको अनेक विभक्त कुराहरू एक भएको अद्वैतको अनुभव हुनु हो । अद्वैत कुनै सिद्धान्त या तर्क होइन किनभने तर्कले चिजलाई बाँड्छ, विचारले खण्डित गर्छ र एक गर्न सक्दैन । यसबारे अद्वैत अनुभवबाट मात्र जान्न सकिन्छ । सबै पृथक् कुराहरू श्रीकृष्णको शरीरमा एकै ठाउँमा देखेर अर्जुन आश्चर्यचकित र हर्षले पुलकित भई श्रद्धा, भक्तिसहित हात जोडेर शिर नुहाई प्रणाम गरे ।

जब कल्पनाभन्दा बाहिरको कुरा देखिन्छ अर्थात् बुद्धिले सोच्नै नसक्ने कुरा देखिन्छ तब व्यक्तिले आश्चर्यको अनुभव गर्छ । आश्चर्यको अवस्थामा बुद्धि शेष रहँदैन र सारा शरीर रोमाञ्चित भएको अनुभव हुन्छ । सामान्य घटनामा व्यक्ति आश्चर्यमा पर्दैन । आजको युगमा सबै उत्तर थाहा हुनाले आजको शताब्दी आश्चर्य शून्य शताब्दीका रूपमा रहेको छ । धर्म रहस्य र आश्चर्यको खोज हो । अर्जुन जस्तो सुसंस्कृत व्यक्ति आश्चर्यले भरिनु भनेको असाधारण स्थिति हो । परमात्माको विराट् रूपको दर्शनपश्चात् अर्जुनको ज्ञान, बुद्धि र विचारले कुनै काम गर्न नसकेकाले उनी आश्चर्ययुक्त एवम् हर्षले आनन्दविभोर भएका छन् । बुद्धि साथ रहुन्जेल व्यक्ति दुखकै खोज गर्छ र दुखी हुन्छ । बुद्धिले जीवन देख्दैन, केवल मृत्यु मात्र देख्छ । त्यसैले जीवनमा हामी हरेक दिन मर्छौं अर्थात् मरीमरी बाँच्छौं । बुद्धिले सुख होइन दुख र अभाव मात्र देख्न सक्छ । बुद्धिकै कारणले हामी जे छैन त्यससँग दुखी छौँ र जे आफूसँग छ त्यससँग पनि सुखी छैनौँ ।

अर्जुनको पनि बुद्धि समाप्त भएपछि उनको शरीर हर्षले पुलकित भयो र कम्पित हुन थाल्यो। जब कुनै घटना घटित हुन्छ त्यो आत्मामा मात्र नभएर त्यसको असर शरीरको अङ्ग-प्रत्यगङ्मा हुन्छ । आत्मिक अनुभवमा शरीर पनि पवित्र हुन्छ । यस्तो विश्वरूप परमात्माको स्वरूपको दर्शनबाट अर्जुन

प्रफुल्लित र स्पन्दित भए । अर्जुनको श्रद्धा र भक्तिले स्वतः शिर झुक्यो, हात जोडिए र उनी पूरै नतमस्तक भए भनी सञ्जय भन्दै छन् । अर्जुन भन्दछन्- हे देव ! हजुरको शरीरमा देवहरू, प्राणीहरूको समुदायलाई, कमलको आसनमा बसेको ब्रह्मालाई, महादेवलाई, सम्पूर्ण ऋषिहरूलाई तथा दिव्य नागहरूलाई देख्छु र सम्पूर्ण विश्वको स्वामी ! हजुरका अनेक हातहरू, पेट, मुख र नेत्रहरूबाट युक्त तथा सबैतिरबाट अनन्त रूपवाला हजुरलाई देख्दछु । कृष्णको यस्तो विराट्स्वरूप देखेपछि अर्जुन अस्तव्यस्त भएका छन् । सबै कुरा भन्न पनि चाहन्छन् तर सबै कुरा अभिव्यक्त गर्न पनि नसक्ने अवस्थामा छन् । अर्जुनको हर्ष र आनन्दको कुनै सीमा छैन । अर्जुन भन्छन्- म जन्मदाता ब्रह्मा र संहारकर्ता महादेव पनि हजुरमा देख्छु । सम्पूर्ण विश्वका स्वामी हजुरका कति हात, पेट, मुख र नेत्रहरू छन् । हाम्रो जस्ता हजारौं पृथ्वीहरू परमात्माका छन् । ती हरेकका हात, मुख, नेत्र, पेटको कल्पना गर्दा सीमारहित अर्थात् असङ्ख्य नै हुन्छ । परमात्मा समष्टिको जोड हो । हामी यस पृथ्वीका सम्पूर्ण प्राणी र यस्ता अनन्त पृथ्वीहरू जोड्यौं भने अनन्त हात, मुख, पेट, नेत्र हुन्छन् । हामी सबै मनुष्य मात्र होइन; जीवजन्तु, पशुपक्षी पनि जोड्यौं भने त्यो अनन्तको वर्णन गर्न पनि सकिन्न ।

अर्जुन यी सबै रूप देखेर किम्कर्तव्यविमूढ भए । त्यसैले उनी फेरि सोध्छन्- यति सबै देख्दा पनि म हजुरको न त प्रारम्भ, न मध्य न अन्त नै देख्न सक्छु । परमात्माको त्यो विराट् स्वरूपमा उनी त्यसको प्रारम्भ, मध्य र अन्त देख्दैनन् । अर्जुन भन्छन्- म हजुरको गदायुक्त, मुकुटयुक्त र सबैतिरबाट प्रकाशको तेजपुञ्ज, प्रज्वलित अग्नि र सूर्यसदृश ज्योतियुक्त गहन र अप्रमेय स्वरूप सबैतिर देख्छु । म जे देखिरहेको छु, त्यो सतह जस्तो देखिन्छ तर सतहका पछाडि अनन्त सतह र गहिराइ छ जुन कहाँ गएर पूरा हुन्छ त्यो मलाई थाहा छैन । विराट्स्वरूपलाई अर्जुन गहन र अप्रमेय देख्छन् र यसको वर्णन उनको बुद्धिले गर्न सक्दैन । वर्णनबाहिरको अर्थात् वर्णन नै गर्न नसकिने, पत्ता लगाउन नसकिनेलाई अप्रमेय भनिन्छ । अर्जुनमा त्यो समग्र विश्वरूपको वर्णन गर्न सक्ने क्षमता पनि छैन । त्यसैले अर्जुन त्यो स्वरूप अप्रमेय देख्छन् ।

अर्जुनले देखेको विराट्स्वरूप अप्रेमय छ जुन उनको बुद्धिले कल्पना पनि गर्न सक्दैन । त्यसैले अर्जुन भन्छन्- यो अप्रेमय स्वरूप चारैतिर देख्छु र हे कृष्ण ! मेरो बुद्धि अतीत भएको छ र अब म बिलकुल शून्य भएको छु । श्रीकृष्णले अर्जुनलाई आफ्नो अनन्त स्वरूपको दर्शन दिनुभयो । यो अर्जुनकै श्रद्धापूर्ण समर्पणका कारण सम्भव भयो । ऐश्वर्यरूप, सुन्दर, आभूषणयुक्त शस्त्रहरू धारण गरेको स्वरूपबाट सुरुवात गरेर तेजपुञ्ज जसका अगाडि हजारौं सूर्यको तेज पनि नगण्य हुन्छ त्यो तेजोमय स्वरूप प्रदर्शन गर्नुभयो। तत्पश्चात् अर्जुनले उत्पत्ति तथा मृत्यु र अनन्त नेत्र, पेट, मुख, हातहरू भएका दिव्य सर्पहरू र ऋषिहरू कृष्णकै शरीरमा स्थित भएको देखे । जसको प्रारम्भ मध्य र अन्त छैन यस्तो गहन र अप्रमेय स्वरूप श्रीकृष्णले अर्जुनलाई देखाउनुभयो । जसले एकातिर अर्जुन आश्चर्यचकित र रोमाञ्चित छन् भने अर्कातर्फ उनको बुद्धि अतीत भएको छ र उनी पूरा शून्य अवस्थामा पुगेका छन् ।

*त्वमक्षरं परमं वेदितव्यं-*
*त्वमस्य विश्वस्य परं निधानम् ।*
*त्वमव्ययः शाश्वतधर्मगोप्ता*
*सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥*

**अर्जुन भन्छन्- हजुर नै जान्नयोग्य परम अक्षर अर्थात् परब्रह्म परमात्मा हुनुहुन्छ; हजुर नै यस जगत्का परम आश्रय हुनुहुन्छ; हजुर नै अनादि धर्मका रक्षक हुनुहुन्छ र हजुर नै अविनाशी सनातन पुरुष हुनुहुन्छ भन्ने मेरो मत छ ॥**

*अनादिमध्यान्तमनन्तवीर्य-*
*मनन्तबाहुं शशिसूर्यनेत्रम् ।*
*पश्यामि त्वां दीप्तहुताशवक्त्रं-*
*स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥*

**आदि, मध्य र अन्तले रहित, अनन्त सामर्थ्यले युक्त, अनन्त हात भएका, चन्द्र-सूर्यरूप नेत्र भएका, प्रज्वलित अग्निरूप मुख भएका हजुरले आफ्नो तेजले यस जगत्लाई सन्तप्त गरेको देख्दछु ॥**

*द्यावापृथिव्योरिदमन्तरं हि*
*व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।*
*दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं-*
*लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥*

**हे महात्मन् ! यो स्वर्ग र पृथ्वीका बिचको सम्पूर्ण आकाश तथा सबै दिशाहरू हजुरबाट नै परिपूर्ण छन् र हजुरको यो अलौकिक र भयङ्कर रूपलाई देखेर तीनै लोक अति व्यथित भइरहेका छन् ॥**

*अमी हि त्वां सुरसङ्घा विशन्ति*
*केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।*
*स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः*
*स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥*

**उनै देवताहरूका समूह हजुरमा प्रवेश गर्दछन् र केही भयभीत भएर हात जोडेर हजुरको नाम र गुणको उच्चारण गर्दछन् । उता महर्षि र सिद्धहरूको समुदाय कल्याणको कामना गर्दै उत्तम उत्तम स्तोत्रहरूद्वारा हजुरको स्तुति गर्दछन् ॥**

*रुद्रादित्या वसवो ये च साध्या-*
*विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।*
*गन्धर्वयक्षासुरसिद्धसङ्घा-*
*वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥*

**एघार रुद्र र बाह्र आदित्य तथा आठ वसु, साध्यगण, विश्वदेव, अश्विनीकुमार, मरुद्गण र पितृहरूको समुदाय तथा गन्धर्व, यक्ष, राक्षस र सिद्धहरूको समुदाय सबै विस्मित भएर हजुरलाई हेरिरहेका छन् ॥**

अर्जुन भन्दछन् हे भगवन् ! हजुर नै जान्न योग्य परम अक्षर र परम ब्रह्म परमात्मा हुनुहुन्छ । हजुर नै परम आश्रय, अनादि धर्मका रक्षक र अविनाशी सनातन पुरुष हुनुहुन्छ; यस्तो मेरो मत छ । यस क्षणमा अर्जुन अति विनम्र छन्, जान्ने व्यक्तिहरू विनम्र नै हुन्छन् । विनम्रता जान्ने सर्त र परिणाम पनि हो । अर्जुन सबै प्रत्यक्ष देखिरहेका छन् र पनि यस्तो मेरो मत छ भन्दछन् । उनले मेरो अनुभव छ भन्दा अहङ्कार देखिन सक्छ भनेर मेरो मत छ भनेका हुन् । अहङ्कारीले प्रतीति नभए पनि आफ्नो भनाइलाई सत्य बनाउने प्रयास गर्छ तर अनुभव भएको व्यक्तिले यस्तो दावा गर्दैन । तसर्थ अर्जुन सत्यको आग्रह गर्दैनन् । जान्ने पुरुषहरू यी ऋषिले यसो भने जुन मैले सुने, यसमा मेरो यस्तो मत छ भन्दछन् जुन विनम्रता हो । अर्जुनमा अहङ्कार समाप्त भएको भान हुन्छ । जति म रहँदैन सत्य त्यति नै शुद्ध हुन्छ ।

महावीरलाई कसैले आत्मा छ भन्ने प्रश्न गऱ्यो भने उहाँ भन्नुहुन्छ आत्मा छ भन्ने कतिपय व्यक्तिहरूको मत छ । केही व्यक्तिहरूको आत्मा छैन भन्ने मत छ, त्यस्तै केही व्यक्तिहरूको आत्मा छ वा छैन केही भन्न सकिन्न भन्ने मत छ । उनीहरू सबै ठिकै भन्छन् । यदि सबै ठिक हो भने वास्तविक ठिक के हो भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ- ठुलो भन्दा ठुलो सत्यमा पनि अलिकति असत्य र ठुलो भन्दा ठुलो असत्यमा पनि अलिकति सत्य हुन्छ । जब सत्यमा पनि व्यक्तिको अहङ्कार प्रवेश गर्छ, तब अहङ्कार प्रवेश गरेको जति सत्य असत्य हुन्छ । त्यो असत्यलाई छोडिदिऊँ । आत्मा छैन भन्ने व्यक्तिको कुरामा पनि

अलिकति सत्य छ किनभने बहुसङ्ख्यक व्यक्तिलाई हामी शरीर नै हौँ भन्ने लाग्दछ र आत्माका बारेमा कुनै जानकारी नै छैन । त्यसैले आत्मा छैन भन्नुमा पनि हामीजस्ता व्यक्तिको अनुभवबाट हुने जति असत्य ठिक हो । महावीर भन्नुहुन्छ- जे भन्नु छ त्यसलाई मतको रूपमा भन्नुपर्छ किनभने त्यहाँ विपरीत मत पनि हुन सक्छ । यही सत्य हो भनेर आग्रह नगर्नू किनभने आग्रहले सत्यलाई कमजोर र अहङ्कारलाई बलियो बनाउँछ ।

धार्मिक व्यक्ति विनम्र हुन्छ । त्यसैले सनातन धर्मले कहिल्यै धर्म परिवर्तन गर्ने गराउने विचार नै गरेन किनभने यो कृत्य त अधार्मिक हो । कसैलाई जबर्जस्ती सम्झाएर बुझाएर फकाएर धार्मिक बनाउन खोज्नु अधार्मिक मात्र होइन व्यवसाय पनि हो । अरूलाई परिवर्तन गर्ने चेष्टा राजनीति र व्यवसाय हो भने आफूलाई परिवर्तन गर्ने चेष्टा धर्म हो । अर्जुन भन्छन्- हजुर नै जान्नयोग्य अक्षर हुनुहुन्छ । जसको उपयोगिता हुन्छ, त्यसलाई जान्नयोग्य भनिन्छ । जस्तो चिकित्साविज्ञान उपयोगिताको कारणले जान्नयोग्य छ । तर जान्नु त त्यो हो जसलाई जानेपछि अरू केही जान्न शेष रहँदैन । जान्न शेष केही नभएपछि मात्र व्यक्ति जिज्ञासाशून्य, तनावमुक्त र शान्त हुन्छ । तसर्थ जान्नयोग्य त्यही एक छ जसलाई पाएपछि पाउनयोग्य केही बाँकी हुँदैन; त्यो परम विन्दु हो । त्यसैले अर्जुन भन्छन्- हजुर नै जान्नयोग्य अक्षर परमब्रह्म परमात्मा हुनुहुन्छ । हजुर यस जगत्का परम आश्रययुक्त, अनादि, धर्मका रक्षक एवम् हजुर नै अविनाशी सनातन पुरुष हुनुहुन्छ- यस्तो मेरो मत छ ।

अर्जुनले पहिले परमात्माको ऐश्वर्यले भरिएको, प्रीतिकर, सुन्दर, मोहक, मनोहर, मन लोभ्याउने र आकर्षक रूप देखे । तत्पश्चात् सूर्य जस्तो प्रकाश देखे । त्यसपछि परमात्माको जुन भयङ्कर अग्नितुल्य सबैलाई तप्त गर्न सक्ने, मृत्यु जस्तै विकराल विनाशकारी रूप अर्जुनले देखेर उनी भन्छन्- हे परमेश्वर ! हजुरको अनन्त रूप देख्दै छु जो प्रज्वलित अग्नि जस्तो छ र हरेक मुखबाट आगाको ज्वाला निस्किरहेको छ र यो अग्निको तापले सारा जगत् जलेर भस्मीभूत हुने जस्तो देख्दै छु । जीवन द्वन्द्वको जोड हो । यहाँ जन्म-मृत्यु, प्रेम-घृणा, सुख-दुख, सफलता-असफलता र विजय-पराजय सबै यही द्वन्द्वकै जोड हो । व्यक्ति सुख, सफलताजस्ता प्रीतिकर कुरा अँगाल्न चाहन्छ र दुख, असफलता र अप्रीतिकर कुरा छोड्न चाहन्छ तर यी दुवै जीवनका अपरिहार्य हिस्सा हुन् । यसमा कुनै एकलाई बचाउनु असम्भव कुरा हो । अर्जुनले परमात्माको ऐश्वर्यको आभा भएको रूप पहिले देखेका थिए । तसर्थ अब अर्को भयङ्कर, विकराल रूप पनि देख्नै पर्छ किनभने व्यक्तिको जन्म र मृत्यु दुवै उसैबाट हुन्छ । त्यस्तै सबै द्वन्द्वहरूको उत्पत्ति पनि उसैबाट हुन्छ । सौन्दर्यको प्रतीक र कुरूपताको प्रतीक पनि ऊ नै हो । त्यसैले अर्जुनले परमात्माको विराट् विकराल स्वरूप हेर्नै पर्छ ।

धर्मको एकथरी दृष्टिकोणले ऐश्वर्य रूपलाई प्रमुखता दिएको छ भने अर्को दृष्टिकोणले उसको भयङ्कर रूपलाई प्रमुखता दिँदै स्वीकार गरेको छ । यहुदीहरूको धर्मग्रन्थ 'ओल्ड टेस्टामेन्ट' जसमा ईश्वरले तडपाउँछ, जलाउँछ, कुट्छ, पिट्छ अनि कष्ट र पीडा दिएर नर्कमा राखिरहन्छ भन्ने कुराहरू उल्लेख गरिएका छन् । 'ओल्ड टेस्टमेन्ट' मा नर्कको धारणा अनन्तसम्म रहेको छ र ईश्वरलाई भयङ्कर विकराल रूपमा चित्रित गरिएको छ । त्यसैले जिससको ईश्वर प्रेम हो (God is love) भन्ने कुरा उनीहरूलाई ठिक उल्टो लाग्यो । जिसस ईश्वर प्रेम हो भन्नुहुन्छ । 'ओल्ड टेस्टामेन्ट' र 'न्यु टेस्टामेन्ट' दुई विपरीत पुस्तकहरू हुन् तर यी दुई मिलेर नै बाइबलको पूर्ण पुस्तक बन्छ किनभने मोजेजले देखेको भयावह रूप 'ओल्ड टेस्टामेन्ट' मा छ भने जिससले देखेको प्रेम रूप 'न्यु टेस्टामेन्ट' मा छ । परमात्मा पूर्ण हुनाका लागि यी दुई रूपहरू समावेश हुनैपर्छ ।

श्रीकृष्णमा परमात्माका दुवै रूप प्रकट भएका छन् । कृष्णमा ईश्वरका दुवै रूप एकसाथ स्थित छन् । त्यसैले जसले पूरा जीवनलाई स्वीकार गर्न सक्छ त्यही व्यक्तिले कृष्णलाई स्वीकार गर्न सक्छ । परमात्मालाई जन्म र मृत्युका दुवै रूपमा स्वीकार्नु नै पूरा जीवनलाई स्वीकार्नु हो । हामी सनातनीहरूले

परमात्मालाई तीन रूपमा स्वीकार गरेका छौं । जहाँ पनि दुई हुन्छ त्यसलाई जोड्ने तेस्रो चाहिन्छ जुन मध्यमा यो दुवैसँग जोडिएको हुन्छ । त्यसैले सनातनीहरूले ब्रह्मा जन्मको, शिव मृत्युको र बिचमा पालनकर्ता विष्णुको धारणा राखेका हुन् । ती तीनै रूपभित्र एकै रूप र एकै शक्ति छ । त्यहाँ विराट् ऊर्जाले एकातर्फबाट बनाउँछ अर्कातर्फबाट मेटाउँछ र मध्यमा पालनकर्ताको रूपमा सह्माल्छ । अब आएर परमात्माको विराट् रूपमा अर्जुनलाई मृत्युको रूप देखा पर्न थालेको छ । अग्निरूपको मुखमण्डलले यस जगत्लाई तप्त गरेको उनी देख्दै छन् र भन्छन्- हे महात्मन् ! यो स्वर्ग र पृथ्वीका बिचको सम्पूर्ण आकाश तथा दिशाहरू हजुरबाट नै परिपूर्ण छन् तथा हजुरको यो अलौकिक र भयङ्कर रूपलाई देखेर तीनै लोक अति व्यथित भइरहेका छन् ।

अर्जुन भगवान्को यो विकराल रूपले गर्दा सारा लोक व्यथित भएको देख्दै छन् । मृत्यु हाम्रो गहन दुख हो भने अरू दुख मृत्युका छायाँ मात्र हुन् । हामी यही दुखबाट व्यथित र भयभीत हुन्छौं । अर्जुनले त्यो विराट् स्वरूपमा व्यक्तिहरू मृत्युको मुखमा गइरहेको देखेका छन् । हामी पनि हरेक क्षण मृत्युकै मुखमा गइरहेका छौं । अर्जुनले भगवान्को विकराल अग्निरूपको मुखतिर व्यक्तिहरू दौडिरहेको र हरेक व्यक्ति भयले काँपिरहेका देखेका छन् । सबैको मृत्यु त निश्चित छ केवल त्यो समय कहिले आउँछ भन्ने कुरा कसैलाई थाहा छैन । अर्जुनले सबै व्यक्तिहरू मृत्युको लाइनमा उभिएको र मृत्युको लपट चारैतिर फैलिएको देखे । त्यसैले उनी भन्दै छन्- हजुरको अलौकिक र भयङ्कर रूप देखेर तीनै लोक काँपिरहेको छ। अर्जुन त्यो विराट् रूपलाई अलौकिक र भयङ्कर दुवै भनिरहेका छन् । एउटै कुरा अलौकिक र भयङ्कर हुन  सक्छ । हामीले एउटा रुखमा ध्यानपूर्वक हेर्‍यौं भने त्यहाँ सुकेका पुराना पातहरूलाई नयाँ आउने पातहरूले धक्का दिएर झारिरहेका हुन्छन् किनभने नयाँ आउने पातले आफ्नो स्थान बनाउन चाहन्छन् । जब वृक्ष पुराना सबै पात झरेर खाली हुन्छ, तब वृक्ष नयाँ पातहरूद्वारा सजिने तयारीमा हुन्छ । एकातिर पतझड वनस्पतिको विकराल रूप हो भने अर्कातर्फ पतझड वसन्तको आगमनको सूचक पनि हो ।

त्यस्तै मृत्यु विकराल दुख हो तर मृत्यु जन्मको सूचना पनि हो । एउटा बच्चा गर्भमा आउने तयारीमा हुन्छ तब एउटा बुढो व्यक्ति मृत्युको मुखमा पुगेको हुन्छ । बच्चा जन्मनु अघि त्यो बुढो व्यक्ति मृत्युमा प्रवेश गरेर ठाउँ खाली गर्छ । यो क्रम धेरै पर र गहिराइमा हुने हुँदा हामी यसलाई देख्न सक्दैनौं । अर्जुनले त्यो जन्म र मृत्युको सिलसिलामा जन्म र मृत्यु दुवै एकै स्थानबाट भइरहेको पनि देख्दछन् । त्यसैले अर्जुन अलौकिक र भयङ्कर रूप भन्छन् । जीवनको प्रारम्भ र अन्त एकैसाथ युगपथ रूपमा बगेको देख्नु अर्जुनका लागि अलौकिक घटना हो । हामी त बच्चालाई बच्चा र बुढालाई बुढो देख्छौ दुवैलाई जोडेर हेर्दैनौं तर दृष्टि माथि उठाएमा यी दुवै जोडिएको पाउँछौ ।

हामी द्वन्द्वलाई विपरीत ठान्छौं तर अर्जुन द्वन्द्व अलग होइन एउटैको जोड भएको देखिरहेका छन् । त्यसैले उनलाई यो अलौकिक लाग्छ । हामीलाई अस्तित्वको नियमको जानकारी नहुनाले मृत्युलाई रोक्न र जीवन चलाउन चाहन्छौं । जुन दिन जन्म हुन्छ त्यही दिन मृत्यु पनि सँगै सुरु हुन्छ र जन्मभर मृत्यु सँगसँगै नै चल्दछ । जन्म यदि मृत्युतिर पहिलो कदम हो भने मृत्यु फेरि जन्मतिरको पहिलो कदम हो । जहाँ मृत्यु घट्छ तत्क्षण मृत्युसँग जोडिएको जन्मको घटना घट्छ । यस जगत्मा केही पनि समाप्त हुँदैन, जे छ त्यो सधैं रहन्छ र हामी त्यसमा केही जोड्न र घटाउन सक्दैनौं । त्यसैले व्यक्ति मरेर पनि समाप्त हुँदैन त्यसभन्दा पर अर्को परिप्रेक्षमा र आयाममा प्रवेश गर्छ जो हामी देख्न सक्दैनौं । जब अर्जुनले जन्म र मृत्यु दुई विपरीत द्वन्द्वहरू एउटैका रूप देखे, तब उनलाई यो अलौकिक लाग्यो । अलौकिकका साथै अर्जुनलाई यो भयङ्कर पनि लाग्यो । उनले सारा जगत् यसमा फसेको देखेकाले भने- हे गोविन्द ! त्यो देवताहरूको समूह हजुरमा नै प्रवेश गर्दै छन् र कतिपय देवताहरू भयभीत भएर हजुरको नाम र गुणको स्तुति पनि गर्दै छन् ।

मनसविद् र समाजशास्त्रीहरू धर्मको जन्म भयबाट भएको मान्दछन् । मनुष्यहरू प्रकृतिको शक्ति र विडम्बनासँग भयभीत छन् र प्रकृतिलाई खुसी पार्न प्रार्थना गर्दछन् भन्ने उनीहरूको धारणा छ । प्रकृतिको भय जस्तै बाढी, ज्वालामुखी, पहिरो या भूकम्पको भय पनि मृत्युको नै भय हो । तर व्यक्तिभित्र समाप्त नहुने कुरा पनि हुन्छ जो कुनै शक्तिले पनि समाप्त पार्न सक्दैन । मृत्युपश्चात् पनि समाप्त नहुने कुरा आत्मा हो । यसको खोज पनि धर्मको कारण हुन सक्छ । जब व्यक्तिले भित्र केही छ जुन मृत्युले मेटिँदैन भन्ने थाहा पाउँछ, तब उसलाई आत्माको खोज हुन लाग्यो भन्ने पनि थाहा हुन्छ । आत्मा मान्ने होइन यो अनुभवबाट जान्ने कुरा हो । आत्मा मृत्युको विपरीत खोज हो । अर्जुन देवताहरू पनि भयले काँपेर दुई हात जोडी परमात्माको नाम उच्चरण गरेको देख्दै छन्। मनुष्य जस्तै देवताहरू पनि मेटिनबाट भयभीत छन् किनभने उनीहरूमा पनि शुद्ध वासना हुन्छ र जहाँ वासना हुन्छ त्यहाँ शुद्ध अहङ्कार पनि हुन्छ र जहाँ अहङ्कार हुन्छ त्यहाँ मेटिने भय पनि हुन्छ।

शुद्ध र सुन्दर चेतनाको नाम देवता हो तर उनीहरू पनि वासनाभन्दा बाहिर हुँदैनन् । देवता मनुष्यभन्दा शुद्धतम स्थितिमा हुनाले सनातनीहरूले देवतालाई मनुष्यभन्दा माथि राखेका छन् । तर देवता पनि मनुष्य भएर मात्र मुक्त हुन सक्छन् । मनुष्य चार दोबाटो हो जहाँबाट तल झरेमा ऊ पशु हुन्छ र माथि उठेमा देवता हुन सक्छ । यदि समस्त जीवनको पार जानु छ भने मनुष्य नै भएर यात्रा गर्नुपर्छ । नैतिक शुद्ध व्यक्ति पूर्ण रूपमा सफल भएमा ऊ देवता हुन्छ । देवतासँग इन्द्रियहरू नहुने हुँदा इन्द्रियका कारण पर्ने बाधा उनीहरूलाई पर्दैन तर देवतामा शुद्ध वासना भने हुन्छ र त्यो इच्छा जाग्नेबित्तिकै पूरा हुन्छ । जहाँ शुद्ध वासना हुन्छ, त्यहाँ शुद्ध अहङ्कार हुन्छ र जहाँ शुद्ध अहङ्कार हुन्छ, त्यहाँ समाप्त हुने डर पनि हुन्छ । हिन्दू पुराणहरूमा इन्द्रजत्तिको भयभीत व्यक्ति कोही छैन । उनको भयको कारण उनी शुद्ध वासनाका शिखरमा छन् । त्यो शिखरमा एक चोटिमा एक जना मात्र हुन सक्छ । तसर्थ इन्द्रलाई जब कुनै व्यक्ति त्यो शिखरमा पुग्ने डर हुन्छ, तब उनी आत्तिएर उसलाई खसाल्ने चेष्टा गर्न थाल्छन् । जो व्यक्ति शिखरमा हुन्छ ऊ त्यति नै धेरै भयभीत हुन्छ । यो व्यक्तिको मानसिक अवस्था हो ।

अर्जुन कृष्णलाई भन्दछन्- देवताहरूका साथै महर्षि सिद्धहरूको समुदाय पनि भयभीत भएर 'कल्याण होस्' भनी उत्तम उत्तम शब्दहरूले हजुरको प्रशंसा गर्दै छन् । जसले सिद्धि पाएको छ, जो चमत्कार गर्न सक्छ, जससँग ज्ञानको भण्डार छ उनीहरू सिद्ध हुन् । यस्ता सिद्धि प्राप्त गरेका सिद्ध समुदाय पनि भयभीत छन् र महर्षिहरू जससँग ज्ञानको पारावार छ उनीहरू पनि भयले कापेका र कम्पित भएर 'कल्याण कल्याण' भन्दै हात जोडेर प्रार्थना गरेको अर्जुन देखिरहेका छन् । जबसम्म व्यक्तिभित्र शून्य र शान्त चैतन्य हुँदैन, तबसम्म उसमा मेटिने भय शेष रहन्छ । जब कुनै व्यक्ति शून्य हुन्छ, तब मात्र उसलाई मृत्युको भय हुँदैन । चैतन्ययुक्त नहुने देवता, ऋषि, महर्षि सबै श्रीकृष्णसँग भयभीत नै हुन्छन् । अर्जुन भन्छन्- हे परमेश्वर ! एकादश रुद्र, द्वादश आदित्य, आठ वसु, साध्यगण, विश्वदेव, अश्विनीकुमार, मरुद्गण, पितृहरूको समुदाय एवम् गन्धर्व-यक्ष-राक्षस र सिद्ध गणका समुदायहरू सबै विस्मित भएर हजुरलाई हेर्दै छन् । उनीहरू कसैले यो के भइरहेको हो भन्ने बुझिरहेका छैनन् । जहाँ द्वन्द्व हराउँछ त्यहाँ जान्ने क्षमता पनि हराउँछ त्यसपछि त व्यक्तिमा विस्मय मात्र बाँकी रहन्छ ।

जबसम्म जीवनसँग मोह हुन्छ, तबसम्म मृत्युसँग भय हुन्छ । यदि जीवनको मोह छुट्यो भने मृत्युको भय पनि तत्क्षण छुट्छ र व्यक्ति पार हुन्छ । अर्जुन यस्तै अवस्थामा छन् । उनीभित्र जुन संसार थियो त्यो पनि अब हराइसकेको छ । अब उनी चुनावरहित भएका छन् र दुवै द्वन्द्वका अवस्थाबाट पार भएका छन् । अर्जुन कृष्णका अगाडि भक्त भएर समर्पण भावले उभिएका छन् । अर्जुन कृष्णको प्रेममा श्रद्धाले आपूरित भएका छन् । त्यसैले श्रीकृष्णले अर्जुनलाई दिव्यचक्षु प्रदान गरेर आफ्नो अलौकिक, ऐश्वर्यमय, प्रकाशमय, भयङ्कर विकराल सबै स्वरूपहरू भएको विराट् स्वरूपको दर्शन दिनुभएको हो ।

*रूपं महत्ते वहुवक्त्रनेत्रं-*
*महाबाहो बहुबाहूरूपादम् ।*
*बहूदरं बहुदंष्ट्राकरालं-*
*दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥*

**हे महाबाहु ! हजुरको धेरै मुख र नेत्र भएको, धेरै हात, जाँघ र खुट्टा भएको, धेरै पेटहरू भएको र धेरै नै दाह्राहरू भएको दाढिएको अत्यन्त विकराल महान् रूपलाई देखेर लोक व्याकुल भइरहेको छ र म पनि व्यथित भइरहेको छु ॥**

*नभःस्पृशं दीप्तमनेकवर्णं-*
*व्यात्ताननं दीप्तविशालनेत्रम् ।*
*दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा*
*धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥*

**हे विष्णु ! आकाशलाई स्पर्श गर्नेवाला, देदीप्यमान, अनेक वर्णले युक्त तथा फैलिएको मुख र प्रकाशमान विशाल नेत्रले युक्त हजुरलाई देखेर अन्तस्करण भयभीत भएको मैले धैर्य र शान्ति पाइरहेको छैन ॥**

*दंष्ट्राकरालानि च ते मुखानि*
*दृष्ट्वैव कालानलसन्निभानि ।*
*दिशो न जाने न लभे च शर्म*
*प्रसीद देवेश जगन्निवास ॥२५॥*

**भयानक दाह्राका कारण विकराल र प्रलयकालको अग्नि जस्तै प्रज्वलित हजुरको मुखलाई देखेर 'म' दिशाहरूलाई जान्दिनँ र सुख पनि पाउदिनँ । यसैले हे देवेश ! हे जगन्निवास ! हजुर प्रसन्न हुनुहोस् ॥**

*अमी च त्वां धृतराष्ट्रस्य पुत्राः*
*सर्वे सहैवावनिपालसङ्घैः ।*
*भीष्मो द्रोणः सुतपुत्रस्तथासौ*
*सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥*
*वक्त्राणि ते त्वरमाणा विशन्ति*
*दंष्ट्राकरालानि भयानकानि ।*
*केचिद्विलग्ना दशनान्तरेषु*
*सन्दृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥*

**सबै धृतराष्ट्रका पुत्र राजाहरूको समुदायसहित हजुरमा प्रवेश गर्दै छन् र भीष्मपितामह, द्रोणाचार्य तथा कर्ण र हाम्रो पक्षका पनि प्रधान योद्धाहरूसहित सबै हजुरको डरलाग्दा दाह्राका विकराल भयानक मुखबाट ठुलो वेगले दौडेर प्रवेश गर्दै छन् र कैयौँ चूर्ण र शिरसहित हजुरको दाँतको बिचमा लागेको देखिँदै छ ॥**

*यथा नदीनां बहवोऽम्बुवेगाः*
*समुद्रमेवाभिमुखा द्रवन्ति ।*
*तथा तवामी नरलोकवीरा-*
*विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥*

**जसरी नदीहरूको जलको प्रवाह स्वाभाविक रूपमै समुद्रतिर दौडिन्छ अर्थात् समुद्रमा प्रवेश गर्छ, त्यस्तै यो नरलोकका वीरहरू पनि हजुरको प्रज्वलित मुखमा प्रवेश गर्दै छन् ॥**

अर्जुनले भने- हे महाबाहु ! धेरै मुख-नेत्र भएको, धेरै हात, खुट्टा तथा जाँघ भएको, धेरै उदर र डरलाग्दा दाह्रा भएको हजुरको विकराल रूपलाई देखेर सबैजना व्याकुल भइरहेका छन् र म पनि व्याकुल

भइरहेको छु । अर्जुनले परमात्मा नै मृत्युको मुख बनेको विकराल रूप देखेर आफू र सारा लोक व्याकुल भएको अनुभूति व्यक्त गरिरहेका छन् । उनको हृदय र पूरा शरीर नै डरले काँपिरहेको छ । हामीले परमात्माको विकराल रूप सोच्नै सक्दैनौं । त्यसैले जब अर्जुनले पूरा परमात्माको रूप अर्थात् दुवै रूप भएको स्वरूप देखे तब उनमा व्याकुलता पैदा हुनु स्वाभाविकै हो । यो व्याकुलता परमात्माको रूपको कारणले भन्दा पनि परमात्माको एक रूपसँग उनको तादात्म्यका कारणले पैदा भएको हो । हामीले केवल परमात्माको सुन्दर र मनमोहक रूपको प्रतिमा बनाएका छौं । राक्षसको टाउको काटेर हातमा लिएको, एक हातमा रगतले भरिएको तरवार भएको, घाँटीमा मुण्डमाला, खुट्टाले शिवलाई कुल्चिएर रगत चुहिरहेको जिब्रो निकालेको कालीको प्रतिमा देख्दा निश्चित रूपमा भयका कारणले हामी नमस्कार त गर्छौं तर यो परमात्माको रूप हो भनेर मनमा भाव उठ्न गाह्रो हुन्छ । कथा सुनेर हामी मान्दछौं तर हाम्रो मन भने व्याकुल हुन्छ । कालीको विकराल रूपमा आमाको र शत्रुनाशकका दुवै रूपलाई एकैसाथ प्रदर्शन गर्ने प्रयास गरिएको छ । साथै यस रूपमा द्वन्द्वलाई एकसाथ देखाउने प्रयास पनि गरिएको छ ।

हामीलाई मृत्युको भय छ र यसबाट हामी बच्न चाहन्छौं । हामीलाई आत्माका बारेमा केही थाहा छैन तर आत्मा छ भनेर सुन्दा मान्न मन लाग्छ किनभने आत्मालाई मान्दा हामी मृत्युबाट बच्न सक्छौं भन्ने लाग्दछ । जसले मृत्यु र जीवनलाई एक रूपमा अनुभव गर्छ त्यही व्यक्ति मृत्युबाट भयभीत हुँदैन । जीवन र मृत्युलाई हामी आफ्नो मोहका कारण अलग गर्छौं । यमराज जसलाई हामी मृत्युको देवताको रूपमा मान्दछौं त्यो पनि परमात्माकै रूप हो तर हामी आफ्नो कल्पनामा परमात्माको मनमोहक रूप मात्र बनाउँछौं । त्यस्तै अर्जुन पनि अचानक परमात्माको यो भयङ्कर रूप देखेर व्याकुल भएका छन् किनभने भगवान् श्रीकृष्णको यो विकराल रूपको कल्पना उनले कहिल्यै पनि गरेका थिएनन् । अर्जुन भगवान्को यस्तो रूप देख्दा आत्तिएर सम्पूर्ण लोक नै व्याकुल भएको भन्दछन् ।

हे विष्णु ! आकाशलाई स्पर्श गरेको देदीप्यमान अनेक रूपहरूमा फैलिएको मुख र प्रकाशमय नेत्रमा हजुरलाई देखेर भयभीत अन्तस्करण भएको म अर्जुन धैर्य र शान्ति प्राप्त गर्न असमर्थ छु भन्दछन् । अर्जुन यहाँ परमात्माका कारणले होइन, आफ्नो अन्तस्करणका कारणले भयभीत भएको भन्दै छन् । हामी सबैसँग भयपूर्ण अन्तस्करण छ । हामी चोरी गर्न, हिंसा गर्न भित्रबाट डराउँछौं । हामीलाई यो पाप हो भनेर भित्रको कुनै आवाजले भनिरहन्छ । यही भित्रको आवाज अन्तस्करण हो तर यो हाम्रो अन्तस्करण समाजले दिएको हो वास्तविक होइन किनभने वास्तविक अन्तस्करणबाट भय आउँदैन । मानिस जन्मेदेखि नै पशुतुल्य नहोस् भनेर समाजले उसलाई अन्तस्करण प्रदान गर्ने काम गर्छ । समाजले नै ठिक बेठिकको परिचय गराउँछ । समाजले ठिक गरेमा पुरस्कार र बेठिक गर्दा दण्ड पाइन्छ भनेर बालकमा लोभ र भयले भरिएको अन्तस्करण प्रदान गर्छ । हिन्दू, इसाई, मुसलमान आदि प्रत्येक समाजका अन्तस्करण अलग अलग हुन्छन् । यो सबै समाजको कारणले पाएको अन्तस्करण हो, वास्तविक अन्तस्करण त ज्ञानले भरिएको हुन्छ ।

अर्जुनको अन्तस्करणले परमात्मालाई सौम्य, शान्त, ऐश्वर्यवान् र मनमोहक रूपमा जानेको छ र मृत्यु पनि परमात्मा हो भन्ने उसले सोचेको पनि छैन । त्यसैले उसको अन्तस्करणमा बसेको परमात्माको प्रतिमा खण्डित भइरहेको छ । जसले गर्दा अर्जुन भयभीत र व्यथित भइरहेका छन् र मेरो अन्तस्करणका कारण म भयभीत भइरहेको छु भनिरहेका छन् । अर्जुन भन्छन्- हे भगवन् ! हजुरको विकराल प्रलयकालको अग्निसमान प्रज्वलित मुखमण्डललाई देखेर म दिग्भ्रमित भएको छु र मलाई सुख पनि प्राप्त हुँदैन । अर्जुनलाई भगवान्को त्यो विकराल रूपले भ्रान्ति भयो र उनी कुनै मार्ग, दिशा केही पनि सम्झन सक्दिनँ भन्छन् । यो भयङ्कर स्वरूपको दर्शनबाट उनले सुख पनि प्राप्त गर्न सकेनन् । त्यसैले उनी भन्दछन्- हजुर परमात्मा भगवान् हुनुहुन्छ तर यो हजुरको रूपलाई देखेर म सुखी हुन सक्दिनँ । त्यसैले हे देवेश ! हे जगत् निवास ! हजुर प्रसन्न हुनुहोस् भनी अर्जुन अति विनम्रतापूर्वक परमात्मालाई आफूसँग प्रसन्न भएर त्यो भयानक स्वरूप समाप्त गरेर मनोहर र प्रीतिकर रूपमा फिर्ता हुन प्रार्थना गर्दै छन् ।

मनुष्यको मनले परमात्माको रूपजस्तो छ त्यस्तै पूर्ण रूपमा स्वीकार गर्न चाहँदैन । जबसम्म हाम्रो कुनै धारणा हुन्छ, तबसम्म हामी परमात्मालाई जान्न सक्दैनौँ । हामीलाई परमात्मा जान्नु छ भने हाम्रा धारणाहरूबाट मुक्त भएर परमात्मा जस्तो छ त्यस्तै स्वीकार गर्न तयार हुनुपर्छ । यसो गरेमा मात्र परमात्माको विकराल र प्रीतिकर दुवै रूप हराउँछ र ब्रह्मको अनुभव हुन्छ ।

जबसम्म रूप रहन्छ तबसम्म ईश्वरको अनुभव हुन्छ र जब रूप हराउँछ, तब ब्रह्मको अनुभव हुन्छ । अर्जुनका अगाडि स्वयम् ब्रह्म हुनुहुन्छ तर अर्जुन अझै पनि परमात्माको भयङ्कर रूप हटाएर आफ्नो सुखद अनुभूतिका लागि प्रीतिकर रूपको माग गरिरहेका छन् । अहिले पनि अर्जुनको केन्द्रमा उनी आफै छन् र आफूलाई सुख प्राप्त हुने रूपको माग गर्दै छन् । अर्जुनको आफू आनन्दित हुने रूपको चाहना उनको आखिरी राग हो जुन ईश्वरको सीमा पार नगरुन्जेल रहिरहने छ । ईश्वर पनि मायाको अन्तिम हिस्सा हो । त्यसैले ईश्वरको अनुभवलाई अन्तिम अनुभव नमान्नु भनेर आदि शंकाराचार्यले भन्नुभएको छ। हामीहरूलाई पनि ईश्वर नै अन्तिम कुरा हो जस्तो लाग्छ । त्यसैले उहाँको यो भनाइ बुझ्न कठिन भएको छ । तर सनातनी मनीषीहरूका लागि ईश्वर पनि अन्तिम होइन । अन्तिम त त्यो स्थिति हो जहाँ सारा भेद बाँकी रहँदैन । जहाँ आनन्द, दुख, मृत्यु र जीवन केही शेष रहँदैन । त्यो शून्य या पूर्णको स्थिति अन्तिम हो भनेर ज्ञानीहरू भन्दछन् ।

अर्जुन भन्छन्- हे जगत् निवास ! म देख्दै छु भीष्मपितामह, द्रोणाचार्य तथा कर्ण, राजाका समुदायहरू, धृतराष्ट्रका पुत्रहरू तथा हाम्रा पक्षका पनि प्रधान योद्धाहरूसहित सबै हजुरको विकराल दाह्रा भएको मुखमा वेगपूर्वक प्रवेश गर्दै छन् र कतिपय चूर्ण भएर हजुरको दाँतका बिचमा अड्केका देखिन्छन् । हे विश्वमूर्ति ! जसरी नदीहरूको जलको प्रभाव समुद्रका सम्मुख दौडिन्छन् र समुद्रमा प्रवेश गर्छन् त्यसरी नै ती शूरवीर मनुष्यको समुदाय पनि हजुरको प्रज्वलित भएको मुखमा प्रवेश गर्दै छन् । हजुर प्रसन्न होइबक्सियोस् भनेर अर्जुन बिन्ती गर्दै छन् । कतिपय शूरवीरहरू चूर्ण भएर शिरसहित विराट् स्वरूपको दाँतमा अड्केको र द्रोणाचार्य, कर्ण, भीष्मपितामह र आफ्नातर्फका पनि प्रधान योद्धाहरू त्यो विकराल एवम् प्रज्वलित मुखतिर नदी सागरतर्फ दौडिएको जस्तो वायुको वेगमा प्रवेश गरिरहेको देख्दछन्, जुन उनको कल्पना बाहिरको कुरा हो ।

मनुष्य जीवनभर केही पाउने दौडमा हुन्छ । त्यो दौडको अन्त मृत्यु हो । हामी सबै मृत्युकै मुखमा दौडिरहेका छौँ । अर्जुनलाई पनि यो जीवनको पूरा धारा मृत्युतिर दौडिरहेको स्पष्ट बोध भइरहेको छ । उनलाई त्यो मृत्यु परमात्माको मुखमा घटित भएको नभएर अन्तै घटित भएको देखेको भए यति भयभीत हुने थिएनन् किनभने परमात्मा त आफ्नो सहारा छ भन्ने आशा रहने थियो तर यहाँ त परमात्माकै मुखमा नै यो सबै दृश्य देखिएको छ । त्यसैले अर्को सहारा को हुन सक्छ भन्ने त्रासले पनि उनी भयभीत भएका छन् । जीवन र मृत्यु दुवै परमेश्वरमा घटित हुन्छन् । ऊ नै आमा र ऊ नै यमराज पनि हो । सबै उसैबाट निस्किन्छ र उसैमा विलीन हुन्छ । सागर नदीहरूको जन्म र मृत्यु दुवै हो । सागरबाट नदीहरू जन्मिन्छन् र नदी सागरमै गएर विलीन पनि हुन्छ । परमात्मा सृष्टि र प्रलय दुवै हो । यही परमात्माको पूर्ण रूप देखेर अर्जुन भयभीत भएका हुन् र अर्जुन प्रभुलाई यस्तो रूप नदेखाउन र फिर्ता लिन आग्रह गर्दछन् ।

अर्जुन एकातिर हे विष्णु ! हे देव ! भनेर दिव्य स्वरूपलाई परमात्माको रूप भनेर मानिरहेका छन् भने अर्कातर्फ उनको मन यो भयावह रूप मान्न तयार पनि छैन । त्यसैले अर्जुन यो रूप हटाएर आफूसँग प्रसन्न हुन बिन्ती गर्दै छन् किनभने यो रूपले उनी सुख पाइरहेका छैनन् । जुन दिन हामी परमात्मालाई शुभ र अशुभ दुवै रूपमा देख्न सक्छौं त्यसै दिन हामी द्वन्द्वबाट पार हुन्छौँ । अर्जुन द्वन्द्वबाट पार हुने किनारमा छन् । अर्जुनलाई अब दुवै परमात्माकै रूप हुन् भन्ने थाहा भएको छ । यी दुवै रूपलाई उनले स्वीकार गरेको भए तत्क्षण नै उनी द्वन्द्वबाट पार हुन सक्थे । तर अर्जुन परमात्मालाई भयङ्कर रूप

हटाएर प्रीतिकर रूपमा फिर्ता हुन बिन्ती गर्दै छन् । अर्जुन अझै पूर्ण परमात्मालाई स्वीकार गर्न राजी हुन नसकेकाले नजानी-नबुझी उनी द्वन्द्वबाट पार हुन नसक्ने अवस्थामा छन् ।

अहिले युद्ध सुरु भएकै छैन र सबै जीवित नै छन् तर अर्जुनले भीष्मपितामह लगायत धेरैलाई श्रीकृष्णको अग्नि प्रज्वलित मुखमा प्रवेश गरेको देखिसके । अर्जुनले भविष्यमा घट्ने घटना र सबैको नियति पनि देखिसके । श्रीकृष्ण उनलाई यही भन्न चाहनुहुन्छ- जे हुनु छ त्यो निश्चित रूपमा हुन्छ । त्यसैले तिमी म मारूँ र नमारूँ भन्ने चिन्ता छोड किनभने यो चिन्ता अकारण र असङ्गत छ । तिमी यस नाटकको रचयिता होइनौ केवल एक पात्र मात्र हौ । जे हुनुपर्छ, त्यो नियतिले निर्धारण गरिसकेको छ र त्यो भएरै छोड्छ । तिमी केवल यो विराट्को खेलमा आफ्नो पात्रता मात्र निर्वाह गर । जे हुनु छ त्यो तिम्रो हातमा छैन र त्यो तिमी भए पनि र नभए पनि घटेरै छोड्छ । त्यसैले तिमी व्यर्थ चिन्तित नहोऊ । श्रीकृष्ण भन्नुहुन्छ- तिमी यो नियतिको निर्धारित खेलको बिचमा परेर स्रष्टा बन्न नखोज किनभने तिमी त केवल निमित्त मात्र हौ । यो जगत् सबै परमात्माको लीला हो, ऊ सर्वत्र व्याप्त छ र उसको सिवाय कोही छैन । यता पनि उही छ र उता पनि उही छ र हार र जित दुवै उसैको हो । ऊ आफूलाई नै लुकाउँदै छ र आफूलाई नै खोज्न पनि लगाउँदै छ । हामीलाई उसको प्रयोजन बुझ्न कठिन हुन्छ । जिन्दगीलाई काम सम्झिए जीवन बोझ हुन्छ र खेल सम्झिए बोझरहित हुन्छ । धार्मिक व्यक्तिका लागि जिन्दगी खेल हो । धार्मिक व्यक्तिले राम्रो-नराम्रोको चुनाव नगरी सर्वस्वीकार्य भाव राख्दछ । त्यसैले जुन व्यक्तिले आफ्नो जीवनमा लक्ष्य छोडेर वर्तमानमा खेल सम्झेर जीवन निर्वाह गर्छ त्यस्तो व्यक्तिले तत्क्षण परमात्माको अनुभव गर्न सक्छ । त्यसैले श्रीकृष्ण अर्जुनलाई कर्तापन छोडेर कर्म गर्न सम्झाउँदै हुनुहुन्छ ।

*यथा प्रदीप्तं ज्वलनं पतङ्गा*
*विशन्ति नाशाय समृद्धवेगाः ।*
*तथैव नाशाय विशन्ति लोका-*
*स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥*

**जसरी किराहरू मोहवश प्रज्वलित अग्निमा अति वेगले दौडिएर प्रवेश गर्दछन् र नष्ट हुन्छन् त्यस्तै मान्छेहरू पनि आफ्नो विनाशका लागि अति वेगले दौडिएर हजुरको मुखमा प्रवेश गर्दै छन् ॥**

*लेलिह्यसे ग्रसमानः समन्ता-*
*ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।*
*तेजोभिरापूर्य जगत्समग्रं-*
*भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥*

**हजुर त्यो प्रज्वलित मुखहरूद्वारा सम्पूर्ण लोकलाई गास हाल्दै सबैतिरबाट बारम्बार चाटिरहनु भएको छ । हे विष्णु ! हजुरको उग्र प्रकाशले सम्पूर्ण जगत्लाई तेजले परिपूर्ण गरेर तप्त तुल्याइरहेको छ ॥**

*आख्याहि मे को भवानुग्ररूपो-*
*नमोऽस्तु ते देववर प्रसीद ।*
*विज्ञातुमिच्छामि भवन्तमाद्यं-*
*न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥*

**हे भगवान् ! मलाई भन्नुहोस्, उग्ररूप भएको हजुर को हो ? हे देवहरूमा श्रेष्ठ ! हजुरलाई नमस्कार छ, हजुर प्रसन्न हुनुहोस् । आदिपुरुष हजुरलाई म विशेष रूपले जान्न चाहन्छु किनभने म हजुरको प्रवृत्तिलाई जान्दिनँ ॥**

अर्जुन भन्दछन्- जसरी पुतलीहरू आफू नष्ट हुनका लागि प्रज्वलित अग्निमा अति वेगसँग प्रवेश गर्छन् र एउटा पुतली जलेर नष्ट भएको देखेर पनि अरू पुतलीहरू त्यो अग्निबाट पर नभागी त्यहीँ अग्निमा प्रवेश गरेर समाप्त हुन्छन्, त्यस्तै सारा मनुष्यहरू पनि आफ्नो नाशका लागि हजुरको मुखमा अतिवेगले प्रवेश गरिरहेका छन् । मनुष्यहरू एक-अर्कामा प्रतिस्पर्धा गरेर बडो वेगका साथ हजुरको

प्रज्वलित मृत्युरूपी मुखमा प्रवेश गरेको देखिरहेको छु । यी सारा बुद्धिमान्, पण्डित, ज्ञानी, शूरवीर महान् योद्धाहरू हजुरको मृत्युरूपी मुखतिर दौडिरहेका छन् र हजुर सबैलाई आफ्नो प्रज्वलित मुखले चपाउँदै सबैतिरबाट चाट्दै हुनुहुन्छ । हे विष्णु ! हजुरको उग्र प्रकाश र तेजले सम्पूर्ण जगत्लाई परिपूर्ण गरेर त्यो तापले तप्त भइरहेको छ । हजुर सबैलाई निल्दै हुनुहुन्छ । सारा प्राणीहरू जलिरहेका छन् र तापले भस्म भइरहेका छन् । हे भगवान् ! मलाई कृपा गरेर भन्नुहोस् ! उग्र रूपवाला हजुर को हुनुहुन्छ, अर्जुनले अझै यो कृष्णकै रूप हो भन्ने सोच्न सकिरहेका छैनन् । अर्जुनलाई यो कृष्णको प्रतीकत्माक रूप हो जस्तो लागेको छ र मेरो परीक्षा लिइरहनुभएको त होइन भन्ने लागिरहेको छ । त्यसैले अर्जुन जिज्ञासापूर्वक यो उग्र रूपवाला को हुनुहुन्छ भनेर सोध्दछन् ।

हे देवहरूमा श्रेष्ठ ! हजुरलाई कोटी कोटी नमस्कार छ; हजुर प्रसन्न हुनुहोस् । अर्जुन व्याकुल र भयभीत भएर आत्तिइरहेका छन् र म हजुरलाई नमस्कार गर्दछु प्रसन्न हुनुहोस् पनि सँगै भन्दै छन् । हे आदिस्वरूप ! म हजुरलाई तत्त्वपूर्वक जान्न चाहन्छु किनभने हजुरको प्रवृत्तिलाई म जान्दिनँ । कृपया हजुर आफ्नो प्रवृत्तिलाई खुम्च्याउनुहोस् । हजुर मृत्युमा पनि हुनुहुन्छ त्यससँग मेरो कुनै प्रयोजन छैन । हजुर के गर्नुहुन्छ, त्यससँग पनि मेरो कुनै प्रयोजन छैन । म हजुर केन्द्रमा, सारमा वा तत्त्वमा के हुनुहुन्छ त्यो जान्न चाहन्छु । हामीहरू पनि सबै अर्जुन जस्तै परमात्मालाई जान्न चाहन्छौँ तर उसका रूप-गुणहरूबाट बच्न चाहन्छौँ । अर्जुनको आकाङ्क्षा हामी सबैको आकाङ्क्षा हो । यो सारा संसार परमात्माकै प्रवृत्ति र खेल हो । हामी त्यसबाट बचेर उसलाई मात्र जान्न चाहन्छौँ । हामी परमात्मालाई यो संसाररूपी भवसागरबाट पार लगाऊ भन्छौं तर संसार र सबै कुरा उसकै हो र यो भवसागर पनि उही नै हो ।

अर्जुन भन्छन्- हजुरको प्रवृत्तिलाई होइन, हजुरलाई तत्त्वपूर्वक जान्न चाहन्छु । हजुर के हो ? म त्यो केन्द्रलाई जहाँ कुनै गति एवम् कर्म छैन केवल शान्त र मौन मात्र छ त्यसलाई जान्न चाहन्छु । यो उग्ररूप हटाएर प्रसन्न हुनुहोस् । प्रसन्नता पनि प्रवृत्ति हो तर अर्जुन हजुरको प्रवृत्तिसँग मलाई कुनै प्रयोजन छैन, म त केवल तत्त्वपूर्वक हजुरलाई मात्र जान्न चाहन्छु भनेर बिन्ती गर्दछन् । उग्रता, प्रसन्नता, जीवन-मृत्यु र आनन्दित हुनु पनि सबै कर्म हुन् तत्त्व होइन तर अर्जुन छनोट मात्र गरिरहेका छन् । मौन र शून्य तत्त्व हो तर शून्यलाई हेर्ने क्षमता अत्यन्त कठिन हुन्छ । हामी प्रवृतिलाई देख्न सक्छौँ तर शून्यलाई देख्न सक्दैनौँ । मौन र शून्य तत्त्वलाई इन्द्रियजन्य दृष्टिबाट देख्न र सुन्न सकिन्न । शून्य जुन मौनता हो त्यसलाई सुन्नका लागि आन्तरिक कान चाहिन्छ र हेर्नका लागि दिव्यचक्षु नै चाहिन्छ । अर्जुन भन्दछन्- म हजुरलाई तत्त्वपूर्वक जान्न चाहन्छु तर जुन व्यक्ति स्वयम् तत्त्व हुन तयार हुन्छ, उसले मात्र त्यो तत्त्व अर्थात् जगत्को शून्यलाई देख्न सक्छ । जबसम्म व्यक्ति शून्य हुन राजी हुँदैन, तबसम्म प्रवृत्ति मात्र देखिन्छ र प्रवृत्ति रहुन्जेल व्यक्तिमा छनोट भइरहन्छ । हामी जस्तै अर्जुन पनि उग्ररूप हटाएर प्रीतिकर सुन्दर रूपको माग गर्दै छन् र अझै पनि छनोट गर्दै छन् ।

संसार प्रवृतिको जाल हो र सन्न्यास निवृत्ति अर्थात् प्रवृत्तिबाट हट्नु हो । संसार सर्वत्र छ त्यसैले सबैतिर प्रवृत्ति छ र यसबाट भाग्न सम्भव छैन । सबैतिर उसकै प्रवृत्ति छ । कहीँ वृक्ष पक्षीहरूको चिरीबिरीको प्रवृत्ति, कहीँ नदीमा पानीको कलकलाहटको प्रवृत्ति, कहीँ पहाडको शान्तपनको प्रवृत्ति, कहीँ नदीको सुसाहटको प्रवृत्ति, कहीँ बजारको भिडभाड र चहलपहलको प्रवृत्ति, यी सबै परमात्माकै प्रवृत्ति हुन् । प्रवृत्तिमा छनोटरहित हुनासाथ व्यक्ति शून्य हुन्छ, कारण छनोटले नै भित्रको शून्य खण्डित गर्छ । जो शून्य हुन्छ, उसले परमात्मालाई तत्त्वपूर्वक जान्न सक्छ । अर्जुन अतिविनयका साथ भन्दछन्- हे भगवन् ! हजुर कृपा गरेर यो उग्र रूप भएको को हो मलाई भन्नुहोस् र हजुर प्रसन्न हुनुहोस् । हे आदिस्वरूप ! म हजुरलाई तत्त्वपूर्वक जान्न चाहन्छु । हजुरको प्रवृत्तिलाई म जान्दिनँ र मलाई यससँग कुनै प्रयोजन पनि छैन, केवल हजुर के हुनुहुन्छ ? त्यही जान्न चाहन्छु ।

अर्जुन ज्योतिमा पुतली प्रवेश गरे जस्तै सबै जना कृष्णको मुखमा वेगले पसेको देख्छन् । त्यो देख्दा उनलाई मेरो पनि यही हाल हुने छ भन्ने थाहा भयो । त्यसैले उनी अरूअरूको नाम लिएर कुरा गर्दै छन् तर उनको भनाइको गहिराइमा आफ्नो भनाइ पनि सम्मिलित छ । अर्जुनलाई दियोमा पुतली नष्ट भए झैँ आफू पनि मिट्नुपर्ने त्रासले समातेको छ । व्यक्ति जब मेटिन तयार हुन्छ तब कसैले पनि उसलाई समाप्त पार्न सक्दैन । व्यक्तिलाई मेटिनबाट रोक्ने अहङ्कार हो र मृत्युले पनि समाप्त नहुने अमृत तत्त्व आत्मा हो । मृत्युको भय आत्माको जानकारी नहुनु हो । मनुष्य केवल 'म'का बारेमा जान्दछ । उसलाई अमृत तत्त्व आत्माको कुनै जानकारी हुँदैन । यो 'म'लाई नै ऊ परमात्मासमक्ष लिएर जान्छ, त्यसैले भित्र प्रवेश गर्न सक्दैन । त्यस्तै अर्जुन पनि यो आखिरी अवस्थामा जहाँ उनले श्रीकृष्णलाई जन्म, मृत्यु, पालनकर्ता, ऐश्वर्य, प्रकाश र विध्वंसकको रूपमा प्रत्यक्ष देखिसकेर पनि अझै मेटिन तयार छैनन् । 'म'लाई बलियो बनाएर उनी परमात्मालाई पाउन चाहन्छन् । अर्जुन सबै मनुष्यहरूका प्रतिनिधि पात्र हुन् ।

*श्री भगवानुवाच*
*कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो-*
*लोकान्समाहर्तुमिह प्रवृत्तः ।*
*ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे*
*येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥*

**भगवान् श्रीकृष्णले भन्नुभयो- 'म' लोकलाई नाश गर्नेवाला बढेको महाकाल हुँ । यस समय 'म' यो लोकलाई नष्ट गर्नका लागि प्रवृत्त भएको छु । त्यसैले जो पनि प्रतिपक्षका सेनामा स्थित योद्धा छन् ती सबै तिमी नभए पनि र तिमीले युद्ध नगरे पनि यिनीहरू सबैको नाश हुने छ ॥**

*तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व*
*जित्वा शत्रून्भुङ्क्ष्व राज्यं समृद्धम् ।*
*मयैवैते निहताः पूर्वमेव*
*निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥*

**त्यसकारण तिमी उठ, यश प्राप्त गर र शत्रुहरूलाई जितेर धनधान्यले सम्पन्न राज्यलाई भोग । यी सबै शूरवीरहरू पहिले नै 'म' बाट मारिइसकेका छन् । हे सव्यसाचिन् ! तिमी त केवल निमित्त मात्र बन ॥**

*द्रोणं च भीष्मं च जयद्रथं च*
*कर्णं तथान्यानपि योधवीरान् ।*
*मया हतांस्त्वं जहि मा व्यथिष्ठा-*
*युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥*

**द्रोणाचार्य र भीष्मपितामह तथा जयद्रथ र कर्णलगायत अरू पनि धेरै 'म' बाट मारिएका शूरवीर योद्धाहरूलाई तिमी मार, भय नमान । निःसन्देह तिमी युद्धमा वैरीहरूलाई जित्छौ; त्यसैले युद्ध गर ॥**

यसप्रकार अर्जुनले सोधेपछि श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी जुन मेरो भयङ्कर विकराल रूप देखिरहेका छौ त्यो 'म' लोकलाई नाश गर्न बढेको महाकाल रूप हुँ । यो क्षण 'म' यहाँ एक महाविनाशका लागि उपस्थित भएको छु । यहाँ हुने विराट् विनाशका लागि मेरो मुख मृत्यु बनेको छ । यो तिम्रा अगाडि निश्चिन्त देखिने शूरवीरहरू केही क्षणपछि मेरो मुखमा प्रवेश गर्ने छन् किनभने 'म' यिनीहरूलाई लिन आएको छु । तिमीले अहिले भविष्यमा घट्ने घटना, उनीहरू मेरो मुखमा प्रवेश गर्न लागेको प्रत्यक्ष देख्न सक्यौ । त्यो केही क्षणपछि त्यस्तै घटित हुने छ र उनीहरू मृत्युमा प्राप्त हुने छन् ।

भविष्य त्यही हो जो, हामीले देख्दैनौँ । मनुष्य भविष्य देख्न सक्दैन, त्यसैले उसलाई भविष्यको केही बोध हुँदैन । तर प्राचीन ऋषिहरूले भन्दथे- मर्नुभन्दा छ महिना अघिदेखि नै मृत्युको प्रभाव देखिन सुरु हुन्छ । उक्त व्यक्तिको प्रकाशको आभा धमिलो हुन थाल्छ र मण्डलको किरण जुन बाहिर जान्थ्यो त्यो फर्किएर भित्र आउन थाल्छ । यसरी छ महिनापछि घट्ने मृत्युको घटना छ महिना अगाडि नै देखिन सुरु

हुन्छ । उच्च स्थानमा बस्ने व्यक्तिले अतीत, वर्तमान र भविष्य सबै देख्न सक्छन् । चेतनाको पनि त्यस्तै अवस्था हुन्छ । जब अहङ्कार धेरै हुन्छ, तब आँखाका अगाडि नआएसम्म केही देखिँदैन । यो चेतनाको पहिलो अवस्था हो । जब सबै अहङ्कार एक हुन्छ, तब अग्लो स्थानमा बसेको जस्तो अनुभूति हुन्छ; यो चेतनाको दोस्रो अवस्था हो । जब 'म' नै रहँदैन तब त्यो उचाइ अझ बढ्छ र त्यो चेतनाको तलबाट धेरैपछि हुने कुरा पनि देखिन थाल्छ, यो चेतनाको तेस्रो अवस्था हो । चौथो अवस्था जहाँ कोही पनि रहँदैन, त्यो उचाइबाट सबै कुरा देखिन थाल्छ । यो चौथो अवस्थाको व्यक्तिलाई हामी सर्वज्ञ भन्छौँ । यस्तो व्यक्तिलाई सबै वर्तमान हुन्छ कुनै भविष्य हुँदैन ।

सबै योद्धाहरू कृष्णको मृत्युको मुखमा गइरहेको देखेर अर्जुनले विस्मयपूर्वक सोध्न थालेपछि श्रीकृष्ण भन्नुहुन्छ- 'म' यो युद्धका योद्धाहरूलाई अन्त गर्न आएको छु र 'म' महाकाल हुँ । तिमीले अहिले जे देख्यौ, केही क्षणपछि त्यही घट्ने छ । त्यसैले उठ, युद्ध गर, यश प्राप्त गर र शत्रुहरूलाई जित किनभने यी सबै शूरवीरहरूलाई मैले पहिले नै मारिसकेको छु । त्यसैले तिमी चिन्ता नगर, तिमी नभए पनि यिनीहरूको मृत्यु निश्चित छ । तिमी यिनीहरूको मृत्युको कारण होइनौँ निमित्त मात्र हौ । निमित्त परिवर्तन हुन सक्छ तर कारण परिवर्तन हुन सक्दैन । त्यसैले श्रीकृष्ण अर्जुनलाई भन्दै हुनुहुन्छ- कारण त 'म' हुँ र तिमी निमित्त मात्र हौ । त्यसैले तिमीले नमारे पनि अरू कसैले अवश्यै मार्ने छन् किनभने यिनीहरूको मृत्यु निश्चित छ । मैले यिनीहरूलाई मारिसकेको छु तिमीलाई त केवल मारिसकेको व्यक्तिलाई निमित्त भएर मार्ने जिम्मेवारी मात्र दिएको हुँ । यसरी निमित्त भएर मैले मारिसकेका व्यक्तिहरूलाई मारेर तिमी धन, वैभव र विशाल साम्राज्य प्राप्त गर । यिनीहरू सबै मृत छन् र मृतलाई मार्नु कुनै हिंसा होइन । नियतिले उनीहरूलाई मृत्यु प्रदान गरिसकेको छ । तिमी त केवल एक धक्का दिने काम मात्र गर्ने छौ । दुर्योधन र उसका शूरवीरहरूको पापकर्मले गर्दा उनीहरूको समय पुगिसकेको छ । त्यसैले तिमी निश्चिन्त भएर निमित्त बन, यश प्राप्त गर र कुनै अहङ्कार पनि नराख । नियतिलाई स्वीकार गरेर जे भइरहेको छ; हुन देऊ । तिम्रो जित निश्चित छ किनभने 'म' तिम्रो साथमा छु । त्यसैले तिम्रो हार हुन सक्दैन । तिमी युद्धको कारणले जित्ने होइनौ तिमी त निमित्तको रूपमा जित्ने छौ ।

युद्धमा राम्रो गर्नेको जित र नराम्रो गर्नेको अर्थात् पापीको हार हुन्छ अर्थात् सत्यको जित हुन्छ । दुर्योधन सत्यका पक्षमा थिएनन् । त्यसैले उनको हार निश्चित छ । उनका सबैजसो कर्म पापपूर्ण छन् । दुर्योधन र उनका शूरवीरहरूले जगत्को परम सत्तासँग छुट्टिएर जुन अहङ्कार गरेका छन् त्यही उनीहरूको सबैभन्दा ठुलो पाप हो । द्रोणाचार्य, भीष्मपितामह, जयद्रथ र कर्ण जो महावीर र प्रतापी छन् तर उनीहरू जसलाई साथ दिइरहेका छन्, ती महापापी छन् । त्यसैले ती महावीरहरूबाट यो अनुचित कर्म भयो । अनुचित व्यक्तिलाई साथ दिएका कारण नै उनीहरूको पनि त्यही गति हुँदै छ । अनुचितलाई साथ दिनु पनि अनुचित नै हो । भीष्मपितामह अत्यन्त असल भए पनि चुपचाप अनुचित कुरालाई पनि उनले स्वीकार गरे । त्यसैले अर्जुनका कारणले होइन विराट् शक्तिको विपरीत हुनाका कारणले उनीहरू समाप्त हुँदै छन् । कर्ण अर्जुन जत्तिकै प्रभावशाली र ससक्त योद्धा हुन् । दुवैमा शक्ति र कौशल बराबरको नै छ साथै दुवै एउटै आमाका सन्तान पनि हुन् । कर्ण अर्जुनभन्दा कुनै कुरामा कम छैनन् तर विराट्को प्रवाहका विपरीत दुर्योधन जस्तो अनुचित व्यक्तिलाई साथ दिनु नै उनको हारको कारण हो । अर्जुन लगायतका समस्त पाण्डव विराट्को साथमा हुनु र अनुचित व्यक्तिका साथ नहुनाका कारणले श्रीकृष्णले अर्जुनलाई तिम्रो जित निश्चित छ, तसर्थ निःसन्देह युद्ध गर भन्नुभएको हो ।

*सञ्जय उवाच*
*एतच्छ्रुत्वा वचनं केशवस्य*
*कृताञ्जलिर्वेपमानः किरीटी ।*
*नमस्कृत्वा भूय एवाह कृष्णं-*
*सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥*

**सञ्जयले भने- हे राजन् ! भगवान् केशवका यी वचनहरूलाई सुनेर आनन्दित मुकुटधारी अर्जुन हात जोडेर काँप्दै नमस्कार गरेर तर पनि अत्यन्त भयभीत भएर प्रणाम गर्दै भगवान् श्रीकृष्णाका प्रति गदगद वाणीमा बोले ॥**

*अर्जुन उवाच*
*स्थाने हृषीकेश तव प्रकीर्त्या*
*जगत्प्रहृष्यत्यनुरज्यते च ।*
*रक्षांसि भीतानि दिशो द्रवन्ति*
*सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ॥३६॥*

**श्रीकृष्णाका कुरा सुनेर अर्जुनले भने- हे अन्तर्यामिन् ! हजुरको नाम, हजुरको गुण र प्रभावले जगत् अति हर्षित भइरहेको छ र अनुराग पनि प्राप्त भइरहेको छ; यो योग्य नै छ । हजुरको गुण र प्रभावबाट भयभीत राक्षसहरू चारै दिशाहरूमा भाग्दै छन् र सबै सिद्ध गणहरूको समुदाय नमस्कार गरिरहेका छन् ॥**

*कस्माच्च ते न नमेरन्महात्मन्*
*गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।*
*अनन्त देवेश जगन्निवास*
*त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥*

**हे महात्मन् ! ब्रह्माका पनि आदिकर्ता र सबैभन्दा ठुलो हजुरलाई कसरी नमस्कार नगर्नु किनभने हे अनन्त ! हे देवेश ! हे जगन्निवास ! जो सत्, असत् र त्यसभन्दा पनि पर अक्षर अर्थात् सच्चिदानन्दघन ब्रह्म छ त्यो हजुर नै हो ॥**

*त्वमादिदेवः पुरुषः पुराण-*
*स्त्वमस्य विश्वस्य परं निधानम् ।*
*वेत्तासि वेद्यं च परं च धाम*
*त्वया ततं विश्वमनन्तरूप ॥३८॥*

**हजुर आदिदेव र सनातन पुरुष हुनुहुन्छ । हजुर यस जगत्को परम आश्रय, जान्नेवाला तथा जान्नयोग्य र परमधाम हुनुहुन्छ । हे अनन्तरूप ! हजुरबाट यो सबै जगत् व्याप्त अर्थात् परिपूर्ण छ ॥**

*वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः*
*प्रजापतिस्त्वं प्रपितामहश्च ।*
*नमो नमस्तेऽस्तु सहस्रकृत्वः*
*पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥*

**हजुर वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा, प्रजाका स्वामी ब्रह्मा र ब्रह्माका पनि पिता हुनुहुन्छ । हजुरलाई हजारौँ चोटि नमस्कार ! हजुरलाई फेरि पनि घरीघरी नमस्कार ! नमस्कार ! नमस्कार !**

*नमः पुरस्तादथ पृष्ठतस्ते*
*नमोऽस्तु ते सर्वत एव सर्व ।*
*अनन्तवीर्यामितविक्रमस्त्वं-*
*सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥*

**हे अनन्त ! सामर्थ्य भएका हजुरलाई अगाडिबाट पछाडिबाट पनि नमस्कार ! हे सर्वात्मन् ! हजुरलाई सबैतर्फबाट नमस्कार किनभने अनन्त पराक्रमशाली हजुरले सबै संसारलाई व्याप्त गर्नु भएको छ । त्यसैले हजुर नै सर्वरूप हुनुहुन्छ ॥**

अर्जुनले जे देखेका छन्, त्यसले उनको पूरा शरीर काँपिरहेको छ । प्रकृतिले हामीलाई भविष्यप्रति अन्धो बनाउँछ किनभने भविष्यको झलक यति खतरनाक हुन्छ कि हामीलाई बाँच्न पनि कठिन हुन्छ । मनुष्यले भविष्य देख्न सक्यो भने उसका लागि जीवन बोझ बन्छ र प्रेम, कर्म केही पनि गर्न सकिन्न ।

बच्चाले यदि जन्मनासाथ भविष्य देख्यो भने ऊ एक पाइला अघि बढ्न सक्दैन । अतीतलाई बिर्सने र भविष्य देख्न नसकिने हुनाले व्यक्ति बाँच्न सक्छ । सारा जगत् मृत्यु भोलि घटित हुने वाला छ भन्ने थाहा नहुनाले आरामले चलिरहेको छ । भविष्य नदेखिने हुनाले नै मनुष्य निश्चिन्त भएर बाँचिरहेको छ । अर्जुनले भविष्य देखे, त्यसैले उनी काँपिरहेका छन् । सञ्जय भन्छन्- अर्जुन काँप्दै भयभीत भएर प्रणाम पनि गर्दै छन् र साथै गदगद पनि भएका छन् । अर्जुनको स्थिति दुबिधापूर्ण छ । उनले युद्धमा विजयी हुने देखेकाले आनन्दित पनि हुँदै छन् र कृष्णको कृपाले जुन उहाँको विराट् स्वरूप देख्ने सौभाग्य प्राप्त भयो त्यसका लागि पनि गदगद छन् । अर्कोतर्फ मृत्युको प्रत्यक्ष स्वरूप देखेर भयभीत पनि छन् । तसर्थ विजय सुनिश्चित भए पनि त्यसबाट आउनुपर्ने आनन्द उनलाई प्राप्त भइरहेको छैन । अर्जुन क्षत्रिय हुन् र एउटा क्षत्रियलाई युद्धमा आफ्नो कला प्रदर्शन गर्ने जुन आकर्षण हुन्छ त्यो पनि भविष्य देख्नाले अर्जुनलाई व्यर्थ लाग्न थालेको छ । विराट्का कारणले युद्धमा विजय प्राप्त गर्न लागेकाले उनमा युद्धको उत्सुकता पनि समाप्त भएको छ ।

कुनै पनि खेलमा जित्नका लागि पूरा प्रयास गरिन्छ तर परिणाम पहिले थाहा भएमा त्यो खेलको रोमाञ्च नै हराउँछ । भविष्य जान्नाले अर्जुनको यस्तै हालत भएको छ । विराट्को दर्शन प्राप्त भएकाले उनी गदगद पनि छन् तर युद्धमा विजय आफ्नो कारणले भएको भनेर गर्व गर्नसक्ने स्थिति नदेखेर उनको अहङ्कारलाई ठेस लाग्नाले व्यथित पनि छन् साथै शूरवीर योद्धाहरूको मृत्युको दृश्य देखेर भयभीत पनि छन् । अर्जुनलाई दुर्योधनले आफैँ हारेको होइन उसको नियतिका कारणले हार्ने जानेर पनि युद्धप्रति हुने उत्सुकता समाप्त भएको छ र आफ्नै अहङ्कारलाई पुष्ट गर्न प्राप्त हुने रसबाट वञ्चित भएकोमा दुखी छन् । मनुष्य पनि यस्तै नियतिको पात्र मात्र हो किनभने उसको नियति निश्चित छ । ऊ केवल निमित्त भएर आफ्नो पात्रता निर्वाह मात्र गरिरहेको हुन्छ । परमात्माले जसलाई चाह्यो उसलाई जिताउँछ र जसलाई चाह्यो उसलाई हराउँछ । अर्जुनका लागि पाण्डवको जित र कौरवको हार नियतिका कारण हुने हुनाले उनले विजय सुनिश्चित देखेका छन्; त्यसैले उनमा युद्धको रोमाञ्च बाँकी रहेको छैन । श्रीकृष्ण भन्दै हुनुहुन्छ- यिनीहरूलाई मैले पहिले नै मारिसकेको छु तिमी त केवल निमित्त मात्र हौ । यो कुरा सुनेर अर्जुन दुखी हुन्छन् किनभने म मार्नेवाला हुँ भन्ने उनको धारणा नै धराशयी भएको छ । अब यो युद्ध अर्जुनका लागि वास्तविक युद्ध भएन ।

अर्जुन श्रीकृष्णको विराट् रूपको दर्शनको अनुभव प्राप्त गर्नाले अत्यन्त हर्षित छन् र अर्कोतर्फ त्यो विराट् मृत्युको स्वरूपको दर्शनले भयभीत पनि छन् । उनमा दुवै कुरा एकैसाथ घटित भइरहेको छ । त्यही अवस्था देखेर सञ्जय भन्छन्- अर्जुन गदगद र भयभीत भएर बारम्बार प्रणाम गरिरहेका छन् र उनी भन्दछन्- हे अन्तर्यामी ! हजुरको नाम र कीर्तनको प्रभावले सारा जगत् हर्षित छ साथै अनुराग पनि प्राप्त गरिरहेको छ । उता भयभीत भएका राक्षसगण अनेक दिशाहरूतिर भागिरहेका छन् भने सबै सिद्ध गणहरूको समुदाय नमस्कार गरिरहेका छन् । अर्जुन भन्दै छन्- हजुरको नामले कोही हर्षित र कोही भयभीत हुन्छन् । यी दुवै उचित कुराहरू हुन् किनभने युद्धमा समाप्त हुनेहरूका लागि हजुर विनाशस्वरूप भएकाले उनीहरू भयभीत हुनु स्वाभाविक हो साथै हजुरलाई देखेर परम आनन्द पाउन लागेका व्यक्तिहरू हर्षित हुनु पनि स्वाभाविकै हो । तर अर्जुनमा यी दुवै अनुभूति एकसाथ भइरहेका छन् । हामीमा पनि यस्तै दोहोरो अनुभूति नै हुन्छ किनभने जगत्मा देवता र राक्षसलाई अलग खोज्न सकिन्नँ । यी दुवै मिलेकै हुन्छन् । यी दुवै गुण प्रत्येक व्यक्तिमा हुन्छ जुन प्रत्येक व्यक्तिका दुई पाटा हुन् । मन दुईको विना हुन सक्दैन । त्यसैले हरेक असलभन्दा असल पुरुषभित्र पनि केही हिस्सा राक्षसी हुन्छ र हरेक राक्षसमा पनि केही हिस्सा असल हुन्छ ।

यस जगत्मा प्रकट हुने उपाय मन हो र मन द्वन्द्व हो । अति राम्रो या नराम्रो व्यक्तिमा पनि कुनै न कुनै नराम्रो या राम्रो पक्ष हुन्छ र मनुष्य यही दुई गुणद्वारा निर्मित हुन्छ । मनुष्यमा दुवै गुण हुने

भएकाले परमको द्वार खुल्दा पनि यो दुवै पक्ष प्रकट हुन्छ । उसभित्रको दिव्य परमको एक रूप देखेर आनन्दित र अर्को पक्ष परमको दोस्रो रूप देखेर भयभीत हुन्छ । परमात्माका अगाडि दुवै कुरा एकसाथ नै घटित हुन्छन् । अर्जुन भन्छन्- हजुरको गुण र कीर्तनले कोही मनुष्य हर्षित हुन्छन् र अनुरागमा उपलब्ध हुन्छन् भने केही मनुष्य विभिन्न दिशामा भाग्दछन् । सिद्ध गणहरू घुँडा टेकेर हजुरलाई नमस्कार गरिरहेको पनि देखिरहेको छु । कोही भगवान्को नाम सुन्नेबित्तिकै दुखी र पीडित हुन्छन् एवम् कोही आनन्दित र प्रफुल्लित हुन्छन् । भगवान् जब मृत्युसँग जोडिएको हुन्छ, तब हामी दुखी हुन्छौं । जब व्यक्ति परमात्माको धारामा बगिरहेको हुन्छ, तब ऊ भगवान्को नाम सुनेरै आनन्दित हुन्छ । आफू हुनुको होस हराएर परमात्मासँग सुरताल बस्नु र उहाँको नाम, गीत, धुन र लयका माध्यमबाट लीन हुनु कीर्तन हो । कीर्तन परमात्माको धारामा आफूलाई छोड्नु हो । त्यसैले अर्जुन भन्दछन्- हजुरको कीर्तन गरेर मनुष्य हर्षित हुन्छन् र अनुरागलाई प्राप्त गर्दछन् ।

हे महात्मन् ! हजुर ब्रह्माको पनि आदिकर्ता र सबैभन्दा ठुला हुनुहुन्छ । त्यसैले हजुरलाई उनीहरू नमस्कार कसरी नगरून् किनभने हे अनन्त ! हे जगन् निवास जो सत् र असत्को पार अक्षर अर्थात् सच्चिदानन्दघन ब्रह्म हुनुहुन्छ त्यो हजुर नै हो । हे प्रभु ! हजुर आदिदेव र सनातन पुरुष हुनुहुन्छ र हजुर यस जगत्को परम आश्रय र जान्नेवाला तथा जान्नयोग्य र परमधाम हुनुहुन्छ । हे अनन्त रूप ! हजुरबाट यो जगत् व्याप्त एवम् परिपूर्ण छ र हजुर वायु, यमराज, अग्नि, वरुण चन्द्रमा तथा प्रजाका स्वामी ब्रह्मा र ब्रह्माका पिता हुनुहुन्छ । हजुरलाई हजारौं हजार नमस्कार । हे सर्वात्मन् ! हजुरलाई सबैतिरबाट नमस्कार किनभने अनन्त पराक्रमशाली हजुरले संसारलाई व्याप्त गर्नुभएको छ; त्यसैले हजुर नै सर्वरूप हो ।

अर्जुनका यी सारा वचन परमात्माप्रति धन्यभाव तथा अहोभावका वचन हुन् । अर्जुन भयभीत भएका छन् साथै धन्यभागी पनि भएका छन् । यो अहोभाग्यको अद्वितीय अवसर उनलाई प्राप्त भएको छ । अर्जुनलाई विराट्को पूर्ण दर्शन गर्ने सुअवसर प्राप्त भएको छ । जहाँ जान्नेवाला र जान्नुपर्ने वाला दुवै एक भएर सारा सीमा समाप्त हुन्छ, जहाँ सृष्टि र सृष्टिको निर्माता पनि विलीन भएर मूल आश्रय परमधामको अनुभव हुन्छ, त्यो मौका अर्जुनले पाएर धन्यभागी भएका छन् र आफूलाई प्राप्त भएको सौभाग्यप्रति कृतज्ञता प्रकट गर्न घरीघरी चारैतिरबाट नमस्कार गर्दै छन् । आमाबाबुको ऋणबाट मुक्त हुन कठिन छ तर गुरुको ऋणबाट पार हुन असम्भव छ । गुरुका माध्यमबाट प्राप्त हुने अनुभव अर्जुनलाई कृष्णका माध्यमबाट प्राप्त भएको छ । जसको कुनै मूल्य अर्जुनले चुकाउन सक्दैनन् ।

गुरुलाई "गुरुर्ब्रह्मा, गुरुर्विष्णुः गुरुदेवो महेश्वरः" भनेर आदर प्रकट गर्नाको कारण पनि यही हो । गुरुलाई साष्टाङ्ग नमस्कार गर्नुसिवाय अरू केही गर्न पनि सकिँदैन । यस्तो संसारबाट पार हुन सक्ने अनुभव दिने गुरुलाई संसार नै दिए पनि अपर्याप्त हुन्छ । अर्जुन त्यही अनुग्रहको भावमा बारम्बार नमस्कार गर्दै छन् । विराट्लाई हामीले दिन सक्ने कुरा श्रद्धापूर्ण नमन नै हो । धर्मको खोज झुक्ने कला हो । झुक्न जान्नेले नै सबैकुरा पाउँछ । तसर्थ अर्जुन भन्छन्- हजुर नै जान्नुपर्ने कुरा हुनुहुन्छ र हजुर नै परम परमात्मा ब्रह्म पनि हुनुहुन्छ । परमात्माको प्रार्थना माग नभएर कृतज्ञता ज्ञापन हुनुपर्दछ । मनुष्यलाई त परमात्मा नै पाए पनि उसको छुद्र मागको अन्त्य हुँदैन । माग्ने मनलाई त्यागेर उसको धारामा आफूलाई छोड्नु कीर्तन हो ।

*सखेति मत्वा प्रसभं यदुक्तं-*
*हे कृष्ण हे यादव हे सखेति ।*
*अजानता महिमानं तवेदं-*
*मया प्रमादात्प्रणयेन वापि ॥४१॥*
*यच्चावहासार्थमसत्कृतोऽसि*
*विहारशय्यासनभोजनेषु ।*
*एकोऽथवाप्यच्युत तत्समक्षं-*
*तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥*

**हजुरको यो प्रभावलाई नजानेर, हजुर मेरो सखा हो भन्ने मानेर प्रेमले अर्थात् प्रमादले पनि मैले हे कृष्ण ! हे यादव ! हे सखा ! यसप्रकार नसोची नसम्झी त्यत्तिकै भनेको थिएँ र हे अच्युत ! हजुर मद्वारा मेरो आनन्दका लागि घुमफिर, उठबस, आसन र भोजनहरूमा, एक्लैमा अथवा साथीहरूका अगाडि पनि अपमानित गरिनुभएको छ; त्यो सबै अपराध अप्रमेयस्वरूप अर्थात् अचिन्त्य प्रभाव भएको हजुरसँग क्षमा माग्दछु ॥**

*पितासी लोकस्य चराचरस्य*
*त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।*
*न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो-*
*लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥*

**हजुर यस चराचर जगत्का पिता र सबैभन्दा ठुला गुरु एवम् अति पूजनीय हुनुहुन्छ । हे अनुपम प्रभाव भएका भगवन् ! तीनै लोकमा हजुरको समान अरू कोही पनि छैन र हजुरभन्दा अधिक त झन् कसरी हुन सक्ला ?**

*तस्मात्प्रणम्य प्रणिधाय कायं*
*प्रसादये त्वामहमीशमीड्यम् ।*
*पितेव पुत्रस्य सखेव सख्युः*
*प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥*

**त्यसैले हे प्रभु ! म शरीरलाई हजुरको चरणमा राखेर प्रणाम र स्तुति गर्दछु साथै हजुरलाई प्रसन्न हुनका लागि प्रार्थना गर्दछु । हे देव ! पिता जसरी छोराको, साथी जसरी साथीको र श्रीमान् जसरी प्रियतमा स्त्रीको अपराध सहन्छन्, त्यस्तै हजुर पनि मेरो अपराध सहनका लागि योग्य हुनुहुन्छ ॥**

अर्जुन भन्छन्- हे परमेश्वर ! मैले साथी मानेर, हजुरको यो प्रभावलाई नजानेर मैले प्रेम र प्रमादले पनि हे कृष्ण ! हे यादव ! हे सखा ! आदि जे पनि हठपूर्वक भनेँ र हे अच्युत ! हजुर मद्वारा रमाइलोका लागि घुमफिर, शैया, आसन र भोजनहरूमा, एक्लै अथवा अरू साथीहरूका अगाडि अपमानित गरिनुभयो; ती सबै अपराधका निम्ति अप्रमेयस्वरूप हजुरसँग म क्षमा माग्छु । कृष्णप्रति अर्जुनको यो मधुर र आन्तरिक अभिव्यक्ति हो । जुन क्षण अर्जुनले कृष्णको विराट् स्वरूपको दर्शन पाए, त्यसै क्षण उनलाई कृष्ण मनुष्य नभएर परमात्मा भएको अनुभव भयो । त्यसैले आफूले पहिले कृष्णलाई साथीका रूपमा गरेका व्यवहार सम्झेर अर्जुन पीडा र लज्जाले भरिएका छन् । उनलाई आफूले त्यो विराट्लाई गरेको मित्रवत् व्यवहार सम्झेर पनि अपराध वोध भएको छ ।

अर्जुन श्रीकृष्णलाई त्यही भन्दै छन्- मैले हजुरलाई नजान्नाले मित्रवत् व्यवहार गरेँ । मित्रतामा भन्ने शब्द हे कृष्ण ! हे यादव ! भनेर सम्बोधन गरेँ । हठपूर्वक आफ्नो कुरा मनाउन खोजेँ होला ! तपाईं गलत हुनुहुन्छ भनेर सिद्ध पनि गर्ने प्रयास गरेँ होला ! तपाईंले भनेका कुरा लत्याएँ होला ! रमाइलो गर्दा, घुमफिर गर्दा, आसन, भोजनमा एक्लैमा वा साथीहरूका अगाडि अपमानित पनि गरेँ होला, अरूले अपमान

गर्दा सहमति पनि जनाएँ होला ! हे भगवन् ! मैले हजुरलाई नचिनेर गरेका यी सबै अपराधका लागि अप्रमेयस्वरूप अचिन्त्य प्रभाव भएका हजुरसँग क्षमा माग्छु । हजुरलाई यो विराट् रूपमा जस्तो देखिरहेको छु र आजसम्म जुन रूपमा देखेँ, त्यसमा पृथ्वी र आकाशको जत्तिकै फरक पाएँ । तसर्थ नजानेर, चिन्न नसकेर गरेको मेरो सारा अपराध क्षमा गरिदिनुहोस् । जुन दिन हामीले पनि परमात्माको अलिकति पनि झलक देख्ने छौँ, त्यस दिन हामीलाई पनि क्षमा माग्नुबाहेक अरू केही उपाय हुँदैन किनभने चारैतिर उही विराट्को अस्तित्व छ र हामी उससँग उल्टा व्यवहारहरू गरिरहेका छौं । हामीसँग उचित दृष्टिको कमीले गर्दा हामी विराट्लाई चिन्न सक्दैनौ । हाम्रो दृष्टि परिवर्तन भएमा क्षमा माग्नुबाहेक केही उपाय नै हुँदैन । अर्जुनले परमात्मामा कृष्णलाई देखे; यसैकारण उनी माफी माग्दै छन् । अन्जानमा उनले परमात्मासँग मित्रवत् व्यवहार गरेकोमा उनलाई ग्लानि भइरहेको छ र उनी बारम्बार क्षमायाचना गर्दै छन् ।

अर्जुन भन्छन्- हे विश्वेश्वर ! हजुर यो चराचर जगत्का पिताभन्दा पनि ठुला पिता र सबैभन्दा ठुला गुरु एवम् अति पूजनीय हुनुहुन्छ । हे अतिशय प्रभावशाली ! तिनै लोकमा हजुरजस्तो अरू कोही छैन । त्यसैले हे प्रभु ! म हजुरको चरणमा शरीरलाई राम्ररी राखी प्रणाम गरेर स्तुति गर्नयोग्य हजुर ईश्वरलाई प्रणाम र प्रार्थना गर्दछु । हे देव ! जसरी बुबाले छोराको, मित्रले मित्रको र पतिले पत्नीको अपराध माफ गर्छन्, त्यसरी नै हजुर मेरो अपराधलाई माफ गर्न योग्य हुनुहुन्छ । हजुरले मलाई अवश्यै माफ गरिदिनुहुने छ । प्रियजनहरूलाई क्षमा गरेसरह हजुरले मेरो अपराधलाई पनि क्षमा गरिदिनुहुने छ भन्ने मलाई थाहा छ किनभने हजुर जस्तो क्षमावान् अर्को हुन सक्दैन तर पनि म आफ्नो शरीर हजुरको चरणकमलमा राखेर क्षमा याचना गर्छु ।

शरीर र मन दुई चिज होइनन् किनभने शरीरको प्रत्येक अवस्था मनको अवस्थासँग जोडिएको हुन्छ । शरीर र मन एकसाथ छन् र एउटामा घटित भएको कुराले अर्कोलाई पनि प्रभावित गर्छ । प्रसन्नता मन हो र हाँसो शरीर हो । मन दुखी हुँदा शरीर शिथिल हुन्छ । मन दुखी हुँदा शरीरको प्रतिरोधात्मक क्षमता कम र मन प्रसन्न हुँदा शरीरको प्रतिरोधात्मक क्षमता वृद्धि हुन्छ भनेर शरीरशास्त्रीहरू भन्दछन् । कीटाणुलाई शरीरभित्र पस्ने उपाय मनुष्यले आफैँ दिन्छ । प्रसन्नताको आभालाई कीटाणुले पनि पार गर्न सक्दैन । दिनभरिको चौबिस घण्टामा केही क्षण व्यक्ति सुस्त हुन्छ । त्यही अवस्थामा कीटाणुभित्र प्रवेश गर्न सक्छ । प्रसन्नताको शिखरमा रहेको क्षणमा कुनै रोगले समात्न सक्दैन । त्यसैले शरीर र मन जोडिएको छ । क्रोधमा व्यक्तिको शरीर अकडिन्छ र प्रेममा शान्त अवस्थामा हुन्छ । मन र शरीर साथसाथै परिवर्तन हुन्छन् । क्रोधमा प्रेम हुन सक्दैन र विश्रामको शान्त अवस्थामा क्रोध हुन सक्दैन ।

सनातनीहरूले कसैलाई सम्मान व्यक्त गर्न उसको खुट्टामा श्रद्धापूर्वक आफ्नो शिर राखेर नमन गर्दछन् । सम्मान गर्ने मनको धारणाले शिरलाई कसैको खुट्टामा राख्नु उचित हो । यो नमन श्रद्धा नभई घट्न सक्दैन । अर्जुन त्यही श्रद्धाभावले भन्दै छन्- म शरीरलाई हजुरको पाउमा राखेर क्षमा माग्न चाहन्छु । हाम्रो शरीर एउटा विद्युत्यन्त्र हो र हरेक शरीरको गतिविधि विद्युत्बाट सञ्चालित हुन्छ । शरीरमा विद्युत्का तरङ्गहरू दौडिरहेका हुन्छन् । हाम्रो शरीर एक प्रकारको ब्याट्री हो जसमा विद्युत् चलिरहेको छ । यस्तै गुरुको चरणमा शिर राख्नु विद्युत्सँग जोडिनु हो । गुरुको चरणमा शिर राख्नेबित्तिकै उनको विद्युत्धारा शिरको माध्यमबाट शरीरमा प्रवाहित हुन थाल्छ । विद्युत् बाहिर प्रवाहित हुन हात र खुट्टाका औंलाहरू उपयुक्त स्थान हुन् र विद्युत् ग्रहण गर्न गोल स्थान चाहिने हुँदा शिर उपयुक्त स्थान हो । शिष्यले गुरुचरणमा शिर राख्दा गुरुको आशीर्वादस्वरूप उठेका हातका औँलाहरूबाट विद्युत्तरङ्ग प्रवाहित हुन्छ र शिरबाट शिष्यले विद्युत्तरङ्ग ग्रहण गर्छ । शिष्यको शिर गुरुको चरणमा अर्पण गर्नु नै गुरुको चरणसँग विद्युत् ऊर्जाका लागि जोडिनु हो । साँच्चै श्रद्धाको भाव जन्मिएमा गुरुको चरण र हातका औँलाहरूबाट अलग प्रकारको तरङ्ग आफ्नो शरीरमा बगेको अनुभव हुने छ र शिष्यको शिर शान्त हुन थाल्ने छ । त्यसैले अर्जुन कृष्णको चरणमा श्रद्धापूर्वक शिर राखेर माफी मागिरहेका छन् ।

अर्जुनले भगवान् श्रीकृष्णको विकराल रूपमा धेरै शूरवीर योद्धाहरू मृत्युको मुखमा प्रवेश गरेको, देवताहरू पनि त्राहिमाम् भएको देखे तर आफ्नो मृत्यु देखेनन् र त्यसको उल्लेख पनि गरेनन् किनभने कुनै पनि व्यक्ति आफ्नो मृत्यु देख्न सक्दैन । मृत्यु बाहिर घटित हुन्छ, भित्र त मृत्यु घटित नै हुँदैन । त्यसैले मृत्यु सधैँ अरूको मात्र देख्न सकिन्छ । मनुष्य सधैँ बेहोसीमा मृत्यु प्राप्त गर्छ । पूर्ण होसमा मृत्यु घटित भएमा त्यो अमृतको जानकारी हुन सक्छ । व्यक्तिको चेतना कहिल्यै मर्दैन । शरीर र त्यो नमर्ने तत्त्व अलग हुन् । अर्जुनको शरीरले मृत्युलाई प्राप्त गर्ने छ तर त्यो शरीरभन्दा भित्रको अर्जुन मृत्युभन्दा बाहिर हुन्छ । त्यो आत्मा देख्नेवाला द्रष्टा हो । उसले मृत्युलाई केवल हेर्दछ । त्यसैले अर्जुनलाई आफ्नो मृत्युको विचार पनि भएन । हरेक दिन कैयन् व्यक्तिहरूको मृत्यु भएको देखेर पनि हामी आफू मर्छौं भन्ने कुरा सोच्दैनौँ । अरू मर्छन् तर म मर्दिनँ भन्ने हामीमा भरोसा हुन्छ । यो भरोसा त्यो आन्तरिक केन्द्रको प्रतिफल हो जहाँ मृत्यु कहिल्यै प्रवेश नै गर्दैन, उसको बाहिर मात्र मृत्यु घटित हुन्छ । तसर्थ व्यक्तिले आफ्नो मृत्युको कल्पना पनि गर्दैन । जसले होसमा आफ्नो मृत्यु देख्छ उसले त्यो अमृतको दर्शन पाउँछ । हाम्रो आवरण जन्मिन्छ र मर्छ तर भित्रको त्यो तत्त्व कहिल्यै जन्मिँदैन र मर्दैन । यो केवल अनुभवबाट मात्र जान्न सकिन्छ । मरणधर्मा र अमृत के हो त्यसको अन्तर जान्नु नै ज्ञान हो । शरीरको जन्म हुन्छ र त्यसको मृत्यु पनि हुन्छ तर हाम्रो जन्म पनि हुँदैन र मृत्यु पनि हुँदैन अर्थात् हाम्रो केन्द्रस्वरूप आत्माको जन्म पनि हुँदैन र मृत्यु पनि हुँदैन ।

*अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा*
*भयेन च प्रव्यथितं मनो मे ।*
*तदेव मे दर्शय देवरूपं-*
*प्रसीद देवेश जगन्निवास ॥४५॥*

**मैले पहिले नदेखेको हजुरको यस्तो आश्चर्यमय रूप देखेर हर्षित भइरहेको छु र मेरो मन भयले व्याकुल पनि भइरहेको छ । त्यसैले हे देव ! हजुर मलाई आफ्नो चतुर्भुज विश्वरूप नै देखाइदिनुहोस् । हे देवेश ! हे जगन्निवास ! प्रसन्न हुनुहोस् ॥**

*किरीटिनं गदिनं चक्रहस्त-*
*मिच्छामि त्वां द्रष्टुमहं तथैव ।*
*तेनैव रूपेण चतुर्भुजेन*
*सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥*

**हे विष्णु ! म हजुरले मुकुट धारण गरेको तथा गदा र चक्र हातमा लिएको रूप हेर्न चाहन्छु । त्यसैले हे विश्वरूप ! हे सहस्रबाहो ! हजुर त्यही चतुर्भुज रूपमा प्रकट हुनुहोस् ॥**

*श्री भगवानुवाच*
*मया प्रसन्नेन तवार्जुनेदं-*
*रूपं परं दर्शितमात्मयोगात् ।*
*तेजोमयं विश्वमनन्तमाद्यं-*
*यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥*

**अर्जुनको प्रार्थना सुनेर भगवान् श्रीकृष्णले भन्नुभयो- हे अर्जुन ! अनुग्रहपूर्वक मैले आफ्नो योगशक्तिको प्रभावले यो मेरो परम तेजोमय सबैको आदि र सीमारहित विराट् रूप तिमीलाई देखाएँ, त्यो तिमीसिवाय पहिले कसैले देखेको छैन ॥**

*न वेदयज्ञाध्ययनैर्न दानै-*
*र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।*
*एवंरूपः शक्य अहं नृलोके*
*द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥*

**हे अर्जुन ! तिमीबाहेक मनुष्यलोकमा यसप्रकारको विश्वरूप भएको 'म' न वेद र यज्ञको अध्ययनले, न दानले, न क्रियाले र न उग्र तपले अरूद्वारा देखिन सक्ने छु ॥**

अर्जुन भन्छन्- हे विश्वमूर्ते ! मैले पहिले कहिल्यै नदेखेको यो आश्चर्यमय हजुरको रूप देखेर हर्षित भइरहेको छु र मेरो मन भयले व्याकुल पनि भइरहेको छ । त्यसैले हे देव ! हजुरको आफ्नो चतुर्भुज रूप मेरा लागि देखाइदिनुहोस् । हे देवेश ! हे जगन्निवास ! हे चतुर्भुज ! हजुर त्यही चतुर्भुज रूपमा युक्त हुनुहोस् । अर्जुन श्रीकृष्णको अति अनौठो अत्यन्त आश्चर्यजनक विराट् रूप देखेर हर्षित, व्याकुल र भयभीत पनि छन् । उनी ऐश्वर्यपूर्ण रूप देखेर हर्षित छन् भने विकराल, भयावहपूर्ण मृत्युको रूप महाकाल देखेर भयभीत छन् । त्यो विराट् रूपका अगाडि आफू छुद्र भएको पनि उनलाई अनुभव हुँदै छ । सागरलाई देखेर थोपा व्याकुल भएझैँ अर्जुन विराट्को दर्शन पछि व्याकुल छन् । नदीका लागि अज्ञान, अन्जान र अपरिचित सागरमा प्रवेश गर्दा आफ्नो अस्तित्व समाप्त हुन्छ भनेर सायद नदी अतालिन्छ होला । लेबनानका प्रसिद्ध लेखक खलिल जिब्रान (Khalil Gibran) ले लेखेका छन्- नदी सागरमा मिल्ने बेला फर्किएर एकपटक हेर्छ किनभने भविष्य अपरिचित र अज्ञात हुन्छ । नदी सागरमा मिसिँदा अतीत समाप्त हुन्छ भनेर भयभीत र अज्ञात विराट्सँग मिलन हुँदै छ भनेर हर्षित पनि हुन्छ होला ! यही अवस्था अर्जुनको छ । उनी हर्षित र भयभीत दुवै छन् ।

त्यसैले अर्जुनले कृष्णलाई त्यो विराट् रूप त्यागेर आफ्नो चतुर्भुज मुकुटधारी, शङ्ख-गदा-पद्म-चक्र हातमा धारण गरेको विष्णुका रूपमा पुनः प्रकट हुन प्रार्थना गर्दै छन् । उनी हजुर फिर्ता भएर सीमामा आइबक्सियोस् र असीमलाई त्यागिबक्सियोस् । हे देवेश ! हे जगन्निवास ! हजुर प्रसन्न होइबक्सियोस्, हे विश्वरूप ! हे सहस्रबाहु ! हजुर त्यही चतुर्भुज रूपमा युक्त होइबक्सियोस् भनेर प्रार्थना गर्दछन् । विराट् रूप हेर्ने माग अर्जुनकै थियो । उनी असीम रूपको दर्शनका अभिलाषी थिए र स्वयम् प्रत्यक्ष अनुभव गर्न चाहन्थे । अब त्यो विकराल रूप देखी भयभीत भएर पुनः मुकुट धारण गरेको, शङ्ख-चक्र-गदा-पद्म हातमा लिएको आफ्नो चतुर्भुज रूपमा फिर्ता हुन बिन्ती गर्दै छन् । अर्जुन अब परमात्माको बीभत्स रूपबाट पूर्ण प्रीतिकर रूपको दर्शन गर्न चाहन्छन् । उनलाई त्यो विकराल रूपका अगाडि आफू तुच्छ अनुभव भएकाले आफूले देख्न सक्ने र सम्बन्ध राख्न सक्ने रूपमा फर्कन आग्रह गर्दछन् । त्यसैले उनी त्यही रूपमा कृष्णलाई फेरि पाउन खोज्दै छन् । मनुष्य पनि पाएको कुरा व्यर्थ ठान्छ र हराएको कुराको माग गर्छ । अर्जुन पनि त्यस्तै त्यही कृष्णको माग गर्दै छन् जसलाई उनी छुन र सम्बन्ध राख्न चाहन्छन् । कृष्णको विराट् रूप उनलाई सहन गर्न पनि गाह्रो भएको छ ।

उपनिषद्को उचाइमा पुगेको सनातन धर्मले असीम र निराकारमा अत्यधिक निष्ठा राख्छ तर पनि यति धेरै मूर्तिहरू बनाउनु र साकार रूपको पूजा प्रार्थना गर्नुको कारण जान्ने जिज्ञासा सारा संसारमा छ । सनातन धर्मका मनीषीहरूले निराकार रूप देखेका छन् । त्यसैले उनीहरूले त्यो मार्गमा आउन खोज्ने व्यक्तिहरूका लागि मूर्तिको निर्माण गरेका हुन् किनभने निराकारको दर्शन सिधै गर्नु भयावह हुन सक्छ । पूरा तयारीविना साधक आत्तिएर विक्षिप्त हुन सक्छ । त्यो रूपको दर्शन गर्नुपूर्व आफू मेटिन पूरा तयार हुनुपर्छ । जबसम्म मेटिने तयारी पूरा हुँदैन, तबसम्म साकार रूप नै ठिक हुन्छ । त्यो साकार रूपको पूजा, प्रार्थना र आराधना गर्न पनि सरल हुन्छ साथै त्यो साकार रूपसँग बोल्न, कुरा गर्न, भोजन गराउन, भावपूर्ण विचार अभिव्यक्त गर्न पनि सकिन्छ । त्यसैले निराकारको चिन्तन गर्ने व्यक्तिले पनि साकारलाई हटाएनन् । आदिशङ्कराचार्य पनि शुद्ध निराकारको कुरा गर्नुहुन्छ तर उहाँ पनि मूर्तिका अगाडि नाच्ने र परमात्माको भजन र कीर्तन गाउने गर्नुहुन्छ । वेदान्तको अध्ययन गरेका व्यक्तिहरू उहाँको यो व्यवहार

विरोधाभासपूर्ण छ भन्दछन् । एकातिर सबै माया हो भन्ने वेदान्तको यत्रो उपल्लो भनाइ र त्यही माया मोहबाट निर्मित मूर्ति अगाडि गाउनु, नाच्नु, तल्लीन हुनुलाई हेर्दा विरोधपूर्ण नै देखिन्छ । शङ्कराचार्यलाई त्यो परमको ज्ञान छ र जुन निराकार रूप देख्नुभयो त्यो पनि थाहा छ । तर जुन व्यक्तिहरू उहाँका पछि लागेर आएका छन्, उनीहरूका सम्बन्धमा विचार गरेर उहाँले मूर्तिको रूपमा साकारको पूजा अर्चना गर्नुभएको हो ।

अर्जुन पनि यही माग गरिरहेका छन् । उनी भगवान्लाई अमूर्त रूपबाट मूर्त रूपमा आउन आग्रह गर्दै छन् । यस प्रकारको अर्जुनको प्रार्थना सुनेर भगवान् श्रीकृष्णले भन्नुभयो- हे अर्जुन ! अनुग्रहपूर्वक मैले आफ्नो योगशक्तिको प्रभावले यो मेरो परम तेजोमय, आदि र सीमारहित विराट् रूप तिमीलाई देखाएँ जुन तिमीसिवाय पहिले कसैले देखेको छैन । अर्जुन विराट्को रूप देख्ने पहिलो अनुभवी व्यक्ति भए । अनन्तकालमा अनन्त सिद्ध पुरुषहरूले परमात्माको निराकार रूपको दर्शन पाएका छन् । श्रीकृष्णद्वारा अर्जुनलाई यो विराट् रूप देखाइएको यो पहिलो घटना हो । यसभन्दा अघि कृष्णले कसैलाई पनि यो विराट् रूपको दर्शन गराउनु भएको थिएन । अर्जुन जस्तो समर्पण भएको व्यक्तिले मात्र यस्तो विराट् रूपको दर्शन पाउन सक्छ । उनले यति सहजभावले आफूलाई कृष्णसमक्ष छोडिदिए जुन प्रकारको समर्पण गर्न अत्यन्त कठिन हुन्छ । त्यसैले कृष्णले आफ्नो पूर्ण रूपको दर्शन अर्जुनलाई गराउनुभयो र यो कृष्णले विराट् रूप देखाएको पहिलो घटना हो ।

श्रीकृष्ण भन्नुहुन्छ- मनुष्यलोकमा यसप्रकारको विश्वरूप देख्न पाउनु न वेदको अध्ययनबाट, न यज्ञबाट, न दानबाट, न क्रियाहरूबाट र न उग्रतपबाट नै सम्भव हुन्छ र तिमीबाहेक अरूले देख्न पनि सम्भव छैन । श्रीकृष्ण भन्नुहुन्छ- वेदको अध्ययनबाट, यज्ञ, दान, उग्र तप र योगका क्रियाहरू गरेर पनि विराट्को दर्शन गर्न सम्भव हुँदैन । यो सारा प्रक्रिया स्वयम्को भरोसाबाट हुन्छ, जसमा व्यक्तिको समर्पण महत्त्वपूर्ण हुन्छ । अर्जुनको प्रत्यक्ष दर्शनको घटना सङ्कल्पले होइन समर्पणले मात्र सम्भव भयो । जतिसुकै योगसाधना गरे पनि अर्जुन जस्तो समर्पण गर्ने व्यक्ति बन्न सक्दैन । जगत्मा सङ्कल्प र समर्पण दुई प्रकारको मार्ग छ, दुवैबाट परमात्मा प्राप्त हुन सक्छ केवल मार्ग मात्र अलग हो । रामकृष्ण परमहंस भन्नुहुन्छः नदी पार हुने दुई मार्ग छन्- एउटा नाउलाई आफै चलाएर नदी पार गर्नु जुन सङ्कल्पको मार्ग हो र अर्को नदीको हावाको दिशा अनुसार पाललाई खोल्नु जुन समर्पणको मार्ग हो । अर्जुनले पाल खोलेका छन् उनलाई अब कृष्णको हावाले नदी पार गराउने छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- न वेदको अध्ययनले, न योगका क्रियाहरूले, न दान, न उग्र तपले नै यो अनुभव हुनसक्छ, जे तिमीलाई भएको छ ।

*मा ते व्यथा मा च विमूढभावो-*
*दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।*
*व्यपेतभीः प्रीतमनाः पुनस्त्वं-*
*तदेव मे रूपमिदं प्रपश्य ॥४९॥*

**मेरो यसप्रकारको विकराल रूप देखेर तिमीलाई व्याकुलता र मूढ भाव पनि हुनुहुँदैन । तिमी भयरहित प्रीतियुक्त मन भएको हुँदा मेरो यो शङ्ख, चक्र, गदा, पद्मयुक्त चतुर्भुज रूपलाई फेरि हेर ॥**

*सञ्जय उवाच*
*इत्यर्जुनं वासुदेवस्तथोक्त्वा*
*स्वकं रूपं दर्शयामास भूयः ।*
*आश्वासयामास च भीतमेनं-*
*भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥*

**सञ्जयले भने- भगवान् वासुदेवले अर्जुनलाई यसो भनेर फेरि आफ्नो त्यस्तै चतुर्भुज रूपको दर्शन गराउनुभयो । महात्मा श्रीकृष्णले सौम्य मूर्तिका रूपमा भयभीत अर्जुनलाई सहजता दिनुभयो ॥**

*अर्जुन उवाच*

*दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।*

*इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥*

**अर्जुनले भने- हे जनार्दन ! हजुरको यो अति शान्त मनुष्यको रूप देखेर अब म स्थितचित्तको भएको छु र आफ्नो स्वाभाविक स्थितिमा प्राप्त भएको छु ॥**

श्रीकृष्ण भन्नुहुन्छ- मेरो विकराल रूप देखेर तिमीमा व्याकुलता र मूढ भाव दुवै नहोस्, त्यसैले भय रहित र प्रीतियुक्त मन भएका तिमी त्यही मेरो शङ्ख, चक्र, गदा र पद्म हातमा धारण गरेको चतुर्भुज रूपलाई फेरि हेर । म तिमीले माग गरे बमोजिम आफ्नो साकार र सगुण रूपमा फर्केर आउँछु जसले तिमीलाई सन्तोष मिल्ले छ । मनुष्य विराट्बाट उत्पन्न हुन्छ र हामी उसकै एक लहर र तरङ्ग हौँ । त्यसैले विराट् र मनुष्यको सम्बन्ध आमाछोरा जस्तो हुन्छ । उही हाम्रो व्यक्तित्व हो । आमाको कोखमा सन्तानको भरण पोषण हुन्छ र उसको श्वास पनि आमाबाट नै चल्छ । आमाको प्राण नै उसको प्राण हुन्छ । बच्चाको जन्मपश्चात् आमाको एक भाग अनन्त यात्रामा निस्किन्छ अर्थात् बच्चा जहाँ रहे पनि आमासँग सूक्ष्म तन्तुहरूबाट ऊ जोडिएको हुन्छ । आमा सन्तानमा नै जन्मिन्छिन् र उनको जीवन सन्तानसँगै अगाडि फैलिन्छ ।

अस्तित्व र हाम्रा बिचको सम्बन्ध आमा र सन्तानभन्दा पनि गहिरो हुन्छ । हामी अस्तित्वकै भाग हौँ र अस्तित्व हामीमा फैलिएको छ । त्यसैले अस्तित्व हामीलाई आमा जस्तै दुख दिन र भयभीत गर्न चाहँदैन । जीवनले हामीलाई आनन्दको पूरा मौका र सामर्थ्य दिन्छ तर हामी नै उपद्रव गरेर अस्तित्व र आमाका बिच उभिएर बाँधा बन्छौँ । अस्तित्वसँग हामी जब गहिरो रूपमा प्रार्थना र प्रेमपूर्वक निवेदन गर्छौं, तब त्यसलाई उसले सुन्दछ । ऊ बहिरो र हृदयहीन छैन, उसले प्रेमको भाषा राम्ररी बुझ्छ । श्रीकृष्ण जुन आफ्नो चतुर्भुज रूपमा फर्किँदै हुनुहुन्छ त्यो यसैको सूचक हो । यही धर्म र विज्ञानको भेद हो । विज्ञानले अस्तित्वप्रति गहन उपेक्षा भाव राख्दछ भने धर्मले अस्तित्वप्रति गहन मैत्रीको भाव राख्दछ । हामी सबै उसैबाट उत्पन्न हुन्छौँ र उसैमा लीन हुन्छौँ । यो सबै उसको नै खेल हो र अस्तित्व प्रतिपल हामीप्रति सजग र हृदयपूर्ण छ ।

व्यक्तिबाट जस्तो मौन प्रार्थना हुन्छ त्यसैअनुरूप अस्तित्वले कृत्य गर्छ अर्थात् गहिरो भावमा अस्तित्व त्यस्तै गरेर आनन्दपूर्वक राजी हुन्छ । कृष्ण पुनः आफ्नो साकार रूपमा फिर्ता आउँछु भन्नु यसै कुराको प्रतीक हो । हाम्रो अनुचित र विरोधाभासपूर्ण मागका कारणले अस्तित्व पनि अप्ठ्यारोमा पर्छ । हाम्रा वासनाहरू नै विरोधी हुन्छन् साथै हाम्रा मागहरू एकअर्कालाई काटिरहेका हुन्छन् । अस्तित्वले हाम्रो माग पूरा गर्छ तर हाम्रो माग नै अनिश्चित छ । बिहानको माग बेलुकीसम्म परिवर्तन भइसक्छ । त्यसैले सबै माग एकसाथ पूरा भएमा व्यक्ति विक्षिप्त नै हुन्छ । धर्ममा गहिरो प्रवेश भएका व्यक्तिहरू मनुष्यको माग पूरा हुनु नै मनुष्यको कठिनाइ हो भन्ने जान्दछन् । तसर्थ हामीले सोच-विचार गरेर मात्र माग गर्नु उपयुक्त हुन्छ । हामीले केही नमागी उसैलाई छोडिदिनु र तिम्रो मर्जी पूरा होस् भन्नुमा नै हाम्रो हित हुन्छ । समर्पणको अर्थ पनि यही हो । केही नमाग्ने व्यक्तिलाई अस्तित्वले सोचेभन्दा धेरै आफैँ दिन्छ ।

सञ्जय भन्दछन्- हे राजन् ! वासुदेवले यति भनेर आफ्नो चतुर्भुज रूपको दर्शन दिनुभयो र महात्मा श्रीकृष्णले सौम्य मूर्ति भएर भयभीत भएका अर्जुनलाई धैर्य प्रदान गर्नुभयो । सञ्जय यहाँ श्रीकृष्णलाई परमात्मा नभनेर महात्मा शब्दले सम्बोधन गर्दै छन् किनभने असीम हुँदा उहाँ परमात्माको रूप हुनुहुन्थ्यो भने सीमामा साकार र चतुर्भुज रूपमा प्रकट हुने बित्तिकै उहाँ महात्मा हुनुभयो; त्यसैले सञ्जयले भगवन् शब्द छोडेर महात्मा भन्नुभयो । परमात्मा र महात्मामा यही फरक छ- परमात्मा हाम्रो इच्छा अनुरूप चल्दैन हामी नै उसको इच्छाअनुसार चल्नुपर्छ । महात्मा दयाले भरिएको हुँदा हामीलाई धैर्य

र शान्ति दिन हाम्रो इच्छा अनुकूल पनि चल्दछ । जब हामी समाप्त हुन तयार हुन्छौँ, तब परमात्मासँग हाम्रो मिलन सम्भव हुन्छ । हाम्रो अनुकूलको ईश्वरको रूप महात्मा हो ।

श्रीकृष्णलाई हामी पूर्ण अवतार भन्छौँ किनभने धेरै ठाउँमा उहाँ हाम्रो अनुकूल हुनुहुन्न । राम हाम्रो अनुकूल हुनाले उहाँलाई आंशिक अवतार भन्छौँ । हामी राम र सीताको सम्बन्ध बुझ्न सक्छौँ तर कृष्ण र गोपिनीहरूको सम्बन्ध बुझ्न सक्दैनौँ । राममा त्रुटि खोज्न मुस्किल छ तर कृष्णमा चाहेमा हामी प्रशस्त त्रुटिहरू खोज्न सक्छौँ । श्रीकृष्ण त पूर्ण अवतार हुनुहुन्छ, त्यसैले हाम्रो उहाँसँग कुनै मेल नै छैन । सञ्जय भन्छन्- कृष्णले सौम्यमूर्तिका रूपमा अर्जुनलाई दर्शन दिएर धैर्य प्रदान गर्नुभयो । तत्पश्चात् अर्जुन भन्छन्- हे जनार्दन ! हजुरको यो सौम्य, शान्त मनुष्यको रूपलाई देखेर अब म शान्त चित्तको भएको छु र आफ्नो स्वभावलाई प्राप्त गरेको छु । मनुष्यको स्वभाव सशर्त हुन्छ, त्यसैले अर्जुनको स्वभाव पनि यस्तै छ । कृष्णलाई चतुर्भुज रूपमा फिर्ता आउनुहोस् भन्ने उनको माग थियो । सोही माग अनुरूप श्रीकृष्ण आफ्नो रूपमा आउनुभयो र अर्जुन आफ्नो स्वभावमा प्राप्त भए ।

साधक र भक्तमा यही फरक हुन्छ । साधक परमात्माको खोजमा आफूलाई परिवर्तन गरेर नयाँ दृष्टि उत्पन्न गरेर तिमी जस्तो, जुन रूपमा छौ, त्यही रूपमा हेर्ने छु भन्छ । साधक सङ्कल्पले आफूलाई परिवर्तन गरेर जुन दिन शान्त, शुद्ध र शून्य अवस्थामा हुन्छ त्यो दिन सत्यलाई देख्न सक्छ । भक्त आफूलाई बदल्ने मेरो कुनै सामर्थ्य छैन, त्यसैले तिमीले चाह्यौ भने मात्र म बदलिन सक्छु र जबसम्म तिमीले मलाई बदल्दैनौ, तबसम्म तिमी मैले जान्ने बुझ्ने रूपमा प्रकट होऊ भन्छ । भक्तले समर्पणपूर्वक आफूजस्तो छ त्यस्तै रूपमा परमात्माको चरणमा आफूलाई छोड्छ । परमात्माको खोजका यिनै दुई मार्ग हुन् । भड्कनबाट बच्न र सत्यको नजिक पुग्न कुन मार्ग आफ्ना लागि उचित छ त्यो व्यक्तिले आफै जाँच्नुपर्छ ।

हाम्रो खोज हामीभित्र नै स्थित छ । जबसम्म खोज जारी रहन्छ, तबसम्म सत्य प्राप्त गर्न सकिन्न तर विना प्रयास पाइन्छ भन्ने सोचले चुपचाप बसेर पनि सत्य प्राप्त गर्न सकिन्न । जब सारा खोज समाप्त हुन्छ र खोज्ने वाला पनि रहँदैन, त्यही क्षण परमात्मा आफूमा नै भएको पाउँछ किनभने सदैव ऊ खोज्ने वालाको अन्तर-आत्मामै स्थित हुन्छ । उसलाई जसले खोजेको छैन उसले चेष्टा छोड्नुहुँदैन किनभने चेष्टा छोड्नलाई पनि पहिले चेष्टा त गर्नु नै पर्छ । त्यसैले वेदमा, शास्त्रमा, दानमा, उग्र तपमा र क्रियाहरूमा मलाई पाउँदैनौ भनेर श्रीकृष्ण भन्नुहुन्छ । कृष्णले यी सब कुरामा उहाँलाई खोजी गर्ने व्यक्तिहरू र हामी जस्तो खोज नगर्ने व्यक्तिहरूका लागि भन्नुभएको हो । वेद पढेर वेदमा परमात्मा पाइन्न, शास्त्र पढेर शास्त्रबाट परमात्मालाई जान्न सकिन्न भन्ने ज्ञान भएमा त्यो ठुलो उपलब्धि हुन्छ । चेष्टा गरेपश्चात् चेष्टाले मात्र केही पाइन्न भन्ने ज्ञान हुन्छ । एउटा अज्ञान ज्ञानभन्दा पहिले हुन्छ र अर्को अज्ञान ज्ञानपछि हुन्छ । ज्ञानभन्दा पहिले आउने अज्ञान मात्र अज्ञान हो र ज्ञानपछि आउने अज्ञान त चित्तको निर्दोषता हो ।

हामीले दश दिशाहरू हुन्छन् भनेर सुनेका छौँ तर जान्नेवाला एघारौँ दिशा हुन्छ भन्दछन् । जब दश दिशा व्यर्थ हुन्छ, तब व्यक्ति एघारौँ दिशा भित्रको चेतनाको दिशामा प्रवेश गर्छ र भित्र परमलाई पाउन सक्छ । जब जान्नेवाला र जान्नुपर्ने दुवै बच्दैनन् तब परम ज्ञान घटित हुन्छ । जब दृश्य र द्रष्टा, ज्ञाता र ज्ञेय दुवै समाप्त हुन्छ, केवल ज्ञान र जान्नु मात्र रहन्छ त्यो ज्ञानको अन्तिम घडीलाई परम ज्ञान भनिन्छ । महावीरले यसलाई कैवल्य अर्थात् केवल ज्ञान भन्नुभएको छ । हिन्दूहरू देवीदेवताको उत्सव मनाउँछन् र अन्तमा जलमा विसर्जन गर्दछन् जुन एउटा प्रतीक हो । मूर्तिलाई अन्तमा विसर्जन गरे जस्तै साकार रूपलाई विसर्जन गरेर निराकारमा फड्को मार्ने हिम्मत गर्नुपर्छ । त्यसैले हिन्दूहरू परमात्मालाई बनाउँछन् र विसर्जन गर्दछन् जुन अन्य कुनै धर्ममा त्यो हिम्मत छैन ।

अर्जुन कृष्णको विराट् रूपको दर्शनका आकाङ्क्षी थिए र उनको श्रद्धापूर्ण समर्पणले त्यो सम्भव भयो । अर्जुनलाई दिव्यचक्षु दिएर कृष्णले विराट् स्वरूपमा अनेक रूपको दर्शन दिनुभयो । ऐश्वर्य रूपले कृतकृत्य पार्नुभयो भने प्रकाशमय रूप र मृत्युको महाकालको रूपले अर्जुनलाई व्याकुल पनि पार्नुभयो र अन्तमा भयभीत भएका अर्जुनले आफ्नो शङ्ख, चक्र, गदा र पद्म लिएको चतुर्भुज रूपमा फिर्ता आउन बिन्ती गरे । जुन बिन्ती श्रीकृष्णले तुरुन्तै उनको व्याकुलता कम गर्न स्वीकार गर्नुभयो र आफ्नो चतुर्भुज दिव्य रूपको दर्शन दिनुभयो जुन दर्शन गर्न अति दुर्लभ छ ।

*श्रीभगवानुवाच*
*सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।*
*देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥*

**यसप्रकार अर्जुनको वचन सुनेर भगवान्ले भन्नुभयो- हे अर्जुन ! मेरो चतुर्भुज रूप जुन तिमीले देखेका छौ, यसको दर्शन अति दुर्लभ छ । देवताहरू पनि सदा यो रूपको दर्शनको आकाङ्क्षा राख्दछन् ॥**

*नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।*
*शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥*

**जुन प्रकार तिमीले मलाई देखेका छौ त्यसप्रकारको चतुर्भुज भएको 'म' न वेदले, न तपले, न दानले र न यज्ञले नै देखिन सक्छु ॥**

*भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।*
*ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप ॥५४॥*

**तर हे परन्तप अर्जुन ! यसप्रकार मेरो चतुर्भुज रूप देख्नका लागि अनन्य भक्ति चाहिन्छ । केवल यही भक्तिले मलाई तत्त्वपूर्वक जान्न, एकै भावले प्राप्त हुन तथा 'म'मा प्रवेश गर्न सक्ने छौ ॥**

*मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।*
*निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥*

**हे अर्जुन ! जुन पुरुष केवल मेरा लागि सम्पूर्ण कर्तव्य कर्म गर्दछ, जो मेरो परायण, भक्त र आसक्तिरहित छ त्यो अनन्य भक्तियुक्त पुरुष मलाई नै प्राप्त हुन्छ ॥**

अर्जुनको वचनलाई सुनेर श्रीकृष्ण भगवान्ले भन्नुभयो- हे अर्जुन ! मेरो यो चतुर्भुज रूप देख्न अति दुर्लभ छ । जसलाई तिमीले देख्यौ, त्यो हेर्न देवताहरू पनि इच्छा गर्दछन् । चतुर्भुज रूप कृष्णको सामान्य रूप होइन । अरू सामान्य अवस्थामा उहाँ दुई भुजा भएका अन्य मनुष्यसरह नै हुनुहुन्छ तर अर्जुनको चाहनास्वरूप श्रीकृष्णले आफ्नो चतुर्भुज रूपको दर्शन दिनुभयो । यो चार हात एउटा प्रतीक हो त्यस्तै हजारौँ हात भएका परमात्माको कल्पना पनि एउटा प्रतीक नै हो । आमाले बच्चालाई दुई हातले उठाउँदासम्म त्यो मनुष्यको प्रेम हुन्छ र चारहातले मनुष्यलाई उठाउँदा त्यो परमात्माको प्रेम हुन्छ । परमात्मा दोहोरो अर्थमा हाम्रो आमा हो । उसले हामीलाई यस जगत्मा त सम्हालेको नै छ र उसले त्यो जगत्मा पनि सम्हाल्ने छ जुन यो जगत्को पार छ । त्यसैले परमात्माको चार हात प्रतीक बनेको हो । साथै परमात्माले चारै दिशाबाट पनि हामीलाई सम्हाल्छ र उसका हातमा हामी सुरक्षित हुन्छौं । कृष्णको चतुर्भुज रूप अर्जुनको मागअनुरूप प्रकट भएको हो किनभने अर्जुन आमाको गर्भमा जस्तो सुरक्षित अवस्थामा हुन चाहन्छन् । आमाको गर्भमा बच्चा मोक्षको अवस्थामा हुन्छ र जे चाहन्छ, त्यही प्राप्त हुन्छ साथै ऊ पूर्ण सुरक्षित पनि हुन्छ । अर्जुन त्यही सुरक्षित अवस्थामा रहन कृष्णको विशेष प्रेम अर्थात् चतुर्भुज रूपको माग गर्दै छन् ।

श्रीकृष्णको अलौकिक, भयानक, विराट् रूपबाट आत्तिएर अर्जुनले कृष्णसँग चतुर्भुज रूपमा दर्शन दिएर आफूलाई सम्हाल्न बिन्ती गरेका हुन् । उनी कृष्णको चार हात भएको स्वरूपमा यो जगत् र यसभन्दा पर पनि सुरक्षित हुन चाहन्छन् । चतुर्भुजस्वरूप दर्शन दिएपछि श्रीकृष्ण भन्नुहुन्छ- तिम्रा लागि

जुन चतुर्भुज रूपको दर्शन दिएँ त्यो अति दुर्लभ छ र यो रूप हेर्न देवताहरू पनि लालायित हुन्छन् । हे अर्जुन ! तिमीले 'म'मा देखेको चतुर्भुजरूप न देवले, न तपले, न दानले र न यज्ञले देख्न सम्भव हुन्छ । हे श्रेष्ठ तपवाला अर्जुन ! भक्तिभाव गरेर तिमीले यो चतुर्भुज रूप देख्न र तत्त्वपूर्वक जान्न सम्भव भएको हो । यो अनुभव प्रेमको अनुभव हो जुन तपद्वारा हुन सक्दैन । यो चतुर्भुज रूप त प्रेमभाव र अनन्य भक्तिले मात्र प्राप्त हुन्छ । भक्तको अवस्थाअनुरूप नै सत्यको दर्शन हुन्छ । अनन्य भावले रसपूर्वक भरिएको व्यक्तिले प्रेमभावकै दर्शन पाउँछ । समर्पणको भावविना तपसाधनाद्वारा कसैले पनि यो प्रेम रूपको दर्शन गर्न सक्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- तपबाट त्यो रूपको दर्शन पाइँदैन, तपस्वीहरू त्यो रूपको माग पनि गर्दैनन् । महावीरले चतुर्भुज रूपको कल्पनासम्म पनि गर्न सक्नुहुन्न तर अर्जुन चतुर्भुज रूपको, प्रेमको, आमाको हृदय जस्तै सत्यको माग गर्दछन् । अर्जुन अस्तित्वलाई आमाको रूपमा हेर्न खोज्छन् । श्रीकृष्ण भन्नुहुन्छ- जसले अनन्य भक्ति र प्रेमले बोलाउँछ उसका लागि म त्यही रूपमा प्रत्यक्ष प्रकट हुन्छु । प्रत्यक्ष मात्र हुने होइन उसले मलाई तत्त्वपूर्वक जान्न, ममा प्रवेश गर्न र मसँग एक हुन पनि सक्छ । हे अर्जुन ! जुन पुरुष मेरा लागि सबै कुरा मेरो सम्झेर सम्पूर्ण कर्तव्य कर्मलाई गर्दै मेरो परायण हुन्छ तथा मेरो भक्त जो स्त्री, सन्तान, धनादि सम्पूर्ण सांसारिक पदार्थहरूमा स्नेहरहित छ र सम्पूर्ण भूत प्राणीहरूमा वैरभावले शून्य छ भने यस्तो अनन्य भाव भएको पुरुषले मलाई नै प्राप्त गर्दछ । श्रीकृष्ण भन्नुहुन्छ- जो सम्पूर्ण कुरा 'म' मा छोड्छ, उसले मलाई प्राप्त गर्छ । जसले अनन्य भावले प्रत्येक कर्मलाई मेरै काम ठानेर गर्छ, जो 'म'मा पूर्ण समर्पित र आसक्तिरहित छ; पत्नी, सन्तान धनादिमा पनि आसक्ति राख्दैन भने त्यस्तो व्यक्तिले मलाई पाउँछ र म पनि उसलाई त्यत्तिकै प्रेम गर्छु ।

स्त्री सन्तानमा आसक्ति नहुनुको अर्थ उनीहरूलाई प्रेम नगर्नु भन्ने होइन । प्रेम नगर्दा त त्यस्तो प्रेम सुकेर व्यर्थ भएर परमात्मासम्म पुग्नै सक्दैन । यसको अर्थ स्त्री अथवा सन्तानसँग प्रेम गर्दा पनि त्यसलाई कृष्णको प्रेम ठानेर गर्नुपर्छ । प्रेमलाई हटाउने होइन आफूलाई हटाउनुपर्छ । यदि हामी सबै कर्म उसको भनेर ठान्छौं भने प्रेम पनि उसैको ठान्नु भन्ने कृष्णको अभिप्राय हो । स्त्री र पुरुषका ठाउँमा कृष्णलाई देख्नसके सारा प्रेम परमात्मालाई समर्पित हुन्छ । कतिपय व्यक्तिहरूले यसको गलत व्याख्या पनि गरेका छन् । स्त्रीप्रति आसक्ति नराख्नु भन्ने गलत व्याख्या पनि भएको छ । कृष्णको अभिप्राय त स्त्री र पुरुषलाई पनि कृष्णलाई प्रेम गरेको सम्झेर गर्नु भन्ने हो । यसमा स्त्री या सन्तानलाई घृणा गर्नु भन्ने कदापि होइन ।

जससँग पनि प्रेम हुँदा त्यसमा परमात्मा खोज्न सुरु गर्नुपर्छ तब बिस्तारै त्यो प्रेम विस्तार भएर परमात्मासम्म पुग्ने छ र प्रेमको गहिराइ प्रार्थना बन्ने छ । जब प्रेम पूर्ण हुन्छ, त्यहाँ परमात्मा उपलब्ध हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मलाई सम्झेर प्रेम जहाँ दिए पनि त्यो प्रेम मकहाँ नै आइपुग्छ । जब सारा आसक्ति, जीवनका सारा प्रेमधारा परमात्मातर्फ बग्न थाल्छन्, त्यस दिन जगत्मा कुनै वैरभाव रहँदैन । जब संसारमा वैरभाव समाप्त भएर प्रेमभाव गहिरो हुन्छ तब त्यो प्रेमको धारा परमात्माकहाँ पुग्ने छ ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्री कृष्णार्जुनसंवादे विश्वरूपदर्शनयोगो*
*नामैकादशोऽध्यायः ॥११॥*





*ॐ श्रीपरमात्मने नमः*

बाह्रौं अध्याय

# भक्तियोगः

*अर्जुन उवाच*
*एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।*
*ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥*

**भगवान्का वचनलाई सुनेर अर्जुनले भने– हे भगवन् कृष्ण ! जो अनन्य प्रेमी भक्तजन निरन्तर हजुरको भजन र ध्यानमा लागेर हजुरलाई अति श्रेष्ठ भावले उपासना गर्छन् र जो अविनाशी सच्चिदानन्दघन निराकारलाई उपासना गर्छन्, यी दुवै प्रकारका भक्तहरूमा अति उत्तम योगवेत्ता को हुन् ?**

*श्रीभगवानुवाच*
*मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।*
*श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥*

**यसप्रकार अर्जुनले सोधेपछि श्रीकृष्ण भन्नुहुन्छ– हे अर्जुन ! 'म'मा मनलाई एकाग्र गरेर निरन्तर मेरो भजनमा र ध्यानमा लागिरहेका जुन भक्तजन परम श्रद्धाले युक्त भएर 'म'सगुण रूप परमेश्वरलाई भज्दछन्, तिनीहरूलाई 'म' योगीहरूमा अति उत्तम योगी मान्दछु ॥**

जगत्लाई बुद्धिले र हृदयले जान्न सकिन्छ । हृदयको जगत्मा बुद्धिको कुनै काम हुँदैन । बुद्धिलाई छोडेमा मात्र हृदयको द्वार खुलेर भक्तिको यात्रा सुरु हुन्छ । हाम्रो भित्र र बाहिर जाने द्वार एउटै छ । हामी प्रेमबाटै जगत्मा प्रवेश गर्छौं र प्रेमबाटै बाहिर पनि जान सक्छौं । प्रेम यस्तो घटना हो, जहाँ प्रेमी एकअर्कामा डुबेर एक हुन्छन् । प्रेमको दिशा उल्टो भएर बगेमा भक्ति बन्छ र जगत्बाट चैतन्यतिर मोडिएमा श्रद्धा बन्छ । श्रद्धा अन्धो प्रेम हो । प्रेम संसारतिर बग्दा वासना बन्छ भने परमात्मातिर बग्दा श्रद्धा र भक्ति बन्छ । प्रेमजस्तै भक्ति पनि अन्धो हुन्छ । बुद्धिमान् व्यक्तिका लागि भक्तिको मार्ग उपयुक्त हुँदैन । श्रीकृष्ण यस श्लोकमा भक्ति सिवाय अन्य कुनै श्रेष्ठ मार्ग छैन भन्नुहुन्छ । बुद्धिले जति प्रयास गरे पनि अहङ्कारको पार जान सक्दैन तर भक्ति पहिलो क्षणमा नै अहङ्कारलाई पार गर्दछ किनभने त्यहाँ समर्पण हुन्छ । 'म' लाई छोडेर तिमीलाई पाउनु नैं भक्ति हो । दुई भएर पनि एकको अनुभव भएमा मिलनको घटना घट्छ र त्यही मिलन भक्ति हो । त्यसैले श्रीकृष्ण भक्तियोगलाई सर्वश्रेष्ठ योग भन्नुहुन्छ ।

हामी परमात्मासँग हाम्रो मिलन हुन सकेको छैन भनी सोच्दछौं, जुन हाम्रो भ्रान्ति हो किनभने यो मिलनका लागि परमात्मा सदा तयार छ, हामी नै यसका लागि बाधा बनेका छौं । परमात्मा हामीलाई खोजिरहेको छ तर हाम्रा कारणले मिलन हुन सकेको छैन । परमात्मा हाम्रो प्रतीक्षा गरिरहेको छ केवल हामीले एक कदममात्र अघि बढाउनुपर्दछ तब निःसन्देह मिलन हुने छ । परमात्मा अनन्तसम्म प्रतीक्षा गर्न सक्छ किनभने उससँग अनन्त समय हुन्छ तर हामीसँग समय कम हुन्छ । भक्ति एक फड्कोमै कदम उठाउन सक्छ तर ज्ञानलाई त्यो एक कदमका लागि हजारौं कदम उठाउनुपर्छ । ज्ञानले कैयौं कदमपछि पनि अन्तमा त्यो एक कदम उठाउनै पर्छ, जुन भक्तिले पहिलो कदममा नै उठाइसकेको हुन्छ । त्यो अहङ्कार विसर्जनको कदम हो । ज्ञानीले आफ्नो ज्ञानी हुने अस्मितालाई विसर्जन नगरी अगाडि बढ्न सक्दैन । भक्त पहिलो कदममा नै अहङ्कार विसर्जन गर्छ भने ज्ञानी अन्तिम कदममा मात्र अहङ्कार बिसर्जन गर्छ । ज्ञानी शास्त्र एवम् सिद्धान्तहरूमा भड्किन्छ र जबसम्म यसबाट थाक्दैन, तबसम्म भड्कि

नै रहन्छ तर भक्तले पहिलो कदममै श्रद्धाका साथ समर्पित भएर आफूलाई छोडिदिन्छ । जुन क्षण उसले आफूलाई छोडिदिन्छ त्यसै क्षण परमात्माले उसलाई उठाउँछ । भक्त आफ्नो अद्भुत साहसले नै अज्ञातमा उत्रिन तयार हुन्छ । भक्तियोगका बारेमा यस अध्यायमा प्रेमको पागलपनका सूत्रहरू छन् । यस स्थितिमा बुद्धिलाई विसर्जन गर्न हामी समर्थ भएमा हृदय गतिमान् भएर त्यहाँ तरङ्गहरू उठ्ने छन् र भक्तिमार्गतिर हाम्रो यात्रा सुरु हुने छ । यो यात्रामा हिँड्न हामीलाई बुद्धिको होइन, हृदयको मात्र आवश्यकता हुन्छ ।

यसप्रकार भगवान्का वचन सुनेर अर्जुनले भने- हे कृष्ण ! जो अनन्य प्रेमी भक्तजन निरन्तर हजुरको भजन या ध्यानमा लागेर हजुरको सगुण रूपलाई अति श्रेष्ठभावले उपासना गर्छन् तथा जो अविनाशी सच्चिदानन्दघन निराकारको उपासना गर्छन्, यी दुवै प्रकारका भक्तमा अति उत्तम वेत्ता को हुन् । अर्जुन सोध्दै छन्- दुई प्रकारका साधक व्यक्तिहरू छन्, एक जो हजुरलाई निराकार देख्दछन् जहाँ हजुर अरूप, निर्गुण, असीम र अनाकृत हुनुहुन्छ, जहाँ हजुरको कुनै प्रकारको रूप छैन र हजुरलाई देख्न र छुन पनि सकिन्न र जहाँ हजुर विराट् र असीम शक्ति मात्र हुनुहुन्छ । अर्को प्रकारका साधक व्यक्ति पनि छन् जो हजुरलाई अनन्य प्रेमले भज्छन्, ध्यान गर्छन्, हजुरको सगुण रूपको उपासना गर्छन्, हजुरका आकारको, अवतरणको आराधना गर्छन्, यी दुवैमध्ये कुन भक्त श्रेष्ठ हो । अर्जुन आफू अन्योल अवस्थामा हुँदा कुन मार्ग उपयुक्त हुन्छ भनी जान्न चाहन्छन् । उनी कृष्णलाई म हजुरलाई साकार रूपमा स्पर्श गरेर प्रेम गरूँ कि निराकार रूपमा हजुरको उपासना गरूँ, भजन ध्यानद्वारा हजुरको प्रेममा लीन बनूँ अथवा विचारपूर्वक निराकार रूपको ध्यान गरूँ भनेर जान्न चाहन्छन् ।

सबै विचार सगुण हो र विचारले निर्गुणसम्म पुग्न सकिन्न । शून्य हुन नसकेसम्म निराकारको दर्शन हुन सक्दैन र जबसम्म प्रेम हुँदैन, साकार रूपको कुनै अनुभव हुन सक्दैन । अर्जुन सोध्दै छन्- यो दुई निराकार र साकार, सगुण र निर्गुणमध्ये कुन मार्ग श्रेष्ठ हो ? भक्तिको बाटोमा जानु छ भने प्रेमले पूरा भरिनुपर्छ र निराकारको मार्ग जानु छ भने भित्र पूरा खाली हुनुपर्छ । उसैबाट पूरा भरिनु, उही हृदयमा धड्किनु, उसैले श्वास लिनु र उही विचारमा हुनु भक्ति हो । आफूमा आफूजस्तो केही नबचेर उसबाट पूर्ण रूपमा भरिएर एक रत्तीभर स्थान शेष नरहनु अनन्य भक्ति हो । परमात्मासँगको प्रेममा पर्नु असाधारण प्रेम हो जसमा भक्त रत्तीभर रहँदैन, केवल भक्ति मात्र शेष रहन्छ । अर्जुन यस्ता दुई विपरीत मार्गमध्ये कुन मार्ग श्रेष्ठ हो भनी सोध्दछन् । श्रीकृष्णले जब अर्जुनलाई भक्तिमार्ग श्रेष्ठ हो भन्नुहुन्छ, तब त्यो मार्ग अर्जुनका लागि श्रेष्ठ मार्ग हो । अर्जुन जस्ता अत्यधिक व्यक्तिहरूका लागि भक्तिमार्ग श्रेष्ठ हो किनभने निर्विचार भएर शून्य हुनु अति कठिन कुरा हो । यसको तुलनामा प्रेमले भरिनु केही सरल हुन्छ । प्रेम एउटा नैसर्गिक उद्भावना हो र स्वाभाविक भोक हो । प्रेममा अलिकति पनि उत्सुकता नभएको व्यक्तिका लागि भने निराकार उपयुक्त मार्ग हुन्छ । प्रेममा अलिकति पनि उत्सुकता छ भने साकार उसका लागि उपयुक्त मार्ग हुन्छ किनभने जे हाम्रो भित्र हुन्छ त्यही बाटो हिँड्नु सजिलो र उपयुक्त हुन्छ ।

प्रेमविना मनुष्य बाँच्न सक्दैन । प्रेम श्वास लिएको जस्तो लिन र दिन सक्नुपर्छ । कुनै बच्चालाई भोजन दिएर आमाको न्यानोपन र प्रेम नदिए उसलाई बचाउन कठिन हुन्छ । मनुष्यमा प्रेमविना केही तत्त्व अविकसित रहन्छन् र ती नै जीवनका लागि उपद्रव बन्न सक्छन् । घृणा, हिंसा, हत्या, क्रोध र विध्वंस यसकै उदाहरण हुन् र यिनीहरू त्यही प्रेमविनाका अविकसित तत्त्व हुन् । हामी सबै प्रेम लिन र दिन चाहन्छौं र कसैबाट प्रेम प्राप्त भएमा हामी मूल्यवान् भएको महसुस गर्छौं । प्रेमका अतिरिक्त कुनै कुरा मूल्यवान् हुन सक्दैन । प्रेमलाई जीवन्त राख्न प्रेम लिन र दिन जान्नुपर्छ । प्रेम एउटा गहिरो श्वास हो, त्यसैले प्रेमविना भित्र गहिराइमा लुकेको प्राण जीवित हुन सक्दैन । यही प्रेमको भोकलाई मूलतिर फर्कायो भने यो अध्यात्म बन्न सक्छ र त्यो प्रेमको भोकलाई पदार्थतिरबाट परमात्मातिर फर्कायो भने अर्थात् परिवर्तनशील संसारबाट शाश्वततिर फर्कायो भने भक्ति बन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- प्रेम र भक्तिको मार्ग श्रेष्ठ छ । प्रेमको मूल्य नै नभएको व्यक्ति खोज्न कठिन हुन्छ । यदि कुनै व्यक्तिलाई प्रेमको कुनै मूल्य छैन भने उसको साधना निर्विचारको हुन्छ । अर्जुनले सोझै आफ्ना लागि कुन मार्ग उपयुक्त हुन्छ भनेर नसोधे पनि गहिराइमा उनले आफ्नै लागि यो प्रश्न गरेका हुन् । हाम्रो सारा प्रयास आफ्नै लागि हुन्छ । अर्जुन कुन मार्गबाट चलूँ भनेर जान्न चाहन्छन् । यसप्रकार अर्जुनले सोधेपछि श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! 'म' मा मनलाई एकाग्र गरेर निरन्तर मेरो ध्यान र भजनमा लागेको भक्तजन अतिश्रेष्ठ श्रद्धाले युक्त भएको 'म' सगुण रूप परमेश्वरलाई भज्छन् । त्यसैले उनीहरूलाई 'म' योगीहरूमा अति श्रेष्ठ योगी मान्दछु ।

एकाग्रता प्रेमको भूमिमा सहजै फलित हुन्छ । कुनै कुरामा एकाग्रता नहुनु त्यो कुरासँग व्यक्तिको प्रेम नहुनु हो । एकाग्रता प्रेमकै छाया हो र व्यक्तिले चाहेर पनि यसलाई छुटाउन सक्दैन । कुनै कुरामा एकाग्र हुन नसक्नुको कारण त्यो कुरासँग हाम्रो प्रेम नहुनु हो । चित्रकारलाई डाक्टर बनाउन खोज्दा त्यसमा उसको एकाग्रता नहुने हुँदा सफल हुन सक्दैन । श्रीकृष्णले अर्जुनलाई 'म'मा एकाग्र भएर निरन्तर मेरो भजन वा ध्यानमा लाग भन्नुको अर्थ उहाँको प्रेममा पूरा डुब्न भन्नुभएको हो । प्रेममा डुब्नु भन्नाले आफूलाई पूरै बिर्सिएर केवल कृष्ण मात्र बचाउनु र सम्पूर्ण अङ्ग-प्रत्यङ्गले उहाँलाई नै सम्झिनु भन्ने हो । श्रीकृष्णले निरन्तर मलाई भज्नु भन्नुको अर्थ जीवनको सारा क्रियामा उहाँकै ध्यान र स्मृति हुनु, हरेक ठाउँमा उहाँकै गीत, नृत्य र रूप देखिनु हो । फूलमा, पक्षीमा, बिहानीको शीतमा, सूर्यमा अर्थात् हरेक स्थानमा उहाँलाई देख्नु निरन्तर भजन हो । भजनको अर्थ सबैमा परमात्मा देख्नु हो । भजनले भरिएको व्यक्तिले ढुङ्गा जस्तो निर्जीव वस्तुदेखि प्रत्येक सजीव वस्तुमा परमात्मालाई देख्छ । जब हाम्रो भित्र भगवान्सँग गहिरो प्रेम हुन्छ, तब सबैतिर उसकै प्रतिध्वनि सुनिन्छ । यस्तो अवस्थामा भएको व्यक्तिले जे गरे पनि त्यो भजन हुन्छ । व्यक्तिलाई अस्तित्वको अनुभव नहुँदा मुखले राम राम भजेर त्यसको परिपूर्ति गर्न खोज्छ । भजन त चारैतर्फ जे भइरहेको छ, त्यसमा रामलाई देख्नु हो । लोभले भरिएको व्यक्तिलाई चारैतिर लोभकै फैलावट देखिन्छ किनभने जे भित्र हुन्छ त्यही चारैतिर फैलिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- 'म' मा मनलाई एकाग्र गरेर निरन्तर मेरो ध्यान र भजनमा लागेको भक्तजन अतिशय श्रद्धाले युक्त भएर 'म' सगुण रूप परमेश्वरलाई भज्दछन् । उहाँले अतिशय श्रद्धा भन्नुहुन्छ । श्रद्धा दुई प्रकारका हुन्छन्, एउटा श्रद्धा जो तर्कमा निर्भर हुन्छ, त्यो श्रद्धा श्रेष्ठ होइन किनभने तिनको वास्तविक श्रद्धा बुद्धि हो । कतिपय व्यक्तिहरूले ईश्वर छ भन्ने प्रमाण दिएका छन् र जो त्यो प्रमाणलाई मानेर श्रद्धा गर्छन् त्यो श्रद्धा निकृष्ट श्रद्धा हो । अनेक दार्शनिकले ईश्वर किन छ भनेर प्रमाण दिएका छन् । एउटा माटाको गाग्रो बनाउन त कुमाले चाहिन्छ भने ईश्वर नभए यो दृश्य जगत् कसले यत्रो निर्माण गर्‍यो, निर्माण गर्ने कोही हुनुपर्छ किनभने जगत् प्रयोजनहीन छैन भनेर तर्कशास्त्रीहरू भन्छन् । जगत् चैतन्य देखिन्छ र चेतना पदार्थबाट जन्मिँदैन । तसर्थ जगत्का पछाडि कुनै चैतन्यको हात हुनैपर्छ । यसरी परमात्माका सम्बन्धमा हजारौं तर्क दिएको पाइन्छ । जुन तर्कका आधारमा उनीहरू ईश्वर मान्दछन् त्यो श्रद्धा बुद्धिको श्रद्धा हो र त्यो निकृष्ट श्रद्धा हो । उनीहरूका यी सबै तर्कहरू कमजोर छन् र खण्डन गर्न सकिन्छ तसर्थ यो श्रेष्ठ श्रद्धा होइन ।

आस्तिक जुनसुकै कुरा बनाउन पनि बनाउनेवाला स्रष्टा चाहिन्छ भन्छन् । चार्वाक् अर्थात् चारुवाक्ले सबै कुरा बनाउनलाई बनाउनेवाला चाहिन्छ भने ईश्वरलाई बनाउने को हो भनेर प्रश्न गर्छन् । यस तर्कसँग आस्तिकहरूको विरोध छ र उनीहरू यसलाई कुतर्क मान्दछन् । यो कुतर्क हो भने सबै तर्क कुतर्क नै हो । ईश्वर यदि असृष्ट छ भने जगत् पनि असृष्ट छ भनेर नास्तिकहरू खण्डन गर्छन् । तसर्थ तर्कका आधारमा आस्तिक र नास्तिकबिचको मान्यतालाई मेटाउन सकिन्न । त्यसैले यस्तो श्रद्धा निकृष्ट श्रद्धा हो । अर्को श्रद्धा तर्कको आधारमा नभएर अनुभवका आधारमा हुन्छ र विचारको आधारमा नभएर प्रतीतिमा आधारित हुन्छ, त्यो श्रद्धा श्रेष्ठ श्रद्धा हो । जो तर्कका आधारमा यी कारणहरूले ईश्वर

हुनुपर्छ भन्छन् त्यो श्रेष्ठ श्रद्धा होइन तर जसले ईश्वर मेरो अनुभव हो र ईश्वर हुनुपर्छ होइन, ईश्वर छ भनेर भन्छ त्यो श्रेष्ठ श्रद्धा हो ।

हामी ईश्वरमा विश्वास गर्छौं किनभने हामी ईश्वर छ भनेर जान्दैनौं । त्यसैले जहाँ भरोसा हुँदैन त्यहाँ विश्वास हुन्छ तर विश्वास भरोसा होइन । ईश्वर हुनका लागि तर्कको होइन अनुभवको आवश्यकता हुन्छ । मनुष्य सागररूपी अस्तित्वको एक लहर हो, जो आज छ भोलि रहँदैन तर परमात्मा शाश्वत छ । हामीभित्र परमात्मा छ र हामी परमात्माकै एक रूप हौँ । जुन क्षण व्यक्ति आफ्नो अस्तित्वलाई बुझ्न सक्छ त्यस क्षण ऊ आफू रहँदैन उसमा नै परमात्मा प्रकट हुन्छ । यस्तो प्रतीति भएर हरेक कुरामा परमात्मा देख्नु अतिशय श्रद्धा हो । परमात्मा तर्कबाट सिद्ध हुँदैन र खण्डित पनि हुँदैन । परमात्मालाई हाम्रो प्रमाणको पनि कुनै आवश्यकता हुँदैन । ऊ लहरभित्र सागर लुकेझैं व्यक्तिभित्र लुकेको छ । संसारमा कुनै कुरा विनष्ट हुँदैन केवल आकार मेटिन्छ तर अस्तित्व मेटिँदैन । पानीको थोपा पनि बाफमा परिवर्तन हुन्छ तर नष्ट हुँदैन । हामी आकार हौँ र आकारभित्र लुकेको अस्तित्व परमात्मा हो । उसलाई तर्कद्वारा प्रमाणित गर्ने आवश्यकता नै छैन । श्रेष्ठ श्रद्धा अनुभव र साक्षात्कारबाट जन्मिन्छ । यो शास्त्रको नभई हाम्रो जीवन अनुभवको हिस्सा हो । परमात्माको अनुभव नै श्रेष्ठ श्रद्धा हो ।

प्रेम परम योग हो, यसभन्दा श्रेष्ठ अरू कुनै अनुभव हुँदैन । त्यसैले भक्ति प्रेमकै रूपान्तरण हुनाले यो श्रेष्ठतम मार्ग हो । जहाँ माग हुन्छ, त्यहाँ प्रार्थना हुँदैन किनभने मागले प्रार्थनालाई असफल गरिदिन्छ । परमात्माको द्वारमा विना कुनै माग खाली हात उभिने व्यक्तिले मागेको भन्दा बढी प्राप्त गर्छ । उहाँसँग माग्नुको अर्थ हामी उससँग अप्रसन्न छौं र गुनासो पोखिरहेका छौं भन्ने हो । दुखी व्यक्तिले उसँग सुखको माग गर्छ तर सुखको मागले सुख नै ल्याउँछ भन्ने जरुरी छैन । प्रायः जसो सुखको मागले झन् ठुलो दुख ल्याउँछ । सुखको माग दुखको कारण हो । यदि व्यक्ति दुखमा माझिएर परिपक्व भएमा दुखकै मार्गबाट सत्यसम्म पुग्न सकिन्छ । त्यसैले उचित अनुचितको द्वन्द्वमा नपरी जसले परमात्मामै सबै छाडिदिन्छ त्यही प्रार्थना  हो ।

मनुष्यलाई आफ्नो चाहना कुन उचित र कुन अनुचित हो, त्यो पनि थाहा हुँदैन । हाम्रो चाहना प्रतिपल बदलिरहन्छ र पूरा भएको चाहनाबाट व्यक्तिले के प्राप्त गऱ्यो त्यो पनि थाहा हुँदैन । चाहनाले दुख दिए पनि व्यक्ति आफ्नो पुरानो गल्तीबाट सुध्रिँदैन । जान्ने व्यक्तिहरू भन्दछन्- परमात्माकहाँ माग छोडेर गएमा चाहना गरेको भन्दा बढी प्राप्त हुन्छ तर व्यक्ति चाहना छोड्नुपरे परमात्माको द्वारमा जाँदै जाँदैन । आफ्नै मागहरूका कारण व्यक्ति भजन या ध्यान गर्न सक्दैन । प्रेम मागशून्य र निःसर्त हुन्छ त्यसैले प्रेम नै आनन्द र प्रार्थना हो । परमात्माले हामीलाई मनुष्य हुन दिएको हुनाले कृतज्ञताज्ञापन गर्नु प्रार्थना हो । प्रार्थना त मौनतामा मात्र हुन सक्छ । मनलाई विसर्जन गरेमा एकाग्रता फलित हुन्छ । एकाग्र हुने मन सागरजस्तो हुन्छ । जसले तर्क र बुद्धिले होइन एकाग्रताका साथ हरेक सजीव र निर्जीव वस्तुमा केवल परमात्मा मात्र देख्छ र प्रेमपूर्वक परम श्रद्धाले निरन्तर उसकै भजन गर्छ, त्यस्तो व्यक्तिलाई नै श्रीकृष्ण श्रेष्ठ योगी भन्नुहुन्छ । जुन क्षण प्रेम र श्रद्धामा युगपथ एकाग्रता हुन्छ, तब बाहिरका सबै वस्तुहरू हराउँछन् र साधक भित्र प्रवेश गर्छ ।

*ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।*
*सर्वत्रगमचिन्त्यञ्च कूटस्थमचलं ध्रुवम् ॥३॥*
*सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।*
*ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥*

**श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जो पुरुष इन्द्रियसमुदायलाई राम्ररी वशमा राखेर मन बुद्धिबाट पार सर्वव्यापी अकथनीय रूप तथा एक रस रहनेवाला नित्य अचल निराकार अविनाशी सच्चिदानन्द ब्रह्मलाई**

**निरन्तर एक भावले ध्यान गर्दै उपासना गर्छन् ती सम्पूर्ण प्राणीहरूको हितमा लागिपर्ने र सबैमा समान भाव भएका योगी पनि मलाई नै प्राप्त हुन्छन् ॥**

भक्तिको मार्गका अतिरिक्त अन्य मार्गबाट पनि परमात्मा प्राप्त गर्न सकिन्छ । अघिल्लो श्लोकमा श्रीकृष्णले ती भक्त जो निरन्तर 'म'मा डुबेर आफ्नो मन सबै 'म'मा लगाएर 'म' सगुण साकारलाई निरन्तर श्रद्धाले भज्छन् उनीहरू श्रेष्ठतम योगी हुन् भन्नु भएको थियो । तर यसको अर्थ उनीहरूले मात्र कृष्णलाई प्राप्त गर्छन् भन्ने होइन । कृष्णलाई निराकार ध्यान गर्ने व्यक्तिले पनि प्राप्त गर्न सक्छन् । जो शून्यका साथ परमात्मामा एकाकार हुन्छन्, उनीहरू पनि उहाँलाई नै उपलब्ध हुन्छन् । दुवैको मार्ग अलग भए पनि अन्तिम गन्तव्य श्रीकृष्ण नै हो । त्यसैले सगुणबाट वा निर्गुणबाट चले पनि अन्तमा केन्द्रमै अर्थात् कृष्णमा नै पुगिन्छ । जुन मार्गबाट यात्रा गरे पनि यात्रापथ र विधिको प्रयोग अलग हुन सक्छ तर पुग्ने गन्तव्य एउटै हुन्छ । त्यस गन्तव्यमा पुगेपछि केही अलग हुँदैन र सबै अन्तर समाप्त भएर अभेद मात्र शेष हुन्छ ।

सगुण-निर्गुण र साकार-निराकारको मार्ग तर्क गर्ने व्यक्तिका लागि विपरीत लाग्न सक्छ । तथाकथित पण्डितहरू कोही सगुण र कोही निर्गुण ठिक हो भन्दछन् र यही प्रमाणित गर्न आफ्नो जीवन समाप्त गर्छन् जसका कारण अनेक समुदाय र पन्थ बनेका छन् । यस जगत्मा अधर्मको जन्म नास्तिक भएर होइन, आस्तिकको बेठिक तर्कले गर्दा भएको हो । आफ्नो पथ र धर्मग्रन्थलाई युद्धभूमि जस्तो एक अर्कालाई नाश गर्ने जस्तो गरी प्रस्तुत गरिएको छ । आफ्नो पक्षलाई बलियो साबित गर्न पनि उनीहरूले छोडेका छैनन् र यसको लागि गलत तर्कको पनि प्रयोग गर्दछन् । तर जुनसुकै पथबाट बढे पनि गन्तव्य एकै हुँदा निरन्तर एक भावले ध्यान गर्दै उपासना गर्ने व्यक्ति श्रीकृष्णलाई नै उपलब्ध हुन्छन् । जतिसुकै विपरीत देखिने मार्गबाट यात्रा गरे पनि अन्तिम गन्तव्य एउटै हुन्छ र त्यो अन्तिम गन्तव्य श्रीकृष्ण नै हो ।

तर्कवादीहरूलाई आकारको विरोधमा निराकार भएको लाग्न सक्छ तर यसमा विरोध र विपरीतता छैन किनभने आकारमा पनि निराकार नै प्रकट भएको छ । आकारको स्रोत नैं निराकार हो । व्यक्तिको हेर्ने सीमित क्षमताले गर्दा आकार र निराकार विपरीत देखिएको हो । व्यक्ति एउटा सानो ढुङ्गा पनि एकै चोटिमा पूरा हेर्न सक्दैन भने झन् पूरा सत्यलाई एकैपटक हेर्न सम्भव नै हुँदैन । सानो पत्थर पनि एक चोटिमा आधा मात्र देखिन्छ र आधा हुनुपर्छ भन्ने कल्पना मात्र गर्न सकिन्छ किनभने व्यक्तिको इन्द्रियको क्षमता सीमित हुनाले जति त्यसले देखाउँछ त्यति नै उसले देख्न सक्छ । साकार रूपको मूर्ति हामीले देख्न सक्छौं तर त्यसभित्र लुकेको निराकार रूप देख्न सक्दैनौं । सत्यका सम्बन्धमा हाम्रो दृष्टि पाँच जना अन्धा व्यक्तिहरूले हात्तीलाई छामेको पञ्चतन्त्रको कथा जस्तो छ । पूरा हात्ती नदेखीकन कान, सुँड, खुट्टा र शरीर छामेर आफ्नो कल्पनानुसार गरेको बयान जस्तै अर्जुन पनि हात्तीको अगाडि नै उभिएर हात्तीलाई नै तिमी को हौ भनेर सोध्दै छन् । हात्ती भन्छ- सबै कुरा 'म' नै हुँ, त्यो सुँड पनि 'म' नै हुँ, नाङ्लो जस्तो कान पनि 'म' नै हुँ, खम्बा जस्तो खुट्टा पनि 'म' नै हुँ, विराट् भित्ता जस्तो शरीर पनि 'मेरै' हो । श्रीकृष्ण पनि अर्जुनलाई त्यही भन्दै हुनुहुन्छ । त्यो विराट् अकथनीय, अकल्पनीय स्रोत जो साकार र निराकार दुवै छ त्यो 'म' नै हुँ । परमात्माका दुवै रूप देख्न सक्ने व्यक्तिले मात्र साकार र निराकार दुवै रूपमा परमात्मालाई देखेर आफू पनि परमात्मा हुन सक्छ ।

श्रीकृष्ण यस प्रसङ्गमा प्रेम र ज्ञान दुवै मार्गबाट चल्ने व्यक्ति त्यही अन्तिम गन्तव्यमा पुग्छन् तर यी दुवै मार्ग विपरीत छन् भन्नुहुन्छ । ज्ञानबाट हिँड्ने व्यक्तिलाई शून्य हुनुपर्छ भने प्रेमबाट हिँड्ने व्यक्ति पूर्ण हुनुपर्छ तर शून्यता र पूर्णता एकै घटनाका दुई नाम र अवस्था हुन् । शून्यभन्दा पूर्ण अरू केही हुन सक्दैन र पूर्णभन्दा बढी शून्य अरू केही पनि छैन । हामी जस्ता सामान्य व्यक्तिका लागि शून्यको अर्थ केही पनि नहुनु हो र पूर्णको अर्थ सबै कुरा हुनु हो । यो हाम्रो देख्न सक्ने दृष्टि र बुझ्ने क्षमताको सीमाको कारणले हो । जो व्यक्ति शून्य हुन्छ उसले तत्क्षण पूर्णको र जो व्यक्ति पूर्ण हुन्छ, उसले पनि तत्क्षण

शून्यको अनुभव गर्छ । शून्यता र पूर्णता एउटै सिक्काका दुई पाटा हुन् । प्रेमले भरिएको ज्ञानीले आफूलाई पहिले प्रेमबाट रिक्त गरेर शून्य हुन्छ । ज्ञानी आफूलाई प्रेम, राग, द्वेष सबैबाट रिक्त गर्छ र शून्य हुन्छ । त्यसैले महावीरले सबै प्रकारका प्रेमरागबाट शून्य हुनुपर्छ भन्नु भएको हो । महावीर जुन दिन रिक्त हुनुभयो त्यही क्षण उहाँमा पहिलो घटना प्रेमको घट्यो । यसको अर्थ शून्य र पूर्ण अलग होइनन् एकै हुन् । महावीर ठुला अहिंस्रक हुनुहुन्थ्यो र अहिंस्रक हुनु नै वास्तवमा प्रेमले भरिनु हो । महावीरको अहिंसा नै प्रेम हो । जो व्यक्ति प्रेमले भरिन्छ उसले अरूलाई दुख पुऱ्याउन सक्दैन । अहिंसाको अर्थ अरूलाई अलिकति पनि दुख नदिनु हो र यही प्रेम हो ।

श्रीकृष्ण पूर्ण प्रेममा भएर पनि उहाँभित्र गहिरो शून्य छ । श्रीकृष्ण पूरा प्रेममा हुनुहुन्छ, त्यसैले कृष्णभन्दा शून्य व्यक्ति पाउनै सकिन्न । उहाँको सोह्र हजार गोपिनीहरूसँग प्रेम भएर पनि कसैसँग कुनै बन्धन निर्मित भएन र यस्तो अवस्थामा पनि मुक्त हुन सक्ने व्यक्ति भित्र पूर्ण शून्य हुनैपर्छ अन्यथा मुक्त हुन सक्दैन । कृष्ण जस्तो शून्य व्यक्तिलाई बाँध्न खोज्नु त आकाशलाई मुट्ठीमा बाँध्न खोज्नु जस्तो हो । कृष्णको यात्रा प्रेमको यात्रा हो । व्यक्ति प्रेम र ज्ञानका दुवै मार्गबाट यात्रा गरेर पनि केन्द्रमा पुग्न सक्छ तर आफ्नो पात्रतानुसार कुन मार्ग उचित हुन्छ त्यसको चुनाव उसले आफूले नै गर्नुपर्छ । पहिलो प्रेम र भक्तिको मार्ग त अर्जुन जस्ता व्यक्तिहरूका लागि श्रेष्ठ मार्ग हो र यस्तो मार्गबाट हिँड्ने व्यक्तिहरूलाई श्रीकृष्ण श्रेष्ठ योगी भन्नुहुन्छ । दोस्रो निराकार र निर्गुणको मार्गबाट जो निर्गुण र शून्य भएर हिँड्छन् उनीहरूले पनि मलाई नै प्राप्त गर्छन् भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

यो युग बुद्धिको युग मात्र होइन, बुद्धिले पीडित युग पनि हो । हाम्रो सारा शिक्षण र संस्कार बुद्धिको छ, भावको छैन । त्यसैले भावतर्फ कसरी गति गर्ने भन्ने जिज्ञासा उठ्न सक्छ तर अहिले चिन्तनशील मस्तिष्क पनि दुखी र विक्षिप्त छ । यही दुखीपन र विक्षिप्तताले गर्दा बुद्धि पनि भावतर्फ मोडिन सक्छ । शिक्षित र सुसंस्कृत व्यक्तिमा जब भाव दशाको जन्म हुन्छ, तब त्यो भाव त्यत्तिकै गहिराइमा हुन्छ जति गहिराइमा उसको बुद्धि थियो । एक अतिबाट अर्को अतिमा जान सरल हुन्छ किनभने यो जीवनको नियम हो । धनको व्यर्थता धनीलाई मात्र थाहा भएझैँ बुद्धिको व्यर्थता पनि बुद्धिको शिखरमा पुगेको व्यक्तिलाई नै हुन सक्छ । आज बुद्धिले शिखर छोएको कारणले गर्दा बुद्धिको भ्रम टुटेको छ र मनुष्यले भक्तितर्फको यात्रा गर्ने सम्भावना पनि उत्ति नै बढेको छ । यदि बुद्धिमान् व्यक्ति भक्त बन्न सक्यो भने ऊ जतिको भक्ति अरू कसैले पनि गर्न सक्दैन ।

भारतको पश्चिम बंगालका चैतन्य महाप्रभु पनि आइन्सटाइन जस्तै अत्यन्त प्रतिभाशाली, तर्क र बुद्धिका शिखर व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको बुद्धिमत्ताको चर्चा सबैतिर फैलिएको थियो । जब उहाँले बुद्धिलाई त्याग गरेर झ्याली, मञ्जरी लिएर बाटामा नृत्य गर्न थाल्नुभयो, तब उहाँको भाव र भक्तिले सीमा नाघ्यो । जो कसैले पनि त्यसको मुकाबिला गर्न सक्दैनन् । अरू धेरै भक्तहरू पनि भक्तिमा नाचे, गाए होलान् तर उहाँ जस्तो प्रेमी भक्त दोस्रो हुन सकेन । चैतन्य महाप्रभु बुद्धिको आखिरी शिखर चुमेर पुनः भक्तिमार्गमा शिखर चुम्ने व्यक्तिका ज्वलन्त उदाहरण हुनुहुन्छ । बुद्धि व्यर्थ भएपछि भाव, हृदय र प्रेम समेटिएको भक्तिको मार्ग खुला हुन्छ । संसारका सबै मृत समस्याहरू, विज्ञान, गणित इत्यादिलाई समाधान गर्न बुद्धिको उपयोगिता हुन्छ जुन हृदयद्वारा समाधान हुन सक्दैन । तर अमृतलाई जान्न बुद्धिको कुनै काम हुँदैन । हामी बुद्धिसँग एक भएका कारणले दुखी हुन्छौँ । आजको बुद्धिको युगमा बुद्धिको व्यर्थतालाई बुझेर भक्तिमार्गमा जाने सम्भावना प्रशस्त छ । परमात्माप्राप्ति र केन्द्रमा पुग्नका लागि सबैभन्दा पहिले इन्द्रिय वशमा हुनुपर्छ । इन्द्रियलाई वशमा गरेर मन र बुद्धिलाई पार गरेर अचल, अविनाशी, नित्य-निराकार सच्चिदानन्दघन परम ब्रह्मलाई एकै भावले ध्यान गर्दै उपासना गर्ने पुरुषले अर्थात् योगीले पनि श्रीकृष्णलाई नै प्राप्त गर्छ ।

*क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।*
*अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥*

**हे अर्जुन ! तर त्यो सच्चिदानन्दघन निराकार ब्रह्ममा आसक्त चित्त भएको पुरुषको साधनमा क्लेश अर्थात् परिश्रम विशेष हुन्छ किनभने देहाभिमानीहरूसँग अव्यक्त विषयक गति दुखपूर्वक प्राप्त गरिन्छ अर्थात् जबसम्म शरीरमा अभिमान हुन्छ तबसम्म शुद्ध सच्चिदानन्दघन ब्रह्ममा स्थित हुन कठिन हुन्छ ॥**

*ये तु सर्वाणि कर्माणि मयि सन्न्यस्य मत्पराः ।*
*अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥*

**तर जो मेरो परायण भएका भक्तजन सम्पूर्ण कर्मलाई 'म'मा अर्पण गरेर 'म' सगुण रूप परमेश्वरलाई नै अनन्य भक्तियोगले निरन्तर चिन्तन गरेर भज्दछन् उनीहरूलाई 'म' शीघ्र उद्धार गर्छु ॥**

यी श्लोकहरूमा श्रीकृष्ण भन्नुहुन्छ- निराकार निर्गुणका उपासक पनि त्यही अन्तिम गन्तव्यमा पुगेर मलाई प्राप्त गर्छन् र परम सत्यलाई उपलब्ध हुन्छन् तर यो मार्ग कठिन र दुर्गम छ । जो निराकारतर्फ यात्रा गर्छ उसले केही कठिनाइहरूको सामना गर्नैपर्छ । यो मार्गमा पीडा र क्लेश छ किनभने त्यहाँ उसले एक्लो यात्रा गर्नुपर्छ । अर्को मेरो परायण भएका भक्तजनले आफ्नो सम्पूर्ण कर्मलाई 'म'मा अर्पण गरेर 'म' सगुण परमेश्वरलाई अनन्य भक्तियोगले निरन्तर चिन्तन गर्दै भज्छन् भने 'म' त्यस्ता भक्तहरूको शीघ्र उद्धार गर्छु । पहिलो निराकारको मार्ग अज्ञात, गहन र अन्धकारपूर्ण हुन्छ । एक्लै यात्रा गर्नुपर्ने हुँदा यो मार्ग दुर्गम, कष्टप्रद, विशेष परिश्रमपूर्ण हुन्छ र त्यहाँ जगत्को प्रकाशको केही काम हुँदैन साथै उसलाई सहायता गर्ने पनि अरू कोही हुँदैन । हामी जीवनमा एक्लो रहन चाहँदैनौं, त्यसैले जीवनका सम्बन्धहरू यही एक्लोपनबाट बच्ने उपाय र आधार हुन् । एक्लो हुनुमा हामीलाई पीडा हुन्छ । त्यसैकारण निराकारको साधना पीडादायक हुन्छ किनभने त्यहाँ त गुरुसमेत पनि हुँदैन । यस मार्गमा यात्रा गर्ने व्यक्ति आफू एक्लो यात्रा गरेर अघि बढेकोमा उसको अहङ्कार झन् बलियो हुन्छ र सत्यमा पुग्न सक्दैन । त्यसैले यस मार्गद्वारा हजारौं वर्षमा एक-दुई जना मात्र सत्य प्राप्त गर्न सफल हुन्छन् किनभने निराकार र अहङ्कारको सङ्गमको परिणाम डरलाग्दो हुन सक्छ ।

निराकारको मार्गबाट चल्ने व्यक्ति भक्तिको मार्गबाट चल्न सक्दैन र भक्तिको मार्गबाट चल्ने व्यक्ति निराकारको मार्गबाट हिँड्नै सक्दैन । महावीरलाई भक्तिको मार्गमा र मीरालाई निराकारको मार्गमा हिँडाउन सकिन्न किनभने यो मार्ग उहाँहरूको स्वभाव होइन । भक्त पहिलो चरणमै समर्पित हुन सक्छ भने ज्ञानी अन्तिम चरण नभई समर्पित हुन सक्दैन । भक्त साधनाको सुरुवातमै पूर्ण समर्पण नगरी यात्राको सुरुवात गर्न सक्दैन । प्रत्येक राम्रो-नराम्रो भाव, हरेक कर्म प्रभुकै चरणमा उहाँकै इच्छा सम्झेर र आफूलाई केवल उपकरण सम्झेर समर्पण गर्नु नै भक्ति हो । समर्पणले अहङ्कार नष्ट हुन्छ तर ज्ञानी अन्तिम अवस्थासम्म पनि समर्पण गर्दैन । त्यसैले उसको अहङ्कार अझ बलियो हुन्छ जसले गर्दा ऊ सत्यमा पुग्न सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- भक्तको 'म' छिट्टै उद्धार गर्छु । यसो भन्नु भक्तका समर्पणको कारणले हो । श्रीकृष्ण शाश्वत नियम हुनुहुन्छ त्यसैले आफूलाई मिटाएर समर्पण गर्ने व्यक्तिलाई त्यो नियमले काम गर्न सुरु गर्छ । आकर्षण शक्ति दुई प्रकारका हुन्छन् । तलतिरको अर्थात् पृथ्वीतिरको आकर्षण शक्ति गुरुत्वाकर्षण हो भने माथितिर तानिने आकर्षण शक्ति प्रभुप्रसाद हो । जसलाई सिमोन वेलले ग्रेस (Grace) अर्थात् प्रभुप्रसाद भनेकी छिन् । त्यो माथितिर तानिनु प्रभुप्रसाद हो भने तल गुरुत्त्वाकर्षणतिर तानिनु खिचाउ हो । व्यक्ति नियमका विपरीत हिँडेमा गुरुत्त्वाकर्षण शक्तिको नियमले उसलाई तलतिर लैजान्छ । त्यस्तै व्यक्तिको अहङ्कारको विसर्जन भयो भने ऊ अहङ्कारको बोझबाट मुक्त भएर हल्का हुन्छ र प्रभुप्रसादको नियमले व्यक्ति माथितिरको यात्रा सुरु गर्न थाल्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो मेरो परायण भएका भक्तजनहरू छन् उनीहरू सम्पूर्ण कर्मलाई ‘म’ मा नै अर्पण गरेर ‘म’ सगुण रूप परमेश्वरलाई नै अनन्य भक्तियोगले निरन्तर चिन्तन गर्दै भज्छन् । त्यसैले उनीहरूको ‘म’ शीघ्र उद्धार गर्छु । यहाँ कृष्णले शीघ्र भन्नुको कारण भक्त पहिलो चरणमा नै सम्पूर्ण भाव र कर्मबाट समर्पित भएर निर्भार हुन्छ । त्यसैले पहिलो चरणमै प्रभुसँग मिलनको आभास उसलाई हुन थाल्छ । व्यक्तिको आत्मिक उत्थान अहङ्कारको बोझको कारणले रोकिएको हुन्छ । जुन दिन अहङ्कार हट्छ परमात्मा तत्काल उपलब्ध हुन्छ । सांसारिक अर्थमा हरेक व्यक्तिसँग केही न केही हुन्छ तर आध्यात्मिक अर्थमा व्यक्ति सर्वहारा हुन्छ । व्यक्तिसँग केही नभए पनि ऊ केही गुमाउने त्रासमा सदैव हुन्छ र परमात्माको मार्गमा पनि सह्मालिएर हिँड्छ । यस्तो व्यक्ति भक्तिमार्गमा हिँड्न सक्दैन । भक्तिमार्गमा त लाभ र हानि पनि प्रभुले मेरै हितका लागि गरेका हुन् भन्ने श्रद्धापूर्ण भरोसा हुन्छ । यस्तो श्रद्धा र समर्पण गर्ने भक्तलाई श्रीकृष्णले तत्क्षण उद्धार गर्नुहुने छ । कृष्ण चुम्बकझैं भक्तलाई आकृष्ट गर्नुहुन्छ साथै कृष्ण सर्वोच्च शाश्वत नियन्ता पनि हुनुहुन्छ । त्यसैले यदि व्यक्तिले आफूलाई पूर्ण रूपले कृष्णमा छोडिदियो भने उहाँको नियमले तानेर तत्क्षण उसको उद्धार गर्ने छ ।

व्यक्ति परमात्माको प्रार्थना गरेर पनि सन्देहले भरिएको हुन्छ । त्यसैले हाम्रो समस्या अश्रद्धाको होइन; अधुरोपनको हो । व्यक्ति आधा श्रद्धा र आधा अश्रद्धाले भरिएको हुन्छ । पूरा श्रद्धा नहुनेका लागि कसैले सम्झाएर पनि श्रद्धा जन्मिँदैन । अश्रद्धापछिको चरण नै श्रद्धा हो । आस्तिक व्यक्ति त्यही हुन सक्छ जो नास्तिक भइसकेको छ । व्यक्तिसँग इन्द्रियजन्य नभएर अर्को आँखा हुन्छ जसलाई कृष्ण श्रद्धा भन्नुहुन्छ । त्यही आँखालाई बुद्ध ध्यान भन्नुहुन्छ र मीरा भजन कीर्तन भन्छिन् । व्यक्तिसँग अर्को कान पनि हुन्छ जसबाट उसभित्रको अन्तरध्वनि अनाहत नाद सुन्न सक्छ तर हामी यसतर्फ उन्मुख नभई विमुख भएकाले त्यो ध्वनि सुन्न नसकेको हो । ईश्वर महानतम सङ्गीत हो । उसलाई जान्नका लागि हामीले आफ्नो हृदय उसलाई सुन्न सक्ने बनाउनुपर्छ । संसारका सबै मार्ग परमात्मातर्फ जान्छन् । केही मार्ग विपरीत भए पनि केन्द्रमा पुगेपछि विपरीतता समाप्त भएर एक हुन्छन् । यी मार्गहरूमध्ये प्रेमको मार्ग जसमा आफूलाई समाप्त पारी शून्य भएर प्रेमीलाई महत्त्वपूर्ण मानेर अगाडि बढ्नुपर्छ जहाँ प्रेमी मात्र शेष रहन्छ ।

तर ध्यानको प्रक्रिया बिलकुल विपरीत हुन्छ यसमा सबै मेटिएर केवल आफूमात्र शेष रहन्छ । भाव, विचार र विषय नबचेर केवल आफूमात्र शेष रहने प्रक्रिया ध्यान हो । आफूमात्र बाँच्नु ध्यान हो भने आफू बिलकुल नबाँची तिमी मात्र बाँच्नु प्रेम हो । जब भक्त आफू मेटिई शून्य भएर आफ्ना सबै भाव र कर्म प्रभुका चरणमा राखेर निरन्तर भजन गर्दै शुद्ध हृदयले समर्पित हुन्छ तब यस्तो भक्तको श्रीकृष्ण शीघ्र नै उद्धार गर्नुहुन्छ । निराकार र निर्गुणको उपासक जो अङ्हकार त्याग गरी ध्यानको मार्गबाट अघि बढ्छ उ पनि सत्यमा उपलब्ध हुन्छ तर यो मार्ग एक्लो यात्राको कारणले दुखपूर्ण र कठिन छ ।

*तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।*
*भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥*

**हे अर्जुन ! ती ‘म’मा चित्त लगाउनेवाला प्रेमी भक्तहरूलाई ‘म’ शीघ्र नै मृत्युरुप संसार समुद्रबाट उद्धार गर्दछु ॥**

*मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।*
*निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥*

**हे अर्जुन ! तिमी ‘म’मा मन लगाऊ र ‘म’मा नै बुद्धि लगाऊ । यसपछि तिमी ‘म’मा नै निवास गर्ने छौ । यसमा कुनै संशय छैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- ‘म’ मा चित्त लगाउने भक्तलाई ‘म’ मृत्युरूपी संसारबाट उद्धार गर्छु, यसमा कुनै संशय छैन । भक्तिको मार्गमा व्यक्ति स्वयम्लाई मिटाएर शून्य बन्न सक्नुपर्छ । भक्तिमार्गको साधकले

प्रार्थनामा आफूलाई पगालेर परमात्मामा लीन गर्छ र ऊ पनि परमात्मा जस्तै हुन थाल्छ । परमात्मामा लीन हुनु भनेको आफू नरहेर उसैमा मिट्ने भाव हो । भक्त परमात्मा र आफूबिचको पर्खाल भत्काउन चाहन्छ । उ जान्दछ कि ईश्वर त प्रतिपल उपलब्ध नै छ तर आफ्नै कारणले मात्र मिलन हुन नसकेको हो । भक्तले जब आफ्नो अस्मिताको पर्खाल भत्काउन तयार हुन्छ तब श्रीकृष्णले यस्तो भक्तलाई त्यसै क्षण उद्धार गर्नुहुन्छ । कसै प्रति प्रेम भएपछि र मिट्नुको मजा जानेपछि व्यक्ति बच्न नचाहेर उसमा नै मिट्न चाहन्छ ।

एक व्यक्ति सन्त रामानुजकहाँ आएर उहाँ जस्तै आनन्दित हुन र परमात्मासँगको प्रेम सिकाइदिन अनुरोध गरे । रामानुजले जीवनमा आजसम्म कसैसँग अलिकति पनि प्रेम गरेका छौ भनी प्रश्न गर्नुभयो । उत्तरमा उनले परमात्माको खोजीमै समय व्यतीत गरेको हुँदा कसैसँग प्रेम नगरेकाले आफूलाई यसको अनुभव नभएको बताए । रामानुजले भन्नुभयो- त्यसो भए मुस्किल छ । कसैसँग प्रेम गरेर उसमा मिट्न जानेको भए त्यही प्रेमका माध्यमबाट परमसँगको प्रेम सिकाइदिन्थेँ तर तिमीमा त प्रेमको सानो अनुभव पनि नभएकाले त्यो सम्भव नहुने भयो । प्रेम गर्न जान्ने व्यक्तिमा मिट्ने अनुभव हुने हुनाले उसलाई त्यसको आधारमा परमात्मामा मिट्न सुगम हुन्छ र मिट्नमा दुख होइन सुख हुन्छ भन्ने जान्दछ । तर परमात्मामा रत्तीभर नबचाई पूरा मिट्नुपर्छ किनभने जब व्यक्ति मिट्न थाल्छ, तब परमात्मा उसमा प्रवेश गर्न थाल्छ । श्रीकृष्णले 'म'मा चित्त लगाउने प्रेमी भक्तहरूको 'म' शीघ्र नै मृत्युरूपी संसारबाट उद्धार गर्छु भन्नुको अर्थ यही हो । प्रेम जान्ने व्यक्तिलाई मृत्युरूपी यस जगत्मा प्रेमको अतिरिक्त अन्य कुनै अनुभव हुँदैन तर जसले प्रेम जानेको छैन उसले मृत्युलाई भयको रूपमा जान्दछ । प्रेमी सदा मर्न तयार हुन्छ तर प्रेम नभएको व्यक्ति मर्न डराउँछ । प्रेमीले त्यसलाई जान्दछ, जुन पाएपछि मृत्युले त्यसलाई मेटाउन सक्दैन ।

श्रीकृष्ण पुनः जो 'म' मा पूरा मिट्न तयार हुन्छ उसलाई 'म' मृत्युरूपी संसारबाट पार गराउँछु भन्नुहुन्छ । जब प्रेममा कोही मर्न तयार हुन्छ, तब ऊ मृत्युको पार हुन्छ किनभने प्रेम मृत्युमाथि विजय हो । प्रेमको अनुभव नभएको व्यक्ति मरेर बाँचिरहेको हुन्छ र प्रेमका लागि तड्पिरहन्छ । प्रेमको छटपटाहट मृत्युको पार जाने आकाङ्क्षा हो । मनुष्यको क्षणिक प्रेममा त मृत्युको पारको अनुभव हुन्छ भने परमात्माको प्रेममा मिट्नुसँग यसको कुनै तुलना नै हुन सक्दैन । हामी परमात्माको प्रेममा पूरै मिट्न सक्नुपर्छ, तब मात्र उससँग सम्बन्ध स्थापित हुन्छ । यो असाधारण प्रेम हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यस्ता भक्तहरूलाई 'म' मृत्युरूपी संसारबाट पार गराउने छु; त्यसैले हे अर्जुन ! तिमी 'म' मा नै मन र बुद्धि लगाऊ । श्रीकृष्णले पहिले 'म' मा मन लगाऊ भन्नुभयो किनभने एकपटक मन लागेपछि बुद्धि पनि स्वतः पछि लाग्छ । तर्कले सधैं भावको अनुसरण गर्छ किनभने भाव गहिरो हुन्छ र तर्क धरातलीय मात्र हुन्छ । बच्चा जन्मिँदा भाव त सँगै ल्याउँछ तर तर्क पछिमात्र अरूबाट सिक्छ । त्यसैले बुद्धि उधारो र मन आफ्नो निजी हो । हामी भावबाट बग्नुपर्छ किनभने भाव हाम्रो स्वभाव हो । बुद्धिको पनि उपयोगिता हुने हुँदा भावलाई बुद्धिसँग जोडेर बगाउनुपर्छ । तर्क भावको पछाडि हिँड्यो भने मात्र परमात्माको खोजमा जान सकिन्छ । त्यसैले श्रीकृष्णले पहिले मन 'म'मा लगाऊ भन्नुभएको हो । त्यसपछि बुद्धिलाई पछि लगाउन सजिलो हुन्छ ।

आस्तिकहरू भावको दशामा जानेका कुराहरू तर्कमा प्रस्तुत गर्छन् । आदिशङ्कराचार्यभन्दा ठुला तार्किक व्यक्ति बिरलै होलान् । उहाँ ठुलो तार्किक व्यक्ति भएर पनि उहाँको तर्क भावमा आधारित छ । उहाँमा भाव पहिले घटित भयो र तर्क त्यसलाई प्रस्थापित गर्नका लागि मात्र प्रयोग भयो । उहाँको तर्क भावलाई पुष्टि गर्नका लागि मात्र हो । तर्कलाई अघि राख्नु भनेको आफूलाई अघि राख्नु हो । व्यक्तिले भावलाई पहिले राख्यो भने ऊ निसर्गलाई पहिले राख्छ । निसर्ग व्यक्तिभन्दा ठुलो र विराट् छ । पहिले विराट्लाई अघि लगाएर अनि सानो अर्थात् बुद्धिलाई पछि लगाउनुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' मा मन

लगाऊ अनि 'म' मा बुद्धि लगाऊ अनि त्यसपछि तिमी 'म' मा नै निवास गर्ने छौ । यसमा कुनै संशय छैन । 'म' मा निवास गर्ने छौ भन्नु हृदयमा रहने छौ भन्नु हो । जुन दिन भक्त मन, बुद्धि र कर्मले आफूलाई भगवान्मा समर्पण गर्छ त्यसै दिनदेखि ऊ पनि भगवान्को हृदयमा निवास गर्छ अर्थात् ऊ नै परमात्मा हुन्छ ।

श्रीकृष्ण अन्तमा त्यस उपरान्त तिमी 'म' मा नै निवास गर्ने छौ अर्थात् मलाई नै पाउने छौ यसमा कुनै संशय छैन भन्नुहुन्छ । भावबाट सुरु भएमा संशय हुँदैन तर बुद्धिबाट सुरु भएमा संशय हुने छ किनभने बुद्धिबाट अहङ्कारको जन्म हुन्छ । हामी तर्क, दृष्टि र अहङ्कारको बोधकै कारण भावलाई अगाडि राख्न डराउँछौँ किनभने भाव अराजक हुन्छ । यसले कहाँ पुऱ्याउँछ भन्ने डरले भावलाई दबाएर राख्छौँ र हरेक निर्णय बुद्धिकै हातमा छोडिदिन्छौँ । राति सुतेर उठेपछि व्यक्ति ताजा अनुभव गर्छ । राति तर्क-बुद्धि सुत्छ र भावको जगत् प्रकट हुन्छ साथै सपनामा व्यक्ति भावको जगत्मा बाँच्छ । सपनाले बुद्धिलाई बिदा दिन्छ । तसर्थ हामी बिहान ताजापन अनुभव गर्छौं । मनोवैज्ञानिकहरू भन्छन्- व्यक्ति निद्राबाट होइन, सपनाबाट ताजापन पाउँछ । भावलाई बुद्धि-तर्कका अगाडि राख्ने व्यक्तिले परमात्माको हृदयमा निवास गर्दछ । श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्ति पहिले मन 'म' मा अर्पण गर्छ 'म' उसलाई हृदयमा स्थान दिन्छु; हामी मनका कारणले नै परमात्माबाट पर छौँ । व्यक्ति होसमा भएमा संसारमा पनि परमात्मालाई पाउन सकिन्छ । परमात्मा त यहीं मौजुद छ तर हामी सुतिरहेका छौँ । मन शान्त र मौन भएर होसपूर्ण भएमा हामी परमात्मालाई अहिले नै पाउन सक्छौँ । उसैको खोजीमा तर्कलाई भावमा लगाउने व्यक्तिले नै मनलाई शान्त र होसपूर्ण बनाएर परमात्मालाई यही संसारमा प्राप्त गर्दछ र श्रीकृष्णको हृदयमा निवास गर्छ ।

*अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।*
*अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥*

**हे अर्जुन ! यदि तिमी मनलाई 'म'मा स्थापित गर्न समर्थ छैनौ भने अभ्यासरूप योगबाट मलाई प्राप्त गर्ने इच्छा गर ॥**

*अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।*
*मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥*

**यदि तिमी अभ्यासमा असमर्थ छौ भने केवल मेरा लागि कर्म गर्न परायण होऊ । यसप्रकार मेरा लागि कर्म गर्दा गर्दै पनि मेरो प्राप्तिरूप सिद्धिमा प्राप्त हुने छौ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमी मनलाई 'म' मा स्थापित गर्न असमर्थ छौ भने हे अर्जुन ! अभ्यासरूपी योगबाट मलाई प्राप्त गर्ने इच्छा गर । उहाँ भन्नुहुन्छ- यदि तिमीलाई म कसरी मनलाई सिधै प्रभुमा लीन गरूँ भन्ने लाग्छ भने अभ्यासरूपी योगद्वारा मलाई प्राप्त गर्ने प्रयास गर । मनलाई 'म' मा स्थापित गर्नु भन्नुको अर्थ श्रीकृष्णमा डुब्नु हो । कुनै व्यक्तिलाई डुब भन्नासाथ कसरी भन्ने प्रश्न नगरी डुब्न सक्छन् । यस्ता डुब्न सक्ने व्यक्ति बच्चासरह हुन्छन् । बच्चालाई नाच भन्यो भने ऊ नाच्न सुरु गर्छ तर कसरी भन्ने प्रश्न उठाउँदैन । यदि कसरीको प्रश्न उठाएमा उसमा प्रौढ व्यक्ति प्रवेश गर्न थालेको बुझ्नुपर्छ । कसरी भन्नुको अर्थ उपायको खोजी हो । तसर्थ व्यक्ति बच्चा जस्तो भए मात्र सिधै प्रश्न र उपायको खोजी नगरी डुब्न सक्छ । अर्जुन त्यस समयका एक सुसंस्कृत क्षत्रिय, पढेलेखेका र बुद्धिमान् व्यक्ति भएको हुनाले कृष्णलाई 'म'मा लीन हुन सक्छ कि सक्दैन भन्ने लागेको हुन सक्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमी 'म' मा डुब्न सक्दैनौ भने अभ्यासरूपी योगद्वारा मलाई प्राप्त गर्ने इच्छा गर । सिधै 'म'मा समर्पण गर्न असमर्थ छौ भने तिमीले अभ्यास गर्नुपर्छ । तसर्थ अभ्यासरूपी योगद्वारा मलाई प्राप्त गर्ने प्रयास गर ।

योगको अर्थ प्रविधि हो । जो भक्त हुन सक्दैन ऊ प्रविधिको उपयोग गरेर योगद्वारा परमात्मामा पुग्न सक्छ तर भक्तलाई योगको कुनै आवश्यकता हुँदैन । उसको भक्ति नै उसको माध्यम हुन्छ । चित्तलाई एकाग्र गर्ने योगसाधना, प्राणायाम र मन्त्रका आधारमा आफ्नो ध्यान त्यहाँ एकाग्र गर्ने कला सिकेर सिद्धासन, पद्मासन जस्तो शरीरलाई स्थिर गर्ने साधना विधिलाई श्रीकृष्ण अभ्यासरूपी योग भन्नुहुन्छ । शरीर स्थिर भएपछि मन पनि स्थिर हुन्छ । आधा आँखा खोली नाकमा मात्र हेरेर श्वास भित्र गएको र बाहिर फर्किएकोमा ध्यान स्थिर गर्नुपर्छ । यी सबै प्रविधिहरूबाट चित्तलाई स्थिर गर्न सकिन्छ । यी सबै प्रविधिहरू भक्त हुन नसक्ने व्यक्तिहरूका लागि हुन् ।

प्रेम र भक्तिमा असमर्थ भएका व्यक्तिका लागि योग अर्को मार्ग हो । प्रेममा असमर्थ व्यक्तिले पहिले अभ्यासद्वारा आफूलाई तयार गर्नुपर्छ । भगवान्को गुण र नामको श्रवण, कीर्तन, मनन, जप र भागवत विषयक शास्त्रको पठन पाठन इत्यादि र भगवत्प्राप्तिका लागि बारम्बार गर्ने चेष्टा नै अभ्यास हो । वर्षौंको अभ्यासपश्चात् ध्यानलाई केन्द्रित गरेर परमात्मामा पुग्न सकिन्छ । प्रेमीलाई कुनै योगाभ्यासको आवश्यकता हुँदैन, त्यसैले ऊ परमात्मामा सोझै फड्को मार्न सक्छ । तर बुद्धि हाबी भयो भने योगका सूत्रको साधना गरेर पहिले एकाग्रता अनि तन्मयतामा उत्रिनुपर्छ । यसरी अभ्यासद्वारा पनि परमात्मामा डुब्न सकिन्छ । श्रीकृष्ण अभ्यासद्वारा मलाई प्राप्त गर्ने प्रयास गर र यदि तिमी त्यस अभ्यासमा पनि असमर्थ भयौ भने मेरा लागि कर्म गर्न परायण होऊ भन्नुहुन्छ । अभ्यासबाट पनि सफलता प्राप्त हुन्छ भन्न सकिन्न किनभने यसमा धेरै बाधाहरू हुन सक्छन् । साधनामा बस्दा शरीरमा पीडा हुन सक्छ र निद्रा पनि लाग्न सक्छ, जसले गर्दा एकाग्रतामा बाधा पुग्छ । त्यसैले अभ्यास पूर्ण सफल हुन्छ भन्न सकिन्न ।

श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमी योग अभ्यासमा सफल भएनौ भने केवल मेरा लागि कर्म गर्न परायण होऊ । कर्म गरेर मलाई र मेरो सिद्धिलाई पाउन सक्ने छौ । यदि तिमीलाई भक्तियोग कठिन लाग्यो भने ज्ञानयोगबाट मलाई प्राप्त गर्ने इच्छा गर । ज्ञानयोगको अर्थ योगको साधना र अभ्यास हो । यदि तिमीलाई ज्ञानयोग पनि कठिन लागेमा कर्मयोगबाट मलाई प्राप्त गर्ने प्रयास गर । तिमी सारा कर्म 'म' मा नै समर्पित गरिदेऊ र यस्तो मान कि तिमीभित्र सारा कर्म 'म' नै गरिरहेको छु र 'म' नै तिमीलाई सबै कर्म गराइरहेको छु । तिमी मेरो साधन र उपकरण बनेर कर्म गर । त्यसो गरेमा पाप-पुण्य र राम्रो-नराम्रो दुवै तिम्रो हुँदैन । परमात्मालाई प्राप्त गर्ने यी तीन मार्ग छन्, तीमध्ये श्रेष्ठतम मार्ग भक्तिमार्ग हो किनभने यसबाट सोझै छलाङ लगाउन सकिन्छ । त्यसपश्चात् ज्ञानयोगको साधनाको मार्गबाट प्रयास र अभ्यासद्वारा छलाङ लगाउन सकिन्छ । यी दुवै मार्गहरूबाट सफलता प्राप्त नभएमा कर्मलाई प्रभुमा अर्पित गर्नु नै उत्तम विकल्प हो । यी तीनमध्ये हामीले कुनै एकको चुनाव गर्नुपर्छ । सर्वप्रथम भक्तियोगको प्रयास गर्नु उपयुक्त हुन्छ, भक्ति-प्रेमको मार्गमा सफल हुन सके यो श्रेष्ठतम मार्ग हो तर यो मार्ग आफ्ना लागि उपयुक्त नभएमा ज्ञानयोगको मार्गबाट प्रयास गर्नुपर्छ । यदि ज्ञानमार्ग पनि आफ्ना लागि उपयुक्त नभएमा कर्मयोगको मार्गबाट प्रयास गर्नुपर्छ ।

आफूलाई हटाएर सारा कर्म परमात्मामा छोड्नु कर्मयोग हो । व्यक्तिले जब आफ्नो कर्मलाई परमात्मामा छोड्छ, तब ध्यानको मार्गबाट जे फलित हुन्छ, त्यो कर्मको मार्गबाट हुन सुरु हुन्छ र व्यक्ति शान्त हुन्छ । जब व्यक्ति सारा कर्मको बोझ आफैँमा राख्दछ तब ऊ अशान्त हुन्छ । शान्ति कर्मयोगमा हिँड्ने व्यक्तिहरूका लागि एउटा कसी हो । सुख-दुख, सफलता-असफलता जे आए पनि सन्तुष्ट हुनु कर्मयोगको अर्को कसी हो किनभने कर्म परमात्मामा समर्पण गरेपछि ऊ फलको आकाङ्क्षी रहँदैन र व्यक्तिमा समभाव फलित हुन्छ । कर्मयोगको अर्थ सबै परमात्मामा छोडेर आफू केवल निमित्त हुँ भन्ने भाव हुनु हो । व्यक्तिले 'म' भन्ने भाव परमात्मामा छोडेपछि यो जगत् स्वप्नबद्ध नाटक लाग्न थाल्छ । 'म' भन्ने भाव परमात्मामा छोडेपछि ऊ दर्शक मात्र रहन्छ । यदि हामीमा भित्र शान्ति, समभाव र साक्षीको

भाव बढिरहेको छ भने कर्मयोगको बाटोमा आफू ठिकसँग अघि बढेको जान्नुपर्छ । प्रेम-भक्तिको मार्ग परमात्मामा स्थापित हुने श्रेष्ठ मार्ग हो तर यस मार्गमा अगाडि बढ्न असमर्थ भएमा अभ्यासद्वारा योगमार्गमा अगाडि बढ्न सकिन्छ । एकाग्रताको कमीले यस मार्गमा पनि अगाडि बढ्न असमर्थ भएमा परमात्मामा सम्पूर्ण कर्म र कर्तापन बिसाएर कर्मयोगद्धारा परमात्मामा स्थापित हुन सकिन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

*अथैतदप्यसक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।*
*सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥*

**हे अर्जुन ! यदि मेरो प्राप्तिरूप योगमा आश्रित भएर उपयुक्त साधना गर्न पनि तिमी असमर्थ छौ भने मन, बुद्धि आदिमा विजय प्राप्त गरेर सबै कर्मको फल त्याग गर ॥**

*श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।*
*ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥*

**मर्मलाई नजानेर गरेको अभ्यासभन्दा परोक्ष ज्ञान श्रेष्ठ हुन्छ र परोक्ष ज्ञानभन्दा 'म' परमेश्वरको ध्यान श्रेष्ठ हुन्छ । ध्यानभन्दा पनि सबै कर्मको फलको त्याग अझ श्रेष्ठ छ किनभने त्यागले तत्काल नै परम शान्ति हुन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यदि मैले भनेका तीनै मार्गको प्रयास गर्न पनि तिमी असमर्थ छौ भने मनलाई जितेर मेरो प्राप्ति रूप योगको शरण भएर सबै कर्मका फल मेरा लागि त्याग गर । श्रीकृष्ण भन्नुहुन्छ- सबै कर्म गर्दा कर्ता भाव नराखेर जे कर्म गर्दा पनि त्यो सबै 'म' अर्थात् कृष्णले गरिरहेको छु भन्ने सोच । यदि सबै कर्म परमात्मा नै गरिरहेको छ भने म कुनै कर्म किन गरूँ भन्ने भाव पनि कसैमा उत्पन्न हुन सक्छ साथै कर्म सबै परमात्माले गरिरहेको छ भनेर मान्न हाम्रो अहङ्कार तयार पनि हुँदैन । व्यक्ति असफल भएर हार्दा यसको जिम्मेवारी परमात्मामा भएको ठान्दछ तर सफल भएर जित्दा आफूले जितेको ठान्दछ । सफलताले हाम्रो अहङ्कारलाई परिपुष्ट गर्ने हुँदा सफलता हामी परमात्मामा छोड्न सक्दैनौं । हामी हार्दा भाग्यलाई दोष दिन्छौं र असफलता पनि भाग्यको कारणले भएको ठान्दछौं । तर सफलता आफ्नो कारणले भएको ठानेर परमात्मामा छोड्न चाहदैनौं ।

कर्मको फल व्यक्तिमा निर्भर छैन किनभने फल विराट्मा निर्भर हुन्छ । कर्म हामी गर्न सक्छौं तर त्यसको फल के हुन्छ भनेर सुनिश्चित रूपमा तय गर्न सक्दैनौं । व्यक्तिले के गर्ने भनेर सोच्न सक्छ तर फल उसको हातमा हुँदैन । त्यसैले कहिले कसैलाई विष दिँदा पनि अमृत र कसैलाई अमृत दिँदा विष पनि हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! यदि तिमी कर्म छोड्न असमर्थ छौ भने कर्मको फल जुन तिम्रो हातमा छैन त्यो मलाई छोडिदेऊ । तिमी फलको नियन्ता पनि होइनौ । त्यसैले कर्म गर तर कर्मको फल अर्थात् परिणाम मलाई छोडिदेऊ । फल हाम्रो हातमा नभएकोले यो कर्तापन छोड्नुभन्दा सजिलो हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मर्मलाई नजानेर गरिएको अभ्यासभन्दा परोक्ष ज्ञान श्रेष्ठ हुन्छ । धेरै व्यक्तिहरू मर्मलाई नजानेर अभ्यास गरिरहेका हुन्छन् । त्यस्तै प्रायःजसो व्यक्तिहरू आफू के गरिरहेको छु वा यो केका लागि गर्दै छु भन्ने मर्म नै नबुझी वर्षौंदेखि ध्यान, योग इत्यादिको अभ्यास गरिरहेका हुन्छन् । जस्तो कति रगतको बहावले मस्तिष्कमा रहेका पातला तन्तुहरूलाई खराब प्रभाव गर्दैन भन्ने जानेर मात्र शीर्षासन गर्नुपर्छ अन्यथा यसले लाभ होइन, हानि गर्न सक्छ । त्यसैले श्रीकृष्णले मर्मलाई नजानेर गरिएको अभ्यासभन्दा परोक्ष ज्ञान श्रेष्ठ छ भन्नुभएको हो ।

मर्मलाई नजानेर अभ्यास गर्नु आगोसँग खेल्नु जस्तै हो । अभ्यासको मर्म नबुझी अरूले भनेको भरमा गरेको अभ्यासले हानि मात्र पुऱ्याउँछ । मनुष्य मात्र एक यस्तो प्राणी हो जो दुई खुट्टामा उभिने हुनाले उसको बुद्धिको विकास हुन्छ । उभिनाले उसको मस्तिष्कमा कम रगत प्रवाहित भएर पातलो मिहीन तन्तु विकसित हुन्छ । यही तन्तुका कारण उसको बुद्धिको विकास हुन्छ । हाम्रो मष्तिष्कमा तीन अरब जीवन्त कोष्ठ हुन्छन् । हाम्रो सोच-विचार, बुद्धि, चेतना, भाव सबै तिनै कोष्ठमा निर्भर हुन्छन् र हामीलाई

ती कोष्ठमा कति अक्सिजनको आवश्यकता हुन्छ भन्ने थाहा पनि छैन । यसका लागि ठिक मात्रामा अक्सिजनको जरुरत हुन्छ तर व्यक्तिले नजानी सुरु गरेको प्राणायामको अभ्यासले अक्सिजनको मात्रा बढी अथवा कम भएमा व्यक्ति मूर्च्छित भएर उसलाई हानि हुन सक्छ । नजानी गरेको बढी प्राणायाम घातक पनि हुन सक्छ । त्यसैले मर्म नजानेर गरेको अभ्यास अनुचित हो । यसभन्दा परोक्ष ज्ञान उचित हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । परोक्ष ज्ञान शास्त्रको ज्ञान हो । सत्यसम्म पुगिसकेका व्यक्तिहरूको वचन र उनीहरूको अनुभव लिपिबद्ध गरिएको ग्रन्थ शास्त्र हो । यो हामीजस्तै अज्ञानीलाई विचार गरेर भनिएको हो ।

शास्त्र पढेर व्यक्तिलाई आफ्नो क्षमतानुसारको कुरा मात्र थाहा हुन्छ । आध्यात्मको जगत्मा खोजिएका मूल्यवान् सूत्रहरू शास्त्रमा प्रकट पनि गरिएका छन् र गुप्त पनि राखिएका छन् । शास्त्रले तिनलाई त्यति नै गुप्त राख्छ जति अहिले हाम्रा निम्ति काम लाग्दैनन् र त्यति नै प्रकट गर्छ जति व्यक्तिले आत्मसात् गर्न सक्छ । जब व्यक्ति एक श्रृङ्खलालाई आत्मसात् गर्छ, तब दोस्रो श्रृङ्खला पनि थाहा पाउन सक्छ र क्रमशः जब दोस्रो श्रृङ्खला आत्मसात् गर्छ, तब तेस्रो श्रृङ्खला थाहा पाउन सक्छ । हरेक पटकमा एक एक श्रृङ्खलामात्र आत्मसात् गर्न सक्ने व्यवस्था शास्त्रमा गरिएको छ । त्यसैले शास्त्र एउटा वैज्ञानिक व्यवस्था हो । जिससका साना मिठा कथाहरू छन् र हरेक कथाले अनेक अर्थ दिन्छन् । त्यसैले बच्चाहरूका लागि पनि यो सरल र मिठासपूर्ण छ । बच्चाहरू भन्दा माथिल्लो स्थितिको व्यक्तिका लागि यसले भिन्न अर्थ दिन्छ किनभने कथाभित्र गुप्त रहस्य पनि लुकेको छ जसबाट व्यक्तिको बुद्धिको विकास हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- नजानेर गर्ने अभ्यासभन्दा परोक्ष ज्ञान अर्थात् अरूले जानेर भनेको ज्ञान श्रेष्ठ हुन्छ तर परोक्ष ज्ञानभन्दा 'म' परमेश्वरको ध्यान श्रेष्ठ हुन्छ । शास्त्र वा परोक्ष ज्ञान जतिसुकै मूल्यवान् भए पनि त्यो उधारो ज्ञान हो । जान्ने व्यक्तिहरू पतञ्जलि, वशिष्ठ, शङ्कराचार्य, रामानुज आदिलाई जानकारी भएको ज्ञानबाट जानेको ज्ञान व्यक्तिको आफ्नो अनुभव होइन । सुनेर पढेर प्राप्त भएको ज्ञानबाट व्यक्तिको अलिकति बुद्धि र स्मृति त बढ्छ तर आफ्नो अनुभवको ज्ञान जस्तो बढ्न सक्दैन । यसबाट सङ्ग्रह र जानकारी बढ्छ तर बोध बढ्दैन । बोध स्वअनुभवले मात्र बढ्छ ।

त्यसैले श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- परोक्ष ज्ञानभन्दा परमेश्वरको ध्यान श्रेष्ठ छ । हे अर्जुन ! तिमी अभ्यासको मार्ग पनि अवलम्बन नगर किनभने मर्म नजानेर अभ्यास गर्दा झन् खतरनाक हुन्छ । शास्त्रको मार्ग पनि छोड, किनभने त्यो अर्काको ज्ञान हो, जुन तिम्रो स्वअनुभव होइन । त्यसैले परोक्ष ज्ञानभन्दा 'म' परमेश्वरको ध्यान श्रेष्ठ हुन्छ । जति समय व्यक्ति अभ्यासमा लगाउँछ, त्यसभन्दा बढी समय शास्त्रमा लगाउनु उपयुक्त हुन्छ र जति समय शास्त्रमा लगाउँछ, त्यो भन्दा बढी समय परमात्माको ध्यानमा लगाउनु उपयुक्त हुन्छ । केही नगरेर आफ्नो मनलाई शान्त र शरीरलाई शिथिल बनाएर त्यो शान्त क्षणमा भित्र श्रीकृष्णको प्रतिमा स्थापित गरेर केवल एक नाम स्मरण गर्नु नै परमात्माको ध्यान हो । यसरी प्रभुस्मरण गर्दागर्दै एक दिन आफू हराई शून्य भएर परमात्मा मात्र शेष रहन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म' परमेश्वरको ध्यानभन्दा सबै कर्मको फल मेरा लागि त्याग गर्नु श्रेष्ठ हुन्छ किनभने ध्यान पनि व्यक्तिको कर्म हो । ध्यान गर्दा म ध्यान गरिरहेको छु भन्ने लागेमा भित्र अहङ्कारको सूक्ष्म रेखा बनिरहन्छ । त्यसैले ध्यानभन्दा पनि श्रेष्ठ सबै कर्मको फलको त्याग 'म' मा गर्नु उत्तम हुन्छ र त्यस्तो त्यागबाट परम शान्ति प्राप्त हुन्छ । फलाकाङ्क्षी महत्त्वाकाङ्क्षी हुन्छ । तसर्थ उसको मन दुबिधामा भएर अशान्त हुन्छ । फलाकाङ्क्षाको बोझ शिरमा भएमा व्यक्ति बेचैन र अशान्त रहन्छ । फलको बोझ परमात्मामा छोडिदिए बोझरहित भएर स्वतः शान्ति प्राप्त हुन्छ ।

कर्तापन अहङ्कारको बिउ हो र कर्म म गर्दै छु भन्ने भाव अहङ्कार हो । तसर्थ कर्तापन र कर्म त्याग्न नसक्दा कर्मको फल 'म' मा छोडिदेऊ भनेर श्रीकृष्णले भन्नुभएको हो । मर्म नजानेर त्यसको परिणाम नसोची गरेको अभ्यास घातक सिद्ध हुन्छ । त्यस्तो अभ्यासभन्दा परोक्ष ज्ञान जुन ज्ञान शास्त्र जान्ने व्यक्तिहरूको अनुभवको सङ्ग्रह हो, जसमा मूल्यवान् सूत्र प्रकट र गुप्त पनि हुन्छन् त्यो श्रेष्ठ हो ।

तर परोक्ष ज्ञानमा स्वअनुभवको कमीले त्यो ज्ञान होइन केवल जानकारी मात्र हो । त्यसैले त्यसभन्दा 'म' परमेश्वरको ध्यान जसमा मन शान्त र स्थिर हुन्छ त्यो श्रेष्ठ हो । ध्यानमा पनि व्यक्तिमा "म ध्यान गर्दै छु" भन्ने भावले अहङ्कारको सूक्ष्मरेखा निर्मित हुने हुँदा सम्पूर्ण कर्मको फल त्याग्नु उचित हुन्छ र परमात्मामा फलाकाङ्क्षा छोड्नाले तत्काल बोझरहित भएर शान्ति फलित हुन्छ ।

*अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।*
*निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ॥१३॥*

**हे अर्जुन ! शान्तिप्राप्त पुरुष सबै प्राणीमा द्वेषभावबाट रहित, स्वार्थरहित, सबैको प्रेमी, कारणरहित एवम् दयालु हुन्छ तथा ममताबाट रहित, अहङ्कारबाट रहित, दुख-सुखको प्राप्तिमा सम र क्षमावान् हुन्छ ॥**

*सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।*
*मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥*

**अपराध गर्नेलाई पनि अभय दिनेवाला, निरन्तर सन्तुष्ट, मन र इन्द्रियसहित शरीरलाई वशमा गरेको र 'म' मा दृढ निश्चय गर्नेवाला र त्यो 'म'मा अर्पण गर्ने मन बुद्धिवाला मेरो भक्त मलाई प्रिय छ ॥**

परमात्मालाई प्रिय र रुचिकर लाग्ने कुराको जानकारी व्यक्तिका लागि परमात्मालाई पाउने मार्ग हुन सक्छ । परमात्मा व्यक्तिलाई कस्तो देख्न चाहन्छ र ऊ कसरी परमात्माका निम्ति योग्य हुन सक्छ भनेर सबै जान्न चाहन्छन् । परमात्मा हरेक क्षण हाम्रा लागि उपलब्ध छ र जब हामी एक विशेष नियममा हुन्छौँ, तब हामी उसका लागि खुल्ला हुन्छौँ र परमात्मा हामीमा प्रवेश गर्छ । तर जब हामी त्यो खास नियममा हुँदैनौँ, तब ऊ हाम्रो नजिक अड्किरहन्छ किनभने हामी उसलाई प्रवेश गर्न नदिने अवरोध खडा गर्छौं । सूर्यलाई देख्नु छ भने आँखा खुला राख्नुपर्छ । बन्द आँखामा सूर्य प्रवेश गर्न सक्दैन किनभने सूर्य अनाक्रामक छ । यस जगत्मा सबै व्यवस्थाहरू अनाक्रामक छन् र व्यक्तिको प्रतीक्षा गर्दछन् । आँखा उघारेपछि सूर्यको प्रकाश व्यक्तिमा भरिन्छ । त्यस्तै प्रेम पनि अनाक्रामक हुन्छ । यदि व्यक्ति आफ्नो भित्री द्वार खोलेर ग्राहक बन्न सकेमा परमात्माभित्र प्रवेश गर्न सक्ने छ । यदि व्यक्तिले सम्पूर्ण भित्री द्वार बन्द गरेर बसेमा परमात्मा द्वारसम्म आएर पनि प्रवेश नगरी फर्किन्छ । यस श्लोकमा श्रीकृष्ण परमात्मालाई प्रिय हुने ढङ्ग बताउनुहुन्छ । व्यक्ति यस्तो हुन सक्नुपर्‍यो जहाँ परमात्मा सजिलैसँग उसमा प्रवेश गर्न सकोस् ।

श्रीकृष्ण शान्तिप्राप्त पुरुषमा परमात्मा प्रवेश गर्दछ भन्नुहुन्छ । अशान्त चित आफैँमा ग्रसित भएर बेहोसीमा हुन्छ । ऊ जता हिँडे पनि र जे गरे पनि अशान्तिको आँधीको कारणले बेहोसीमै हिँडिरहेको हुन्छ । व्यक्तिको यस्तो भित्रदेखिको अशान्ति नै परमात्माको प्राप्तिका लागि पर्खाल हो । यो विक्षिप्तताको अवस्था हट्नासाथ ऊ परमात्मामा प्रवेश गर्छ तर अशान्तिको अवस्थामा हामी परमात्मासँग जोडिन सक्दैनौँ । हामीलाई शान्ति पनि भक्ति, प्रेम र ध्यानमा प्राप्त हुन्छ र विचारशून्य भएमा प्रेम र भक्तिफलित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यसप्रकार शान्तिमा प्राप्त पुरुष सबै प्राणीहरूमा द्वेषभावरहित, स्वार्थरहित सबैको प्रेमी र दयालु हुन्छ ।

स्वार्थरहित, सबैको प्रेमी र दयालु व्यक्ति नैं शान्त व्यक्तिको उदाहरण हो । तर व्यक्ति आफूभित्र स्वार्थको केन्द्र बनाएर बाँच्छ । उसलाई आफ्नो छुद्र समस्या र निजी स्वार्थ नै महत्त्वपूर्ण हुन्छ । यही स्वार्थको केन्द्र नै व्यक्तिको अशान्तिको कारण हो । स्वार्थरहित व्यक्ति परमात्माका लागि खुला द्वार हो किनभने स्वार्थले भरिएको व्यक्तिको प्रवेशद्वार बन्द हुन्छ । स्वार्थरहित व्यक्तिको जीवन उत्सवमय हुन्छ र ऊ जीवनको उत्सवमा अकारण सम्मिलित हुन्छ । हामीहरू दया पनि हेतुपूर्वक गर्छौं र कसैलाई दया गर्नुपर्‍यो भने पनि कारण नभई दया गर्दैनौं । दुखी गरिबलाई सहयोग गर्दा दान घटित हुन्छ तर त्यसका पछाडि आफ्नै हित, स्वार्थ र पुण्य आर्जनको इच्छा लुकेको छ भने त्यो दान होइन व्यापार हुन्छ । हेतुरहित दयालु व्यक्तिमा परमात्मा प्रवेश गर्छ र ऊ परमात्माको प्रिय हुन्छ ।

हामी प्रेम पनि विना प्रयोजन गर्दैनौं र प्रेममा पनि चुनाव गरी कसैलाई प्रेम गर्छौं र कसैलाई गर्दैनौं। जस्तो पति-पत्नीको प्रेम पनि कामवासनाको तृप्ति र आर्थिक सुरक्षाका लागि हुन्छ। यदि व्यक्तिले सबैलाई प्रेम गरेमा उसको सबै द्वार खुला हुन्छ र परमात्मा सबै द्वारबाट उसमा प्रवेश गर्न सक्छ। त्यसैले परमात्माका लागि द्वार खोल्नुको अर्थ सबैप्रति प्रेमपूर्ण हुनु हो। हामी प्रेम पनि स्वार्थ भएकोसँग गर्छौं, स्वार्थ नभएकोसँग गर्दैनौं र हाम्रो प्रेममा सधैँ केन्द्रमा हामी आफू हुन्छौं। प्रेम आफैमा पूर्ण हुन्छ; त्यसैले यो आनन्दको अगाडि अरू चाहनाको अर्थ नै रहँदैन। जुन दिन प्रेम आनन्द हो भन्ने अनुभव हुन्छ, त्यो दिन प्रेमको विस्तारको कुनै अन्त हुँदैन। आफ्नो नजिकका हरेक वस्तु वृक्ष, पशुपक्षीदेखि सम्पूर्ण प्राणीसँग प्रेम हुन्छ र हरेक प्रेममा आनन्द प्राप्त हुन्छ। जब प्रेम नै आनन्द बन्छ तब त्यो आनन्दमय व्यक्ति परमात्माका लागि प्रिय हुन्छ। प्रेम नै जीवन हो भन्ने अनुभवले व्यक्तिको प्रेमलाई स्वार्थरहित बनाउँछ।

श्रीकृष्ण भन्नुहुन्छ- जुन पुरुष सबै प्राणीहरूमा द्वेषभावबाट रहित, स्वार्थरहित, सबैको प्रेमी, हेतुरहित, दयालु, ममतारहित, अहङ्काररहित, दुख-सुखको प्राप्तिमा सम र क्षमावान् भएको भक्त परमात्माका निम्ति प्रिय हुन्छ। सबैको प्रेमी र ममतारहित भन्दा उल्टो जस्तो प्रतीत हुन्छ किनभने प्रेमी सधैं ममताले भरिपूर्ण हुन्छ भन्ने हाम्रो सोचाइ छ तर ममता प्रेम होइन। प्रेम नदीको बहाव हो र ममता पानी जम्मा भएको पोखरी जस्तो हो। प्रेम नदीको धारा जस्तो बगिरहन्छ र उसको पथमा आउने प्रत्येकलाई प्रेमले नुहाएर अगाडि बढ्छ। प्रेम विस्तार भएमा अनन्त आनन्द प्राप्त हुन्छ। पशुपक्षी, वनस्पतिदेखि सारा पृथ्वी र सारा अस्तित्वसम्म फैलिएर सबैमा प्रेम बढेमा व्यक्ति परमात्माको प्रिय हुन्छ र सबैतिर फैलिएको द्वारबाट परमात्मा प्रवेश गरेर परम आनन्द प्रदान गर्छ तर ममता पानी जमेको पोखरी जस्तो हुँदा यसमा बहाव र धारा हुँदैन। त्यसैले यो सडे-गलेको र दुर्गन्धित हुन्छ। त्यसैले श्रीकृष्णले ममतारहित भन्नुभएको हो। उहाँ भन्नुहुन्छ- सबैको प्रेमी, हेतुरहित, दयालु र ममताबाट रहित जहाँ प्रेम कहीँ पनि नरोकिने र नदी जस्तै बहिरहने होस्। जसले प्रेमलाई आधार बनाएर रोकिन्छ त्यो व्यक्ति दुखमा पर्छ र यस्तो प्रेम पनि बाधा बन्छ। त्यसैले ममताको विरोध कृष्णले गर्नुभएको हो। ममतासहितको प्रेम रुग्ण हुने हुनाले श्रीकृष्णले ममतारहित प्रेम भन्नुभएको हो। ममता हटेर प्रेम बढेमा परमात्माकहाँ पुगिन्छ र ममता बढेर प्रेम घट्यो भने संसारतिर पुगिन्छ।

श्रीकृष्ण अहङ्काररहित, सुख-दुख प्राप्तिमा सम, क्षमवान्, अपराध गर्नेलाई पनि अभय दिनेवाला पुरुष भन्नुहुन्छ। प्रेम जति बढ्छ उति अहङ्कारशून्य हुँदै जान्छ। प्रेमको फैलावटबाट अहङ्काररहित भइन्छ किनभने प्रेम र अहङ्कार विपरीत हुन्। प्रेम बढेपछि अहङ्कार जलेर खरानी हुन्छ र जुन शक्ति अहङ्कार बन्छ त्यही शक्ति प्रेममा परिवर्तित हुन्छ। प्रेम र अहङ्कारमा एउटै शक्तिले काम गर्छ। यदि कोही अहङ्कारी छ भने उसभित्र प्रेमको सम्भावना लुकेको हुन्छ। सुखसँग दुख पनि आफैं आउँछ किनभने सुख-दुख एउटै सिक्काका दुई पाटा हुन्। सुखको पछाडि दुख र दुखको पछाडि सुख लुकेको हुन्छ। सुखकै अनुपातमा दुख पनि बढ्छ र घट्छ। विज्ञानले अहिले सुख होइन सुबिधाका उपायहरू गरेको छ तर व्यक्तिको दुखमा कुनै कमी आएको छैन किनभने जति सुख बढ्छ त्यही अनुपातमा दुख पनि बढ्छ। मनुष्य आज जति दुखी कहिल्यै पनि थिएन। जुन दिन व्यक्तिलाई सुख-दुख एउटै सिक्काका दुई पाटा हुन् र दुवै सँगसँगै आउँछन् भन्ने बोध हुन्छ त्यो दिन ऊ समभावी हुन्छ। त्यो दिन उसलाई सुख चाहनु र दुखलाई छोड्न खोज्नु व्यर्थ लाग्छ।

श्रीकृष्ण भन्नुहुन्छ- जो सुख दुखमा सम छ यस्तो व्यक्ति परमात्माको प्रिय हुन्छ। क्षमावान् र अपराध गर्नेलाई पनि अभय दिनेवाला व्यक्ति परमात्माको प्रिय हुन्छ। व्यक्ति प्रायः क्षमावान् हुँदैन किनभने क्षमा गर्नु बडो कठिन कुरा हो। क्रोध, कामवासना, घृणा जस्ता भावहरू हामी भित्रै स्थित छन्। हामी कसैलाई चोर या हत्यारा सजिलै भन्छौँ तर त्यही चोरी र हत्याको भाव हामीभित्र पनि हुन्छ र भावले

हामीले कैयन्को हत्या पनि गरिसकेका हुन्छौँ । यस्तो कुनै पाप हुँदैन जुन व्यक्तिले गर्न नचाहेको होस् तर व्यक्तिले भयको कारणले पाप नगरेको हुन सक्छ ।

हामी आफैँमा यति धेरै अवगुणहरू मौजुद छन् भन्ने बोध भएमा अरूमाथि क्रोधित हुने कुनै कारण रहँदैन । कुनै व्यक्ति चोरीको या हत्याको धेरै विरोध गर्छ भने उसभित्र चोर या हत्यारा लुकेको छ भन्ने जान्नुपर्छ किनभने ऊ त्यो कुराको विरोध गरेर आफूमा भएको कमजोरीलाई लुकाउन खोज्छ । व्यक्ति यस्तो आत्मनिरीक्षण गर्न सफल भएमा क्षमाको भाव स्वतः उत्पन्न हुन थाल्छ । आत्मनिरीक्षणबाटै व्यक्तिले यस्तो कुनै पाप छैन, जो आफुले गर्न नचाहेको होस् भन्ने थाहा पाउँछ । त्यसैले उसले अरूमाथि धेरै क्रोधित हुने आवश्यकता नै ठान्दैन । यस्तो आत्मनिरीक्षण गर्ने व्यक्तिमा क्षमाभावको जन्म हुन्छ । क्षमाको अर्थ अहङ्कार पुष्टि गर्नका लागि महानता प्रदर्शन गर्नु होइन किनभने यस्तो क्षमा स्वार्थी क्षमा हो । आफ्नो अवस्था विचार गरेर अरूको गल्ती, अपराधलाई क्षमा गर्नु उचित क्षमा हो । भुल गर्ने व्यक्तिको जस्तै कमजोरी ममा पनि स्थित छ भन्ने बोधबाट गरिएको क्षमा उचित क्षमा हो । व्यक्तिको भित्र निकृष्टतम र श्रेष्ठतम दुवै भाव स्थित छ र अरूमा पनि त्यस्तै दुवै भाव स्थित छ भन्ने बोधले व्यक्तिको जीवनमा क्षमा फलित गराउँछ । यस्तो क्षमा सहज हुन्छ र यसमा कुनै अहङ्कार पैदा हुँदैन ।

यसैगरी जुन योगमा युक्त भएको योगी निरन्तर लाभ-हानिमा सन्तुष्ट, मन र इन्द्रियसहित शरीरलाई वशमा गरेको र 'म'मा दृढ निश्चयवाला छ त्यो 'म'मा अर्पण गरेको मन बुद्धिवाला मेरो भक्त मलाई प्रिय छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । परमात्मालाई जे प्रिय हुन्छ त्यही परमात्मासम्म पुग्ने द्वार हो । यी गुणहरूको खोज नगरी परमात्मासमक्ष पुग्न सकिन्न । परमात्मामा उपलब्ध हुने गुणहरू खोज गरेर गहिराइमा उत्रिएमा परमात्मासँग मिल्ने चाहना पूरा हुन्छ । ठिक जीवन बाँचेमा परमात्मासँग मिलन निश्चित हुन्छ । कृष्णले भन्नुभएको विधि र मार्ग ठिक जीवनका लागि हो । उहाँले भन्नुभएका गुणहरूको पालना ठिक जीवन हो । अहङ्कारशून्यता, सबैप्रति सहज प्रेम, क्षमा, एकाग्र चित्त जस्ता घटनाहरू घटित हुनु भनेको जीवन सार्थक हुनु हो । परमात्मालाई गलत दिशामा खोजी गरेर ऊ प्राप्त हुन सक्दैन । नास्तिकहरू पनि परम आनन्दको खोजी गरिरहेका छन् । उनीहरू जीवनको प्रयोजन, अभिप्राय र यसको सार्थकताको खोजी गर्दछन् जुन परमात्माकै खोजी हो । परमात्मालाई नखोज्ने व्यक्ति नै हुँदैन तर खोज्ने दिशा कसैको ठिक र कसैको बेठिक मात्र हुन्छ । आनन्द, जीवनको अभिप्राय र अस्तित्वको खोज सबै परमात्माकै खोज हुन् । सूर्यका विपरीत हिँड्ने व्यक्तिलाई सूर्य देखिँदैन तर सूर्यतिर उन्मुख हुनासाथ उसलाई सूर्यको दर्शन हुन्छ । त्यस्तै परमात्माबाट हामी जति पर भए पनि उसतर्फ उन्मुख भएमा तुरुन्तै दर्शन हुन सक्छ किनभने परमात्मा त हामीभित्र नै स्थित छ । यो दूरी केवल मुख उन्मुख नभई विमुख हुनाका कारणले मात्र पैदा भएको हो ।

संसारलाई दृष्टि दिन सक्ने क्षमता इन्द्रियमा छ तर उसले व्यक्तिभित्र केही देख्न सक्दैन । त्यसैले यस्तो इन्द्रियका साथमा परमात्माको खोजी गर्नु मूर्खता हो । बाह्य इन्द्रियबाट भित्री खोज हुन सक्दैन किनभने इन्द्रियहरूको पनि सीमा छ र यो संसारसँग जोडिएको छ । परमात्माको खोजीमा बाह्य इन्द्रिय बन्द गरेर भित्रको खोज गर्नुपर्छ जुन खोजको नाम अध्यात्म हो । अन्तमा जब व्यक्तिलाई भित्रको खोजबाट म जे खोजिरहेको थिएँ त्यो त मेरै भित्र सदैव स्थित थियो र कहिल्यै हराएको पनि थिएन भन्ने थाहा हुन्छ तब आफूसँग भएको कुरा बाहिर खोजेकोमा व्यक्ति दुखी मात्र हुन्छ । जीवनमा इच्छारहितताको अवस्था प्राप्त गर्नु हाम्रो ध्येय हो । परमात्मालाई पाउन उसलाई पाउने चाहना र वासना पनि छोड्नुपर्छ । संसार पाउन दौडमा सामिल हुनुपर्छ तर परमात्मा पाउन महत्त्वाकाङ्क्षा र दौड छोडेर शान्त चित्त भएर आफूभित्र उसको खोजी गर्नुपर्छ ।

*यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।*
*हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥*

**हे अर्जुन ! जसबाट कुनै पनि जीव उद्वेगलाई प्राप्त हुँदैन, जो स्वयम् पनि कुनै जीवसँग उद्वेगलाई प्राप्त हुँदैन र जो हर्ष, अहर्ष, भय र उद्वेगादिबाट रहित छ त्यही भक्त मलाई प्रिय छ ॥**

*अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।*
*सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥*

**जो पुरुष आकाङ्क्षारहित, बाहिर भित्रबाट शुद्ध, चतुर, पक्षपातबाट रहित र दुखबाट छुटेको छ त्यो सबै आरम्भको त्यागी मेरो भक्त मलाई प्रिय छ ॥**

श्रीकृष्ण परमात्मालाई प्रिय हुने अरू पनि लक्षणहरू भन्दै हुनुहुन्छ । यी सबै गुणहरू परमात्मातर्फ उन्मुख गराउने र समीप लैजाने गुणहरू हुन् । जुन व्यक्तिसँग कुनै जीव आवेशमा आउँदैन, जो स्वयम् पनि कुनै जीवसँग आवेशमा आउँदैन र जसको कारण कसैलाई अशान्ति हुँदैन यस्तो भक्त परमात्माका निम्ति प्रिय हुन्छ । व्यक्तिले आफ्ना कारणले कोही उद्विग्न नहोस् भनेर सतर्क हुनुपर्छ र कोही उद्विग्न भएमा पनि आफू शान्त नै रहनुपर्छ । तर उद्विग्न हुन व्यक्तिले अनेक बहाना खोज्छ । यस श्लोकमा श्रीकृष्णले आफू अरूको उद्विग्नताको कारण नबन्नु भन्नुभएको छ । व्यक्ति शान्त भएमा अर्को व्यक्ति उसका कारण अशान्त, उद्विग्न वा क्रुद्ध हुन सक्दैन किनभने उसलाई आफ्नो परिस्थितिका कारण क्रोध प्रकट भएको बोध हुन्छ । कहिलेकाहीँ उद्विग्नताको कारण नहुँदा पनि अर्को व्यक्ति उससँग उद्विग्न हुन सक्छ तर यस्तो अवस्थामा पनि अर्को व्यक्तिको उद्विग्नतालाई हाँसेर दयाभावले हेर्न सकेमा त्यस्तो व्यक्ति धार्मिक हुन्छ । हामी कसैलाई दुख दिने कारण भएनौँ भने कुनै व्यक्तिले हामीलाई चाहेर पनि दुख दिन सक्दैन । यदि व्यक्तिको भित्रैबाट अरूलाई उद्विग्न गर्ने कारण समाप्त भएको छ भने यो परमात्माको प्रिय हुने लक्षण हो । व्यक्तिलाई दण्डस्वरूप मृत्यु नै दिए पनि यदि ऊ क्रोधको कारण बन्दैन भने यस्तो व्यक्ति परमात्माको समीप हुन्छ र यस्तो व्यक्ति मलाई प्रिय हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

जब हामी अरूको दुखमा दुख व्यक्त गर्छौं, तब भित्र हामीमा दुख होइन सुख हुन्छ भनेर मनसविद् भन्दछन् । हामी दुखी भएको अभिनय मात्र गर्छौं किनभने सहानुभूतिमा पनि एकप्रकारको खुसी लुकेको हुन्छ । अरूको सुख या दुखमा सुखी या दुखी तब हुन सकिन्छ, जब मेरो भन्ने भाव रहँदैन र अर्को व्यक्ति अरू नै हो भन्ने लाग्दैन । 'म' नरहेपछि भित्रको अस्मिता शेष हुँदैन । कसैको ठुलो महल देखेर यदि हामी खुसी हुन्छौँ भने उसको त्यही महल जल्दा हामी दुखी हुनु सत्य हुन्छ । यस्तो परिस्थिति नै व्यक्ति वास्तविक रूपमा दुखी वा सुखी भए-नभएको जाँच्ने कसी हो । अहङ्कार शेष नरहेपछि आफ्नो सुख सुख हुँदैन र दुख पनि दुख हुँदैन; त्यस्तो परिस्थितिमा व्यक्ति आफ्नो र अरूको पनि हर्ष र अमर्ष दुवैबाट मुक्त हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो हर्ष, अमर्ष, भय र उद्वेगरहित छ, जसलाई खुसीको क्षणमा पनि हर्ष हुँदैन र अरूको खुसीले अमर्ष पनि हुँदैन; यस्तो अवस्थामा पुगेपछि उसलाई कुनै कुराले अर्थात् मृत्युले पनि भयभीत गर्न सक्दैन । मृत्यु पनि एक स्वप्न हो किनभने कोही कहिल्यै मर्दैन केवल मरेको प्रतीत मात्र हुन्छ । जसको अन्तरदशामा मृत्यु घटित हुन सक्दैन र कसैले पनि मलाई मार्न सक्दैन भन्ने बोध हुन्छ त्यस्तो व्यक्ति मलाई प्रिय छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । जो व्यक्ति अभय छ त्यो मलाई प्रिय छ । जीवनमा एउटै भय हुन्छ त्यो हो- मृत्युको भय । मृत्युको भय मूल र अरू भय शाखाहरू हुन् । बिरामी र दुखको भय पनि मृत्युकै भय हो । इन्द्रियको जगत्मा मृत्यु घटित भइरहन्छ । जबसम्म व्यक्ति इन्द्रियको पार हुँदैन, तबसम्म मृत्यु देखिरहन्छ र मृत्युको भयले उसलाई सताइरहन्छ ।

नास्तिकहरू भन्दछन्- सबै पदार्थ मात्रै छ जीवन छैन किनभने मृत्यु चारैतिर घटित भइरहेको छ त्यसैले जीवनको कुरा गर्नु नै व्यर्थ छ । उनीहरू यहाँ जीवन एक सपना मात्र हो किनभने यहाँ मृत्यु मात्र

सत्य छ भन्छन् । बाहिरबाट जीवनका बारेमा केही थाहा हुँदैन र यो झलक पनि मृत्युलाई प्रकट गर्न आए जस्तो लाग्छ । इन्द्रियहरूबाट पदार्थका अतिरिक्त केही पनि थाहा हुँदैन, त्यसैले भय हुन्छ । जो इन्द्रियको पार देख्न सक्छ उसलाई कहिल्यै नमर्ने अमृत तत्त्वको जानकारी हुन्छ । यो अमृतको बोध नहुन्जेल व्यक्ति भयभीत भइरहन्छ । बहादुरी र कायरता दुवै विलीन भएपछि नै अभयको अवस्था आउँछ त्यसैले अभयको अर्थ निर्भय होइन यसको अर्थ जो भयभीत हुँदैन भन्ने हो । अभयको अवस्था प्राप्त भएको व्यक्तिलाई मृत्यु कहिल्यै घटित हुँदैन भनेर थाहा हुन्छ । जो पुरुष आकाङ्क्षारहित तथा बाहिर भित्रबाट शुद्ध, दक्ष र जुन कामका लागि आएको छ त्यसलाई पूरा गरिसकेको छ एवम् पक्षपातबाट रहित र दुखबाट छुटेको छ त्यो सर्वारम्भको त्यागी भक्त मलाई प्रिय छ । जसले वासनाको व्यर्थतालाई बुझेको छ, जो आकाङ्क्षारहित छ, जो चाहनाको माग गर्दैन, पाएकैमा सन्तुष्ट भएर भन्छ यही मेरो चाहना हो त्यो भक्त मलाई प्रिय छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । हामीहरू जे पाउँछौँ त्यसको विचार नगरी नपाएको वस्तुको चाहना गर्छौं र त्यो नपाउन्जेल त्यसकै विचार गरिरहन्छौँ तर त्यो प्राप्त भएमा त्यसलाई भुलेर अर्को चाहनाको पछि लाग्छौं । आकाङ्क्षाको अर्थ जे छैन त्यसको खोज हो र आकाङ्क्षाबाट मुक्तिको अर्थ जे छ त्यसैमा सन्तुष्ट हुनु हो ।

श्रीकृष्ण भन्नुहुन्छ- शुद्ध त त्यही व्यक्ति हुन सक्छ, जो बाहिर भित्र एक हुन्छ । भित्र एउटा र बाहिर अर्कै हुने व्यक्ति अशुद्ध हुन्छ । पानी पनि तबसम्म शुद्ध हुन्छ, जबसम्म त्यसमा पानीको अतिरिक्त केही हुँदैन । पानीमा दुध मिसिएपछि त्यो अशुद्ध हुन्छ, विजातीय कुराले अशुद्धि गर्छ । बाहिर र भित्रको समरसता र एकपना नै शुद्धि हो ।

श्रीकृष्ण भन्नुहुन्छ- जो बाहिर भित्र एक भएर शुद्ध छ, यस्तो व्यक्ति मलाई प्रिय छ । बाहिर भित्र एक हुनासाथ द्वन्द्व सकिन्छ र निर्द्वन्द्वमा पुग्नका लागि व्यक्ति तयार हुन्छ अनि समानसँग समान मिल्न सक्छ । तसर्थ बाहिर भित्र एकै हुने व्यक्ति परमात्माको हृदयमा वास गर्छ । दक्ष व्यक्ति जुन कामका लागि आएको हुन्छ उसले त्यो काम पूरा गरिसकेको हुन्छ । प्रत्येक दक्ष व्यक्ति वासनामा उत्रिएर वासना व्यर्थ हो भन्ने जान्न, आकाङ्क्षा गरेर यो विष हो भन्ने जान्न र संसारमा उत्रिएर यो आगो हो भनेर जान्ने अनुभव गर्नका लागि आएको हुन्छ । यदि यही अनुभव गर्न सकेको छैन भने व्यक्ति दक्ष हुँदैन तर यो अनुभव गर्ने व्यक्ति दक्ष हुन्छ । तसर्थ दक्ष व्यक्ति परमात्माको प्रिय हुन्छ । पक्षपातबाट रहित, सबै दुखबाट छुटेको, सर्व आरम्भको त्यागी मेरो भक्त मलाई प्रिय छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । आरम्भको अर्थ जहाँ कामना र वासना सुरु हुन्छ । त्यो वासनालाई आरम्भमै छोड्नुपर्छ किनभने बिच या अन्तमा छोड्न सकिन्न । आरम्भमा नरोकेको वासनाले समातेपछि त्यसबाट छुट्न सकिँदैन । त्यसैले इच्छा, कामना, वासनाको त्यो उपद्रवलाई सुरुमा नै चिन्ने र चिन्ने बित्तिकै तुरुन्त त्याग गर्नेवाला सर्व आरम्भको त्यागी भक्त कृष्णलाई प्रिय हुन्छ ।

भक्तको मार्ग स्त्रैण चित्तको मार्ग हो र स्त्रैण हुनुको आध्यात्मिक अर्थ ग्राहक हुनु हो । पुरुष आक्रामक हुन्छ । जैविक व्यवस्थामा पनि ऊ आक्रामक हुन्छ र स्त्री ग्राहक हुन्छन् । भक्तिको मार्ग स्त्रैण चित्तको र ग्राहक भएर स्वीकार गर्ने मार्ग हो । त्यहाँ परमात्मालाई आफूभित्र श्रद्धापूर्वक स्वीकार गर्नका लागि गर्भ बन्नुपर्छ । भगवान्का लागि गर्भ बन्न नसक्ने भक्त हुन सक्दैन । सबै धर्म, भक्त सम्प्रदायहरूले स्त्रैण गुणलाई बडो मूल्य दिएका छन् । जीवनका सबै मूल्यवान् कुराहरू कहीँ न कहीँ आमासँग जोडिएका हुन्छन् र सुन्दर कोमल फूल जस्तो सबै सौन्दर्य स्त्रीसँग जोडिएको हुन्छ । स्त्रीहरू शान्त, तृप्त र आफू हुनुबाट सन्तुष्ट हुन्छन् । तसर्थ स्त्री परम गुणमा समता हो । भाव, भक्ति, प्रेम सबै स्त्रैण चरित्रमा पर्दछन् । कृष्ण पनि भक्तको जुन गुण भन्नुहुन्छ, त्यो सबै स्त्रैण गुण हो । महावीरले जसलाई अहिंसा, बुद्धले जसलाई करुणा र जिससले जसलाई प्रेम भन्नुहुन्छ, ती सबै स्त्रैण गुण हुन् ।

श्रीकृष्ण भन्नुहुन्छ- जुन पुरुष न जीवको उद्वेगको कारण बन्छ न त जीवद्वारा नै उद्वेग हुन्छ, जो आफ्नो उन्नतिमा हर्षरहित हुन्छ र अरूको उन्नतिमा पनि अमर्षरहित हुन्छ अनि मृत्युको भयबाट पनि

अछुतो हुन्छ; यस्तो भक्त परमात्माका निम्ति प्रिय हुन्छ । जो भक्त आकाङ्क्षा, चाहना र वासनारहित हुन्छ, बाहिर भित्र शुद्ध र एक हुन्छ यस्तो व्यक्ति परमात्मालाई प्रिय हुन्छ । इच्छा, कामना र वासनालाई चिनेर आरम्भमैं त्याग गर्ने र कसैलाई पक्षपात नगर्ने व्यक्ति नैं परमात्माको प्रिय हुन्छ ।

*यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।*
*शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥*

**जो न कहिल्यै हर्षित हुन्छ, न द्वेष, न शोक, न कामना नै गर्छ र जो शुभ-अशुभ सम्पूर्ण कर्मको त्यागी छ, त्यस्तो भक्तियुक्त पुरुष मलाई प्रिय छ ॥**

*समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।*
*शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥*

**जो शत्रु-मित्रमा र मान-अपमानमा सम छ तथा जाडो-गर्मी र सुख-दुखादि द्वन्द्वमा सम छ र आसक्तिरहित छ, त्यस्तो भक्त मेरा निम्ति प्रिय छ ॥**

जो न कहिल्यै हर्षित हुन्छ, न द्वेष गर्छ, न चिन्ता गर्छ, न कामना गर्छ र जो शुभ-अशुभ सम्पूर्ण फलहरूको त्यागी छ त्यो मलाई प्रिय छ । जो पुरुष शत्रु-मित्रमा र मान-अपमानमा सम छ तथा सर्दी-गर्मी र सुख-दुखादि द्वन्द्वमा सम छ र सबै संसारमा आसक्तिरहित छ त्यो मेरो प्रिय भक्त हो भनेर श्रीकृष्ण भन्नुहुन्छ । कृष्णको यो वचन अलि अनौठो तर गहिरो छ किनभने हर्षित हुनु त राम्रो हो र त्यो कसरी बाधा हुनसक्छ भन्ने हामीलाई लाग्न सक्छ । हामी दुख लुकाउनका लागि हाँस्छौँ र हाँस्नु हाम्रो दुख भुलाउने उपाय हो । आफूभित्रको ठुलो चिन्तालाई हाँसेर हामी दुख बिर्सने प्रयास गर्छौं । प्रायः हाँस्नाले हल्कापन आउने हुँदा केही न केही कारण खोजेर दुखी व्यक्तिहरू हाँसिरहन्छन् तर यसमा उनीहरूले आफ्नो दुख लुकाएका हुन्छन् । भित्र दुख समाप्त भयो भने दुखको कारण हाँस्ने व्यवस्था र हर्षित हुने कारण पनि समाप्त हुन्छ । यसको अर्थ त्यस्तो व्यक्ति नहाँसे पनि अप्रसन्न हुन्छ भन्ने कदापि होइन । यस्तो अवस्थामा दुखी व्यक्तिको प्रसन्नताको गुण बदलिएर उसको प्रसन्नता सहज र अकारण हुन्छ । उसलाई ऊ कहिले हर्षित भयो भन्ने सम्झना पनि हुँदैन किनभने ऊ कहिल्यै दुखी नै हुँदैन । उसलाई हर्ष र दुखको अन्तर पनि थाहा हुँदैन ।

श्रीकृष्णको मुहार कहिल्यै चिन्तित देखिँदैन । उहाँको प्रसन्नता उहाँको ओठबाट बाँसुरीको धुन बनेर गुन्जिन्छ तर प्रायः हामी जस्ता व्यक्तिको हाँसो रुग्ण हुन्छ किनभने त्यहाँ हिंसा, चिन्ता र दुख लुकेको हुन्छ । कृष्णको हाँस्नुमा एक सहज आनन्द र हर्षको भाव हुन्छ । उहाँको हर्ष बिहान सूर्य उदाउनुभन्दा अगाडिको शीतल प्रकाशको आलोक जस्तो छ जहाँ सूर्यको ताप छैन । कृष्णको प्रसन्नतामा सुख वा दुख केही छैन दुवै बिचको सन्ध्या जस्तो छ । कृष्णले जो न कहिले हर्षित हुन्छ भनेर कहिलेमा जोड दिनुको अर्थ व्यक्ति त कहिले हर्षित हुन्छ र कहिले बिचमा दुखी पनि हुन्छ; त्यसैले जो व्यक्ति जुनसुकै अवस्था र हरेक क्षणमा पनि हर्षरहित हुन्छ भन्न खोज्नुभएको हो । त्यसैले उहाँ भन्नुहुन्छ- न कहिले हर्षित हुन्छ न द्वेष गर्छ । यथार्थमा व्यक्तिको दुखको कारण द्वेष हो र द्वेष गर्ने व्यक्ति दुखी हुन्छ । हाम्रो दुखको जन्म आफ्नो दुखको कारण कम र अरूको सुखको कारण बढी हुन्छ । व्यक्तिको सुख र दुख दुवै अरूको दुख र सुखमा निर्भर गर्छ अर्थात् उसको सुख अरूको दुखको कारणले र उसको दुख अरूको सुखको कारणले उदय हुन्छ । अरूले गरेको भन्दा ठुलो कुरा गरेपछि मात्र हामी सुखी हुन्छौं । यो द्वेष र ईर्ष्या हो ।

श्रीकृष्ण भन्नुहुन्छ- जो न हर्षित हुन्छ, न द्वेष गर्छ न चिन्ता गर्छ, यस्तो भक्त मलाई प्रिय छ । प्रायः व्यक्तिहरू वर्षौं वर्ष पुराना कुराहरू सम्झेर आफैँलाई दुखी बनाउँछन् । यस्तो गरेको भए हुन्थ्यो, यसकारण मैले यस्तो भोग्नुपर्‍यो भन्ने किसिममा अतीतका कुरा कोट्ट्याएर चिन्तित भइरहन्छन् । चिन्ताको अर्को कारण हो-भविष्यको फिक्री गर्नु । व्यक्ति व्यर्थमा अतीत जो बितिसक्यो र भविष्य जो

आएकै छैन, त्यसको चिन्तामा आफ्नो वर्तमान बर्बाद गर्छ । जो चिन्ता नगरी शान्त र वर्तमानमा छ, भविष्यको कल्पना गर्दैन र अतीतलाई कोट्याउँदैन, त्यस्तो व्यक्ति शान्त, निश्चिन्त, चिन्तनशून्य र विचारमुक्त हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो न चिन्ता गर्छ, न कामना गर्छ, शुभ-अशुभ फलको त्यागी, भक्तियुक्त व्यक्ति मेरो प्रिय हुन्छ । जो पुरुष शत्रु-मित्रता, मान-अपमानमा, जाडो-गर्मीमा र सुःख-दुखादि द्वन्द्वमा सम छ र आसक्तिबाट रहित छ, त्यो भक्त पुरुष मलाई प्रिय छ । जसले शुभ-अशुभ सम्पूर्ण कर्म परमात्मामा छोड्छ र परमात्माले दिएको फल आफ्नो पात्रताभन्दा बढी ठानेर महाप्रसादको रूपमा स्वीकार गर्छ त्यस्तो भक्त कृष्णको प्रिय हुन्छ ।

व्यक्ति कहिल्यै एउटै कुरामा स्थिर रहन सक्दैन, उसको मन डामाडोल भइरहन्छ । जसलाई प्रेम गर्छ उसैलाई घृणा पनि गर्छ । व्यक्तिको मन चौबिसै घण्टा राम्रो-नराम्रो, मान-अपमानको बिचमा डामाडोल भइरहन्छ । यस्तो अस्थिर विषम मनले अस्तित्वको गहिराइ बुझ्न सक्दैन तर जुन पुरुषले आफ्नो द्वेष-ईर्ष्या, सुख-दुख र आफैंलाई पनि जब परमात्माको चरणमा छोडिदिन्छ, यस्तो भक्तलाई शत्रु-मित्र मान-अपमानले केही फरक पार्दैन । त्यसैले सुख-दुख, शत्रु-मित्र, मान-अपमानमा ऊ सम हुन सक्छ अर्थात् उसका लागि सबै समान हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो द्वन्द्वको पार सम छ र सुख-दुख दुवैमा विचलित हुँदैन त्यस्तो भक्त मलाई प्रिय हुन्छ । व्यक्ति दुखमा मात्र होइन ठुलो सुख आउँदा पनि विचलित हुन्छ । ठुलो चिट्ठा पर्‍यो भने व्यक्तिको प्राणघात पनि हुन सक्छ । जब कुनै कुरा तीव्र रूपमा हुन्छ, तब व्यक्ति विचलित हुन्छ । समको अर्थ जस्तो परिस्थितिमा पनि विचलित नभई एक समान हुनु हो । सुख-दुख, मान-अपमान, द्वन्द्व, द्वेष, जाडो-गर्मी यी सबै केवल अनुभूति हुन् । यिनीहरू माथि व्यक्तिले त्यसबेला विजय पाउन सक्छ जब ऊ यी अनुभूतिहरूमा समभाव स्थापित गर्न सक्छ । समको अर्थ जे जस्तो परिस्थितिमा पनि विचलित नहुनु र स्वीकारको भावले अलिप्त भई पर उभिएर हेरिरहनु हो ।

व्यक्तिको आसक्ति कुनै विषय या वस्तुहरूप्रति रहिरहन्छ । धनी व्यक्तिलाई धनप्रति आसक्ति हुन्छ भने प्रेमीलाई प्रेमिकासित आसक्ति हुन्छ । यस्तै कतिपयलाई पद र अरू विभिन्न विषयसित आसक्ति रहन्छ । यस तुच्छ वस्तुसँगको आसक्तिमा हाम्रो अमूल्य जीवन नष्ट हुन्छ । जब यी सब आसक्तिबाट व्यक्ति मुक्त हुन्छ, तब ऊ शान्त र प्रेमले पूर्ण हुन्छ र उसलाई ढुङ्गा र हीरामा केही अन्तर हुँदैन । यस्तो आसक्तिरहित व्यक्ति परमात्माका निम्ति प्रिय हुन्छ ।

*तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।*
*अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥*

**हे अर्जुन ! जो निन्दा र स्तुतिलाई समान सम्झिन्छ, मननशील छ र जसरी पनि शरीरको निर्वाह हुनेमा सधैँ सन्तुष्ट छ त्यस्तो ममता र आसक्तिरहित स्थिर बुद्धि भएको भक्तिमान् पुरुष मलाई प्रिय छ ॥**

*ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।*
*श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥*

**जो श्रद्धायुक्त पुरुष मेरो परायण भएर माथि भनिएका धर्ममय अमृतको निष्काम प्रेमभावले प्रयोग गर्दछ त्यो भक्त मलाई अतिशय प्रिय छ ॥**

निन्दा र स्तुतिलाई समान मान्नेवाला मननशील व्यक्ति मलाई प्रिय छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । प्रशंसामा व्यक्ति आल्हादित हुन्छ भने निन्दामा क्रुद्ध हुन्छ । प्रशंसाले प्रफुल्लित बनाउँछ भने निन्दाले दुःखित बनाउँछ । यसको कारण स्तुतिमा व्यक्तिको अहङ्कार पुष्टि भएर तृप्त हुन्छ र म जस्तो आफूलाई ठान्छु अरू पनि त्यस्तै ठान्दा रहेछन् भन्ने लाग्छ । ऐनामा व्यक्तिले आफूलाई सधैँ सुन्दर नै देख्छ । कसैले सत्य भए वा नभए पनि सुन्दरताको प्रशंसा कसैले गर्‍यो भने आफू सुन्दर भएको प्रमाणित भएकोमा व्यक्ति प्रसन्नताले भरिन्छ । यसबाट उसको सुन्दरताको अहङ्कारलाई तृप्ति हुन्छ र आफूले बनाएको

आत्मछवि (Self Image) को पनि पुष्टि हुन्छ । कसैले कुरूप भनेर निन्दा गरेमा उसको अहङ्कारलाई चोट लाग्छ र त्यो उसलाई मन पर्दैन तर व्यक्तिको प्रशंसा पछाडि हेतु लुकेको हुन्छ । आफ्नो प्रशंसा गलत भए पनि व्यक्तिले होइन भन्न सक्दैन । एउटा मूढ व्यक्तिलाई पनि बुद्धिमान् भनेमा ऊ प्रसन्न हुन्छ ।

त्यस्तै मनुष्यलाई निन्दा स्वीकार गर्न कठिन हुन्छ । निन्दा साँचो भए पनि त्यसले उसलाई चोट पुऱ्याउँछ । निन्दा जति साँचो हुन्छ त्यति चोट पुऱ्याउँछ र प्रशंसा जति झुटो हुन्छ, उति प्रसन्नता दिन्छ। व्यक्तिको अहङ्कार अर्काको हातबाट निर्मित हुन्छ । व्यक्तिलाई अरूले के भन्छन्, त्यो मूल्यवान् हुन्छ किनभने आफ्नो मान्यता स्थापित गर्नका लागि उसलाई अरूको सहारा चाहिन्छ । अहङ्कार समाजको देन हो र आत्मा परमात्माको देन हो । आत्मालाई समाजले खोस्न सक्दैन तर अहङ्कारलाई समाजले खोस्न सक्छ। आज समाजले जसलाई महापुरुष भन्छ, भोलि उसैलाई पापी पनि भन्न सक्छ । तसर्थ व्यक्ति आत्मामा अर्थात् स्वयम्मा बाँच्नुपर्छ अनि मात्र उसलाई निन्दा र प्रशंसा दुवैले छुँदैन । प्रभु र आत्माको खोजतर्फ हिँडिरहेका व्यक्तिले अरूको भनाइको चिन्ता गर्दैनन् र उनीहरू सधैं प्रसन्न रहन्छन् ।

जो निन्दा र स्तुतिलाई समान ठान्छ, यस्तो बुझ्ने क्षमता त्यस व्यक्तिमा हुन्छ जो अरूका धारणा नसुनेर आफ्नो अस्तित्वको खोजी गर्छ । यस्तो व्यक्ति आफै सम हुन्छ र उसका लागि अरूले गरेको स्तुति र निन्दाको कुनै मूल्य हुँदैन । अरूमा लिएको जति उत्सुकता व्यक्तिले आफूमा लिएको भए यो उत्सुकताले प्रभु नै प्राप्त हुन सक्थ्यो । निन्दा र स्तुतिबाट त्यो व्यक्ति मुक्त हुन सक्छ जसले अरूको चिन्ता गर्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- जो निन्दा र स्तुतिलाई सम ठान्दछ, जो मननशील छ, जुन प्रकारले पनि शरीरको निर्वाह भएकोमा सन्तुष्ट हुन्छ, बस्ने स्थानमा ममता-आसक्तिरहित छ र परमात्माले जसरी राख्छ, त्यसरी नै रहन राजी हुन्छ त्यस्तो भक्त मलाई प्रिय हुन्छ । मननशील व्यक्तिले सदैव बिधायक दृष्टि खोज्छ तर अन्य व्यक्तिहरूले नकारात्मक दृष्टिलाई खोज्छन् । हामी अरूको प्रशंसा गर्न सक्दैनौं तर अपरिचित व्यक्तिको निन्दामा नसोची समर्थन गर्छौं; यो हाम्रो नकारात्मक चिन्तनको परिणाम हो । कुनै व्यक्ति हत्यारा नै छ भने पनि बिधायक चिन्तनको व्यक्तिले उसको सकारात्मक पक्षको उदाहरण प्रस्तुत गरेर बचाउ गर्न खोज्छ । हरेक व्यक्तिलाई आफ्नो योग्यतानुसारले नै सबै कुरा प्राप्त हुन्छ । नकारात्मक कुरा खोज गर्ने व्यक्तिलाई सबै बेठिक र अनुपयुक्त लाग्छ । तसर्थ उसका चारैतिर नर्कको उदय हुन्छ र सबै गलत नै देखिन्छ ।

जुन व्यक्ति कुनै प्रकारले पनि शरीर निर्वाह गर्न सन्तुष्ट हुन्छ, यस्तो बिधायक दृष्टिको व्यक्तिलाई परमात्माले जसरी राखे पनि उसमा कुनै गुनासो हुँदैन । ऊ सधैं सन्तुष्ट नै रहन्छ र संसारलाई पनि स्वर्गको रूपमा देख्दछ । परमात्माले आगोमा राखे पनि तपाएर शुद्ध बनाउन राखेको भन्ने भावना राख्दछ । जस्तो पीडामा परे पनि परमात्माले परीक्षा मात्र लिएको हो भन्ने भाव राख्दछ । हरेक कुरा परमात्मामा छोडेर बाँच्नेवाला सन्तुष्ट व्यक्ति नै मननशील व्यक्ति हो र ऊ बस्ने स्थान ममतारहित हुन्छ । परमात्माले जहाँ राखे पनि यस्तो व्यक्तिले ममता गर्दैन । जहाँ, जुनसुकै स्थानमा राखे पनि म यहीँ बस्छु भन्दैन किनभने ऊ हरेक स्थानमा परमात्माकै स्थान देख्दछ र प्रत्येक स्थिति पनि परमात्माकै हो भन्ने मान्दछ । यो भावदशामा जुन व्यक्ति हुन्छ उसले ममता गर्नै सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- जुन स्थान र स्थितिमा पनि ममतारहित, विपरीत परिस्थितिलाई पनि सहजतापूर्वक स्वीकार गर्ने भाव र विना आसक्ति स्थिर बुद्धिवाला भक्तिमान् पुरुष मलाई प्रिय हुन्छ ।

जो मेरो परायण भएको श्रद्धायुक्त पुरुष धर्ममय अमृतको निष्काम प्रेमभावले सेवन गर्छ, त्यो भक्त मलाई अतिप्रिय छ । यो आनन्दको प्रक्रिया र प्रभुको प्रेम-अमृतलाई निष्काम भावले सेवन गर्नु परमात्माको प्रिय हुने लक्षण हो । जुन व्यक्तिमा यी गुण र लक्षणहरू हुन्छन् त्यस्ता व्यक्तिले परमात्मालाई पाउने वासना पनि नराखेर निष्काम भावले आफ्नो गुणको आनन्दमा रमाउँदै परमात्मा प्राप्त गर्दछन् । निष्काम भावबाट उल्लिखित गुणहरूमा प्रफुल्लित हुने व्यक्तिलाई श्रीकृष्ण अतिशय प्रिय भन्नुहुन्छ ।

सबैभन्दा ठुलो गुण र लक्षण निष्काम भाव हो । जसलाई श्रीकृष्ण अति उत्तम र अतिप्रेमी भन्नुहुन्छ । ममा भएका लक्षणहरूले गर्दा मलाई परमात्मा प्राप्त हुनुपर्छ भन्नु अहङ्कारका लक्षणहरू हुन् किनभने परमात्मा प्राप्त गर्नु व्यापार होइन । यी लक्षणहरूलाई भुलेर व्यक्ति पूर्ण रूपमा यति लीन हुनुपर्छ कि परमात्मा पाउनुपर्छ भन्ने विचार पनि नरहोस्, तब मात्र परमात्मा पाइन्छ । सबै गुण लक्षणहरू निष्काम भावले गर्ने भक्तका पछाडि वासना शेष रहँदैन । जब व्यक्ति शान्त र निष्काम हुन्छ, परमात्मालाई प्राप्त गर्ने वासना पनि शेष रहँदैन, तब त्यसै क्षण परमात्मा त प्राप्त भइसक्यो भन्ने ज्ञात हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- निष्काम भावले भक्ति गर्ने भक्तमा उपर्युक्त गुण र लक्षणहरूका साथै कुनै वासना पनि हुनुहुँदैन ।

यसर्थ धर्ममय अमृतलाई निष्काम भावले सेवन गर्ने भक्त मलाई अति प्रिय छ । भक्तियोगको चर्चा यहीँ समाप्त हुन्छ । गीताको बाह्रौँ अध्याय समाप्त भयो तर हाम्रो भक्तिको योग सुरु मात्र हुन सक्यो भने पनि हाम्रो जीवन सफल हुने छ । हाम्रो जीवनमा पनि भक्तिको मार्ग सुरु भएमा त्यो हाम्रा लागि अहोभाग्य हुनेछ । सत्यलाई बुद्धिले होइन हृदयले पाउनु भक्ति हो । भक्ति विचार र चिन्तनले होइन भावले, प्रेमले पाउन सकिन्छ । भक्तिलाई पाउन स्त्रैण वा ग्राहक चित्त हुनुपर्छ किनभने आक्रामक चित्त भक्तिका लागि बाधक हुन्छ । प्रभुलाई पाउन त्वरा र ज्वर होइन अनन्त, शान्त, निष्काम भावदशा चाहिन्छ । प्रभुको निरन्तर स्मरण गर्दै अन्तिम क्षणमा उसको पनि विस्मरण हुनुपर्छ, तब मात्र ऊ प्रकट हुन्छ । जब हामीमा स्वयम्को र परमात्माको पनि स्मरण शेष रहँदैन, त्यसै क्षण त्यो अमृतको उपलब्धि हुन्छ ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे भक्तियोगो नाम*
*द्वादशोऽध्यायः ॥१२॥*







*ॐ श्रीपरमात्मने नमः*

तेह्रौं अध्याय

## क्षेत्र-क्षेत्रज्ञविभागयोगः

*अर्जुन उवाच*

*प्रकृतिं पुरुषं चैव क्षेत्रं क्षेत्रज्ञमेव च ।*

*एतद्वेदितुमिच्छामि ज्ञानं ज्ञेयं च केशव ॥१॥*

**अर्जुनले भने- हे केशव ! म प्रकृति र पुरुष, क्षेत्र र क्षेत्रज्ञ तथा ज्ञान र ज्ञेयका बारेमा जान्न चाहन्छु । कृपापूर्वक मेरो जिज्ञासा शान्त गरिदिनुहोस् ॥**

*श्री भगवानुवाच*

*इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।*

*एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥२॥*

**भगवान् श्रीकृष्णले भन्नुभयो- हे अर्जुन ! यो शरीर क्षेत्र हो र यसलाई जसले जान्दछ, उसलाई क्षेत्रज्ञ भनिन्छ र शरीरलाई तत्त्वपूर्वक जान्नेवाला ज्ञानीजन कहलाउँछन् ॥**

*क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।*

*क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥३॥*

**हे अर्जुन ! तिमी सबै क्षेत्रमा क्षेत्रज्ञ जीवात्मा पनि मलाई जान र क्षेत्र क्षेत्रज्ञको विकारसहित प्रकृति र पुरुषलाई तत्त्वपूर्वक छुट्ट्याउन जसले जान्दछ त्यो ज्ञानी हो भन्ने मेरो मत छ ॥**

*तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।*

*स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥४॥*

**त्यो क्षेत्र जुन र जस्तो छ, जुन विकारवाला छ, जुन कारणले जे भएको छ र त्यो क्षेत्रज्ञ पनि जो हो र जुन प्रभाववाला छ त्यो सबै संक्षेपमा मबाट सुन ॥**

दुखको जिम्मेदार अरू कोही नभएर हामी आफै हुन्छौँ, यो नजानेसम्म दुखबाट मुक्त हुन सकिँदैन । सुख खोजेर सुखी हुन सकिदैन, यसबाट त केवल दुख र असफलता मात्र प्राप्त हुन्छ । दुखले मृत्युभन्दा अगाडि नै जीवनलाई कैयन् पटक मारिरहन्छ । व्यक्ति नास्तिक हुनाको कारण दुख नै हो । जीवनमा हुने अत्यधिक पीडाले गर्दा व्यक्ति नास्तिक हुन्छ । दुख जति बढ्छ सोही अनुपातमा नास्तिकता पनि बढ्छ । नास्तिकता तार्किक नभई मनोवैज्ञानिक घटना हो; त्यसैले दुखबाट आस्तिकताको जन्म हुन सक्दैन । आस्तिकता जीवनको आनन्दमा मात्र घट्न सक्छ । जीवन आनन्दको उत्सव भएमा मात्र व्यक्ति आस्तिक हुन सक्छ । समस्त जीवनलाई स्वीकार गर्ने भावना आस्तिकता हो; त्यसैले आनन्दित व्यक्ति आस्तिक हुन्छ ।

मनुष्य प्रायः परमात्मालाई दुखको जिम्मेवार बनाउँछ तर दुखको जिम्मेवार व्यक्ति स्वयम् हुन्छ । दुखको कारण आफैँ भएको अनुभव भएमा मात्र व्यक्ति दुखबाट मुक्त हुन सक्छ अन्यथा मुक्तिको कुनै उपाय छैन । धर्मका अनुसार अरू मेरो दुखका कारण हुन् भन्ने विचार नै दुख हो । अरूले दुख दिन सक्ने भएको भए व्यक्ति अनन्तकालसम्म पनि दुख पाउन सक्थ्यो । गीताको यस अध्यायमा दुखको कारणको खोज र निदानको उपाय पनि बताइएको छ । दुखको जिम्मेवार स्वयम् भएको आभास भएपछि मात्र यसबाट बच्ने उपायको खोजी सुरु हुन्छ । यो खोज नै ज्ञानको खोज हो । जीवनमा घटित भइरहेका

घटनाहरू अरूको कारणले होइन म स्वयम् यसलाई घटित गर्दै छु भन्ने विचार नै ज्ञानको पहिलो खोज हो । यस्तो अनुभव भएमा व्यक्तिको दुख विसर्जन भई आनन्द र सत्यको प्रतीति हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! यो शरीर क्षेत्र हो र यसलाई जो जान्दछ त्यसलाई क्षेत्रज्ञ भनेर तत्त्वपूर्वक जान्ने ज्ञानीहरू भन्छन् । हे अर्जुन ! तिमी सबै क्षेत्रमा क्षेत्रज्ञ पनि मलाई जान । क्षेत्र र क्षेत्रज्ञको विकारसहित प्रकृति र पुरुषलाई तत्त्वपूर्वक छुट्ट्याउन जसले जान्दछ, त्यो ज्ञानी हो भन्ने मेरो मत छ । त्यसैले त्यो क्षेत्र जे जस्तो छ तथा जुन कारणले विकारवाला र प्रभाववाला छ, त्यो सबै संक्षेपमा मबाट सुन । हाम्रो मन दुखी र पीडित अवस्थामा छ किनभने मनका हरेक अवस्थामा हामी मनसँग आफ्नो तादात्म्य गर्छौं । भोक लाग्दा, टाउको दुख्दा हामी शरीरलाई भोक लाग्यो या टाउको दुख्यो भन्दैनौँ । मलाई भोक लागेको थाहा भयो पनि भन्दैनौँ, बरु मलाई भोक लाग्यो या टाउको दुख्यो भन्छौँ । जे प्रतीति हुँदा पनि हामी त्यससँग एक हुन्छौँ । जो जान्नेवाला छ, त्यसलाई अलग गर्दैनौँ; त्यसैले यस अवस्थामा जान्नेवाला नै हराउँछ । फलस्वरूप ज्ञेयमा ज्ञाता हराउँछ, दृश्यमा द्रष्टा हराउँछ, भोगमा भोक्ता हराउँछ र कर्ममा कर्ता हराउँछ । हाम्रो पतनका कारणमध्ये एक कारण हाम्रो मनसँगको तादात्म्य हो ।

शरीरको जुनसुकै भागमा भएको पीडा हामी होइनौँ, त्यो पीडा हामी केवल जान्दछौँ । पीडा हामी भए, त्यो पीडालाई जान्नेवाला कोही पनि हुँदैन । त्यो देख्नेवाला अलग छ तर हामी त्यो देख्नेवालालाई अलग नगरी एक गर्छौं । हामी पीडा भएको देख्न सक्छौँ र यसबाट अलग भएको जान्न पनि सक्छौँ । अलग भएर हेर्ने कला नै धर्म हो, जहाँ जान्नेवाला जानिने कुराबाट पृथक् हुन्छ र भोक्ता अनुभवबाट अलग हुन्छ । सबै अनुभव गरिने र जानिने कुरा क्षेत्र हो र जान्नेवाला क्षेत्रज्ञ हो । श्रीकृष्ण माथिका श्लोकमा यी दुवैको पृथकताका बारेमा बताउँदै हुनुहुन्छ । दुख त केवल शरीरलाई हुन्छ, जान्नेवाला त्यो दुखबाट अलग हुने हुनाले उसलाई कुनै दुख हुँदैन ।

शरीरसँग एक भएसम्म दुखबाट छुटकारा हुन सक्दैन । कुनै पनि दुखको बोध शरीरलाई हुँदैन किनभने शरीर जड हुन्छ । दुख शरीरमा घट्छ र त्यो जो जान्दछ, त्यो शरीर होइन । जान्नेवाला अलग हो र जहाँ दुख घटित हुन्छ त्यो अलग हो । शरीरको कुनै भाग काटिँदा जान्नेवाला भएन भने शरीरमा कुनै कष्ट हुँदैन । शरीर काटिन्छ र म जान्नेवालाले काटिएको जान्दछु । शरीरमा घट्ने घटना र जान्नेवाला अत्यन्त नजिक भएकाले व्यक्ति दूरी कायम नै गर्न सक्दैन र एक हुन्छ; त्यसैले अलग भएको बोध हुँदैन । शरीर काटिँदा म काटिइरहेको छु भन्ने प्रतीति नै दुखको कारण हो । शरीरमा जति दुख घटे पनि यदि आफूलाई थाहा भएन भने दुख घट्दैन । हामी शरीरसँग एक भएको मान्नु नै दुखको मूल जड हो । व्यक्ति बच्चाबाट क्रमशः जवान अनि बुढो हुन्छ तर आत्मा बुढो हुँदैन । शरीरसँग तादात्म्य बनाएर हामी शरीरसँगै आफू पनि जवान र बुढो भएको मान्दछौँ । केटाकेटी उमेरदेखि नै हामी शरीरसँग एक मानेर बाँचिरहेका हुन्छौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- शरीर क्षेत्र हो जहाँ घटनाहरू घट्छन् र तिमी क्षेत्रज्ञ हौ जो घटनाहरू घटेको सम्बन्धमा जान्दछौँ । जीवनमा यही एउटा सूत्र मात्र फलित भयो भने धर्मका सम्बन्धमा अन्य जानकारी आवश्यक नै छैन । जुन घटना घटिरहेको छ त्यो 'म'मा घटेको होइन 'म' त केवल त्यो घटना घटेको देख्ने द्रष्टा हुँ भन्ने यही एक सूत्र समस्त गीता धर्मको सार हो । प्रत्येक कृत्य शरीरद्वारा भइरहेको छ र म केवल त्यो कृत्य जान्नेवाला मात्र हुँ भन्ने जान्न सक्नु नै धर्मलाई जान्नु हो । हरेक अवसरमा क्षेत्र र क्षेत्रज्ञलाई अलग गरेर जान्ने प्रयास गरेमा दुखबाट मुक्त हुन सकिन्छ । हिँड्दा, खाँदा, बस्दा, सफलता-असफलता, मान-अपमानमा आफू साक्षी मात्र भएको जानेमा क्षेत्रज्ञलाई जान्न सकिन्छ । यो प्रयोग हामी आफ्नै मन्दिरमा गर्न सक्छौँ । यस्तै प्रयोगद्वारा म र शरीर अलग हौँ भन्ने जान्न सकिन्छ । यसो गरेमा जे गरे पनि त्यो शरीरले गर्छ म जान्नेवाला मात्र हुन्छु । अनुभव र अनुभोक्तालाई अलग गरेर निरन्तर जान्ने प्रयास गरेमा शरीर र आफू अलग भएको बोध हुन सक्छ ।

सनातन विचारको जोड सिद्धान्तमा नभएर ज्ञानमा छ र जीवनको अनुभवको सार वा निचोडबाट ज्ञान फलित हुन्छ । आत्मा अमर छ भनेर जान्ने व्यक्तिलाई मृत्युको भय हुँदैन । प्रायः मृत्युको भयमा हुने व्यक्ति नजानेर नै आत्मवादी हुन्छन् । हाम्रो आत्मवाद अनुभव होइन, यो मृत्युको भयबाट उत्पन्न भएको मान्यता हो । प्रतीति विचारबाट होइन अनुभवबाट मात्र हुन सक्छ । जुन दिन म शरीर होइन, आत्मा हुँ भन्ने आभास हुन्छ, त्यो दिन आत्मा सबै भित्र एउटै हुन्छ भन्ने प्रतीति पनि हुन्छ । जस्तो जब माटाको भाँडामा राखिएको जलले म सबै माटाको भाँडामा राखेको जल हुँ भन्ने प्रतीति गर्छ, तब त्यो माटाका भाँडाहरूको प्रतीति हराउँछ र जल मात्र शेष रहन्छ । सबै भित्र चैतन्य एउटै हुन्छ । सूर्यको प्रकाश एउटै छ र सबै माटाको दियोमा एउटै ज्योति जल्छ । प्रकाशको तत्त्व एउटै हुन्छ । जब कुनै व्यक्ति शरीरबाट अलग भएको अनुभव गर्दछ तब भित्रबाट नै 'म' शरीरबाट अलग, जान्नेवाला हुँ भन्ने अनुभव हुन्छ साथै उसलाई भित्रको सबै जान्नेवाला पनि एउटै हो भन्ने ज्ञात हुन्छ ।

जो सबैको भित्र क्षेत्रज्ञ छ त्यो तिमी 'म'लाई जान । सबै भित्रबाट 'म' नै जानिरहेको छु भनेर श्रीकृष्ण भन्नुहुन्छ । परमात्मा जगत्लाई बनाउने भन्दा पनि जगत्लाई जान्नेवाला हो । जगत्का सम्पूर्ण कुरा मनुष्य, पशुपक्षी, वृक्ष आदि सबैभित्र अनुभोक्ता रहेको हुन्छ, त्यो जो सबैको भित्रबाट जानिरहेको छ, त्यो 'म' हुँ भनेर श्रीकृष्ण भन्नुहुन्छ । परमात्मा हामीमा निकटभन्दा निकट छ । शरीरभन्दा आफू अलग भएको प्रतीति भएपछि यही चैतन्य सबैतिर बसेको छ भन्ने ज्ञात हुने छ । अरूभित्र बसेको चैतन्य पनि म जस्तै चैतन्य हो भन्ने प्रतीति भयो भने हरेकभित्र उही आत्मालाई पाउने छौँ । यो चैतन्यको उपस्थितिको अनुभव नै परमात्माको उपस्थितिको अनुभव हो । जुन क्षण हामी शरीरबाट आफू अलग भएको अनुभव गर्छौं त्यही क्षण हामीलाई चैतन्यको अनुभव हुन्छ ।

शरीरसँग एक भएको मान्नासाथ अहङ्कार बलियो हुन्छ र अलग भएको मान्नेबित्तिकै अहङ्कार विसर्जित हुन्छ । शरीरबाट अलग हुनेबित्तिकै अहङ्कार शेष रहँदैन र कृष्णतत्त्व मात्र बाँकी रहन्छ । म भाव समाप्त भएर कृष्णतत्त्व चैतन्य मात्र शेष हुने अवस्थामा क्षेत्रज्ञलाई जानिन्छ । यस्तो क्षेत्रज्ञलाई जान्नेबित्तिकै सबैका आँखाबाट 'म' नै हेर्ने छु, सबैको हातबाट 'म' नै स्पर्श गर्ने छु, सबैको श्वास पनि 'म' नै हुने छु, सबैमा 'म' नै बाँच्ने छु, जन्ममा पनि 'म' नै प्रवेश गर्ने छु र मृत्युमा पनि 'म' नै बिदा हुने छु भनी श्रीकृष्ण भन्नुहुन्छ । व्यक्तिको बोध नै शरीर र चेतनाको जोडबाट हुन्छ । तादात्म्यको विचारले अहङ्कार जन्माउँछ भने शरीरबाट अलग भएको विचारले अहङ्कार समाप्त पार्छ । श्रीकृष्ण भन्नुहुन्छ- शरीरबाट पृथकताको अनुभवपश्चात् जब व्यक्ति मिट्छ, तब व्यक्ति रहँदैन 'म' कृष्ण मात्र बाँकी रहन्छु र त्यो स्थितिमा जो घट्छ त्यो असीम छ जसलाई शब्दको सीमितताका कारण व्यक्त गर्न सकिन्न ।

त्यसैले श्रीकृष्ण क्षेत्र र क्षेत्रज्ञको विकारसहित प्रकृति र पुरुषको भेद जो तत्त्वपूर्वक जान्दछ त्यो ज्ञानी हो भन्नुहुन्छ । हामी एउटा संयोग हौँ, कारण हामीभित्र प्रतिपल संयोग घटित भइरहेको छ । हामी दुई तत्त्वका मिलन हौँ । एउटा प्रकृति जो दृश्य छ जुन इन्द्रिय यन्त्रले समात्न सक्छ र अर्को हामीभित्रको चैतन्य तत्त्व जो इन्द्रियले समात्न सक्दैन । जो इन्द्रियको वशमा छ त्यो पदार्थ हो र भित्री तत्त्व जसले पदार्थलाई जान्दछ त्यो चैतन्य हो तर त्यो भित्री तत्त्वलाई पदार्थ र विज्ञानले जान्दैन । यसलाई जान्ने अरू नै उपाय छ; धर्म त्यसैको खोज हो । विज्ञान ज्ञेय र क्षेत्रको खोज हो र धर्म ज्ञाताको र क्षेत्रज्ञको खोज हो । प्रेम, प्रार्थना, ध्यान सबै त्यो अदृश्यको खोज हो, जो सबै दृश्यभित्र लुकेको छ । जबसम्म व्यक्ति त्यो अदृश्यलाई खोज गर्न निस्किँदैन, तबसम्म क्षेत्रको जगत्मा जतिसुकै उपलब्धि हासिल गरे पनि दरिद्र नै रहने छ । अरू जति नै जाने पनि त्यो अदृश्यलाई जान्न नसकेसम्म व्यक्ति दीन र दुखी नै हुन्छ किनभने असली सम्पदाको स्रोत क्षेत्रमा नभई क्षेत्रज्ञमा हुन्छ, जसले सबै जान्दछ । ज्ञान मनुष्यको गरिमा हो र आफूलाई शरीरबाट पृथक् गरेर हेर्नु नै ज्ञान हो । क्षेत्रज्ञको खोज नै हाम्रो जन्मको मूल उद्देश्य हो; यसलाई

जानेन भने ज्ञानको कुनै अर्थ नै हुँदैन । त्यसैले शुद्ध ज्ञानलाई बचाउनुपर्छ जसबाट क्षेत्रज्ञलाई जान्न सकिन्छ ।

शुद्ध ज्ञानमा ज्ञाताको पनि सम्झना हुँदैन केवल जान्ने शुद्धतम घटना मात्र शेष रहन्छ । त्यहाँ केवल जान्नेवाला मात्र रहन्छ र कुनै चुनाव एवम् प्रतिक्रिया हुँदैन । क्षेत्रज्ञको खोज नै हाम्रो जन्मको मूल उद्देश्य हो र यसलाई जानेन भने अन्य ज्ञानको कुनै अर्थ छैन । तादात्म्य नगरी शरीर पृथक् हो र म जान्नेवाला हुँ भन्ने निरन्तर अभ्यासबाटै क्षेत्रज्ञलाई जान्न सकिन्छ । ध्यान एक गहिरो कला हो जुन अनुभवबाट जान्न सकिन्छ र यसमा तैरिन जान्नेले नै शरीरमाथि विजय हासिल गर्छ । क्षेत्रज्ञलाई नजानी कुनै विधिबाट पनि पार हुन सकिन्न । हाम्रो शरीर क्षेत्र हो र शरीरभित्र स्थित तत्त्व क्षेत्रज्ञ हो- यो फरकपन जान्ने व्यक्ति नै ज्ञानी हो । श्रीकृष्ण भन्नुहुन्छ- शरीर कसरी बनेको छ र त्यो क्षेत्रको गुण धर्म र भित्रको जान्नेवाला क्षेत्रज्ञको गुण धर्म के हो त्यो मबाट सुन । कृष्णबाट श्रवण गरे पनि जान्नका लागि आफ्नै अनुभवबाट मात्र जान्न सकिन्छ । मार्ग त भन्न सकिन्छ तर यात्रा भने आफैँले गर्नुपर्छ । आफ्नो अनुभवले नै गन्तव्यमा पुर्‍याउँछ । ज्ञान दिएर जान्न सक्ने भएमा त्यसका लागि एक कृष्ण नै प्रशस्त हुनुहुन्थ्यो ।

विज्ञानको ज्ञान बाहिरी ज्ञान हुनाले एकले कैयन्लाई हस्तान्तरण गर्न सक्छ । बाबुको बाह्य सम्पत्ति सन्तानले पाउँछन् तर अन्तरतमको ज्ञान सन्तानले प्राप्त गर्न सक्दैनन् किनभने त्यो कसैलाई दिन सकिन्न । श्रीकृष्णले त क्षेत्र र क्षेत्रज्ञका बारेमा अर्जुनलाई भन्नु हुने छ तर यो ज्ञान त अर्जुनले आफ्नै अनुभवबाट जान्नुपर्छ । ज्ञानीजनले भनेको कुरा ध्यानपूर्वक श्रवण, मनन गर्नु र श्रद्धापूर्वक हृदयमा राख्नु उत्तम कुरा हो तर जान्न त स्वयम्को अनुभवबाट मात्र सम्भव हुन्छ । श्रीकृष्ण अर्जुनलाई तिमी शरीर, क्षेत्र, इन्द्रिय होइनौ भनेर क्षेत्र र क्षेत्रज्ञको फरकपन बताउँदै हुनुहुन्छ । क्षेत्र र क्षेत्रज्ञको पृथकता बुझ्न हामीमा परिवर्तनको आवश्यकता हुन्छ, अन्यथा हामी दुईको फरकपना बुझ्न असमर्थ हुन्छौँ । हाम्रो पहिलो चरणको परिवर्तन क्षेत्र र क्षेत्रज्ञको पृथकता बुझ्नु नै हो ।

*ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।*
*ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥५॥*

**त्यो क्षेत्र र क्षेत्रज्ञको तत्त्व ऋषिहरूबाट धेरै प्रकारले भनिएको छ र विभिन्न प्रकारका वेदमन्त्रद्वारा पनि विभागपूर्वक भनिएको छ अनि राम्रो प्रकारले निश्चय गरिएको युक्तियुक्त ब्रह्मसूत्रको पदद्वारा पनि त्यस्तै भनिएको छ ॥**

*महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।*
*इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥६॥*

**हे अर्जुन ! के क्षेत्र भनेका तिनै मात्र हुन् ? त्यही कुरा म तिमीलाई भन्छु- पाँच महाभूत, अहङ्कार, बुद्धि र मूल प्रकृति, त्रिगुणमयी माया तथा दश इन्द्रिय, एक मन र पाँच इन्द्रियका विषय शब्द, रूप, रस, गन्ध र स्पर्श पनि क्षेत्र हुन् ॥**

*इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।*
*एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥७॥*

**त्यसै गरी इच्छा, द्वेष, सुख, दुख, स्थूल शरीरको पिण्ड, चेतना र धृति पनि विकारसहित क्षेत्र नै हुन् ॥**

धर्मका समस्त सूत्र क्षेत्र र क्षेत्रज्ञको विषयमा नै भन्दछन् । उनीहरूको भनाइको ढङ्ग र शब्द मात्र फरक छ तर उनीहरूको इसारा एउटै छ । वेद, उपदिषद्, ब्रह्मसूत्र र परम ज्ञानी ऋषिहरू सबैले अनेक प्रकारले यही कुरा भनेका छन् । क्षेत्र र क्षेत्रज्ञको अनुभव भयो भने यसभन्दा ठुलो कुरा केही पनि छैन ।

अणुको विस्फोट गरेर टुक्र्याउँदा योभन्दा क्षुद्रतम या सानो चिज केही नभएको निष्कर्ष निकालिएको थियो तर जब अणुलाई पनि विभाजित गरेर अलग गरियो, त्यहाँ विराट् ऊर्जाको जन्म भयो। आजभन्दा ७०-८० वर्ष पहिले कुनै पनि वैज्ञानिकले अणु जस्तो क्षुद्रतम चिजमा यत्रो विराट् ऊर्जा लुकेको सोच्न पनि सकेका थिएनन्। रबर्ट ओपनहाइमर (Robert Oppenheimer) ले जब पहिलो पटक अणुको विस्फोट गरे, तब उनले स्वयम् यत्रो विराट् ऊर्जा अणुमा लुकेको हुन सक्ने कल्पना पनि गरेका थिएनन्। हिरोसिमा र नागासाकीमा यही सानो अणुको विस्फोटबाट लाखौँ व्यक्ति क्षणभरमै खरानी भए। आज अणुको विस्फोटबाटै पृथ्वीलाई कुनै पनि बेला नष्ट गर्न सकिन्छ। अणु जुन सुकै यन्त्रबाट देख्न सकिँदैन अनुमान मात्र गर्न सकिन्छ, यस्तो अणुलाई नहेरी फुटाएर यही अदृश्यबाट यत्रो विराट् ऊर्जाको जन्म भयो र विज्ञान शिखर चुम्न सफल भयो।

यस्तै प्रकारले धर्मले पनि एक प्रकारको विभाजन गरेको छ र यो क्षेत्र र क्षेत्रज्ञको विभाजन हो। विज्ञानले पदार्थको र धर्मले मनुष्यको चेतनाको विभाजन गरेको छ। शरीर र आत्मा तथा क्षेत्र र क्षेत्रज्ञको विभाजन गर्दा त्यहाँ विराट् ऊर्जाको अनुभव हुन्छ। यो ऊर्जाका सामुन्ने परमाणुबाट प्रकट भएको ऊर्जा नगण्य हुन्छ किनभने परमाणु जड भएकाले यसको चेतनासँग कुनै तुलना हुन सक्दैन। जब कुनै ऋषि आफूभित्रको शरीर र आत्मालाई पृथक् गर्न सफल हुन्छ, तब त्यहाँ चैतन्यको कण विभाजित भएर विराट् ऊर्जा प्रकट भएको अनुभव हुन्छ, त्यही अनुभव परमात्माको अनुभव हो। विज्ञानले परमाणुको अणु विभाजन गरेर मृत्यु घटित गराउन सफल भएको छ। त्यस्तै धर्मले चेतनाको अणु विभाजन गरेर विराट् ऊर्जाबाट परम जीवन र अमृतको अनुभव गराउन सफल भएको छ।

व्यक्तित्वलाई सङ्गठित गर्ने दुई तत्त्वहरूमध्ये एउटा पदार्थ र अर्को चेतना हो। चेतना र पदार्थको मिलनबाट नै व्यक्ति निर्मित भएको छ, उसको अणु आधा पदार्थ र आधा चेतनाको मिलनबाट निर्मित भएको छ। त्यसैले चेतना र पदार्थका बिचमा व्यक्ति बगिरहन्छ। केन्द्रमा चेतना हुन्छ र पदार्थले बाहिरबाट पर्खालसरह घेर्दछ। यी दुवैको पृथकताको अनुभव गर्न व्यक्ति सक्षम भएमा जीवनको श्रेष्ठतम अनुभव गर्न सकिन्छ। सबै धर्मको सार यही हो। श्रीकृष्णले गीतामा वेद, उपनिषद् र ब्रह्मसूत्र लगायत सबै शास्त्रहरूका बारेमा भन्नुभएको छ। ऋषिहरूले क्षेत्र र क्षेत्रज्ञको बारेमा धेरै प्रकारले भनेका छन्। सबै धर्म आ-आफ्ना मार्ग उचित हुन् भनेर सिद्ध गर्न प्रयत्नशील छन् तर ठिक मार्गमा भने कोही अघि बढ्न सकेको पाइन्न। सबै शास्त्रहरू वेद, उपनिषद, सबै ऋषि र ज्ञानी जनले यो एक तत्त्वकै कुरा गरेका छन् र आ-आफ्ना प्रकारले यसलाई व्याख्या गरेका छन्। उनीहरूको भन्ने प्रकार भिन्न भए पनि सार भने एउटै छ।

हाम्रो शक्ति कलहमा भन्दा जान्ने दिशातर्फ उन्मुख होस् भन्ने कृष्णको चेष्टा छ। ज्ञानीहरूको शब्दमा फरकपना भए पनि उनीहरूको अन्तिम सत्यको घोषणा भने एउटै छ। अज्ञानी धेरै कुरा जान्न सक्छ तर ज्ञानी एउटै सत्य मात्र जान्दछ। श्रीकृष्ण अर्जुनको मनमा अरू ऋषि, वेद, उपनिषद्ले के भनेका छन् भन्ने प्रश्न नउठोस् भनेर सबै तत्त्व जान्ने व्यक्तिहरूले पनि विभिन्न प्रकारका छन्दहरूमा, व्याख्याहरूमा र विभिन्न सूत्रका पदहरूमा पनि धेरै प्रकारले यही कुरा भनेका छन् भन्नुहुन्छ। धर्मशास्त्री र तर्कशास्त्री दुवै तर्कको उपयोग गर्दछन्। धर्मको रहस्यका अनुभवी पनि तर्कको उपयोग त गर्दछन् तर उनीहरूको तर्क तर्कशास्त्रीको भन्दा धेरै फरक हुन्छ। तर्कशास्त्री तर्कद्वारा सत्य पाउन खोज्छ तर धर्मको यात्रामा हिँड्ने व्यक्ति पहिले सत्य पाउँछ अनि त्यसलाई तर्कद्वारा प्रस्तावित गर्छ। हिन्दू शास्त्रहरू तर्कले सत्य पाउन सकिँदैन भन्दछन् तर आदि शङ्कराचार्य जस्ता तार्किक व्यक्ति पाउन मुस्किल छ। उहाँ ज्ञान र तर्कका भण्डार हुनुहुन्छ। उहाँ तर्कले सत्यलाई जन्म दिँदैन तर सत्यलाई अभिव्यक्त गर्न सक्छ भन्नुहुन्छ। त्यसैले हिन्दू शास्त्र अत्यन्त तर्कयुक्त छ। शङ्कराचार्यका एक एक शब्द तर्कपूर्ण छन् तर उहाँ नै मन्दिरमा भजन गाएर नाच्नु पनि हुन्छ। एकातिर तर्कको प्रगाढता र अर्कोतर्फ गीत-भजनको माधुर्य पनि एकै

व्यक्तिमा छ । उहाँ भजन गाएर आफ्नो अनुभव अभिव्यक्त गर्नुहुन्छ तर कसैलाई भन्नुपऱ्यो भने तर्कको प्रयोग गरेर बुद्धिबाट हृदयसम्म उतार्ने प्रयास पनि गर्नुहुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- ब्रह्मसूत्रले युक्त-युक्तमा यही कुरा भनेको छ । कृष्णले रस र आनन्दले भनेको कुरालाई नै ब्रह्मसूत्रले युक्ति र तर्कबाट भनेको छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! त्यही कुरा म तिम्रा लागि भन्छु- पाँच महाभूत, अहङ्कार, बुद्धि र मूल प्रकृति अर्थात् त्रिगुणमयी माया तथा दश इन्द्रियहरू, एकमन र पाँच इन्द्रियका विषय शब्द, स्पर्श, रूप, रस र गन्ध तथा इच्छा, द्वेष, सुख-दुख र स्थूल देहपिण्ड एवम् चेतना र धृति विकारसहित क्षेत्र हुन् भनी संक्षेपमा भनिएको छ । यस कथनमा केही अद्भुत र आश्चर्यजनक कुराहरू भनिएको छ । पञ्च महाभूत पदार्थ अर्थात् क्षेत्र हो किनभने जो जानिन्छ त्यो ज्ञेय हो र हामी त्यसभन्दा भिन्न छौँ । इन्द्रियहरू आँखा, कान, नाक इत्यादि र इन्द्रियका विषय रूप, गन्ध स्पर्श आदिको अनुभवबाट पनि हामी भिन्न छौँ । हामी इन्द्रियबाट भिन्न छौँ भने इन्द्रियको अनुभवबाट पनि भिन्न छौँ भन्ने जान्न सक्छौँ । स्थूल देहपिण्डबाट पनि हामी भिन्न छौ तर महान् आश्चर्यजनक कुरा चेतना र धृति पनि क्षेत्र हो र हामी यससँग पनि भिन्न छौँ भनी श्रीकृष्ण भन्नुहुन्छ । चेतना (consciousness) र धृति (concentration) अत्यन्त सूक्ष्म र गहिरा विषय हुन् । यिनलाई बुझ्न सकेमा अन्य कुरा बुझ्न सरल हुने छ ।

कुनै कुराप्रति चेतन भएसम्म मात्र हामी चेतनशील हुन सक्छौँ । यदि कुनै विषय भएन भने चेतना पनि हुन सक्दैन भनेर पश्चिमका मनस्विद्‌हरू मान्दछन् जुन कुरा सही नै जस्तो लाग्छ । उनीहरू भन्छन्- यदि सबै विषय हटेमा हामी बेहोस हुन्छौँ किनभने होस त कुनै कुरा हुँदाको अवस्थामा मात्र हुन्छ; कुनै वस्तु भएन भने होस हुनै सक्दैन । कुनै व्यक्ति उपस्थित भएमा म हेर्दै छु भन्ने होस हुन्छ तर व्यक्ति नै नभएमा केही देखिँदैन र म हेरिरहेको छु भन्ने होस पनि हुँदैन । म हुनका लागि कुनै कुरा हुनुपर्छ अन्यथा मलाई आफू हुने पनि थाहा हुँदैन । हामीलाई शब्द, स्वर र ध्वनिरहित ठाउँमा राखियो भने कानका बारेमा केही थाहा हुँदैन । स्वाद लिने केही भोजन नहुँदा स्वादको इन्द्रियका बारेमा जानकारी हुँदैन र त्यस्तै केही कुरा चेतन हुने वस्तु नभएमा चेतनाको बारेमा पनि केही थाहा हुँदैन । यो विचारधारालाई मान्ने व्यक्तिहरू भन्दछन्- ध्यान घटित हुँदा व्यक्ति बेहोस हुन्छ किनभने जान्नका लागि केही भएन भने जान्नेवाला पनि हराउँछ । जान्नेवाला तबसम्म बाँच्न सक्छ जबसम्म जान्नका लागि केही हुन्छ । पश्चिमका मनस्विद्‌हरू भन्छन्- यदि पतञ्जलि जस्ताले प्रस्तावित गरेको ध्यान उचित हो भने ध्यानमा व्यक्ति बेहोस हुन्छ किनभने जब जान्ने वस्तु हुँदैन, तब जान्नेवाला पनि निदाउँछ ।

विचार रहुन्जेल निद्रा लाग्दैन र विचारशून्य हुनासाथ निद्रा लाग्छ । विषय नभएर सबै उत्तेजना समाप्त भयो भने भित्रको चेतना हराउँछ भनेर मनस्विद् भन्दछन् । श्रीकृष्ण त्यही चेतनालाई क्षेत्र भन्नुहुन्छ । यो चेतना जुन पदार्थ र विषयको सम्बन्धमा हामीभित्र उत्पन्न हुन्छ त्यो विषयसँगै हराउँछ, यो चेतना आत्मा होइन क्षेत्र हो । त्यसैले यो पदार्थसँग जोडिएको चेतना हाम्रो आत्मा होइन भनेर श्रीकृष्ण भन्नुहुन्छ । यो चेतना पदार्थजन्य र बाहिरी विषयमा निर्भर हुन्छ । यो पदार्थजन्य चेतनाभन्दा माथि उठेपछि मात्र वास्तविक ब्रह्मतत्त्व अर्थात् क्षेत्रज्ञको जानकारी हुन्छ जुन कुनै कुरामा निर्भर हुँदैन । पहिले हामीले ज्ञेय र जान्नेवाला ज्ञाताका बारेमा जानेका थियौँ । श्रीकृष्ण भन्नुहुन्छ- यो ज्ञाता पनि जान्नेवालासँग जोडिएको छ । यो ज्ञेय र ज्ञाताभन्दा माथि पनि एउटा अर्को जान्नेवाला तेस्रो तत्त्व छ, जसले पदार्थ र ज्ञातालाई पनि जान्दछ । त्यो तेस्रो तत्त्व आत्मा अर्थात् अन्तिम चेतनाको अवस्था हो । जुन कुरालाई हामी जान्दछौँ, त्यही कुरासँग हामी अलग हुन्छौँ । जुन कुराको बोध हुन्छ त्यसको अबोध पनि हुन सक्छ । त्यस्तै वास्तविक ज्ञान त्यो क्षण घट्छ, जब अज्ञान मात्र होइन हामीलाई ज्ञानका बारेमा पनि केही थाहा हुँदैन । आखिरी शान्ति पनि त्यो क्षण घटित हुन्छ, जब हामीलाई म शान्त छु भनेर पनि थाहा हुँदैन ।

मनुष्यमा तीनवटा अवस्थाहरू हुन्छन् । पहिलो हामीले पदार्थसँग आफ्नो तादात्म्य गरेको अवस्था जहाँ शरीरसँग 'म' जोडिएको छ । यो 'म' शरीर र इन्द्रिय हुँ भन्ने अज्ञानको अवस्था हो । अर्को बोधको अवस्था जहाँ 'म' इन्द्रिय र शरीर होइन भन्ने अवस्था हुन्छ, यो पनि इन्द्रिय र शरीरसँगै जोडिएको अवस्था हो । शरीर र इन्द्रिय होइन भन्ने बोध हुनु पनि शरीर इन्द्रियसँग जोडिनु हो । यी दुवै अवस्थामा बोध शरीर र इन्द्रियसँगै जोडिएको हुन्छ । अनि तेस्रो अवस्थामा जहाँ 'म' शरीर हुँ कि होइन भन्ने पनि बोध रहँदैन । जब कुनै बोध हुँदैन तब शरीरको मूर्छा त छुट्छ यससँगै त्यो मध्यमा आएको चेतना पनि हराउँछ । यस्तो अवस्थामा शरीरबाट उत्पन्न हुने दुखबाट छुटकारा हुनुका साथै शरीरसँग छुटेर प्राप्त भएको सुख पनि हराउँछ । अनि त्यो परम शान्त, परम मौन अवस्थामा जहाँ न ज्ञान न ज्ञाता न ज्ञेय नै हुन्छ, यस्तो शून्य अवस्थामा क्षेत्रज्ञ जो अन्तिममा लुकेको छ त्यो प्रकट हुन्छ । त्यसैले चेतनता, धृति र ध्यान पनि क्षेत्र नै हो । धृतिको अर्थ ध्यान, धारणा हो । परम ध्यानीहरू भन्दछन्- ध्यान पनि छुटेपछि मात्र ध्यान घटित हुन्छ । जबसम्म ध्यानलाई समात्छौं तबसम्म गन्तव्यमा पुग्न सक्दैनौं । जबसम्म मागपूर्ण प्रार्थना हुन्छ, तबसम्म परमात्मासम्म पुग्न सकिन्न । जुन क्षण प्रार्थना मागरहित कृतज्ञताका लागि हुन्छ, जब प्रार्थना नै छुट्छ केवल कृतज्ञता मात्र बाँकी हुन्छ त्यसै क्षण प्रार्थना पूरा हुन्छ । धर्म पनि छुटेपछि मात्र परम धर्ममा प्रवेश हुन्छ ।

परमात्मामा प्रवेश गर्नु अघि अन्तिम अवस्था साधनलाई पनि छोड्नुपर्छ किनभने साधनको त्यहाँ आवश्यकता नै हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- चेतना, धृति, ध्यान र धारणा पनि क्षेत्र हो । त्यसैले तिमी त्यसलाई पनि छोडिदेऊ । हामी भित्रको मन्दिरसम्म पुग्न सकेका छैनौं र बाहिर सङ्घर्ष गरिरहेका छौं । त्यसैले ध्यानले हामीलाई भित्र प्रवेश गर्न मद्दत गर्दछ । भित्रको मन्दिर अर्थात् गन्तव्यमा पुगेपछि ध्यानको कुनै आवश्यकता हुँदैन । कतिपय व्यक्ति घर छोडेर आश्रम र पत्नी छोडेर गुरु समात्छन् । यस्ता व्यक्ति केही न केही समाति नै रहेका हुन्छन् । ध्यान पनि त्यस्तै हो, ध्यानको विधिबाट परमात्मामा पुग्न सफल भएमा ध्यानीहरूले ध्यानलाई समात्नुको अर्थ नै समाप्त हुन्छ भन्दछन् । परमात्माको उपलब्धिका लागि सम्पूर्ण समात्नेपनको अन्त हुनुपर्छ । श्रीकृष्ण चेतना, ध्यान, धृति, धारणा योग सबै क्षेत्र हो भन्नुहुन्छ । यो अन्यन्तै क्रान्तिकारी सूत्र हो जसलाई बुझ्न अत्यन्तै कठिन छ । यो शरीरसँग जोडिएको चेतनाको पार एउटा अर्कै चैतन्य छ जो कसैमा निर्भर छैन । त्यो चैतन्यलाई प्राप्त गर्न यो शरीरसँग जोडिएको चेतनाबाट पनि पार हुनुपर्छ । परम गुरुसम्म पुग्नका लागि गुरुलाई पनि छाड्नुपर्छ । जहाँ सबै साधन छुट्छ, त्यही साध्य फलित हुन्छ ।

पञ्चमहाभूत, शरीर, अहङ्कार, मन, इन्द्रिय, इन्द्रियहरूको रस, रूप, चेतना, धृति यी सबै विकारसहित र दूषित छन् । यसमा कुमारीपन छैन । विपरीत विना जो हुन सक्दैन त्यो विकार हो । प्रेमको साथमा घृणा छ भने त्यो प्रेम विकारग्रस्त हुन्छ र यदि घृणा छैन भने प्रेम विकाररहित हुन्छ । हाम्रा सबै कुरा विपरीतसँग नै जोडिएका छन् । हाम्रो मृत्युमा पनि प्राण जोडिएको छ । त्यस्तै भोजनमा भोक र जन्ममा मृत्यु लुकेको हुन्छ । जहाँ विपरीत विना अस्तित्व हुँदैन त्यहाँ विकार हुन्छ । जहाँ विपरीतताको आवश्यकता हुँदैन र जहाँ कुमारीत्व, पवित्रता र निर्दोषता उपस्थित हुन्छ, त्यहाँ अस्तित्व विकाररहित हुन्छ । त्यसैले हामी कृष्णको घृणारहित प्रेमलाई पवित्र भन्दछौं । श्रीकृष्ण चेतनालाई पनि विकारग्रस्त भन्नुहुन्छ किनभने त्यहाँ पनि विषय चाहिन्छ । हामी पुरानो ठाउँमा यन्त्रवत् र मूर्च्छावत् चलिरहेका हुन्छौं तर नयाँ ठाउँ जाँदा ताजा हुन्छौं किनभने त्यहाँ सबै कुरा नयाँ हुँदा जान्नका लागि चेतनता चाहिन्छ । पुरानो हुँदै गएपछि चेतनता हराउँदै जान्छ । यस्तो चेतनताका लागि हरेक दिन नयाँ कुरा चाहिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो चेतना र ध्यान जुन कुनै कुरामा निर्भर छ त्यो विकारग्रस्त हुन्छ र यी सबै क्षेत्रबाट पार भएपछि मात्र क्षेत्रज्ञको अनुभव हुन्छ । चेतना दुई प्रकारको हुन्छ । एउटा चेतना जुन कुनै वस्तुप्रति हुन्छ वा कुनै वस्तुद्वारा उत्पन्न हुन्छ । कसैलाई गाली गर्दा हाम्रो ध्यान त्यसतर्फ आकर्षित

हुन्छ । बाढी आएर घर भत्काउन लाग्यो भने सारा जगत् बिर्सिएर घर भत्किन लागेकोतर्फ ध्यान केन्द्रित हुन्छ अर्थात् घरतर्फ पूरा चेतना एकाग्र हुन्छ । यो चेतना बाहिरबाट उत्पन्न हुने चेतना हो र बाहिरको चोटले जन्मिएको चेतना हो । श्रीकृष्ण यस्तो चेतना शरीरकै भाग भएकाले यो पनि क्षेत्र हो भन्नुहुन्छ । विशुद्ध चेतना कसैमा र कुनै कुरामा पनि निर्भर हुँदैन । त्यो चेतना हाम्रो स्वभाव हो । स्वभाव कुनै कारणले उत्पन्न भएको होइन । हामी छौँ तसर्थ ऊ पनि छ । कुनै आवाजमा ध्यान जानु हाम्रो हुनुको कारणले भएको होइन । यो त आवाजद्वारा प्रतिपादित (By Product) हो जुन हाम्रो स्वभाव होइन । बाहिर घटना नघट्दा र संवेदनशीलता नहुँदा पनि हाम्रो होस रहिरहन्छ भने त्यस्तो चेतना हाम्रो आत्मा हो । बाहिरबाट उत्पन्न भएको ध्यान, धारणा र चेतनालाई श्रीकृष्णले शरीरको क्षेत्र मान्नुभएको छ भने कुनै पनि कुरामा निर्भर नहुने र विशुद्ध हाम्रो स्वभाव भएको आत्मारूपी चेतनालाई क्षेत्रज्ञ भन्नुभएको छ ।

*अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।*
*आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥८॥*

**हे अर्जुन ! श्रेष्ठताको अभिमान तथा दम्भचारणको अभाव, कुनै पनि प्राणीलाई कुनै प्रकारले नसताउनु, क्षमाभाव, मनवाणी आदिको सरलता, श्रद्धा-भक्तिसहित गुरुको सेवा-उपासना, बाहिर भित्रको शुद्धि, अन्तस्करणको स्थिरता र मन इन्द्रियसहित शरीरको निग्रह सबै ज्ञानका लक्षण हुन् ॥**

*इन्द्रियार्थेषु वैराग्यमनहङ्कार एव च ।*
*जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥९॥*

**यो लोक र परलोकका सम्पूर्ण भोगमा आसक्ति एवम् अहङ्कारको अभाव, जन्म, मृत्यु, बुढयाइँ र रोग आदिमा दुख र दोषको बारम्बार दर्शन गर्नु ज्ञानको लक्षण हो ।।**

अघिल्लो श्लोकमा श्रीकृष्णले ज्ञानीजन तत्त्वले क्षेत्र र क्षेत्रज्ञ अलग भएको जान्दछ भन्नुभएको छ । त्यसैले सर्वप्रथम ज्ञानी को हो भनेर जान्नु उपयुक्त हुन्छ । क्षेत्र र क्षेत्रज्ञको फरकपनलाई जानेर अभेदलाई उपलब्ध हुने व्यक्ति ज्ञानी हो । श्रीकृष्ण ज्ञानीको लक्षणका बारेमा भन्दै हुनुहुन्छ । ज्ञानीको पहिलो लक्षण श्रेष्ठताको अभिमानको अभाव हो । ज्ञानसँगै तत्काल श्रेष्ठताको भाव उत्पन्न हुन्छ । आफू ज्ञानी र बाँकी अज्ञानी छन् भन्ने भाव आउँछ । ज्ञानसँगै श्रेष्ठताको अहङ्कार आउने हुँदा यसबाट बच्न जरुरी छ । हिन्दू धर्ममा ब्राह्मणको अहङ्कार यही श्रेष्ठताको अभिमान हो किनभने ब्राह्मणलाई यो धर्मले ज्ञानी र जान्नेवाला मानेर श्रेष्ठ जातिको रूपमा सबैभन्दा माथिल्लो दर्जा दिएको छ तर आज जन्मका कारणले भएका ब्राह्मणहरू धर्मको खोज गरेर ज्ञानी भएको पाइँदैन । यिनीहरू रुढिवादी र धार्मिक कट्टरताको वकालत गर्ने कार्यमा संलग्न रहेको पाइन्छ । कुनै पनि व्यक्तिमा जब ज्ञानको भनक हुन्छ, तब उसमा ज्ञानको श्रेष्ठताको अहङ्कार सुरु हुन्छ । तर श्रीकृष्ण श्रेष्ठताको अभिमानरहित हुनु ज्ञानीको पहिलो लक्षण हो भन्नुहुन्छ । ज्ञानसँगै विनम्रता पनि समानुपातमा बढ्यो भने मात्र ज्ञान सार्थक हुन्छ ।

श्रीकृष्ण दम्भाचरणको अभाव हुनु ज्ञानीको दोस्रो लक्षण भन्नुहुन्छ । आचरण दुई प्रकारको हुन्छ । एउटा आचरण सहज र स्वतःस्फूर्त हुन्छ भने अर्को आचरण दम्भपूर्ण हुन्छ । अरूबाट सम्मान वा आदरको अपेक्षा गर्नु दम्भाचरण हो । केटाकेटीदेखि हाम्रो समाजले नराम्रो गरे अपमान र बेइज्जत हुने भय हालेको हुन्छ र त्यही भयले ऊ राम्रो हुन प्रयास गर्छ । राम्रो हुने विचारमा राम्रो गर्ने सोच हुँदैन, केवल अहङ्कारको पोषण मात्र हुन्छ । दम्भाचरणरहित ज्ञानीले आचरण सहज गर्छ र जे उसलाई उचित र आनन्दपूर्ण लाग्छ, त्यही गर्छ । अरूले के भन्छन् भनेर उसले कुनै आचरण गर्दैन । कसैले राम्रो या नराम्रो भन्छ भन्ने ज्ञानीको विचारधारा हुँदैन । हामी अरूको र समाजको कारणले बाँच्दा हाम्रो आचरण दम्भाचरणपूर्वक हुन्छ । ज्ञानी त दुख-सुख जे आए पनि झेल्न तयार हुन्छ र समभावले जे परिणाम आए पनि त्यसलाई समन्वय गरेर सहजतापूर्वक जीवनयापन गर्छ । ज्ञानीले जेबाट आन्तरिक आनन्द हुन्छ त्यही

आचरण गरेर जीवनयापन गर्छ । उसको आचरणमा दम्भाचरणको गन्ध पनि हुँदैन । ज्ञानी उसको आन्तरिक आनन्दअनुसार बाँच्छ ।

प्राणी मात्रलाई कुनै प्रकारले नसताउनु पनि ज्ञानीको अर्को लक्षण हो किनभने ज्ञानी हामी जे रोप्छौँ, त्यही पाउँछौँ भन्ने जान्दछ । अरूलाई जति दुख दिन्छौँ, आफूले पनि अरूबाट त्यस्तै परिणाम भोग्नुपर्छ भन्ने ज्ञानीजन जान्दछन् । ज्ञानीजन अरूलाई सताउदैनन् उनीहरूमा सहज बोध र बुद्धिमत्ता हुन्छ । यदि कसैलाई दुख दिएँ भने म आफ्नो दुख पाउने आयोजन गरिरहेको हुन्छु भन्ने बोध उसलाई हुन्छ । आफू के गर्दै छु भन्ने बोध नहुनाले अज्ञानी मात्र अरूलाई सताउन खोज्छन् र आफ्ना लागि काँडाको तयारी गर्दछन् । ज्ञानी जीवनको अन्तरसम्बन्धलाई राम्ररी जान्दछ किनभने यो उसको अनुभव हो । यहाँ जे गरिन्छ, त्यही फिर्ता हुन्छ र जगत् एउटा प्रतिध्वनि हो । त्यसैले जस्तो आचरण गरिन्छ त्यही उसलाई फिर्ता हुन्छ । गाली गरे गाली नै फर्किन्छ र मुस्कुराहट दिएमा हजारौँ मुस्कानपूर्ण आशीर्वाद जवाफमा फिर्ता हुन्छ । यो उसको अनुभवबाट प्राप्त भएको बोध हो । त्यसैले ज्ञानीले कुनै पनि प्राणीलाई सताउँदैन ।

ज्ञानीको अर्को लक्षण क्षमाभाव हो । क्षमाको अर्थ दया गर्नु होइन, कारण दयामा पनि अहङ्कार हुन्छ । क्षमा त सूक्ष्म कुरा हो । क्षमा भनेको ममा जस्तो कमजोरी छ त्यस्तै अरूमा पनि कमजोरी छ भनेर जान्नु हो । ज्ञानीहरू यी कुरा जान्नाले क्षमावान् हुन्छन् । अरूको कृत्यप्रति क्षमावान् नहुने व्यक्ति ज्ञानी हुँदैन । ज्ञानीले आत्मविश्लेषण गर्ने हुँदा उसले अरूलाई निन्दा र दण्डित गर्दैन । ज्ञानीले मनुष्यबाट नै भुल हुन्छ भन्ने जान्दछ, तसर्थ क्षमाभाव राख्दछ । श्रीकृष्ण ज्ञानीको अर्को लक्षण मन र वाणीको सरलता भन्नुहुन्छ । विना कुनै कपट र विना कुनै हिसाबकिताब गरिने व्यवहार नै सरलता हो । बच्चाहरूमा सरलता हुन्छ । उनीहरू एकक्षण क्रोध गरे पनि तुरुन्तै अर्को क्षण सहज हुन्छन् । एकक्षणमै रुन्छन् अर्को क्षण हाँस्न थाल्छन् । त्यसैले सरलताको अर्थ जस्तो भित्र छ, त्यस्तै बाहिर प्रकट गर्नु हो । जीवनको आवश्यकताले मनुष्यलाई झुटो बनाउँछ । त्यसैले उसको हाँस्नु र रुनु पनि झुटो र बनावटी हुन्छ तर ज्ञानी जतिसुकै मुस्किलको सामना गर्नुपरे पनि उसमा मन र वाणीको सरलता हुन्छ र जस्तोसुकै मुस्किलको परिणाम सहजतापूर्वक भोग्छ । सन्तत्वको सबैभन्दा ठुलो तपस्याको परिणाम सरलता हो । सरलतामा झेलेको कठिनाइले पनि सुख दिन्छ ।

श्रीकृष्ण मन-वाणीको सरलता र श्रद्धा-भक्तिसहित गुरुको उपासना भन्नुहुन्छ । मनुष्यको अहङ्कारको कारणले र आफूलाई अज्ञानी स्वीकार गर्नुपर्ने भयका कारणले कसैलाई गुरु स्वीकार गर्न उसलाई कठिन हुन्छ । सबै व्यक्ति आफूलाई ज्ञानी मान्दछन् । त्यसैले शिक्षक बनाउन सजिलो छ तर गुरु बनाउन अत्यन्त गाह्रो हुन्छ किनभने सिक्ने तयारीका लागि अहङ्कार पूरा छोड्नुपर्छ साथै कसैलाई आफूभन्दा माथि स्वीकार गर्नुपर्छ । शिक्षकसँग त धन दिएर ज्ञान लिने हुँदा यो कामचलाउ व्यवस्था मात्र हो । गुरु र शिष्यका बिच गैर उपयोगिताको सम्बन्ध हुन्छ । त्यहाँ कामचलाउ सम्बन्ध हुँदैन । पहिले गुरुकुल जाँदा गुरुले नै शिष्यलाई भोजन, वास सबै दिन्थे र बाबुले छोराको फिक्री गरेजस्तै फिक्री गर्दथे । ज्ञानको बदलामा कुनै माग हुँदैनथ्यो । २५ वर्ष शिष्य गुरुकहाँ समय व्यतीत गर्दथे । गुरु र शिष्यको सम्बन्ध समानताको हुँदैन सधैँ गुरु माथि र शिष्य तल हुन्छ । श्रीकृष्ण यत्रो आग्रहपूर्वक श्रद्धा-भक्तिसहित गुरुको उपासना भन्नुहुन्छ । ज्ञानीले गुरुलाई श्रद्धा-भक्तिपूर्वक सेवा-उपासना स्वतः गर्छ । गुरुबाट प्राप्त ज्ञानको कुनै प्रतिउत्तर दिन सकिँदैन । त्यसैले ज्ञानी प्रगाढ श्रद्धा र भक्तिपूर्वक गुरुको सेवा उपासना गर्छ । जसबाट यत्रो प्रकाश प्राप्त हुन्छ त्यो व्यक्तिले गुरुप्रति श्रद्धा-भक्तिपूर्वक उपासना गर्नु ज्ञानीका निम्ति सौभाग्य हो । यो पनि ज्ञानीको एक अर्को लक्षण हो ।

बाहिर भित्रको शुद्धि, अन्तस्करणको स्थिरता, मन इन्द्रियसहित शरीरको निग्रह, लोक-परलोकको भोगमा आसक्तिको अभाव र अहङ्कारको पनि अभाव एवम् जन्म, मृत्यु, जरा र रोगादि दुख र दोष

आदिमा बारम्बार दर्शन गर्नु ज्ञानका लक्षण हुन् भनेर श्रीकृष्णले भन्नुभएको छ । जन्म-मृत्यु, जरा-रोग, दुख-दोष आदिमा बारम्बार दोषहरूको दर्शन गर्नु ज्ञानीको लक्षण हो । जब हामीलाई कुनै दुख र असफलता घटित हुन्छ तब यसको दोष हामी अरूलाई दिन्छौँ, यो अज्ञानीको लक्षण हो । ज्ञानीले त हरेक मैले पाउने दुख मेरै गल्तीको र मेरै पापको परिणाम हो र यसैको फल भोगिरहेको छु भन्ने सोच्दछ । दुख पर्दा आफ्नो भूल, दोष, पापको खोजी गर्नु ज्ञानीको लक्षण हो । अज्ञानी अरूलाई र ज्ञानी आफैँलाई दोषी ठहऱ्याउँछ । त्यसैले अज्ञानी कहिल्यै दोषबाट मुक्त हुँदैन तर ज्ञानी दोषबाट मुक्त हुन्छ । ज्ञानीले हरेक दुख, रोग तथा पीडामा आफ्नै त्रुटि खोज्छ र जुन दोषहरूबाट यत्रो परिणाम भोग्नुपर्छ; पुनः त्यसलाई दोहोऱ्याउँदैन । ऊ आफ्नो भुल सच्याएर नै सुखी हुन्छ । श्रीकृष्णले भन्नुभएका ज्ञानका यी लक्षणहरू जसमा हुन्छन्, ऊ ज्ञानको यात्रामा अघि बढेर ज्ञानको मन्दिरमा प्रवेश गर्दछ ।

*असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।*
*नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥१०॥*

**पुत्र, स्त्री, धन, घर र अरू धनादिमा आसक्तिको अभाव र ममता नहुनु तथा प्रिय अप्रियको प्राप्तिमा सधैँ नै चित्तको समता हुनु पनि ज्ञानी हुनाका लक्षण हुन् ॥**

*मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।*
*विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥११॥*

**'म' परमेश्वरमा अनन्य योगद्वारा गरिने भक्ति, एकान्त र शुद्ध देशमा बस्ने स्वभाव तथा विषयासक्त मनुष्यको समुदायमा प्रेम नहुनु पनि अव्यभिचारिणी भक्ति नै हो ॥**

*अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।*
*एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥१२॥*

**आध्यात्मिक ज्ञानमा नित्य स्थिति र तत्त्वज्ञानको अर्थ रूप परमात्मालाई नै देख्नु पनि ज्ञान हो र जो यसका विपरीत छ त्यो अज्ञान हो ॥**

पुत्र, पुत्री, स्त्री, धन, घर धनादिमा आसक्तिको अभाव र ममता नहुनु तथा प्रिय-अप्रियको प्राप्तिमा सदा चित्त सम हुनु ज्ञानीको लक्षण हो । साथै जस्तोसुकै अनुकूल तथा प्रतिकूल स्थितिमा एकलाई पाउन योग्य र अर्कोलाई पाउन अयोग्य नमान्नु ज्ञानीको लक्षण हो । सफलता प्राप्त हुँदा हामीमा प्रसन्नता छाउँछ र असफलता र अपमानले दुखी तुल्याउँछ । दुख या प्रसन्नता हाम्रो चुनाव होइन, यो परिस्थितिले आफैँ ल्याउने कुरा हो । प्रसन्नता र दुखको अनुभव घटिसकेपछि मात्र हामीलाई प्रसन्न या दुखी छौँ भन्ने ज्ञात हुन्छ । श्रीकृष्ण समभाव वा समता ज्ञानीको लक्षण हो भन्नुहुन्छ । समताको अनुभव भित्र उत्पन्न हुँदा हामीले सजगता राख्नुपर्छ । गालीको जवाफ फर्काउनुअघि केही क्षण शान्त भएर क्रोधलाई र दुखलाई रोक्ने कोसिस गरेमा केही समयपश्चात् क्रोध आफैँ शान्त हुन्छ र हामीमा नयाँ दृष्टि उत्पन्न हुन्छ । केही क्षण दुखलाई चुनाव नगरी हेरेर मूर्च्छित अवस्थामा घट्न नदिएमा समतातर्फ दृष्टि बनाउन सकिन्छ । हामी हरेक कृत्य मूर्च्छा अवस्थामा नै गर्छौं । समता प्राप्तिका लागि दूरी राख्ने कला सिक्नुपर्छ । कसैको आफूप्रतिको दुष्कृत्यमा तत्काल मूर्च्छित अवस्थामै हामी जवाफ फर्काउँछौ तर केही क्षण प्रतीक्षा गरेर त्यो दृष्कृत्य गर्ने व्यक्तिप्रतिको नराम्रो भाव हटाएर उसको अज्ञानताप्रति सहानुभूति राखेमा त्यसको अर्थ नै फरक हुन्छ । त्यस्तै कसैले प्रशंसा गऱ्यो भने पनि केही क्षण प्रतीक्षा गरेर त्यसको कारण बुझ्न सकेमा जीवनमा समता स्थापित हुन थाल्छ । जुन दिन व्यक्ति सुख-दुख एउटै हो भन्ने बुझ्न थाल्छ, त्यो दिन समता उपलब्ध हुन्छ ।

श्रीकृष्ण अव्यभिचारिणी भक्ति भन्नुहुन्छ । भक्ति अव्यभिचारिणी नै हुन्छ । धेरैसँग सम्बन्ध भएकी स्त्रीलाई हामी व्यभिचारिणी भन्दछौँ । उसको प्रेममा मन खण्डित हुन्छ किनभने उसको मनमा एकका

लागि होइन अनेकका लागि स्थान हुन्छ । एकमा मात्र मन स्थिर भयो भने त्यो अव्यभिचारिणी हुन्छ । एकलाई मात्र प्रेम गर्दा मनको सबै खण्ड समाप्त भएर बाहिर जस्तै भित्र पनि एकत्वको भाव जन्मन्छ र अनन्तमा प्रवेश हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- अव्यभिचारिणी भक्तिका साथ अनन्य रूपले 'म' मा नै तिमी समर्पित होऊ । तिम्रो मनमा अरूप्रतिको कुनै भाव नै नरहोस् किनभने अरूप्रति अलिकति मात्र भाव शेष रह्यो भने समर्पण हुन सक्दैन । गुरुको पात्रता द्रोणाचार्यमा नभए पनि अव्यभिचारिणी भक्तिकै फलस्वरूप एकलव्यले पत्थरको गुरुबाट पनि सम्पूर्ण युद्धकौशल हासिल गर्न सफल भए । एकलव्यको भक्ति अव्यभिचारिणी भक्तिको एक जीवन्त उदाहरण हो र यो ज्ञानीको एक लक्षण पनि हो ।

श्रीकृष्ण भन्नुहुन्छ- एकान्त र शुद्ध देशमा रहने स्वभाव र विषयासक्त मनुष्यहरूको समुदायमा प्रेम नुहुनु ज्ञानको लक्षण हो । व्यक्ति प्रायः भिड खोज्छ किनभने भिड खोज्नु नै गलत मनको लक्षण हो । हामी अरूसँग भेटेर अर्काको अनावश्यक टीका-टिप्पणी, चियोचासो मात्र गर्छौं र यसमै रस लिन्छौं । यस्तो रस, विषयासक्त भिडको खोजीबाट कहिले पनि ज्ञान प्राप्त हुँदैन किनभने यो सारा कुरा अज्ञानीको लक्षण हो । एकान्तमा व्यक्तिको स्वयम्सँग साक्षात्कार हुन्छ र उसले परमात्माको द्वारलाई खोज्न सक्छ । तसर्थ ज्ञानी एकान्तमा रहेर परमात्माको चिन्तन गर्न चाहन्छ । हरेक ज्ञानी पुरुषले परमात्मा प्राप्त गर्नुअघि एकान्तमा बास गरेको हुन्छ । बुद्ध, महावीर सबै एकान्तको चिन्तनबाटै सत्यलाई पाउन सफल हुनुभएको हो । महावीर बाह्र वर्षसम्म घर छोडेर मौन हुनुभएको थियो, बुद्ध छ वर्षसम्म जङ्गलमा रहनुभएको थियो । मोहमदले तिस दिनसम्म एकान्त पर्वतमा बिताउनुभएको थियो । जिससलाई तेत्तिस वर्षमा शूली चढाइयो । उहाँको तीन वर्षको इतिहास मात्र इसाईहरूसँग छ । तिस वर्ष उहाँले पनि एकान्तमै बिताउनु भएको थियो । यो एकान्तको रस र मौनमा रहनु ज्ञानीको लक्षण हो । एकान्तमा मात्र परमात्माको खोजी गर्न सकिन्छ ।

शुद्ध देश भन्नाले यस्तो ठाउँ जहाँबाट परमात्माको यात्रामा अघि बढ्न सकिन्छ । त्यसैले जुन व्यक्तिले जीवनको सत्य जान्ने मार्गमा लैजान सहयोग गर्छ, त्यस्तो व्यक्तिकहाँ जानुपर्छ र भिडबाट बच्नुपर्छ । श्रीकृष्ण यसलाई शुद्ध देश भन्नुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- आध्यात्मिक ज्ञानमा नित्य स्थिति र तत्त्वज्ञानको अर्थरूप परमात्मालाई सर्वत्र देख्नु नै ज्ञान हो र यसका विपरीत सबै अज्ञान हो । परमात्मालाई आफूभित्र देख्न नसक्नेले उसलाई सर्वत्र देख्न सक्दैन । परमात्माको खोजी आफूभित्रबाट नै सुरु गर्नुपर्छ । आफूभित्र परमात्माको बोध हुन थालेपछि परिधि बढेर क्रमशः सर्वत्र परमात्मा देखिन सुरु हुन्छ । परमात्मा सर्वत्र देख्नु ज्ञानीको लक्षण हो । श्रीकृष्णले अनन्य भावले मप्रति समर्पित होऊ भन्नुको प्रयोजन अनन्य भावले समर्पित हुँदा व्यक्तिभित्र पनि एकत्व घटित भएर परमात्मातिर लैजाने छ भन्ने हो ।

*ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।*
*अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१३॥*

**हे अर्जुन ! जो जान्नयोग्य छ र जसलाई जानेर मनुष्य अमृत र परमानन्दलाई प्राप्त हुन्छ त्यसबारे भन्दछु- त्यो आदिरहित परब्रह्म भएकाले त्यसलाई न सत् भनिन्छ न त असत् नै भनिन्छ ॥**

*सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।*
*सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१४॥*

**तर त्यो सबैतिर हात र खुट्टा भएको, सबैतिर नेत्र, शिर र मुख भएको तथा सबैतिर कान भएको छ किनभने त्यो संसारमा सबैलाई व्याप्त गरेर स्थित छ ॥**

*सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।*
*असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१५॥*

**त्यो सम्पूर्ण इन्द्रियको विषयलाई जान्नेवाला हो तर वास्तवमा सबै इन्द्रियरहित छ र त्यो नै आसक्तिरहित भएर पनि सबैको धारण–पोषण गर्नेवाला र निर्गुण भएर पनि गुणलाई भोग्नेवाला हो ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जो जान्न योग्य छ र जो जानेपछि अरू केही जान्न शेष रहँदैन तथा जसलाई जानेर मनुष्य अमृत र परम आनन्दलाई प्राप्त हुन्छ त्यो तिमीलाई भन्छु । हामीलाई धेरै कुरा जान्ने जिज्ञासा हुन्छ तर त्यो जान्नयोग्य छ कि छैन भनेर राम्ररी सोचेमा हामी व्यर्थको जिज्ञासाका लागि आफ्नो समय र शक्ति व्यय गर्ने छैनौं । जान्ने कुरा अनन्त छ तर व्यक्तिको सीमा छ । जे जान्न मन हुन्छ त्यो जान्नयोग्य हुन्छ भन्ने जरुरी हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जान्नयोग्य त्यो हो जो जानेपछि अरू जान्नका लागि केही शेष रहँदैन । केही जानेर पनि अझ जान्न बाँकी रह्यो भने त्यो जान्नयोग्य नै हुँदैन । दर्शनशास्त्र केवल जिज्ञासा मात्र हो । दर्शनशास्त्रले पुरानो प्रश्नका आधारमा नयाँ प्रश्नहरू तयार गर्छ, किनभने यसमा व्यक्ति उत्सुकताले मात्र जान्न चाहन्छ । धर्मले जान्नयोग्य कुरा मात्र सोध्छ जसलाई जानेपछि अरू जान्ने दौड नै समाप्त हुन्छ । अमृतको जानकारी नहुन्जेल मानिसहरूको प्रश्नको अन्त हुँदैन किनभने मानिस प्रायः सबै मृत्युको कारणले नै प्रश्न सोध्छन् ।

जुन जानेपछि अमृतलाई जानिन्छ त्यही जान्नुपर्छ । मृत्यु दुख हो भने अमृत परमानन्द हो । हाम्रा सबै दुखका पछाडि पनि मृत्यु लुकेको हुन्छ । बिरामीको दुख, बुढेसकालको दुख, असफलताको दुख सबै मृत्युकै दुख हुन् । धन नहुँदाको दुख पनि मृत्युकै दुख हो किनभने धन नहुँदा जीवन सुरक्षित हुँदैन र उपचारादि कार्य हुन सक्दैन भन्ने भय हुन्छ । सबै मृत्युको भय नै दुख हो । जहाँ पनि दुख हुन्छ, त्यहाँ मृत्युको भय कुनै न कुनै प्रकारले रहेको हुन्छ । हाम्रो सुखमा मृत्युको छायाले विष घोलिदिन्छ । सुखको क्षण पनि क्षणभरको मात्र हुन्छ भन्ने सोचाइ पनि मृत्युकै छाया हो । सुखका लागि मानिस जीवनभर दौडिन्छ तर सुख प्राप्ति पश्चात् यो सुख क्षणभङ्गुर हुन्छ भन्ने सोचले व्यक्ति आत्तिन थाल्छ । मृत्युले हामीलाई चारैतिरबाट घेरेको छ । श्रीकृष्ण भन्नुहुन्छ मृत्युको भयबाट बच्न त्यो जान्न योग्य कुरा जान्नुपर्छ जसलाई जानेपछि अमृत र परमानन्द प्राप्त हुन्छ र त्यही ज्ञान हो । यस्तो जान्नयोग्य कुरा म तिमीलाई राम्ररी भन्छु ।

त्यो आदिरहित परमब्रह्म अकथनीय हुनाले उसलाई न सत् भनिन्छ र न असत् नै भनिन्छ । यो अत्यन्त सूक्ष्म कुरा हो । परमात्मालाई हामी न छ भन्न सक्छौं न छैन भन्न सक्छौं । आस्तिक र नास्तिक यही विवादमा हुन्छन् तर श्रीकृष्ण ईश्वरलाई कुनै पनि शब्दले पूरा भन्न सकिन्न किनभने ईश्वर विराट् छ र शब्द सानो र छुद्र छ भन्नुहुन्छ । ईश्वर छ र छैन भन्दा माथि छ । आस्तिकको ईश्वर छ भन्नुमा पनि आधा नै भन्न सकिन्छ कारण ईश्वर त छ र छैन दुवै हो, त्यसैले ऊ अकथनीय छ । परमात्मालाई शब्दमा व्यक्त गर्न नसकिने हुँदा ऊ अकथनीय छ । उसलाई मौनतामा मात्र पूर्ण अनुभव गर्न सकिन्छ । गीता आस्तिक कि नास्तिक हो भनेर कसैले सोध्यो भने गीता यो दुवै नभएर धार्मिक हो किनभने आस्तिकता र नास्तिकताले जीवनलाई दुई हिस्सामा तोड्दछ ।

अस्तित्व एक छ, दुई हिस्सामा टुक्रिएको छैन । परमात्मा जीवन र मृत्यु दुवै हो । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- ऊ अकथनीय छ किनभने जब कुनै कुरामा दुवै हुन्छ, तब त्यो अकथनीय हुन्छ । कथन त तब सम्भव हुन्छ, जबसम्म ऊ विपरीत नभएर एक हुन्छ । पश्चिमाहरू दुई विपरीत कुरा एकसाथ हुन सक्दैन भन्दछन् तर पूर्वमा दुई विपरीत कुरा एकसाथ हुन सक्छ भन्ने मान्यता छ । त्यो दुवै विपरीत जो एक साथमा छ त्यही परमात्मा हो । श्रीकृष्ण भन्नुहुन्छ- ऊ सत् पनि छ असत् पनि छ । त्यसैले ईश्वर अकथनीय छ, ऊ वर्णन गर्न नसकिने छ । प्रत्येक ‘छ’ का दुवैतिर ‘छैन’ हुन्छ । जस्तो घर हिजो थिएन, आज छ, भोलि हुँदैन । त्यसैले ईश्वर छ भन्दा उसको दुवैतिर छैन हुन्छ । ईश्वर सदा छ, त्यसैले जो सदा छ उसलाई छ भन्नु उपयुक्त हुँदैन । हामी छ त्यो कुरालाई भन्छौ, जो हिजो थिएन र भोलि पनि हुँदैन आज मात्र बिचमा छ तर ईश्वर त सदा छ, त्यसैले उसलाई छ भन्नु उचित हुँदैन । जसलाई छ भन्नु त उचित हुँदैन भने छैन भन्नुको त अर्थ नै हुँदैन । परमात्मा हिजो पनि थियो, आज पनि छ र भोलि पनि हुने छ तसर्थ ऊ सदा छ ।

ईश्वर अस्तित्व हो । छैन र छ दुवै उसमा नै समावेश हुन्छ किनभने उसकै एक रूप 'छ' र अर्को रूप 'छैन' हो । कहिले ऊ प्रकट हुँदा 'छ' भन्ने प्रतीत हुन्छ र कहिले अप्रकट हुँदा 'छैन' जस्तो प्रतीत हुन्छ । एउटा बिउभित्र वृक्ष अप्रकट रूपमा हुन्छ तर वृक्ष निस्केपछि त्यो वृक्ष प्रकट हुन्छ । त्यही बिउभित्र वृक्ष अप्रकट रूपमा बसेको थियो र त्यो वृक्ष भएर प्रकट भएपछि अब बिउ रहेन अप्रकटबाट प्रकट भयो । त्यस्तै परमात्मा छैन भन्नु उसको अप्रकट रूप हो र छ भन्नु प्रकट रूप हो । जगत् उसको प्रकट रूप र आत्मा उसको अप्रकट रूप हो । परमात्माको प्रकट रूप त जान्न सकिन्छ तर अप्रकट रूप आत्मालाई जान्न सक्नुपर्छ र त्यो जान्ने उपाय ध्यान, प्रेम, श्रद्धायुक्त भक्ति र अनन्य भावसहितको समर्पण हो जसबाट ईश्वरको अप्रकट रूपलाई अनुभवबाट जान्न सकिन्छ ।

प्रकट रूप असत् र अप्रकट रूप नै सत् हो तर परमात्मा न सत् छ न त असत् नै छ । ऊ दुवै छ त्यसैले अकथनीय छ । उसको वर्णन शब्दमा सीमित छैन किनभने ऊ असीम छ । शब्दले परमात्मालाई बताउन सकिन्न तर भक्तिले उसको झलकका बारेमा वर्णन गर्न सकिन्छ । त्यसैले शास्त्रहरूले उसका बारेमा धेरै कुरा भनेर पनि पूरा भन्न सक्दैनन् । मनुष्य पूरा परमात्मालाई बताउन सक्दैन किनभने उसको जान्ने क्षमता सीमित हुन्छ तर परमात्मा विराट् छ । मनुष्यको चेतनाले परमात्मालाई मुट्ठीमा बाँध्न सक्दैन किनभने हाम्रो चेतना परमात्माभित्र नै हुन्छ । परन्तु ऊ चारैतिरबाट हात खुट्टावाला र सबैतिरबाट नेत्र, मुख र शिर भएको छ र सबैतिरबाट स्रोतवाला छ किनभने ऊ संसारमा सबैलाई व्याप्त गरेर स्थित छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । परमात्मा अकथनीय, निराकार, निर्गुण र सत्-असत् मात्र छैन । यस्तो मात्र भएमा परमात्मासँग हाम्रो सम्बन्ध नै छुट्ने छ किनभने हामीहरूलाई शून्य परमात्मासँग कसरी सम्बन्ध राख्ने भन्ने लाग्न सक्छ । त्यसैले श्रीकृष्ण अकथनीय भनेपछि तत्काल भन्नुहुन्छ, ऊ सबैतिरबाट हातखुट्टावाला, सबैतिरबाट नेत्र, शिर, र मुखवाला, कानवाला छ किनभने ऊ संसारमा सबैलाई व्याप्त गरेर स्थित छ ।

जस्तो परमात्माको प्रकट र अप्रकट रूप छ त्यस्तै साकार-निराकार र सगुण-निर्गुण रूप पनि छ । दुवै विपरीतमा उही छ र दुवै रूप उसको नै हो । त्यसैले कसैले पूरा हृदय लगाएर उससँग कुरा गर्न सक्छ । पुकार गरेमा परमात्माको कान त प्रकट हुँदैन तर त्यो पुकार ऊसमक्ष पुग्छ किनभने उसको कान सर्वत्र स्थित छ । श्रीकृष्ण भन्नुहुन्छ- ऊ सबैतिरबाट कानवाला छ । यदि हृदयदेखि नै भरोसाका साथ हामीले हाम्रो हात उसलाई दियौँ भने शून्य आकाश पनि उसको हात बन्ने छ र उसले हाम्रो हात सम्हाल्ने छ तर यो हामीमा निर्भर गर्छ किनभने हृदयदेखि भरोसापूर्वक र श्रद्धापूर्वक पुकार नगरेमा हाम्रो पुकार र हाम्रो हात परमात्मासमक्ष पुग्न सक्दैन । विना सन्देह श्रद्धापूर्वक हात बढाएमा हरेक हावाको लहर परमात्माको हात बन्ने छ र त्यहाँ घटना अवश्य नै घट्ने छ किनभने उसको हात त चारैतिर स्थित छ । व्यक्तिको श्रद्धा र भक्तिपूर्वक बढेको हातलाई परमेश्वरले अवश्य स्वीकार गर्छन् तर अलिकति पनि अश्रद्धा भयो भने घटना घट्न सक्दैन । श्रद्धापूर्वक हात बढाएको उसले हार्दिकतापूर्वक स्वीकार गर्दछ । परमात्मा सम्पूर्ण इन्द्रियलाई जान्नेवाला भए पनि इन्द्रियबाट पार छन् । परमात्मा हाम्रो बाहिर मात्र होइन हाम्रोभित्र पनि उही छ । हामी सदैव परमात्मामा नै छौँ त्यसैले हामीलाई परमात्माका बारेमा थाहा हुँदैन । परमात्मा नभएको यस्तो कुनै ठाउँ नै छैन । त्यसैले हामी परमात्मामा नै भएर पनि उसको प्यासी हुन्छौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- सम्पूर्ण इन्द्रियलाई ऊ जान्दछ । भित्रबाट पनि आँखाले परमात्मा नै हेर्छ र बाहिर फूलमा पनि ऊ नै देखिन्छ । सबै इन्द्रियलाई जानेर पनि ऊ इन्द्रियरहित छ । यो सबै तर्कबाट होइन अनुभवबाट जान्न सकिन्छ । सम्पूर्ण इन्द्रिय बन्द गरेर भित्र ध्यान केन्द्रित गऱ्यो भने बिस्तारै बाहिरको आवाज शान्त हुन्छ र एउटा यस्तो समय आउँछ जहाँ भित्रको आवाज सुनिन थाल्छ । यो अनाहत नाद विना कान पनि सुनिन्छ । अन्धो व्यक्तिले पनि आत्मालाई देख्न सक्छ, भित्रको अनुभवमा उत्रिन सक्छ र बहिरो व्यक्तिले पनि भित्र ॐकारको नादलाई सुन्न सक्छ । जब यस्तो अनुभव हुन्छ तब

परमात्मा सबै इन्द्रियलाई जानेर पनि इन्द्रियरहित इन्द्रियको पार भएको थाहा हुन्छ । आसक्तिरहित र गुणहरूबाट रहित भएको ऊ निर्गुण छ र आफ्नो योगमायाबाट सबैको धारण पोषण गर्नेवाला र गुणहरूलाई भोग्नेवाला पनि हो भनेर श्रीकृष्ण भन्नुहुन्छ । यो सारा वक्तव्यमा विरोधलाई जोड्ने प्रयास गरिएको छ । यो सारा प्रयास परमात्मालाई अविभाजित गराउने हो किनभने परमात्मा दुवै हो । गुणहरूलाई भोग्नेवाला पनि उही हो एवम् निर्गुण पनि उही हो ।

मनुष्यको मन र बुद्धिजस्ता दुई विपरीतलाई जोड्न अत्यन्त गाह्रो हुन्छ किनभने बुद्धिको व्यवस्था जोड्नु नभएर टुक्र्याउनु हो । त्यसैले बुद्धि खण्डक हुन्छ । काँचबाट प्रकाशको किरण पार हुँदा त्यो किरण सात भागमा टुक्रिन्छ र वर्षामा इन्द्रधनुष देखिएजस्तै हुन्छ । मनुष्यको बुद्धि पनि काँचको टुक्रा जस्तै चिजहरूलाई टुक्र्याउने काम गर्छ । जबसम्म व्यक्ति बुद्धिलाई हटाएर हेर्ने कला जान्दैन, तबसम्म इन्द्रधनुष जस्तै टुक्रिएको अनेक रङ्ग मात्र देख्दछ । यदि हामीले बुद्धिलाई हटायौँ भने सबै चिज एकै सेतो रङ्गको हुन्छ । सेतो रङ्ग सबै रङ्गको जोड हो र यसैभित्र सबै रङ्ग लुकेको हुन्छ । जगत् इन्द्रधनुष हो, इन्द्रियबाट टुक्रिएर जगत्को इन्द्रधनुष निर्मित हुन्छ । इन्द्रिय, मन र बुद्धि हटायौँ भने सारा जगत् एक रङ्गको हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- निर्गुण र सगुण दुवै उही हो । सबै गुण उसकै हो तर पनि कुनै गुण उसको होइन ।

आजको शिक्षण पद्धति विरोध एकसाथ हुन सक्दैन भन्ने आधारमा निर्मित भएको छ तर उपनिषद्, वेद, गीता परमात्मा दुवै हो भन्दछन् । कृष्णको भनाइ अर्जुनलाई बुद्धिको पार लैजाने प्रयास हो किनभने अर्जुन आफ्नो बुद्धिबाट त यो कुरा बुझ्न असमर्थ छन् तर यदि उनको बुद्धि समाप्त भयो भने यो विपरीत दुवै परमात्मा हो भनेर जान्न सक्ने छन् । यो कृष्णको वचन खण्ड-खण्ड गर्ने बुद्धिलाई नै तोड्ने प्रयास हो । संसार कम्पन हो र हाम्रो बुद्धि विरोधमा बाँडिएको छ र सबै कुरालाई बाँडेर विश्लेषण गर्छ । श्रीकृष्णको पूरा प्रयास नबाँडीकन स्वीकार गर भन्ने हो । अस्तित्वलाई एक रूपमा हेरौँ किनभने निर्गुण र सगुण दुवै उही हो । अस्तित्वमा साकार र निराकार दुवै समाविष्ट छ । जब दुवै विरोधलाई एकसाथ स्वीकार गरिन्छ, तब मन समाप्त हुन्छ र अमनको स्थिति उत्पन्न भएर समाधि फलित हुन्छ । दुईमध्ये एकलाई चुन्नु द्वैतलाई समर्थन गर्नु हो । त्यसैले श्रीकृष्णको सारा प्रयोजन दुई विपरीतलाई एकसाथ स्वीकार गर भन्ने हो जुन अद्वैतको स्थिति हो ।

*बहिरन्तश्च भूतानामचरं चरमेव च ।*
*सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१६॥*

**त्यो परमात्मा चराचर सम्पूर्ण सबै भूतहरूको बाहिर र भित्र परिपूर्ण छ र चर अचर रूप पनि उही हो । ऊ सूक्ष्म हुनाले अविज्ञेय छ । जसरी सूर्यको किरणमा स्थित भएको जल सूक्ष्म भएर साधारण मनुष्यले जान्दैनन्, त्यस्तै सर्वव्यापी परमात्मा पनि सूक्ष्म हुनाले साधारण मनुष्यले जान्दैनन् । त्यो परमात्मा अति नगिच र अति टाढा पनि स्थित छ ॥**

*अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।*
*भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१७॥*

**उही परमात्मा विभागरहित एक रूपबाट आकाश सदृश परिपूर्ण भए पनि चराचर सम्पूर्ण भूतमा पृथक्पृथक् सदृश प्रतीत हुन्छ र ऊ जान्नयोग्य परमात्मा विष्णु रूपले भूतहरूलाई धारण पोषण गर्नेवाला, रुद्र रूपले संहार गर्नेवाला र ब्रह्म रूपले सबैलाई उत्पन्न गर्नेवाला हो ॥**